नेकाप २०७२ कात्तिक अङ्क ७

# नेपाल कानून पत्रिका

भाग - ५७ | २०७२ कात्तिक | अङ्क - ७



प्रकाशक

**सर्वोच्च अदालत**

**रामशाहपथ, काठमाडौं**

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ **Ext.**२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (विक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## प्रकाशन, सञ्चार तथा सम्पादन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत | - सदस्य |
| नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| अधिवक्ता श्री लक्ष्मीदेवी दाहाल (रावल) प्रतिनिधि, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री नरहरि आचार्य, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादन शाखामा कार्यरत कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री सरस्वती खड्का
ना.सु.श्री अमृत विश्वकर्मा
ना.सु.श्री लक्ष्मण वि.क.
सि.क.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ
कार्यालय सहयोगी श्री प्रेमलाल महर्जन

**भाषाविद् :** उपप्रा.श्री रामचन्द्र फुयाल

**विक्री शाखामा कार्यरत कर्मचारीहरू**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री मधुसुदनमान श्रेष्ठ
सिनियर बुकबाइन्डर श्री तेजराम महर्जन
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजाइनर श्री रसना बज्राचार्य
बुकवाइन्डर श्री यमनारायण भडेल
बुकवाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकवाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोतिलाल चौधरी

प्रकाशित सङ्ख्या : २००० प्रति

नेपाल कानून पत्रिकाको उद्धरण गर्नु पर्दा
निम्नानुसार गर्नु पर्नेछ :

*नेकाप, २०७२... ... ... ... , नि.नं. ... , पृष्ठ ...*

*(साल)* *(महिना)*

**उदाहरणार्थ** : *नेकाप* २०७२, कात्तिक, नि.नं.९४२६, पृष्ठ ११४५

सर्वोच्च अदालत बुलेटिनको उद्धरण गर्नु पर्दा
निम्नानुसार गर्नु पर्नेछ :

*सअ* बुलेटिन २०७२ ... ... ... १ वा २, पृष्ठ ...

*(साल)* *(महिना)*

**उदाहरणार्थ** : सअ बुलेटिन, २०७२, कात्तिक – १, पृष्ठ १

नेपाल कानून पत्रिका तथा सर्वोच्च अदालत बुलेटिन
अब हाम्रो वेभसाइटमा उपलब्ध छन्

ठेगाना

www.supremecourt.gov.np

- यो वेभसाइट खोलेपछि बायाँतर्फ **नेपाल कानून पत्रिका** तथा त्यसको तल **सर्वोच्च अदालत बुलेटिन**मा क्लिक गर्नुहोस् ।
- २०६५ साल वैशाखदेखिका यी पत्रिकामा समाविष्ट निर्णयहरू पढ्न र हाल निःशुल्क डाउनलोड गर्न सकिनेछ ।

नेपाल कानून आयोगको वेभसाइटमा संविधानसमेत हालसम्म प्रकाशित अधिकांश ऐन र नियमावलीहरू नेपाली तथा अङ्ग्रेजीमा र १९१० सालको मुलुकी ऐन, न्याय विकासिनी एवम् विभिन्न ऐतिहासिक दस्तावेजहरू निःशुल्क पढ्न र डाउनलोड गर्न सकिनेछ ।

ठेगाना

**www.lawcommission.gov.np**

मूल्य रू.३०।-

मुद्रक : सर्वोच्च अदालत छापाखाना

विषय सूची


| क्र. स. | नि.नं./इजलास/ विवरण | पक्ष / विपक्ष | विषयको सारसङ्क्षेप | पृष्ठ |
|---|---|---|---|---|
| १. | ९४२६ विशेष उत्प्रेषण / परमादेश | लालकुमारी पोखरेलसमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ▪ त्रिभुवन विश्वविद्यालय सभाले मिति २०६९।१२।२३ को निर्णयानुसार आफ्ना आङ्गिक क्याम्पसहरूमा हुने स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा प्रत्यक्ष र समानुपातिक प्रणालीबाट हुने गरी त्रि.वि. संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० मा संशोधन गरेको र सो संशोधन स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा समानुपातिक प्रतिनिधित्व होस् भन्ने उद्देश्यले गरिएको हो भन्ने त्रिभुवन विश्वविद्यालय सभा कीर्तिपुरको लिखित जवाफ रहेको सन्दर्भमा हेर्दा राज्यले आफ्ना नागरिकको हरेक क्षेत्रमा समान पहुँच होस् भनी स्थानीय एवम् राष्ट्रिय स्तरका हरेक निर्वाचनलाई अझ बढी समावेशी बनाउने नीतिअनुरूप नेपालको अन्तरिम संविधानमा नै समानुपातिक निर्वाचन प्रणालीलाई सैद्धान्तिकरूपमा अवलम्बन गरिसकेको छ । सोही संवैधानिक दायित्व पूरा गर्न राज्यका निकायको रूपमा रहेको त्रिभुवन विश्वविद्यालयको उक्त त्रि.वि. सभाले सो निर्णय गरेको देखिने । | ११४५ |
| २. | ९४२७ पूर्ण उत्प्रेषण / परमादेश | लोक सेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरी विरूद्ध शिवकुमार बस्नेत | ▪ कुनै दुई मुद्दाहरू तथ्यगतरूपमा केही मात्रमा समानता देखिएको भन्ने आधारमा मात्र ती मुद्दाहरूको सम्पूर्ण विषयवस्तु एकै प्रकृति र अवस्थाका हुन् भन्न मिल्ने हुँदैन । मूलतः दुवै रिट निवेदनमा निवेदकहरूलाई निजामती सेवा नियमावली, २०५० को नियम १२७ बमोजिम लोक सेवा आयोगले गरेको निर्णयउपर प्रस्तुत रिट निवेदन परेको तथ्यगत अवस्था भए पनि यस अदालतबाट लोक सेवा आयोगसमेतको नाममा आदेश गर्दा मुख्यरूपमा लिइएका आधारलाई नहेरी दुवै रिट निवेदनमा उपस्थित भएको निरूपण गर्नुपर्ने विषयवस्तु एक समान रहेको मान्न | ११५२ |

| | | | | |
|---|---|---|---|---|
| | | | नमिल्ने हुँदा यस अदालतबाट मिति २०६५।९।११ मा पुनरावलोकन गरी हेर्न प्रदान गरिएको निस्सासँग यो इजलास सहमत हुन नसक्ने । | |
| ३. | ९४२८<br>संयुक्त<br>करारको यथावत् परिपालना गरिपाउँ | पृथ्वीप्रसाद रोका<br>विरूद्ध<br>विनोद मोहन आचार्य | ▪ करारको वैधानिकता कायम रहेको अवस्थामा करारका कुनै पक्षले गर्न लागेको कुनै काम कारवाही वा व्यवहारबाट करारबमोजिमको दायित्व पूरा गर्न नसकिने अवस्था उत्पन्न हुन गएमा करारबमोजिमको कार्य सुचारू रूपले सञ्चालन गर्नका लागि करार ऐन, २०५६ को दफा ८७ बमोजिम पुनरावेदन अदालतले अन्तरिम प्रकृतिको आदेश जारी गरी सो करारलाई यथावत् परिपालन गराउन आदेश जारी गर्न सक्ने । | ११६३ |
| ४. | ९४२९<br>संयुक्त<br>उत्प्रेषण / निषेधाज्ञा | जीवनकुमार राई<br>विरूद्ध<br>रानु क्षेत्रीसमेत | ▪ कुनै दुई पक्षबीच भएको करारनामाबमोजिम एक पक्षले अर्को पक्षलाई बहन गर्नुपर्ने दायित्व करारीय दायित्व हो । करारीय दायित्वको अवस्था रहेसम्म थुना वा कैदमा राख्न नमिल्ने अन्तर्राष्ट्रिय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि" १९६६ को अवधारणा हो । तर त्यस्तो करारीय दायित्व सम्बन्धित करारको पक्षले पालना नगरेकाले पालना गराइपाउँ भनी अधिकारक्षेत्र रहेको अदालतमा मुद्दा दायर गरी भएको फैसलाबमोजिम कुनै पक्षले अर्को पक्षलाई तिर्नु बुझाउनुपर्ने दायित्व करारीय दायित्व नभई कानूनी दायित्व हुन्छ । करारीय दायित्व अदालतको फैसलाबाट कानूनी दायित्वमा रूपान्तरण भएपछि त्यस्तो कानूनी दायित्व सम्बन्धित पक्षले पूरा गर्नुपर्ने । | ११६६ |
| ५. | ९४३०<br>संयुक्त<br>आयकर | आन्तरिक राजश्व कार्यालय, विराटनगर<br>विरूद्ध<br>पशुपति ट्युब मिल्स प्रा.लि. | ▪ बोनसबापत छुट्याएको रकम सो आर्थिक वर्ष समाप्त भएपछि कम्पनीको लेखा परीक्षण भएपश्चात् कम्पनीको आयबाट वितरण गर्नुपर्ने रकम हो । कम्पनीको दायित्वमा रहने धारा पानी, बिजुली, बैंकको ब्याज इत्यादिबापत तिर्नुपर्ने रकम सोही आर्थिक वर्ष खर्च हुने रकम भए पनि बोनसबापतको रकम चालु आर्थिक वर्षमा छुट्याई आगामी | ११७२ |

| | | | | |
|---|---|---|---|---|
| | | | वर्षमा वितरण गरिने रकम हो । आगामी वर्षमा पनि बोनसबापत छुट्याएको रकम वितरण नगरिएको अवस्थामा सो रकम कम्पनीको खुद आयमा गणना हुन्छ र करयोग्य हुन जान्छ । | |
| ६. | ९४३१<br>संयुक्त<br>जबर्जस्ती करणी | मानबहादुर कार्की<br>विरूद्ध<br>नेपाल सरकार | ▪ आफैँले करणी गरेको भनी अदालतमा स्वतन्त्ररूपमा साबित भएकालाई डाक्टरले करणी पुष्टि गरे वा नगरेको भन्ने कुरा स्पष्ट नगर्नुको कुनै अर्थसमेत रहँदैन । यस्तो अवस्थामा निज पुनरावेदक प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गर्ने गरेको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत विराटनगरको फैसलालाई अन्यथा भन्न नमिल्न । | ११७५ |
| ७. | ९४३२<br>संयुक्त<br>कर्तव्य ज्यान | गणेशबहादुर बस्नेतसमेत<br>विरूद्ध<br>नेपाल सरकार | ▪ प्रतिवादी प्रदीप बस्नेत पनि अरू पुनरावेदक प्रतिवादीहरूसँग साथ वारदात स्थलमा गएको अन्य प्रतिवादीहरूले मृतकलाई कुटपिट गर्दा निज वारदातस्थलमा उपस्थित रही केही नगरी हेरी बसेको स्थितिबाट वारदातको मतियार **(Accessory on the fact)** भई वारदातमा संलग्न रहेको देखिँदा निजले आपराधिक दायित्वबाट उन्मुक्ति पाउने अवस्था नरहने । | ११८२ |
| ८. | ९४३३<br>संयुक्त<br>गैरकानूनीरूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको | नेपाल सरकार<br>विरूद्ध<br>हरेकृष्ण भगत | ▪ वादी नेपाल सरकारले गैरकानूनी सम्पत्ति आर्जन मुद्दामा उल्लिखित दृष्टान्तको आधारमा सफाइ दिन नमिल्ने भनी पुनरावेदन जिकिर गरेको पाइन्छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को २०(१) को कानूनी व्यवस्थालाई हेर्दा मनासिब आधार र कारण विना राष्ट्रसेवकले अमिल्दो र अस्वाभाविक जीवनस्तर यापन गरेमा मात्र आरोपित कसुर प्रमाणित हुने व्यवस्था भएकाले अमिल्दो र अस्वाभाविक जीवनस्तर झल्किने जीवन यापन गरेमा मात्र कसुरदार ठहर हुन सक्ने देखियो । सामाजिक पक्षलाई हेर्दा पनि व्यक्तिको पैतृक सम्पत्ति, सामाजिक हैसियत, पदीय हैसियत लगायतका कारक तत्त्वहरू नै मापनको रूपमा रहेर निजको जीवनस्तर अमिल्दो, उच्च अस्वाभाविक छ भन्ने कुराको | १२०३ |

| | | | | |
|---|---|---|---|---|
| | | | निष्कर्षमा पुग्न मद्दत मिल्दछ । कतिपय आयका स्रोतहरू प्रतिवादीले भनेबमोजिम विश्वसनीय भएपनि समयको अन्तरालले प्रमाण कागज नहुन सक्छ । सबै कुराको कागज प्रमाण स्रेस्ता राख्नु पर्ने हाम्रो कानूनी व्यवस्था पनि छैन । तसर्थ सामाजिक कानूनी, आर्थिक तत्त्वहरूलाई दृष्टिगत गर्दा सम्पत्तिको बिगो र आयको फरक रकम १० प्रतिशतसम्म न्यून हुनुलाई अमिल्दो र अस्वाभाविक भन्न मिल्दैन । यसको अतिरिक्त प्रस्तुत मुद्दामा कुनै खास कार्य समयको वारदातको अपराध नभै अनुमानको आधारमा आय व्ययको रकम अनुमान गरी अभियोग दाबी भएकामा अनुमानको आधारमा कायम गरिएको बिगोको आधारलाई पूर्णतया वास्तविक भएको भनी मान्न नमिल्ने । | |
| ९. | ९४३४<br>संयुक्त<br>कर्तव्य ज्यान जबर्जस्ती चोरी | कालुराम भन्ने पृथी राईसमेत<br>विरूद्ध<br>नेपाल सरकार | ▪ कसुर गर्दा नाबालक रहेकामा त्यसतर्फ विचार गरी सजाय नतोकिएको पुनरावेदन अदालत राजविराजको फैसला उल्टी गरी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) अनुसार न्यूनतम सजाय तोकिपाउँ भनी प्रतिवादीहरूको पुनरावेदन जिकिर रहेको भएपनि निजहरूले सुरू अदालतमा स्वतन्त्ररूपले बयान गरी लेखाएको उमेरले नै ग्राह्यता पाउने भई सुरू फैसलाउपर पुनरावेदन गर्दा छुट्टै जिकिर लिई पेस गरिएका थप प्रमाणहरूले मान्यता नपाउने भएकाले निजहरूले जिकिर लिएको नाबालकतर्फको पुनरावेदन जिकिर पुग्न नसक्ने । | १२४२ |
| १०. | ९४३५<br>संयुक्त<br>परमादेश | रामप्रताप खड्का<br>विरूद्ध<br>महानगरीय प्रहरी परिसर, हनुमानढोका काठमाडौं | ▪ अनाधिकृतरूपमा विभिन्न वेबसाइटहरूमा राखिएका कोहिनुर चलचित्र नरोक्ने हो भने चलचित्र निर्मातालाई अपूरणीय क्षतिसमेत हुन जाने देखिएकाले नेपाल विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४४, ४५, ४६ र ४७ तथा प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २५ विपरीतको कसुरमा यस ऐनबमोजिम सरकारी मुद्दासम्बन्धी ऐन, | १२५० |

| | | | | |
|---|---|---|---|---|
| | | | २०४९ को दफा ३ बमोजिम निवेदकको जाहेरी दरखास्त दर्ता गरी कोहीनुर चलचित्रको अनाधिकृतरूपमा विभिन्न वेबसाइटमा अपलोड गरी प्रदर्शन राखिएको कार्यका सम्बन्धमा जो जसले गरेको भए तापनि अनुसन्धान गरी कारवाहीको प्रक्रिया अगाडि बढाउन निवेदकको उजुरी दर्ता गरी अनुसन्धान गरी उक्त आपराधिक कार्य पत्ता लगाई रोक्ने कार्यसमेत गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने। | |
| ११. | ९४३६<br>संयुक्त<br>उत्प्रेषण / परमादेश | दिलिपबहादुर भन्ने ताराबहादुर रानामगर<br>विरूद्ध<br>नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं | ▪ कुनै पनि कर्मचारी विरूद्ध उसको आचरण व्यवहारसम्बन्धमा कारवाही गर्दा बढो सतर्कतासाथ कानून र नियमको पालना गरी गर्नुपर्ने हुन्छ। किनकि रोजगारीको अधिकार जीवनको अधिकारसँग जोडिएको हुन्छ र सम्बन्धित व्यक्तिमात्र होइन उससँग आश्रित परिवारमाथि पनि यस्ता कारवाहीले प्रतिकूल प्रभाव पार्न सक्दछ । यसरी रोजगारीको अधिकारबाट वञ्चित गर्ने गरी निर्णय गर्दा सम्बन्धित नियमले तोकिदिएको विधि र प्रक्रियाहरूको पूर्णरूपमा अवलम्बन गरी गर्नुपर्नेमा सो नगरी निवेदकलाई मिति २०६६।१२।१ देखि लागू हुने गरी नोकरीबाट बर्खास्त गर्ने गरी विपक्षी अस्पतालबाट गरिएको निर्णय **Patan Hospital Personnel Policy REVISED P.H.B.OCT.१९९५** को प्रतिकूल भएको देखिन आउने। | १२५७ |
| १२. | ९४३७<br>संयुक्त<br>कर्तव्य ज्यान | नेपाल सरकार<br>विरूद्ध<br>दिनेश वलीसमेत | ▪ मुलुकी ऐनको ज्यानसम्बन्धी महलको १ नं. मा कानुनबमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन वा मार्नको उद्योग गर्न हुँदैन भन्ने व्यवस्था रहेको छ । मुलुकी ऐनको ज्यानसम्बन्धी महलको १३ नं. को देहाय (१) मा धार भएको वा नभएको जोखिमी हतियार गैह्रले हानी रोपी घोची ज्यान मारेमा ...सर्वस्वसहित जन्म कैद गर्नुपर्छ भन्ने व्यवस्था छ। देहाय (३) मा लाठा ढुङ्गा र साधारण सानातिना | १२६५ |

| | | | | |
|---|---|---|---|---|
| | | | हातहतियारले कुटी हानी रोपी घोची वा अरू ज्यान मर्ने गैह्र कुरा गरी ज्यान मरेमा एकै जनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एक जना र धेरै जनाको हूल भै मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ । त्यस्तालाई सर्वस्वसहित जन्म कैद गर्नुपर्छ । सोबाहेक अरूलाई र यसैले मारेको वा यसैका चोटले मरेको भन्ने कुरा सो हात हतियार छाड्ने कसैउपर कुनै प्रमाणबाट देखिने ठहर्न नआएमा सबैलाई जन्म कैद गर्नुपर्छ भन्ने कानूनी व्यवस्थासमेतको आधारमा प्रतिवादी जगत प्याकुरेलले विकाश श्रेष्ठलाई धारिलो हतियार चक्कुले शरीरको विभिन्न ठाउँमा प्रहार गरेको कारणले विकास श्रेष्ठको मृत्यु भएको पुष्टि हुन आएकाले निजलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३ नं. को देहाय (१) अनुसार सर्वस्वसहित जन्म कैदको सजाय हुने । | |
| १३. | ९४३८<br><br>संयुक्त<br><br>बन्दीप्रत्यक्षीकरण | अधिवक्ता पुष्पराज पौडेल<br>विरूद्ध<br>काठमाडौं जिल्ला अदालतसमेत | ▪ निवेदकले धरौट राख्न नसकेको भनी हाजिर जमानी, अभिभावकको जिम्मा लगाउनेलगायतका अन्य विकल्प हुँदा हुँदै अन्तिम विकल्पको रूपमा निजलाई थुनामा नै राखिएको देखिँदा उपर्युक्त कार्य बाल अधिकार महासन्धिको मर्म अनुरूपको भएको देखिन आएन । | १२८५ |
| १४. | ९४३९<br><br>संयुक्त<br><br>डाँका चोरी | बलिराम कोहार<br>विरूद्ध<br>नेपाल सरकार | ▪ मुलुकी ऐन, अदालती बन्दोबस्तको २०५ नं. ले एकै मुद्दाका हार्ने झगडिया मध्ये कसैको पुनरावेदन परी इन्साफ जाँचिदा सजाय उल्टीन जाने भयो भने पुनरावेदन नगर्नेको हकमा समेत इन्साफ जाँचि दिनुपर्ने व्यवस्था गरेको देखिन्छ । प्रस्तुत विवादमा वारदात नै डाँकाबाट रहजनी भई केही उल्टी भएको र सजाय पनि कम हुने अवस्था रहेको हुँदा पुनरावेदन नगर्ने स्कुल मियाँको हकमा पुनरावेदन नगरेकै कारणले मात्र पुनरावेदन अदालतको फैसला सदर गर्ने मिलेन । | १२९२ |

| | | | | |
|---|---|---|---|---|
| १५. | ९४४०<br>संयुक्त<br>उत्प्रेषण | सुनैना यादवनी<br>विरूद्ध<br>लरूवती यादवसमेत | ▪ कुनै विषयमा नालिस गर्न तत्काल बहाल कानूनले किटान गरेको हदम्याद गुज्री सकेको अवस्थामा पछि हदम्यादसम्बन्धी ऐन संशोधन भएकै कारणले मात्र गुज्री सकेको हदम्याद थामिन सक्दैन। यसप्रकार काम भए गरेको समयबाट २ वर्षभित्र फिराद गरी सक्नुपर्ने हदम्यादसम्बन्धी कानूनी व्यवस्था आकर्षित हुने भै २०४७ सालमा भएको उक्त कार्यका सम्बन्धमा २०५९।५।२७ मा संशोधन भई हाल बहाल रहेको हदम्यादसम्बन्धी कानूनी व्यवस्था आकर्षित हुन सक्ने नदेखिने। | १३०० |
| १६. | ९४४१<br>संयुक्त<br>उत्प्रेषण / परमादेश | जोगी राना थारू<br>विरूद्ध<br>कुवरिया रानासमेत | ▪ जग्गासम्बन्धी विषय कानूनी विषय हो तर नागरिकता जस्तो मानिसले जन्मका नाताले प्राप्त गर्ने संवैधानिक एवम् नैसर्गिक अधिकारको विषयलाई जग्गा नामसारीको विषयले ओझेलमा पार्न सक्दैन । कानूनबमोजिम आफ्नो पिता तथा पतिले सनाखत गरी अधिकारप्राप्त निकायले नागरिकता जारी गरीसकेको र पछि सोसम्बन्धमा उजुरीसमेत छानबिन गरी प्रमाण नपुग्ने भनि टुङ्गो लगाइसकेपछि पुनः त्यही विषयमा उजुरी सुनी नागरिकता नै रद्द गर्ने गरी भएको निर्णय राज्यका कानून कार्यान्वयन गर्ने अधिकारीहरूका लागि शोभनीय नदेखिने। | १३०७ |
| १७. | ९४४२<br>संयुक्त<br>उत्प्रेषण | वीरेन्द्रप्रसाद चौहानसमेत<br>विरूद्ध<br>अजयकुमार चौहानसमेत | ▪ प्रकरणमा विवेचना गरिएका आधार एवम् कानूनी व्यवस्थाहरूबाट बकसपत्र दाता र प्राप्त गर्ने व्यक्तिसमेतको मृत्यु भै सकेको अवस्थामा निजहरूको दैयादारको हैसियतले जनकदुलारी देवीको हक स्थापित भै सकेको अवस्था हुँदा कानूनबमोजिम अंश छुट्याउने क्रममा अंश प्राप्त गर्ने व्यक्तिमध्येबाट आफ्नो हक पुगेको सम्पत्तिसम्म शेषपछिको बकसपत्र लेखि दिएको र तत्पश्चात् शेषपछिको बकसपत्र पाउनेको मृत्यु भै विपक्षी जनकदुलारीले हक प्राप्त गरी मुद्दा सकार गरी सकेको देखिँदा विवादित सम्पत्तिमा अंसियार घटेकाले घटेका अंसियारमध्येबाटै बन्डा गर्नुपर्ने भन्ने निवेदन दाबीसँग समेत सहमत नहुने। | १३१३ |

| | | | | |
|---|---|---|---|---|
| १८. | ९४४३<br>संयुक्त<br>कर्तव्य ज्यान | नेपाल सरकार<br>विरूद्ध<br>रोहितकुमार कार्की | ▪ आफू बिरामी भै मृत्यु शैय्यामा पुग्दासम्म होसमै रहेको मृतकले समेत मृत्युको कारण नबताएको अवस्थामा अनुमानको भरमा र प्रतिवादीले मृतकप्रति गरेका पूर्व व्यवहारलाई ज्यान जस्तो फौजदारी अपराधमा अदालत आफैँले प्रमाणको श्रृष्टि गरी अभियुक्तलाई दोषी करार गर्नु विवेकपरक नहुनुको साथै न्यायको विपरीत हुन जाने। | १३२२ |
| १९. | ९४४४<br>संयुक्त<br>उत्प्रेषण | राजमान शाक्य<br>विरूद्ध<br>काठमाडौं जिल्ला अदालत,<br>बबरमहलसमेत | ▪ ऐनले बेरीतपूर्वक म्याद तामेल भएकोसम्बन्धमा हदम्यादको व्यवस्था गरिदिएको अवस्थामा उक्त २०८ नं. को बेवास्ता गरी रिट जारी गर्नु उपयुक्त हुँदैन । अ.बं. २०८ नं. एक बाध्यात्मक व्यवस्था हो। निवेदकका नाममा अदालतले आफ्नो क्षमताले भ्याएसम्म म्याद तामेल गर्न खोजेको तर निवेदकको घरद्वार पत्ता नलागेकाले निवेदक बसेको वडा कार्यालयमा म्याद बुझाएर आफ्नो दायित्वलाई कानूनबमोजिम पूरा गरेको कार्यबाट निवेदक सुनवाइको मौकाबाट वञ्चित भएको भनी मान्न र प्रस्तुत विवादमा प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन भएको भन्न नमिल्ने। | १३३५ |
| २०. | ९४४५<br>संयुक्त<br>उत्प्रेषण / परमादेश | भिष्मप्रसाद जोशी<br>विरूद्ध<br>त्रिभुवन विश्वविद्यालय,<br>केन्द्रीय कार्यालय,<br>कीर्तिपुरसमेत | ▪ सक्षम र समर्थ निकायबाट परीक्षा सञ्चालन भएको र संशोधित समयतालिका तथा पूर्णाङ्कसमेतका कुरालाई स्वीकार गरी निवेदक त्यसमा सहभागी भएकामा निवेदक उक्त परीक्षामा राम्रो अङ्क ल्याउन नसकेपछि मात्र प्रस्तुत रिट निवेदन परेको निवेदकको यस्तो अवसरवादी आचरणतर्फ आँखा चिम्लेर रिट जारी गर्नु उपयुक्त हुँदैन। यसमा सफल परीक्षार्थीहरू समेतले पुनः परीक्षा दिँदा निजहरूको समय, श्रम र पैसाको खति हुने स्पष्ट छ । यस्तोमा रिट जारी गर्नु सुविधा र सन्तुलनको हिसाबले पनि मुनासिब नहुने। | १३४० |

यी सारसङ्क्षेप *नेकाप* प्रयोगकर्ताको सुविधाका लागि मात्र हुन्, उद्धरण गर्नका लागि होइनन्।

– सम्पादक

## निर्णय नं.९४२६

सर्वोच्च अदालत, विशेष इजलास
माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाह
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
आदेश मिति :-२०७१।०२।२९।५
०६९-WS-००६५

विषय : उत्प्रेषण, परमादेश।

निवेदक : उदयपुर जिल्ला, कटारी गा.वि.स.वडा नं.२ स्थायी घर भई हाल का.जि., का.म.न.पा.वडा नं.३१ बस्ने पद्मकन्या बहुमुखी क्याम्पसका स्व.वि.यु.सभापति लालकुमारी पोखरेलसमेत

विरूद्ध

विपक्षी : मन्त्रिपरिषद्का अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

- **त्रिभुवन विश्वविद्यालय सभाले मिति २०६९।१२।२३ को निर्णयानुसार आफ्ना आङ्गिक क्याम्पसहरूमा हुने स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा प्रत्यक्ष र समानुपातिक प्रणालीबाट हुने गरी त्रि. वि. संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० मा संशोधन गरेको र सो संशोधन स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा समानुपातिक प्रतिनिधित्व होस् भन्ने उद्देश्यले गरिएको हो भन्ने त्रिभुवन विश्वविद्यालय सभा कीर्तिपुरको लिखित जवाफ रहेको सन्दर्भमा हेर्दा राज्यले आफ्ना नागरिकको हरेक क्षेत्रमा समान पहुँच होस् भनी स्थानीय एवम् राष्ट्रिय स्तरका हरेक निर्वाचनलाई अझ बढी समावेशी बनाउने नीतिअनुरूप नेपालको अन्तरिम संविधानमा नै समानुपातिक निर्वाचन प्रणालीलाई सैद्धान्तिकरूपमा अवलम्बन गरिसकेको छ । सोही संवैधानिक दायित्व पूरा गर्न राज्यका निकायको रूपमा रहेको त्रिभुवन विश्वविद्यालयको उक्त त्रि.वि. सभाले सो निर्णय गरेको देखिने।**
- **उक्त संशोधित नियममा भएको व्यवस्थाको व्याख्या गर्दा कुनै शब्द विशेषलाई मात्र हेरेर हुँदैन, सोसँग सम्बन्धित समग्र कानूनी व्यवस्था र त्यस्तो कानूनी व्यवस्था गरिँदाको परिवेश तथा उद्देश्यलाई पनि हेरिनु पर्दछ । सो कानून कुन परिवेशमा ल्याइएको हो र त्यसका मार्फत्बाट के कस्तो उद्देश्य हासिल गर्न खोजिएको हो भन्ने कुराको खोजी गर्नु नै कानून व्याख्याको उद्देश्य हुन जाने।**

(प्रकरण नं. ३)

- **अदालतले कुनै पनि ऐन वा नियम जहिले पनि वैध र अधिकारक्षेत्रभित्र रही निर्माण गरिएको छ, संविधानसम्मत रहेको छ भन्ने अनुमान गर्ने हुनाले कुनै ऐन वा नियम बाझिएको भनी दाबी गर्ने पक्षले दाबी गरेअनुसारको कानूनी व्यवस्था के कसरी संविधानसँग बाझिएको हो भन्ने प्रमाणित गरी अदालतलाई विश्वास दिलाउने भार त्यस्तो दाबीकर्ता निवेदक (Petitioner) मा रहने।**
- **कुनै संशोधित ऐन कानूनको औचित्यको आधारमा सदर वा बदर हुन सक्ने होइन। व्यक्तिगत विचार वा औचित्यको आधारमा ऐन नियमलगायतका कानूनको बारेमा अदालतले विचार गर्न मिल्ने नभई संविधान**

**वा कुनै प्रचलित प्रस्तुत कानूनद्वारा प्रदत्त आफ्नो हकमा उक्त संशोधनले प्रतिकूल प्रभाव परेको स्पष्टरूपमा देखिनुपर्ने ।**

- **स्व.वि.यु. निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्दा, उमेर हद लागू गर्दा निवेदकहरू वा अरू कसैको के कस्तो हक हनन् भएको छ वा त्यस्तो व्यवस्था कुन धारासँग बाझिएको हो भन्ने कुरा निवेदनले पुष्टि गर्न सकेको नदेखिने ।**
- **त्रि.वि. सभाले गरेको संशोधन तत्कालबाट लागू हुने नभई २०७२ साल वैशाख १ गतेदेखि लागू हुने भनी सोही संशोधित नियमावलीमा स्पष्ट व्यवस्था रहेको देखिँदा लागू नहुँदै premature अवस्थामा नै रहेको नियमावलीले यी निवेदकको संविधानप्रदत्त मौलिक हकमा हालै आघात पारेको छ भनी अनुमान गर्न मिल्ने नदेखिने ।**

(प्रकरण नं. ४)

- **नेपालको अन्तरिम संविधानले व्यवस्था गरेको शिक्षा तथा संस्कृतिसम्बन्धी हक संविधानप्रदत्त हक भएपनि यो आफैँमा मौलिक हक भने होइन, किनकि राज्यले कानूनमा व्यवस्था गरेबमोजिम मात्र त्यस्तो हक प्रचलन हुन सक्ने हुँदा यो हक ऐनले सिर्जना गरेको कानूनी हक (Statutory Right) अन्तर्गत पर्न आउने ।**
- **स्व.वि.यू. निर्वाचनको मतदाता हुनु र उम्मेदवार हुनु दुवै अवस्थाको लागि एउटै मापदण्ड लागू हुनुपर्छ र एउटै उमेर हुनुपर्दछ भन्ने निवेदन दाबी आफैँमा औचित्यपूर्ण हुन नसक्ने ।**

(प्रकरण नं. ५)

- **कानूनबमोजिम नियम बनाउन तथा संशोधन गर्न पाउने आधिकारिक निकाय त्रिभुवन विश्वविद्यालय सभाले त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम ३४४(६), ३४५(३), ३४८, ३४९, ३५७(६) मा गरेको संशोधन नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ र १३ द्वारा प्रदत्त मौलिक हकमा अनुचित बन्देज लगाउने गरी नियम संशोधन भएको रहेछ भनी अर्थ गर्न मिल्ने अवस्था विद्यमान नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गरी रहनु परेन । तसर्थ रिट निवेदन खारेज हुने ।**

(प्रकरण नं. ६)

निवेदकको तर्फबाट : विद्वान् अधिवक्ता रामचन्द्र पौडेल, यदुनाथ खनाल, शिवाली जोशी (भण्डारी)

प्रत्यर्थीको तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता गोपाल रिजाल र विद्वान् अधिवक्ता नारायण खनाल

अवलम्बित नजिर :

- *ने.का.प.* २०६९ अङ्क ९ नि.नं. ८८८३ पृ. १३१५

सम्बद्ध कानून :

- त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५०को नियम ३४४(६), ३४५(३), ३४८, ३४९, ३५७(६)
- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ र १३

आदेश

**न्या. रामकुमार प्रसाद शाह :-** नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) र १०७(२) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र रही दायर हुन आएको प्रस्तुत रिट निवेदनको सङ्क्षिप्त तथ्य र ठहर यसप्रकार छ ।

विद्यार्थीहरूको साझा संस्थाको रूपमा रहेको स्वतन्त्र विद्यार्थी युनियनलाई धरासायी बनाई अन्ततः विघटन गर्ने दूषित मनसायका साथ, बिना आधार कारण त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम ३४४ (६), ३४५(३), ३४८, ३४९, ३५७(६) मा विपक्षीहरू रहेको त्रि.वि. सभाबाट मिति २०६९।१२।२३ मा संशोधन गरी गरिएको व्यवस्थाले विद्यार्थी माझ अन्योलता सिर्जना गर्ने, गरी उमेरहद २८ वर्ष निर्धारण गर्ने, अन्तिम वर्षको परीक्षा सकिने बित्तिकै पद समाप्त हुने व्यवस्था राख्नुका साथै आवश्यक नै नभएको समानुपातिक निर्वाचन व्यवस्था लागू गर्नु र कार्यकाल समाप्त भएपछि निर्वाचन हुन नसकेमा त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्ले ६, ६ महिना कार्यकाल थप्न सक्ने गरी परिषद्लाई बाध्यात्मक नभई स्वेच्छिक अधिकार प्रदान गरेको कार्य र पद नै परिवर्तन गर्नेलगायत हचुवाको भरमा धेरै जना पदाधिकारी राख्नेसमेतका व्यवस्थाहरू संविधानको धारा १२ र १३ त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ र नियम २०५८ समेतसँग बाझिएको र त्यस्तो व्यवस्थाले नेपालकोअन्तरिम संविधान, २०६३ को धारा १२ र १३ द्वारा प्रदत्त मौलिक हकमा अनुचित बन्देज लगाएको हुँदा मिति २०६९।१२।२३ को त्रिभुवन विश्वविद्यालय सभाको विशेष बैठकले गरेको संशोधन नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) बमोजिम प्रारम्भदेखि नै अमान्य र बदर घोषित गरिपाऊँ। साथै नियममा पूर्व व्यवस्थित व्यवस्थाअनुसार स्व.वि.यु. निर्वाचन गर्नु भनी विपक्षीहरूको नाममा परमादेश जारी गरिपाऊँ। निवेदनकोअन्तिम टुङ्गो नलाग्दासम्म मिति २०६९।१२।२३ को सभाको निर्णयको संशोधित व्यवस्था लागू नगर्नु नगराउनु भनी अन्तरिम आदेश जारी गरिपाउँ भन्नेसमेतको निवेदनपत्र।

यसमा के कसो भएको हो, निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो, यो आदेश जारी हुन नपर्ने कुनै आधार र कारण भए यो आदेश प्राप्त भएका मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूको नाममा म्याद सूचना पठाई लिखित जवाफ परे वा अवधि नाघेपछि पेस गर्नू । साथै अन्तरिम आदेश जारी हुने नहुनेसम्बन्धमा टुङ्गो नलागेसम्म निवेदनमा उल्लिखित त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० मा मिति २०६९।१२।२३ मा भएको संशोधित व्यवस्था हाल कार्यान्वयन नगरी यथास्थितिमा राखी अन्तरिम आदेश छलफलका लागि ७ दिनको समय दिई विपक्षीहरूलाई झिकाई नियमानुसार गर्नु भन्ने यस अदालतको मिति २०७०।१।८ को आदेश।

निवेदन दाबीको सम्बन्धमा लिखित जवाफ परेपछि पूर्ण सुनुवाई हुँदा विचार हुने र संशोधित नियमहरूबाट निवेदकहरूलाई तत्काल अपूरणीय क्षति पुग्ने अवस्था नदेखिनुका साथै सुविधा सन्तुलनको दृष्टिकोणबाट समेत आसन्न स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन प्रभावित हुने गरी मागबमोजिम अन्तरिम आदेश जारी गर्न उचित र आवश्यक देखिन नआएकाले अन्तरिम आदेश जारी गर्न मिलेन । कानूनबमोजिम गर्नु भन्ने यस अदालतको मिति २०७०।१।२० को आदेश।

त्रिभुवन विश्वविद्यालय ऐन, २०४९को दफा ३४ तथा दफा १० खण्ड (च) ले दिएको अधिकार प्रयोग गरी विश्वविद्यालय सभाको मिति २०६९।१२।२३ को विशेष बैठकबाट विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० मा समयानुकूल संशोधन गरेको हो । क्याम्पससम्म नियमित अध्ययनरत विद्यार्थीहरूबाट स्वतन्त्र विद्यार्थी युनियनको नेतृत्व होस् भन्ने उद्देश्यले उमेरको हद र अन्तिम वर्ष सेमेस्टरको सैद्धान्तिक परीक्षा दिइसकेपछि कार्यसमितिको पद स्वतः समाप्त हुने गरी संशोधन गरिएको हो । यसैगरी सबैको प्रतिनिधित्व होस् भनी पचास प्रतिशत सदस्यहरू समानुपातिक प्रणालीबाट गर्ने र सोही अनुपातमा सदस्हयरूको सिट

सङ्ख्या थप भएको हुँदा आधारहीन माग दाबी भएको निवेदन खारेज गरिपाउँ भन्ने शिक्षा मन्त्रालय तथा शिक्षामन्त्रीको लिखित जवाफ।

नेपालको अन्तरिम संविधान, २०६३ ले अङ्गीकार गरेको प्रत्यक्ष तथा समानुपातिक निर्वाचन प्रणालीलाई स्व.वि.यु.निर्वाचनमा समावेश गर्ने गरी तथा उमेरको हद तोक्ने, सङ्ख्या निर्धारण गरी पदाबधि समाप्त हुने अवस्था निश्चित गर्नेलगायतको विषयमा स्व.वि.यु. प्रतिनिधिहरू समेत रहने त्रिभुवन विश्वविद्यालय सभा व्यापक छलफल भई नियम संशोधन भएको हो । निवेदकहरू मध्ये केही आङ्गिक क्याम्पसहरूको स्व.वि.यु.सभापति हुन भने धेरैजसो संशोधित व्यवस्थाअनुसार पदाबधि समाप्त भइसकेका सभापति भएको हुँदा रिट दायर गर्ने हक नै छैन । मतदाता र उम्मेदवारबीचको सर्त एकै नभई अलगअलग हुने हुँदा त्यसलाई अन्यथा सम्झन मिल्दैन। संस्था कसरी सञ्चालन गर्नेभन्ने कुरा नीतिगत विषय भएको र संशोधित व्यवस्थालाई विद्यार्थी संघ संगठनले स्वीकार गरी स्व.वि.यु.निर्वाचन प्रक्रियामा सहभागी भइसकेको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने त्रिभुवन विश्वविद्यालयका उपकुलपति, शिक्षाध्यक्ष र त्रिभुवन विश्वविद्यालयको संयुक्त लिखित जवाफ।

निवेदकले दाबी लिनुभएको विषयमा मेरो के कस्तो संलग्नता रहेको हो मलाई प्रत्यर्थी बनाउनुपर्ने कारण के हो भन्नेसम्बन्धमा निवेदनमा कुनै कुरा उल्लेख गर्न सक्नुभएको छैन । त्रिभुवन विश्वविद्यालय सभाले आफूलाई कानूनद्वारा प्राप्त अधिकार प्रयोग गरी नियम संशोधन गरेको र संविधानले आत्मसात् गरेको मूल्य र मान्यतालाई अवलम्बन गरी समावेशितालाई अवलम्वन गरेको विषयलाई अन्यथा भन्न मिल्ने होइन । स्व.वि.यु.निर्वाचन, कार्यविधि र उम्मेदवारको सम्बन्धमा केही खास सर्त र योग्यता तोक्ने जस्ता कार्यविधिगत विषयले निवेदकहरूको संविधान प्रदत्त हकमा कुनै असर नगर्ने हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको त्रिभुवन विश्वविद्यालयका कुलपति एवम् आफ्नो हकमा समेत मन्त्रिपरिषद्का अध्यक्षको लिखित जवाफ।

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी निवेदकतर्फबाट रहनुभएका विद्वान् अधिवक्ता श्री रामचन्द्र पौडेल, श्री यदुनाथ खनाल, श्री शिवाली जोशी (भण्डारी) ले स्व.वि.यु. निर्वाचनको लागि उमेर हद २८ वर्ष निर्धारण गर्ने, अन्तिम वर्षको परीक्षा सकिनेबित्तिकै पद समाप्त हुने, आवश्यक नै नभएको समानुपातिक निर्वाचन व्यवस्था लागू गर्ने जस्ता व्यवस्थाहरू हचुवाको भरमा ल्याइएका छन् । कार्यकाल समाप्त भएपछि निर्वाचन हुन नसकेमा त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्ले ६, ६ महिना कार्यकाल थप्न सक्ने गरी परिषद्लाई बाध्यात्मक नभई स्वेच्छिक अधिकार प्रदान गरिएको छ । त्यसैगरी पद नै परिवर्तन गर्नेलगायत हचुवाको भरमा धेरै जना पदाधिकारी राख्नेसमेतका व्यवस्थाहरू नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ र १३ द्वारा प्रदत्त मौलिक हकमा अनुचित बन्देज लगाउने हुँदा रिट जारी गरी मिति २०६९।१२।२३को त्रि.वि. सभाको बैठकले पारित गरेको संशोधन प्रारम्भदेखि नै अमान्य र बदर हुनुपर्छ भनी गर्नुभएको बहस सुनियो । यसैगरी प्रत्यर्थी मन्त्रिपरिषद्का अध्यक्षको तर्फबाट उपस्थित महान्यायाधिवक्ताको कार्यालयका विद्वान् सहन्यायााधिवक्ता श्री गोपाल रिजाल र त्रिभुवन विश्वविद्यालय सभासमेतको तर्फबाट विद्वान् अधिवक्ता श्री नारायण खनालले समावेशिता तथा समानुपातिकता जस्ता कुराहरू संविधानले नै अङ्गीकार गरेको मूल्य हो । संशोधित व्यवस्था त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को कुन दफाको कुन कानूनी व्यवस्थासँग र संविधानको कुन धारासँग बाझिएको छ भनी कहीँ कतै उल्लेख भएको देखिँदैन। आफ्नो संवैधानिक वा कानूनी हकमा प्रतिकूल असर परेको वा बाझिएको कारण र आधार पनि निवेदनमा स्पष्ट खुलाएको हुनुपर्नेमा सो कुरा निवेदनमा कतै उल्लेख भएको छैन। त्यसमा पनि

संशोधन गरिएको सो संशोधन तत्काल प्रभावी हुने नभै २०७२ वैशाख १ गतेदेखि लागू हुने भएकाले त्यसबाट निवेदकहरूलाई तत्काल असर पर्ने देखिँदैन तसर्थ रिट निवेदन खारेज हुनुपर्छ भनी गर्नुभएको बहससमेत सुनियो।

निर्णयतर्फ विचार गर्दा निवेदकहरू त्रिभुवन विश्वविद्यालयअन्तर्गतका विभिन्न आङ्गिक क्याम्पसहरूका विद्यार्थी युनियनका पदाधिकारी रहेका छन् । निजहरूले त्रिभुवन विश्वविद्यालय सभाद्वारा त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को संशोधन गरी नियम ३४४(६), ३४५(३), ३४८, ३४९, ३५७(६) मा संशोधन गरी स्व.वि.यु.को पदाधिकारी हुनका लागि उमेर २८ वर्ष निर्धारण गरेको र समानुपातिक आधारमा उम्मेदवार हुने भनी गरेको व्यवस्थाहरू संविधानको धारा १२ र १३, त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ र नियम २०५८ समेतसँग बाझिएकाले धारा १०७(१) बमोजिम अमान्य र बदर घोषित गरिपाउँ भन्ने निवेदन दाबी लिएको छन् । उक्त संशोधन संविधानको धारा १२ र १३ सँग कसरी, किन र कुन आधारमा बाझिएको हो भन्ने निवेदनमा कतै उल्लेख नगरेको, त्यस्तै उक्त संशोधन त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को कुन दफाको कुन कानूनी व्यवस्थासँग बाझिएको छ सो पनि कतै उल्लेख नभएको, कुनै ऐन वा नियम संविधान वा कानूनसँग बाझिएको भन्नु मात्र पर्याप्त हुने नभई बाझिएको कारण र आधार पनि निवेदनमा स्पष्ट खुलाएको हुनुपर्दछ तर सो कुरा निवेदनमा कतै उल्लेख नभएको, २०७२ देखि लागू हुने भनिएको उक्त संशोधनले निवेदकहरूलाई संविधानको कुन धारा वा कुन कानूनद्वारा प्राप्त के कस्तो संवैधानिक वा कानूनी हकमा प्रतिकूल असर परेको छ सो पनि निवेदनमा खुलाएको नहुँदा रिट खारेज गरिपाउँ भन्ने प्रत्यर्थीहरूको लिखित जवाफ रहेको पाइन्छ।

दुवैतर्फका विद्वान् कानून व्यवसायीहरूको बहस सुनी निवेदन र लिखित जवाफसमेतलाई दृष्टिगत गरी हेर्दा निम्न प्रश्नहरूको सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

(क) त्रिभुवन विश्वविद्यालय सभाद्वारा त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम ३४४(६), ३४५(३), ३४८, ३४९, ३५७(६) मा गरेको संशोधन नेपालको अन्तरिम संविधानको धारा १२ र १३ त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ र नियम २०५८ समेतसँग बाझिएको छ छैन ?

(ख) निवेदन मागबमोजिम रिट जारी हुने नहुने के हो ?

२. पहिलो प्रश्नतर्फ विचार गर्दा यी त्रिभुवन विश्व विद्यालयअन्तर्गतका क्याम्पसका विद्यार्थी संगठनका पदाधिकारहरूले त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० मा मिति २०६९।१२।२३ मा भएको संशोधन नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ र १३ द्वारा प्रदत्त मौलिक हकमा अनुचित बन्देज लगाएको भन्ने जिकिर लिएका छन्। सो धारा १२ र १३ ले समानताको हक र कानुनको अगाडि समान संरक्षणको हकलाई प्रत्याभूत गरेको देखिन्छ। तर उक्त नियममा भएको उक्त संशोधनले समानताको हकलाई कसरी प्रभावित गर्न खोजेको वा गरेको हो सो कुरा रिट निवेदनमा खुलाउन सकको पाइँदैन। साथै उक्त संशोधनले युनियनको विद्यार्थीहरूलाई कसरी र कुन आधारमा विभेद गरेको हो सो पनि रिट निवेदनमा खुलाइएको छैन।

३. त्रिभुवन विश्वविद्यालय सभाले मिति २०६९।१२।२३ को निर्णयानुसार आफ्ना आङ्गिक क्याम्पसहरूमा हुने स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा प्रत्यक्ष र समानुपातिक प्रणालीबाट हुने गरी त्रि.वि.संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० मा संशोधन गरेको र सो संशोधन

स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचनमा समानुपातिक प्रतिनिधित्व होस् भन्ने उद्देश्यले गरिएको हो भन्ने त्रिभुवन विश्वविद्यालय सभा कीर्तिपुरको लिखित जवाफ रहेको सन्दर्भमा हेर्दा राज्यले आफ्ना नागरिकको हरेक क्षेत्रमा समान पहुँच होस् भनी स्थानीय एवम् राष्ट्रिय स्तरका हरेक निर्वाचनलाई अझ बढी समावेशी बनाउने नीति अनुरूप नेपालको अन्तरिम संविधानमा नै समानुपातिक निर्वाचन प्रणालीलाई सैद्धान्तिकरूपमा अवलम्बन गरिसकेको छ । सोही संवैधानिक दायित्व पूरा गर्न राज्यका निकायको रूपमा रहेको त्रिभुवन विश्वविद्यालयको उक्त त्रि.वि. सभाले सो निर्णय गरेको देखिन आउँछ । उक्त संशोधित नियममा भएको व्यवस्थाको व्याख्या गर्दा कुनै शब्द विशेषलाई मात्र हेरेर हुँदैन, सोसँग सम्बन्धित समग्र कानूनी व्यवस्था र त्यस्तो कानूनी व्यवस्था गरिँदाको परिवेश तथा उद्देश्यलाई पनि हेरिनु पर्दछ। सो कानून कुन परिवेशमा ल्याइएको हो र त्यसका मार्फत्बाट के कस्तो उद्देश्य हासिल गर्न खोजिएको हो भन्ने कुराको खोजी गर्नु नै कानून व्याख्याको उद्देश्य हुन जाने हुन्छ। यसै सन्दर्भमा कन्स्रोटियम फर ओमेन राईट्स वि. मन्त्रिपरिषद्समेत (*ने.का.प.*२०६९ अङ्क ९ नि.नं.८८८३ पृ.१३१५) भएको उत्प्रेषण मुद्दामा "....कुनै कानूनमा प्रयुक्त कुनै वाक्यांशलाई मात्र एकाङ्गीरूपमा हेरी संविधानसँग बाझिएको वा नबाझिएको भन्ने व्याख्या गर्न वा निष्कर्षमा पुग्न मिल्दैन । त्यसको लागि उक्त ऐन जारी गर्नुपर्नाको पृष्ठभूमि, समाजमा विद्यमान कुनै व्यवहार वा क्रियाकलापलाई रोकथाम, व्यवस्थित वा नियमनसमेतका के कुन आवश्यकता र उद्देश्यबाट ऐन ल्याइएको थियो भन्ने जस्ता विषयतर्फ पनि सूक्ष्मतम् ढङ्गबाट विचार गरिनुपर्ने..." भनी सिद्धान्त प्रतिपादित भैसकेको अवस्थामा त्रि.वि. सभाले गरेको उक्त संशोधन स्व.वि.यू. निर्वाचनलाई अझ बढी व्यवस्थित गर्न, र समावेशी तथा समानुपातिक प्रतिनिधित्व गराउने उद्देश्यले गरिएको मान्नु पर्ने हुन्छ।

४. त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० मा गरिएको संशोधनले अन्तरिम संविधानको धारा १२ र १३ मा उल्लिखित हकको उपभोग गर्न के कसरी बन्देज लगाएको छ भन्नेसम्बन्धमा निवेदकबाट सोको कुनै आधार र कारण निवेदनमा प्रष्ट खुलाउन सकेको देखिँदैन । कुनै कानूनलाई संविधानसँग बाझिएको छ भनी चुनौती दिने पक्षले सो कानून संविधानको यो यस धारासँग यो यति कारणले बाझिएको छ भनी स्पष्ट निवेदन जिकिर लिन सक्नुपर्ने हुन्छ । ताकि त्यसले जनतालाई संविधानले प्रदान गरेको खास हकलाई पनि असर गरेको छ भन्ने स्पष्ट देखिनु पर्दछ। अदालतले कुनै पनि ऐन वा नियम जहिले पनि वैध र अधिकारक्षेत्रभित्र रही निर्माण गरिएको छ, संविधानसम्मत रहेको छ भन्ने अनुमान गर्ने हुनाले कुनै ऐन वा नियम बाझिएको भनी दाबी गर्ने पक्षले दाबी गरेअनुसारको कानूनी व्यवस्था के कसरी संविधानसँग बाझिएको हो भन्ने प्रमाणित गरी अदालतलाई विश्वास दिलाउने भार त्यस्तो दाबीकर्ता निवेदक (Petitioner) मा रहन्छ । कुनै संशोधित ऐन कानूनको औचित्यको आधारमा सदर वा बदर हुन सक्ने होइन । व्यक्तिगत विचार वा औचित्यको आधारमा ऐन नियमलगायतका कानूनको बारेमा अदालतले विचार गर्न मिल्ने नभई संविधान वा कुनै प्रचलित प्रस्तुत कानूनद्वारा प्रदत्त आफ्नो हकमा उक्त संशोधनले प्रतिकूल प्रभाव परेको स्पष्टरूपमा देखिनु पर्छ । निवेदनमा स्व.वि.यु. निर्वाचनमा समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्दा, उमेर हद लागू गर्दा निवेदकहरू वा अरू कसैको के कस्तो हक हनन् भएको छ वा त्यस्तो व्यवस्था कुन धारासँग बाझिएको हो भन्ने कुरा निवेदनले पुष्टि गर्न सकेको देखिएन। साथै २०६५ सालमा पछिल्लो स्व.वि.यु.को निर्वाचन भएको भन्ने तथ्यको विद्यमानतामा तत्कालीन समयमा विभिन्न तहमा अध्ययनरत विद्यार्थीहरू हालसम्म सोही तहमा नियमित विद्यार्थीकै रूपमा रहिरहेका छन् भनी

मान्नसमेत मिल्ने देखिँदैन । त्यसमाथि त्रि.वि. सभाले गरेको उक्त संशोधन तत्कालबाट लागू हुने नभई २०७२ साल वैशाख १ गतेदेखि लागू हुने भनी सोही संशोधित नियमावलीमा स्पष्ट व्यवस्था रहेको देखिँदा लागू नहुँदै premature अवस्थामा नै रहेको नियमावलीले यी निवेदकको संविधानप्रदत्त मौलिक हकमा हालै आघात पारेको छ भनी अनुमान गर्न मिल्ने देखिँदैन । स्व.वि.यु. निर्वाचन, त्यसको कार्यावधि र उम्मेदवारको सम्बन्धमा केही खास सर्त र योग्यता तोक्ने जस्ता कार्यविधिगत विषयले निवेदकहरूको संविधान प्रदत्त मौलिक हकमा कुनै असर नगर्ने हुँदा त्यस्तो संशोधित नियमका प्रावधानहरूले निवेदकहरूको हक हनन् भयो भनी मान्न मिल्ने अवस्था देखिँदैन ।

५. नेपालको अन्तरिम संविधानले व्यवस्था गरेको शिक्षा तथा संस्कृतिसम्बन्धी हक संविधानप्रदत्त हक भएपनि यो आफैँमा मौलिक हक भने होइन, किनकि राज्यले कानूनमा व्यवस्था गरेबमोजिम मात्र त्यस्तो हक प्रचलन हुन सक्ने हुँदा यो हक ऐनले सिर्जना गरेको कानूनी हक (Statutory Right) अन्तर्गत पर्न आउँछ । यसैगरी स्व.वि.यू.निर्वाचनमा उम्मेदवार हुने नहुने भन्ने कुरा सम्बन्धित विद्यार्थीको चाहना वा ईच्छामा भर पर्ने विषय भएको हुँदा यसलाई अनिवार्य विषय हो भनी मान्न मिल्दैन । त्यसैले सम्बन्धित क्याम्पसको विद्यार्थी हुने वित्तिकै स्वतः स्व.वि.यु. निर्वाचनको लागि मतदाता हुने कुरा एउटा अवस्था हो भने निर्वाचनमा भाग लिने गरी त्यसको लागि उम्मेदवार हुनु अलग अवस्था हो । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३(७) ले कानूनमा व्यवस्था भएबमोजिम प्रत्येक १८ वर्ष उमेर पूरा भएका नेपाली नागरिकलाई मतदान गर्ने अधिकार रहन्छ भनेको पाइन्छ तर धारा ६५ बमोजिम संविधान सभाको सदस्य हुन कम्तीमा २५ वर्ष उमेर पूरा भएको व्यक्ति मात्र पाउने संवैधानिक व्यवस्था रहेको देखिन्छ । यसै गरी विभिन्न सरकारी पदमा नियुक्ति हुनको लागि संविधानले नै छुट्टाछुट्टै उमेरहदसमेत निर्धारण गरेको परिप्रेक्ष्यबाट हेर्दा पनि स्व.वि.यू. निर्वाचनको मतदाता हुनु र उम्मेदवार हुनु दुवै अवस्थाको लागि एउटै मापदण्ड लागू हुनुपर्छ र एउटै उमेर हुनुपर्दछ भन्ने निवेदन दाबी आफैँमा औचित्यपूर्ण हुन सक्दैन । कुनै शैक्षिक तहमा भर्ना भएपछि तोकिएको अवधिभित्र वा शैक्षिक सत्रको अन्तपश्चात् सामान्यतयाः विद्यार्थीले सो तह पार गर्ने अपेक्षा गरिन्छ । एक पटक कुनै शैक्षिक सत्रमा कुनै शैक्षिक तहमा भर्ना भएपछि जतिसुकै वर्षसम्म पनि शैक्षिक वर्ष निरन्तर चलिरहन्छ भन्न मिल्ने हुँदैन । तह पार भएपछिको हकमा स्वाभाविकरूपमा सो तहको विद्यार्थी कायम नरहन सक्ने र नयाँ तहमा भर्ना भएपछि नयाँ विद्यार्थीको रूपमा निजको उपस्थिति हुने हुँदा विश्वविद्यालयले सबै कुराहरूलाई विचार गरी शैक्षिक तह र स्व.वि.यु. उम्मेदवार प्रयोजनको लागि विद्यार्थीको उमेर हद निर्धारण गर्न सक्ने नै देखिन्छ । तसर्थ स्व. वि.यु. निर्वाचनमा उम्मेदवार हुन कुन उमेर हद तोक्ने वा नतोक्ने भन्ने जस्ता कुरा सम्बन्धित शैक्षिक संस्थाले सान्दर्भिक कुराहरूको विचार गरी निर्धारण गर्न सक्ने नै देखिँदा विद्यार्थी हुने बित्तिकै उम्मेदवार पनि स्वतः बन्न पाउनुपर्छ, उमेरहद हुनु हुँदैन र एउटै मापदण्ड लागू हुनुपर्छ भन्ने निवेदन दाबी तथा निवेदकहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूको बहस जिकिरसँग नेपालको अन्तरिम संविधान तथा प्रचलित विभिन्न कानूनको प्रयोगसमेतको आधारबाट सहमत हुन सकिएन ।

६. तसर्थ कानूनबमोजिम नियम बनाउन तथा संशोधन गर्न पाउने आधिकारिक निकाय त्रिभुवन विश्वविद्यालय सभाले त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को नियम ३४४(६), ३४५(३), ३४८, ३४९, ३५७(६) मा गरेको संशोधन नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ र १३ द्वारा प्रदत्त मौलिक हकमा अनुचित बन्देज लगाउने गरी नियम संशोधन भएको

रहेछ भनी अर्थ गर्न मिल्ने अवस्था विद्यमान नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनु परेन । तसर्थ रिट निवेदन खारेज हुने ठहर्छ । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू ।

उक्त रायमा सहमत छौं ।
न्या. कल्याण श्रेष्ठ
न्या. जगदीश शर्मा पौडेल

इजलास अधिकृत : ईश्वर पराजुली
इति संवत् २०७१ साल जेठ २९ गते रोज ५ शुभम् ।

## निर्णय नं.९४२७

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
आदेश मिति :- २०७१।०६।२ ।५
०६५-NF-००३३

विषय : उत्प्रेषण / परमादेश ।

निवेदक : लोक सेवा आयोग केन्द्रीय कार्यालय कमलपोखरी

विरूद्ध

विपक्षी : स्याङजा जिल्ला दहथुम गा.वि.स.वडा नं ६ बस्ने शिवकुमार बस्नेत

- **कुनै दुई मुद्दाहरू तथ्यगतरूपमा केही मात्रमा समानता देखिएको भन्ने आधारमा मात्र ती मुद्दाहरूको सम्पूर्ण विषयवस्तु एकै प्रकृति र अवस्थाका हुन् भन्न मिल्ने हुँदैन । मूलतः दुवै रिट निवेदनमा निवेदकहरूलाई निजामती सेवा नियमावली, २०५० को नियम १२७ बमोजिम लोक सेवा आयोगले गरेको निर्णयउपर प्रस्तुत रिट निवेदन परेको तथ्यगत अवस्था भए पनि यस अदालतबाट लोक सेवा आयोगसमेतको नाममा आदेश गर्दा मुख्यरूपमा लिइएका आधारलाई नहेरी दुवै रिट निवेदनमा उपस्थित भएको निरूपण गर्नुपर्ने विषयवस्तु एक समान रहेको मान्न नमिल्ने हुँदा यस अदालतबाट मिति २०६५।९।११ मा पुनरावलोकन गरी हेर्न प्रदान गरिएको निस्सासँग यो इजलास सहमत हुन नसक्ने ।**

(प्रकरण नं. १३)

निवेदकको तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता कृष्णजिवी घिमिरे र उपन्यायाधिवक्ता टीकेन्द्र दाहाल
विपक्षीको तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता हरिप्रसाद उप्रेती र शम्भु थापा
अवलम्बित नजिर :

- *ने.का.प.* २०६४, माघ, निर्णय नं. ७९९४, पृष्ठ १३८१

सम्बद्ध कानून :

- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५३
- निजामती सेवा ऐन, २०४९
- न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१) (ख)
- निजामती नियमावली, २०५० को नियम १२७(२)

यस अदालतबाट संयुक्त इजलासमा यसअघि आदेश गर्ने:

मा.न्या. श्री बलराम के.सी

मा.न्या. श्री राजेन्द्रकुमार भण्डारी

आदेश

**न्या.कल्याण श्रेष्ठ :-** यस अदालतको संयुक्त इजलासबाट मिति २०६४।१०।९ मा रिट जारी हुने गरी भएको आदेशमा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) बमोजिम पुनरावलोकन गरिपाउँ भनी विपक्षी लोक सेवा आयोगका तर्फबाट पर्न आएको पुनरावलोकनको निवेदनमा पुनरावलोकन गरी हेर्न निस्सा प्रदान भै यस इजलासमा पेस भएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य र आदेश यसप्रकार छ।

म निवेदक नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, इरिगेसन उपसमूहको राजपत्राङ्कित तृतीय श्रेणीको इन्जिनियर पदमा मिति २०४६।१०।१३ देखि स्थायी सेवा प्रवेश गरी कार्यरत रहँदै आएको (प्राविधिक) निजामती कर्मचारी हुँ। म निवेदकको बढुवा निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० बमोजिम हुने हो । मैले नेदरल्यान्ड्सबाट प्रथम श्रेणीमा Hydraulic Engineering विषयमा स्नातकोत्तर तहको उपाधि प्राप्त गरेको छु। उक्त शैक्षिक उपाधिबापत बढुवा प्रयोजनका लागि ३.५ अङ्क प्राप्त हुने कुरामा विवाद छैन। यस्तैमा लोक सेवा आयोगबाट मिति २०६१।८।३० मा सूचना नं. १४३/०६१–०६२ अन्तर्गत बढुवा विज्ञापन नं ३०/०६१–०६२ बाट १० जना र अर्को सूचनाद्वारा पछि ३ जना थप गरी जम्मा १३ जना कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा गर्ने भनी राजपत्राङ्कित द्वितीय श्रेणीमा बढुवा गर्न विज्ञापन प्रकाशन भएको थियो। उक्त विज्ञापित सूचनाअनुसार मैले पनि दरखास्त फारम पेस गरेको थिएँ। बढुवा समितिले मिति २०६३।४।९ मा निर्णय गरेबमोजिम मिति २०६३।४।११ मा गोरखापत्रमा प्रकाशित बढुवा सिफारिस सूचीमा मेरो नाम क्रम सङ्ख्या ५ मा समावेश भई मैले कूल ९९.७५०० अङ्क प्राप्त गरेको भन्ने उल्लेख भएको थियो। बढुवा समितिको सो निर्णयमा चित्त नबुझ्ने विभिन्न व्यक्तिहरूले विपक्षी लोक सेवा आयोगमा उजुरी गरेकामा लोक सेवा आयोगले मिति २०६३।७।१० मा बढुवा समितिले क्रम सङ्ख्या ५ मा सिफारिस गरेको मेरो नाम हटाई अवधकिशोर प्रसादसमेतलाई बढुवा सिफारिस गरेको रहेछ।

लोक सेवा आयोगको उक्त मितिको निर्णय हेर्दा मैले उत्तीर्ण गरेको Master of Science in Hydraulic Engineering विषयको प्रथम श्रेणीको स्नातकोत्तर उपाधिबापत बढुवा समितिले मलाई प्रदान गरेको ३.५ अङ्क कट्टा गरेको व्यहोरा अवगत हुन आयो। लोक सेवा आयोगले यसरी अङ्क कट्टा गर्दा मेरो उक्त अतिरिक्त शैक्षिक योग्यता निजामती सेवा नियमावली, २०५० को अनुसूची ३ बमोजिम सो सेवा, समूह र उपसमूहको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यतामा समावेश नभएको र नियम १२७ बमोजिम दरखास्त दिने अन्तिम मितिभित्र सम्बद्धता निर्धारण नभएको भन्ने कुरालाई आधार लिएको रहेछ।

लोक सेवा आयोगको उक्त निर्णय गैरकानूनी छ। मैले हासिल गरेको उक्त विषयको स्नातकोत्तर उपाधिलाई नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, इरिगेसन उपसमूहको राजपत्राङ्कित द्वितीय र प्रथम श्रेणीको बढुवाको लागि सम्बन्धित विषयको उपाधि मान्ने कुरा निजामती सेवा नियमावलीको नियम १२७ मा संशोधन हुनुपूर्व स्पष्ट कानूनी व्यवस्था थियो। तत्कालीन श्री ५ को सरकारको (कार्य विभाजन) नियमावली, २०५७ को अनुसूची २ को क्रम सङ्ख्या ९ को देहाय १५ को (छ) बमोजिम जलस्रोत मन्त्रालयका सहसचिवको अध्यक्षतामा बसेको स्तर निर्धारण समितिले मिति २०५९।१।३ गते मैले प्राप्त गरेको उक्त शैक्षिक उपाधि उक्त विज्ञापित सेवा, समूह, र उपसमूहको राजपत्राङ्कित द्वितीय र प्रथम श्रेणीको

बढुवाको लागि सम्बन्धित विषयको उपाधि मान्ने भनी उल्लेख भएको छ । उक्त नियमावलीमा मिति २०६०।९।१० मा भएको संशोधनअघि जलस्रोत मन्त्रालयले नै स्तर निर्धारण गर्न पाउने कानूनी व्यवस्था रहेको थियो । उक्त तत्काल प्रचलित कानूनी व्यवस्थालाई लोक सेवा आयोगले अन्यथा भन्न मिल्दैन ।

कुनै शैक्षिक योग्यता सम्बन्धित सेवा समूहसँग सम्बन्धित हो होइन भन्ने कुराको निर्धारण प्रचलित कानूनअनुसार हुने हो । मैले प्राप्त गरेको शैक्षिक उपाधिबाट द्विविधा भएको वा नभएको कुरा म निवेदकलाई पहिले नै थाहा हुँदैन । बढुवाको दरखास्त बुझाउने म्याद समाप्त भई बढुवाको अङ्क गणना गर्ने समयमा द्विविधा परेमा मात्र बढुवा समितिले सम्बद्धता निर्धारण समितिसमक्ष पठाउनुपर्ने व्यवस्था निजामती सेवा नियमावलीको नियम १२७ ले गरेको हो । यदि निजामती सेवा नियमावलीको हालको संशोधित नियम १२७ बमोजिमको समितिबाटै सम्बद्धता निर्धारण गर्नुपर्ने हुन्थ्यो भने जलस्रोत मन्त्रालयको स्तर निर्धारण समितिले सिफारिस तथा आवश्यक कारवाहीका लागि लेखी पठाएकामा सो उपाधिको सम्बद्धतातर्फ कुनै निर्णय नगरी बढुवा सिफारिस गर्नु आफैँमा दुराशयपूर्ण कार्य हो । मैले प्राप्त गरेको शैक्षिक उपाधि खुल्ला प्रतियोगिताको लागि सम्बन्धित हुने तर बढुवाको लागि सम्बन्धित नहुने भनी लोक सेवा आयोगले गरेको तर्क औचित्यपूर्ण छैन ।

अतः विपक्षी लोक सेवा आयोगको मिति २०६३।७।१० को निर्णय, मिति २०६३।७।१२ मा गोरखापत्रमा प्रकाशित सूचना र सोबमोजिम दिइएको बढुवा नियुक्ति, पदस्थापनलगायतका सम्पूर्ण काम कारवाही उत्प्रेषणको आदेशले बदर गरी म निवेदकलाई बढुवा समितिको साबिक सिफारिसबमोजिम नियुक्ति दिई पदस्थापन गर्नु भन्ने परमादेशको आदेशसमेत जारी गरिपाऊँ । साथै प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्म विपक्षीहरूलाई बढुवा नियुक्ति नदिनु नदिलाउनु, यथास्थितिमा राख्नु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरिपाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन ।

यसमा विपक्षीहरूबाट १५ दिनभित्र लिखित जवाफ मगाई शिवकुमार बस्नेत विरूद्ध लोक सेवा आयोगसमेत भएको रिट निवेदनमा भएको आदेशबमोजिम अन्तरिम आदेशका सम्बन्धमा छलफलका लागि महान्यायाधिवक्ताको कार्यालय र विपक्षीहरूलाई सूचना दिई नियमानुसार पेस गर्नु भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०६३।७।१३ को आदेश ।

कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवामा निजामती सेवा ऐन, २०४९ को दफा २४घ को उपदफा (१) को खण्ड (क) र (ख) मा सेवा प्रवेशको निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यता र सोभन्दा माथिको सम्बन्धित विषयको एक अतिरिक्त शैक्षिक उपाधिबापत श्रेणीअनुसारको अङ्क दिने व्यवस्था छ भने दफा २४घ(३) मा खुल्ला प्रतियोगिताद्वारा पूर्ति हुने राजपत्राङ्कित द्वितीय र प्रथम श्रेणीको पदको निमित्त निर्धारित न्यूनतम शैक्षिक योग्यताबाहेक राजपत्राङ्कित तृतीय श्रेणीको पदमा सेवा प्रवेशको लागि निर्धारित न्यूनतम शैक्षिक योग्यतालाई न्यूनतम शैक्षिक योग्यता मानिने छ भन्ने उल्लेख भएको छ ।

नेपाल इन्जिनियरिङ सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५१ को नियम ७ को अनुसूची ३ इरिगेसन उपसमूहको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा सेवा प्रवेशका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यतामा "मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ विषयमा बि.इ. वा सोसरह उत्तीर्ण" भनी उल्लेख भएको र निजामती सेवा ऐनको दफा २४ घ को उपदफा (१) र (३) को व्यवस्थाअनुसार कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवामा अङ्क प्राप्त गर्न सिभिल इन्जिनियरिङ विषयमा बि.इ. र एम.इ. उपाधि हासिल गरेको हुनुपर्दछ । निज निवेदकले Master of Science

In Hydraulic Engineering विषयमा हासिल गरेको स्नातकोत्तर तहको शैक्षिक उपाधि प्रस्तुत समूहको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा सेवा प्रवेशको लागि तोकिएको विषयमा पर्दैन । त्यसै गरी निजामती सेवा नियमावली, २०५० को नियम १२७ बमोजिम सम्बद्धता निर्धारण वा मिति २०६०।९।१० भन्दाअगाडिको कानूनी व्यवस्थाअनुसार विषय निर्धारण गराई त्यसको प्रमाण बढुवाको निवेदनसाथ संलग्न गर्नुपर्नेमा सो प्रक्रियासमेत पूरा भएको देखिँदैन । जलस्रोत मन्त्रालयका सहसचिवको अध्यक्षतामा गठित समितिलाई निजामती सेवा नियमावलीको नियम १२७ ले त्यसरी सम्बद्धता निर्धारण गर्ने अधिकार प्रदान गरेको पनि छैन । यसरी सम्बद्धता निर्धारण नभएको शैक्षिक उपाधिबापत अङ्क दिन नमिल्ने हुँदा बढुवा समितिले प्रदान गरेको अङ्क कट्टा गरेको निर्णय कानूनसम्मत हुँदा प्रस्तुत रिट निवेदन खारेज हुनुपर्दछ भन्नेसमेत व्यहोराको विपक्षी लोक सेवा आयोगको तर्फबाट पेस भएको लिखित जवाफ।

रिट निवेदकलाई यस बढुवा समितिले बढुवाका लागि सिफारिस गरेको र बढुवा समितिको निर्णयउपर लोक सेवा आयोगमा उजुरी परी लोक सेवा आयोगबाट निजको नाम बढुवा सिफारिस सूचीबाट हट्न गएको भन्ने देखिँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी बढुवा समितिको सचिवालयको तर्फबाट पेस भएको लिखित जवाफ।

यस मन्त्रालयको कुन काम कारवाहीबाट मर्का पर्न गएको हो, सो कुरा रिट निवेदकले रिट निवेदनमा खुलाउन नसक्नु भएको हुँदा बिना आधार र कारण विपक्षी बनाई दायर भएको प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी जलस्रोत मन्त्रालय र सामान्य प्रशासन मन्त्रालयको तर्फबाट पेस भएको एकै व्यहोराको फरकफरक लिखित जवाफ।

बढुवाको दरखास्त फाराम बुझाउने समयमा नै लागू भइसकेको संशोधित नियमावलीको नियम १२७ बमोजिम आफूले प्राप्त गरेको शैक्षिक योग्यताको सम्बद्धता निर्धारण नगराउने निवेदकलाई अतिरिक्त शैक्षिक योग्यताको उपाधिबापत अङ्क कट्टा गर्ने गरेको लोक सेवा आयोगको निर्णय कानूनसम्मत नै हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षीहरू धुव्रप्रसाद आचार्य र हरिराम श्रेष्ठको तर्फबाट एकै व्यहोराले पेस भएको लिखित जवाफ।

लोक सेवा आयोगबाट निवेदकले प्राप्त गरेको अतिरिक्त शैक्षिक योग्यताको उपाधि निजामती सेवा नियमावलीको नियम १२७ बमोजिम सम्बद्धता निर्धारण नगराएको भनी सोबापतको अङ्क प्रदान गर्न नमिल्ने भनी कानूनसम्मतरूपमा नै निर्णय भएको अवस्थामा रिट जारी हुनुपर्ने देखिँदैन । जलस्रोत मन्त्रालयका सहसचिवको अध्यक्षतामा बसेको बैठकलाई सम्बद्धता निर्धारण गर्ने अधिकार नहुँदा त्यो निर्णय आफैँमा पूर्ण छैन । तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुनुपर्दछ भन्नेसमेत व्यहोराको विपक्षी अवधेशचन्द्र झा, केशबकुमार कार्की, प्रदिप थापा र पूर्णकुमार श्रेष्ठको तर्फबाट पेस भएको लिखित जवाफ।

निवेदकले प्राप्त गरेको अतिरिक्त शैक्षिक योग्यताको उपाधि निजामती सेवा ऐनको दफा २४ख को उपदफा (१) को खण्ड (ख) अनुरूप नभएको हुँदा सो उपाधिलाई निजामती सेवा नियमावलीको नियम १२७ बमोजिम सम्बद्धता निर्धारण गराउनुपर्नेमा सम्बद्धता निर्धारण नगराई पेस गरेको हुँदा लोक सेवा आयोगले ३.५ अङ्क कट्टा गरेको कार्य कानूनसम्मत हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी आत्माराम राय, बसन्तमोहन शर्मा, अवधकिशोर प्रसाद, प्रकाशराज कडेल, राजेन्द्रलाल श्री वास्तव, हरिश्चन्द्र प्रसाद रौनियर र चन्द्रदेव पाण्डेको तर्फबाट पेस भएको एकै व्यहोराको लिखित जवाफ।

यस अदालतबाट भएको मिति २०६३।८।११ को अन्तरिम आदेशको धरातलीय आधार निवेदककै आचरणबाट अस्वीकृत भइसकेको र सो आदेश कायम

रहिरहँदा वर्षौंसम्म यस निवेदनका निवेदकहरूको बढुवाको हकमा गम्भीर आघात परिरहने भएको हुँदा अन्तरिम आदेश बदर गरिपाउँ भन्नेसमेत व्यहोराको अवधकिशोर प्रसादसमेतको तर्फबाट मिति २०६४।२।८ मा पेस भएको निवेदन।

मिति २०६३।८।११ को अन्तरिम आदेशलाई हाललाई परिवर्तन गर्न मिलेन। कानूनबमोजिम गर्नु भन्नेसमेतको यस अदालतको मिति २०६४।३।७ को आदेश।

निवेदकले The, The Delft, The Netherland बाट उत्तीर्ण गरेको Master of science in Hydraulic Engineering उपाधिलाई नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, इरिगेसन उपसमूहको राजपत्राङ्कित द्वितीय श्रेणीको बढुवा प्रयोजनको लागि अङ्क गणना नगरेको विपक्षी लोक सेवा आयोगको मिति २०६३।७।१० को निर्णय निजामती सेवा ऐन, २०४९ को दफा २४घ को उपदफा (१) को खण्ड (ख), निजामती सेवा नियमावली, २०५० को नियम १२७ को विपरीत देखिन आयो। जलस्रोत मन्त्रालयका सहसचिवको अध्यक्षतामा गठित समितिले मिति २०५९।१।३ मा निवेदकको उपाधिलाई इरिगेसन उपसमूहसँग सम्बन्धित भनी बढुवा समितिको सचिवालय, सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गरेको देखिन्छ। सम्बन्धित कर्मचारीको अतिरिक्त शैक्षिक उपाधिबापत पटक पटक निवेदन गरिरहनु आवश्यक देखिँदैन। विवादको यस्तै विषयवस्तु समावेश भएको भनी पेस भएको डिकरदेव भट्ट विरूद्ध लोक सेवा आयोगसमेत भएको निवेदनको तथ्य र प्रस्तुत रिट निवेदनको तथ्य नै फरकफरक भएको हुँदा डिकरदेव भट्टको रिट निवेदनमा भएको आदेश यस रिट निवेदनमा सान्दर्भिक देखिएन।

निवेदकको Master of science in Hydraulic Engineering विषयको स्नातकोत्तर उपाधिलाई इरिगेसन उपसमूहको राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा खुल्ला प्रतियोगिताबाट सेवा प्रवेशको लागि सम्बन्धित हुने भनिसकेको अवस्थामा सोही उपसमूहको समान पदमा बढुवाका लागि भने सम्बन्धित नहुने भनी अर्थ गर्नु न्यायोचित हुँदैन। द्विविधा हुने गरी व्याख्या गरिने हो भने त्यो Absurd Interpretation हुनेसमेतका आधार कारणबाट बढुवा समितिले प्रदान गरेको अतिरिक्त शैक्षिक योग्यताबापतको अङ्क कट्टा गरेको विपक्षी लोक सेवा आयोगको मिति २०६३।७।१० को निर्णय र मिति २०६३।७।१२ मा गोरखापत्रमा प्रकाशित सूचना सो हदसम्म उत्प्रेषणको आदेशले बदर हुन्छ। अब निवेदकसमेतका अन्य व्यक्तिहरूले देहायबमोजिम बढुवा समितिको निर्णयबमोजिम बढुवा पाउने ठहर्छ।

| **क्र.सं.** | **बढुवा हुने कर्मचारीहरूको नाम** | **कायम हुन आएको प्राप्ताङ्क** | **कैफियत** |
|---|---|---|---|
| १ | शशीबहादुर विष्ट | ९९.९५०० | प्रथम श्रेणी कायम भएको। |
| २ | सञ्जु उपाध्याय | ९९.९००० | सम्बद्धता गराउनु नपर्ने ठहरेको। |
| ३ | टंकप्रसाद काफ्ले | ९९.८००० | सम्बद्धता गराउनु नपर्ने ठहरेको। |
| ४ | श्यामबहादुर कार्की | ९९.७५०० | सम्बद्धता गराउनु नपर्ने ठहरेको। |
| ५ | कृष्णप्रसाद सुवेदी | ९९.७५०० | सम्बद्धता गराउनु नपर्ने ठहरेको। |
| ६ | शिवकुमार बस्नेत | ९९.७५०० | सम्बद्धता गराउनु नपर्ने ठहरेको। |
| ७ | मधुकर राना | ९९.७५०० | सम्बद्धता गराउनु नपर्ने ठहरेको। |
| ८ | प्रदिप थापा | ९९.७५०० | यथावत् कायम रहेको। |

| | | | |
|---|---|---|---|
| ९ | विजयशंकर मिश्र | ९९.७४९९ | सम्बद्धता गराउनु नपर्ने ठहरेको। |
| १० | नेत्रबहादुर कार्की | ९९.७००० | सम्बद्धता गराउनु नपर्ने ठहरेको। |
| ११ | केशवकुमार कार्की | ९९.७००० | यथावत् कायम रहेको। |
| १२ | अवधेश चन्द्र झा | ९९.७००० | यथावत् कायम रहेको। |
| १३ | रमेशवन्धु अर्याल | ९९.७००० | सम्बद्धता गराउनु नपर्ने ठहरेको। |

यसरी बढुवा सूचना नं ३०।०६१।०६२ अनुसार नेपाल इन्जियिरिङ सेवा, सिभिल समूह, इरिगेसन उपसमूहको पदसङ्ख्या १३ मा बढुवा पाउने कर्मचारीहरूको अन्तिम नामावली उक्तबमोजिम कायम रहन गएको र बढुवा समितिले गरेको निर्णयमा समेत केही परिवर्तन भएको अवस्था हुँदा लोक सेवा आयोगबाट निर्णय भई बढुवा नामावली प्रकाशित भएको मिति अर्थात् मिति २०६३।७।१३ देखि ज्येष्ठता कायम हुने गरी उल्लिखित कर्मचारीहरूलाई बढुवा नियुक्ति दिनु भनी विपक्षी सामान्य प्रशासन मन्त्रालयसमेतका नाममा परमादेशको आदेशसमेत जारी हुने ठर्हछ भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०६४।१०।९ को आदेश।

उक्त आदेश मिलेको छैन। निजामती सेवा ऐन, २०४९ को दफा २४घ(१)(ख) मा अतिरिक्त शैक्षिक योग्यताबापतको अङ्क प्राप्त गर्न सेवा प्रवेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताभन्दा माथिको सम्बन्धित विषयको शैक्षिक योग्यता हुनुपर्ने व्यवस्था छ। त्यसमा पनि नियम १२७ बमोजिम निवेदकले प्राप्त गरेको उक्त उपाधिको सम्बद्धता नभएको हुँदा निजलाई सो शैक्षिक योग्यताबापतको अङ्क प्रदान गर्न मिल्ने हुँदैन।

नेपाल इन्जिनियरिङ सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५१ को नियम ७ सँग सम्बन्धित अनुसूची ३ को खण्ड (ख) मा इरिगेसन उपसमूहको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा सेवा प्रवेश गर्न चाहिने न्यूनतम शैक्षिक योग्यता बि.इ. वा सोसरह तोकिएको छ। रिट निवेदकले हासिल गरेको Master of Science in Hydraulic Engineering इरिगेसन उपसमूहको राजपत्राङ्कित तृतीय श्रेणीको पदमा सेवा प्रवेशको लागि न्यूनतम शैक्षिक योग्यता BE. In Civil Engineering समावेश भएको छैन। सो प्रमाणपत्रमा Civil Engineering विषयकै एम.इ. हो भनी उल्लेख नभएबाट द्विविधा उन्पन्न भएको छ । निजामती सेवा नियमावली, २०५० मा मिति २०६०।९।१० मा भएको संशोधनअनुसार सोभन्दा पछिको बढुवामा अङ्क गणना गर्न सम्बद्धता निर्धारणको आवश्यकता पर्दछ भन्नेसम्बन्धमा निवेदक डिकरदेव भट्ट विरूद्ध लोक सेवा आयोगसमेत भएको रिट निवेदनमा यस सम्मानित सर्वोच्च अदालतबाट आदेश भै सकेको छ। उक्त रिट निवेदनमा पनि विवादको विषयवस्तु समान थियो। समान विषयवस्तु भएको अवस्थामा प्रस्तुत निवेदनमा रिट जारी भएकाले समान प्रकृति र समान अवस्थामा समान इजलासबाट फरकफरक सिद्धान्त कायम भएबाट अब कुन सिद्धान्त प्रयोग र पालना गर्नेसम्बन्धमा द्विविधा उत्पन्न भएबाट समेत संयुक्त इजालासको मिति २०६४।१०।९ को आदेशमा पुनरावलोकन गरी हेर्न निस्सा प्रदान गरिपाउँ भन्नेसमेत व्यहोराको लोक सेवा आयोगको तर्फबाट यस अदालतमा पेस भएको पुनरावलोकनको निवेदन।

यसमा निजामती सेवा ऐन, २०४९ को दफा २४घ मा निजामती कर्मचारीले हासिल गरेको शैक्षिक योग्यता, तालिमको मूल्याङ्कनसम्बन्धी व्यवस्था र ऐ. नियमावली, २०५० को नियम १२७ मा शैक्षिक उपाधिको सम्बद्धता निर्धारणसम्बन्धी व्यवस्थाको सन्दर्भमा यस अदालतबाट डिकरदेव भट्ट विरूद्ध लोक सेवा आयोगसमेत भएको संवत् २०६१ सालको रिट नं ३४५१ मा निवेदकले प्राप्त गरेको Master of Applied

Science को उपाधिको सम्बद्धता निर्धारण नभएको भनी बढुवा समितिले प्रदान गरेको अतिरिक्त शैक्षिक योग्यताबापतको अङ्क कट्टा गरेको लोक सेवा आयोगको निर्णयमा कानूनी त्रुटि देखिन नआएको भनी निवेदन खारेज हुने ठहर्‍याई मिति २०६४।१।२५ मा फैसला भएको पाइन्छ । यस अदालतको उल्लिखित फैसलाबाट निजामती सेवा नियमावली, २०५० को नियम १२७ बमोजिम सम्बद्धता निर्धारण नभएको योग्यतालाई अङ्क दिन नपाइने भन्ने व्याख्या भइरहेको स्थिति देखिन आएको छ । यस्तो नजिरको विपरीत व्याख्या गरी रूलिङ बझाई पूर्ण इजलासमा पेस भएको पनि अवस्था देखिन आएको छैन । उल्लिखित कानूनी व्यवस्था एवम् यस अदालतबाट प्रतिपादित नजिर सिद्धान्तको परिप्रेक्ष्यमा हेर्दा प्रस्तुत मुद्दामा यस अदालतको संयुक्त इजलासबाट निवेदकको अतिरिक्त शैक्षिक उपाधिलाई सम्बद्धता नभएको भनी निवेदकको नाम बढुवा सूचीबाट हटाउने लोक सेवा आयोगको निर्णय र सोका आधारमा प्रकाशित सूचना कानूनसम्मत नदेखिएकाले उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्‍याएको मिति २०६४।१०।९ को फैसला उल्लिखित स्थापित नजिरको विपरीत भई पुनरावलोकन गरी हेर्नुपर्ने अवस्थाको देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) बमोजिम प्रस्तुत मुद्दा पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान गरिदिएको छ भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०६५।९।११ को आदेश ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा लोक सेवा आयोगको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री कृष्णजिवी घिमिरे र उपन्यायाधिवक्ता श्री टीकेन्द्र दाहालले विपक्षीकै जस्तो शैक्षिक उपाधि सम्बद्धता निर्धारण नगराएका निवेदक डिकरदेव भट्ट विरूद्ध लोक सेवा आयोगसमेत भएको रिट नं ३४५१ मा लोक सेवा आयोगले बढुवाको लागि अङ्क प्रदान नगरेकामा यस अदालतबाट सो सदर भई रिट नै खारेज भएको अवस्थामा समान अवस्था र प्रकृतिको यस रिट निवेदनमा यस अदालतको संयुक्त इजलासबाट रिट जारी हुने ठहर्‍याई भएको मिति २०६४।१०।९ को आदेश उक्त रिट नं ३४५१ मा भएको आदेशको विपरीत भएको हुँदा एकरूपता हुन आवश्यक आदेश जारी हुनुपर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो ।

विपक्षीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिप्रसाद उप्रेती र श्री शम्भु थापाले डिकरदेव भट्ट विरूद्ध लोक सेवा आयोगसमेत भएको रिट निवेदन र प्रस्तुत रिट निवेदनको तथ्य नै फरक भएबाट डिकरदेव भट्टको रिट निवेदनमा भएको आदेशसँग यस रिट निवेदनमा भएको आदेश एक आपसमा बाझिएको छैन । निजामती सेवा नियमावली, २०५० को नियम १२७ मा मिति २०६०।९।१० मा संशोधन भएको छ । संशोधनपूर्व उक्त नियम १२७ मा स्तर निर्धारण गराउनुपर्ने व्यवस्था थियो भने संशोधनपछि सम्बद्धता निर्धारण गराउनुपर्ने व्यवस्था आएको हो । स्तर निर्धारण र सम्बद्धता निर्धारण गर्ने विषय तथ्यगतरूपमा फरकफरक कुरा हुन् । हाम्रो पक्ष शिवकुमार बस्नेतको उपाधिलाई सम्बन्धित मन्त्रालयले पहिले नै स्तर निर्धारण गराइसकेको अवस्था छ भने डिकरदेवको मिति २०६०।९।१० भन्दापछि मिति २०६०।९।११ मा मात्र स्तर निर्धारणको सिफारिस भइ सामान्य प्रशासन मन्त्रालयमा पठाएको कारण लोक सेवा आयोगको निर्णय यस अदालतबाट बदर नभएको हो । तसर्थ यस अदालतको संयुक्त इजलासबाट मिति २०६४।१०।९ मा रिट जारी हुने गरी भएको आदेश कायम रहनुपर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो ।

दुवैतर्फका विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको उपर्युक्त बहससमेत सुनी निम्नलिखित प्रश्नको निरूपण गरी निर्णय दिनुपर्ने देखियो ।

१) यस अदालतको संयुक्त इजलासको मिति २०६४।१०।९ को आदेश संवत् २०६१

सालको रिट नं ३४५१ को निवेदक डिकरदेव भट्ट विरूद्ध लोक सेवा आयोगसमेत भएको रिट निवेदनमा मिति २०६४।१।२५ मा भएको आदेश विपरीत भएको छ वा छैन ?

२) निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो, होइन ?

२. निरूपण गरिनुपर्ने पहिलो प्रश्नतर्फ विचार गर्दा लोक सेवा आयोगले नेपाल इन्जिनियरिङ सेवा, सिभिल समूह, इरिगेसन उपसमूहअन्तर्गत कार्यक्षमताको मूल्याङ्कनबाट १३ जना राजपत्राङ्कित द्वितीय श्रेणीमा बढुवा गर्न मिति २०६१।८।३० समेतमा विज्ञापन प्रकाशन गरेको तथ्यमा विवाद छैन । उक्त बढुवा सूचनाबमोजिम उक्त सेवा, समूह र उपसमूहमा बढुवा हुन शिवकुमार बस्नेतले पनि आफूले हासिल गरेको Hydraulic Engineering विषयको स्नातकोत्तर तहको शैक्षिक उपाधिसमेत संलग्न गरी दरखास्त पेस गरेको भन्ने कुरा निवेदन लेखबाट देखिन्छ। बढुवा समितिले मिति २०६३।४।९ मा विपक्षीले कूल प्राप्ताङ्क ९९.७५०० प्राप्त गरेकाले बढुवाको लागि प्रकाशित सूचीको क्रमसङ्ख्या ५ मा नाम सूचीकृत गरेको देखिन्छ । बढुवा समितिको उक्त बढुवा सिफारिसमा चित्त नबुझाई परेको उजुरीमा लोक सेवा आयोगले विपक्षीले दरखास्तसाथ पेस गरेको Master of Science in Hydraulic Engineering विषयको प्रथम श्रेणीको शैक्षिक उपाधि निजामती सेवा नियमावली, २०५० को नियम १२७ बमोजिम दरखास्त दिने अन्तिम मितिभित्र सम्बद्धता निर्धारण नभएको भनी बढुवा समितिले सो शैक्षिक उपाधिबापत प्रदान गरेको ३.५ अङ्क कट्टा गरी विपक्षीको सट्टामा अवधकिशोर प्रसादसमेतलाई बढुवा सिफारिस गर्ने गरी मिति २०६३।७।१० मा निर्णय गरेको कुरा मिसिल संलग्न रहेको निर्णयबाट देखिन्छ।

३. लोक सेवा आयोगले उक्त मितिमा गरेको निर्णय निजामती सेवा नियमावली, २०५० मा मिति २०६० ।९ ।१० मा चौथो संशोधन हुनुभन्दा पूर्व अवस्थाको भई सम्बन्धित मन्त्रालयको सहसचिवको अध्यक्षतामा बसेको बैठकले स्तर निर्धारणको सिफारिस गरी बढुवा समितिको सचिवालय सामान्य प्रशासन मन्त्रालयमा पठाएको र चौथो संशोधनपछिको व्यवस्थाबमोजिम सम्बद्धता निर्धारण गर्नु नपर्ने हुँदा बदर गरी आफूलाई साबिक बढुवा सिफारिसबमोजिम बढुवा गरिपाउन शिवकुमार बस्नेतले यस अदालतमा निवेदन दिएको देखिन्छ । यस अदालतमा दायर भएको उक्त रिट निवेदनमा यस अदालतको संयुक्त इजलासबाट मिति २०६४।१०।९ मा सो स्नातकोत्तर तहको शैक्षिक उपाधिलाई सम्बद्धता गराउनुपर्ने अवस्थाको नदेखिँदा बढुवा समितिले प्रदान गरेको अङ्क कट्टा गर्ने लोक सेवा आयोगको मिति २०६३।७।१० को निर्णय र गोरखापत्रमा मिति २०६३।७।१२ मा प्रकाशित सूचना उत्प्रेषणको आदेशले बदर भई शिवकुमार बस्नेतसमेतलाई बढुवा समितिको सिफारिसबमोजिम नै बढुवा गर्नु भनी *ने.का.प.* २०६४, माघ, निर्णय नं ७९९४, पृष्ठ १३८१ मा परमादेशको आदेश जारी भएको देखिन्छ।

४. प्रस्तुत मुद्दामा लोक सेवा आयोगले मुख्यरूपमा उक्त आदेश निवेदक डिकरदेव भट्ट विरूद्ध लोक सेवा आयोगसमेत भएको संवत् २०६१ सालको रिट नं. ३४५१ को मुद्दामा भएको आदेश विपरीत हुँदा शिवकुमार बस्नेतको रिट निवेदन पनि खारेज हुनुपर्नेमा रिट जारी भएबाट न्यायिक एकरूपताको लागि रिट खारेज हुनुपर्दछ भन्नेसमेतको जिकिर प्रस्तुत गरेको देखिन्छ।

५. मिसिल संलग्न संवत् २०६१ सालको रिट नं. ३४५१ का निवेदक डिकरदेव भट्ट विरूद्ध लोक सेवा आयोगसमेत भएको उत्प्रेषण परमादेशको रिट निवेदनमा यस अदालतको संयुक्त इजलासबाट मिति २०६४।१।२५ मा रिट खारेज हुने गरी भएको आदेश समान प्रकृति र समान अवस्थाको तथ्य भएको प्रस्तुत रिट निवेदनमा उक्त आदेशभन्दा फरकरूपमा रिट

जारी भएको हुँदा पुनरावलोकन गरी हेरिपाउँ भनी लोक सेवा आयोगको तर्फबाट पेस भएको पुनरावलोकनको निवेदनमा यस अदालतबाट मिति २०६५।९।११ मा न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) बमोजिम पुनरावलोकन गरी हेर्न निस्सा प्रदान भएको देखिन्छ।

६. वस्तुतः कुनै पनि विवादित विषयको निरूपण तथ्यको रोहमा कानून र न्यायको मान्य सिद्धान्त अनुरूप गरिने विषय हो। न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) (ख) बमोजिम यस अदालतबाट स्थापित नजिर वा कानूनी सिद्धान्तको प्रतिकूल निर्णय भएको देखिएको भन्ने प्रश्न उठेकामा ती दुई नजिर वा कानूनी सिद्धान्त वा आदेशमा समान तथ्य र समान कानूनी प्रश्न समावेश भएको हुनुपर्दछ। समान तथ्य र समान कानूनी प्रश्न विद्यमान नरहेको अवस्थामा पूर्व निर्णयको बाध्यात्मकरूपमा पालना गर्नुपर्छ भन्ने धारणा राख्न मिल्दैन। विधिशास्त्रीय दृष्टिकोणबाट हेर्दा कुनै कानूनको व्याख्या गर्दा फरकफरक र प्रतिकूल किसिमको व्याख्या हुन गएको स्थितिमा वा कुनै मुद्दामा निर्णय वा आदेश गर्दा अपनाएको सिद्धान्तहरू एक अर्कामा असङ्गति भई प्रतिकूल रहेको अवस्थामा मात्र रूलिङ बाझिएको वा आपसमा असङ्गति रहेको मान्नु पर्ने हुन्छ।

७. समान तथ्य र समान अवस्था समावेश भएका मुद्दामा पहिले भएको मुद्दामा प्रतिपादित सिद्धान्त तथा नजिरलाई मान्यता दिई प्रयोग र पालना गर्नुपर्ने कुरालाई हाम्रो संविधानले स्पष्टरूपमा स्वीकार गरेको छ। उक्त कुरालाई हामीले व्यवहारमा पनि त्यतिकै निष्ठाका रूपमा अनुशरण गरी आएका छौँ। समान अवस्थाको तथ्य भएको मुद्दामा दुई फरकफरक एक आपसमा बाझिने गरी निर्णय हुनु हुँदैन। एक आपसमा बाझिने गरी फरकफरक निर्णय भएमा त्यसले न्यायिक अराजकतालाई प्रश्रय दिने तथ्यमा पनि विवाद छैन। समान तथ्य समावेश भएको निवेदन वा मुद्दामा यस अदालतको संयुक्त इजलासबाट फरकफरक आदेश भएमा न्यायिक एकरूपताको लागि पेस भएको उपयुक्त अवस्थामा पूर्ण इजलासले उपयुक्त आदेश गर्न सक्छ। न्याय प्रशासन ऐन, २०४८ को दफा ११ को उपदफा (१) को खण्ड (ख) को मक्सद पनि यही हो। तर फरकफरक तथ्य, फरक र असमान अवस्था भएमा पहिलेको मुद्दामा भएको आदेश वा निर्णयलाई अनुशरण गर्नुपर्छ भनिएमा त्यसले संवैधानिक र कानूनी व्यवस्थामा झन् ठूलो अन्यौल र द्विविधा ल्याउँछ। त्यसतर्फ पनि यस अदालतले ध्यान दिनुपर्ने हुन्छ।

८. यस अदालतबाट मुद्दा पुनरावलोकन गरी हेर्न दिइएको निस्सामा प्रस्तुत रिट निवेदनमा भएको आदेश उल्लिखित डिकरदेव भट्टको मुद्दामा भएको आदेशको विपरीत भएको भन्ने आधार लिएको देखिन्छ। कार्यक्षमताको मूल्याङ्कनद्वारा गरिने बढुवामा बढुवा समितिले गरेको निर्णयउपर लोक सेवा आयोगमा पुनरावेदनसरहको उजुरी लाग्न सक्छ र सो उजुरी सुन्ने निकायले कानूनबमोजिम निर्णय गर्नुपर्ने हुन्छ। डिकरदेव भट्ट विरूद्ध लोक सेवा आयोगसमेत भएको संवत् २०६२ सालको रिट नं ३४५१ को निवेदन अध्ययन गर्दा सो रिट निवेदनमा डिकरदेव भट्टलाई पनि कार्यक्षमताको मूल्याङ्कनद्वारा नेपाल कृषि सेवा, भेटरिनरी समूहसँग सम्बन्धित राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा बढुवा हुने भनी बढुवा समितिले बढुवा सिफारिस गरेको देखिन्छ। सो बढुवा सिफारिसउपर परेको उजुरीमा डिकरदेव भट्टले प्राप्त गरेको शैक्षिक उपाधिबापतको ३ अङ्क लोक सेवा आयोगले उल्लिखित नियम १२७ बमोजिम सम्बद्धता नभएको भनी कट्टा गरेको देखिन्छ। यस मुद्दाका विपक्षी शिवकुमार बस्नेत र डिकरदेव भट्टको हकमा लोक सेवा आयोगले शैक्षिक उपाधि सम्बद्धता नभएको भन्ने आधारमा बढुवा समितिले दिएको अङ्क कट्टा गरेको देखिन्छ। यस अदालतको संयुक्त इजलासबाट डिकरदेव भट्टको हकमा मिति २०६४।१।२५ मा रिट खारेज हुने र विपक्षी शिवकुमार बस्नेतको हकमा मिति २०६४।१०।९ मा रिट जारी हुने गरी आदेश भएको

देखिन्छ।

९. नेपालको अन्तिरम संविधान, २०६३ को धारा १५३ मा नेपाल सरकारले मुलुकको प्रशासन सञ्चालन गर्न निजामती सेवा र अन्य आवश्यक सरकारी सेवाहरूको गठन गर्न सक्नेछ । त्यस्ता सेवाहरूको गठन, सञ्चालन र सेवाका सर्तहरू ऐनद्वारा निर्धारण गरिएबमोजिम हुनेछ भन्ने व्यवस्था भएको देखिन्छ । निजामती सेवा ऐन, २०४९ र ऐ. नियमावली, २०५० निजामती कर्मचारीको सम्बन्धमा व्यवस्था गर्ने विशेष कानून हो । यस कानूनमा लेखिएकामा यसै अनुरूप र नलेखिएकामा अन्य प्रचलित कानूनबमोजिम गर्नुपर्ने हुन्छ। उक्त ऐनको दफा ७ को उपदफा (१) को खण्ड (ख) मा राजपत्राङ्कित द्वितीय श्रेणीसमेतको रिक्त पद कार्यक्षमताको मूल्याङ्कनद्वारा पूर्ति गर्ने व्यवस्था छ भने दफा २४घ को उपदफा (१) को खण्ड (ख) मा निजामती कर्मचारीहरूलाई शैक्षिक योग्यताबापतको अङ्क दिँदा सेवा प्रवेशको निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यताभन्दा माथिको सम्बन्धित विषयको कुनै एक अतिरिक्त शैक्षिक उपाधिबापत प्रथम, द्वितीय र तृतीय गरी श्रेणीगतरूपमा अङ्क दिने व्यवस्था छ।

१०. निवेदक डिकरदेव भट्ट र शिवकुमार बस्नेत दुवैले बढुवाको लागि आफू-आफूले प्राप्त गरेको माथिल्लो शैक्षिक उपाधि पेस गरेको देखिन्छ। कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवामा अन्य कुराका अतिरिक्त माथिल्लो शैक्षिक उपाधिबापत अङ्क पाउने हुन्छ। निजामती सेवा नियमावली, २०५० को नियम १२७ मा मिति २०६०।९।१० मा चौथो संशोधनद्वारा संशोधन भएको देखिन्छ । चौथो संशोधनद्वारा संशोधित व्यवस्थाअनुसार कुनै कर्मचारीले प्राप्त गरेको माथिल्लो शैक्षिक उपाधि सम्बद्धता गराउनुपर्ने व्यवस्था छ भने सोभन्दा पहिले त्यस्तो उपाधिको स्तर निर्धारण गराउनुपर्ने व्यवस्था भएको देखिन्छ । उक्त मितिभन्दा अगाडि र पछाडिको कानूनी व्यवस्थालाई सोहीअनुसार हेर्नुपर्ने हुन्छ । उक्त नियम १२७ मा संशोधन हुनुभन्दा पूर्व नियम १२७ को उपनियम (२) मा निजामती कर्मचारीले हासिल गरेको शैक्षिक उपाधिको विषय, श्रेणी, स्तर र समकक्ष निर्धारण गर्न द्विविधा परेमा तत्सबन्धमा नेपाल अधिराज्यभित्रको मान्यता प्राप्त विश्वविद्यालयको सिफारिसअनुसार हुनेछ भन्ने व्यवस्था रहेको देखिन्छ । हाल चौथो संशोधनद्वारा संशोधित नियम १२७ मा सम्बद्धता निर्धारणको व्यवस्था गरेको देखिन्छ। उक्त व्यवस्था यसप्रकार रहेको देखिन्छ।

१२७. **सम्बद्धता निर्धारण समितिः-** (१) बढुवा प्रयोजनको लागि निजामती कर्मचारीले हासिल गरेको शैक्षिक उपाधि सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित छ, छैन भन्ने कुरामा द्विविधा उत्पन्न हुन गएमा देहायबमोजिमको समितिले सोसम्बन्धमा निर्णय गर्ने छः-

(क) सामान्य प्रशासन मन्त्रालयको सचिव - अध्यक्ष
(ख) लोक सेवा आयोगको सचिव वा निजले तोकेको आयोगको सहसचिव - सदस्य
(ग) सेवा, समूह वा उपसमूहसँग सम्बन्धित मन्त्रालयको सचिव वा निजले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत - सदस्य
(घ) सम्बद्धता निर्धारणको विषयसँग सम्बन्धित त्रिभुवन विश्वविद्यालयको सम्बन्धित विषयको प्राध्यापक एक जना - सदस्य
(ङ) मान्यता प्राप्त विश्वविद्यालयको सम्बद्धता निर्धारण समितिले तोकेको विश्वविद्यालयको सम्बद्धता निर्धारण गर्ने विषयसँग सम्बन्धित विशेषज्ञ एक जना - सदस्य

११. उल्लिखित कानूनी व्यवस्था मिति २०६०।९।१० देखि लागू भएको देखिन्छ। संशोधन हुनुपूर्वको कानूनी व्यवस्थाले निजामती कर्मचारीले हासिल गरेको अतिरिक्त शैक्षिक उपाधिको स्तर निर्धारण गर्ने व्यवस्था गरेको देखिन्छ भने चौथो संशोधनपछाडि सम्बद्धता गर्नुपर्ने व्यवस्था गरेको देखिन्छ। जतिबेला जस्तो कानूनी व्यवस्था बहाल रहेको छ। त्यतिबेला भए

गरेका काम कारवाही सोही कानूनी व्यवस्थाबमोजिम गरिनुपर्ने भन्ने कानूनको शासन (Rule of law) को मुख्य अभीष्ट हो । उक्त नियमावलीको नियम १२७ मा संशोधन हुनुपूर्व संशोधनपछाडिको जस्तो स्तर निर्धारण गर्ने निकाय तोकेको देखिँदैन । निजामती सेवा ऐनमा पनि स्तर निर्धारण गर्नुपर्नेसम्बन्धमा कुनै व्यवस्था गरेको देखिँदैन । तत्काल प्रचलनमा रहेको श्री ५ को सरकारको (कार्य विभाजन) नियमावली, २०५७ को अनुसूची २ को क्रम सङ्ख्या ९ को देहाय १५ को खण्ड (छ) मा आफ्नो मन्त्रालयसँग सम्बन्धित सेवा, समूह वा उपसमूहको राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा बढुवाको लागि आवश्यक पर्ने कार्य जलस्रोत मन्त्रालयको हुने भनी भएको व्यवस्थाबमोजिम जलस्रोत मन्त्रालयको सहसचिवको अध्यक्षतामा बसेको बैठकले विपक्षीको शैक्षिक उपाधि स्तर निर्धारणको सिफारिस गरेपछि लोक सेवा आयोगले सम्बद्धता नभएको भनी अङ्क प्रदान गर्न नमिल्ने हुँदैन । यदि कानून स्पष्ट छ भने Impunity अवस्था सृजना हुने गरी अदालतले कहिले पनि व्याख्या गर्न मिल्दैन । यस पृष्ठभूमिमा मिति २०६०।९।१० भन्दा अघिको कानूनी व्यवस्था र पछिको कानूनी व्यवस्थाको आधारमा निर्णय गर्नुपर्ने हुन्छ ।

१२. डिकरदेव भट्टको शैक्षिक उपाधि चौथो संशोधन मिति २०६०।९।१० पश्चात् कृषि मन्त्रालयले मिति २०६०।९।११ मा स्तर निर्धारणको सिफारिस गरी सामान्य प्रशासन मन्त्रालयमा पठाई सामान्य प्रशासन मन्त्रालयले मिति २०६०।१०।५ मा मात्र सम्बद्धता रहेको भनी निर्णय भएको देखिन्छ भने विपक्षी शिवकुमार बस्नेतको शैक्षिक उपाधि मिति २०६०।९।१० भन्दा अगावै अर्थात् मिति २०५९।१।३ मा नै तत्काल प्रचलित कानूनबमोजिम स्तर निर्धारण समितिबाट स्तर निर्धारणको सिफारिस गरी सामान्य प्रशासन मन्त्रालयमा पठाएको भन्नेसमेतका आधारमा यस अदालतको संयुक्त इजलासबाट मिति २०६४।१०।९ मा रिट जारी भएको परिप्रेक्ष्यमा हेर्दा उल्लिखित रिट नं. ३४५१ को निवेदनमा समावेश भएको तथ्य समान तथ्य र समान कानूनी प्रश्नमा आधारित रहेको भन्न मिल्ने देखिएन ।

१३. कुनै दुई मुद्दाहरू तथ्यगतरूपमा केही मात्रमा समानता देखिएको भन्ने आधारमा मात्र ती मुद्दाहरूको सम्पूर्ण विषयवस्तु एकै प्रकृति र अवस्थाका हुन् भन्न मिल्ने हुँदैन । मूलतः दुवै रिट निवेदनमा निवेदकहरूलाई निजामती सेवा नियमावली, २०५० को नियम १२७ बमोजिम लोक सेवा आयोगले गरेको निर्णयउपर प्रस्तुत रिट निवेदन परेको तथ्यगत अवस्था भए पनि यस अदालतबाट लोक सेवा आयोगसमेतको नाममा आदेश गर्दा मुख्यरूपमा लिइएका आधारलाई नहेरी दुवै रिट निवेदनमा उपस्थित भएको निरूपण गर्नुपर्ने विषयवस्तु एक समान रहेको मान्न नमिल्ने हुँदा यस अदालतबाट मिति २०६५।९।११ मा पुनरावलोकन गरी हेर्न प्रदान गरिएको निस्सासँग यो इजलास सहमत हुन सकेन ।

१४. निरूपण गरिनुपर्ने दोस्रो प्रश्नतर्फ विचार गर्दा माथि गरिएको विवेचनाको आधारमा यस अदालतको संयुक्त इजलासबाट मिति २०६४।१०।९ मा भएको आदेश डिकरदेव भट्टको मुद्दामा मिति २०६४।१।२५ मा भएको आदेशसँग बाझिएको नदेखिँदा मागबमोजिम आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत लोक सेवा आयोगलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छौँ।
न्या. गोविन्दकुमार उपाध्याय
न्या. देवेन्द्र गोपाल श्रेष्ठ

इति संवत् २०७१ साल असोज २ गते रोज ५ शुभम् ।
इजलास अधिकृत : भीमबहादुर निरौला

## निर्णय नं.९४२८

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री रामकुमार प्रसाद शाह
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
फैसला मिति :- २०७२।०२।१७।१
०६८-CI-०३७७

मुद्दा : करारको यथावत् परिपालना गरिपाऊँ ।

पुनरावेदक/निवेदक : जिल्ला रोल्पा, लिवाङ गाउँ विकास समिति वडा नं. ६ बस्ने पृथ्वीप्रसाद रोका ।

विरूद्ध

प्रत्यर्थी/विपक्षी : जिल्ला रोल्पा, लिवाङ स्थित जलजला बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख विनोदमोहन आचार्य ।

- **करारको वैधानिकता कायम रहेको अवस्थामा करारका कुनै पक्षले गर्न लागेको कुनै काम कारवाही वा व्यवहारबाट करारबमोजिमको दायित्व पूरा गर्न नसकिने अवस्था उत्पन्न हुन गएमा करारबमोजिमको कार्य सुचारू रूपले सञ्चालन गर्नका लागि करार ऐन, २०५६ को दफा ८७ बमोजिम पुनरावेदन अदालत,ले अन्तरिम प्रकृतिको आदेश जारी गरी सो करारलाई यथावत् परिपालन गराउन आदेश जारी गर्न सक्ने ।**
- **करार ऐन, २०५६ को दफा ८७ मा उल्लेख भएबमोजिम "गर्न नहुने कुनै काम कारवाही गर्न लागेको" अर्थात् आशङ्काको स्थिति उत्पन्न भएको अवस्थामा जारी हुने अन्तरिम प्रकृतिको आदेश भएकाले यस्तो आदेश करारको अवधि कायम रहेको अवस्थामा मात्र जारी हुन सक्ने ।**
- **करारको अवधि समाप्त भएपछि कुनै काम कारवाही गर्न लाग्ने आशङ्काको स्थिति उत्पन्न हुन नआउने भएबाट करारको अवधि समाप्त भइसकेपछि सो दफाबमोजिम आदेश जारी गर्न मिल्ने नमिल्ने ।**

(प्रकरण नं. ५)

पुनरावेदक/निवेदकको तर्फबाट :-
प्रत्यर्थी/विपक्षीको तर्फबाट :-
अवलम्बित नजिर :
सम्बद्ध कानून :

पुनरावेदन अदालत,मा फैसला गर्ने :
मा.न्या. श्री भीमबहादुर बोहरा
मा.न्या. श्री सलाहुद्दीन अख्तर सिद्धिकी

फैसला

**प्र.न्या. रामकुमार प्रसाद शाह :-** न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य र निर्णय यसप्रकार छः-

निवेदक र विपक्षीबीच मिति २०६६।३।२३ मा प्राविधिक कार्यालय, रोल्पाबाट तयार भएको इस्टिमेटबमोजिम ४ मिटर उचाई ५५४ मिटर लम्बाइको सेफ्टी ट्याङ्कीसहितको दुई कोठाको पक्की शौचालयसमेत रू.५४,००,०००।- (चौवन्न लाख) मा मिति २०६६।१२।१५ सम्ममा निर्माण कार्य सम्पन्न गरी सक्ने सर्तमा सम्झौता भएको थियो । उक्त सम्झौताबमोजिमको काम गर्न सिमेन्ट बालुवालगायतका निर्माण सामग्री खरिद गरी सम्झौताबमोजिमको निर्माण कार्य सञ्चालन गरी रहेको अवस्थामा विपक्षी क्याम्पस प्रमुखले मिति २०६६।८।१५ मा अर्को निर्णय नभएसम्मका लागि

उक्त समझौताअनुसारको निर्माण कार्य स्थगित गर्नु भनी पत्र पठाउनुभएकाले सोसम्बन्धमा के भएको हो भनी विपक्षीसँग बुझ्दा त्यस्तो केही होइन अहिले स्थगित गर्नुहोस् मात्र भन्नुभयो । विपक्षीको सो पत्र प्राप्त भएपछि उक्त निर्माण कार्य स्थगित भएकामा सो निर्माण कार्यका लागि खरिद गरेका निर्माण सामग्रीमा क्षति हुन थालेको हुँदा सो निर्माण कार्य फुकुवा गरी दिनुहोस् भनी विपक्षीसमक्ष अनुरोधसमेत गरेको थिएँ। तर विपक्षीले मेरो कुराको कुनै सुनुवाइ नगरी सो काम गर्नका लागि दिएको अग्रिम पेस्की रू. २०, ००,०००।- फिर्ता गर्नु भन्ने पत्र पठाउनुभयो । यसरी म निवेदकले आफ्नोतर्फबाट सम्झौताबमोजिमको कार्य गरी रहेको अवस्थामा विपक्षीले सम्झौताबमोजिमको निर्माण कार्य गर्नमा बाधा पुर्‍याएको हुँदा करार ऐन, २०५६ को दफा ८७(२) बमोजिम करारको यथावत् परिपालना गरिपाऊँ । साथै विपक्षीले गैरकानूनी रूपले करारबमोजिमको कार्य गर्न नदिएका कारणले मलाई पुग्न गएको क्षतिको मूल्याङ्कन गरी विपक्षीबाट क्षतिपूर्तिसमेत भराई पाउँ भन्ने व्यहोराको निवेदनपत्र।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए सोको आधार प्रमाण सहित आफैं वा आफ्नो वारेसमार्फत बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफसहित उपस्थित हुन भनी विपक्षीका नाउँमा म्याद जारी गरी उपस्थित भए वा म्याद नाघेपछि नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६७।४।२३ को आदेश।

निवेदकसमेत सदस्य रहेको प्रेम प्रकाश हमालको अध्यक्षतामा ७ सदस्यीय भवन निर्माण उपभोक्ता समिति गठन भएकामा सो समितिको मिति २०६६।३।१५ को निर्णयअनुसार निवेदकलाई निवेदनमा उल्लिखित भवन निर्माण गर्ने जिम्मेवारी दिएको हो । निवेदकले सो निर्माण कार्य मिति २०६६।१२।१५ गतेसम्ममा सम्पन्न गरी सक्नु पर्नेमा रू २०,००,०००।- (बीस लाख) पेस्की लगेपछि कुनै निर्माण कार्य नगरेको हुँदा निजले उक्त जिम्मेवारी वहन गर्न नसक्ने देखिएकाले निर्माण कार्य स्थगित गराउनु श्रेयकर हुने ठानी स्थगित गराएको हो । हाल यस क्याम्पसमा निवेदकसँग भएको सम्झौताबमोजिमको निर्माण कार्यलगायत अन्य भौतिक संरचना निर्माण गर्नका लागि भारतीय राजदुतावाससँग आर्थिक सहयोग प्राप्त गर्ने सम्झौता भई सो सम्झौताबमोजिम निर्माण कार्यका लागि ठेकेदारको छनौटसमेत भइसकेको र निर्माण कार्य सञ्चालन हुने अवस्थामा छ। निवेदकले यस क्याम्पससँग गरेको सम्झौताबमोजिमको कार्य गर्न नपर्ने भएको हुँदा निजसँग पेस्की बापतको रकम फिर्ता माग गरेको हो। निवेदकले लगेको सो पेस्की रकम लामो समयसम्म फिर्ता नगरी हाल आएर प्रस्तुत निवेदन दिएको हुँदा निवेदकको निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको श्री जलजला बहुमुखी क्याम्पस, लिवाङ, रोल्पाका क्याम्पस प्रमुखको लिखित जवाफ।

निवेदकले मिति २०६६।३।२८ मा विपक्षीसँग गरेको सम्झौताको अवधि समाप्त भई निर्माणको कार्य स्थगित भइसकेको तथा जलजला बहुमुखी क्याम्पसको भवन तथा पूर्वाधार निर्माणका लागि भारतीय दुतावासबाट अर्को सम्झौता पनि सम्पन्न भै निर्माण प्रक्रिया अगाडि बढिसकेको अवस्थामा पूर्व सम्झौताको यथावत् परिपालना हुन सक्ने अवस्था विद्यमान नरहेको हुँदा निवेदनमा मागअनुसारको आदेश जारी हुन सक्दैन। निवेदन खारेज हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६८।२।२२ को फैसला।

निवेदनमा उल्लिखित भवन निर्माण गर्नका लागि विपक्षी र म निवेदकबीच सम्झौता भएकामा विवाद छैन। सो निर्माण कार्य सम्पन्न गर्ने अवधि बाँकी हुँदै विपक्षीले सो निर्माण कार्य स्थगित गर्न पत्र दिएका कारणले सो निर्माणसम्बन्धी सम्झौताको पालना नभएको अवस्था छ । सो कार्यका लागि आवश्यक पर्ने निर्माण सामग्री खरिद गरेकामा ती सामग्रीमा पनि

क्षति पुग्न गएको छ। मेरा कारणले सम्झौताबमोजिमको कार्य हुन नसकेको नभई विपक्षीले एकतर्फीरूपमा काम गर्नमा बाधा गरेको कारणले सम्झौताबमोजिमको काम हुन नसकेको अवस्थामा पनि निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला उल्टी गरी निवेदन मागबमोजिको आदेश जारी गरिपाउँ भन्ने यस अदालतमा परेको पुनरावेदनपत्र।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनसहितको मिसिल अध्ययन गरी पुनरावेदन अदालत,बाट भएको फैसला मिलेको छ छैन र पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन भन्नेसम्बन्धमा निर्णय दिनुपर्ने हुन आयो।

जलजला बहुमुखी क्याम्पसको ट्वाइलेट र सेफ्टी ट्याङ्कीसमेत निर्माण गर्ने भनी विपक्षीसँग सम्झौता भएकामा विपक्षीले सो सम्झौताबमोजिमको निर्माण कार्य स्थगित गर्नु भनी पत्र दिई सो कार्य गर्नमा अवरोध गरेकाले करार ऐन, २०५६ को दफा ८७(२) बमोजिम करारको यथावत् परिपालना गरिपाउँ भन्ने निवेदन दाबी रहेकामा पुनरावेदन अदालत, तुलसीपुरले निवेदकको निवेदन खारेज हुने ठहर्‍याई फैसला गरेउपर प्रस्तुत पुनरावेदन पर्न आएको छ।

२. निर्णयतर्फ विचार गर्दा निवेदक र विपक्षीबीच मिति २०६६।३।२८ मा मिति २०६६।१२।१५ सम्ममा निर्माण कार्य सम्पन्न गर्ने गरी जलजला बहुमुखी क्याम्पसमा सेफ्टी ट्याङ्कीसहितको दुई कोठाको पक्की शौचालय बनाउने सम्झौता भएको कुरामा पक्ष विपक्षबीच विवाद छैन।

३. निवेदकले करार ऐन, २०५६ बमोजिम करारको यथावत् परिपालन गरिपाउँ भनी प्रस्तुत निवेदन मिति २०६७।४।२१ मा दायर गरेको देखिन्छ। करार ऐन, २०५६ को दफा ८७(१) मा "करारको कुनै पक्षले सो करारको प्रकृतिअनुसार गर्न नहुने कुनै काम कारवाही वा व्यवहार गर्न लागेको कारणबाट करारको परिपालना सम्भव नहुने भएमा त्यस्तो काम कारवाहीबाट मर्का पर्ने पक्षले त्यस्तो काम कारवाही वा व्यवहार तत्काल रोकी पाउँ भनी पुनरावेदन अदालत,मा उजुरी दिन सक्नेछ" भन्ने व्यवस्था रहेको छ भने उपदफा (२) मा "उपदफा (१) बमोजिम उजुरी परेमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सो कारणबाट उत्पन्न विवादको समाधान सो करार वा प्रचलित कानूनबमोजिम हुने गरी कुनै पक्षलाई निजको कुनै खास कारवाही वा व्यवहार तत्काल रोक्ने गरी उपयुक्त आदेश जारी गर्न सक्नेछ" भन्ने व्यवस्था रहेको पाइन्छ।

४. उपर्युक्त कानूनी व्यवस्थाबमोजिम करारको प्रकृतिअनुसार गर्न नहुने कुनै काम कारवाही वा व्यवहार गर्न लागेको कारणबाट करारको परिपालना सम्भव नभएमा त्यस्तो काम कारवाही वा व्यवहारबाट मर्का पर्ने पक्षले पुनरावेदन अदालत,मा निवेदन दिन सक्ने हुन्छ र यसरी परेको निवेदनमा पक्षहरू बीच भएको करार वा प्रचलित कानूनबमोजिम हुने गरी कुनै खास काम कारवाही वा व्यवहार तत्काल रोक्ने गरी उपयुक्त आदेश जारी गर्नेसम्मको सीमित क्षेत्राधिकार पुनरावेदन अदालत,लाई रहेको देखिन्छ।

५. तर प्रस्तुत विवादमा करारको अवधि मिति २०६६।१२।१२ मा समाप्त भइसकेपछि मिति २०६७।४।२१ मा पुनरावेदकले पुनरावेदन अदालत,मा प्रस्तुत निवेदन दिएको अवस्था छ। करारको वैधानिकता कायम रहेको अवस्थामा करारका कुनै पक्षले गर्न लागेको कुनै काम कारवाही वा व्यवहारबाट करारबमोजिमको दायित्व पूरा गर्न नसकिने अवस्था उत्पन्न हुन गएमा करारबमोजिमको कार्य सुचारू रूपले सञ्चालन गर्नका लागि करार ऐन, २०५६ को दफा ८७ बमोजिम पुनरावेदन अदालत,ले अन्तरिम प्रकृतिको आदेश जारी गरी सो करारलाई यथावत् परिपालन गराउन आदेश जारी गर्न सक्ने हुन्छ। करार ऐन, २०५६ को दफा ८७ मा उल्लेख भएबमोजिम "गर्न नहुने कुनै काम कारवाही गर्न लागेको" अर्थात्

आशङ्काको स्थिति उत्पन्न भएको अवस्थामा जारी हुने अन्तरिम प्रकृतिको आदेश भएकाले यस्तो आदेश करारको अवधि कायम रहेको अवस्थामा मात्र जारी हुन सक्छ। करारको अवधि समाप्त भएपछि कुनै काम कारवाही गर्न लाग्ने आशङ्काको स्थिति उत्पन्न हुन नआउने भएबाट करारको अवधि समाप्त भइसकेपछि सो दफाबमोजिम आदेश जारी गर्न मिल्ने हुँदैन।

६. तसर्थ माथि विवेचित आधार र कारणहरूबाट करारको अवधि मिति २०६६।१२।१२ सम्म रहेकामा सो सम्झौताको अवधि समाप्त भएपछि मिति २०६७।४।२१ मा मात्र निवेदकले करारको यथावत् परिपालना गरिपाउँ भनी करार ऐन, २०५६ को दफा ८७(१) बमोजिम निवेदन दिएको देखिँदा निष्क्रिय भइसकेको करारका सम्बन्धमा आदेश जारी गर्न नमिल्ने भनी निवेदकको निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६८।२।२२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. कल्याण श्रेष्ठ

इति संवत् २०७२ साल जेठ ७ गते रोज १ शुभम्।
इजलास अधिकृत : किशोर घिमिरे

## निर्णय नं.९४२९

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री रामकुमार प्रसाद शाह
माननीय न्यायाधीश श्री दीपक राज जोशी
फैसला मिति :- २०७१।१०।२५।१
०६९-CI-०१८९

मुद्दा : उत्प्रेषण / निषेधाज्ञा।

पुनरावेदक/निवेदक : मोरङ जिल्ला, विराटनगर उपमहानगरपालिका, वडा नं. २२ बस्ने जीवनकुमार राई।

विरूद्ध

प्रत्यर्थी/विपक्षी : मोरङ जिल्ला, विराटनगर उपमहानगरपालिका, वडा नं. १८ बस्ने रानु क्षेत्रीसमेत।

- **कुनै दुई पक्षबीच भएको करारनामाबमोजिम एक पक्षले अर्को पक्षलाई बहन गर्नुपर्ने दायित्व करारीय दायित्व हो। करारीय दायित्वको अवस्था रहेसम्म थुना वा कैदमा राख्न नमिल्ने अन्तर्राष्ट्रिय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि" १९६६ को अवधारणा हो। तर त्यस्तो करारीय दायित्व सम्बन्धित करारको पक्षले पालना नगरेकाले पालना गराइपाउँ भनी अधिकारक्षेत्र रहेको अदालतमा मुद्दा दायर गरी भएको फैसलाबमोजिम कुनै पक्षले अर्को पक्षलाई तिर्नु बुझाउनुपर्ने दायित्व करारीय दायित्व नभई कानूनी दायित्व हुन्छ। करारीय दायित्व अदालतको फैसलाबाट कानूनी दायित्वमा रूपान्तरण**

**भएपछि त्यस्तो कानूनी दायित्व सम्बन्धित पक्षले पूरा गर्नुपर्ने ।**

(प्रकरण नं. ७)

- **विशेष ऐनमा रहेका कानूनी व्यवस्थाका हकमा सोही विशेष ऐन आकर्षित हुने र विशेष ऐनमा व्यवस्था नभएको अवस्थामा मुलुकी ऐनका प्रावधान क्रियाशील हुन्छ । करारको दायित्व पूरा नगरेबापत अदालतको फैसलाले सृजना गरेको कानूनी दायित्वको पालनाका सम्बन्धमा करार ऐन, २०५६ मा स्पष्ट व्यवस्था नभएको अवस्थामा मुलुकी ऐन, दण्ड सजायको महल स्वभावतः आकर्षित हुन जाने ।**
- **मुद्दामा भएको फैसलाअनुसार सम्बन्धित पक्षले बहन गर्नुपर्ने कानूनी दायित्वअनुरूप बिगो असुलीको लागि उपचार प्राप्त गर्न नसक्ने हो भने अदालतको फैसला शून्यको स्थितिमा पुग्दछ । जसको परिणाम कानूनी दायित्ववालाले स्वतः उन्मुक्ति पाउने भई न्यायको वास्तविक मर्मविपरीत हुन जाने ।**

(प्रकरण नं. ८)

पुनरावेदक/निवेदकको तर्फबाट : कानून व्यवसायी श्यामराज कार्की

प्रत्यर्थी/विपक्षीको तर्फबाट :

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- मुलुकी ऐन, दण्ड सजायको महलको ४२ नं.

पुनरावेदन अदालत, विराटनगरमा फैसला गर्ने :-

मा.न्या. श्री गिरीराज पौडेल

मा.न्या. श्री कुमार चुडाल

फैसला

**न्या. दीपकराज जोशी :-** न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यस अदालतको अधिकारक्षेत्रभित्रको भई पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।१२।२९ को फैसलाउपर दायर हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य र ठहर यसप्रकार छ :

म निवेदकलाई प्रतिवादी बनाई विपक्षी मध्येकी रानु क्षेत्री वादी भई २०५४ सालमा मोरङ जिल्ला अदालतमा करारीय दायित्व पूरा गराइपाउँ भनी दर्ता भएको दे.नं. १६२३ को मुद्दामा मिति २०५५।८।२८ मा वादी दाबी पुग्ने फैसला भएकामा सो फैसलालाई पुनरावेदन अदालत, विराटनगरले मिति २०५७।३।१८ मा सदर गरी अन्तिम भई बसेको अवस्था छ । अन्तिम फैसला भएको मितिले मुलुकी ऐन, दण्ड सजायको महलको ४२ नं. ले ३ वर्षभित्र फैसला कार्यान्वयनमा गइसक्नु पर्नेमा कानूनले तोकेको म्याद समाप्त भएपछि फैसला कार्यान्वयनको लागि निवेदन दिई मलाई थुनामा राख्न सिधा खर्च जम्मा गरी अदालतले मलाई म्याद जारी गरेको कार्य कानून प्रतिकूल छ । अन्तर्राष्ट्रिय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि, १९६६ को धारा ११ जसलाई सन्धि ऐन, २०४७ को दफा ९(१) ले उक्त सन्धि नेपाल कानूनसरह लागू हुने कानूनी व्यवस्था र मुलुकी ऐन दण्ड सजायको ४२(२) मा करारीय दायित्व पूरा गर्न नसकेको बापत थुनामा रहनुपर्ने अवस्था नभएकाले मलाई थुनामा राख्ने उद्देश्यले दिएको निवेदन, सिधा खर्च जम्मा गरेको कार्य र म्याद जारीको आदेशसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिपाऊँ । साथै विपक्षीहरूको उक्त कार्यले नागरिक अधिकार ऐन, २०१२ को दफा ३, दफा ६ को देहाय ४, ५, ६, ७ एवम् दफा ९, दफा १० र दफा १२ मा उल्लिखित मेरो हक अधिकारमा हनन् हुने प्रबल सम्भावना भएकाले यो निवेदनको अन्तिम टुङ्गो नलागेसम्म निवेदकलाई करारीय दायित्व पूरा गर्न नसकेको भनी गैरकानूनी

तवरले पक्राउ नगर्नु, थुनामा नराख्नु भनी अन्तरिम आदेशसहितको निषेधाज्ञाको आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत व्यहोराको निवेदनपत्र।

यसमा के कसो भएको हो ? निवेदन मागबमोजिम उत्प्रेषणयुक्त निषेधाज्ञाको आदेश किन जारी गर्नु नपर्ने हो, आदेश जारी हुनु नपर्ने आधार र कारण भए सोको प्रमाणसमेत साथै राखी म्याद सूचना पाएको मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र विपक्षी नं. २ का हकमा पुनरावेदन सरकारी वकिल कार्यालय, विराटनगरमार्फत र अर्का विपक्षीका हकमा आफैँ वा कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदनपत्रको प्रतिलिपिसमेत साथ राखी विपक्षीहरूका नाउँमा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतीत भएपछि नियमानुसार पेस गर्नू।

निवेदकले अन्तरिम आदेश माग गरेकातर्फ विचार गर्दा निवेदनमा उल्लिखित करार दायित्व पूरा गराई पाउँ भन्ने मुद्दाको अन्तिम फैसला कहिले भएको तथा दण्ड सजायको ४२ नं. को कानूनी व्यवस्थाबमोजिम कारवाही भए नभएको सम्बन्धमा बिगो मुद्दाको मिसिल अध्ययन गर्नुपर्ने भएकाले मोरङ जिल्ला अदालतबाट करार बिगो मुद्दाको मिसिल झिकाई सो करार बिगो मुद्दाको निवेदकलाई अन्तरिम आदेशको लागि छलफलमा राख्नु उपयुक्त देखिएकाले मिति २०६८।१२।२९ गतेको पेसीको तारेख तोकी विपक्षीलाई सोको जानकारी दिई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।१२।२० को आदेश।

मोरङ जिल्ला अदालतको मिति २०५५।८।२८ को फैसलाअनुसार वादीले प्रतिवादीबाट रू.२८,०००२।- भरी पाउने ठहरी फैसला भएको र सो फैसला पुनरावेदन अदालत, विराटनगरबाट मिति २०५७।३।१८ मा सदर भई अन्तिम भएको छ। फैसलाअनुसार बिगो भराइ पाउँ भनी प्रतिवादीका नामको जिल्ला मोरङ, जतुवा ३ग को कि.नं. ५४ र ५५ को जग्गा देखाइ मिति २०६०।३।१५ मा वादीको निवेदन परेको छ। सो जग्गा रोक्का राख्न पठाउँदा मालपोत कार्यालय विराटनगरको च.नं. ७१७१ मिति २०६०।३।२६ को पत्रबाट उक्त जग्गा कृषि विकास बैंकको नाममा दा.खा. भइ गएको भन्ने लेखी आएको छ। उक्त निवेदन मुलतबीमा राखी पाउँ भन्ने वादीको निवेदनअनुसार मुलतबीमा रहेकामा मुलतबीबाट जगाई प्रतिवादीको नेपाल अधिराज्य भरी कुनै जेथा फेला नपरेकाले मुलुकी ऐन, दण्ड सजायको महलको ४२ नं. को देहाय २ अनुसार थुनामा राखी पाउँ भनी मिति २०६८।१२।१० मा सिधा खर्चसहित वादीको निवेदन परी प्रतिवादीका नाममा म्यादसम्म जारी भएको अवस्था हो। प्रतिवादीलाई वादीको बिगोबापतमा थुनामा राख्ने नराख्ने सम्बन्धमा अदालतबाट निर्णय हुन बाँकी नै रहेको अवस्थामा फैसलाले ठहर गरेको वादीको बिगोबापतको रकम अदालतमा दाखिल गर्न ल्याउनुको सट्टा निर्णय भई नसकेको विषयलाई निर्णय भएको भनी उत्प्रेषणको निवेदन लिई अदालत गएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको मोरङ जिल्ला अदालतको लिखित जवाफ।

करारको बिगो भराउने छुट्टै कानून नभएको, जुनसुकै मुद्दाको बिगो भराउनेसम्बन्धी कानून दण्ड सजायको महलको प्रावधान नै हो। मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश निर्णयको सबैले पालना गर्नुपर्दछ। विपक्षी निवेदकको कुनैपनि हकमा आघात पर्ने गरी गैरकानूनी काम कारवाही नभएकाले निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी रानु क्षेत्रीको लिखित जवाफ।

प्रस्तुत मुद्दाको सम्बन्धमा निवेदकको दायित्व करारीय दायित्व (contractual obligation) हो वा कानूनी दायित्व (legal obligation) हो छुट्याउनुपर्ने हुन आउँछ। दण्ड सजायको महलको ४२(२) को अवस्था विधिशास्त्रीय अवधारणामा हेर्दा करारीय दायित्वको स्वरूप परिवर्तन भई कानूनी

दायित्व (legal obligation) मा रूपान्तरण भएको अवस्था मान्नु पर्ने हुन आउँछ । करार जरियाबाट नै सृजित भए पनि सम्बन्धित पक्षको अन्य कानूनी व्यवस्थाका दायित्वहरू सुरू हुन थाल्दछन् भने पछिल्ला दायित्वहरू कानूनबमोजिम पूरा गर्नुपर्ने हुन्छ । विवादको विषय करारीय दायित्वबाट कानूनी दायित्वमा रूपान्तर भएको हुँदा निवेदन मागसँग यस इजलास सहमत हुन सकेन । तसर्थ रिट निवेदकलाई थुनामा राखी पाउँ भनी विपक्षीले दिएको निवेदन एवम् सिधा खर्च जम्मा गरेको कार्य तथा मोरङ जिल्ला अदालतको मिति २०६८।१२।१० मा भएको आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भनी निवेदकले गरेको रिट निवेदन एवम् विपक्षीका नाममा निषेधाज्ञाको आदेशसमेत जारी गरिपाउँ भन्ने निवेदन खारेज हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।१२।२९ को फैसला ।

विपक्षीको निवेदन लेनदेन मुद्दामा भएको फैसलाको नभई करार मुद्दाको हुँदा विपक्षीको काम कार्यवाहीमा प्रथम दृष्टि (Prima facie) मै कानूनको गम्भीर उल्लङ्घन भएको छ । विपक्षी मोरङ जिल्ला अदालतले कैद गर्न पाउने अधिकार नै नभएको विषयमा कानूनको अख्तियारी बिना म पुनरावेदकलाई एक वर्ष थुनामा राख्नका लागि रू.१६,०००।– सिधा खर्च बुझी लिन र मलाई थुनामा राख्नु पाउने कानूनी अवस्था छैन । सम्मानित पुनरावेदन अदालत, विराटनगरमा दायर गरेको प्रस्तुत निवेदनमा अन्तरिम आदेश जारी गर्ने वा नगर्ने विषयमा छलफल गर्ने भनी तोकिएको पेसीमा नै रिट खारेज हुने गरी आदेश भएको कानून विपरीत रहेको हुँदा सो आदेश बदर गरी मेरो निवेदन माग दाबीबमोजिम विपक्षीमध्येकी रानु क्षेत्रीको तर्फबाट म पुनरावेदकलाई थुनामा राखी पाउँ भनी दिएको निवेदन एवम् सिधा खर्च जम्मा गरेको कार्य तथा मलाई थुनामा राख्नेसम्बन्धी भए गरेको सम्पूर्ण कार्यहरू उत्प्रेषणको आदेशद्वारा बदर गरिपाऊँ । साथै मलाई पक्राउ गरी थुनामा राख्नेलगायतका अन्य कुनैपनि काम कार्यवाही नगर्नु नगराउनु भनी निषेधाज्ञालगायत उपयुक्त आज्ञा, आदेश वा पुर्जी जारी गरिपाउँ भन्नेसमेत व्यहोराको यस अदालतमा दायर भएको पुनरावेदनपत्र ।

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक जीवनकुमार राईका कानून व्यवसायी श्यामराज कार्कीले मिति २०७०।१।१२ गतेका लागि लिएको तारेख गुजारी बसेको र कानूनबमोजिम थाम्ने थमाउने अवधिसमेत व्यतीत भइसकेको र इजलासबाट पटकपटक पुकार गर्दा पुनरावेदक एवम् निजको कानून व्यवसायी उपस्थित नभए पनि निर्णय गर्न कुनै बाधा नपर्ने हुँदा निर्णयार्थ प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरियो ।

प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, विराटनगरको फैसला मिलेको छ छैन, पुनरावेदक निवेदकको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन भन्ने सम्बन्धमा नै निर्णय गर्नुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा निवेदकले निवेदनपत्रमा विपक्षी मध्येकी रानु क्षेत्री वादी भई २०५४ सालमा मोरङ जिल्ला अदालतमा करारीय दायित्व पूरा गराइ पाउँ भनी दर्ता भएको दे.नं. १६२३ को मुद्दामा वादी दाबी पुग्ने अन्तिम फैसला भएको मितिले मुलुकी ऐन, दण्ड सजायको महलको ४२ नं. ले ३ वर्षभित्र फैसला कार्यान्वयनको निवेदन दिइसक्नुपर्नेमा कानूनले तोकेको म्याद समाप्त भएपछि फैसला कार्यान्वयनको लागि निवेदन दिई मलाई थुनामा राख्न रकम जम्मा गर्ने तथा मोरङ जिल्ला अदालतको मिति २०६८।१२।१० को आदेशानुसार मलाई म्याद जारी गरिएको कार्य कानून प्रतिकूल हुँदा उत्प्रेषणको आदेशद्वारा बदर गरी यो निवेदनको अन्तिम टुङ्गो नलागेसम्म निवेदकलाई करारीय दायित्व पूरा गर्न नसकेको भनी गैरकानूनी तवरले पक्राउ नगर्नु, थुनामा नराख्नु भनी निषेधाज्ञाको आदेशसमेत जारी हुन माग गरेको पाइन्छ ।

३. विपक्षीतर्फको लिखित जवाफमा

मोरङ जिल्ला अदालतको मिति २०५५।८।२८ को फैसलाअनुसार वादीले प्रतिवादीबाट कराबमोजिमको रकम भरी पाउने ठहर गरेको फैसला पुनरावेदन अदालत, विराटनगरबाट मिति २०५७।३।१८ मा सदर भई अन्तिम भएको छ। फैसलाअनुसार बिगो भराइपाउँ भनी मिति २०६०।३।१५ मा वादीको निवेदन परेको छ । उक्त निवेदन मुलतबीमा रहेकामा प्रतिवादीको नेपाल अधिराज्य भरि कुनै जेथा फेला नपरेकाले फैसला कार्यान्वयनको निवेदन मुलतबीबाट जगाइ मुलुकी ऐन, दण्ड सजायको महलको ४२ नं. को देहाय २ अनुसार थुनामा राखिपाउँ भनी मिति २०६८।१२।१० मा सिदा खर्चसहित वादीको निवेदन परी प्रतिवादीका नाममा म्यादसम्म जारी भएको अवस्था हो। फैसलाले ठहर गरेको वादीको बिगोबापतको रकम अदालतमा दाखिल गर्न ल्याउनुको सट्टा निर्णय भई नसकेको विषयलाई निर्णय भएको भनी दायर गरेको प्रस्तुत निवेदन खारेज गरिपाउँ भन्नेसमेत उल्लेख गरेको देखिन्छ।

४. प्रस्तुत विवादमा निवेदक जीवनकुमार राईउपर प्रत्यर्थी रानु क्षेत्रीले करारीय दायित्व पूरा गराइपाउँ भनी मोरङ जिल्ला अदालतमा दायर गरेको ०५४ सालको दे.नं. १६२३ को मुद्दामा वादीले प्रतिवादी रहेका यी निवेदकबाट रू. २८,००,००२।- भराई पाउने ठहर गरी मिति २०५५।८।२८ मा फैसला भएको देखिन्छ ।उक्त फैसलाउपर जीवनकुमार राईको पुनरावेदन अदालत, विराटनगरमा पुनरावेदन परेकामा मिति २०५७।३।१८ मा जिल्ला अदालतको फैसला सदर हुने ठहर भई सो फैसला अन्तिम भइरहेको पाइन्छ। यी पुनरावेदक निवेदकले अदालतको अन्तिम फैसलाअनुसार विपक्षी रानु क्षेत्रीलाई रू.२८,००,००२।- तिर्नु बुझाउनुपर्ने तथ्य निवेदनपत्रमा समेत स्वीकार गरेको देखिँदा यी पुनरावेदकले विपक्षी रानु क्षेत्रीलाई फैसलाअनुसारको रकम तिर्नु बुझाउनुपर्ने तथ्यमा विवाद देखिएन।

५. पुनरावेदक/निवेदकले अदालतको अन्तिम फैसला भएपछि सो फैसला कार्यान्वयनको लागि मुलुकी ऐन, दण्ड सजायको महलको ४२ नं. बमोजिम ३ वर्षभित्र निवेदन गर्नुपर्नेमा सो म्याद नघाइ परेको निवेदकका आधारमा फैसला कार्यान्वयन हुन नसक्ने भनी दाबी गरेको पाइन्छ। यी निवेदकउपरको करारीय दायित्व पूरा गराई पाउँ भन्ने मुद्दा पुनरावेदन अदालत, विराटनगरबाट मिति २०५७।३।१८ मा अन्तिम फैसला भएको देखिन्छ । मोरङ जिल्ला अदालतको लिखित जवाफअनुसार फैसलाअनुसार बिगो भराई पाउँ भनी रानु क्षेत्रीले यी निवेदकको कि.नं. ५४ र ५५ को जग्गा देखाई मिति २०६०।३।१५ मा मोरङ जिल्ला अदालतमा निवेदन गरेको देखिन्छ।

६. उक्त निवेदनमा कारवाहीको क्रममा कि.नं. ५४ र ५५ का जग्गा कृषि विकास बैकको नाममा दा.खा. भई गएको व्यहोरा मालपोत कार्यालयको च.नं. ७१७१ मिति २०६०।३।२६ को पत्रबाट जानकारी भएपश्चात् फैसला कार्यान्वयनको निवेदन वादीको मिति २०६०।६।२७ को निवेदनअनुसार मिति २०६०।७।१९ मा मुलतबीमा रहेको देखिन्छ। तत्पश्चात् बिगोको निवेदन मुलतबीबाट जगाई प्रतिवादीका नामको जेथा नेपाल सरहदमा फेला नपरेकाले मुलुकी ऐन, दण्ड सजायको ४२ नं. को देहाय २ अनुसार थुनामा राखिपाउँ भनी सिधा खर्चसमेत दाखिल गरी मिति २०६८।१२।१० मा वादीको निवेदन परेको देखिन्छ। सोही निवेदनका आधारमा बिगोको निवेदन मुलतबीबाट जगाई यी निवेदकका नाममा म्याद जारी भएको देखिन्छ । यी निवेदकउपरको करारीय दायित्व पूरा गराई पाउँ भन्ने मुद्दा पुनरावेदन अदालत, विराटनगरबाट मिति २०५७।३।१८ मा अन्तिम फैसला भएको मितिले ३ वर्षभित्रै मिति २०६०।३।१५ मा फैसला कार्यान्वयनको लागि निवेदन परेको देखिँदा हदम्याद विहीन निवेदनका आधारमा फैसला कार्यान्वयन गर्न लागिएको भन्ने निवेदन दाबी यथार्थमा आधारित देखिएन।

७. अब यी निवेदकले करारीय दायित्वमा

थुनामा राख्न नपाइने भनी "अन्तर्राष्ट्रिय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि" १९६६ मा कानूनी प्रावधान भएको र नेपाल उक्त अभि सन्धिको पक्ष राष्ट्रसमेत भइसकेकामा करारीय दायित्वका विषयमा कैदमा राख्न नमिल्नेमा सिधा खर्च लिई म्यादसमेत जारी गरेको त्रुटिपूर्ण छ भनी दाबी गरेकोतर्फ विचार गर्दा कुनै दुई पक्षबीच भएको करारनामाबमोजिम एक पक्षले अर्को पक्षलाई बहन गर्नुपर्ने दायित्व करारीय दायित्व हो। करारीय दायित्वको अवस्था रहेसम्म थुना वा कैदमा राख्न नमिल्ने अन्तर्राष्ट्रिय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि" १९६६ को अवधारणा हो। तर त्यस्तो करारीय दायित्व सम्बन्धित करारको पक्षले पालना नगरेकाले पालना गराई पाउँ भनी अधिकारक्षेत्र रहेको अदालतमा मुद्दा दायर गरी भएको फैसलाबमोजिम कुनै पक्षले अर्को पक्षलाई तिर्नु बुझाउनुपर्ने दायित्व करारीय दायित्व नभई कानूनी दायित्व हुन्छ । करारीय दायित्व अदालतको फैसलाबाट कानूनी दायित्वमा रूपान्तरण भएपछि त्यस्तो कानूनी दायित्व सम्बन्धित पक्षले पूरा गर्नुपर्ने हुन्छ । प्रस्तुत विवादमा यी निवेदकको करारीय दायित्व पुनरावेदन अदालत, विराटनगरको अन्तिम फैसलाबमोजिम कानूनी दायित्वमा परिणत भएको छ। अदालतको अन्तिम फैसलाबमोजिम सृजना भएको उक्त कानूनी दायित्वको पालना वा पूरा यी निवेदकबाट गरे भएको देखिन्न।

८. विशेष ऐनमा रहेका कानूनी व्यवस्थाका हकमा सोही विशेष ऐन आकर्षित हुने र विशेष ऐनमा व्यवस्था नभएको अवस्थामा मुलुकी ऐनका प्रावधान क्रियाशील हुन्छ । करारको दायित्व पूरा नगरेबापत अदालतको फैसलाले सृजना गरेको कानूनी दायित्वको पालनाका सम्बन्धमा करार ऐन, २०५६ मा स्पष्ट व्यवस्था नभएको अवस्थामा मुलुकी ऐन, दण्ड सजायको महल स्वभावतः आकर्षित हुन जान्छ । मुद्दामा भएको फैसलाअनुसार सम्बन्धित पक्षले बहन गर्नुपर्ने कानूनी दायित्वअनुरूप बिगो असुलीको लागि उपचार प्राप्त गर्न नसक्ने हो भने अदालतको फैसला शून्यको स्थितिमा पुग्दछ । जसको परिणाम कानूनी दायित्ववालाले स्वतः उन्मुक्ति पाउने भई न्यायको वास्तविक मर्मविपरीत हुन जान्छ । यसै सन्दर्भमा सर्वोच्च अदालतबाट महमद तमन्ना विरूद्ध पुनरावेदन अदालत, विराटनगरसमेत भएको उत्प्रेषण परमादेश (०६१ सालको रिट नं. ३७२५ अप्रकाशित) रिटमा करारबमोजिम रकम दिलाई पाउने गरी भएको फैसला कार्यान्वयनका अवस्थामा दण्ड सजायको ४२ नं. तथा लेनदेन व्यवहारको १९ नं. बमोजिम जायजातबाट नपुग बिगोबापत रकम दाखिल गरेमा कैदमा राख्न मिल्ने भनी मिति २०६३।३।१८ को फैसलामा भएको व्याख्या प्रस्तुत मुद्दामा समेत सान्दर्भिक रहेको छ।

९. माथि विवेचना गरिएबमोजिम अदालतबाट अन्तिम भइरहेको फैसला कार्यान्वयनको सन्दर्भमा बिगो भराउने प्रयोजनका लागि निवेदकका नाममा कुनै सम्पत्ति फेला नपरेको कारण कैदमा राखिपाउँ भनी रकम दाखिला गरी निवेदन दिएको कार्य एवम् सो निवेदनका सम्बन्धमा यी निवेदकलाई म्याद जारी गर्ने गरेको मोरङ जिल्ला अदालतको मिति २०६८।१२।१० को आदेश त्रुटिपूर्ण नदेखिँदा निवेदकको मागबमोजिम उत्प्रेषण एवम् निषेधाज्ञाको आदेश जारी हुने अवस्था भएन।

१०. तसर्थ निवेदन मागबमोजिम उत्प्रेषण एवम् निषेधाज्ञाको आदेश जारी नगरी रिट निवेदन खारेज हुने ठहर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६८।१२।२९ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक निवेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू।

उक्त रायमा सहमत छु।

स.प्र.न्या. रामकुमार प्रसाद शाह

इति संवत् २०७१ साल माघ २५ गते रोज १ शुभम्।

इजलास अधिकृत :- शिवप्रसाद खनाल

## निर्णय नं.९४३०

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री रामकुमार प्रसाद शाह
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
फैसला मिति : २०७१।९।२१।२
०६७-CR-०२८९

मुद्दा : आयकर।

पुनरावेदक :- आन्तरिक राजश्व कार्यालय, विराटनगर
विरूद्ध
प्रत्यर्थी :- मोरङ जिल्ला, विराटनगर उपमहानगरपालिका वडा नं.६ स्थित पशुपति ट्युब मिल्स प्रा.लि.

- **बोनसबापत छुट्याएको रकम सो आर्थिक वर्ष समाप्त भएपछि कम्पनीको लेखा परीक्षण भएपश्चात् कम्पनीको आयबाट वितरण गर्नुपर्ने रकम हो । कम्पनीको दायित्वमा रहने धारा पानी, बिजुली, बैंकको ब्याज इत्यादिबापत तिर्नुपर्ने रकम सोही आर्थिक वर्ष खर्च हुने रकम भए पनि बोनसबापतको रकम चालु आर्थिक वर्षमा छुट्याई आगामी वर्षमा वितरण गरिने रकम हो । आगामी वर्षमा पनि बोनसबापत छुट्याएको रकम वितरण नगरिएको अवस्थामा सो रकम कम्पनीको खुद आयमा गणना हुन्छ र करयोग्य हुन जान्छ।**
- **कम्पनीको खातामा सो रकम रहेको देखिएको भन्ने मात्र आधारमा उक्त रकम कम्पनीको दायित्वभित्र नपर्ने र खुद आयमा समावेश हुने भन्न नमिल्ने।**

(प्रकरण नं. ३)

पुनरावेदकको तर्फबाट :- विद्वान् उपन्यायाधिवक्ता चन्द्रबहादुर सापकोटा
प्रत्यर्थीको तर्फबाट :- विद्वान् अधिवक्ता सीताराम अग्रवाल
अवलम्बित नजिर :-
सम्बद्ध कानून :-

- आयकर ऐन, २०५८ को दफा १३, २४(२)(क)(१)

सुरू फैसला गर्ने :-
आन्तरिक राजश्व कार्यालय, विराटनगर
पुनरावेदन तहमा फैसला गर्ने :
माननीय अध्यक्ष श्री हरिबहादुर बस्नेत
लेखा सदस्य श्री गणेशकुमार कार्की

फैसला

**न्या. चोलेन्द्र शमशेर ज.ब.रा.:-** राजश्व न्यायाधिकरण, विराटनगरको मिति २०६६।१०।३ को फैसलाउपर राजश्व न्यायाधिकरण, ऐन, २०३१ को दफा ८ बमोजिम पुनरावेदनको अनुमति पाउँ भनी आन्तरिक राजश्व कार्यालय, विराटनगरको यस अदालतमा निवेदन परी यस अदालतबाट पुनरावेदनको अनुमति प्रदान भई पुनरावेदनको रोहमा दर्ता भएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवम् ठहर यसप्रकार छः-

पशुपति ट्युब मिल्स प्रा.लि.ले आ.व.०५८/५९ को कारोबारमा करयोग्य आय रू.१२,५६,७५१।५२ देखाई मिति २०५९।९।३० मा आय विवरण पेस गरेको रहेछ।

मिति २०६१।५।२० को कर लेखा परीक्षण प्रतिवेदन मिसिल संलग्न रहेको।

पशुपति ट्युब मिल्स प्रा.लि.लाई सबुद प्रमाण पेस गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम १५ दिनको मौका दिएको आन्तरिक राजश्व कार्यालय, विराटनगरको मिति २०६१।५।२३ को

सूचना र सोउपर दिएको मिति २०६१।६।८ को जवाफ मिसिल संलग्न रहेको ।

पशुपति ट्युब मिल्स प्रा.लि.को आ.व.०५८/५९ मा भएको कारोबारलाई दृष्टिगत गरी करयोग्य आय रू.१५,७६,०८९।५३ कायम हुने ठहर्छ भन्नेसमेत व्यहोराको आन्तरिक राजश्व कार्यालय, विराटनगरको मिति २०६१।६।२० को निर्णय पर्चा ।

उपर्युक्त हिसाबबमोजिम कायम भएको करसमेत रू.३,१८,७४८।- लाग्नेमा रू.३,४०,३९०।- अग्रिम दाखिला भएकाले बढी दाखिला भएको रू.३२,६४२।- आगामी आ.व.मा मिलान गरिने र विशेष शुल्क रू.४७,२८३।- मध्ये अग्रिम दाखिला रू.३७,७०३।- कट्टा गरी बाँकी रू.९,५८०।- बैंक दाखिला गर्नु भन्नेसमेत व्यहोराको आन्तरिक राजश्व कार्यालय, विराटनगरको मिति २०६१।६।२७ को आयकर निर्धारण आदेश ।

यसमा ड्यामेज भएको माल वस्तुको सम्बन्धमा प्रमाण हेरी छानबिन गरी कर निर्धारण गर्नुपर्ने देखिन्छ । अन्यका हकमा आन्तरिक राजश्व कार्यालय, विराटनगरले गरेको निर्णय मनासिब ठहर्छ भन्नेसमेत व्यहोराको आन्तरिक राजश्व विभागको मिति २०६१।१२।३ को प्रशासकीय पुनरावलोकन ।

पशुपति ट्युब मिल्स प्रा.लि.लाई सबुद प्रमाण पेस गर्न ७ दिनको मौका दिएको आन्तरिक राजश्व कार्यालय, विराटनगरको मिति २०६३।५।२ को सूचना र सोउपर दिएको मिति २०६३।५।९ को जवाफ मिसिल संलग्न रहेको ।

पशुपति ट्युब मिल्स प्रा.लि.को ०५८/५९ को कारोबारमा साबिकबमोजिम नै रू.१५,७६,०८९।५३ करयोग्य आय कायम हुने ठहर्छ भन्नेसमेत व्यहोराको आन्तरिक राजश्व कार्यालय, विराटनगरको मिति २०६५।९।११ को निर्णय पर्चा ।

साबिकबमोजिम कायम भएको कर निर्धारण आदेशबमोजिम दाखिल गर्न बाँकी रहेको रकम दाखिला गर्नुहुन भन्नेसमेत व्यहोराको आन्तरिक राजश्व कार्यालय, विराटनगरको मिति २०६५।९।१३ को कर निर्धारण आदेश ।

प्रत्यर्थी कार्यालयले गरेको निर्णय त्रुटिपूर्ण हुँदा बदर गरी इन्साफ पाउँ भन्नेसमेत व्यहोराको करदाताको राजश्व न्यायाधिकरण, विराटनगरमा परेको पुनरावेदन जिकिर ।

यसमा छलफलका लागि अ.बं.२०२ नं. बमोजिम प्रत्यर्थी कार्यालयलाई पेसीको सूचना दिई पेस गर्नु भन्ने राजश्व न्यायाधिकरण, विराटनगरको आदेश ।

आयकर ऐन, २०५८ को दफा २४ अन्तर्गत भुक्तानी गर्ने दायित्व रहेको अवस्थामा दाबीको बोनसबापत छुट्याइएको रू.१,१८,८६५।८७ खुद आयमा समावेश गर्ने गरी गरेको राजश्व न्यायाधिकरण, विराटनगरको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी हुने ठहर्छ भन्ने राजश्व न्यायाधिकरण, विराटनगरको मिति २०६६।१०।३ को फैसला ।

राजश्व न्यायाधिकरण, विराटनगरको फैसलामा चित्त बुझेन । आयकर ऐन, २०५८ को दफा १३ अनुसार वास्तविक खर्च नभएको अवस्थामा त्यस्तो अवास्तविक खर्च आयमा कट्टी गर्न नमिल्नेमा सो खर्च आयमा कट्टी हुने गरी भएको राजश्व न्यायाधिकरण, विराटनगरको फैसला त्रुटिपूर्ण भएकाले पुनरावेदनको अनुमति प्रदान गरी सो फैसला उल्टी गरिपाउँ भन्ने आन्तरिक राजश्व कार्यालय, विराटनगरको यस अदालतमा परेको निवेदनपत्र ।

यसमा आयकर ऐन, २०५८ को दफा १३ अनुसार सो आय वर्षमा खर्च भइसकेको रकममा मात्र कर कट्टी हुने प्रावधान भएकामा सो आर्थिक वर्षको आयबाट बोनसबापतको रकम मात्र छुयाइएको तर खर्च भने हुन नसकेको स्थितिमा सो बोनसबापतको रकम रू.१,१८,८६५।८७ खुद आयमा समावेश हुन नसक्ने भनी राजश्व न्यायाधिकरण, विराटनगरले मिति २०६६।१०।३ मा गरेको फैसलामा उक्त ऐनको दफा १३ को व्याख्यात्मक त्रुटि भएको हुँदा राजश्व

न्यायाधिकरण, ऐन, २०३१ को दफा ८ को खण्ड (ग) र (घ) को अवस्था विद्यमान भएकाले निवेदकलाई पुनरावेदन गर्ने अनुमति प्रदान गरिएको छ भन्ने यस अदालतको मिति २०६७।६।१ को आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनसहितको मिसिल अध्ययन गरियो। पुनरावेदकतर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री चन्द्रबहादुर सापकोटाले आयकर ऐन, २०५८ को दफा १३ बमोजिम खुद खर्च भएको रकमसम्म आयमा कट्टी गर्न पाउने हो। करदाता प्रा.लि.ले बोनसबापत रकम छुट्याएकोसम्म हो तर सो बोनसको रकम वितरण नभएकाले सो रकम खुद आयमा गणना गरिने हुँदा उक्त रकम आयमा कट्टी हुने ठहराएको राजश्व न्यायाधिकरण, विराटनगरको फैसला त्रुटिपूर्ण भएकाले उल्टी हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो।

प्रत्यर्थीतर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री सीताराम अग्रवालले करदाता प्रा.लि.ले आर्थिक वर्ष समाप्त भएपछि लेखा परीक्षणबाट हुने नाफाबाट बोनसको रकम छुट्याई वितरण गरिने हुँदा सो रकम करदाताको दायित्वमा नै निहित रहेको अवस्थामा उक्त रकम आयकर ऐन, २०५८ को दफा १३ बमोजिम खुद आयमा कट्टी हुने ठहराएको राजश्व न्यायाधिकरण,को फैसला कानूनसम्मत् भएकाले सोही सदर हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो।

उक्त बहससमेतलाई सुनी प्रस्तुत मुद्दामा आन्तरिक राजश्व कार्यालय,को निर्णय उल्टी गरी बोनसबापतको रकम खुद आयमा समावेश नहुने ठहराएको राजश्व न्यायाधिकरण, विराटनगरको फैसला मिलेको छ वा छैन र पुनरावेदकको पुनरावेदन जिकिर पुग्ने हो वा होइन भन्ने निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा आर्थिक वर्ष २०५८।५९ मा प्रत्यर्थी पशुपति ट्युब मिल्स प्रा.लि.ले बोनस प्रोभिजनबापत खर्च लेखेको रू.१,१८,८६५।८७ खुद आयमा समावेश गरेको आन्तरिक राजश्व कार्यालय,को निर्णय आयकर ऐन, २०५८ को दफा १३ विपरीत रहेको भन्ने प्रत्यर्थी करदाताको मुख्य जिकिर रहेको प्रस्तुत मुद्दामा राजश्व न्यायाधिकरण, विराटनगरले बोनसबापत छुट्याइएको रकम खुद आयबाट कट्टा गर्न पाउने ठहराएको फैसलाउपर आन्तरिक राजश्व कार्यालय, विराटनगरको यस अदालतमा पुनरावेदनको अनुमति पाउँ भनी निवेदन परी यस अदालतबाट पुनरावेदनको अनुमति प्रदान भई पुनरावेदनको रोहमा निर्णयार्थ यस इजलाससमक्ष पेस भएको रहेछ।

३. यससम्बन्धमा प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात अध्ययन गरी हेर्दा प्रत्यर्थी पशुपति ट्युब मिल्स प्रा.लि.ले आर्थिक वर्ष २०५८।५९ मा आफ्नो खुद आयबाट बोनस ऐन, २०३० को दफा ५ बमोजिम बोनस वितरणको प्रयोजनको लागि रू.१,१८,८६५।८७ छुट्याएको भन्ने कुरामा विवाद छैन। उक्त तथ्यमा पुनरावेदक आन्तरिक राजश्व कार्यालय,ले समेत अन्यथा जिकिर लिएको पाइँदैन। आयकर ऐन, २०५८ को दफा २४(२)(क) को देहाय (१) बमोजिम बोनस प्रोभिजनबापत छुट्याएको सो रकमको दायित्व प्रत्यर्थी कम्पनीमा निहित रहेको देखिन आउँछ। सो रकमको दायित्व प्रत्यर्थी कम्पनीमा निहित नरहने भन्ने कुनै कानूनी व्यवस्था भएको पनि पाइँदैन। वस्तुतः बोनसबापत छुट्याएको रकम सो आर्थिक वर्ष समाप्त भएपछि कम्पनीको लेखा परीक्षण भएपश्चात् कम्पनीको आयबाट वितरण गर्नुपर्ने रकम हो। कम्पनीको दायित्वमा रहने धारा पानी, बिजुली, बैंकको ब्याज इत्यादिबापत तिर्नुपर्ने रकम सोही आर्थिक वर्ष खर्च हुने रकम भए पनि बोनसबापतको रकम चालु आर्थिक वर्षमा छुट्याई आगामी वर्षमा वितरण गरिने रकम हो। आगामी वर्षमा पनि बोनसबापत छुट्याएको रकम वितरण नगरिएको अवस्थामा सो रकम कम्पनीको खुद आयमा गणना हुन्छ र करयोग्य हुन जान्छ। तर कम्पनीको खातामा सो रकम रहेको देखिएको भन्ने मात्र आधारमा उक्त रकम कम्पनीको दायित्वभित्र नपर्ने

र खुद आयमा समावेश हुने भन्न मिल्ने हुँदैन । यस अवस्थामा बोनसबापत छुट्याएको रकम आयकर ऐन, २०५८ को दफा १३ बमोजिम कट्टी हुने रकम भएको भनी खुद आयमा समावेश नगरेको राजश्व न्यायाधिकरण, विराटनगरको फैसला मनासिब देखिन आएकाले यस अदालतबाट पुनरावेदनको अनुमति प्रदान गर्दा लिइएका आधारसँग सहमत हुन सकिएन ।

४. तसर्थ, उपर्युक्त आधार र कारणसमेतबाट चालु आर्थिक वर्षको नाफाबाट बोनस ऐन, २०३० को दफा ५ बमोजिम बोनस प्रोभिजनको लागि छट्याएको रकमको दायित्व प्रत्यर्थी कम्पनीमा निहित रहेको हुँदा उक्त रकम आयकर ऐन, २०५८ को दफा १३ बमोजिम खुद आयमा कट्टा हुने भएकाले पुनः आयमा गणना गर्नुपर्ने भन्ने पुनरावेदकको कथन कानूनअनुकूल नहुँदा बोनसबापतको रू.१,१८,८६५।७८ खुद आयमा समावेश हुन नसक्ने भन्ने राजश्व न्यायाधिकरण, विराटनगरको मिति २०६६।१०।३ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक आन्तरिक राजश्व कार्यालय, विराटनगरको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
स.प्र.न्या. रामकुमार प्रसाद शाह

इति संवत् २०७१ साल पुस २१ गते रोज २ शुभम् ।
इजलास अधिकृत :- विश्वनाथ भट्टराई

## निर्णय नं.९४३१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
फैसला मिति :- २०७१।७।४।३
०६७-CR-०४७८

मुद्दा :- जबरजस्ती करणी ।

विशेष प्रकृतिका मुद्दाहरूको कारवाहीमा पक्षको गोपनीयता कायम राख्नेसम्बन्धी कार्यविधि निर्देशिका, २०६४ बमोजिम पीडितको पहिचान खुल्ने विवरण गोप्य राखिएको छ ।

पुनरावेदक/प्रतिवादी :- राम बहादुरको छोरा जिल्ला सुनसरी, धरान नगरपालिका वडा नं. ११ गौरी गाउँ घर भै हाल कारागार कार्यालय, मोरङमा थुनामा रहेको वर्ष २७ को मानबहादुर कार्की

विरूद्ध

प्रत्यर्थी/वादी :- क कुमारीको जाहेरीले नेपाल सरकार

- **आफैँले करणी गरेको भनी अदालतमा स्वतन्त्ररूपमा साबित भएकालाई डाक्टरले करणी पुष्टि गरे वा नगरेको भन्ने कुरा स्पष्ट नगर्नुको कुनै अर्थसमेत रहँदैन । यस्तो अवस्थामा निज पुनरावेदक प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गर्ने गरेको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको फैसलालाई अन्यथा भन्न नमिल्न ।**

(प्रकरण नं. ५)

पुनरावेदक/प्रतिवादीको तर्फबाट :-

प्रत्यर्थी/वादीको तर्फबाट :-
अवलम्बित नजिर :-
सम्बद्ध कानून :

- मुलुकी ऐन, जबरजस्ती करणी महलको १, ३(३)

सुरू तहमा फैसला गर्ने
मा.जि.न्या. श्री रामप्रसाद अधिकारी
पुनरावेदन तहमा फैसला गर्ने :
मा.न्या.श्री जनार्दनबहादुर खड्का
मा.न्या.श्री द्वारिकामान जोशी

फैसला

**न्या. कल्याण श्रेष्ठ :-** पुनरावेदन अदालत, विराटनगरको मिति २०६७।०२।१८।३ मा भएको फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम पुनरावेदन दायर हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवम् ठहर देहायबमोजिम रहेको छ।

१. तथ्य खण्ड :
१.१ पीडित क कुमारीले दिएको जाहेरी दरखास्तको व्यहोरा :

मिति २०६५।०७।१२ गते राति म गाउँकै वर्ष ८ को ख कुमारलाई लिई भैलो खेली घरतर्फ फर्की आउने क्रममा प्रतिवादी कुमार भन्ने राजकुमार विश्वकर्माको घरभन्दा पश्चिमपट्टिको बाटो हुँदै आएकी थिएँ। आउँदै गर्दा सिमालीको झ्याङमा निज प्रतिवादी बाटो ढुकी बसेका रहेछन्। मसमेत सो स्थानमा आई पुग्दा निजले एक्कासि मलाई पक्री मेरो मुखसमेत थुनी बोल्न कराउन नदिई निजको घरमा लगे। त्यहाँ अर्को विपक्षी मानबहादुर कार्की पनि त्यहीँ रहेछ। निज प्रतिवादीद्वयले मलाई घरभित्र पसाई ढोका थुनी खाटमा सुताई पहिला प्रतिवादी राजकुमारले र पछि प्रतिवादी मानबहादुरले जबरजस्ती करणी गरे। प्रतिवादी राजकुमारले जबरजस्ती करणी गर्दा नै मेरो योनीबाट रक्तस्रावसमेत भै हालसम्म दुखि रहेको छ। यसरी म अबेरसम्म घर नआएकीले घर गाउँका मानिसहरू मलाई खोज्दै आउँदा छिमेकी गोपाल राईले प्रतिवादीको घरमा हुलेको देखेको भनी निजले बताएपछि मानिसहरू आएको देखी प्रतिवादी मानबहादुर भागेको र अर्का प्रतिवादीले मार्नेसमेतको धम्की दिएकामा निजको घरमुनिबाट मलाई आफन्तसमेतले उद्धार गरेका हुन्। जबरजस्ती करणी गर्ने दुवै जना प्रतिवादीहरूलाई पक्राउ गरी आवश्यक कारवाही गरिपाऊँ।

१.२ घटनास्थल मुचुल्काको सारसंक्षेप।

जिल्ला सुनसरी धरान नगरपालिका वडा नं. ११ स्थित प्रतिवादी राजकुमार विश्वकर्माको घरको दक्षिणतर्फको कोठामा पीडित क कुमारीलाई जबरजस्ती करणी गरेकामा करणी भएको कोठाको भुइँमा सङ्घर्ष गरेका तथा खाटमा भएको बेड बिस्तारासमेत यत्र तत्र छरिएको अवस्थामा रहेको सही सत्य हो।

१.३ प्रहरी हवलदार हरिप्रसाद सापकोटासमेतको प्रतिवेदन।

क कुमारीको जाहेरीले वादी नेपाल सरकार तथा प्रतिवादी मानबहादुर कार्कीसमेत भएको जबरजस्ती करणी मुद्दाको सन्दर्भमा वारदातपश्चात् स्थानीय मानिसहरूले प्रतिवादीद्वयलाई नियन्त्रणमा लिई ल्याउँदै गरेको अवस्थामा मसमेतको टोलीले फेला पारी नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि पेस गरेको हो।

१.४ पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन।

पीडित क कुमारीको योनीबाट रक्तस्राव भइरहेको अवस्थामा पाइएको।

१.५ प्रतिवादी राजकुमार विश्वकर्माको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान।

मिति २०६५।०७।१२ गते साँझको समयमा म तथा साथी मानबहादुरले रक्सी सेवन गरी मेरै घरमा बसिरहेको अवस्थामा राति अन्दाजी २१.०० बजेको समयमा पीडित एक्लै बाटोमा हिँडिरहेको देखी को हो भन्दा निजले भैलो खेली फर्किएको भनी बताएकाले एकछिन मेरो घरमा जाऊँ भनी निजलाई लगी घरभित्र हुली ढोका लगाई हामी दुवैले पालैपालो जबरजस्ती करणी गरेका हौं । निजले हो-हल्ला गर्न लाग्दा मैले मार्नेसमेतको धम्की दिएको र सो पछि बाहिर मानिसहरू बोलेको आवाज आएकाले मानबहादुर भागी फरार भएका हुन् । म सोही कोठामै रहेको र पीडित डरले खाटमुनि लुकेको अवस्थामा स्थानीय मानिसहरूले मलाईसमेत नियन्त्रणमा लिएका हुन् ।

१.६ प्रतिवादी मानबहादुर कार्कीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान :

मिति २०६५।०७।१२ गते साँझको समयमा म तथा साथी राजकुमारले रक्सी सेवन गरेका थियौँ । प्रतिवादी राजकुमारले पीडितलाई निजको घरमा ल्याएकाले मसमेतले एकछिन बसौं भन्दै निजलाई घरभित्र हुली ढोका लगाई हामी दुवैले पालैपालो जबरजस्ती करणी गरेका हौं । पछि बाहिर मानिसहरू बोलेको आवाज आएकाले म भागी फरार भएको हुँ ।

१.७ राजकुमार सुन्दास समेतका मानिसहरूले गरेको वस्तुस्थिति मुचुल्काको व्यहोरा:

मिति २०६५।७।१२ गते रातिको अन्दाजी २१ बजेको समयमा तिहार परेकाले मसमेत देउसी खेली आउँदै गर्दा प्रतिवादी मानबहादुर र राजकुमारले पीडित क कुमारीलाई निजै राजकुमारको घरमा लगी दुवैले पालैपालो जबरजस्ती करणी गरेको कुरा स्थानीय टोलका छरछिमेकका मानिसहरू, प्रतिवादी राजकुमार र पीडित समेतबाट सुनी थाहा पाएको हो ।

१.८ वादी नेपाल सरकारले सुनसरी जिल्ला अदालतमा दायर गरेको अभियोगपत्र ।

मिति २०६५।०७।१२ गते साँझको समयमा प्रतिवादीद्वय मानबहादुर कार्की र राजकुमार विश्वकर्माले निज प्रतिवादीको घरअगाडिको बाटोबाट आउँदै गर्दा प्रतिवादी राजकुमारले पीडित क कुमारीलाई जबरजस्ती पक्री नियन्त्रणमा लिँदा ख कुमार भागी गएको र निज पीडितलाई निजै राजकुमारको घरमा ल्याई प्रतिवादीद्वय मानबहादुर र राजकुमारले मार्नेसमेतको धाक धम्की दिँदै पालैपालो जबरजस्ती करणी गरेको भन्ने प्रतिवादीहरूको स्वीकारोक्ति, पीडितको स्वास्थ्य परीक्षण रिपोर्ट एवम् वस्तुस्थिति मुचुल्कामा कागज गर्ने मानिसहरूको कथनसमेतका आधारमा पुष्टि हुन आयो । तसर्थ प्रतिवादीद्वय राजकुमार र मानबहादुरले नाबालिका वर्ष १४ की क कुमारीलाई जबरजस्ती करणी गरेको कार्य मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. बर्खिलापको कसुरमा निज प्रतिवादीद्वय राजकुमार विश्वकर्मा र मानबहादुर कार्कीलाई ऐ. ऐनको ऐ. महलको ३(३) नं. बमोजिम सजाय हुनुको साथै ३(क) नं. बमोजिम थप सजाय र ऐ.ऐ.को १० नं. बमोजिम क्षतिपूर्तिसमेत दिलाइपाऊँ ।

१.९ प्रतिवादी राजकुमार विश्वकर्माले अदालतमा गरेको बयान ।

मैले जबरजस्ती करणी गरेको होइन । मेरो घर आँगनभित्र त्यस्तो घटना भएको हुनाले मात्र मलाई त्यसरी पोल गरिएको हो । घटना घटेको दिनभर म घर वरपर नै थिएँ । घटना साढे ८ बजेतिरको हो । उक्त समयमा म त्यही छेउछाउमा देउसीको रिहर्सल हेर्न गएको थिएँ ।

१.१० प्रतिवादी मानबहादुर कार्कीले अदालतमा गरेको बयान ।

जाहेरवाली क कुमारीसँग ५-७ महिनाअघि देखि चिनजान तथा गोप्यरूपमा उनीसँग शारीरिक

सम्बन्धसमेत भै सकेको हो । वारदात भएको दिन उनलाई राजीखुसीका साथ करणी गरेको हुँ । जबरजस्तीसँग करणी गरेको भने होइन ।

१.११ सुनसरी जिल्ला अदालतको थुनछेक आदेश ।

हालको अवस्थामा यी प्रतिवादीहरू कसुरदार हुन् भन्न मिल्ने देखिँदा अरू कुराहरू पछि बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई थुनुवा पुर्जी दिई कानूनबमोजिम थुनामा राख्न कारागार कार्यालय, मोरङमा पठाउनू ।

१.१२ वस्तुस्थिति मुचुल्कामा बसी व्यहोरा लेखाउनेमध्येको राजकुमार सुन्दासले गरेको बकपत्र ।

प्रतिवादी राजकुमार विश्वकर्मा र मानबहादुर कार्कीले मिति २०६५।७।१२ गते राति अ. ९ बजेको समयमा जबरजस्ती करणी गरेका हुन् । उनीहरूले प्रतिवादी राजकुमार विश्वकर्माको घरको कोठामा लगी जबरजस्ती करणी गरेका हुन् । जाहेरवाली तिहारको देउसी भैलो खेली फर्कदै गर्दा यी प्रतिवादीहरूले निजलाई बाटैबाट समाती लगी राजकुमार विश्वकर्माको घरभित्र लगी डर त्रास धम्की दिई दुवैजनाले जबरजस्ती करणी गरेका हुन् । जाहेरवालीसहित दुवै प्रतिवादीहरूलाई पक्राउ गरी सोधपुछ गर्दा निज प्रतिवादीहरूले उक्त कुरा स्वीकार गरेका हुन् ।

१.१३ वस्तुस्थिति मुचुल्कामा बसी व्यहोरा लेखाउने मध्येकी ग कुमारीले गरेको बकपत्र ।

जाहेरवाली मेरी भान्जी नाताकी मानिस हुन् । उनी हाल विदेश कुवेत मुलुकमा गएकी छन् । मिति २०६५।०७।१२ गते तिहारको देउसी भैलो खेली घर फर्किरहेकी जाहेरवाली क कुमारीलाई सो रातको अ. ९।९.३० को समयमा प्रतिवादीहरू मानबहादुर कार्की र राजकुमार विश्वकर्माले हातमा समाई जबरजस्ती लगी राजकुमार विश्वकर्माको घरभित्र लगी डर, धाक, धम्कीसमेत दिई दुवैजनाले जबरजस्ती करणी गरेका रहेछन् । सो कुरा मैले गाउँघरमा सुनी थाहा पाएँ । मलाई भोलिपल्ट वल्लो घर पल्लो घरले भनेको सुनेर थाहा पाएँ ।

१.१४ सुरू सुनसरी जिल्ला अदालतको मिति २०६६।०३।०२।३ को फैसला ।

प्रतिवादी राजकुमार विश्वकर्मा र मानबहादुर कार्कीले जाहेरवालीलाई सामूहिकरूपमा जबरजस्ती करणी गरेको देखिँदा निजहरूलाई जबरजस्ती करणीको ३(३) नं. बमोजिम जनही ६ वर्ष कैद सजाय र ३(क) नं. बमोजिम थप जनही ५ वर्ष कैद भई पीडित जाहेरवालीले निजहरूबाट रू.३५,०००।- का दरले क्षतिपूर्तिसमेत दिलाई भराई पाउने ठहर्छ ।

१.१५ प्रतिवादीहरू राजकुमार विश्वकर्मा र मानबहादुर कार्कीले पुनरावेदन अदालत, विराटनगरमा दिएको पुनरावेदन ।

पीडित भनिएकी जाहेरवालीको उमेर यकिन नभएको, जाहेरवालीले अदालतमा उपस्थित भई आफ्नो जाहेरी प्रमाणित नगरेको, प्रत्यक्षदर्शी भनिएको ख कुमारलाई कहीँ कतै नबुझिएको अवस्थामा सुरूबाट भएको फैसला त्रुटिपूर्ण भएकाले सो फैसला बदर गरिपाऊँ ।

१.१६ पुनरावेदन अदालत, विराटनगरबाट प्रत्यर्थी झिकाउने गरी भएको आदेश ।

यसमा प्रतिवादी मानबहादुर कार्कीले अदालतमा बयान गर्दा आफूले मात्र पीडिता संगीता श्रेष्ठसँग राजीखुसी शारीरिक सम्बन्ध राखेको र अर्का प्रतिवादीलाई पोल नगरेको परिप्रेक्ष्यमा सुरू सुनसरी जिल्ला अदालतका फैसला फरक पर्न सक्ने देखिँदा अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत, नियमावली, २०४८ को नियम ४७ को प्रयोजनार्थ पुनरावेदन सरकारी वकिल कार्यालय, विराटनगरलाई पेसीको सूचना दिई नियमानुसार गर्नू ।

१.१७ पुनरावेदन अदालत, विराटनगरले मिति २०६७।०२।१८ मा गरेको फैसला।

सुरू अदालतबाट यी पुनरावेदक प्रतिवादीद्वयलाई जाहेरवालीलाई सामूहिकरूपमा जबरजस्ती करणी गरेको देखिँदा निजहरूलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम जनही ६(छ) वर्ष कैद सजाय ऐ.को ३ क नं. बमोजिम थप जनही ५(पाँच) वर्ष कैद भई पीडिता जाहेरवालाले निजहरूबाट रू.३५,०००।०० का दरले क्षतिपूर्तिसमेत भराई पाउने ठहर्‍याई गरेको फैसला अन्यथा भन्न मिलेन। अतः सुरू सुनसरी जिल्ला अदालतको मिति २०६६।०३।०२ को फैसला मिलेकै दखिँदा सदर हुने ठहर्छ।

१.१८ प्रतिवादी मानबहादुर कार्कीले यस अदालतमा गरेको पुनरावेदनपत्र।

पीडित क कुमारीको नागरिकताको जन्म मितिको आधारमा निज १७ वर्ष पुगिसकेकी र निजलाई सहमतिका साथ करणी भएको भन्ने कुराको मैले अदालतमा साबिती बयान गरेको अवस्थामा मलाई जबरजस्ती करणी गरेको ठहर्‍याई गरेको सुरू र पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी जबरजस्ती करणीको अभियोग दाबीबाट सफाइ दिलाई न्याय पाऊँ।

२. इन्साफ खण्ड :

नियमबमोजिम निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनपत्रसहितका मिसिल संलग्न प्रमाण कागजहरूको अध्ययन गरी पुनरावेदन अदालत, विराटनगरको फैसला मिलेको छ छैन र प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन भन्नेसम्बन्धमा विचार गरी निर्णय गर्नु परेको छ।

यसमा वादी नेपाल सरकारले सुरू सुनसरी जिल्ला अदालतमा दायर गरेको अभियोगपत्रमा लिइएको माग दाबीमा प्रतिवादीहरू राजकुमार विश्वकर्मा र मानबहादुर कार्कीउपर निजहरूले जबरजस्ती करणी गरेको भनी किटानी जाहेरी परेको र जबरजस्ती करणी गरेको तथ्य स्थापित भएकाले मुलुकी ऐन, जबरजस्ती करणी महलको ३(३) नं. बमोजिम सजाय गरी र ऐ.ऐ.को ३क.नं. बमोजिम थप सजायसमेत हुन र दुवैजना प्रतिवादीहरूबाट पीडितलाई क्षतिपूर्तिसमेत भराई पाउन अनुरोध गरिएको देखिन्छ। सुरू सुनसरी जिल्ला अदालतबाट दुवैजना प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम नै सजाय भएकामा पुनरावेदन अदालत, विराटनगरले सुरूकै फैसला सदर गरेको अवस्था देखिन्छ। पुनरावेदन अदालतको फैसलामा समेत चित्त बुझेन भनी प्रतिवादी मध्येको मानबहादुर कार्कीको तर्फबाट यस अदालतसमक्ष पुनरावेदन पर्न आएको देखियो।

२. निर्णयतर्फ विचार गर्दा सजाय पाउनेमध्येका प्रतिवादी राजकुमार विश्वकर्माको यस अदालतमा पुनरावेदन पर्न नआएको हुँदा निजको सम्बन्धमा यहाँ केही बोलिरहन परेन। प्रतिवादी मानबहादुर कार्कीको पुनरावेदनमा लिइएको मुख्य जिकिरमा सहमतिमा करणी गरेकामा जबरजस्ती करणी गरेको भनी कैद सजाय गर्ने गरेको सुरू र पुनरावेदन अदालतको फैसला उल्टी हुनुपर्छ भन्ने देखिन्छ। पीडित क कुमारीको जाहेरीमा वारदातको दिन तिहारको भैलो खेली घर फर्कँदै गर्दा बाटोमा ढुकी बसेको राजकुमार विश्वकर्माले समाती बोल्न नसक्ने गरी मुखसमेत थुनी निजको घर भित्र लगेको र त्यहाँ मानबहादुर कार्कीसमेत रहेकाले दुवै जनाले पालैपालो जबरजस्ती करणी गरेकाले दुवैजनालाई कारवाही गरिपाउँ भनी पीडित क कुमारीले यी पुनरावेदक प्रतिवादीसमेतलाई किटान गरेर जाहेरी दिएको देखिन्छ। घटनास्थल मुचुल्काबाट वारदात भएको भनेको घरको कोठाभित्र भुइँमा जबरजस्ती करणी हुँदा भएका सङ्घर्षका चिन्हहरू देखिएको, खाटमा लगाइएको तन्ना यत्रतत्र छरिएको अवस्थामा रहेको भन्ने उल्लेख भएको देखिन्छ।

३. पीडित क कुमारीको स्वास्थ्य परीक्षण प्रतिवेदनमा पीडितको योनीबाट रक्तस्राव भइरहेको भनी लेखिएको र जबरजस्ती करणीबाहेक अन्य कारणले पीडितको योनीबाट रक्तस्राव भएको हो भनी पुष्टि हुने सबुत प्रमाण पनि मिसिलबाट नदेखिएको हुँदा जबरजस्ती करणीको पीडितको जाहेरीको समर्थन भएको देखिन्छ। घटनास्थल मुचुल्का लेखाउने मध्येका राजकुमार सुन्दास एवम् ग कुमारीले अदालतमा बकपत्र गर्दा प्रतिवादीहरूलाई किटान गरेर बकपत्र गरेको देखिन्छ । पुनरावेदक प्रतिवादी मानबहादुर कार्कीले अदालतमा गरेको बयानमा करणी गरेको कुरालाई स्वीकार गरी बयान व्यहोरा लेखाएकोबाट करणीको वारदात स्थापित भएकामा विवाद देखिन्न। अदालतमा क कुमारीलाई करणी गरेको कुरा स्वीकार गर्ने पुनरावेदक प्रतिवादीले पीडितलाई आफूले जबरजस्तीसँग नभई सहमतीमा करणी गरेको भने पनि सो कुराको समर्थन अन्य स्वतन्त्र प्रमाणले पुष्टि गराउन सकेको देखिँदैन।

४. सहमतिमा करणी भएकोलाई आफ्नो नारी आस्मितालाई नै दाउमा राखी कसैले पनि आफूलाई जबरजस्ती करणी भएको भनी उजुर गर्ने अवस्था हुँदैन । सहमतिमै करणी गरी यी पुनरावेदकलाई जबरजस्ती करणीतर्फको झुट्टा उजुर गर्नुपर्ने त्यस्तो कुनै भरपर्दो कारण पीडितसँग रहे भएको कुरा पनि मिसिल प्रमाणबाट देखिँदैन। पुनरावेदक प्रतिवादीको मौकाको साबिती बयानलाई घटनास्थल मुचुल्का, वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूको भनाई एवम् चिकित्सकले पीडितको शारीरिक परीक्षण गरी लेखिदिएको प्रतिवेदनसमेतले पुष्टि गरेको देखिन्छ । पीडितको उमेर नै परीक्षण नगरी फैसला गरिएकाले सुरू एवम् पुनरावेदनको फैसलामा त्रुटि रहेको छ भनी पुनरावेदनले प्रश्न उठाएको भए पनि वारदातको मितिभन्दा अघि नै अर्थात् मिति २०६०।११।०३ मा दर्ता भएको जन्म दर्ताको प्रमाणपत्र पेस भएकाले सरकारी निकायमा रहेको अभिलेखलाई अविश्वास गर्नुपर्ने कारण नभएकोसमेतबाट पीडितको उमेर परीक्षण गरिरहनुपर्ने आवश्यकता नै नभएकाले पुनरावेदकले पुनरावेदनमा उठाएको उक्त प्रश्नको तर्कसङ्गत आधार देखिँदैन। उल्लिखित जन्म दर्ताको आधारमा पीडितको जन्म मिति २०५१।०५।१८ भन्ने उल्लेख भएको देखिएबाट वारदातको समयमा पीडित क कुमारीको उमेर १४ वर्षको मात्रै देखिएबाट निज प्रतिवादीले पीडितलाई सहमतिमै करणी गरेको भए पनि सो कार्य जबरजस्ती करणीकै परिभाषाभित्र पर्ने देखिन्छ।

५. मुलुकी ऐन, जबरजस्ती करणी महलको १ नं. मा गरिएको परिभाषामा *"कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ"* भन्ने उल्लेख भएको र प्रस्तुत मुद्दाकी पीडित क कुमारीको उमेर सोह्र वर्षभन्दा कम देखिएको र यस्ती सोह्र वर्षभन्दा कम उमेरकी बालिका अवस्थाकी पीडितलाई सहमतिमै करणी गरेको भए पनि पुनरावेदक प्रतिवादीको उक्त कार्य जबरजस्ती करणी अन्तर्गतकै कसुर देखिएबाट निजको पुनरावेदन जिकिरसँग सहमत हुन सकिने अवस्था भएन। पीडित स्वयम्ले यी प्रतिवादीसमेतलाई किटान गरी जबरजस्ती करणी गरेको भनेको अवस्थामा प्रतिवादीले सहमतिमा करणी गरेको भनी जिकिर लिँदैमा र कानुन एवम् प्रमाणले सोको पुष्टि नभइरहेकामा निजको जिकिरको पुस्ट्याइँ नै हुन सकेको देखिँदैन । उमेर पुगेकी महिलालाई सहमतीमा करणी गरेकोलाई जबरजस्ती करणी गरेको भनी सजाय गरेको नमिलेको भन्नेले पीडितको उमेर पुगेको नागरिकता र पासपोर्टसमेत पेस गरी उमेर पुगेको भन्ने पुनरावेदन जिकिर पुष्टि गर्न सक्नुपर्नेमा सो गर्न नसकेको र मिना कुमारी श्रेष्ठको नागरिकता र पासपोर्ट पेस गरेर पीडित जाहेरवालीको उमेर प्रमाणित हुने अवस्थासमेत हुँदैन। आफैँले करणी गरेको भनी अदालतमा स्वतन्त्ररूपमा साबित भएकोलाई डाक्टरले

करणी पुष्टि गरे वा नगरेको भन्ने कुरा स्पष्ट नगर्नुको कुनै अर्थसमेत रहँदैन । यस्तो अवस्थामा निज पुनरावेदक प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गर्ने गरेको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको फैसलालाई अन्यथा भन्न मिलेन ।

६. अतः प्रतिवादी राजकुमार विश्वकर्मा र मानबहादुर कार्कीले जाहेरवालीलाई सामूहिक रूपमा जबरजस्ती करणी गरेको देखिँदा निजहरूलाई जबरजस्ती करणीको ३(३) नं. बमोजिम जनही ६(छ) वर्ष कैद सजाय गरी ऐ. ३क. नं. बमोजिम थप जनही ५(पाँच) वर्ष कैद भई पीडित जाहेरवालीले निजहरूबाट जनही रू.३५,०००।०० (पैँतीस हजार रूपैयाँ) का दरले क्षतिपूर्तिसमेत भराई पाउने ठहर्‍याई सुरू सुनसरी जिल्ला अदालतले गरेको फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०६७।२।१८।३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरू तपसिलबमोजिम गर्नू ।

तपसिल

विशेष प्रकृतिका मुद्दाहरूको कारवाहीमा पक्षहरूको गोपनीयता कायम राख्नेसम्बन्धी कार्यविधि निर्देशिका, २०६४ बमोजिम प्रस्तुत जबरजस्ती करणी मुद्दाकी पीडितको नाम, थर, वतनलगायतका पीडित महिलाको पहिचान खुल्ने व्यक्तिगत परिचयात्मक विवरणहरू सम्पूर्णको गोपनीयता अपराध अनुसन्धानको निमित्त सूचना प्राप्त भएदेखि अनुसन्धान तहकिकात, अभियोजन, सुनुवाइ, फैसला, फैसला कार्यान्वयनलगायतका सम्पूर्ण काम कारवाहीका क्रममा र फैसला कार्यान्वयनपश्चात् पनि अनुसन्धान तहकिकात गर्ने निकाय, मुद्दा हेर्ने निकाय र फैसला कार्यान्वयन गर्ने निकायलगायतका सम्पूर्ण निकायहरूले दफा २ अन्तर्गतका मुद्दामा पीडित पक्षको रूपमा प्रस्तुत भएका व्यक्तिको व्यक्तिगत परिचयात्मक विवरणहरू गोप्य राख्नुपर्ने छ भनी बाध्यात्मक व्यवस्था भइरहेकामा सो निर्देशिकाअनुसार पीडितको व्यक्तिगत परिचयात्मक विवरण गोप्य नराखी जाहेरी दर्ता गर्नेदेखि अनुसन्धान गर्ने कार्यमा खटिने प्रहरी कर्मचारी र मुद्दाको अभियोजन गर्ने सरकारी वकिलबाट समेत उक्त निर्देशिकाको पालना हुनुपर्नेमा सम्बन्धित प्रहरी कर्मचारीका साथै सम्बन्धित सरकारी वकिलबाट उक्त निर्देशिकाको पालना नभएको देखिँदा निजहरूको सम्बन्धमा सो कुराको अभिलेख राखी सम्बन्धित कर्मचारीसमेतलाई सोको जानकारी दिनु भनी तत् निकायमा लेखी पठाउनू ..................................१

उल्लिखित कार्यविधि निर्देशिकाको अभियोग दायर गर्ने अदालतका स्रेस्तेदार कर्मचारी, मुद्दा फैसला गर्ने जिल्ला न्यायाधीश पुनरावेदन दर्ता गर्ने पुनरावेदन अदालत,का सम्बन्धित रजिस्ट्रार एवम् मुद्दा फैसला गर्ने माननीय न्यायाधीशहरूबाट समेत पालना भएको नदेखिँदा उल्लिखित सबैको अभिलेख राखी निजहरू सबैलाई सो कुराको जानकारीको लागि लेखी पठाउने व्यवस्थाका लागि  यस अदालतका रजिस्ट्रारलाई प्रस्तुत फैसलाको प्रतिलिपिसहितको जानकारी दिनू ..........................................................२

फैसलाको प्रतिलिपि साथ राखी महान्यायाधिवक्ताको कार्यालयलाई फैसलाको जानकारी दिनू ...............३

दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू ....................................................४

उक्त रायमा सहमत छु ।
न्या. जगदीश शर्मा पौडेल

इति संवत् २०७१ साल कात्तिक ४ गते रोज ३ शुभम् ।
इजलास अधिकृत :- बाबुराम सुवेदी

## निर्णय नं.९४३२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल
माननीय न्यायाधीश श्री दीपकराज जोशी
फैसला मिति :- २०७२।०४।२४।१
०६९-CR-०४४१

मुद्दा :- कर्तव्य ज्यान ।

पुनरावेदक/प्रतिवादी :- पर्वत जिल्ला तिलाहार गा.वि.स. वडा नं. ९ घर भई हाल कारागार कार्यालय म्याग्दी थुनामा रहेका गणेशबहादुर बस्नेत

विरूद्ध

प्रत्यर्थी/वादी :- चन्द्रबहादुर खत्री क्षेत्रीको जाहेरीले नेपाल सरकार

०६९-CR-०६११

पुनरावेदक/प्रतिवादी :- पर्वत जिल्ला तिलाहार गा.वि.स. वडा नं. ९ घर भई हाल कारागार कार्यालय जगन्नाथ देवल थुनामा रहेका हिमाञ्चल खत्री क्षेत्री

विरूद्ध

प्रत्यर्थी/वादी :- चन्द्रबहादुर खत्री क्षेत्रीको जाहेरीले नेपाल सरकार

०६९-CR-०६५२

पुनरावेदक प्रतिवादी :- पर्वत जिल्ला तिलाहार गा.वि.स. वडा नं. ९ घर भई हाल कारागार कार्यालय म्याग्दीमा थुनामा रहेका निर्मलबहादुर बस्नेत

विरूद्ध

प्रत्यर्थी/वादी :- चन्द्रबहादुर खत्री क्षेत्रीको जाहेरीले नेपाल सरकार

०६९-CR-०६७२

पुनरावेदक/प्रतिवादी :- पर्वत जिल्ला तिलाहार गा.वि.स. वडा नं. ९ घर भई हाल जिल्ला कारागार कार्यालय कास्की पोखरामा थुनामा रहेका इन्द्रबहादुर बस्नेत

विरूद्ध

प्रत्यर्थी / वादी : चन्द्रबहादुर खत्री क्षेत्रीको जाहेरीले नेपाल सरकार

०६९-CR-०७८५

पुनरावेदक/प्रतिवादी :- पर्वत जिल्ला तिलाहार गा.वि.स. वडा नं. ९ घर भई हाल कारागार कार्यालय म्याग्दी थुनामा रहेको होमबहादुर भन्ने किसान बस्नेत

विरूद्ध

प्रत्यर्थी/वादी :- चन्द्रबहादुर खत्री क्षेत्रीको जाहेरीले नेपाल सरकार

- **प्रतिवादी प्रदीप बस्नेत पनि अरू पुनरावेदक प्रतिवादीहरूसँग साथ वारदात स्थलमा गएको अन्य प्रतिवादीहरूले मृतकलाई कुटपिट गर्दा निज वारदातस्थलमा उपस्थित रही केही नगरी हेरी बसेको स्थितिबाट वारदातको मतियार (Accessory on the fact) भई वारदातमा संलग्न रहेको देखिँदा निजले आपराधिक दायित्वबाट उन्मुक्ति पाउने अवस्था नरहने ।**

(प्रकरण नं. १२)

पुनरावेदक/प्रतिवादीको तर्फबाट :- विद्वान् अधिवक्ता कीर्तिनाथ शर्मा पौडेल, हरिशंकर कर्ण र धीरेन्द्रकुमार मल्लिक र विद्वान् वैतनिक कानून व्यवसायी किरणकुमार गुप्ता
प्रत्यर्थी/वादीको तर्फबाट :-

अवलम्बित नजिर :-

सम्बद्ध कानून :-

- बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३)
- ज्यानसम्बन्धी महलको १३(३)

सुरू अदालतमा फैसला गर्ने :-

मा.जि.न्या. श्री रमेशकुमार खत्री

पुनरावेदन अदालत,मा फैसला गर्ने :-

मा.न्या. श्री शारदा प्रसाद घिमिरे

मा.न्या. श्री भूपेन्द्र प्रसाद राई

फैसला

**न्या. गिरीश चन्द्र लाल :-** पुनरावेदन अदालत, बागलुङको मिति २०६९।३।६ को फैसलाउपर न्याय प्रशासन ऐन,२०४८ को दफा ९ बमोजिम प्रतिवादीहरू गणेशबहादुर बस्नेत, हिमाञ्चल खत्री क्षेत्री, निर्मलबहादुर बस्नेत, इन्द्रबहादुर बस्नेत र होमबहादुर भन्ने किसान बस्नेतको पुनरावेदन परी यस अदालतमा दायर हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य यसप्रकार छ :

जिल्ला पर्वत तिलाहार गा.वि.स.वार्ड नं.९ स्थित पूर्वमा हर्कबहादुर खत्रीको धान खेत, पश्चिममा ऐ. अन्तर्गतमा पर्ने सार्वजनिक जङ्गल, उत्तरमा ऐ. अन्तर्गत पर्ने अम्बरबहादुर खत्रीको धान खेत, दक्षिणमा ऐ. अन्तर्गत पर्ने ठुलो पँधेरो चौतारी यति चार किल्लाभित्र पर्ने बेतेनी गाउँबाट थामार्जुङ गाउँतर्फ आवतजावत गर्ने कच्ची ढुङ्गाको सिँढीबाटो रहेको उक्त ढुङ्गाको सिँढी बाटोको पाँचवटा ढुङ्गाहरू रगतले भिजेको २० वटा ढुङ्गाको सिँढीमा रगतका छिर्काहरू देखिएको दक्षिणतर्फको धान खेत माडिएको अवस्थामा रहेको मिति २०६५।६।२५ गते अन्दाजी १८.३० बजेको समयमा जिल्ला पर्वत तिलाहार ९ बस्ने हिमाञ्चल खत्री क्षेत्री, इन्द्रबहादुर बस्नेत, गणेशबहादुर बस्नेत, निर्मलबहादुर बस्नेत, होमबहादुर बस्नेत र प्रदीप बस्नेतले ऐ. बस्ने पदमबहादुर खत्री क्षेत्रीसमेतलाई छुरा प्रहार गरी कुटपिट गरेको भन्ने घटनास्थल प्रकृति मुचुल्का।

जिल्ला पर्वत शिवालय गा.वि.स.वडा नं. ५ मा रहेको पर्वत जिल्ला अस्पतालको मुर्दा घरभित्र हरियो रङको स्टेचरमाथि सेतो कपडाले ढाकिएको लासको कम्मर भाग मुनि निलो जिन्स पाइन्ट, चेक सर्ट, बायाँ कान घाँटीमा बायाँ पट्टि निलो डाम, बायाँ कन्चटमा निलो डाम दायाँ साँप्रोको भागमा ३ से.मि. लम्बाइको काटिएको गोलो आकारको घाउ, बायाँ काँधमा घाँटीनिर खोस्रिएको दाग दुवै खुट्टाको भाग र दुवै हत्केलामा रगत लागेको तथा रगत सुकिसकेको अवस्थामा रहेको लास पल्टाई हेर्दा साँप्रोको काटेको घाउबाट रगत निस्केको मृतक पदमबहादुर के.सी. को लास जाँच प्रकृति मुचुल्का।

मिति २०६५।६।२५ गते साँझ १८.३० बजेको समयमा जिल्ला पर्वत तिलाहार गा.वि.स. वार्ड नं.९ स्थित ठुलो पँधेरो भन्ने स्थानमा बेतेनीबाट घरतर्फ आउँदै गरेको अवस्थामा मेरो भाइ हरिबहादुर खत्रीको छोरा पदमबहादुर खत्री क्षेत्रीलाई जिल्ला पर्वत तिलाहार-९ बस्ने हिमाञ्चल खत्री, इन्द्रबहादुर बस्नेत, निर्मल बस्नेत, गणेश बस्नेत, होमबहादुर बस्नेत, प्रदीप बस्नेतसमेतले घांटी बटारी हिमाञ्चल खत्री र गणेश बस्नेतले साँप्रोमा छुरासमेत प्रहार गरी हात खुट्टा समाती शरीरका विभिन्न भागमा मुक्का ढुङ्गाले हानी पूर्व रिसइवीको कारण बाटो कुरी चौपारीमा लुकी छिपी बसी मार्ने मनासयबाट कुटपिट एवम् छुरा प्रहार गरेको र सोही चोटको वेदनाको कारण मृत्यु भएको हुँदा पक्राउ गरी ज्यानसम्बन्धी महलमा उल्लिखित हदैसम्मको सजाय गरिपाउँ भन्ने चन्द्रबहादुर खत्री क्षेत्रीको जाहेरी दरखास्त।

मिति २०६५।६।२५ गते साँझ ६.३० बजेको समयमा म र पदमबहादुर के.सी., सुर्यबहादुर के.सी., सरस्वती के.सी.समेत बेतेनीबाट घरतर्फ जांदै गर्दा ठुलो पँधेरो भन्ने ठाउँमा प्रतिवादी हिमाञ्चल खत्री

क्षेत्रीसमेतका ६ जनाले मलाईसमेत कुटपिट गरी छाडी दाइ पदमबहादुर के.सी.लाई भलिबलको पूर्व रिसइवी लिई कुटपिट गरी धारिलो हतियारसमेत प्रहार गरेको हुँदा सोही चोटको कारण उपचारको लागि ल्याउँदै गर्दा पदमबहादुर खत्री क्षेत्रीको मृत्यु भएको भन्ने माधव खत्री क्षेत्रीको घटना विवरण कागज।

मिति २०६५।६।२५ गते प्रतिवादी हिमाञ्चल खत्री क्षेत्रीसमेतले मलाई घरबाट बोलाई ल्याई ठुलो पँधेरो भन्ने स्थानमा आएपश्चात् माधव के.सी., पदमबहादुर के.सी, सुर्यबहादुर के.सी., सरस्वती के.सी.समेत बेतेनीबाट आएपश्चात् वादविवाद सिर्जना गरी तँलाईसमेत मार्न ल्याएको हो भनी मलाईसमेत कुटपिट गरी बेहोस बनाई भाइ पदमबहादुर के.सी. लाई मुक्का, ढुङ्गा, धारिलो हतियार प्रयोग गरी कर्तव्य गरी मारेको हुँदा कानूनबमोजिम गरिपाउँ भन्ने कृष्णबहादुर के.सी. को घटना विवरण कागज।

मिति २०६५।६।२५ गते बेलुका बेतेनीबाट घर जाँदै गर्दा १८.३० बजेको समयमा ठुलो पँधेरो भन्ने स्थानमा म, मेरो श्रीमती, माधव के.सी., पदमबहादुर के.सी.समेत पुग्दा प्रतिवादी हिमाञ्चल खत्री क्षेत्रीसमेतका व्यक्तिहरू भेट भई माधव के.सी. सँग हिमाञ्चल खत्री क्षेत्रीले भलिबलको विषयमा निंहु खोजी विवाद सिर्जना गरी हिमाञ्चलले माधवलाई कुटपिट गर्दा म छुट्टाउन जाँदा मलाईसमेत कुटपिट गरी श्रीमती र माधवसमेतलाई कुटपिट गर्दा बेहोस बनाई पदमबहादुर के.सी.लाई बाटोमा उम्कन भाग्न नदिई प्रतिवादीहरूले कुटपिट एवम् छुरा प्रहार गरी मृत्यु भएको हुँदा प्रतिवादीहरूलाई कानुनबमोजिम गरिपाउँ भन्ने व्यहोराको सुर्यबहादुर के.सी.को घटना विवरण कागज।

मिति २०६५।६।२५ गते माइतीबाट दशैँको टिका लगाई घर फर्कने क्रममा बेतेनीबाट म मेरो श्रीमान् सुर्यबहादुर के.सी. देबर माधव के.सी., पदमबहादुर के.सी. र काखमा मेरी सानी छोरीसमेत लिई घरतर्फ जाँदै गर्दा ठुलो पँधेरो भन्ने स्थानमा पुग्दा गाउँकै ५।६ जना नाम थाहा नभएका मानिस भेट भई एकाएक निहुँ खोजी मेरो श्रीमान्, म, माधव के.सी.समेतलाई लात र मुक्काले हानी बेहोस बनाई सोही मौकामा पदमबहादुर के.सी. लाई छुरा र मुक्का प्रहार गरी प्रतिवादीहरूले बेहोस बनाएको हुँदा सोही पीडाको कारण पदमबहादुर के.सी. को मृत्यु भएको हो भन्ने सरस्वती के.सी.को घटना विवरण कागज।

Death is due to manual strangulation (Throttling) Death is due to stab wound (Sharp force injury leading to Haemorrhage to Hypovolaemic shock) भन्ने मृतक पदमबहादुर के.सी.को शव परीक्षण प्रतिवदेन।

Left elbow joint swelling tenderness, Right shoulder joint haematoma भन्ने कृष्णबहादुर के.सी. को घाउँ जाँच केस फाराम रिपोर्ट।

Cut injury on head २×२ cm length, Left chick laceration wound, left lower eye lide Haematoma भन्ने माधव के.सी. को घाउँ जाँच केस फाराम रिपोर्ट।

मिति २०६५।६।२५ गते भलिबल खेल्न जाँदा बल माधव के.सी.ले लगेको थाहा पाई बल खेल्न नपाएपछि माधव कहाँ छ भनी बुझ्दा माधव के.सी. र पदमबहादुर के.सी. तिलाहार गएका छन् बेतेनीको बाटो आउँदै छन भन्ने जानकारी पाई निजहरूलाई पिट्न भनी म र निर्मल बस्नेतसमेतले कृष्णबहादुर के.सी. लाई बोलाई बेतेनीतर्फ जाँदा गणेश बस्नेत, हिमाञ्चल के.सी., प्रदीप बस्नेत, होमबहादुर बस्नेतसमेत बाटोमा भेट भई ठुलो पँधेरोमा पुग्दा बेतेनीबाट माधव के.सी. पदमबहादुर के.सी, सुर्यबहादुर के.सी. र सरस्वती के.सी.समेत आएपछि हिमाञ्चल के.सी.र माधवबीच भलिबलसम्बन्धमा विवाद भै कुटाकुट हुन गयो र निर्मल, गणेश र होमेले पदमबहादुरलाई कुटपिट गरेका रहेछन्, माधवबाट हिमाञ्चललाई छुट्याउन म गई माधव भागेपछि मैले पदमबहादुर बाटोमा बसेको देखी पदमबहादुरलाई हातले २ पोञ्च हाने, गणेशले लातले

हान्यो, गणेशले सधैँ चक्कु साथमा लिई हिँड्छ, मैले पदमबहादुरलाई घाँटीमा पोञ्च हानेपछि पदमबहादुर ढलेको हो, गणेश बस्नेतले पदमबहादुरलाई चक्कु हानेको रहेछ भन्ने व्यहोराको प्रतिवादी इन्द्रबहादुर बस्नेतको अनुसन्धान अधिकारीसमक्षको बयान कागज।

मिति २०६५।६।२५ गते सधैँ बल खेल्ने ठाउँमा बल नभएको कारण बल माधव के.सी.ले लगेको भन्ने जानकारी भई माधव के.सी. र पदमबहादुर के.सी. बेतेनीबाट आउँदै छन त्यसलाई भेटेपछि बाटोमा कुट्नुपर्छ भन्ने सल्लाह गरी मसमेत ६ जनाले कृष्णबहादुर के.सी.लाई बोलाई ठुलो पँधेरोमा पुग्दा केही समयपश्चात् माधव के.सी., पदमबहादुर के.सी., सुर्यबहादुर के.सी., सरस्वती के.सी.समेत आएपश्चात् हिमाञ्चल के.सी.ले माधव के.सी. सँग भलिबलमा विवाद सिर्जना गरी कुटपिट गर्दा सुर्यबहादुर के.सी. ले सम्झाउँदा सम्झाउँदै गर्दा र पदमबहादुर के.सी. छुट्याउन जाँदा निर्मल बस्नेत, होमबहादुर बस्नेत, गणेश बस्नेतसमेतले पदमबहादुर के.सी. लाई मुक्का ढुङ्गा छुरा प्रहार गरेका हुन् र मैले बाटोमा कोही आउँदै छन् कि भनी हेरेको थिएँ, छुरा गणेश बस्नेतले प्रहार गरेको रहेछन, भलिबलको विषयमा विवाद भई छुरासमेत प्रहार गर्ने कार्य भएको हो उक्त वारदातमा हामी सबै ६ जनाको संलग्नता थियो भन्नेसमेत व्यहोराको प्रतिवादी प्रदीप बस्नेतको अनुसन्धान अधिकारीसमक्षको बयान कागज।

उक्त वारदातमा भलिबलको विषय लिई हिमाञ्चल के.सी ले माधव के.सी सँग विवाद सिर्जना गरी कुटपिट गर्न लाग्दा माधवले हिमाञ्चललाई कुटपिट गरेकाले पदमबहादुरसमेत हिमाञ्चललाई कुट्न जान लाग्दा मसमेत जाहेरीमा उल्लिखित अन्य सबैको संलग्नता र सहयोगमा मैले मेरो साथमा भएको चक्कुले पदमबहादुर के.सी. को साप्रोमा प्रहार गरेको हुँ, निजहरूलाई कुटपिट गर्ने योजना बनाई आएको हुँदा सोही योजनाअनुसार वारदात भएको हो उक्त चक्कु मैले घरमा राखेको छु, प्रदीप बस्नेतलाई मैले र हिमाञ्चलले बोलाई लगेका हौं भन्नेसमेत व्यहोराको प्रतिवादी गणेशबहादुर बस्नेतको अनुसन्धान अधिकारीसमक्षको बयान कागज।

मिति २०६५।६।२५ गते भलिबल खेल्न जाँदा बल माधव के.सी.ले घरमा लगी राखेको र दशैं पहिला सोही स्थानमा बल खेल्दा माधव के.सी र म बिच विवाद भई पदमबहादुर के.सी.समेतले कुटपिट गरेको रिसईवीको कारण उक्त मिति २०६५।६।२५ गते गणेश बस्नेत, निर्मल बस्नेत, होमबहादुर बस्नेत, प्रदीप बस्नेत, इन्द्र बस्नेतसमेतसँग सल्लाह गरी निज माधव र पदमबहादुरलाई कुटपिट गर्न ठुलो पँधेरो भन्ने ठाउँमा कुरी बसी निजहरू आएपश्चात् निहुँ खोजी विवाद सिर्जना गरी मसमेत ६ जनाले कुटपिट गरी गणेश बस्नेतले चक्कु प्रहार गरेको हुँदा सोही पीडाको कारण पदमबहादुर के.सी. को मृत्यु भएको होला भन्नेसमेत व्यहोराको प्रतिवादी हिमाञ्चल खत्री क्षेत्रीको अनुसन्धान अधिकारीसमक्षको बयान कागज।

उक्त वारदातमा ६ जनाको संलग्नता थियो अन्य ६ जनाबाहेक कसैले पदमबहादुर के.सी. लाई कुटपिट गरेका होइनन्, वारदातमा गणेश बस्नेतले पदमबहादुर के.सी.लाई छुरा प्रहार गरेका रहेछन् अन्यले छुरा प्रहार गरेका होइनन्, हात मुक्का भने सबैले प्रहार गरेका हुन् सोही पीडाको कारण पदमबहादुर के.सी. को मृत्यु भएको हुनुपर्छ भन्ने व्यहोराको प्रतिवादी निर्मलबहादुर बस्नेतको अनुसन्धान अधिकारीसमक्षको बयान कागज।

उक्त वारदातमा हिमाञ्चल के.सी.ले माधव के.सी. सँग भलिबलको विषयमा विवाद सिर्जना गरी दुवै जना लड्दै धान बारीमा गएको हुँदा पदमबहादुर के.सी.समेत माधवको सपोर्टमा जान लागेको हुँदा गणेश बस्नेत, इन्द्र बस्नेत, निर्मल बस्नेतले पदमबहादुर के.सी.लाई हात मुक्काले हानेका हुन्, क-कसले कहाँकहाँ हाने थाहा भएन, पछि बुझ्दा गणेश बस्नेतले छुरा हानेका रहेछन् मैले पनि मेरो पक्षको सपोट गर्न

जाँदा पदमबहादुरले मलाई धकेलेका हुन्, पदमबहादुर के.सी. चोटको पीडाले भुइँ बाटोमा लडेपछि पुनः इन्द्र बस्नेत र गणेश बस्नेत, हिमाञ्चल खत्री क्षेत्री र निर्मल बस्नेतले पदमबहादुरलाई हात र लातले हानेका हुन् सोही पीडाको कारण पदमबहादुर के.सी. को मृत्यु भएको हुन सक्छ त्यसमा मेरो पनि संलग्नता थियो भन्नेसमेत व्यहोराको प्रतिवादी होमबहादुर बस्नेत भन्ने किसान बस्नेतको अनुसन्धान अधिकारीसमक्षको बयान कागज।

जिल्ला पर्वत तिलाहार गा.वि.स. वडा नं. ९ थामार्जुङ गाउँस्थित पूर्व गम्बर सिंह बस्नेतको घर, पश्चिम भुपाल बस्नेतको गोठ धन्सार, उत्तर शिव बस्नेतको घर, दक्षिण प्रेमबहादुर बस्नेतको घर यति चार किल्लाको बीचमा दक्षिण मोहडा भएको ढुङ्गा माटोको गाह्रो ढुङ्गाले छाएको हर्कबहादुर बस्नेत प्रतिवादी गणेश बस्नेतको घर हाल राधिका बस्नेतले रेखदेख गर्ने घरमा भित्र उत्तरतर्फको कोठाको खाटमा गणेश बस्नेत सुत्ने गरेको पश्चिमतर्फको खाटमाथि भाँडा बर्तन लत्ता कपडा भएको झोला रहेको सेतो प्लास्टिकको झोलाभित्र लत्ता कपडा तथा भाडा बर्तनसमेत हटाई हेर्दा बिँडमा चराको टाउको अङ्कित प्लास्टिकको बुट्टेदार बिँड तथा दाब भएको, लबडले बिँडमा बाँधेको, दाबमा चोयाले बाँधेको, चक्कुको दाब टुप्पो देखि बिँडसम्म १२ इन्च ७ सेमी लम्बाइ भएको चक्कुको धार देखी तलसम्मको ६ इन्च लम्बाइ भएको बिँडमा रातो पत्थर जडान भएको चक्कु वारदातमा गणेश बस्नेतले प्रहार गरेको भन्ने बरामदी खानतलासी मुचुल्का।

बिँडमा चराको टाउको अङ्कित चित्र भएको प्लास्टिकको बुट्टेदार बिँड तथा दाब भएको दाबमा मसिनो चोयाले बाँधेको बिँडमा लबडले बाँधेको पत्थरसमेत जडान भएको दाबमा तारले बाँधेको बिँडदेखि टुप्पोसम्म १२ इन्च ७ से.मी. लम्बाइ भएको चक्कुको धारको टुप्पोदेखि फेदसम्म ६ इन्च लम्बाइ भएको प्रहरीद्वारा बरामद गरी मैले राखेको ठाउँबाट ल्याई मलाई देखाएको चक्कु वारदातमा पदमबहादुर के.सी. लाई मैले प्रहार गरेको चक्कु यही हो भनी प्रतिवादी गणेशबहादुर बस्नेतले गरिदिएको सनाखत कागज।

उक्त वारदातमा मलाई मेरो श्रीमान् सुर्यबहादुर के.सी. देवर माधव के.सी.लाई कुटपिट गर्ने र देवर पदमबहादुर के.सी. लाई छुरा मुक्का प्रहार गरी मार्ने प्रतिवादीहरूलाई पक्राउ गरी ल्याइएका मानिसहरू देखेँ उक्त वारदातमा कुटपिट एवम् छुरा प्रहार गर्ने यिनै ६ जना हुन्, अन्य कसैको संलग्नता छैन, कानूनबमोजिम गरिपाउँ भन्ने व्यहोराको सरस्वती के.सी. को सनाखत कागज।

मिति २०६५।६।२५ गते माधव के.सी., पदमबहादुर के.सी., सुर्यबहादुर के.सी. र सरस्वती के.सी.समेत बेतेनीबाट घरतर्फ आउँदै गर्दा हिमाञ्चल के.सी, गणेश बस्नेत, इन्द्र बस्नेत, निर्मल बस्नेत, होमबहादुर बस्नेत भन्ने किसान बस्नेत र प्रदीप बस्नेतसमेतले भलिबलको विषयमा भएको झगडा एवम् कुटपिटको विषयलाई पूर्व रिसइवी लिई कुटपिट गर्ने परिपन्च मिलाई एक आपसमा सरसल्लाह गरी सगोलमा गई एकान्त ठाउँ ठुलो पँधेरो भन्ने स्थानमा लुकीछिपी बसी मृतक पदमबहादुर के.सी.समेत बेतेनीबाट उक्त स्थानमा आइपुगेपछि विवाद एवम् भनाभन सिर्जना गरी बाटो छेकी सगोलमा रहेका माधव के.सी., सुर्यबहादुर के.सी., सरस्वती के.सी. र लक्ष्य भन्ने कृष्णबहादुर के.सी.समेतलाई कुटपिट गरी भगाई बेहोस बनाई पदमबहादुर के.सी. लाई एक्लै बनाई हातखुट्टा समाई चल्न बोल्नसमेत नदिई चक्कु र मुक्कासमेत प्रहार गरी मरणासन्न गराएको हुँदा सोही पीडाको कारण उपचार गर्न लैजाँदा मृत्यु भएकाले निजहरूमाथि हदै सम्मको सजाय गरिपाउँ निज अभियुक्त बाहेक उक्त वादरदातमा अन्य कोही कसैको कर्तव्य गरी मार्ने र कुटपिट गर्नेमा संलग्न छैन भन्ने व्यहोराको करिब एकै मिलानको मृतक पदमबहादुर के.सी.को आमा चुवाकुमारी खत्री क्षेत्री, दाजु प्रमोद खत्री क्षेत्री र दलबहादुर खत्री क्षेत्रीले

गरेको कागज।

मिति २०६५।६।२५ गते गाउँका हिमाञ्चल के.सी. इन्द्र बस्नेत, होमबहादुर बस्नेत भन्ने किसान बस्नेत, गणेश बस्नेत, निर्मल बस्नेत, प्रदीप बस्नेतसमेतले माधव के.सी. र पदमबहादुर के.सी. बेतेनीबाट आउँदैछन् भन्ने थाहा पाई निजहरूलाई कुटपिट एवम् हत्या गर्न गाउँको बाटोमा बसी सरसल्लाह गरी आपसमा भिन्दा भिन्दै ठाउँबाट हिँडी ठुलो पँधेरो भन्ने स्थानमा पुगी चौतारोमा भेला जम्मा भई बाटो छेक्ने, मानिसहरू हेर्ने, कुट्ने पिट्नेसमेत परिपन्च मिलाई लुकिछिपी बसी पदमबहादुर के.सी., माधव के.सी., सुर्यबहादुर के.सी., सरस्वती के.सी.समेत उक्त स्थानमा आएपछि हिमाञ्चल के.सी.ले भलिबल खेल्दा भएको रिसइवी पोख्न भलिबलको विषयमा माधव के.सी. सँग विवाद सिर्जना गरी माधव के.सी., सुर्यबहादुर के.सी., सरस्वती के.सी., कृष्णबहादुर के.सी.समेतलाई कुटपिट गरी बेहोस बनाई पदमबहादुर के.सी. लाई भाग्न उम्कनसमेत नदिई प्रतिवादीहरूमध्ये कसैले हात खुट्टा समाउने कसैले हात र लात्ताले हान्ने, कसैले छुरा प्रहार गर्ने जस्ता निन्दनीय एवम् निर्दयी कार्य गरी घाँटीसमेत थिची कर्तव्य गरी मारेको हुँदा निज प्रतिवादीहरूबाहेक अन्य कोही कसैको संलग्न नरहेको निजहरूउपर कानुनबमोजिम हदैसम्मको कडा कारवाही हुनु पर्छ भन्नेसमेत व्यहोराको भगवती भुवाजी, तिल कुमारी भुवाजी, टेकबहादुर भुवाजीसमेत जना ३ ले गरेको वस्तुस्थिति मुचुल्का।

जिल्ला पर्वत तिलाहार-९ स्थित ठूलो पँधेरो भन्ने ठाउँमा प्रतिवादीहरू हिमाञ्चल खत्री क्षेत्री, इन्द्रबहादुर बस्नेत, गणेशबहादुर बस्नेत, निर्मल बस्नेत, होमबहादुर भन्ने किसान बस्नेत, प्रदीप बस्नेतसमेत भई मृतक पदमबहादुर के.सी. आउँदै गरेको बाटो ढुकी भलिबलको विषयमा भएको झगडालाई लिएर ज्यान लिने मनसायले प्रतिवादीमध्येका गणेशबहादुर बस्नेतले छुरी प्रहार गर्ने, अन्य प्रतिवादी हिमाञ्चल खत्री क्षेत्री, इन्द्रबहादुर बस्नेत, निर्मल बहादुर बस्नेत, होमबहादुर भन्ने किसान बस्नेत, प्रदीप बस्नेतसमेतले लात्ता मुक्का आदिले प्रहार गरी मृतक पदमबहादुर के.सी. लाई कर्तव्य गरी मारेको स्पष्ट हुन आएकाले निज प्रतिवादीहरूको उक्त कार्य मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३ (३) नं. अनुसारको कसुर अपराध भएकाले उक्त अपराध कसुरमा निज प्रतिवादीहरू हिमाञ्चल खत्री क्षेत्री, इन्द्रबहादुर बस्नेत, गणेशबहादुर बस्नेत, निर्मलबहादुर बस्नेत, होमबहादुर भन्ने किसान बस्नेतलाई मुलकी ऐन ज्यानसम्बन्धी महलको १३ (३) नं. अनुसार सजाय गरिपाउन र साथै प्रतिवादी प्रदीप बस्नेतको उमेर वारदात समयमा १६ वर्षभन्दा तल १५ वर्ष ८ महिना १५ दिन हुन आउँदा निजलाई उक्त कसुरमा मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार हुने सजायमा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(३) अनुसार सजाय गरिपाउन मागदाबी लिई पक्राउ प्रतिवादी हिमाञ्चल खत्री क्षेत्री, इन्द्रबहादुर बस्नेत, गणेशबहादुर बस्नेत, निर्मलबहादुर बस्नेत, होमबहादुर भन्ने किसान बस्नेत, प्रदीप बस्नेत र बरामद भई आएको छुरी थान-१, साथै प्रस्तुत गरिएको छ भन्ने वादी नेपाल सरकारको तर्फ बाट दायर हुन आएको अभियोगपत्र।

मिति २०६५।६।२५ गते दिउँसो २ बजेतिर पोखरातर्फ गएको थिएँ। भोलिपल्ट बिहान काठमाडौंतर्फ गएको हुँ। घटना भएको भनिएको दिन म घरमा थिइन। अध्ययनको क्रममा काठमाडौंमा रही २०६५ साल कार्तिक २८ गते घरमा फर्केको हुँ। मलाई अभियोग लागेको छ भनी थाहा पाएर प्रहरीसमक्ष आएको हुँ। निज मृतक पदमबहादुरको कसरी को कसको संलग्नतामा मृत्यु भएको हो भन्ने कुरा मलाई थाहा भएन तर यस घटनामा मेरो संलग्नता थिएन, गणेश बस्नेतले तिहारको २३ दिनअगाडि अनलाइन म्यासेजमार्फत म असोज २५ गते काठमाडौं जाने बेलामा बाटोमा पदमबहादुर, माधवहरूले मलाई कुट्ने प्रयास गरे चक्कुसमेत हान्ने प्रयास गर्दा मैले सोको

प्रतिकार गर्ने क्रममा पदमबहादुरको आफ्नै हातले खुट्टामा चक्कु लागेछ, म त्यहाँबाट भागेर हिँडेको र पछि पदमबहादुर त मर्‍यो रे । तँसमेतलाई लगाएका छन भनी मलाई जानकारी प्राप्त भएको हो, जाहेरीमा उल्लिखित माधव, सुर्यबहादुर र निजको श्रीमती के कसरी घाइते भए सो थाहा भएन भनी प्रतिवादीमध्येका हिमाञ्चल खत्री क्षेत्रीले सुरू अदालतमा गरेको बयान ।

पर्वत तिलाहार-९ थामार्जुङ्गस्थित थुमाको डाँडामा मैले बल खेलेको र खेल्ने गरेको यथार्थ हो । हिमाञ्चलले बल फाली बलको विषयमा झगडा माधव के.सी.सँग भएको हो । माधव के.सी. ले हिमाञ्चललाई हानेको कारणले झगडा भएको र मैले निजहरूलाई छुट्टाउने क्रममा मलाई पनि माधव के.सी.बाट हातपात भएको थियो । खेलमा संलग्न अन्य साथीहरूले माधवलाई समाते र सम्झाएपछि मिति २०६५।६।१८ को झगडा साम्य भएको हो तर यस घटनामा मृतक पदमबहादुर के.सी. र सुर्यबहादुर के.सी. उपस्थित थिएनन् । मिति २०६५।६।२५ गते दिउँसो २ बजे कास्की सल्यान बस्ने मेरो काकाको घरमा गएको थिएँ र भोलिपल्ट मेरो दाइको ससुरालीको घर कास्कीको सल्यानमा गई त्यहीँ बसिरहेको थिएँ। सोही समयमा सबै गाउँका केटाहरू आएर काकाको घर घेरा हालेका छन् भनी थाहा पाएपछि म त्यहाँबाट पोखरा गएर दिदीको घर गौरीघाटमा गई होटल तालिम गरी बसिरहेको अवस्थामा साथी हिमाञ्चलबाट जाहेरीमा मेरो पनि नाम उल्लेख भएको थाहा पाएको हुँदा यसबाट सफाइ पाउन आफैँ प्रहरी कार्यालयमा आएको हुँ। पदमबहादुर के.सी.को मृत्यु भएको कुरा मैले कास्की सल्यानमा काकीले भनी थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादीमध्येका इन्द्रबहादुर बस्नेतले सुरू अदालतमा गरेको बयान ।

मृतक पदमबहादुर खत्रीलाई को कसले कुटपिट गरी मारे मलाई थाहा भएन । मेरो उल्लिखित घटनामा संलग्नता छैन । मिति २०६५।६।२६ गते साँझ गाउँघरमा हल्लाखल्ला भयो बस्नेत थरका व्यक्तिहरूले पदमबहादुरलाई कुटपिट गरी मारे भनी हल्ला चलाए । मउपर पनि जाहेरी परेको हुनाले के रहेछ भनी जिल्ला प्रहरी कार्यालय पर्वतमा आएँ र मलाई सोधपुछको लागि त्यहीं जि.प्र.का.मा राखे । निज माधव के.सी. लगायतका मानिसहरू के कसरी घाइते भए सो कुरा पनि मलाई थाहा भएन । म उक्त घटनामा संलग्न नभएको, किन मलाई पोली बयान गरे मलाई थाहा भएन मृतक पदमबहादुर खत्रीलाई कुटपिट गरी हत्या गर्ने कार्यमा मेरो संलग्नता नभएको हुनाले मलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादीमध्येका प्रदीप बस्नेतले सुरू अदालतमा गरेको बयान ।

मिति २०६५ साल असोज २४ गते नवलपरासीको कावासोती भन्ने ठाउँमा मेरो बुबा अर्को आमासँग बस्ने हुँदा बाबाको हातको टीका लगाउन भनी २४ गते बेलुका कावासोती पुगी त्यहीँ बसी घरको धान काट्नेसमेतको काम गरी ६।७ दिन त्यहीँ बसिरहेको अवस्थामा प्रतिवादी इन्द्र बस्नेतले तेरो नाम पनि जाहेरीमा दिएका छन भनी खबर गरेकाले आफैँ प्रहरी कार्यालयमा उपस्थित भएको हुँ । म घटनामा संलग्न छैन, यसभन्दा अगाडि कुनै झैझगडा भएको थिएन । घटना विवरण कागज गर्ने व्यक्तिले मलाई फसाउने नियतले त्यस्तो कागज गरेका होलान् । मृतक पदमबहादुर के.सी. को के कसरी मृत्यु भयो मलाई थाहा छैन भन्नेसमेत व्यहोराको प्रतिवादीमध्येका होमबहादुर भन्ने किसान बस्नेतले सुरू अदालतमा गरेको बयान ।

मिति २०६५।६।२५ गते दिउँसो मेरो दिदी बेलाउतीको रूखबाट लोटेको कारण उपचार गराउने क्रममा दिउँसो दिदीलाई बेतेनीसम्म ल्याएर टेक्सीमा दाइसँग पोखरातर्फ पठाएर म पुनः मामाको घर पर्वत जिल्ला तिलाहार गा.वि.स. दराक गएको र त्यहीँ दिन ४ बजेतिर मामा र म बेनी गएको थिए, उक्त घटनामा म संलग्न थिइन, को कसले के कसरी मृतक पदमबहादुरको हत्या गरेका हुन् सो कुरा मलाई थाहा भएन मिति २०६५।७।२८ गते गणेशले मलाई

कम्प्युटरको नेटमा कन्ट्याक गरेर पदमबहादुरको मृत्यु भएको रहेछ तलाईसमेत उजुर परेको रहेछ भन्ने खबर थाहा पाएर म झस्याङ्ग भएर म जिल्ला प्रहरी कार्यालय पर्वतमा गएर बुझ्दा मलाई अभियोग लागेको थाहा पाएँ । सहप्रतिवादीले मसमेतलाई झोसी बयान गरेका हुन सक्छन् तर मेरो उक्त घटनामा संलग्नता छैन भन्नेसमेत व्यहोराको प्रतिवादीमध्येका निर्मलबहादुर बस्नेतले सुरू अदालतमा गरेको बयान ।

मिति २०६५।६।२५ गते मेरी दिदी पर्ने डल्ली छानाबाट खसी घाईते भै निजलाई उपचार गर्न बेतेनीतर्फ पुर्‍याएर म मेरो घरमा फर्केर आएँ घरमा बेलुका ५.०० बजे तिर आएर एकछिन बसेपछि म काठमाडौं जानको लागि घरबाट कपडा लगाई हिँडेको र हिँड्ने क्रममा पर्वत तिलाहार-९ को ठुलो पँधेरोमा पुग्दा माधव के.सी., पदमबहादुर के.सी., सुर्यबहादुर के.सी., कृष्णबहादुर के.सी., भेट भए, सुर्यबहादुरको श्रीमती सरस्वती केही माथि पुगिसकेकी थिइन, त्यसपछि सुर्यबहादुर के.सीले मलाई कहाँ जाने होस माओवादी भनी सोध्यो मैले काठमाडौं जान लागेको भने त्यसपछि निजहरूले राजनीतिक कुरा गरेर तेरो पार्टीले के गर्‍यो भनी भन्दा मैले बल्ल सत्तामा गएको छ, भनेँ यस्तै भनाभन भएपछि माधव, पदमबहादुर, सुर्यबहादुर र कृष्णबहादुरले आक्रमण गरे, हात हाले मृतक पदमबहादुर के.सी.ले चक्कु निकाली मलाई हिर्कायो हिकाउँदा मैले समातेँ र म भाग्ने क्रममा पदमबहादुर के.सी.को हात छोडियो र साँप्रोमा लाग्न पुग्यो उसले ऐया भनी करायो निजहरूले के भयो ? के भयो ? भनी भन्ने क्रममा म भागेर त्यसपछि बेतेनीबाट बस चढी पोखरा गई त्यहीँ बसें पदमबहादुर के.सी. को मृत्यु भएछ भन्ने कुरा मैले एफ.एमबाट सुने एफ.एमबाट हिमाञ्चल, इन्द्र बस्नेत, निर्मल बस्नेत, होमबहादुर बस्नेत र म भै छुरा प्रहार गरी पदमबहादुर के.सी.को मृत्यु भएको भन्ने सुनेको हुँ। मैले छुरा प्रहार गरेको होइन जाहेरी दरखास्त झुट्टा हो भन्नेसमेत व्यहोराको मिति २०६५।८।२६ गते प्रतिवादीमध्येका गणेशबहादुर बस्नेतले सुरू अदालतमा गरेको बयान ।

बिदाको समयमा सधैजसो थुमाको डाँडामा बल खेलिरहन्थ्यौं । मिति २०६५।६।१८ गते पैसा बाजी गेम खेलेका थियौं । यसमा हिमाञ्चलको टिम एकातिर र म एकातिर थियौं खेलमा मेरो टिमले जितेपछि हिमाञ्चलले बल जङ्गलतिर फालेपछि मसँग हात हालाहाल भयो त्यहाँ भएका अरू साथी र दाइहरूले छुट्याएपछि आ–आफ्नो घर गयौं, त्यस पछि बडा दशैँको भोलिपल्ट असोज २५ गते दाइ पदमबहादुरले दिदीलाई छोड्न जाउ म भोलि इन्डिया फर्कन्छु साथी र साहेबलाई फोन गर्छु भनेकाले दिदीको घर राम्जा गई दिदीलाई फर्कदा बाटोमा सुर्यबहादुर के.सी. र सरस्वती के.सी. दाई भाउजू भेट भई घरतर्फ उकालो लाग्यौं बाटोमा पदमबहादुर दाइ र भाउजू अघि म सुर्यबहादुर पछि जाँदै गर्दा हिमाञ्चल, निर्मल, इन्द्र, प्रदीप, कृष्णबहादुर के.सी. गणेश बस्नेत भेट भएपछि हिमाञ्चलले बल किन लिएर आएनस् ? हामी खेल्न पाएनौं भनी हान्न थाले र म तलतिर खसी अर्ध बेहोस भएछु । सबैले माथि पदमबहादुरलाई चक्कु, ढुङ्गालगायत लात्ता मुक्काले ढालेछन् । त्यसपछि कृष्णबहादुर के.सी. घरमा गई दाजुहरूलाई खवर गरी त्यस ठाउँमा आएका रहेछन् । उक्त घटना बेतिनी ठूलो पँधेरो चौतारामा भएको हो । उक्त घटनामा मेरो टाउकामा र देब्रे आखामुनि चोट लागी पर्वत अस्पतालमा उपचार गराएको छु भन्नेसमेत व्यहोराको मौकामा कागज गर्ने माधव के.सी. ले सुरू अदालतमा गरेको बकपत्र ।

मेरो छोरा इन्डिया वनारसमा वस्ने र घरमा आएको १ हप्ता भएको थियो म एक्लै भए पनि छोरालाई दशैँको टीका लगाउन बोलाएर आएको थियो। उक्त दिन मेरो छोरा आफ्नी दिदीलाई छोड्न गई फर्केर आउँदा साझँको समयमा मेरो छोरा पदमबहादुर के.सी., माधव के.सी., सरस्वती के.सी, तलबाट आउँदै गर्दा यी प्रतिवादीहरूले पहिला माधव के.सी. लाई हानेछन् र पछि मेरो छोरालाई कुटपिट गरी मारेछन् भन्नेसमेत

व्यहोराको मौकामा कागज गर्ने चुवा कुमारी खत्री क्षेत्रीले सुरू अदालतमा गरेको बकपत्र।

हिमाञ्चल र इन्द्र बस्नेतले भाउजू लिन जाउँ भनी भनेकाले म पनि निजहरूसँग गएपछि ठूला पँधेरो भन्ने ठाउमा अन्य साथीहरू भेट भएर होम, निर्मल, गणेश र म तलतिर गयौं तलबाट माधव, पदमबहादुर, सरस्वती र सुर्यबहादुर दाजु आउदै रहेछन् । मलाई सुर्यबहादुर दाइले फर्की भन्नु भएकाले फर्केपछि इन्द्र हिमाञ्चल, गणेश, होमे, निर्मल, पनि एक छिन पछि फर्कें। अलि माथि माधवसँग बलको कुरा निकाली एक आपसमा भनाभन भयो। एक आपसमा हात छोडाछोड भयो मलाई इन्द्र बस्नेतले हान्यो र पछि होमबहादुरले मलाई हानेपछि म तल सिस्नुको झाडीमा खसी अर्ध बेहोस भएछु भन्नेसमेत व्यहोराको मौकामा कागज गर्ने कृष्णबहादुर के.सी. ले सुरू अदालतमा गरेको बकपत्र।

म घटनास्थलमा जाँदा पदम लडेको अवस्थामा देखेकी हुँ । पदम मरेपछि प्रतिवादीहरू भागेकाले यिनैले मारेको होला भनी सबैले भनेकाले यिनले गल्ती नगरेको भए किन भागे भन्नेसमेत व्यहोराको मौकामा कागज गर्ने भगवती भुवाजीले सुरू अदालतमा गरेको बकपत्र।

हिमाञ्चल के.सी. इन्द्र बस्नेत, गणेश बस्नेत, निर्मल बस्नेत, किसान बस्नेत र प्रदीप बस्नेत भई पदमबहादुर के.सी. लाई कर्तव्य गरी मारेको भन्ने कुरा थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको मौकामा कागज गर्ने प्रमोद खत्री क्षेत्रीले सुरू अदालतमा गरेको बकपत्र।

मिति २०६५।६।२५ गते पर्वत खुर्कोट ससुरालीबाट श्रीमती र डेढ वर्षकी छोरीसहित घरमा आउँदै गर्दा पर्वत जिल्ला तिलहार ९ बेतेनी भन्ने ठाउँमा नाताले काकाको छोरा पर्ने पदमबहादुर के.सी. र नाताले ठूला बुबाको छोरा पर्ने माधव के.सी भेटी माथि जाने क्रममा सँगै उकालो उक्लदै गर्दा मेरा श्रीमती र मृतक पदमबहादुर के.सी केही अगाडि म र माधव के.सी केही पछाडि आउदै थियौं । माथि ठूला पधेरो भन्ने ठाउँ भन्दा केही तल इन्द्र बस्नेत, हिमाञ्चल के.सी. होमबहादुर बस्नेत, निर्मल बस्नेत, गणेश बस्नेत र प्रदीप बस्नेतलाई देखेका थियौं पछि हिमाञ्चल लगायत ६ जना स्वयम् बाटोमा आई हिमाञ्चलले माधव के.सी. लाई बल कहाँ राखेको भनी सोध्दा माधवले हिजो अस्ति जहाँ राखेको हो त्यही थियो भनी भनेपछि डिसकस भई ठूलो पँधेरोमा पुगेपछि हिमाञ्चलले माधव के.सीलाई मुक्का प्रहार गरे म छुट्याउन जादा मलाईसमेत धानवारीमा सिस्नु घारीमा फाली दिए, त्यसपछि उठ्दा मेरो श्रीमती र छोरी अत्तालिएर बेहोस भएका रहेछन् । उनलाई सम्हाल्ने क्रममा म उठ्दा माधव के.सी. सँग २ जना लड्दै रहेछन् पदमबहादुरलाई ३ जनाले हान्दै रहेछन्। चक्कु मैले देखेको होइन भन्नेसमेत व्यहोराको मौकामा कागज गर्ने सुर्यबहादुर के.सी. ले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादीहरू सबैसँग तल भेट भयो बल भन्थे के हो थाहा भएन एक्कासी धकेला धकेल भयो हिमाञ्चल र माधवको बीचमा माधवलाई तल लगे माधवलाई तल लगिसकेपछि माथि आएर सबै धुइरिएका थिए। म पदमबहादुर के.सी. लाई को कसले के कसरी हाने थाहा भएन । म छुट्याउन जाँदा इन्द्र बस्नेतले देब्रे खुट्टामा हानेको कारण बेहोस अवस्थामा थिएँ पछि होसमा आँउदा मृतक पदमबहादुर के.सी रगताम्य अवस्थामा थिए त्यसपछि माधव त्यहीँ कुरेर बस्नुभयो हामी गाउँतिर गै गुहार माग्न गयौं गाउँबाट पहिला ३, ४ जना र पछि सबै जना आए र मृतक पदमबहादुर के.सी. लाई वेतिनीतर्फ लगियो भन्नेसमेत व्यहोराको मौकामा कागज गर्ने सरस्वती के.सी.ले सुरू अदालतमा गरेको बकपत्र।

मिति २०६५।६।२५ गते करिब ३।३० बजेतिर म मेरो मामाघर प्रतिवादी प्रदीप बस्नेतको घरमा गै दिनको ४ बजे प्रदीप सँग भेट भएको हो र भेट भएपछि उक्त दिन र रातमा म प्रदीप बस्नेतसँग छु घटनामा निजको कुनै संलग्नाता छैन भन्नेसमेत

व्यहोराको प्रतिवादी प्रदीप बस्नेतका साक्षी महेन्द्र लामिछानेले सुरू अदालतमा गरेको बकपत्र।

मिति २०६५।६।२५ गतेका दिनभर आफ्नै घरमा थिएँ । मृतक पदमबहादुर के.सी. लाई मार्ने इन्द्र बस्नेत, हिमाञ्चल के.सी., होमबहादुर बस्नेत, निर्मल बस्नेत, गणेश बस्नेत, र प्रदीप बस्नेत भै पदमबहादुर के.सीलाई कर्तव्य गरी मारेको कुरा मिति २०६५।६।२५ गते साँझ ६.३० बजेतिर थाहा पाएको हुँ र म घटनास्थलमा पुग्दा मृतक पदमबहादुर के.सी. लाई भने देखेको थिइन । मेरो घर र घटना घटेको ठाउँ करिव १५ मिनेट पैदल दुरीमा पर्दछ, मैले मृतक पदमबहादुर के.सी लाई कुटपिट गर्दा नदेखेको हुँदा के कसरी कर्तव्य गरी मारे भन्ने कुरा खुलाउन सक्दिन भन्नेसमेत व्यहोराको जाहेरवाला चन्द्रबहादुर खत्रीले सुरू अदालतमा गरेको बकपत्र।

मिति २०६५।६।२५ गते म आफ्नै घरमा थिएँ। प्रतिवादी गणेश बस्नेत सोही दिनको ५.३० बजे काठमाडौं जान भनी घरबाट निस्कनुभएको हो। घटना बेलुका ६.३० बजेतिर भएको र म ६.४० बजे घटनामा पुगेको थिएँ। म त्यहाँ पुग्दा पदमबहादुर के.सीलाई घाइते अवस्थामा देखेकी थिए । गणेशबहादुर त्यहाँ थिएनन् मृतक र प्रतिवादी गणेश अति मिल्ने साथीहरू हुन् । मृतकलाई मार्नुपर्ने पूर्व रिसइवी मनसाय योजना केही नहुँदा फसाउनका लागि मात्र यो जाहेरी तथा अभियोग लगाइएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी गणेश बस्नेतको साक्षी राधिका बस्नेतले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादी प्रदीप बस्नेत र मेरो घर एउटै जोडिएको छ । निजको सानैदेखिको आनीबानी मैले जाने बुझेकी हुँ प्रदीप बस्नेतले अभियोग माग दाबीअनुसारको कसुर अपराध नगरेका र उक्त घटनामा संलग्न नभएका वारदातको समयमा आफ्नै घरमा रहे भएको मैले देखेको हुँदा अभियोग दाबीअनुसार निजलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी प्रदीप बस्नेतको साक्षी शान्ति बस्नेतले सुरू अदालतमा गरेको बकपत्र।

मिति २०६५।६।२५ गते म तिलाहारस्थित आफ्नै घरमा थिएँ । प्रतिवादी निर्मल बस्नेत आफ्नो दिदी बेलाउतीको रूखबाट खसी घाइते भएकीले उपचारको लागि पोखरा लैजान बेतेनीसम्म पुराई करिब ४ बजेतिर मेरो घरमा आइपुगेका थिए। त्यसपछि म र निज निर्मल बस्नेत म कार्यरत् रहेको म्याग्दी जिल्ला प्रहरी कार्यालयमा सँगै गएका हौ र निर्मल बस्नेत १ महिना बेनीमा नै कम्प्युटर सिकी कार्तिकमा मात्र आफ्नो घरमा आएका हुन्। घटनामा यी प्रतिवादीको संलग्नता छैन भन्नेसमेत व्यहोराको प्रतिवादी निर्मलबहादुर बस्नेतका साक्षी प्रेम के.सी. ले सुरू अदालतमा गरेको बकपत्र।

मिति २०६५।६।२५ गते म आफ्नै घरमा थिएँ । उक्त दिन यी प्रतिवादी निर्मल बस्नेत आफ्नै घरमा भएका र दिनको ४.०० बजे तिर आफ्नै मामासँग कम्प्युटर सिक्न भनी म्याग्दीतर्फ गएका हुन् भन्नेसमेत व्यहोराको प्रतिवादी निर्मलबहादुर बस्नेतको साक्षी मञ्जु के.सी. ले सुरू अदालतमा गरेको बकपत्र।

मिति २०६५।६।२५ का दिन अन्दाजी २ देखि २।३० बजे समयमा प्रतिवादी बनाइएका इन्द्रबहादुर बस्नेत कास्की सल्यान गा.वि.स. वडा नं. ६ स्थित मेरो घरमा आएका र उक्त दिन मेरो घरमा बसी भोलिपल्ट बिहान करिव ६.०० बजे तिर नजिकै रहेको दाइको ससुरालीमा गएका हुन् घटनामा निजको कुनै संलग्नता छैन भन्नेसमेत व्यहोराको प्रतिवादी इन्द्रबहादुर बस्नेतका साक्षी कृष्ण के.सी. ले सुरू अदालतमा गरेको बकपत्र।

मिति २०६५।६।२५ गते यी प्रतिवादी हिमाञ्चल खत्री दिनको ५ बजे तिर म र मेरो भाइ वस्ने पोखरा उपमहानगरपालिका वडा नं. १ सिमपानीमा आई सो रात त्यहीँ बसी भोलिपल्ट बिहान काठमाडौं जान भनी बस चढी गएका हुन्। वारदात भयो भनिएको समयमा यी प्रतिवादी हिमाञ्चल पोखरामा भएका र भोलिपल्ट काठमाडौं गएका हुँदा निजको घटनास्थलमा

कुनै संलग्नता छैन भन्नेसमेत एकै मिलान व्यहोराको प्रतिवादी हिमाञ्चल खत्रीका साक्षी सुमन पौडेल, रिता पौडेल र रमेश पौडेलले सुरू अदालतमा गरेको बकपत्र।

प्रतिवादी हिमाञ्चल खत्री क्षेत्रीको आनी वानी र आचरण र पढाइसमेत राम्रो भएको र मिति २०५६।६।२५ का दिन बेलुका अ. ७.३० बजेतिर म कोठामा खाना खाँदै गरेको अवस्थामा निज हिमाञ्चल खत्रीले मेरो मोबाइलमा फोन गरी म अहिले पोखरा छु भोलि बिहान काठमाडौं जाँदै छु। मैले एम वि.वि.एस को (इन्ट्रास) प्रवेश परीक्षा दिएको छु नाम निस्केमा तपाईले सहयोग गर्नुपर्छ भनेकाले मैले सक्दो सहयोग गर्नेछु भनी भनेको हुँ घटनामा निजको कुनै संलग्नता नहुदा अभियोग दाबीबाट सफाइ पाउनुपर्दछ भन्नेसमेत व्यहोराको प्रतिवादी हिमाञ्चल खत्रीका साक्षी इन्द्रमान खत्रीले सुरू अदालतमा गरेको बकपत्र।

मिति २०६५।८।८ मा भएको खानतलासी मुचुल्का मसमेतले तयार पारेको हो, हर्कबहादुर बस्नेतको घरबाट प्रतिवादी गणेश बस्नेत सुत्ने गरेको कोठाबाट काठको खोल भएको बिँडमा चराको टाउको भएको चक्कु बरामद भएको हो भन्नेसमेत व्यहोराको खानतलासी मुचुल्कामा काम तामेल गर्ने प्र.स.नि. टिकाराम पोखरेलले सुरू अदालतमा गरेको बकपत्र।

मिति २०६५।८।८ मा भएको बरामदी मुचुल्कामा लागेको सहीछाप मेरो हो उक्त दिन म बारीमा नल काट्दै गरेको अवस्थामा मलाई दिदी भनी सम्बोधन गरी बोलाएर म आफैँ छोराको चिन्ताले गर्दा उक्त कागजको व्यहोरा के थियो पढेर सुन्नतिर लागिन। मलाई रोहवरमा सही गरी दिन पर्‍यो भनेकाले सहीछाप मात्र गरेकी हुँ बरामदी चक्कु कस्तो थियो कहाँ थियो मैले देखेकी होइन भन्नेसमेत व्यहोराको बरामदी मुचुल्कामा बस्ने इश्वरी बस्नेतले सुरू अदालतमा गरेको बकपत्र।

मिति २०६५।८।८ को बरामदी मुचुल्का पढी बाँची सुनाउँदा सुनेँ। उक्त मुचुल्कामा भएको सहीछाप मेरो हो तर उक्त मुचुल्काको व्यहोरा पढी बाँची नसुनाई रोहवरमा बसिदिनु भनेकाले सहीछाप मात्र गरेकी हुँ उक्त बरामदी चक्कुसमेत त्यस बखत मैले देखेकी होइन भन्नेसमेत व्यहोराको बरामदी मुचुल्कामा बस्ने कमला बस्नेतले सुरू अदालतमा गरेको बकपत्र।

मिसिल संलग्न लास जाँच प्रकृति मुचुल्का, मृतकको Autopsy Report मा उल्लिखित मृत्यको कारणहरूले मृतक पदमबहादुर खत्रीको मृत्यु कर्तव्यजनकरूपमा भएको भन्ने निर्विवादरूपमा पुष्टि हुन आउँछ। जाहेरवाला चन्द्रबहादुर खत्रीको किटानी जाहेरी, अनुसन्धानको सिलसिलामा बुझिएका जाहेरवालासहितका प्रमोद खत्री क्षेत्री, चुवाकुमारी खत्री, वस्तुस्थिति मुचुल्काका तिलकुमारी भुवाजी, भगवती भुवाजीसमेतले मौकाको व्यहोरा अनुकूल नै प्रतिवादीहरूउपर गडाउ गरी सुरू अदालतमा आई बकपत्र गरेको र प्रतिवादीहरू हिमाञ्चल खत्री, इन्द्रबहादुर बस्नेत, निर्मल बस्नेत, गणेशबहादुर बस्नेत, किसान बस्नेत र प्रदीप बस्नेतले सुरू अधिकारप्राप्त अधिकारीसमक्ष आरोपित कसुर स्वीकार गरी बयान गरेका र सुरू अदालतमा आई बयान गर्दा आफू कसुरमा इन्कार रही बयान गरे तापनि एक अर्कामा पोल गरी फरकफरक किसिमको बयान गरेको देखिँदा निज प्रतिवादीहरूले सुरू अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानलाई अन्यथा हो भनी अनुमान गर्न नसकिने देखिन आउँछ। वारदातस्थलमा प्रतिवादीहरूको समूहमा उपस्थिति, पीडित पक्षलाई कुरी बसेको अवस्था र हतियारसहित घटनास्थलको उपस्थितिले प्रस्तुत वारदात तत्कालको परिस्थितिबाट सृजित हो भन्ने (Crime committed on impulse) प्रमाणित हुन आउँदैन। उक्त वारदात योजनाबद्धरूपमा साझा मनसाय साथ सुनियोजितरूपमा घटाइएको (Carefully planned) भन्ने वारदातको प्रकृतिबाटै प्रमाणित हुन आउँछ।

अतः विवेचित उपर्युक्त आधार र कारणबाट मिति २०६५।६।१८ गते भलिबल खेल्दा भएको

झगडाको जरियाबाट मिति २०६५।६।२५ गतेका दिन प्रतिवादीहरू समूहमा भेला जम्मा भै हातहतियारसाथ मृतक पक्ष आउने बाटो कुरी बसी मृतक पक्षसँग निहुँ खोजी झगडा गरी मृतकको घाँटी दबाउने तथा मृतकलाई छुरी हान्नेसमेतका प्रतिवादीहरूको कर्तव्यबाट मृतकको मृत्यु भएको प्रमाणित हुन आएकाले मृतक पदमबहादुर खत्रीको मृत्यु छुरीको प्रहारबाट लागेको घाँ चोटसमेतबाट भएको देखिँदा छुरी प्रहार गर्ने प्रतिवादी गणेशबहादुर बस्नेतलाई वादीपक्षको मागदाबीअनुसार मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा ऐ. को १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद सजाय हुने र मृतकलाई घा चोट प्रहार गर्ने तथा घाँटी दबाउने प्रतिवादी हिमाञ्चल खत्री, इन्द्रबहादुर बस्नेत, निर्मल बस्नेत, होमबहादुर भन्ने किसान बस्नेतलाई ऐ को १३ (३) नं. बमोजिम जनही जन्म कैद सजाय हुने ठहर्छ। मृतकको ज्यान मार्ने मतलबमा पसी वारदात स्थलमा उपस्थित रहने प्रतिवादी प्रदीप बस्नेतलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १७ (३) नं. बमोजिम ३ वर्ष कैद हुनेमा वारदात समयमा निज नाबालक भन्ने हुँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम आधा डेढ वर्ष कैद सजाय हुने ठहर्छ भन्ने पर्वत जिल्ला अदालतको मिति २०६७।२।५ को फैसला।

मैले अदालतमा स्वतन्त्रपूर्वक बयान गर्ने क्रममा २०६५।६।१८ गतेको सामान्य विवादमा मात्र उपस्थित थिएँ। सोपछि प्रस्तुत मुद्दाको वारदात भएको भनिएको मिति २०६५।६।२५ को घटनामा संलग्न थिइन्, कास्की जिल्लाको सल्यानमा गएको थिएँ भन्ने जिकिर लिएको छु। मेरो सो Alibi लाई मेरोतर्फबाट उपस्थित हुनुभएका साक्षीको बकपत्रबाट प्रमाणितसमेत भएको छ। यस्तो अवस्थामा सो व्यहोरालाई फैसलामा उल्लेखसम्म गरिएको छैन। मौकामा बुझिएका मानिसहरू स्वतन्त्र नभई वारदातमा नै संलग्न भएका वा जाहेरवालातर्फका मानिसहरू मात्र रहेका छन्। लास जाँच मुचुल्का र Autopsy Report प्रष्टरूपमा बाझिएको छ। सोही विवादित Autopsy Report लाई नै मेरो विरूद्ध फैसलामा मुख्य प्रमाणको रूपमा विश्लेषण गरी स्वीकार गरिएको छ। यसबाट मैले घाँटीमा प्रहार गरेको कारण मृतकको मृत्यु भएको भन्ने ठहर हुन नसक्ने र मैले अदालतमा उपस्थित भई अभियोग दाबीमा पूर्णरूपमा इन्कार रही उल्लेख गरेको Alibi को जिकिर रहेको बयान व्यहोरा पुष्टि भएकाले सोतर्फ कुनै विवेचना नगरी भएको सुरू फैसला बदर गरी अभियोग दाबीबाट अलग फुर्सद दिलाई न्याय पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी इन्द्रबहादुर बस्नेतको पुनरावेदन अदालत, बाग्लुङमा दायर पुनरावेदनपत्र।

मेरो अदालतमा भएको बयानलाई मेरा साक्षी रिताकुमारी पौडेल, इन्द्रमान खत्रीसमेतको बकपत्रबाट समर्थित भएको छ। मिसिल संलग्न कुनै पनि कागजबाट स्पष्टरूपमा मृतकलाई मैले कुटपिट गरेको वा चोट प्रहार गरेको भन्ने खुल्दैन। अनुसन्धानमा भएका कागजहरूबाट र सहप्रतिवादीहरूको अनुसन्धान र अदालतको बयानसमेतबाट मृतक पदमबहादुर र मेराबीच कुनै वादविवाद भएको देखिएको छैन। प्रतिवादीमध्येका गणेशबहादुर बस्नेतलाई अनुसन्धानको क्रममा गराइएको बयानबाट एवम् अन्य सहप्रतिवादीहरूलाई गराइएको बयानबाट पनि छुरा प्रहार प्रतिवादी गणेश बस्नेतले गरेको भनी उल्लेख भएको पाइन्छ। जाहेरवालाको छोरा र प्रत्यक्षदर्शी भनिएका माधव र मेराबीच हानाहान भएको भन्ने कुरालाई इवी राखी प्रस्तुत मुद्दामा मलाईसमेत फसाउन झुट्टा जाहेरी दिएको स्पष्ट देखिएकै छ। प्रमोद खत्री चुवाकुमारी तथा दलबहादुर कुनै पनि व्यक्ति प्रत्यक्षदर्शी होइनन् र निजको अनुमानको भरमा भएको कागजलाई प्रमाणमा लिन मिल्दैन। मैले मृतकलाई घाउ चोट पुर्‍याएको भन्ने कही कतैबाट नखुलेको अवस्थामा मलाई कसुरदार ठहर गरी सजाय गर्ने गरेको सुरू पर्वत जिल्ला अदालतको फैसला त्रुटिपूर्ण भएकाले उल्टी गरी प्रस्तुत मुद्दाबाट सफाइ दिलाई न्याय इन्साफ पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी हिमाञ्चल खत्री क्षेत्रीको

पुनरावेदन अदालत, बागलुङमा दायर पुनरावेदनपत्र।

म वारदातस्थल भनिएको स्थानमा पनि छैन र मृतकको ज्यान मार्ने मतलबमा पसेकोसमेत छैन होइन। मेरो अदालतमा भएको बयान मेरा साक्षीहरूबाट समर्थित भएको छ। सहप्रतिवादीहरूको अनुसन्धानको बयानमा पनि मलाई पोल गर्न सकिएको छैन। यस्तोमा लास जाँच प्रतिवेदनका आधारमा मलाईसमेत दोषी कायम गरी सजाय गर्न मिल्दैन । मृतकको मृत्युको कारणमा मेडिकल अधिकृतबाट २ वटा राय दिइएको र उक्त राय आफैँमा द्विविधाजनक भनी अदालतले स्वीकार गरेको सन्दर्भमासमेत गलत र त्रुटिपूर्ण तर्क गरी मलाई हराउन मिल्ने होइन प्रत्यक्षदर्शी भनिएका व्यक्तिहरूको भनाइ फरकफरक रहेकोबाट नै म निर्दोष भएको देखिएकै छ। मिति २०६५।६।२५ गते मृतक र मेराबीच भेटघाट भएको छैन। निजसँग कुनै वादविवाद झगडा भएको छैन, मृतकलाई मैले चोट प्रहार कुटपिट गरेको छैन, उपर्युक्त मेरो पुनरावेदन जिकिरहरूका कारणहरूबाट म नाबालक भएको अवस्था मिसिलबाट देखिएको सन्दर्भमा आधार प्रमाणविना मउपर झुट्ठा आरोप लगाउन मिल्दैन । तसर्थ सुरू पर्वत जिल्ला अदालतको मिति २०६७।२।५ को फैसला त्रुटिपूर्ण भएकाले उल्टी गरी न्याय इन्साफ पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी प्रदीप बस्नेतको पुनरावेदन अदालत, बागलुङमा दायर पुनरावेदनपत्र।

प्रत्यक्षदर्शी भनिएका कृष्णबहादुर, माधव, सरस्वती र सूर्यबहादुर के.सी.समेतले अदालतमा बकपत्र गर्दा म पुनरावेदकले मृतकलाई छुरी हानेको नदेखेको, बरामद भएको भनिएको छुरी घटनास्थलमा नदेखेको भन्ने बकपत्र गरेका छन्। मैले आफ्नो सत्य व्यहोराको मृतकलाई छुरी प्रहार नगरेको बयान गरेको छु। सहप्रतिवादी बनाइएका इन्द्र बस्नेतसमेतले आफू घटनामा संलग्न नरहेको र गणेशले चक्कु प्रहार गरी पदमबहादुरको हत्या गरेको भन्ने थाहा पाएको भन्ने अदालतमा बयान गरेका छन् । एक साथ अभियोग लगाइएको सहअभियुक्तलाई साक्षीको रूपमा राख्न र प्रमाणमा लिन नसकिने सहअभियुक्त आफू कसुरमा साबित भई अरूलाई सोही कुरामा पोल गरेको हुनुपर्नेसमेतको नजिर प्रतिपादित भएको छ तसर्थ इन्द्रबहादुरसमेतको मलाई पोल गरेको बयान मेरो विरूद्धमा प्रमाणमा ग्राह्य गर्न मिल्दैन । यस्तो तथ्य भएकामा मेरै प्रहारबाट मात्र मृतकको मृत्यु भएको भनी मलाई मुख्य दोषी करार गरी सर्वस्वसहित जन्मकैद गर्ने सुरू अदालतको फैसला पूर्णतः गैरकानूनी त्रुटिपूर्ण हुँदा बदर गरी न्याय पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी गणेशबहादुर बस्नेतको पुनरावेदन अदालत, बागलुङमा दायर पुनरावेदनपत्र।

होमबहादुर बस्नेत भन्ने किसानबहादुर बस्नेतले अनुसन्धानको क्रममा बयान कागज गर्दा प्रदीप बस्नेतले मैले लात्ताले पदमबहादुरलाई हानेको हुँ भन्दा सुनेको हुँ भनी लेखाएको, गणेशबहादुर बस्नेतले बयान गर्दा वारदातमा हामी प्रदीप बस्नेतसमेत सबैको संलग्नता थियो, सल्लाहअनुसार नै उक्त वारदात भएको हो सबैको उक्त वारदातमा भूमिका रहेको छ भनी लेखाइदिएको देखिँदा सहअभियुक्तहरूको भनाइसमेतबाट प्रतिवादी प्रदीप बस्नेतसमेतको सामूहिक कार्यबाट मृतक पदमबहादुर के.सी.को मृत्यु भएको भन्ने कुरा पुष्टि भइरहेको, मौकामा बुझिएका प्रत्यक्षदर्शी सरस्वती के.सी.ले कागज गर्दा मेरो श्रीमान् सूर्यबहादुर के.सी. तथा मृतक पदमबहादुर के.सी.लाई कुटपिट तथा छुरा प्रहार गर्ने हिमाञ्चल के.सी.समेत ६ जना यिनैहरू हुन् भनी सनाखत गरी लेखाइदिएकोसमेतका कागजातहरूबाट प्रतिवादी प्रदीप बस्नेतसमेतको कुटपिटबाट मृतक पदमबहादुर के.सी.को मृत्यु भएको भन्ने पुष्टि हुँदाहुँदै मृतकको ज्यान मार्ने मतलबमा पसी वारदातस्थलमा उपस्थित रहेको भनी प्रतिवादी प्रदीप बस्नेतलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १७ (३) नं. को कसुर ठहर गर्ने गरेको सो हदसम्मको पर्वत जिल्ला अदालतको फैसला कानुन र प्रमाणको रोहमा त्रुटिपूर्ण र बदरभागी छ। सामूहिक क्रियाको परिणामबाट कर्तव्य हुन्छ भने

सजायको मात्रामा घटीबढी हुन सक्ने होइन, यसर्थ माथि उल्लिखित आधार प्रमाणहरूसमेतबाट प्रतिवादी प्रदीप बस्नेतको कसुरमा अन्य प्रतिवादीहरू सरहको भूमिका देखिँदा देखिँदै विना आधार र कारण मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३ (३) नं. को अभियोग माग दाबी पुग्न नसक्ने गरी सोही महलको १७ (३) नं. को कसुर ठहर गर्ने गरेको सो हदसम्मको पर्वत जिल्ला अदालतको मिति २०६७।२।५ को फैसला त्रुटिपूर्ण हुँदा बदर गरी निज प्रतिवादीलाई सुरू अभियोग मागदाबीअनुसार सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको पुनरावेदनपत्र।

घटनाका प्रत्यक्षदर्शी भनिएका माधव के.सी., कृष्णबहादुर के.सी. र सूर्य के.सी.को अनुसन्धानको सिलसिलामा घटनामा को कसको के कस्तो संलग्नता र भूमिका थियो किटानी साथ खुलाउन सकेका छैनन् भने अदालतसमक्ष बकपत्र गर्दा आफ्नो पूर्व भनाइसँग बाझिने गरी बकपत्र गरेका कारण उनीहरूको भनाइलाई अदालतले शङ्कारहित प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने अवस्था छैन । लास प्रकृति र घटनास्थल प्रकृति मुचुल्काको आधारमा पदमबहादुर के.सी.को मृत्यु चक्कुको प्रहारबाट भएको स्पष्ट छ र चक्कु प्रहार गरेको कुरा अधिकारप्राप्त अधिकारी एवम् अदालतसमक्ष सहप्रतिवादी गणेश बस्नेतले स्वीकारी सकेको अवस्था रहेको छ । अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादीहरूले परस्पर पोल गरी बयान गरेको भनी जुन आधार लिइएको छ । सोसम्बन्धमा मैले मृतक पदमबहादुर के.सी.लाई कुटपिट गरेको भनी कुनै पनि सहप्रतिवादीले पोल गरेका छैनन । मलाई नै मृतक पदमबहादुर के.सी.ले धकेली लडाई दिएको कुरा प्रदीप बस्नेतले कागजमा उल्लेख गरेका छन् । सहप्रतिवादीहरूले केवल एक अर्का वारदातस्थलमा रहे भएको स्वीकार गरेका छन् । वारदातमा उपस्थित हुनु र वारदातमा संलग्न हुनु फरक विषय हो ।सहप्रतिवादी गणेश बस्नेतले अदालतसमक्ष गरेको बयानमा मेरो उक्त वारदातमा कुनै संलग्नता नभएको स्पष्ट किटान गरेका छन् । लास प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदनमा शरीरमा घाउ खत र घाँटीमा कुनै संकेत भएको देखिएको छैन । मृतकको मृत्यु चक्कु प्रहारबाट भएको भन्ने तथ्य स्थापित भएको कुरामा विवाद छैन । मिसिल संलग्न प्रमाणहरूको समग्र यथोचित मूल्याङ्कन गरी सुरू पर्वत जिल्ला अदालतको फैसला बदर गरी मलाई सफाइ दिलाई पाउँ भन्नेसमेत व्यहोराको पुनरावेदक प्रतिवादी होमबहादुर बस्नेत भन्ने किसान बस्नेतको पुनरावेदनपत्र।

घटनास्थल प्रकृति मुचुल्कामा पाँचवटा ढुङ्गाहरू रगतले भिजेको २० वटा ढुङ्गाहरूमा रगतका छिर्का लागेको र दक्षिणतर्फ धान खेत मडारिएको अवस्था छ । लासको प्रकृतिमा बायाँ कान र घाँटीमा सामान्य निलडाम र दायाँ साप्रामा ३ से.मि. लम्बाइको घाउ देखिएको छ भने शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण Death is due to manual strangulation and Death is due to stab wound उल्लेख गरिएकाले २ वटा मृत्युको कारण अन्योल उत्पन्न भई स्पष्ट नभएको हुँदा सम्बन्धित चिकित्सक अदालतमा उपस्थित भई मृत्युको कारण स्पष्ट पार्न नसकेको अवस्थामा सो शव परीक्षण प्रतिवेदनले प्रमाणको स्वरूप ग्रहण गर्न सक्दैन । लास प्रकृति र घटनास्थल प्रकृति मुचुल्काको आधारमा पदमबहादुर के.सी.को मृत्यु चक्कुको प्रहारबाट भएको स्पष्ट छ र चक्कु प्रहार गरेको कुरा अधिकारप्राप्त अधिकारी एवम् अदालतसमक्ष सह प्रतिवादी गणेश बस्नेतले स्वीकारी सकेको अवस्था छ । मैले अदालतमा गरेको बयान र मेरा साक्षीहरूको बकपत्रलाई प्रमाणको रूपमा लिइएको छैन । समग्र भौतिक प्रमाणको मूल्याङ्कनको आधार त्रुटिपुर्ण रहेको छ । मैले मृतक पदमबहादुर के.सी.लाई कुटपिट गरेको भनी अन्य कुनै पनि सहप्रतिवादीहरूले पोल गरेका छैनन् । वारदातमा उपस्थित हुनु र वारदातमा संलग्न हुनु फरक विषय हो । सहप्रतिवादी गणेश बस्नेतले अदालतसमक्ष गरेको बयानमा मेरो उक्त वारदातमा कुनै संलग्नता नभएको स्पष्ट बयान गरेका

छन् । प्रत्यक्षदर्शी भनिएका माधव के.सी., सुर्यबहादुर के.सी. र कृष्णबहादुर के.सी. ले यदि मैले पदमबहादुर केसी.लाई कुटपिट गरी मार्ने कार्यमा संलग्न भएको भए के कुन हतियार वा हात खुट्टाले मृतकको कहाँ के कुन भागमा हानेँ के गरेँ खुलाएर भन्न सक्नु पर्दछ । देख्नेले नै भन्न सक्ने कुरा हो सो कुरा किटानसाथ भन्न लेखाउन सकेको अवस्था छैन । मिसिल संलग्न प्रमाणहरूको यथोचित मूल्याङ्कन नगरी सुरू पर्वत जिल्ला अदालतले गरेको फैसला बदर गरी मलाई सफाइ दिलाई इन्साफ पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी निर्मलबहादुर बस्नेतको पुनरावेदनपत्र ।

यसमा सुरू पर्वत जिल्ला अदालतबाट प्रतिवादीहरूको कुटपिटको कारण मृतक पदमबहादुर खत्रीको मृत्यु भएको भन्ने निष्कर्षमा पुगी प्रतिवादी गणेशबहादुर बस्नेतको हकमा ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद तथा अन्य प्रतिवादीहरू इन्द्रबहादुर बस्नेत, हिमाञ्चल खत्री क्षेत्री, होमबहादुर भन्ने किसान बस्नेत र निर्मल बस्नेतलाई ऐ. १३ (३) नं. बमोजिम जन्मकैदको सजाय भएकामा मृतकको शवपरीक्षण प्रतिवेदनबाट निजको मृत्युको कारण (i) due to manual strangulation (throttling), (ii) due to stab wound (Sharp force injury) leading to haemorrage to hypovolumic shock भन्नेसमेत २ वटा कारण दर्साइएको सन्दर्भमा सुरूको फैसला विचारणीय देखिदा अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत, नियमावली, २०४८ को नियम ४७ बमोजिम छलफलका लागि पुनरावेदन सरकारी वकिल कार्यालय, बागलुङलाई सूचना दिने साथै प्रतिवादीमध्येका प्रदीप बस्नेत र वादी नेपाल सरकारको तर्फबाट दोहोरो पुनरावेदन परेको देखिदा सो व्यहोराको जानकारी एक अर्कालाई गराई नियमानुसार गरी पेस गर्नु भन्ने पुनरावेदन अदालत, बागलुङको मिति २०६७।९।१४ को आदेश ।

यसमा जिल्ला अस्पताल पर्वत कुश्मामा कार्यरत रहँदाको अवस्थामा मिति २०६५।६।२८ मा पोस्टमार्टम रिपोर्ट तयार गर्ने डा. युवानिधी बसौलालाई बकपत्रका लागि उपस्थित गराउन भनी पर्वत जिल्ला अदालतबाट मिति २०६६।३।२ मिति २०६६।७।२४ समेतमा आदेश भई अदालत तथा जिल्ला प्रहरी कार्यालयबाटसमेत ताकेता भई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसम्म पत्राचार भएकामा उक्त मन्त्रालयबाट सो पत्रको कुनै जवाफ प्राप्त भएको देखिएन । प्रस्तुत मुद्दामा पोस्टमार्टम रिपोर्ट तयार गर्ने निज डा. युवानिधी बसौला नबुझी नहुने प्रकृतिका व्यक्ति भएकाले निज हाल कहाँ कार्यरत छन् सोको स्पष्ट ठेगानासहितको जवाफ स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट फ्याक्समार्फत प्राप्त गरी प्राप्त ठेगानामा अ.बं. ११५ नं. बमोजिम निजका नाउँमा समाह्वान जारी गरी झिकाई आएपछि बकपत्रका लागि पेस गर्नु भन्ने पुनरावेदन अदालत, बागलुङको मिति २०६७।१२।८ को आदेश ।

यसमा चन्द्रबहादुर खत्रीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी हिमाञ्चल खत्री क्षेत्रीसमेत भएको कर्तव्य ज्यान मुद्दामा मृतक पदमबहादुर के.सी. को लास पोस्टर्माटम गर्ने तत्कालीन पर्वत जिल्ला अस्पतालमा कार्यरत डा. युवानिधी बसौलालाई नबुझी नहुने प्रकृतिको व्यक्ति भएकाले निज हाल कहाँ कार्यरत छन् ? सोको स्पष्ट ठेगाना सहितको जवाफ स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट फ्याक्समार्फत प्राप्त गरी प्राप्त ठेगानामा अ.बं. ११५ नं. बमोजिम निजको नाउँमा समाव्हान जारी गरी झिकाई आएपछि बकपत्रको लागि पेस गर्नु भन्ने मिति २०६७।१२।०८ मा आदेश भई पत्राचार हुँदा उक्त पत्रमा उल्लेख भएका डा. युवानिधी बसौला चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालद्वारा सञ्चालन भएको MD/MS विषयमा अध्ययनरत रहनुभएको र निजको पदाधिकार कान्ति बाल अस्पतालमा रहेको तथा यस मन्त्रालयको रेकर्डअनुसार निजको स्थायी ठेगाना चितवन जिल्ला पटीहानी गा.वि.स. वडा नं. १ भएको भनी जवाफ प्राप्त भएपश्चात् निज पोस्टमार्टम गर्ने डाक्टरको नाउँमा

निज अध्ययनरत भनिएको चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पताल काठमाडौंमा म्याद तामेल हुँदा बेपत्ते तामेल भई आएको देखिँदा निज डाक्टर त्यस प्रतिष्ठानमा अध्ययनरत छन्, छैनन् ? नभए अध्ययनपश्चात् निजको दरबन्दी हाल कहाँ कायम भई कार्यरत रहेका छन् ? स्पष्ट गरी पठाइदिनु हुन भनी पत्राचार गरी पत्रको बोधार्थ स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग र कान्ती बाल अस्पताललाईसमेत दिई सोको जवाफ प्राप्त भएपछि वतन खुले सोही वतनमा पुनः म्याद जारी गरी निज डाक्टर उपस्थित भए बकपत्रको लागि र नभए नियमानुसार गरी पेस गर्नु भन्ने पुनरावेदन अदालत, बागलुङको मिति २०६८।९।१३ को आदेश।

मिति २०६५।६।२६ मा मृतक पदमबहादुर के.सी.को शव परीक्षण गरी प्रतिवेदन दिई सोमा सहीछापसमेत म आफैँले गरेको हुँ। मृतक पदमबहादुर खत्रीको मृत्युको कारणमा निजको पोस्टमार्टम गर्दा घाँटी थिचिएको र घाँटी थिच्दा हाइबाइड हड्डी र थाइराइड कार्टिलेज भाँचिएको साथै घाँटीको पछाडिपट्टी रहेको सरभाइकल हड्डीको तेस्रो र चौंथो पनि भाँच्चिएको देखिएकाले घाँटी थिचिएको प्रमाणित हुन्छ । मृतक पदमबहादुर खत्रीको मृत्युको कारणमा मैले उक्त शव परीक्षण प्रतिवेदनको १ नं. बुँदामा उल्लेख गरेको छु। मृत्युको कारणमा १ भन्दा बढी कारण पनि उल्लेख गर्न सकिन्छ । उक्त प्रतिवेदनको २ नं. मा उल्लेख गरेको व्यहोरा घाउको वर्णन गरी लेखेको हुँ भन्नेसमेत व्यहोराको आदेशानुसार मृतक पदमबहादुर खत्री क्षेत्रीको पोस्टमार्टम रिपोर्ट गर्ने तत्कालीन पर्वत जिल्ला अस्पतालका डा. युवानिधी बस्यौलाले पुनरावेदन अदालत, बागलुङमा गरेको बकपत्र।

प्रतिवादीहरूमध्ये गणेशबहादुर बस्नेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा ऐ. ऐनको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने र अन्य प्रतिवादीहरू हिमाञ्चल खत्री क्षेत्री, इन्द्रबहादुर बस्नेत, निर्मलबहादुर बस्नेत, होमबहादुर भन्ने किसान बस्नेतलाई ऐ. ऐनको १३ (३) नं. बमोजिम जनही जन्मकैद सजाय हुने र अर्का प्रतिवादी प्रदीप बस्नेतलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १७ (३) नं. बमोजिम ३ वर्ष कैद हुनेमा वारदात समयमा निज नाबालक देखिँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ (३) बमोमिज आधा डेढ वर्ष कैद सजाय हुने ठहरी सुरू पर्वत जिल्ला अदालतबाट मिति २०६७।२।५ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकार र प्रतिवादीहरूको पुनरावेदनको जिकिर पुग्न सक्दैन।

अब यी प्रतिवादी गणेशबहादुर बस्नेत, हिमाञ्चल खत्री क्षेत्री, इन्द्रबहादुर बस्नेत, निर्मल बस्नेत, होमबहादुर भन्ने किसान बस्नेतसमेतको हकमा हेर्दा यी प्रतिवादीहरू र मृतक एकै गाउँ ठाउँमा बस्ने व्यक्तिहरू भएको भन्ने देखिन्छ । प्रतिवादी होमबहादुर बस्नेतबाहेक सबै प्रतिवादीहरू अध्ययन गर्दै गरेका विद्यार्थी साथै यी प्रतिवादीहरू हिमाञ्चल खत्री क्षेत्रीको उमेर २० वर्ष, प्रतिवादी होमबहादुर बस्नेत भन्ने किसान बस्नेतको उमेर १८ वर्ष, इन्द्रबहादुर बस्नेतको उमेर २५ वर्ष, गणेशबहादुर बस्नेतको उमेर १९ वर्ष, निर्मल बस्नेतको उमेर १७ वर्षका कलिलो उमेरका देखिन्छन्। भलिबलको जरियाबाट झगडा हुँदा मृतकको मृत्यु हुन गएको देखिएकाले प्रतिवादीमध्ये गणेशबहादुर बस्नेतलाई ज्यानसम्बन्धी महलको १३ (३) नं. अनुसार सर्वस्वसहित जन्मकैद र अन्य प्रतिवादी हिमाञ्चल खत्री क्षेत्री, इन्द्रबहादुर बस्नेत, निर्मल बस्नेत, होमबहादुर भन्ने किसान बस्नेतलाई ऐ. ऐनको १३ (३) नं. अनुसार जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखिएकाले निजहरूको उमेर, अध्ययन गर्दै गरेको अवस्था र भविष्यसमेतलाई विचार गर्दा निज प्रतिवादीहरूलाई जनही आठ (८) वर्ष कैद सजाय हुन अ.बं. १८८ नं. बमोजिम उपयुक्त हुने चित्तमा लागेकाले यो राय व्यक्त गरेका छौं । साधक जाँचका लागि मिसिल सम्मानित सर्वोच्च अदालतमा पठाइदिनु भन्ने व्यहोराको पुनरावेदन अदालत, बागलुङको मिति

२०६९।३।६ को फैसला।

पुनरावेदन अदालत, बागलुङको फैसलामा चित्त बुझेन। बरामद भएको चक्कु मेरो होइन बरामदी मुचुल्काको साक्षीहरूले हतियार नदेखेको भनेका छन् । मृतकले ममाथि चक्कु हान्दै गर्दा चक्कुले मृतकको साँप्रोमा लाग्न गएको भनी मैले अनुसन्धानमा सघाएको, सह-अभियुक्त इन्द्र बस्नेतले चक्कु गणेश बस्नेतले हानेको भनी गरेको बयान स्वतन्त्र प्रमाणले पुष्टि नगरिएसम्म दोषी ठहर गर्न मिल्ने होइन। आफु कर्तव्य गरेकामा साबित भै अरूलाईसमेत पोल्ने सह-अभियुक्तको बयान मात्र प्रमाणमा लिन मिल्ने सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्तको विपरीत प्रतिवादी इन्द्र बस्नेत र हिमाञ्चलसमेतको बयानलाई आधार लिई मलाई दोषी ठहर गरिएको, कुट्न जाउँ भनी प्रतिवादीहरूलाई मच्चाई लैजाने हिमाञ्चल र कडा चोट छाड्ने इन्द्रबहादुर बस्नेतलाई सम्म सजाय गरिनुपर्नेमा निर्दोष मलाई सजाय हुनु नपर्नेमा उल्टै सबै भन्दा बढी सजाय गर्ने गरेको सुरू र सो फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, बागलुङबाट भएको फैसलाबाट पूर्णत सफाइ दिलाई मलाई कैद मुक्त गरिपाउँ भन्ने व्यहोराको प्रतिवादी गणेशबहादुर बस्नेतको यस अदालतमा दायर हुन आएको पुनरावेदनपत्र।

पुनरावेदन अदालत, बागलुङको फैसलामा चित्त बुझेन । मृतकमाथि प्रहार गरेको कुरामा अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा इन्कार रही बयान गरेको र सह-अभियुक्तहरूले मृतकलाई चोट प्रहार गरेको भनी मलाई पोल गर्न सकेका छैनन्। वारदातका प्रत्यक्षदर्शी सरस्वती के.सी., कृष्णबहादुर के.सी.ले अदालत सामु मैले प्रहार गरेको भनी कहीं कतै उल्लेख गरेका छैनन् भने मौकामा कागज गर्ने सुर्यबहादुर के.सी. ले मृतकमाथि मैले प्रहार गरेको भनी उल्लेख गर्न नसकेको हुँदा मलाई अधिकतम सजाय गर्ने गरेको पुनरावेदन अदालत, बागलुङको फैसला बदर गरी मेरो संलग्नता र तथ्य प्रमाणबाट प्रमाणित हुने गरेको कसुरसम्म मात्र सजाय गरिपाउँ भन्ने व्यहोराको प्रतिवादी हिमाञ्चल खत्री क्षेत्रीको यस अदालतमा दायर हुन आएको पुनरावेदनपत्र।

पुनरावेदन अदालत, बागलुङको फैसलामा चित्त बुझेन। वारदात भएको मिति २०६५।६।२५ गते म म्याग्दी गएको हुँदा घटनास्थल र घरमा नभएको, अनुसन्धानको क्रममा भएको मेरो बयान स्वेच्छाले गरेको होइन, मेरो अदालतमा भएको बयानलाई मेरा साक्षी प्रेम के.सी. ले गरिदिएको बकपत्रबाट पुष्टि भएको अवस्थामा उक्त प्रमाणको उचित मूल्याङ्कन नगरी केवल जाहेरी र अभियोगपत्रको आधारमा भएको पर्वत जिल्ला अदालतको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४, अ.बं. १८४ नं. कोसमेत विपरीत भै त्रुटिपूर्ण भएको र पुनरावेदन अदालत, बागलुङको फैसलामा न्यायिक मनको प्रयोग नभएको, सह-प्रतिवादीहरूले मलाई स्पष्टरूपमा पोल गर्न नसकेको अवस्थामा मलाई जन्म कैदको सजाय गर्ने गरी भएको पुनरावेदन अदालतको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ दिलाई पाउँ भन्ने व्यहोराको प्रतिवादी निर्मलबहादुर बस्नेतको यस अदालतमा दायर भएको पुनरावेदनपत्र।

पुनरावेदन अदालत, बागलुङको फैसलामा चित्त बुझेन । मिति २०६५।६।२५ मा प्रस्तुत मुद्दाको वारदात हुँदा म आफ्नो काम विशेषले कास्की सल्यानमा रहेको, वारदातको बारेमा पछि मात्र थाहा पाई प्रहरीमा गएको र सत्य साँचो व्यहोराको बयान गरेको र सो कुरालाई मेरा साक्षी कृष्णबहादुर के.सी.ले कास्की जिल्ला सल्यानमा इन्द्रबहादुर आई पैसाको माग गरेको भन्ने व्यहोरा उल्लेख गरी बकपत्र गरिदिएको अवस्था छ। रिसइवी भएका सह-प्रतिवादीहरूले मउपर गरेको पोलको आधारमा गरिएको सजाय न्यायिक मनको प्रयोग गरी फैसला भएको छैन । तसर्थ पुनरावेदन अदालत, बागलुङको त्रुटिपूर्ण फैसला बदर गरी मलाई निर्दोष ठहराई पुनरावेदन जिकिरबमोजिम सफाइ दिलाई पाउँ भन्ने व्यहोराको प्रतिवादी इन्द्रबहादुर

बस्नेतको यस अदालतमा दायर भएको पुनरावेदनपत्र।

पुनरावेदन अदालत, बागलुङको फैसलामा चित्त बुझेन। प्रत्यक्षदर्शी भनिएका माधव के.सी., सुर्य के.सी. र कृष्ण के.सी.ले मैले मृतकलाई चोट प्रहार गरेको कुरा स्पष्ट भन्न सकेका छैनन्। केवल गणेश सँगसँगै आएका सबै हुन् भन्ने आधारमा मलाईसमेत हो भनी कागज गरिदिएका हुन् निजहरूको प्रहरीमा गरेको कागज र अदालतमा गरेको बकपत्र विरोधाभास छ। मिसिल संलग्न प्रमाणहरूको यथोचित मूल्याङ्कन नगरी सुरू पर्वत जिल्ला अदालतबाट मलाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम जन्म कैद हुने गरी गरेको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, बागलुङको फैसला बदर गरी सफाइ दिलाई पाउँ भन्ने व्यहोराको प्रतिवादी होमबहादुर भन्ने किसान बस्नेतको यस अदालतमा दायर हुन आएको पुनरावेदनपत्र।

नियमानुसार दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी गणेश बहादुर बस्नेतको तर्फबाट रहनुभएका विद्वान् अधिवक्ता श्री कीर्तिनाथ शर्मा पौडेल, पुनरावेदक प्रतिवादी हिमाञ्चल खत्री क्षेत्रीको तर्फबाट रहनुभएका विद्वान् अधिवक्ताद्वय श्री हरिशंकर कर्ण र श्री धीरेन्द्र कुमार मल्लिक तथा पुनरावेदक प्रतिवादीहरू इन्द्र बहादुर बस्नेत, निर्मल बस्नेत र किसान बस्नेतको तर्फबाट विद्वान् वैतनिक कानून व्यवसायी श्री किरण कुमारी गुप्ताले गर्नुभएको बहस सुनियो।

कानून व्यवसायीहरूको बहस सुनी पुनरावेदन सहितको मिसिल अध्ययन गरी हेर्दा पुनरावेदन अदालत, बागलुङको मिति २०६९।३।६ गतेको फैसला मिले नमिलेको के रहेछ र पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन सोही विषयमा निर्णय दिनुपर्ने देखियो।

यसमा, प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसुर अपराधमा ऐ. १३(३) नं. बमोजिम सजायका साथै प्रतिवादीमध्येका प्रदीप बस्नेतको उमेर वारदात समयमा १६ वर्षभन्दा मुनिको देखिन आएको हुँदा निजलाई उक्त कसुरमा मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. अनुसार हुने सजायमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) अनुसार सजाय गरिपाउँ भन्ने अभियोग दाबी रहेकामा सुरू पर्वत जिल्ला अदालतले प्रतिवादी गणेशबहादुर बस्नेतलाई सर्वस्वसहित जन्मकैद, प्रतिवादीहरू हिमाञ्चल खत्री क्षेत्री, इन्द्रबहादुर बस्नेत, निर्मल बस्नेत, होमबहादुर भन्ने किसान बस्नेतलाई जनही जन्मकैद र प्रतिवादी प्रदीप बस्नेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १७(३) नं. बमोजिम ३ वर्ष कैद हुनेमा वारदात समयमा निज नाबालक भएको हुँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम आधा डेढ वर्ष कैद सजाय हुने र निज प्रदीप बस्नेतको हकमा ज्यानसम्बन्धी महलको १३(३) नं. को सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको अभियोग दाबी पुग्न नसक्ने ठहर गरेको फैसलालाई सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, बागलुङको फैसलाउपर चित्त नबुझी पुनरावेदक प्रतिवादीहरू गणेशबहादुर बस्नेत, निर्मल बस्नेत, इन्द्रबहादुर बस्नेत, हिमाञ्चल खत्री क्षेत्री र होमबहादुर भन्ने किसान बस्नेतको यस अदालतमा पुनरावेदन परी निर्णयार्थ पेस भएको रहेछ।

२. निर्णयतर्फ विचार गर्दा मृतक पदम बहादुर के.सी. को बायाँ कान, घाँटीको बायाँ पट्टी नीलो डाम, बायाँ कन्चटमा नीलो डाम, दायाँ साँप्रोको भागमा ३ से.मि. लम्बाइ भएको काटिएको गोलो आकारको घाउ, बायाँ काँधमा घाँटीनिर खस्रिएको दाग, दुवै खुट्टाको भाग र दुवै हत्केलामा रगत लागेको भन्ने मृतकको लास प्रकृति मुचुल्कामा उल्लेख भएको र मृत्युको कारणमा Death is due to manual strangulation (throthling) / death is due to stab wound (sharp force injury leading to hemorrhage to hypovolemic shock) भनी शव

परीक्षण प्रतिवेदनमा उल्लेख भएको देखिन आएबाट मृत्युको कारण स्वाभाविक नभई कर्तव्यबाट नै भएको कुरामा विवाद रहेको देखिएन।

३. अब, प्रस्तुत वारदातमा यी पुनरावेदक प्रतिवादीहरूको संलग्नतासम्बन्धमा विचार गर्दा यी पुनरावेदक प्रतिवादीहरू र माधव खत्रीसमेतको टिम भई मिति २०६५/६/१८ गते एक आपसमा भलिबल खेलेको र भलिबल खेल्ने क्रममा माधव खत्री र हिमाञ्चल खत्री क्षेत्रीका बीच सामान्य वाद-विवाद भई सोही जरियाबाट उत्पन्न भएको प्रतिशोधका कारण मिति २०६५/६/२५ का दिन पुनरावेदक प्रतिवादीहरू पर्वत जिल्ला तिलाहार गा.वि.स. वडा नं. ९ स्थित ठूलो पँधेरो भन्ने स्थानमा जम्मा भएका र सोही ठाउँमा यी पुनरावेदक प्रतिवादीहरूको माधव खत्री, मृतक पदम बहादुर खत्री समेतसँग भेट हुँदा दुवै पक्षबीच कुटपिट एवम् भनाभन भई वारदातको सृजना हुन पुगेको र पुनरावेदक प्रतिवादी मध्येका गणेशबहादुर बस्नेतले मृतकको साँप्रोमा छुरासमेत प्रहार गरी अन्य प्रतिवादीहरूले लात हात मुक्कासमेतले कुटपिट गरी घाइते बनाएको कारणबाट मृतकको मुत्यु हुन पुगेको भन्ने मिसिल संलग्न जाहेरी दरखास्त, वारदात स्थलका प्रत्यक्षदर्शी एवम् घटनास्थल प्रकृति मुचुल्काका मानिसहरूको भनाई रहेको देखिन आयो।

४. मिति २०६५/६/२५ गते साँझ ६.३० बजेको समयमा पदमबहादुर के.सी., सूर्यबहादुर के.सी. र सरस्वती के.सी.समेत बेतेनीबाट घरतर्फ जाँदै गर्दा ठूलो पँधेरो भन्ने ठाउँमा जम्मा भएका प्रतिवादीहरू हिमाञ्चल खत्री क्षेत्रीसमेतका ६ जनाले मलाई कुटपिट गरी छाडी दाइ पदम बहादुर के.सी. लाई भलिबलको पूर्व रिसइवी लिई कुटपिट गरी धारिलो हतियारसमेत प्रहार गरेको हुँदा उपचारको क्रममा ल्याउँदै गर्दा सोही चोटका कारण पदमबहादुर के.सी. को मृत्यु हुन गएको भन्ने माधव के.सी. को घटना विवरण कागज व्यहोरालाई समर्थन गरी सोही वारदात स्थलमा उपस्थित रहेका कृष्णबहादुर के.सी., सूर्यबहादुर के.सी. र सरस्वती के.सी.समेतले अनुसन्धानको सिलसिलामा कागज गरेको देखियो।

५. पुनरावेदक प्रतिवादी इन्द्रबहादुर बस्नेतले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मिति २०६५/६/१८ गतेका दिन माधव के.सी. को टिम र हिमाञ्चल खत्री क्षेत्रीको टिमबीच भलिबल खेल हुँदा भलिबलको नेट टचको विषयमा झगडा भएको, मिति २०६५/६/२५ मा माधव के.सी. र पदम बहादुर के.सी. तिलाहारतर्फ गएको बुझिएकाले तिनिहरूलाई पिट्ने सल्लाह गरी म र निर्मल बस्नेतसमेत त्यसतर्फ गएको र पछिपछि हिमाञ्चल, किसान, गणेश र प्रदीप बस्नेतसमेत आई बेतेनीतर्फ आउँदै गरेका माधव के.सी., पदमबहादुर के.सी., सूर्य के.सी. सँग भेट भएको र हिमाञ्चलले माधव के.सी. लाई बल कहाँ छ भनी भन्दा विवाद भई मसमेतले माधव के.सी. लाई कुटपिट गर्दा माधव हामीबाट फुत्की भागेकाले पदम बहादुरलाई भेटी मैले निजलाई २ पञ्च हानेको, गणेशले पदम बहादुरलाई चक्कुले हानेको हो। होमे, निर्मलसमेतले निजलाई कुटपिट गरी पदमबहादुर ढलेकाले डर, त्रासले भागेका हौं भनी वारदातलाई स्वीकार गरी बयान गरेको पाइयो

६. त्यसै गरी पुनरावेदक प्रतिवादी हिमाञ्चल खत्रीले अनुसन्धानको बयान व्यहोरामा मिति २०६५/६/२५ गतेका दिन भलिबल खेल्न गएकामा भलिबल नपाएको र सोधपुछ गर्दा माधव के.सी. ले बल लगेको भन्ने बुझिएकाले रिस उठेको कारण माधव के.सी. र पदमबहादुर के.सी. लाई कुटपिट गर्ने योजना बनाई इन्द्र बस्नेत हामी भई निजहरू आउने बाटोतर्फ गएको र निजहरूसँग भेट हुँदा माधव के.सी.लाई कुटपिट गरी ऊ भागेपछि पदम बहादुरलाई कुटपिट गरेको भनी र पुनरावेदक प्रतिवादी निर्मलबहादुर बस्नेतले भलिबलको विषयमा भनाभन भएकामा मैले, इन्द्र बस्नेतले र गणेशले पदम बहादुरलाई कुटपिट गरेका हौं गणेशले छुरी प्रहार गरेको रहेछ मैले देखिन भनी अनुसन्धानको क्रममा वारदातमा साबित भई

बयान गरेको देखियो । अर्को पुनरावेदक प्रतिवादी किसान बस्नेतले मिति २०६५/६/२५ गतेका दिन बल खेल्न भनी गएकामा बल नपाएपछि माधव के.सी. ले बल लगेको छ ऊ बेतेनीतर्फ गएको छ भन्ने थाहा पाई म, प्रदीप, गणेश, हिमाञ्चल, इन्द्र, निर्मल त्यसतर्फ गएको र बेतेनीबाट पदम बहादुरसमेत आएको देखी माधव के.सी. सँग भनाभन भई पदम बहादुरलाई कुटपिट गरेको भनी र पुनरावेदक प्रतिवादी गणेश बस्नेतले भलिबलको विवादमा हामीहरूले पदमबहादुर बस्नेतलाई कुटपिट गरेको साथै मैले चक्कु निकाली पदम बहादुरलाई प्रहार गरेको हो भनी अनुसन्धान अधिकारीसमक्ष बयान गरेको पाइन्छ भने प्रतिवादी प्रदीप बस्नेतले दशैं अगाडिको भलिबल खेलेको झगडा र मिति २०६५/६/२५ मा बल नरहेको कारणसमेतबाट पदम बहादुरसँग कुटपिट भएको हो । उक्त वारदातको समयमा म अलि माथि बसी मानिसहरू कोही आउँछन् कि भनी हेरी बसेको थिएँ अन्य प्रतिवादीहरूले पदमबहादुरलाई कुटपिट गरेको भनी अनुसन्धानको क्रममा बयान गरेको देखिन आयो ।

७. मिति २०६५/६/२५ गते माधव के.सी., पदमबहादुर के.सी.समेत बेतेनीबाट घरतर्फ आउँदै गर्दा हिमाञ्चल खत्री, गणेश बस्नेत, इन्द्रबहादुर बस्नेत, निर्मल बस्नेत, किसान बस्नेत, प्रदीप बस्नेतले भलिबलको विषयमा भएको रिसइवीका कारण सरसल्लाह गरी बाटो ढुकी पदम बहादुरलाई कुटपिट गरी चक्कु मुक्कासमेत प्रहार गरी मरणासन्न गराएकाले सोही पीडाको कारण निजको मृत्यु भएको र उक्त वारदातमा अन्य कोही कसैको संलग्नता छैन भनी मौकामा बुझिएका चुवा कुमारी के.सी., प्रमोद खत्री र वस्तुस्थिति मुचुल्काका तिलकुमारी भुवाजी, टेकबहादुर भुवाजीसमेतले बकी लेखाई उक्त वारदात यी पुनरावेदक प्रतिवादीहरूको कर्तव्यबाट नै भएको तथ्य पुष्टि हुने गरी कागज गरी दिएको देखिन आयो ।

८. पुनरावेदक प्रतिवादीहरूले आफू वारदात समयमा अन्यत्र भएको भनी अदालतसमक्षको बयानमा कसुरमा इन्कार रही बयान गरेको भए तापनि प्रतिवादीहरूको मौकाको बयान, बुझिएका मानिसहरूको भनाई, घटनाका प्रत्यक्षदर्शी माधव खत्री, सूर्यबहादुर के.सी., सरस्वती के.सी. को भनाइसमेतबाट सो अन्यत्रको जिकिरसमेत विश्वास लायक भएको नदेखिएकाले उक्त वारदातमा यी पुनरावेदक प्रतिवादीहरू समेतको संलग्नता नभएको भन्न मिल्ने देखिएन ।

९. यसरी पुनरावेदक प्रतिवादीहरूले अनुसन्धानको बयानमा माधव के.सी. र पदमबहादुर के.सी. लाई कुटपिट गर्ने सल्लाह गरी घटनास्थलमा पर्खिरहेकामा बेतेनीबाट घटनास्थलमा मृतक पदमबहादुर के.सी., माधव के.सी., सूर्यबहादुर के.सी. र सरस्वती के.सी. आई पुगी भलिबलको कुरा झिकी हानाहान हुँदा पदमबहादुरको मृत्यु भएको भनी उल्लेख गरेको र सो व्यहोरा मौकामा कागज गर्ने माधव के.सी. समेत र घटनाका प्रत्यक्षदर्शी सरस्वती के.सी.समेतको बकपत्रबाट समर्थित हुन आएको देखियो ।

१०. उक्त वारदातमा प्रत्यक्षदर्शी रहेका माधव के.सी. सूर्यबहादुर के.सी., सरस्वती के.सी.समेतलाई चोटपटक लागेको देखिएको निजहरूले अदालतमा आई ठूलो पँधेरो चौतारामा बलको कुरा भई वाद-विवाद हुँदा हिमाञ्चल खत्रीले माधवलाई हानेको, त्यसपछि अरू प्रतिवादीहरूले समेत मृतकलाई हात मुक्काले जथाभावी कुटपिट गरेका र प्रतिवादी गणेश बस्नेतले मृतकलाई चक्कुसमेत हानेको, सोही कुटपिट तथा चक्कु प्रहारका कारण मृतकको मृत्यु भएको व्यहोरा स्पष्ट हुने गरी बकपत्र गरी दिएको देखिएबाट उक्त भनाई प्रमाण योग्य नै देखिन आयो । साथै जाहेरवालाले आफ्नो जाहेरी समर्थन हुने गरी अदालतमा आई बकपत्र गरेका छन् भने बुझिएका व्यक्ति प्रमोद खत्रीसमेतले अदालतमा आई मौकाको कागज व्यहोरा अनुरूप प्रतिवादीहरूको उक्त कसुर अपराधमा प्रत्यक्ष संलग्नता रहेको कुरा गडाउ गरी बकपत्र गरेको पाइन्छ । पुनरावेदक प्रतिवादीहरूले उक्त भनाइलाई खण्डन हुने

किसिमको प्रमाण गुजार्न सकेको अवस्था नदेखिएकाले निजहरूको अधिकारप्राप्त अधिकारीसमक्षको बयान व्यहोरालाई अन्यथा भन्न मिल्ने देखिएन।

११. यसरी मिति २०६५/६/२५ गतेका दिन भलिबलको जरियाबाट पुनरावेदक प्रतिवादीहरू र माधव के.सी. बीच सामान्य हानाहान भएपछि माधव के.सी. निजहरूको पंजाबाट फुत्की भागेकाले पदम बहादुर के.सी. लाई यी प्रतिवादीहरूले कुटपिट गरेको तथ्य मिसिल कागजबाट देखिन आएको र पुनरावेदक मध्येका गणेश बस्नेतले मृतक पदम बहादुरलाई छुरी प्रहार गरेको र अन्य प्रतिवादीहरूले मृतकलाई लात मुक्काले प्रहार गरी घाँटी दबाउने कार्यसमेत गरेकाले सोही चोटका कारण मृतकको मृत्यु भएको भन्ने तथ्यलाई यी पुनरावेदक प्रतिवादीहरूले स्वीकार गरी एक अर्कालाई पोल गरी गरेको बयान व्यहोरालाई प्रत्यक्षदर्शीको भनाई, वारदातमा प्रयोग भएको चक्कु बरामद भएको बरामदी मुचुल्का, घटनास्थल तथा लास प्रकृति मुचुल्का, मृत्युको कारण Death is due to manual strangulation (throthling) र death is due to stab wond (sharp force injury leading to hemorrhage to hypovolemic shock) भन्ने शव परीक्षण प्रतिवेदनसमेतका कागजबाट पुष्टि हुन आएको देखिएबाट पुनरावेदक प्रतिवादी हिमाञ्चल खत्री, इन्द्रबहादुर बस्नेत, निर्मल बस्नेत, गणेशबहादुर बस्नेत, होमबहादुर भन्ने किसान बस्नेतको पुनरावेदन जिकिर मनासिब देखिन आएन।

१२. अर्का प्रतिवादी प्रदीप बस्नेतले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा वारदात हुँदा वारदात स्थल भन्दा अलि माथि बसेको भनी उल्लेख गरेको, प्रत्यक्षदर्शी मध्ये माधव के.सी. ले प्रदीप पहिले थिएनन्, मलाई डिलबाट खसाएपछि निज पनि वारदातमा आई पदमबहादुरलाई हानेको भनी बकपत्र गरेको पाइयो । प्रदीपले मृतकलाई के कसरी केले हानेको भन्ने मिसिल कागजबाट खुलेको देखिँदैन । गणेश तथा निर्मल बस्नेतले प्रदीप बस्नेत हेरी बसेका हुन् भनी गरेको बयान व्यहोरासमेतबाट निजको अनुसन्धानको क्रममा भएको बयान व्यहोरालाई समर्थित गरेको देखिन आउँछ। यसरी निज पनि अरू पुनरावेदक प्रतिवादीहरूसँग साथ वारदात स्थलमा गएको अन्य प्रतिवादीहरूले मृतकलाई कुटपिट गर्दा निज वारदातस्थलमा उपस्थित रही केही नगरी हेरी बसेको स्थिति बाट वारदातको मतियार (Accessory on the fact) भई वारदातमा संलग्न रहेको देखिँदा निजले आपराधिक दायित्वबाट उन्मुक्ति पाउने अवस्था रहेन।

१३. तर्सथ प्रतिवादीहरू मध्ये गणेश बहादुर बस्नेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को कसुरमा ऐ. १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने, अन्य पुनरावेदक प्रतिवादीहरू हिमाञ्चल, इन्द्रबहादुर, निर्मल, होमबहादुर भन्ने किसान बस्नेतलाई ऐ. १३(३) नं. बमोजिम जनही जन्मकैद हुने र अर्का प्रतिवादी प्रदीप बस्नेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) नं. बमोजिम ३ वर्ष कैद हुनेमा वारदात समयमा निज नाबालक भएको देखिँदा निजलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) अनुसार १ वर्ष ६ महिना कैद हुने ठहर गरी भएको सुरू जिल्ला अदालतको फैसला सदर ठहर्‍याएको पुनरावेदन अदालत, बागलुङको मिति २०६९/३/६ को फैसला मिलेकै देखियो।

१४. अब प्रस्तुत वारदातको प्रकृति र सृजना भएको परिस्थितितर्फ विचार गर्दा यी पुनरावेदक प्रतिवादीहरू र मृतक साथी भएको, भलिबल खेल्ने क्रममा मनमुटाव भई एकअर्कोबीच कुटपिट हानाहान भएको, सबै प्रतिवादीहरू १७ वर्षदेखि २५ वर्षसम्मका कलिलो उमेर समूहका भई अपरिपक्क मानसिकताबाट ज्यान मार्ने जस्तो गम्भीर कार्य हुन गएको, किसान बस्नेतबाहेक सबै अध्ययन गर्दै गरेका विद्यार्थी भएको, मारौ भन्ने नै मनसाय भन्दा पनि भलिबलको झगडामा भएको कुटपिटका कारण मृतकको मृत्यु हुन गएको अवस्थालाई विचार गरी प्रतिवादीमध्येका गणेशबहादुर

बस्नेतलाई ज्यानसम्बन्धी महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्मकैद र अन्य प्रतिवादीहरू हिमाञ्चाल खत्री क्षेत्री, इन्द्रबहादुर बस्नेत, निर्मल बस्नेत, होमबहादुर भन्ने किसान बस्नेतलाई ऐ. ऐनको १३(३) नं. अनुसार जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिई अ.बं. १८८ नं. बमोजिम यी पुनरावेदक प्रतिवादीहरूलाई जनही ८ वर्ष कैद सजाय हुन लगाएको राय मनासिब देखिन आएकाले पुनरावेदन अदालत, बागलुङको मिति २०६९/३/६ गतेको फैसला र लगाएको रायसमेत मिलेकै देखिँदा सदर हुन्छ । पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरू तपसिलबमोजिम गर्नू ।

तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादीहरू मध्ये पुनरावेदक प्रतिवादीहरू गणेशबहादुर बस्नेत, हिमाञ्चल खत्री क्षेत्री, निर्मल बस्नेत, इन्द्रबहादुर बस्नेत र होम भन्ने किसान बस्नेतलाई अ.बं. १८८ नं. बमोजिम ८ वर्ष कैद सजाय हुने मनासिब देखी पुनरावेदन अदालत, बागलुङले लगाएको रायसमेत सदर हुने ठहरी फैसला भएकाले निजहरूका नाममा कसिएको सर्वस्वसहित जन्मकैद र जन्मकैदको लगत कट्टा गरी पुनरावेदक प्रतिवादी हिमाञ्चल खत्री क्षेत्री, गणेशबहादुर बस्नेत र निर्मल बस्नेत मिति २०६५/७/३० देखी प्रहरी हिरासतमा रहेको देखिँदा सोही मितिबाट लागू हुने गरी जनही ८ वर्ष अर्थात् २०७३/७/२९ सम्म कैदमा राखी मिति २०७३।७।३० बाट र पुनरावेदक प्रतिवादीहरू इन्द्रबहादुर बस्नेत र होम भन्ने किसान बस्नेत ०६५/८/२ गतेदेखि प्रहरी हिरासतमा रहेको देखिँदा सोही मितिबाट लागू हुने गरी जनही ८ वर्ष अर्थात् २०७३/८/१ गतेसम्म कैदमा राखी मिति २०७३।८।२ बाट अन्य मुद्दामा कैद वा थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाबाट थुना मुक्त गर्न संशोधित कैदी पुर्जी लेखी पठाउनु भनी सुरू पर्वत जिल्ला अदालतमा लेखी पठाइदिनू .....................१

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ............१

उक्त रायमा सहमत छु
न्या. दीपकराज जोशी

इति संवत् २०७२ साउन २४ गते रोज १ शुभम् ।
इजलास अधिकृत : दिलीपराज पन्त

## निर्णय नं.९४३३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल
माननीय न्यायाधीश श्री दीपकराज जोशी
फैसला मिति :- २०७२।३।२१।२
०६७–CR– ०८०५

मुद्दा: गैरकानूनीरूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ।

पुनरावेदक/वादी :- अनुसन्धान अधिकृत फणिन्द्र गौतमको प्रतिवदेनले नेपाल सरकार ।

विरूद्ध

प्रत्यर्थी/प्रतिवादी :- सप्तरी जिल्ला घर भई हाल काठमाडौ महानगरपालिका वडा नं. ३३ मैतीदेवी बस्ने साँफेवगर- मंगलसेन- मार्तडी सडक योजनाका का.मु. योजना प्रमुख (सिनियर डिभिजनल इन्जिनियर) पदमा कार्यरत हरेकृष्ण भगत ।

- **वादी नेपाल सरकारले गैरकानूनी सम्पत्ति आर्जन मुद्दामा उल्लिखित दृष्टान्तको आधारमा सफाइ दिन नमिल्ने भनी पुनरावेदन जिकिर गरेको पाइन्छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को २०(१) को कानूनी व्यवस्थालाई हेर्दा मनासिब आधार र कारण विना राष्ट्रसेवकले अमिल्दो र अस्वाभाविक जीवनस्तर यापन गरेमा मात्र आरोपित कसुर प्रमाणित हुने व्यवस्था भएकाले अमिल्दो र अस्वाभाविक जीवनस्तर झल्किने जीवन यापन गरेमा मात्र कसुरदार ठहर हुन सक्ने देखियो । सामाजिक पक्षलाई हेर्दा पनि व्यक्तिको पैतृक सम्पत्ति, सामाजिक हैसियत, पदीय हैसियत लगायतका कारक तत्त्वहरू नै मापनको रूपमा रहेर निजको जीवनस्तर अमिल्दो, उच्च अस्वाभाविक छ भन्ने कुराको निष्कर्षमा पुग्न मद्दत मिल्दछ । कतिपय आयका स्रोतहरू प्रतिवादीले भनेबमोजिम विश्वसनीय भएपनि समयको अन्तरालले प्रमाण कागज नहुन सक्छ । सबै कुराको कागज प्रमाण स्रेस्ता राख्नु पर्ने हाम्रो कानूनी व्यवस्था पनि छैन । तसर्थ सामाजिक कानूनी, आर्थिक तत्त्वहरूलाई दृष्टिगत गर्दा सम्पत्तिको बिगो र आयको फरक रकम १० प्रतिशतसम्म न्यून हुनुलाई अमिल्दो र अस्वाभाविक भन्न मिल्दैन । यसको अतिरिक्त प्रस्तुत मुद्दामा कुनै खास कार्य समयको वारदातको अपराध नभै अनुमानको आधारमा आय व्ययको रकम अनुमान गरी अभियोग दाबी भएकामा अनुमानको आधारमा कायम गरिएको बिगोको आधारलाई पूर्णतया वास्तविक भएको भनी मान्न नमिल्ने ।**

(प्रकरण नं. ४८)

पुनरावेदक/वादीको तर्फबाट :- विद्वान् सहन्यायाधिवक्ता चन्द्रबहादुर सापकोटा

प्रत्यर्थी/प्रतिवादीको तर्फबाट :- विद्वान् वरिष्ठ अधिवक्ता हरिप्रसाद उप्रेती

अवलम्बित नजिर :-

- *ने.का.प.* २०६७ चैत, नि.नं. ८५१९, पृष्ठ २००७
- *ने.का.प.* २०६८ असोज, नि.नं. ८६३०, पृष्ठ ९१७
- *ने.का.प.* २०६८ फागुन, नि.नं. ८७२२, पृष्ठ १८९०
- *ने.का.प.* २०६९ जेठ, नि.नं. ८७७०, पृष्ठ २५९
- *ने.का.प.* २०६९ भाद्र, नि.नं. ८८३२, पृष्ठ ७७१
- *ने.का.प.* २०६९ पुस, नि.नं. ८८८६, पृष्ठ १३४१
- *ने.का.प.* २०७१ श्रावण, नि.नं. ९१४९, पृष्ठ ५०९

सम्बद्ध कानून :-

- भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,१५ तथा २९
- भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१)(२), १६(ग), ४७

सुरू फैसला गर्ने अदालत र न्यायाधीशः-

मानननीय अध्यक्ष श्री गौरीबहादुर कार्की
माननीय सदस्य श्री भोलाप्रसाद खरेल
माननीय सदस्य श्री ओमप्रकाश मिश्र

फैसला

**न्या. गिरीश चन्द्र लाल :-** विशेष अदालत ऐन, २०५९ को दफा १७ बमोजिम विशेष अदालत काठमाडौको फैसलाउपर वादी नेपाल सरकारको तर्फबाट पर्न आएको प्रस्तुत पुनरावेदनको सङ्क्षिप्त

तथ्य एवम् ठहर यसप्रकार छः

हरेकृष्ण भगतसमेतले भ्रष्टाचार गरी आर्जन गरेको कूल सम्पत्ति मध्ये रू.१०,९४,५९८।८० बराबरको सम्पत्तिको स्रोत पुष्टि हुन नसकेको हुँदा निजलाई कानूनबमोजिम कारवाही गरी स्रोत पुष्टि नभएको सम्पत्ति जफत गरिपाउँ भन्नेसमेत व्यहोराको उजुरीको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुसन्धान गरी प्रस्तुत मुद्दा विशेष अदालतमा दायर गरेको देखिन्छ।

प्रतिवादी हरेकृष्ण भगतको सरकारी सेवाको विवरणः-

तालिका नं. १

| सि.नं. | कार्यरत कार्यालय | पद | कार्यरत अवधि | | कैफियत |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १. | सडक विभाग, कोशी एकिकृत ग्रामिण योजना | असिस्टेन्ड ईन्जिनियर (रा.प.तृ.प्रा.) | २०३७।३।२८ | २०३९।१०।११ | |
| २. | महेन्द्रराजमार्ग, सिन्धुली सडक योजना | ऐ.ऐ. | २०३९।१०।१२ | २०४०।१०।३० | |
| ३. | सडक विभाग डिजाइन शाखा | ऐ.ऐ. | २०४८।११।१ | २०४२।६।१३ | |
| ४. | महेन्द्र राजमार्ग सन्धिखर्क सडक योजना | ऐ.ऐ. | २०४२।६।१४ | २०४४।।६।२२ | |
| ५. | जिल्ला ईन्जिनियर जिल्ला सडक कार्यालय, रौतहट | ऐ.ऐ. | २०४४।६।२३ | २०४६।६।२१ | |
| ६. | जिल्ला ईन्जिनियर जिल्ला सडक कार्यालय, रौतहट | का.मु.प्रमुख जिल्ला ईन्जिनियर | २०४६।६।२२ | २०४७।६।२६ | |
| ७. | सडक विभाग | ईन्जिनियर (काठमाडौ सडक सुधार योजना | २०४७।६।२७ | २०४७।९।१९ | |
| ८. | सडक विभाग | डिभिजनल ईन्जिनियर (रा.प.द्वि.प्रा.) बढुवा | २०४७।९।२० | २०५०।३।२७ | |
| ९. | सडक विभागमा पुल दरबन्दीमा | सिनियर डिभिजनल ईन्जिनियर | २०५०।३।२८ | २०५२।७।११ | |
| १०. | सिलगढी साँफेबगर सडक योजना | का.मु. योजना प्रमुख | २०५२।७।१२ | २०५३।६।५ | |
| ११. | सुर्खेत जुम्ला सडक योजना | का.मु. योजना प्रमुख | २०५३।६।६ | २०५४।२।३१ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १२. | सडक विभाग | सिनियर डिभिजन ईन्जिनियर | २०५४।३।१ | २०५४।८।२९ | |
| १३. | सडक विभाग आर.एम. आर. पि. पिरियोडिक | प्रोजेक्ट को-अर्डिनेटर | २०५४।८।३० | २०५८।४।२१ | |
| १४. | डिभिजन कार्यालय काडमाडौ | डिभिजन प्रमुख | २०५८।४।२२ | २०५९।९।२४ | |
| १५. | साँफेबगर-मंगलसेन मार्तडी सडक योजना | का.मु.योजना प्रमुख | २०५९।९।२५ | हालसम्म | |

पारिवारिक विवरणः-
प्रतिवादी हरेकृष्ण भगतको एकाघर परिवारका सदस्यहरूको विवरण देहायबमोजिम देखिन आएको छ।

तालिका नं. २

| क्र.सं. | नाम र नाता | पेसा/व्यवसाय | कैफियत |
|---|---|---|---|
| १. | हरेकृष्ण भगत (स्वयम्) | सरकारी नोकरी | |
| २. | सुनयनादेवी भगत (श्रीमती) | गृहणी | |
| ३. | उमेशकुमार भगत (छोरा) | विद्यार्थी | कोडाइकानल स्कुल तमिलनाडु |
| ४. | रोशनकुमार भगत (छोरा) | विद्यार्थी | ,, ,, |

मेरो परिवारमा म, श्रीमती र २ छोराहरू छौँ। मेरो आम्दानीको स्रोत कृषि, माछा पालन, आँप बिक्री, घर भाडा, तलब र ससुरालीको सहयोग हो। तलब भत्ताबाहेक बार्षिक करिब ४ लाख आम्दानी हुन्छ। कृषि आयबाट २ लाखमा मैतिदेवीमा जग्गा किनी निर्माण सामग्री गाउँबाट झिकाई २० लाखमा घर बनाएको हो। ससुरालीबाट बिहेमा १० लाख, जेठो छोरा जन्मँदा १० लाख, घर निर्माण गर्दा अन्य खर्चमा १० लाख, एउटा मिनीट्रक, सालोको बिहेमा गरगहनाहरू बेलाबेलामा सहयोग पाउने गरेको र उक्त रकम कहिले बैंङ्कमा राखी आवश्यकताअनुसार खर्च गरेको हो। ससुरालीबाट सालाहरूले आफ्नो कारोबारको सिलसिलामा रकम ल्याउँदा कहिले बैंकमा राखी दिने र झिकेर लाने गर्दथे।

नेपाल एस.बि.आई. बैंकबाट विभिन्न मितिमा निकालेको ११ लाख रूपैयाँ ससुरालीको सहयोगमा जम्मा गरी दिएको र झिकेर उनीहरूले नै लाने गरेको हो। तत्कालीन इण्डोस्वेज बैंङ्कमा १२ लाख र बैंङ्क अफ काठमाडौमा १० लाख जम्मा गरेको स्रोत ससुरालीको काममा सहयोग गरेबापत जम्मा गरेको रकम उनीहरूले झिकेर लगेको हो। एकैदिन २ वटा बैङ्कबाट १८ लाख झिकेको, हाम्रो काम नभएको र उनीहरूकै रकम भएकाले उनीहरूबाटै खर्च भएको हो। नेबिल बैंकमा जम्मा भएको रू.२,५३,६६७।३६ को स्रोत घर परिवारमा जम्मा भएको रकम हो। स्ट्यान्डर्ड चार्टर्ड बैंकमा विभिन्न मितिमा ६ लाख जम्मा गरेको स्रोत कृषि, घरगृहस्थी र घरको आम्दानी हो। मिति २०५५।४।२५ मा सोही बैंकमा ३ लाख जम्मा गरेको स्रोत घरको आय र गृहस्थीको

रकमको हो । स्ट्यान्डर्ड चार्टर्ड बैंकबाट मिति २०५३।३।२८ मा घर खर्चको लागि २ लाख निकालेको थियो । घर खर्च मासिक २०-२५ हजारसम्म हुन्छ । मिति ०५९।३।२८ र ऐ. ५।६ गते निकालेको रू.४ लाख ५० हजार रूपैयाँ १ महिना ८ दिनमा भगवती पूजा, धार्मिक काम, घर मर्मत र रङ्ग रोगनमा खर्च भएको हो । भारतको कोडाइकानलमा अध्ययन गर्ने छोराहरूको पढाइ २०५८ देखि सुरू भै प्रत्येकको लागि एकमुष्ट शुल्क एक-एक लाख गरी भारू. २ लाख लाग्दछ । त्यसको स्रोत आफ्नो आयस्रोत, घरको स्रोत र छोराहरूको मामा घरबाट व्यहोर्ने स्रोत हो । काठमाडौ जिल्ला नयाँपाटीमा श्रीमतीको नाउँमा रू.५०,०००।– मा जग्गा किन्दाको स्रोत श्रीमतीले दाजुबाट ल्याएको रकम हो । सप्तरी जिल्लाको अंशबाट १४ बिघा जमिन पाएकामा उक्त जग्गामध्ये ५ बिघा दाइजो रू. ६ लाखमा बिक्री गरेको हो । सो जग्गा मित हजुरबुबा अमृत विहारी दासले दाइजो दिएको हो ।

क्यापिटल मार्केट लि.मा रू. ५१,०००।– र हायत रिजेन्सीमा दुवै जनाको नाममा रू. ६७,०००।– को शेयर रहेको छ । ससुरालीबाट ल्याएको ट्रक केही दिन इन्डियन नम्बरमा नै चलेको र पछि सो ट्रक आफैँले राख्ने भएपछि रू.१ लाख ६० हजारमा ससुरालीबाटै रकम तिरी नेपाली नम्बरमा परिणत गरिएको हो । बाँकी जग्गामा मुद्दा परी घर परिवार बसी भागबन्डा गरी हक कायम गरिएको हो । नेशनल फाईनान्सबाट रू.३ लाख ऋण लिई घर निर्माण गरेको र उक्त ऋण किस्ताबन्दीमा बुझाइसकेको छु । मैतिदेवीस्थित घर चन्द्रनिगाहपुर-गौर सडक कालोपत्रे गर्नको लागि ठेकेदारले काम सम्पन्न गर्न नसक्ने अवस्थादेखि निजको सहयोगको लागि सुरक्षणमा राखिएकामा काम सम्पन्न भएपछि आफैं कार्यालय प्रमुख भएको र Collateral Withdrawal ले सिफारिस गरी फिर्ता भै हाल्छ भनी सहयोग गरेकामा ठेकेदारको लापरवाहीले Withdrawal नभएको र पछिबाट मबाहेक ४ जनाको पनि फुकुवा नगर्ने मनसाय लिई बसेको छ । कम्पनीको नाम सिरूवा कन्स्ट्रक्सन प्रा.लि. तथा प्रोजेक्टको नाम रोड मेन्टेन्स तथा रिहाविलिटेसन प्रोजेक्ट RMRP हो । सोको ठेक्का रकम रू.३ करोड ५० लाख रहेको थियो । सो कन्स्ट्रक्सनसँग कुनै किसिमको कारोबार छैन । त्यसलाई तीसलाख ऋणको लागि बैंङ्कमा सिफारिस गरी दिएको हो । म त्यस समयमा आर.एम. आर.पि. अन्तर्गत Periodic Maintenance तथा Project Co-Ordinator थिएँ । ठूलो छोरा सुरूमा दुई वर्ष खर्साङ्गको साउथ मोर्डन स्कुलमा पढ्यो । दुई वर्षअघिमात्र कोडाइकानल पब्लिक स्कुलमा यहाँका पनि केही विद्यार्थी त्यहाँ राखेकाले प्रिन्सिपल यहाँ आएको बेलामा २०५८ जेठमा दुवै छोरालाई त्यहाँ भर्ना गरेको हो । जेठो छोरा दश कक्षामा र अर्को छोरा ६ कक्षामा पढ्छन् । उनीहरूको खर्च यकिन भन्न सक्दिन । हालसम्म ४-५ लाख खर्च भएको अनुमान छ । खर्चको स्रोत जग्गा जमीनको आम्दानी, घर भाडा तथा तलब बचतबाट हो भन्नेसमेत व्यहोराको प्रतिवादी हरेकृष्ण भगतले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान ।

राजविराजको कठौनामा मेरो नाउँमा जमिन छ । तर कति छ थाहा छैन । जग्गाको उत्पादन कहिले बीस हजार, माछाको ५० हजारको दरले रकम आउँछ । काठमाडौबाट सासूससुरालाई लुगाफाटा, नगद, औषधी आदि पठाउने गरेको छ । नयाँपाटीको जग्गा कम मूल्यमा किनेको हो । गाउँमा र काठमाडौमा किनेका जग्गाहरूको बारेमा मलाई थाहा छैन । मैले दाइजोमा सुन १२-१३ तोला र नगद रकम झन्डै १० लाख पाएको हो । मेरो बुबाले किस्ताबन्दीमा ३ वटा ट्रक किनेर एउटा मेरो नाउँमा दिनुभयो । घर बनाएको बेला ३० तोला जति सुन दिनुभएको हो । मेरो दुवै छोरा मामा घरमा नै जन्मिएकाले उनीहरूले पनि गहना पाए । कालीमाटीमा फलफूल ल्याएर आउँदा भाइहरूले पैसा ल्याउँथे र सोही पैसा राख्नको लागि खाता खोलेको हो भन्नेसमेत व्यहोराको सुनयनादेवी भगतले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज ।

देहायको सम्पत्ति हरेकृष्ण भगतलाई पैतृक सम्पत्तिको रूपमा र निजकी श्रीमती सुनयनादेवी भगतलाई दाइजोको रूपमा प्राप्त भएको ।

तालिका नं. २ क

| क्र.स. | जग्गाधनीको नाम | जग्गाको विवरण | कैफियत |
|---|---|---|---|
| १. | हरेकृष्ण भगत | जिल्ला सप्तरी भगाहा-९ को कि.नं. २६, २७, २८, २९, ३१, ३४, ३५, ३, ४, ४८, ९०, ४२४, ४२६ र ४२८ को जम्मा क्षेत्रफल ६-१५-१० बिगाहा जग्गा । | सप्तरी जिल्ला अदालतमा २०४७।१०।२३ मा भएको अंश मुद्दाको मिलापत्रअनुसार प्रतिवादी हरेकृष्ण भगतको नाममा दर्ता हुन आएको जग्गा । |
| २. | हरेकृष्ण भगत | जिल्ला सप्तरी मोहनपुर-१ को कि.नं. ३४५, २६१, १२८ र २९७ र ऐ. ५(ख) को कि.नं. ५८२ र २४० को जम्मा क्षेत्रफल १-०-१३ | |
| ३. | सुनयनादेवी भगत | बा.अ.ख. ४८५३ नं. को ट्रक | निजलाई माइतीतर्फबाट प्राप्त भएको देखिएको ट्रक हाल सञ्चालनमा नरहेको । |

घर जग्गा :-

तालिका नं. ३

| क्र.स. | जग्गा/घर धनीको नाम | सम्पत्तिको विवरण | खरिद / निर्माण मिति | मूल्य रू. | कैफियत |
|---|---|---|---|---|---|
| १. | सुनयनादेवी भगत | जिल्ला सप्तरी भगाहा गा.वि.स. वडा नं. ९ को कि.नं. ५५, ९२, ३३, ३६, ९३, ३७, ५०, र २९८ को जम्मा क्षेत्रफल १-७-३ बिगाहा जग्गा । | २०३९।३।१० | रू.३,३७,८००। | २०३९।३।१० मा कूल ५-४-१८ बिगाहा जग्गा खरिद गरेको मध्ये बिक्री गरी हाल बाँकी रहन आएको जग्गा |
| २. | हरेकृष्ण भगत | (क)जिल्ला सप्तरी भंगाहा-९ को कि.नं.५६ र ९५ को जम्मा क्षे.फ. १-५-४ बिगाहा जग्गा | २०३९।३।२४ | रू.३,०२,४००। | २०३९।३।२४ मा कूल ९-२-९ बिगाहा जग्गा खदीद गरेको बिक्री गरी हाल बाँकी रहन आएको जग्गा |
| | | ख) ऐ. मोहनपुर- ३ (ख) को कि.नं. १८ को क्षे.फ. ०-१-१२ बिगाहा जम्मा | | रू.१२,८००।- | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | हरेकृष्ण भगत | जिल्ला सप्तरी भगाहा गा.वि.स. वडा नं. ९ को कि.नं. ३ र ४ मा निर्मित सिमेन्ट टायल छाना भएको घर(भवन नं.३) | २०४२ | रू.१२,०९,४४८।-०८ | |
| ४. | हरेकृष्ण भगत | ऐ.ऐ. (भवन नं.१) | २०४५-०५५ | रू.२७,३३,२०५।४१ | मूल्याङ्कन प्रतिवेदनबमोजिम उक्त घर २०४५, २०४७ र २०५५ |
| ५. | हरेकृष्ण भगत | (क) का.म.न.पा. -२८ (ख) हाल वडा नं. ३३ को कि.नं. ५२६ को ०-८-०-० रोपनी जग्गा | २०४८।।२।२९ | रू.२४,००,०००।- | जम्मा वर्ग फिट ३४०१।५४ निर्माण गरेको |
| | | (ख) ऐ. जग्गामा २०५२ सालमा भुइँतला, पहिलो तला र दोस्रो तलाको जम्मा कभर्ड एरिया ३८८३.७४ वर्गफिट रू. २९,४४,९४३।- रकमको लागतमा निर्माण गरेको हाल मूल्य | २०५२ | रू.३१,३०,४८८। | |
| | | (ग) ऐ.ऐ. जग्गामा २०५९ सालमा तेश्रो र चौथो तलाको जम्मा कभर्ड एरिया २४१९२४ वर्गफिट रू.१९,५०,०२८। रकमको लागतमा निर्माण गरेको घरको हालको मूल्य | २०५९ | रू.१९,५०,०२८। | नक्सा पास नगरी बनाएको हुँदा निर्माण साल निजको बयानबमोजिम उल्लेख गरिएको |
| | | (घ) माथिको घरमा रहेका फर्निचर तथा उपकरणहरू | | रू.६,४२,५६८। | |
| ६. | हरेकृष्ण भगत | जिल्ला सप्तरी भगाहा-९ को कि.नं.४१० को क्षे.फ. ०-०-६ बिगाहा जग्गा | २०४८।७।१५ | रू.१,५०,०००।- | |
| ७. | सुनयनादेवी भगत | जिल्ला काठमाडौं नयाँपाटी गा.वि.स.-५ कि.नं.५०४ र ५०६ को जम्मा क्षे.फ. ०-९-२-० रोपनी जग्गा | २०५१।६।११ | रू.२,९६,८७५। | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | हरेकृष्ण भगत | जिल्ला सप्तरी भगाहा गा.वि.स.-९ को कि.नं. ३ र ४ मा निर्मित भान्छाघर (भवन नं. २) | २०५९ | रू.४,३९,०९६।५८ | |
| | | | जम्मा:- | रू.१,३६,०४,७०९। | |

बैंक मौजदात

तालिका नं. ४

| क्र.स. | खातावालाको नाम | बैंकको नाम र खाता नम्बर | कारोबार अवधि र जम्मा रकम | हालको मौजदात रू. | कैफियत |
|---|---|---|---|---|---|
| १. | हरेकृष्ण भगत | स्टायाण्डर्ड चार्टर्ड बैंक लि. १८००२९३३५०१ | मिति २०५५।४।२५ देखी २०५८।१०।२९ सम्म रू. ९,२५,०००।- | रू.९८,३४१।६६ | |
| २. | हरेकृष्ण भगत | नेबिल बैंक लि. ०११००१३३६१८०१ | मिति २०५५।७।११ मा Balance Transfer FODM रू. २,५३,६६७।३६ | रू.५०,१४९।१४ | |
| ३. | हरेकृष्ण भगत | नेपाल इनभेष्टमेन्ट बैंक १२७६१४० | | रू.४५,५४१।९६ | |
| ४. | हरेकृष्ण भगत | नेपाल बैंङ्क लि. काठमाडौ ४८६६२५० | | रू.३४,९३७।४२ | |
| ५. | हरेकृष्ण भगत | बैंक अफ काठमाडौ लि. ०७००००००६९३३ | मिति २०५३।९।२३ मा रू.१०,००,०००।- | रू.९८,७६२।५६ | |
| ६. | हरेकृष्ण भगत | नेपाल एस बी.आई. बैंक लि. ०२५३०१००००६१ | मिति २०५२।११।२७ रू. १०,५०,०००।- | रू.३७,१८७।२१ | |
| ७. | हरेकृष्ण भगत | राष्ट्रिय वाणिज्य बैंक, बिशाल बजार ००२९४४७ | २०५७।४।२३ देखि २०५९।५।१९ सम्म रू.१,०३,०००।- | रू.१,०७६।३१ | |
| ८. | हरेकृष्ण भगत | राष्ट्रिय वाणिज्य बैंक, मैतीदेवी ७०७२ | २०५७।४।२३ देखि २०५९।५।१९ सम्म रू.१,०३,०००।- | रू.७,७८२।५८ | |
| | | | जम्मा:- | रू.३,७३,७७८।८४ | |

(ग) शेयर

तालिका नं. ५

| क्र.स. | नाम | कम्पनीको नाम | शेयरको रू. | कैफियत |
|---|---|---|---|---|
| १. | हरेकृष्ण भगत | एन.आई.डि.सि. क्यापिटल मार्कट लि. | रू.२३,०००।- | बयान र ०५९।१२।१७ को सम्पत्ति विवरणअनुसार |
| २. | सुनयनादेवी भगत | एन.आई.डि.सि. क्यापिटल मार्कट लि. | रू.२५,०००।- | ऐ.ऐ. |
| ३. | हरेकृष्ण भगत सुनयनादेवी भग | हायत रेजेन्सी होटल | रू.६७,०००।- | शेयर २ जनाको संयुक्त नाममा रहेको |
| | | जम्मा | रू.१,१५,०००।- | |

कूल सम्पत्तिः- १,४०,९३,४८७।९१

(घ) खर्च भइसकेको विशेष प्रकृतिको सम्पत्ति

तालिका नं.६

| क्र.सं. | खर्च शिर्षकको विवरण | खर्च रू. | कैफियत |
|---|---|---|---|
| १. | अध्ययन खर्चबापत संयुक्त राज्य अमेरिकाको न्यू. मेक्सिकोस्थित सेन्चुरी विश्वविद्यालय (Century University) मा पठाएको अमेरिकी डलर ६३४५। को प्रति डलर ७५।६० को दरले हुने रू. र रकम ट्रान्सफर कमिसनसमेत मिति २०५८।५।२२ (सेप्टेम्बर २००१) मा भुक्तानी गरेको रकम | रू.४,८०,१६१।८० | हरेकृष्ण भगत स्वयम्को अध्ययनको लागि |
| २. | छोराहरू उमेशकुमार भगत र रोशनकुमार भगतलाई दक्षिण भारतको तामिलनाडु राज्यस्थित कोडाइकानल पब्लिक स्कुलमा हालसम्म अध्ययन गराउँदा खर्च भइसकेको रकम | रू.४,८०,०००।- | निजहरू मध्ये एक जना कक्षा ६ र कक्षा १० मा अध्ययनरत |
| | जम्माः- | रू.९,६०,१६१।८० | |

५ सार्वजनिक पद धारण गरेपछिको नगद आम्दानी र खर्च/ नगद प्रवाह (Cash Flow) को स्थितिः-

आम्दानी र खर्चको विववरणः-

तालिका नं. ६क

| क्र. सं. | विवरण | आम्दानी रू. | खर्च रू. | मौज्दात रू. | कैफियत |
|---|---|---|---|---|---|
| १. | (क) मिति २०३७ श्रावण देखि २०३९ जेठसम्मको तलब भत्ता | रू.२०,५००।- | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (ख) मिति २०३९।३।१० मा सुनयनादेवी भगतको नाममा सप्तरी जिल्लाको भंगाहा र मोहनपुर गा.वि.स. मा जम्मा क्षे.फ. ५-४-१८ विगाह जग्गा खरीद | - | रू.८२,५००।- | | |
| | (ग) मिति २०३९।३।२४ मा हरेकृष्ण भगतको नाममा सप्तरी जिल्लाको भंगाहा र मोहनपुर गा.वि.स. मा जम्मा क्षे.फ. ९-२-९ विगाह जग्गा ५ वटा फूसको घरसमेत खरीद | - | रू.३७,३५०।- | | |
| | जम्माः- | रू.२०,५००।- | रू.१,१९,८५०।- | रू.(९९,३५०।-) | |
| २. | (क) २०३९ आषाढ देखि २०४५ सालसम्मको तलब भत्ता | रू.१,२६,७२५।- | | | |
| | (ख)२०४२ सालमा सप्तरी जिल्लास्थित भंगाहमा सिमेन्टको जोडाई र टायलको छाना भएको भवन नं. ३ को १७०८.२६ वर्ग फिटको घर निर्माण गर्दाको खर्च | | रू.१,९६,४४९।९० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (ग) सुनयनादेवीको नामको जग्गाको २०३९ देखी २०४२ सम्म ४ वर्षको खेतीको आय मोही लागेको जग्गाको प्रति वर्ष रू. १,५००।- र मोही नलागेको जग्गाको प्रति वर्ष रू.३,०००।– मोही लागेको जग्गा ४-५-१४ र मोही नलागेको जग्गा १-८-४ | रू.४६,६३०।- | | | |
| | (घ) २०४५ सालमा सप्तरीको भंगाहा-९ को कि.नं. ३ र ४ मा आर.सी. सी. भवन नं. १ को १४८०.७५ वर्ग फीटको भुँईतल्ला घर निर्माण गर्दाको खर्च | रू.२,३९,८८१।५० | | | |
| | (ङ) सुनयनादेवीको नामको जग्गाको २०४३-२०४५ सम्म ३ वर्षको खेतीको आय मोही लागेको जग्गाको प्रति वर्ष रू.१,५००।– र (मोही नलागेको जग्गाको प्रति वर्ष रू.३,०००।- | रू.३१,९७२।५० | | | |
| | जम्माः- | रू.२,०५,३२७।९० | रू.४,३६,३३१।४० | रू.२,३१,००३।५० | |
| ३. | (क) २०४६ र २०४७ सालसम्मको तलव भत्ता | रू.४३,२९०।- | | | |
| | (ख) २०४७ सालमा सप्तरीको भंगाहा-९ को कि.नं. ३ र ४ मा १४८०।७५ वर्ग फीटको पहिलो तल्ला घर निर्माण गर्दाको खर्च | | रू.३,७७,४१३।५६ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (ग) मिति २०४८।२।२९ मा हरेकृष्ण भगतको नामको कि.नं.५२६ को ०-८-०-० रोपनी जग्गा खरीद | | | | |
| | | रू.२,००,०००।- | | बयानमा खुलाए बमोजिम | |
| | (घ) सुनयनादेवी नामको जग्गाको २०४६ र २०४७ सम्म २ वर्षको खेतीको आ.व. (मोही लागेको जग्गाको प्रति वर्ष रू. २,०००।- मोही नलागेको जग्गाको प्रति वर्ष रू.४,०००।- | रू.२८,४२०।- | | | |
| | जम्माः- | रू.७१,७१०।- | रू.५,७७,४१३।४६ | रू.(५,०५,७०३।५)६ | |
| ४. | (क) २०४८ देखी ऐ. आश्विनसम्मको तलब भत्ता | रू.१०,८२४।- | | | |
| | (ख) मिति २०४८।७।१५ मा हरेकृष्ण भगतको नाममा जिल्ला सप्तरी भंगाहा-९ को कि.नं. ४१० को क्षेत्रफल ०-०-६ विगाह जग्गा खरीद | | रू.९,०००।- | | |
| | जम्माः- | रू.१०,८२४।- | रू.९,०००।- | रू.१,८२४।- | |
| ५. | (क) २०४८ कार्तिक देखी २०५१ भाद्रसम्मको तलब भत्ता | रू.१,०५,५८०।- | | | |
| | (ख) मिति २०५१।६।११ मा सुनयनादेवी भगतको नाममा जिल्ला काठमाडौ नयाँपाटी गा.वि.स.५ कि.नं. ५०४ र ५०६ को जम्मा क्षेत्रफल ०-९-२-० रोपनी जग्गा | | रू.५०,०००।- | | बयानमा खुलाए बमोजिम |

| | | | | | |
|---|---|---|---|---|---|
| | (ग) सुनयनादेवीको नामको जग्गाको २०४८ देखी २०५० सम्म ३ वर्षको खेतीको आय (मोही लागेको जग्गाको प्रति वर्ष रू.३,५००।- र मोही नलागेको जग्गाको प्रति वर्ष रू. ७,०००।- | रू.७४,६०२।५० | - | - | |
| | | | | | |
| | (घ) हरेकृष्ण भगतको नाममा २०४७।१०।२३ मा सप्तरी जिल्ला अदालतबाट भएको मिलापत्रबमोजिम अंश वापत प्राप्त भंगाहा- ९ को कि.नं. ४,२३, २६, २७, २८, २९, ३८, ९०, ३, ३४, ३५, ३१, ४८, १९७ र मोहनपुर-१ को कि.नं. २४३, २२९, १६५,२६२,१२८,१३१ र ऐ ५ख को कि.नं. २४० र २३७समेत कूल क्षेत्रफल ४-१०-१ मोही लागेको जग्गा ३-१०-१ को प्रति विगाह रू. ३,५००।- र मोही नलागेको जग्गा १-०-० को प्रति विगाह रू.७,०००।- का दरले जग्गाको २०४८ देखी २०५० सम्म ३ वर्षको खेतीको आय | रू.५७,७७६।२५ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (ङ.) नेशनल फाइनान्स लि.बाट मिति २०५०।७।१ मा लिएको ऋण | रू.३,००,०००।- | - | - | |
| | (च) २०४८ आश्विनसम्मको बचत | रू.१,८२४।- | - | - | |
| | जम्माः- | रू.५,३९,७८२।७५ | रू.५०,०००।- | रू.४,८९,७८२।७५ | |
| ६. | (क) २०४८ कार्तिकदेखि २०५१ सालसम्मको मौज्दात | रू.४,८९,७८२।७५ | | | |
| | (ख) २०५१ आश्विन देखि २०५२ सालसम्मको तलब भत्ता | रू.६४,७३६।- | - | - | |
| | (ग) हरेकृष्ण भगतको नाममा का.म.न.पा.-२८ (ख) हाल वडा नं. ३३ को कि.नं. ५२६ को ०-८-०-० रोपनी जग्गामा २०५२ सालमा भुईतल्ला, पहिलो तल्ला र दोश्रो तल्लाको जम्मा कभर्ड एरिया ३८८३७४ वर्ग फिटको घर रू.२९,४४,९४३।- को लागतमा निर्माण गरेको | - | रू.२९,४४,९४३।- | - | |
| | (घ) सुनयनादेवीको नामको जग्गाको २०५१ र २०५२ सम्म २ वर्षको खेतीको आय (मोही लागेको जग्गाको प्रति वर्ष रू.३,५००।- र मोही नलागेको जग्गाको प्रति वर्ष रू. ७,०००।- | रू.४९,७३५।- | - | - | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (ङ) हरेकृष्ण भगतको नामको जग्गाको २०५१ र २०५२ सम्म २ वर्षको खेतीको आय (मोही लागेको जग्गाको प्रति वर्ष रू.३,५००।- र मोही नलागेको जग्गाको प्रति वर्ष रू. ७,०००।- | रू.३८,५१७।५० | - | - | |
| | (च) सुनयनादेवीको नामको ट्रकको २०५२ श्रावण देखि ऐ. चैत्रसम्मको भाडा (प्रति महिना रू.९,०००।- का दरले) | रू.८१,०००।- | | | |
| | (छ) नेशनल फाईनान्सको ऋण २०५२ सालमा चुक्ता गरेको | | रू.३,००,०००।- | | |
| | जम्माः- | रू.८,६७,०२५।२५ | रू.३२,४४,९४३।- | रू.(२३,७७,९१७।७५) | |
| ७. | (क) २०५३ सालदेखि २०५८ सालसम्मको तलब भत्ता | रू.३,०८,००४।- | | | |
| | (ख) मिति २०५३।५।२३ मा हरेकृष्ण भगतको नाममा जिल्ला सप्तरी भंगाहा-९ को कि.नं. १२२ को क्षेत्रफल ०-०-१४ विगाह जग्गा बिक्री | रू.२,०००।- | | | |
| | (ग) मिति २०५३।५।२५ मा सुनयनादेवीको नामको मोहनपुर-४ को कि.नं. १७७ को क्षेत्रफल २-२-१३ जग्गा बिक्री | रू.६६,०००।- | - | - | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (घ) २०५५ सालमा सप्तरीको भंगाहा-९ को कि.नं. ३ र ४ मा ४४०.०४ वर्ग फिटको दोश्रो तल्ला घर निर्माण गर्दाको खर्च | - | रू.२,९४,१७५।५४ | - | |
| | (ङ) अध्ययन खर्च वापत संयुक्त राज्य अमेरिकाको न्यू मेक्सिकोस्थित सेन्चुरी विश्वविद्यालय Century University लाई भुक्तानी गरेको अमेरिकी डलर ६३४५।- को प्रति डलर पैसाको दरले हुने ने.रू. र रकम ट्रान्सफर कमिसनसमेत मिति २०५८।५।२२ (सेप्टेम्बर २००१) सो खातामा खर्च भएको रकम | - | रू.४,८०,१६१।८० | - | |
| | (च) छोराहरू क्रमशः उमेश कुमार भगत र रोशन कुमार भगतलाई दक्षिण भारतको तामिलनाडु राज्यस्थित अध्ययन गराउँदा २०५८ सालमा खर्च भएको रकम | - | रू.३,२०,०००।- | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (छ) सुनयनादेवीको नामको जग्गाको २०५३ देखि २०५७ सम्म ५ वर्षको खेतीको आय (मोही लागेको जग्गाको प्रति वर्ष रू.३,५००।- र मोही नलागेको जग्गाको प्रति वर्ष रू. ७,०००।- का दरले | रू.८६,१४३।७५ | | | मोही जग्गा २-२-१ र मोही नलागेको १-८-४ |
| | (ज) हरेकृष्ण भगतको नामको जग्गाको २०५३ देखि २०५७ सम्म ५ वर्षको खेतीको आय (मोही लागेको जग्गाको प्रति वर्ष रू.३,५००।- का दरलेर | रू.९६,२९३।७५ | | | |
| | (झ) छोराहरू क्रमशः उमेश कुमार भगत र रोशन कुमार भगतलाई दक्षिण भारतको तामिलनाडु राज्यस्थित कोडाइकानल पब्लिक स्कूलमा अध्ययन गराउँदा २०५९ सालमा खर्च भएको रकम | - | रू.१,६०,०००।- | - | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (ञ) सुनयनादेवीको भगतका नामको ट्रकको २०५३ वैशाख देखि २०५७ आश्विनसम्मको भाडा प्रतिवादी हरेकृष्ण भगतको बयान व्यहोराअनुसार (प्रति महिना रू..९,०००।- का दरले) भाडा कायम गरिएको | रू.४,८६,०००।- | - | - | |
| | जम्माः- | रू.१०,४४,४४१।५० | रू.१०,९४,३३७।३४ | (रू.४९,८९५।८४) | |
| ८. | (क) २०५८ भाद्रदेखि २०५९ सालसम्मको तलब भत्ता | रू.१,७४,०००।- | - | - | |
| | (ख) मिति २०५८।११।२ मा सुनयनादेवी भगतको नाममा जिल्ला सप्तरी मोहनपुर गा.वि.स. वडा नं.१ को कि.नं. ३५७ र ३५४ को जम्मा क्षे.फ. ०-४-३ विगाह जग्गा बिक्री | रू.२५,०००।- | - | - | बयानबमोजिम |
| | (ग) मिति २०५८।११।२ मा हरेकृष्ण भगतको नाममा जिल्ला सप्तरी मोहनपुर-१ को कि.नं. ३५१, ३४९ र ऐ.ऐ.३ (ख) को कि.नं. १९ गरी जम्मा क्षेत्रफल ०-१८-१५५ विगाह जग्गा बिक्री | रू.९०,०००।- | | - | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (घ) मिति २०५८।११।३ मा सुनयनादेवी भगतको नाममा जिल्ला सप्तरी भंगाह गा.वि.स. वडा नं.९ को कि.नं. ३०१ र मोहनपुर १ कि.नं. २२६ गरी जम्मा जम्मा क्षे.फ. ०-१९-२ विगाह जग्गा बिक्री | रू.९०,०००।- | | | |
| | (ङ) घरमा रहेको फर्निचर तथा उपकरणहरू खरीद | - | रू.६,४२,५६८।- | - | |
| | (च) का.म.न.पा. २८(ख) हाल वडा नं. ३३ को कि.नं. ५२६ को क्षेत्रफल ०-८-०-० रोपनी जग्गामा २०५९ सालमा २४१९.२४ वर्ग फिटको तेश्रो र चौथौ तला निर्माण गर्दाको लागत | - | रू१९,५०,९२९।- | | |
| | (छ) सुनयनादेवीको नामको जग्गाको २०५८ र २०५९ सम्म २ वर्षको खेतीको आय कि.नं. ५५, ९२,३३, ३६, ९३, ३७ गरी जम्मा क्षेत्रफल १-०-१३ र मोही नलागेको कि.नं. ५०, २५८ को जम्मा क्षेत्रफल ०-११-१० जग्गा मध्ये मोही लागेको जग्गाको प्रति वर्ष रू.३,५००।- र मोही नलागेको जग्गाको प्रति वर्ष रू. ७,०००।- | रू.१५,२१७।५० | - | - | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (ज) हरेकृष्ण भगतको नामको जग्गाको २०५८ र २०५९ सम्म २ वर्षको खेतीको आय मोही लागेको जग्गाको प्रति वर्ष रू.३,५००।- र मोही नलागेको जग्गाको प्रति वर्ष रू. ७,०००।- का दरले (मोही लागेको ३-१०-१ र नलागेको ०-१२-१/२) | रू.३२,९२५।- | - | - | |
| | (झ) २०५९ सालमा सप्तरीको भंगाहा-९ को कि.नं. ३ र ४ मा ५७८.०२ वर्ग फिटको भान्साघर निर्माण गर्दाको खर्च | | रू.३,८८,१३५।१५ | | |
| | जम्माः- | रू.४,२७,१४२।५० | रू.२९,८१,६३२।१५ | (रू.२५,५४,४८९।६५) | |

सम्पत्तिको स्रोतसम्बन्धी विश्लेषण

(क) वैधानिक स्रोत खुलेको सम्पत्ति

माथि उल्लिखित सम्पत्ति मध्ये प्रतिवादी हरेकृष्ण भगतले पेस गरेको प्रमाण एवम् बयान, अनुसन्धानको क्रममा प्राप्त हुन आएका कागजात एवम् सङ्कलित तथ्यहरूका आधारमा हेर्दा देहायको सम्पत्तिको मात्र स्रोत खुलेको देखिन आयो।

तालिका नं. ७

| **क्र.सं.** | **सम्पत्ति धनीको नाम** | **सम्पत्तिको विवरण** | **मूल्य रू.** | **कैफियत** |
|---|---|---|---|---|
| १. | सुनयनादेवी भगत | मिति २०३९।०३।१० मा खरिद गरेको जग्गामध्ये हाल बाँकी रहेका जिल्ला सप्तरी भंगाहा गा.वि.स. वडा नं. ९ को कि.नं. ५५, ९२, ३३, ९३, ३७, ५० र २९८ को जम्मा क्षेत्रफल १-७-३ बिगाहा | रू.३,३७,८००।- | |
| २. | हरेकृष्ण भगत | हरेकृष्ण भगत जिल्ला सप्तरी भंगाहा गा.वि.स. ९ को कि.नं. ३ र ४ मा निर्मित सिमेन्ट टायल छाना भएको घर (भवन नं. ३) | रू.१२,०९,४४८।०८ | |

| | | | | |
|---|---|---|---|---|
| ३. | हरेकृष्ण भगत | क) मिति २०४८।०२।२९ मा खरिद गरेको का.म.न.पा. २८(ख) हाल वडा नं. ३३ को कि.नं. ५२६ को क्षेत्रफल ०-८-०-० रोपनी जग्गामध्ये स्रोत खुलेको ०-४-०-० रोपनी | रू.१२,००,०००।- | |
| | | (ख) २०५२ सालमा भुइँतल्ला, पहिलो तल्ला र दोस्रो तल्ला (जम्मा कभर्ड एरिया ३८८३७४ वर्ग फिट) को घर निर्माणको लागत रू. २९,४४,९४३।- मध्ये स्रोत खुलेको १२५२ वर्ग फिटको लागत रू. ९,४९,३६०।३० को हाल हुन आउने रू.१०,०९,१७४।- | रू.१०,०९,१७४।- | |
| ४. | सुनयनादेवी भगत | मिति २०५१।६।११ मा सुनयनादेवी भगतको नाममा जिल्ला काठमाडौ नयाँपाटी गा.वि.स. ५ कि.नं. ५०४ र ५०६ को जग्मा क्षेत्रफल ०-९-२-० रोपनी (बयानबमोजिम) रू.५०,०००।- मा खरिद गरेको जग्गा | रू.२,९६,८७५।- | |
| ५. | हरेकृष्ण भगत | मिति २०४८।६।११ मा खरिद गरेको जिल्ला सप्तरी भंगाहा- ९ को कि.नं. ४१० को क्षेत्रफल ०-०-६ बिगाहा जग्गा | रू.१,५०,०००।- | |
| ६. | हरेकृष्ण भगत | २०५२ सालदेखि २०५९ सालसम्म पटक पटक खरिद गरेको फर्निचर तथा उपकरणहरू | रू.६,४२,५६८।- | |
| ७. | हरेकृष्ण भगत | २०५५ सालमा सप्तरी जिल्ला भंगाहा गा.वि.स. ९ को कि.नं. ३ र ४ मा निर्मित घर नं. १ को ४४०.०४ वर्ग फिटको दोस्रो तल्ला रू. २,९४,१७५।५४ लागतमा निर्माण गरेको घरको हालको रू. | रू.३,५३,५८०।९३ | |
| ८. | हरेकृष्ण भगत | (क) स्टयाण्डर्ड चार्टर्ड बैंकको बचत खाता नं. १८००२९३३५०१ मा रहेको मौजदात | रू.९८,३४१।६६ | |
| | हरेकृष्ण भगत | (ख) नेबिल बैक लि.को बचत खाता नं. ०११००१३३६१८०१ मा रहेको मौजदात | रू.५०,१४९।१४ | |
| | हरेकृष्ण भगत | (ग) राष्ट्रिय वाणिज्य बैक विशाल बजार शाखास्थित बचत खाता नं. ००२९४४७ को खातामा रहेको मौजदात | रू.१,०७६।३१ | |
| | सुनयनादेवी भगत | (घ) राष्ट्रिय वाणिज्य बैक मैतिदेवी शाखास्थित बचत खाता नं. ७०७२ को खातामा रहेको मौजदात | रू.७,७८२।५८ | |
| | हरेकृष्ण भगत | (ङ) नेपाल बैक लि. काठमाडौं अफिसस्थित बचत खाता नं. ४८६६२५० मा रहेको मौजदात | रू.३४,९३७।४२ | |

| | | | | |
|---|---|---|---|---|
| ९. | हरेकृष्ण भगत सुनयनादेवी भगत | शेयर खरिदः<br>(क) हायात रिजेन्सी होटल (संयुक्तरूपमा) | रू.६७,०००।- | बयान र २०५९। १२। १७ को सम्पत्ति विवरण अनुसार |
| | हरेकृष्ण भगत | (ख) एन. आई.डि.सी. क्यापिटल मार्केट | रू.२३,०००।- | |
| | सुनयनादेवी भगत | (ग) ) एन. आई.डि.सी. क्यापिटल मार्केट | रू.२५,०००।- | |
| | | जम्माः- | रू.५५,०६,७३३।१२ | |

स्रोत नखुलेको सम्पत्तिः-

तालिका नं. ८

| **क्र.सं.** | **सम्पत्ति धनीको नाम** | **सम्पत्तिको विवरण** | **हालको मूल्य रू.** | **कैफियत** |
|---|---|---|---|---|
| १. | हरेकृष्ण भगत | क) मिति २०३९।०३।२४ मा सप्तरी जिल्ला भंगाह र मोहनपुर गा.वि.स. मा खरिद गरेको जग्गामध्ये हाल बाँकी रहेको भंगाहा-९ को कि.नं. ५६ र ९५ को जम्मा क्षेत्रफल १-५-४ बिगाहा जग्गा | रू.३,०२,४००।- | |
| | हरेकृष्ण भगत | (ख) मिति २०३९।०३।२४ मा खरिद गरेको जग्गामध्येकै हाल बाँकी रहेको ऐ. मोहनपुर-३ (ख) को कि.नं. १८ को क्षेत्रफल ०-१-१२ बिगाहा जग्गा | रू.१२,८००।- | |
| २. | हरेकृष्ण भगत | (क) २०४५ सालमा सप्तरी भंगाहा-९ को कि.नं. ३ र ४ मा निर्माण गरेको १४८०७५ वर्ग फिटको भवन नं. १ को भुइँतल्ला निर्माण गर्दाको लागत रू.२,३९,८८१।५० को हाल हुने आउने मूल्य | रू.११,८९,८१२।२४ | |
| | हरेकृष्ण भगत | (ख) २०४७ सालमा ऐ जग्गामा निर्माण गरेको १४८०.७५ वर्ग फिटको भवन नं. १ को पहिलोतल्ला निर्माण गर्दाको लागत रू. ३,७७,४१३।५६ को हाल हुन आउने मूल्य | रू.११,८९,८१२।२४ | |
| ३. | हरेकृष्ण भगत | (क) मिति २०४८।०२।२९ मा खरिद गरेको काठमाडौ जिल्ला काठमाडौ महानगरपालिका-२८(ख) हाल वडा नं. ३३ को कि.नं. ५२६ को ०-८-०-० रोपनी जग्गा मध्ये स्रोत नखुलेको ०-४-०-० जग्गा | रू.१२,००,०००।- | |
| | हरेकृष्ण भगत | (ख) ऐ.ऐ. जग्गामा २०५२ सालमा भुइँतल्ला, पहिलो तल्ला र दोस्रो तल्लाको जम्मा कभर्ड एरिया ३८८३.७४ वर्ग फिटको घर रू.२९,४४,९४३।- को लागतमा निर्माण गरेको मध्ये स्रोत नखुलेको २६३१.७४ वर्ग फिटको निर्माणको लागत रू.१९,९५,५८२।६५ को हाल हुन आउने रू. | रू.२१,२१,३१४।- | |
| | हरेकृष्ण भगत | (ग) काठमाडौ महानगरपालिका-२८(ख) हाल वडा नं. ३३ को कि.नं. ५२६ को जग्गामा २०५९ सालमा रू.१९,५०,०२८।- रकमको लागतमा निर्माण गरेको तेश्रो र चौथौ तल्लाको घरको हालको मूल्य | रू.१९,५०,०२८।- | नक्सा पास नगरी निर्माण गरेको |

| | | | | |
|---|---|---|---|---|
| ४. | हरेकृष्ण भगत | २०५९ सालमा सप्तरी भंगाहा-९ को कि.नं. ३ र ४ मा रू.३,८८,१३५।१५ को लागतमा निर्माण गरेको ५७८०२ वर्ग मिटरको भान्सा घरको हाल (०६०-०६१) मा हुन आउने मूल्य रू. | रू.४,३९,०९६।५८ | |
| ५. | हरेकृष्ण भगत | (क) बैंक अफ काठमाडौ बचत खाता नं. ०७०००००००६९३३ मा रहेको मौजदात | रू.९८,७६२।५६ | |
| | हरेकृष्ण भगत | (ख) नेपाल एस.बि.आइ.बैंक लि.को बचत खाता नं. ०२५३०१००००६१ को बचत खातामा रहेको मौजदात | रू.३७,१८७।२१ | |
| | हरेकृष्ण भगत | (ग) नेपाल इन्भेष्टमेन्ट बैंकमा रहेको मौजदात | रू.४५,५४१।९६ | |
| | | जम्माः- | रू.८५,८६,७५४।७९ | |

२०३७ सालमा श्री ५ को सरकारको निजामती सेवामा असिस्टेन्ट इन्जिनियरको पदबाट सेवा प्रवेश गरी हाल सिनियर डिभिजनल इन्जिनियरको पदमा कार्यरत रहेका प्रतिवादी हरेकृष्ण भगतले प्राप्त गरेको पैतृक सम्पत्ति र त्यसबाट प्राप्त हुने आय, निजले उपर्युक्त सेवामा कार्यरत रहँदा आम्दानीका विधिसम्मत स्रोतहरूबाट प्राप्त गरेको तलब भत्ता, निजकी पत्नी सुनयनादेवी भगतका नाममा रहेको ट्रकबाट प्राप्त आय र निजले स्रोत खुलेको सम्पत्तिबाट खरिद गरी बढे बढाएको रकमसमेतलाई गणना गरी तत् तत् सम्पत्ति आर्जन गर्दाका स्रोतहरूको दृष्टिकोणबाट हेर्दा माथि तालिका नं. ७ मा उल्लिखित सम्पत्तिको वैधानिक आर्जनको स्रोत नखुलेको, सो सम्पत्ति गैरकानूनीरूपमा आर्जन गरेको देखिन आयो। साथै सप्तरीको भंगाहा र काठमाडौ मैतीदेवीको घरहरूको प्राविधिक मूल्याङ्कन प्रतिवेदन, निजले आफ्नो नाउँमा खोलेका बैंक खाताहरूमा जम्मा गरेको रकमको परिमाण, काठमाडौ र सप्तरीको विभिन्न स्थानहरूमा खरिद गरेको घडेरी जग्गाहरू र लाखौंका सुविधा र सजावटका फर्निचरसमेतका सामग्रीसमेतलाई दृष्टिगत गर्दा निजसँग निजको वैध आय स्रोतसँग नमिल्ने अस्वाभाविक परिमाणको सम्पत्ति देखिनुका साथै निजले मनासिब कारण बिना अमिल्दो र असुहाउँदो जीवनस्तर यापन गरेको देखिन आयो।

यसरी गैरकानूनीरूपबाट आफ्नो वैध आय स्रोतसँग नमिल्ने तथा अस्वाभाविक सम्पत्ति सङ्ग्रह गर्नु तथा आफ्नो हैसियतसँग अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गर्नुसमेतको कार्य साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, १५ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) अन्तर्गतको कसुर देखिनाले प्रतिवादी हरेकृष्ण भगतलाई उपर्युक्त भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, १५ र दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम हदैसम्म सजाय गरी निजले गैरकानूनी रूपबाट आर्जन गरेर राखेको तालिका नं. ८ को क्र.सं. १ देखि ५ सम्म उल्लेख भएबमोजिमको कूल रू.८५,८६,७५४।७९ बराबरको चल अचल सम्पत्ति साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६(ग) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) र दफा ४७ बमोजिम जफत गरिपाउँ भन्नेसमेत व्यहोराको विशेष अदालत काठमाडौमा पेस भएको अभियोगपत्र।

२०३७ सालमा सेवा प्रवेश गरी ०४७ सालमा बढुवा भै सिनियर डिभिजन इन्जिनियर (उपसचिव स्तरको) पदमा काम गरी आएको छु। मैले आफ्नो पारिश्रमिक, अंशबापत प्राप्त जमिन, कृषि आय, जग्गा बिक्री र श्रीमतीले पाएको दाइजो पेवा तथा बकसपत्रबाट प्राप्त सम्पत्ति जोडेको छु। अंशबन्डा हुँदाको अवस्थामा २६ बिगाहा जग्गा थियो। अंशबन्डा हुँदा मेरो भागमा १४ बिगाहा प्राप्त भएको थियो। यसै गरी सेवा प्रवेशअघि

संगोलको १२ बिगाहा जग्गा, सुन ५० तोला, चाँदी १०० तोला थियो । सोबाट बढे बढाएको सम्पत्तिबाट बाँकी जमिन जोडिएको हो । सेवा प्रवेशपछि मेरो नाममा जिल्ला सप्तरी मोहनपुर गा.वि.स. मा रहेको ९-२-९ जग्गा र पाँचवटा फुसको घर अनन्त विहारी दाशबाट बकस पाएको हुँ । श्रीमती सुनयनादेवी भगतले सोही गा.वि.स. अन्तर्गतको ५-४-१८ जग्गा दाइजो पेवाबाट पाएको हुँदा मूल्य कायम गर्न मिल्दैन । २०४७ सालमा सप्तरी जिल्ला अदालतबाट मेरो र श्रीमतीको जग्गा आ-आफ्नो नाममा कायम हुने गरी मिलापत्र हुँदा त्यस जग्गामध्ये ज.वि. २-१७-१५ भाइको नाममा गएको हो । मिलापत्रबाट ४-१०-१ जग्गा मैले पाएको र बकसबाट पाएको ९-२-९ जग्गामध्ये २-१७-१५ जग्गा अन्य भाइलाई र ०-५-० जग्गा गुलावीको नाउँमा गई मैले बकसपत्रबाट प्राप्त गरेको बाँकी ५-१९-४ भइ मेरो नाममा सो समयमा जम्मा १०-९-५ जग्गा थियो । त्यसै गरी श्रीमतीको नाममा उल्लिखित जग्गा कायम नै छ । सप्तरी भंगाहामा घर –१ रहेको ०४५ सालमा १४८०.७५ को भुइँतला निर्माण भएको घर २०४७ सालमा पहिलो तला निर्माण, २०४८ सालमा काठमाडौं मैतिदेबीमा ०–८-० जग्गा खरिद गरेको, ०५१ सालमा काठमाडौं नयाँपाटी गा.वि.स. मा ०-९-२-० जग्गा खरिद गरेको, सप्तरी भंगाहामा ०-०-६ (छ धुर) जग्गा रहेको, काठमाडौं मैतिदेवीमा ०५२ सालमा ३ तला र ०५९ सालमा साढे १ तल्ला थप गरी घर निर्माण गरेको, सप्तरी भंगाहामा ०५९ सालमा ५७८.०२ प्रति फिटको घर निर्माण गरेको छ ।

कृषि आय अन्तर्गत २०४८ देखी २०५८ को अवधिसम्म वार्षिक रू.५०,०००।- र २०५८ असोज देखि रू.३०,०००।- (तीस हजार) वार्षिक आम्दानी हुने गरेको छ । २-०-० जग्गामा मैले माछा पालन गरेको छु । जसबाट वार्षिक आम्दानी रू.५१,०००।- हुन्छ । फलफूल बिक्रीबाट वार्षिक रू.१५,०००।- आम्दानी हुने गर्दथ्यो । जग्गा बिक्री गर्दा रू. ६ लाख लिई रू. २ लाख बैंकमा जम्मा गरेको थिएँ । सप्तरीको ८ कोठे टायल घरबाट प्रति महिना रू.५००।- का दरले वार्षिक रू.४८,०००।-, सप्तरी भंगाहाको ४ कोठे घरबाट प्रति कोठा रू.१०००।– ले रू.४८,०००।-, घर भाडा प्राप्त हुन्थ्यो । काठमाडौं मैतीदेवीको घरको भाडा वार्षिक रू.१,४४,०००।- हुन्छ । मिनी ट्रक मासिक रू.९,०००।- मा २०५३ सालदेखि भाडामा दिएको हो ।

मैले सेवा अविधमा तलब र भत्ता गरी करिब रू. २०,००,०००।- प्राप्त गरेको छु । तालिका नं. ७ र ८ को सम्बन्धमा बयान गर्दा उल्लेख गरी सकेको छु । फर्निचरका सामानहरूको लागत रू. १,२८,०००।- मात्र भएकामा रू.६,४२,५६८। देखाएको न्यायसङ्गत छैन । अत्यधिक मूल्याङ्कन गरिएको छ । मेरो तलब, भत्ता, कृषि आय र ट्रक भाडाबाट प्रशस्तै आय स्रोत भएकामा आयस्रोत नै नभएको भनी मेरो वैध सम्पत्तिलाई अवैध बनाउने गरी दायर भएको आरोपपत्रबमोजिम मलाई सजाय र सम्पत्ति जफत हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी हरेकृष्ण भगतले विशेष अदालत काठमाडौमा गरेको बयान ।

पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाललाई विशेष अदालत ऐन, २०५९ को दफा ७(ग) बमोजिम रू.६०,००,०००।- (साठी लाख) नगद धरौट वा सोबापत निजको स्रोत खुलेको भनिएको मध्ये आरोपपत्रको तालिका नं. ७ को क्र.सं. ६ को रू.६,४२,५६८।– बाहेकको रू.४८,६४,१६५।- को सम्पत्ति र त्यसमा थप रू.११,३५,८३५।– बराबरको जेथा (जफतमा दाबी लिएको बाहेक) जमानत दिए लिई तारेखमा राखी र नदिए वा दिन नसके थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्नेसमेत व्यहोराले विशेष अदालत, काठमाडौबाट जमानत दिई तारेखमा बसेको ।

प्रतिवादीका साक्षीहरू अशोककुमार जयसवाल, माधवप्रसाद पराजुली र वादीका साक्षीहरू जयन्तकुमार राजवंशी, सरोजकुमार गोइत, जागेश्वर महासेठ, सिध्दिरत्न शाक्यले विशेष अदालतमा गरेको बकपत्र मिसिल सामेल रहेको देखियो ।

प्रतिवादीले जाँच अवधिमा सप्तरी जिल्ला भंगाहा गा.वि.स. वडा नं. ९ अन्तर्गत कि.नं. ५५, ९२,३३, ३६, ९३, ३७, ५०, २९८, ५६, र ९५ ऐ. ३ख अन्तगर्त कि.नं. १८, ऐ. वडा नं. ९ अन्तगर्त नै कि.नं. ४१०, का.जि.का.म.न.पा. वडा नं. २८(ख) को हाल ३३ अन्तर्गत कि.नं. ५२६ र ऐ. नयाँपाटी गा.वि.स. वडा नं. ५ अन्तगर्त कि.नं. ५०४ र ५०६ को जग्गा रू. ३,७९,२००।- मा, सप्तरी र काठमाडौमा निर्माण भएको घर रू. ५५,१५,६०५।३१ मा निर्माण सम्पन्न गरेको, शेयरमा रू. ६७,०००।- लगानी गरेको अध्ययनमा रू. ८,४३,३६१।- खर्च गरेको, बैङ्क मौजदातमा रू.१,४६,२५९।१४ रही VDIS बापत रू.५,००,०००।- तिरेकोसमेत जम्मा रू.७४,५१,४२६।२५ बराबरको सम्पत्ति सङ्ग्रह गरेको देखिन्छ । सो सम्पत्तिको तुलानामा प्रतिवादीले सोही जाँच अवधिमा तलब भत्ताबाट, १३,८०,५८९।८३, जग्गा बिक्रीबाट रू.३,६८,०००।- कृषि आयबाट रू.२६,४८,०००।- घरभाडाबाट रू.१२,१४,४००।- बैक ब्याज रू.२,२७,५२६।०७, कर्मचारी सञ्चयकोषको सापटी रू.४२,०२०।- ट्रक भाडाबाट रू.५,६७,०००।- र टीकाटालो, दक्षिणासमेतबाट रू.४,००,०००।- समेत गरी जम्मा रू.६८,४७,५३५।९० आय आर्जन गरेको देखिन आयो ।

सम्पत्तिको बिगो र आयको फरक रकम सम्पत्तिको बिगोको १० प्रतिशतभन्दा कमको सम्पत्तिसम्म बढी देखिनुलाई अमिल्दो र अस्वाभविक मान्न नमिल्ने भनी यस्तै प्रकृति र अवस्थाका मुद्दामा भारतीय सर्वोच्च अदालतबाट (Krishnanada Agnihotri Vs. State of M.P., A.I.R. १९७७, P. ७९६) को मुद्दामा सिद्धान्त प्रतिपादित भैरहेको पाइन्छ । त्यसकारण जाँच अवधिमा प्रतिवादीको आयस्रोतको अनुपातमा निजको साथमा रहेको सम्पत्ति र भएको खर्चलाई अमिल्दो र अस्वाभाविक मानी दाबीबमोजिम कसुर गरेको ठहर गरी सजाय गर्न कानून एवम् न्यायसम्मत हुने देखिँदैन । प्रस्तुत मुद्दामा जाँच अवधिभित्र प्रतिवादीको सम्पत्तिको बिगो रू.७४,५१,४२६।२५ र सोही अवधिभित्र रू.६८,४७,५३५।९० बराबरको रकम वैध आर्जन देखिन आएबाट आयको तुलनामा सम्पत्तिको मोल रू.६,०३,८९०।३४ बढी हुन आए पनि सो रकम कूल सम्पत्तिको ८.१० प्रतिशत भन्दा कमै हुने देखियो । यसरी प्रतिवादीले वैध आर्जन गरेको रकमको अनुपातमा सम्पत्तिको बिगो बढी भए पनि सो बढी भएको रकम कूल सम्पत्तिको बिगोको रकमको १० प्रतिशत भन्दा कमै भएकाले प्रतिवादीको साथमा रहेको सम्पत्ति निजको वैध आयस्रोतसँग नमिल्ने अस्वाभाविक परिमाणको भएको नदेखिएकाले निजले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, १५ र २९ एवम् हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) को कसुर गरेको भन्ने वादी नेपाल सरकारको दाबी पुग्न नसक्ने ठहर्छ भन्नेसमेत व्यहोराको विशेष अदालत काठमाडौको मिति २०६६।९।२० को फैसला ।

उक्त फैसला मिलेको छैन । प्रतिवादी हरेकृष्ण भगत राष्ट्रसेवक कर्मचारी भएको तथ्यमा विवाद छैन । राष्ट्रसेवक कर्मचारीले आफू र आफ्नो परिवारको नाममा सङ्ग्रह गरेको सम्पत्तिको स्रोत खुलाउनुपर्ने हुन्छ । अनुसन्धानको क्रममा प्रतिवादी हरेकृष्ण भगत र निजको श्रीमतीको नाममा भएका सम्पत्तिको बारेमा यथोचित विश्लेषण भई प्रमाणको आधारमा स्रोत खुलेको सम्पत्ति र स्रोत नखुलेको सम्पत्ति छुट्ट्याई स्रोत नखुलेको सम्पत्तिको सम्बन्धमा मात्र विशेष अदालतमा मुद्दा दायर गरिएको हो । जाँच अवधिमा प्रतिवादीको रू.१,४०,९३,४८७।९१ बराबरको घरजग्गासमेतको सम्पत्ति देखिएकामा रू.५५,०६,७३५।१२ को मात्र स्रोत खुलेको छ भने रू. ८५,८६,७५४।७९ बराबरको वैधानिक स्रोत पुष्टि भएको छैन ।

विशेष अदालतले गणना गर्न नमिल्ने प्रतिवादीको कतिपय आयहरूलाई पनि स्वेच्छापूर्वक गणना गरी सम्पूर्ण आयस्रोतबाट प्राप्त रकम गणना

गरिसकेपछि आय भएको थियो कि भनी आशङ्कासम्म गर्न सकिने कुनै स्रोत नै बाँकी नभएको अवस्थामा पनि निजको मौजदात सम्पत्ति भन्दा रू.६,०३,८९०।३४ बढी निजलाई वैद्यरूपबाट आय भएको ठहर भएबाट विशेष अदालतको फैसलाले गैरकानूनीरूपमा सम्पत्ति आर्जनको कसुर गर्ने प्रवृतिलाई प्रश्रय मिलेको छ। यस प्रकृतिका मुद्दामा जे जति सम्पत्तिको वैध आयस्रोत पुष्टि हुँदैन, त्यति सम्पत्ति गैरकानूनीरूपमा आर्जन गरेको ठहर गर्नुपर्ने हुन्छ। २०३७ सालमा सार्वजनिक पद धारण गरेका प्रतिवादीले २०४५ र २०४८ सालमा सप्तरी जिल्लाको भंगाहामा, २०५२ र २०५९ सालमा काठमाडौमा र २०५९ सालमा पुनः सप्तरी जिल्लाको भंगाहामा नै घर निर्माण गरेको देखिन्छ। ती घरहरूको निर्माण लागत रू.६८,९०,०६३।०६ भनी आरोपपत्रमा उल्लेख गरेको अवस्थामा रू. ५१,१२,८२१।३१ कायम गर्न मिल्दैन। त्यसैगरी २०३९ सालदेखि खरिद गरेका जग्गाहरूको पनि आरोपपत्रमा उल्लेख गरेको बिगोभन्दा कम बिगो कायम गरेको हदसम्म मिलेको छैन।

सम्पत्ति आर्जन गर्दाको समयको लिखतमा आर्जित मूल्यलाई आधार मानी जग्गाको मूल्य कायम गर्न मिल्दैन । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को पृष्ठभूमिमा हालको अर्थात् अनुसन्धान हुँदाको अवस्थाको मूल्यलाई नै बिगो कायम गरिनु पर्दछ । सम्पत्ति आर्जन गर्दाको समयको मूल्यलाई आधार मान्दा ऐनको मनसाय पूरा हुँदैन । प्रतिवादीले कसुरबाट उन्मुक्ति पाउने हुन्छ । अवैधरूपमा खरिद भएका जग्गा र अवैध आर्जनकै रकमबाट बनेको घरबाट प्राप्त हुने घरभाडालाई वैध आय मान्न मिल्दैन । तर विशेष अदालतबाट प्रतिवादीलाई सहुलियत हुने गरी घरभाडाबापत रू.१२,१४,४००।– आय भएको मानी सो रकमलाई मान्यता दिएको देखिन्छ । त्यसमा पनि महत्त्वपूर्ण र विचारणीय कुरा घर भाडामा लागेको र घरभाडाबापत रकम प्राप्त गरेको भन्ने निश्चयात्मक प्रमाण पेस गरेको छैन । घरभाडामा लागेको भए घरभाडाको सम्झौतापत्र र कर तिरेको रसिद तथा भरपाई हुनुपर्नेमा सोसमेत प्रमाणको रूपमा संलग्न गरेको छैन।

आरोपपत्रको तालिका नं. ३ हेर्दा प्रतिवादी हरेकृष्ण भगत र निजको श्रीमती सुनयनादेवी भगतको नाममा रहेका विभिन्न कित्ता जग्गाहरूको मात्र स्रोत खुलेको देखिन्छ । प्रतिवादीले आफूले खरिद गरेकासमेत सबै जग्गाबाट कृषि आय, माछा पालनबाट भएको आय र फलफूल बिक्रीबाट आय भएको भनी विशेष अदालतमा जिकिर लिएको देखिन्छ। अदालतले प्रतिवादीको जिकिरको आधारमा मात्र आय कायम गर्न मिल्दैन । वस्तुनिष्ठ र तथ्ययुक्त प्रमाणबाट समर्थित भएमा मात्र आयमा गणना गर्न मिल्छ। तर वस्तुनिष्ठ र तथ्युक्त प्रमाणको अभावमा रू.२६,४८,०००।– कृषि आय कायम गरेको विशेष अदालतको फैसला मिलेको छैन।

भ्रष्टाचार निवारण ऐन, २०५९ मा १० प्रतिशत सम्म स्रोत पुष्टि नभएमा प्रतिवादीले सफाइ पाउने भन्ने कानूनी व्यवस्था छैन। विशेष अदालतको फैसलामा पनि आर्जन गरेको कूल सम्पत्ति मध्ये १० प्रतिशत अवैध देखिएकाले भ्रष्टाचारको कसुर नहुने भन्ने कानूनी आधार खुलाएको पाइदैन। बिना कानूनी आधार स्रोत नखुलेको रू.६,०३,८९०।३४ लाई रू.७४,५१,४२६।२५ को तुलनामा ८.१० प्रतिशतको अनुपातमा स्रोत खुलेको मानी भएको विशेष अदालतको मिति २०६६।९।२० को फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग माग दाबीबमोजिम प्रतिवादीलाई सजाय होस् भनी वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पेस हुन आएको पुनरावेदनपत्र।

यसमा प्रतिवादीलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, १५ र २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम सजाय हुन मुख्य मागदाबी रहेकामा आयको तुलनामा सम्पत्तिको मोल

रू.६,०३,८९०।३४ बढी हुन आए पनि सो रकम कूल सम्पत्तिको ८.१० प्रतिशतभन्दा कमी देखिँदा निज प्रतिवादीले आर्जन गरेको वैध सम्पत्तिको अनुपातमा सम्पत्तिको बिगो बढी भए पनि सो बढी रकम कूल सम्पत्तिको बिगोको १० प्रतिशतभन्दा कमी भएकाले प्रतिवादीको साथमा रहेको सम्पत्ति निजको वैध आयस्रोतसँग नमिल्ने अस्वाभाविक परिमाणको भएको नदेखिएको भन्ने अर्थ गरी प्रतिवादीलाई कसुरदार ठहर्‍याउन नमिल्ने भनी विशेष अदालत काठमाडौंबाट मिति २०६६।९।२० मा भएको फैसलाको निर्णयाधार यस अदालतबाट यसै विषय समावेश भएका ऋषिराम दवाडीको प्रतिवेदनले नेपाल सरकार पुनरावेदक वादी र प्रदीप शमशेर ज.ब.रा.समेत प्रत्यर्थी प्रतिवादी भएको गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा लगायतका अन्य मुद्दाहरूमा छलफलको लागि प्रत्यर्थी झिकाउने आदेश भई विचाराधीन रही रहेको पाइएकाले प्रस्तुत मुद्दामा पनि विशेष अदालतको इन्साफ फरक पर्न सक्ने देखिँदा मलुकी ऐन, अ.बं. २०२ नं. बमोजिम छलफलको निमित्त प्रत्यर्थी प्रतिवादीलाई झिकाउनु भन्नेसमेत व्यहोराको यस अदालतको मिति २०६८।८।११ को आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न कागजातहरूको अध्ययन गरी वादी पुनरावेदकको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री चन्द्रबहादुर सापकोटाले प्रतिवादी हरेकृष्ण भगतसँग उक्त जाँच अवधिभित्र आर्जित गरेको जम्मा रू.१,४०,९३,४८७।९१ बराबरको सम्पत्ति मध्ये निजको रू.५५,०६,७३३।१२ को मात्र स्रोत खुलेको र रू.८५,८६,७५४।७९ बराबरको सम्पत्तिको स्रोत नखुलेको भन्ने कुरा आरोपपत्रबाट स्पष्ट भएको छ। विशेष अदालत काठमाडौंले प्रतिवादीको जग्गा, घर निर्माण, शेयर र बैंङ्क मौजदात तथा विद्युतीय उपकरणबापत भएको खर्चलाई बिगो कायम गरेको देखिन्छ। आरोपपत्रमा जम्मा बिगो रू.१,४०,९३,४८७।९१ समेत कायम गरेको परिवेश र आधारमा रू. ७४,५१,४२६।२५ मात्र बिगो कायम गरेको मिलेको छैन।

जग्गा खरिद गर्दाको बिगोको हकमा हेर्दा प्रतिवादीले विभिन्न मितिमा सप्तरी र काठमाडौंमा जग्गा खरिद गरेको देखिन्छ। ती जग्गा खरिदको सम्बन्धमा वादी नेपाल सरकारले अनुसन्धानको क्रममा हालको मूल्य कायम गरेकामा विशेष अदालत काठमाडौंले खरिद गर्दाको अङ्कित मूल्यलाई बिगो कायम गरी घटी बिगो कायम गरेको छ। घर निर्माणको सम्बन्धमा निर्माण वर्षको आधारमा बिगो कायम गर्न मिल्दैन। घरको निर्माण लागत मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएअनुसार हुने भन्नेसम्बन्धमा यस अदालतबाट (*ने.का.प.* २०६९, जेठ, नि.नं. ८७७०, पृष्ठ २५९) मा सिद्धान्त प्रतिपादन भएको छ।

आरोपपत्रको तालिका नं. ५ मा उल्लिखित शेयरको सम्बन्धमा प्रतिवादीले स्वीकार गरेको अवस्थामा पनि विशेष अदालतले NIDC Capital को शेयर खरिदको रकमलाई घटाएको हदसम्म फैसला त्रुटिपूर्ण छ। विद्युतीय सामान र फर्निचरका सामानमा पनि घटी बिगो कायम गरेको मिलेको छैन। रू. ६,४२,५८६।- कायम हुनुपर्दछ। बैंङ्क मौज्दातको सम्बन्धमा विशेष अदालतले रू.१,४६,२९५।१४ मात्र बिगो कायम गरेको देखिन्छ। उक्त रकमलाई अभियोग दाबीमा नरहेको भनी मान्यता नदिएको कार्यले प्रतिवादीले सहुलियत पाएको छ, दाबीबमोजिमको बिगो कायम हुनुपर्दछ।

प्रतिवादीको जाँच अवधिको आयस्रोतको सम्बन्धमा हेर्दा निजको आयस्रोत तलब, भत्ता, जग्गा बिक्री, कृषि आय, घरभाडा, कर्मचारी सञ्चयकोष सापटी, ट्रक भाडा, तरकारी व्यवसायसमेत भएको देखिन्छ। तलब भत्ताको सम्बन्धमा आरोपपत्रमा निजले जाँच अवधिमा रू.८,५३,६५७।– प्राप्त गरेको स्पष्ट दाबी रहेकामा विशेष अदालतले रू.१३,८०,८५९।८३ कायम गरेको छ। सो रकम प्राप्त

गरेको पुष्टि गर्ने प्रमाणको अभावमा बढी आय कायम गर्न मिल्दैन । जग्गा बिक्रीबाट आय हुने कुरामा विवाद नभए तापनि खरिद गर्दा स्रोत नखुलेको सम्पत्तिको बिक्रीबाट हुने आयलाईसमेत गणना गरी मान्यता दिन मिल्दैन । त्यसकारण रू.३,६८,०००।– आय कायम गरेको मिलेको छैन ।

घरभाडाबापत प्राप्त गरेको रकमको घर बहाल कर नतिरेको र बहालमा दिएको सम्झौतापत्र नभएको अवस्थामा घर बहालबापत प्राप्त रकमलाई आयमा गणना गर्न नमिल्ने भनी *ने.का.प.* २०६९, पुस, निर्णय नं. ८८८६, पृष्ठ १३४१ मा सिद्धान्त प्रतिपादन भैसकेको छ । प्रस्तुत मुद्दामा प्रतिवादीले बयानमा जिकिर लिएबाहेक सम्झौतापत्र र घर बहाल तिरेको भौचर तथा रसिद पेस गर्न नसकेको अवस्थामा घर बहालबापत रू.१२,१४,४००।– आय गरेको विशेष अदालतको फैसला त्रुटिपूर्ण छ ।

कृषि आय मुख्य आम्दानीको स्रोत भने होइन । तथापि, कृषि आयबाट आम्दानी नहुने भन्ने वादीको जिकिर पनि होइन । तर त्यो पनि प्रमाणसङ्गत रूपमा मिलेको हुन आवश्यक हुन्छ । प्रतिवादीको जग्गाको क्षेत्रफल, जग्गाको किसिम र तत्कालीन अवस्थामा हुने उत्पादन र मूल्यसमेतको विश्लेषण गरी आरोप पत्रमा रू.५,५८,२३०।– कृषि आय कायम गरेकामा विशेष अदालतले प्रतिवादीको स्वामित्वमा नै नहरेको जग्गासमेतबाट आय भएको भनी बयान जिकिरको आधारमा रू.२६,४८,०००।– आय कायम गरेको फैसला सो हदसम्म बदर भई आरोपपत्रमा उल्लिखित रकम नै कृषिबाट हुने आयमा गणना हुन मनासिब छ । त्यसैगरी विशेष अदालतले आधार प्रमाण विना नै सुनयनादेवी भगतको टीकाटालोबाट रू.४,००,०००।– प्राप्त गरेको भनी आय कायम गरेको देखिन्छ । अनुमानको आधारमा गरिएको फैसला आधारहीन हुने कुरामा विवाद छैन । प्रमाणको अभावमा न्यायिक स्वविवेकको आधारमा मात्र आय कायम गर्दा भ्रष्टाचार निवारण ऐन, २०५९ को मनसाय र मर्मविपरीत हुने हुन्छ । तसर्थ विशेष अदालतको फैसला बदर गरी पुनरावेदन जिकिरबमोजिम गरिपाउँ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो ।

झिकाइएका प्रतिवादी हरेकृष्ण भगतका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिप्रसाद उप्रेतीले प्रतिवादीले जाँच अवधिमा सङ्ग्रह गरेको चलअचल सम्पत्तिको वास्तविक मूल्य र अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गरेको मूल्याङ्कनमा फरक छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को मनसाय मुद्दा दायर हुने बित्तिकै कसुरदार ठहर्‍याउनु पर्छ भन्ने होइन । त्यसमा पनि प्रमाणको उचित मूल्याङ्कन हुनुपर्दछ । अदालतबाट प्रमाणको विवेचना हुने र प्रमाणबाट स्रोत पुष्टि भएको अवस्थामा प्रतिवादीले सफाइ पाउने प्रचलित कानूनी व्यवस्थाको आधारमा हेर्दा यस मुद्दामा वादी नेपाल सरकारको तर्फबाट प्रस्तुत भएका प्रमाणहरू प्रमाणयोग्य भए नभएको सम्बन्धमा पनि हेरिनुपर्ने हुन्छ । वादी नेपाल सरकारले Cash Flow को आधारमा मुद्दा दायर गरेकामा Check Period को आधारमा आय र व्यय कायम गरेको नमिलेको भनी दाबी गरेको सम्बन्धमा हेर्दा यस अदालतबाट नेपाल सरकार विरूद्ध रामकृष्ण तिवारी भएको मुद्दामा जाँच अवधि कायम गरी सो अवधिको आय र व्ययलाई फरकफरकरूपमा मूल्याङ्कन गरेको अवस्थामा अन्यथा मान्न मिल्दैन ।

जुन सम्पत्ति जुन समयमा प्राप्त हुन्छ त्यसै समयको मूल्यलाई नै आधार मानिनुपर्ने हुन्छ । तत्काल सस्तो मूल्यमा खरिद गरेको सम्पत्तिको हालको मूल्यको आधारमा बिगो कायम गर्न मिल्दैन । यससम्बन्धमा उल्लिखित रामकृष्ण तिवारीको मुद्दामा सिद्धान्त संस्थापित भैसकेको छ । तसर्थ जग्गा, जमिन खरिद र घर निर्माणसमेतको लागत एवम् बिगो हालको मूल्यमा हुनुपर्दछ भन्ने वादी दाबी पुष्टि हुन सक्दैन । प्रतिवादीले विशेष अदालतमा बयान गर्दा Consultancy बापत रू. ५,९८,३६४।३३ र तरकारी व्यवसायबाट रू.११,८८,०००।- आय प्राप्त

गरेको भनी जिकिर लिएकामा सो रकमलाई प्रतिवादीको आयमा गणना नगरेको मिलेको छैन। त्यसैगरी फलफूल बिक्रीबाट प्राप्त रकम आयमा गणना नगरेको एउटा अवस्था छ भने घर बहालबापत रू.३०,४९,५००।- प्राप्त गरेकामा रू.१२,१४,४००।- मात्र कायम गरेको विशेष अदालतको फैसला प्रमाण मूल्याङ्कनको रोहमा मिलेको छैन।

प्रतिवादीले VDIS बापत रू. ५,००,०००।– नेपाल सरकारलाई बुझाएको तथ्यमा विवाद छैन। VDIS बापत रकम बुझाउनु भनेको प्रतिवादी वा सम्पत्ति धारकसँग घरभाडालगायतबाट प्राप्त आर्जित सम्पत्तिको आधारमा बुझाउने हो। त्यसकारण VDIS बापत बुझाएको रकमले खाम्ने रकमलाई पनि विचार गरी न्याय निरूपण गरिनुपर्नेमा त्यसतर्फ विचार गरिएको छैन। VDIS आफैँमा आम्दानीमा लाग्ने कर रकम हो। त्यो अवैध रकमलाई वैध पार्न तिरिएको रकम होइन।

कृषि आय पनि व्यक्ति विशेषको आम्दानीको स्रोत हो। त्यसलाई पूर्णरूपमा इन्कार गर्न सकिँदैन। यस मुद्दाका प्रतिवादी हरेकृष्ण भगतको सप्तरीको जग्गाबाट बार्षिक रू.१,५०,०००।- आम्दानी हुन्थ्यो भनी बयान गरेकामा बयानमा मानवीय भूलबस रू.१५,०००।- मात्र लेखिएको कारणबाट आयमा गणना नगर्नुले १२ वर्षको रू.१८,००,०००।- आय गणना नगर्न मिल्दैन। प्रतिवादी इन्जिनियर भएको तथ्यमा विवाद छैन। इन्जिनियरले Consultancy गरेबापत पनि रकम पाउन सक्ने हुन्छ। हरेकृष्ण भगतले सेवा अवधिमा समय-समयमा घरबिदा लिई र कार्यालय समयमा बिहान बेलुका Consultancy मा काम गरेको देखिन्छ। सो तथ्य सडक विभागको मिति २०६५।४।३० को पत्रबाट पनि सर्मथित भएको छ भने वादी नेपाल सरकार विरूद्ध डिल्लीरमण निरौलासमेत प्रतिवादी भएको मुद्दामा Consultancy बापतको प्राप्त रकमलाई आयमा गणना गरिएबाट पुष्टि हुन आएको छ। घरभाडा सुनिश्चित आय हो। प्रतिवादीले जाँच अवधिमा रू.३०,४९,५००।- घरभाडाबापत आय आर्जन गरेकामा विशेष अदालतले रू.१२,१४,४००।- मात्र कायम गरेको छ। यसबाट प्रतिवादीको रू. १८,३५,१००।– आयमा गणना गर्न छुट भएको प्रष्ट छ।

चली आएको परम्पराअनुसार माइतीले चेलीलाई टीकाटालो बापत र उपहार दक्षिणाबापत रकम, सुन, चाँदी लगायतका गर गहना दिने गरिन्छ। यससम्बन्धमा सुनयनादेवी भगतले माइतीतर्फका दाजुभाइ, बुबा आमाबाट विवाहको समयमा रू.१०,००,०००।– जेठो छोरो जन्मदा रू.१०,००,०००।– र घर निर्माण गर्दा रू.१०,००,०००।– समेत गरी जम्मा रू.३०,००,०००।– प्राप्त गरेकामा सो पूरै रकम आयमा गणना गरेको छैन। रू.४,००,०००।– मात्र आयमा गणना गरेको हदसम्मको फैसला बदर गरी टीकाटालो शीर्षकमा थप रकम समावेश हुनुपर्दछ। त्यसैगरी सुन चाँदी बिक्रीबाटसमेत रू.४,७६,६१६।– प्राप्त गरेकामा त्यो रकम आयमा गणना गरिएको छैन। अतः प्रतिवादीले पुनरावेदन नगरेको भए तापनि विशेष अदालतबाट घरभाडा, कृषि आय, Consultancy बापत प्राप्त रकम, सुनचाँदीबापतको बिक्रीबाट प्राप्त रकम र तरकारी व्यवसायबाट प्राप्त रकम आयमा गणना हुन छुट भएकाले सो आय जोड्दा प्रतिवादीको बिगो भन्दा आय बढी भई ८.१० प्रतिशतसमेत कायम नरही पूर्णरूपमा सफाइ हुने हुँदा सफाइ पाउनु पर्दछ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो। साथै दुवैतर्फबाट पेस भएका बहसनोटसमेत अध्ययन गरियो।

दुवैतर्फका विद्वान् कानून व्यवसायीले गर्नुभएको उपर्युक्तबमोजिमको तर्कपूर्ण बहस सुनी विशेष अदालत काठमाडौंको मिति २०६६।९।२० को फैसला मिलेको छ छैन, वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा प्रतिवादी हरेकृष्ण भगतसँग रू.१,४०,९३,४८७।९१ बराबरको सम्पत्ति रहेकामा सो मध्ये तालिका नं. ८ मा उल्लिखित रू.८५,८६,७५४।७९ बराबरको सम्पत्तिको स्रोत पुष्टि हुन नसकेबाट स्रोत पुष्टि हुन नसकेको सम्पत्तिलाई गैरकानूनी आर्जन मानी निजलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,१५ तथा २९ र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(२) बमोजिम हदैसम्मको सजाय गरी साबिक ऐनको दफा १६(ग) र हालको ऐनको दफा ४७ बमोजिम जफत गरिपाउँ भन्ने व्यहोराको आरोपपत्र पेस भएको देखिन्छ।

३. उपर्युक्त व्यहोराले वादी पक्षले प्रतिवादीउपर भ्रष्टाचार निवारण ऐन, २०१७ र भ्रष्टाचार निवारण ऐन, २०५९ समेतअनुसार माथि उल्लिखित भएअनुसारको दाबी लिएको देखिँदा साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को कानूनी व्यवस्था हेर्नु वाञ्छनीय हुन आयो।

भ्रष्टाचार निवारण ऐन, २०१७

४. दफा ३ राष्ट्रसेवक भएको वा हुने भएको कुनै व्यक्तिले आफ्नो ओहदाको वा सोसम्बन्धी कुनै काम गर्न वा गराई दिएबापत वा नगर्न वा नगरी दिएबापत आफैँ वा अरू कसैको निमित्त कानूनले लिन पाउने पारिश्रमिकबाहेक अरू रिसवत कसैबाट लिएमा वा लिन मन्जुर गरेमा वा लिने प्रयत्न गरेमा निजलाई कसुरको मात्राअनुसार २ वर्षदेखि ६ वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुनेछ। रिसवत लिइसकेको भए सो रिसवतसमेत जफत भै सरकारी कोषमा दाखिला गरिनेछ ।

५. दफा १५ यो ऐनअन्तर्गत सजाय हुने कुनै कसुरमा अभियोग लागेको कुनै राष्ट्रसेवकको साथमा निजको र निजको परिवारका सदस्यहरूको थाहा भए सम्मको आम्दानीको स्रोतको अनुपातमा नमिल्दो आर्थिक साधन वा सम्पत्ति भएको वा निजले त्यसरी नमिल्दो उच्च जीवनस्तर बनाएको वा अरूलाई ठूलो दान दातव्य बकस दिएको फेला परेमा निजले अदालतलाई त्यसको सन्तोषजनक हुने सबुद दिनसकेमा बाहेक गैरकानूनीरूपले रिसवत लिएको अनुमान गरिनेछ र केवल सो अनुमानको आधारमा कसुरदार ठहराई अदालतबाट फैसला भएको छ भन्दैमा सो फैसला बदर हुन सक्दैन।

६. दफा १६ग. यस परिच्छेदअन्तर्गत सजाय हुने कसुरसँग सम्बन्धित ठहरिएको चल तथा अचल सम्पत्ति यस ऐनअन्तर्गत कसुरदार ठहरिएको राष्ट्रसेवक वा व्यक्तिले आफ्नो परिवार वा अरू कुनैको नाममा राखेको भए तापनि सो सबै सम्पत्ति जफत हुने छ।

७. दफा २९ "परिच्छेद २ अन्तर्गत सजाय हुने कसुर गरी त्यसबाट आफू वा अन्य कुनै व्यक्तिलाई गैरकानूनी लाभ वा कुनै व्यक्तिलाई गैरकानूनी हानी पुर्‍याएको रहेछ भने त्यस्तो कसुरबापत हुने सजायको अतिरिक्त त्यस्तो व्यक्तिसँग गैरकानूनी लाभ वा हानि गरेको बिगो असूल गरिनेछ।

भ्रष्टाचार निवारण ऐन, २०५९

८. दफा २० को उपदफा (१) प्रचलित कानूनबमोजिम सार्वजनिक पद धारण गरेको मानिने राष्ट्रसेवकले प्रचलित कानूनबमोजिम पेस गरेको सम्पत्ति विवरण अमिल्दो वा अस्वाभाविक देखिन आएमा वा निजले मनासिब कारण बिना अमिल्दो वा अस्वाभाविक उच्च जीवनस्तर यापन गरेमा वा आफ्नो हैसियतभन्दा बढी कसैलाई दान, दातव्य, उपहार, सापटी, चन्दा वा बकस दिएको प्रमाणित भएमा त्यस्तो सम्पत्ति के कस्तो स्रोतबाट आर्जन गरेको हो भन्ने कुराको निजले प्रमाणित गर्नुपर्नेछ र नगरेमा त्यस्तो सम्पत्ति गैरकानूनीरूपमा आर्जन गरेको मानिनेछ।

९. दफा २० को उपदफा (२) कुनै राष्ट्रसेवकले उपदफा (१) बमोजिम गैरकानूनीरूपमा

सम्पत्ति आर्जन गरेको प्रमाणित भएमा त्यसरी आर्जन गरेको सम्पत्तिको बिगोअनुसार दुई वर्षसम्म कैद र बिगोबमोजिम जरिवाना गरी त्यसरी आर्जन गरेको गैर कानूनी सम्पत्तिसमेत जफत गरिने छ।

१०. दफा ४७ कुनै व्यक्तिले यो ऐन वा प्रचलित कानूनबमोजिम भ्रष्टाचार गरेको मानिने कुनै कार्य गरी आर्जन गरेको सम्पत्ति र सो बाट बढे बढाएको अन्य सम्पत्तिसमेत आफ्नो वा अरू कसैको नाममा राखेको प्रमाणित भएमा त्यस्तो सम्पत्ति जफत हुनेछ।

११. त्यसै गरी वादी नेपाल सरकारले प्रस्तुत मुद्दा Cash Flow को आधारमा दर्ता गरिएकामा विशेष अदालतबाट Check Period को आधारमा मूल्याङ्कन गरेको नमिलेको भनी बहस नोटमा जिकिर लिएको देखिन्छ । त्यससम्बन्धमा विचार गर्दा यस प्रकृतिका मुद्दामा यस अदालतबाट नेपाल सरकार विरूद्ध चिरञ्जिवि वाग्ले (*ने.का.प.* २०६७ चैत, नि. नं ८५१९, पृष्ठ २००७), नेपाल सरकार विरूद्ध रामाज्ञा चतुर्वेदी (*ने.का.प.* २०६८, असोज, नि. नं. ८६३०, पृष्ठ ९१७) नेपाल सरकार विरूद्ध जयप्रकाश प्रसाद गुप्ता (*ने.का.प.* २०६८, फागुन, नि. नं. ८७२२, पृष्ठ १८९०), नेपाल सरकार विरूद्ध खुमबहादुर खड्का (*ने.का.प.* २०६९, भाद्र, निर्णय नं. ८८३२, पृष्ठ ७७१) लिलाराज गौतमसमेत विरूद्ध, नेपाल सरकार (*ने.का.प.* २०६९, जेठ, निर्णय नं. ८७७०, पृष्ठ २५९), नेपाल सरकार विरूद्ध युवराज शर्मासमेत (*ने.का.प.* २०६९, पुस, निर्णय नं. ८८८६, पृष्ठ १३४१), नेपाल सरकार विरूद्ध गणेश अर्याल (*ने.का.प.* २०७१, श्रावण, निर्णय नं. ९१४९, पृष्ठ ५०९), नेपाल सरकार विरूद्ध डिल्ली रमण निरौला (०६५-CI-००३१), नेपाल सरकार विरूद्ध लक्ष्मी राज पाठक (०६५-CR-००४५) नेपाल सरकार विरूद्ध रामकृष्ण तिवारी (२०६२ सालको फौ.पु. नं. ३३९९समेत), नेपाल सरकार विरूद्ध मुरारी बहादुर कार्की (०६५-CR-०००९), नेपाल सरकार विरूद्ध निरन्जन बाबु श्रेष्ठ (०६५-CR-००६४), नेपाल सरकार विरूद्ध आनन्द प्रसाद खनाल, नेपाल सरकार विरूद्ध वीरेन्द्र कुमार सिंह (स.फौ.पु.नं. ०६७-CR-०३४०) र नेपाल सरकार विरूद्ध भरत प्रसाद नेपाल (०६७-CR-०७७८) समेतका भ्रष्टाचार मुद्दामा सिद्धान्तहरू प्रतिपादित भै Check period को आधारमा सम्पत्तिको विश्लेषण गरी न्याय निरूपण गर्ने गरिएको हुँदा पुनरावेदक वादीको सो जिकिरको सम्बन्धमा थप विवेचना गरी रहनु परेन । प्रतिवादीको मिति २०३७।३।२८ देखि मिति २०६१।२।१८ को अवधि जाँच अवधि कायम भएको देखिँदा सो कायम भएको जाँच अवधिको आधारमा सम्पत्तिको विश्लेषण गरी प्रतिवादी हरेकृष्ण भगतको जाँच अवधिको व्यय र आयलाई छुट्टाछुट्टैरूपमा विश्लेषण गरी निष्कर्षमा पुग्नु पर्ने देखिन आयो।

१२. प्रतिवादी हरेकृष्ण भगतले राष्ट्रसेवक कर्मचारीको रूपमा सार्वजनिक पद धारण गरेको अवधिमा आर्जन गरी आफ्नो र श्रीमतीको नाममा राखेको सम्पत्तिको मूल्य, मूल्याङ्कन र न्यायोचित आधारमा हुन आउने रू.७४,५१,४२६।२५ को चल अचल सम्पत्ति मध्ये रू.६८,४७,५३५।९० को वैधानिक स्रोत पुष्टि भई रू.६,०३,८९०।३४ जम्मा बिगोको १० प्रतिशत भन्दा कम ८.१० प्रतिशत भई वैध आर्जन गरेको रकमको अनुपातमा बिगो बढी भए पनि प्रतिवादीको साथमा रहेको सम्पत्ति वैध आय स्रोतसँग नमिल्ने अस्वाभाविक परिमाणको भएको नदेखिएकाले प्रतिवादीले भ्रष्टाचारको कसुर गरेको भन्ने वादी नेपाल सरकारको दाबी पुग्न नसक्ने ठहर्‍याई विशेष अदालत काठमाडौबाट मिति २०६६।९।२० मा भएको फैसलामा चित्त नबुझाई वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा प्रस्तुत मुद्दा दायर भएको देखिन्छ।

१३. अब, माथि उल्लिखित तथ्यगत र कानूनी पृष्ठभूमिमा प्रतिवादी हरेकृष्ण भगतको जाँच अवधिमा भएका आम्दानी, व्यय र वादी नेपाल सरकारको पुनरावेदन जिकिरसमेतको न्यायिक विवेचना गरी विशेष अदालत काठमाडौको मिति

२०६६।९।२० को फैसला मिले नमिलेको सम्बन्धमा निर्णय दिनुपरेको छ।

१४. वादी पक्षबाट विशेष अदालत काठमाडौंबाट प्रतिवादी हरेकृष्ण भगतको घर निर्माण लागत, जग्गा खरिदको बिगो, शेयर खरिद, विद्युतीय तथा फर्निचरका सामान, VDIS, अध्ययन खर्च, बैङ्क मौज्दातसमेतका शीर्षकमा बिगो कायम गरी फैसला गरेकामा वादीले VDIS बापत बुझाएको रकम र अध्ययन खर्चको बिगो रकममा दाबी नगरेबाट VDIS र अध्ययन खर्चको सम्बन्धमा थप विवेचना गरिरहन परेन । तसर्थ VDIS बापतको रू.५,००,०००।– र अध्ययन खर्चबापतको रू.८,४३,३६१।८० प्रतिवादीको बिगोमा कायम हुन्छ।

१५. वादी नेपाल सरकारले घर निर्माण लागत, विद्युतीय उपकरण तथा फर्निचर खरिदको रकम, शेयर र बैङ्क मौजदातको घटी बिगो कायम गरेको नमिलेको भनी पुनरावेदनपत्रमा जिकिर लिएको देखिएकाले तत्तत् शीर्षकमा क्रमशः विवेचना गरी निर्णय दिनुपर्ने देखियो।

१) घर निर्माण

१६. आयको वैधानिकता जाँचिने प्रस्तुत मुद्दामा प्रतिवादी हरेकृष्ण भगत राष्ट्रसेवक कर्मचारी भएको तथ्यमा विवाद छैन । आरोपपत्रको तालिका नं. ३ को सि.नं. ३, ४ र ८ बाट प्रतिवादीको सप्तरी जिल्ला भंगाहा गा.वि.स. मा ३ वटा र सि.नं. ५ को ख र ग हेर्दा काठमाडौको मैतिदेवीमा चार तलाको एउटासमेत ४ वटा घर भएको देखिन्छ । उक्त घर तथा भवनहरू २०४२ सालदेखि २०५९ सालको अवधिसम्म निर्माण भएको देखिन्छ । काठमाडौ मैतिदेवीको घर वादी नेपाल सरकारले २०५८।०५९ सालको प्रति वर्गफिट रू.६५८।– को दर रेटको आधारमा रू.४८,९४,९७१।– र रू.५०,८०,५१६।– को आधारभूत लागतमा निर्माण सम्पन्न भएको भनी दुई प्रकारको मूल्य देखाई दाबी गरेको देखिन्छ। विशेष अदालत काठमाडौले सो घरको दररेटको आधारमा नभई जनु जुन साल वा वर्षमा घर र घरका तलाहरू निर्माण भएको हो, तत् तत् सालको दररेटको आधारमा आधारभूत लागत रू.४८,९४,९७१।– कायम गरेको देखिन्छ । वादी नेपाल सरकारले यससम्बन्धमा घटी बिगो कायम गरेको मिलेको छैन, मूल्याङ्कन हुँदाको वर्षको लागत कायम हुनुपर्ने भनी पुनरावेदन जिकिर गरेको देखिन्छ । यसप्रकार प्रस्तुत मुद्दामा निर्माण हुँदाको वर्षको लागत कायम हुनुपर्ने हो वा मूल्याङ्कन हुँदाको समयको लागत कायम हुनुपर्ने हो भन्ने प्रश्न उपस्थित भएको छ।

१७. काठमाडौको उक्त घर भुइँतलासहित पाँच तलाको भएको देखिन्छ। मूल्याङ्कन प्रतिवेदन हेर्दा भुइँतला, पहिलो तला, दोस्रो तला २०५२ सालसम्मको अवधिमा र तेस्रो तथा चौथो तला २०५९ सालसम्मको अवधिमा जम्मा ६३०२.९८ वर्ग फिटमा निर्माण भएको देखिन्छ।

१८. घर निर्माणको लागतसम्बन्धमा वादी पक्षले निर्माण गरेको वर्ष र मूल्याङ्कन हुँदाको समयको दुवै निर्माण लागत दाबी गरेको देखिन्छ । घरको निर्माणसम्बन्धमा निर्माण भएको समयमा नै खर्च हुने हुँदा मूल्याङ्कन हुँदाको समयको निर्माण लागतको बिगो कायम गर्न उपयुक्त हुँदैन । निर्माण भएको समयको आधारभूत लागतलाई मान्नु नै उपयुक्त हुन्छ । त्यसकारण विशेष अदालतले रू. ४८,९४,९७१।– बिगो कायम गरेको अन्यथा भन्न मिलेन।

१९. प्रतिवादी हरेकृष्ण भगतको सप्तरी जिल्ला भंगाहा गा.वि.स. मा भवन नं. १,२ र ३ का ३ वटा घर भएको आरोपपत्रबाट देखिन्छ। वादी पक्षले भवन नं. १ को आधारभूत लागत रू.९,११,४७०।५९, भवन नं. २ को आधारभूत लागत रू.३,८८,१३५।३० र भवन नं. ३ को आधारभूत लागत रू.१,९६,४४९।९० लागतमा सम्पन्न भएको भनी दाबी लिएको देखिन्छ । त्यसैगरी मूल्याङ्कन हुँदाको वर्षको

आधारमा भनी भवन नं. १ को निर्माण लागत रू.२५,३०,७४५।६७, भवन नं. २ को निर्माण लागत रू.४,२८,३८६।९२ र भवन नं. ३ को निर्माण लागत रू.१२,९४,४८।०८ देखाएको पाइन्छ । प्रतिवादीले भवन नं. १ रू. ५,५०,०००।– भवन नं. २, रू.२,२५,०००।– र भवन नं. ३ रू.१,५०,०००।– मा निर्माण गरेको भनी विशेष अदालतमा बयान गरेको देखिन्छ । उल्लिखित व्यहोराले वादी पक्षबाट मूल्याङ्कन हुँदाको वर्षको दररेटको आधारमा घर निर्माणको लागत दाबी गरेकामा प्रतिवादीले कम मूल्यमा निर्माण गरेको भनी बयान गरेको देखिएकाले निर्माण भएको सालको दररेटबमोजिमको आधारभूत मूल्याङ्कनलाई आधार मान्नु उपयुक्त र न्यायसम्मत् हुने देखियो ।

२०. घर निर्माणको लागत अन्यथा प्रमाणित भएमा बाहेक सहरी विकास तथा भवन निर्माण विभागले निर्धारण गरेको निर्माण भएको सालको दररेटको आधारमा एकिन गर्नुपर्ने हुन्छ । सहरी विकास तथा भवन निर्माण विभागको मिति २०६४।४।९ को पत्रबाट घर निर्माणमा १५ प्रतिशत ओभरहेड कष्ट र ५ प्रतिशत ठेक्का कर समावेश हुने देखिन्छ । यस्तै विवादको विषयवस्तु समावेश भएको माथि उदृत गरिएको नेपाल सरकार विरूद्ध डिल्लीरमण निरौलासमेत भएको मुद्दामा व्यक्ति आफैँले बनाएको घरमा १५ प्रतिशत Overhead Cost र ५ प्रतिशत ठेक्का कर समावेश नहुने उल्लेख भई यस अदालतबाट फैसला भएको देखिन्छ । उक्त दृष्टान्तअनुसार उल्लिखित काठमाडौ र सप्तरीका घर प्रतिवादीले ठेकेदारबाट निर्माण नगराई आफैँले निर्माण गरेको भन्ने देखिँदा व्यक्ति आफैँले आफ्नो हेरचाहमा निर्माण गरेको घरको मूल्याङ्कनमा उल्लिखित Overhead Cost र ठेक्का कर नलाग्ने हँदा प्रतिवादीको घरको आधारभूत लागत रू.६३,९१,०२६।६४ मा Overhead cost १५ प्रतिशत र ठेक्का कर ५ प्रतिशत गरी २० प्रतिशतले हुने रू.१२,७८,२०५।३२ घटाई हुने रू. ५१,१२,८२१।३१ आधारभूत लागत कायम गरेको विशेष अदालतको फैसला अन्यथा देखिएन । घर निर्माणतर्फको रू.५१,१२,८२१।३१ प्रतिवादीको बिगोमा समावेश हुन्छ ।

२) शेयर

२१. आरोपपत्रको तालिका नं. ५ मा प्रतिवादी हरेकृष्ण भगतको NIDC Capital market लि.मा रू.२३,०००।– मूल्य बराबरको र निजको श्रीमती सुनयनादेवी भगतको नाममा सोही लिमिटेडमा रू. २५,०००।– मूल्य बराबरको र दुवैजनाको संयुक्त नाममा हायत रिजेन्सी होटलको रू. ६७,०००।– मूल्य बराबरको शेयरसमेत जम्मा रू.१,१५,०००।– मूल्यको शेयर रहेको भनी उल्लेख भएको देखिन्छ । उक्त शेयरका सम्बन्धमा प्रतिवादी हरेकृष्ण भगतले अनुसन्धानको क्रममा र अदालतको बयानमा सो रकम बराबरको शेयर भएको स्वीकार गरी बयान गरेको देखिन्छ । त्यसैगरी सम्पत्ति विवरणमा पनि सो व्यहोरा उल्लेख गरेको देखिन्छ । विशेष अदालत काठमाडौले NIDC Capital Market L.T.D. को शेयर शेयरधनी रेकर्डमा नरहेको हुँदा रू. ६७,०००।– मात्र बिगो कायम हुने गरी फैसला गरेको देखिन्छ । वादी नेपाल सरकारले रू.१,१५,०००।– नै बिगो कायम हुनुपर्ने भनी पुनरावेदन गरेको देखिन्छ । यससम्बन्धमा विचार गर्दा NIDC Capital Market L.T.D. को प.सं. ४७५।०६२।०६३ मिति २०६२।५।२९ को पत्रबाट प्रतिवादीसमेतको नाममा सो दाबीबमोजिमको शेयर नरहेको भनी विशेष अदालतमा लेखी आएको देखिँदा रू.४८,०००।– बिगोमा गणना गर्न मिलेन ।

२२. तारागाउँ रिजेन्सी होटल्स लिमिटेड (हायत) को मिति ०६१।२।८ को पत्रअनुसार प्रतिवादीको नाममा र निजको श्रीमतीको नाममा १००।– का दरले ६७० कित्ता शेयर भएको भन्ने देखिँदा उक्त ६७० कित्ता शेयरको रू. १००।– का दरले हुने रू. ६७,०००।– प्रतिवादीको बिगो कायम

गरेको विशेष अदालतको फैसला मनासिब नै देखियो।

३) बैङ्क मौज्दात

२३. आरोपपत्रको तालिका नं. ४ मा प्रतिवादी हरेकृष्ण भगतको नाममा स्टान्डर्ड चार्टड बैङ्क लिमिटेड बानेश्वरमा रू.९८,३४१।६६, नेबिल बैङ्क लिमिटेड कमलादीमा रू.५०,१४९।१४, नेपाल इन्भेष्टमेन्ट बैङ्क लिमिटेड दरवार मार्गमा रू.४५,५४१।९६, नेपाल बैङ्क लिमिटेड रत्नपार्कमा रू.३४,९३७।४२, बैङ्क अफ काठमाडौ लि. कमलादीमा रू.९८,७६२।५६, नेपाल एस.बि.आई. बैङ्क लिमिटेड न्युरोडमा रू.३७,१८७।२१, रा.बा. बैङ्क विशाल नगरमा रू.१,०७६।३१ र ऐ.मैतिदेवीमा रू.७,७८२।५८ समेत रू.३,७३,७७८।८४ बैङ्क मौज्दात रहेको भनी उल्लेख गरेको देखिन्छ । आरोपपत्रको तालिका नं. ७ को सि.नं. ८ मा उपर्युक्त मध्ये स्ट्यान्डर्ड चार्टड बैङ्क बानेश्वर, नविल बैङ्क लिमिटेड कमलादी, राष्ट्रिय वाणिज्य बैङ्क विशालबजार तथा मैतीदेवी र नेपाल बैङ्क लिमिटेड भूगोलपार्कमा जम्मा गरेको रकमलाई स्रोत खुलेको वैधानिक सम्पत्ति मानेको र तालिका नं. ८ को सि.नं. ५ मा उल्लिखित रकमलाई मात्र स्रोत नखुलेको भनी वादी आफैँले आरोप पत्रमा स्वीकार गरी मुद्दा दायर गरेको अवस्थामा हाल पुनरावेदनको रोहमा नमिलेको भनी दाबी लिनु न्यायोचित नहुँदा विशेष अदालतले बैङ्क मौज्दातसम्बन्धमा बिगो कायम गरेको मिलेकै देखियो । तर्सथ रू.१,४६,२५९।१४ प्रतिवादी हरेकृष्ण भगतको बिगोमा समावेश हुन्छ।

४) जग्गा खरिदसम्बन्धमा

२४. प्रतिवादी हरेकृष्ण भगतको नाममा सप्तरी जिल्ला भंगाहा अन्तर्गत कि.नं. २६, २७, २८, २९, ३१, ३४, ३५, ३, ४, ४८, ९०, ४२४, ४२६, ४२८, ५६, ९५, ४१०, ऐ. मोहनपुर १ अन्तर्गत कि.नं. १२८, २६१, २९७, ३४५ ऐ. ५(ख) अन्तर्गत २४०, ५८२, का.जि.का.म.न.पा. कि.नं. ३३ को ५२६ र निजको श्रीमती सुनयनादेवी भगतको नाममा सप्तरी जिल्ला भंगाहा गा.वि.स. वडा नं. ९ अन्तर्गत ५५, ९२, ३३, ३६, ९३, ३७, ५०, २९८ तथा का.जि. नयाँ पाटी गा.वि.स. वडा नं. ५ अन्तर्गत कि.नं. ५०४ र ५०६ का जग्गा रहको देखिन्छ। उक्त जग्गा मध्ये कि.नं. २६, २७, २८, २९, ३१, ३४, ३५, ३, ४, ४८, ९०, ४२४, ४२६, ४२८, १२८, २६१, २९७, ३४५ जग्गा अंशबापत प्राप्त गरेको देखिन्छ भने बाँकी जग्गा खरिद गरेको देखिन्छ।

२५. उपर्युक्तबमोजिमका तालिका नं. ३ मा उल्लिखित जग्गा प्रतिवादी हरेकृष्ण भगतले २०३९ सालदेखि २०५१ सालको अवधिभित्र खरिद गरेको देखिन्छ । उल्लिखित जग्गाहरूको मूल्याङ्कन अनुसन्धान हुँदाको बखतको कायम गरी प्रतिवादीको आर्थिक हैसियत तुलना गरी अस्वाभाविक र उच्च जीवन यापन गरेको निष्कर्षमा वादी पक्ष पुगेको देखिन्छ । विशेष अदालत काठमाडौले रू. ३,७९,२००।– जग्गा खरिदतर्फको बिगो कायम गरेको देखिन्छ। वादी नेपाल सरकारले अनुसन्धान हुँदाको बखतको मूल्याङ्कनबमोजिमको बिगो कायम गरिपाउन माग गरेको देखिन्छ।

२६. विशेष अदालत काठमाडौले रू.३,७९,२००।- बिगो कायम गरेको मिलेको छ, छैन भन्नेसम्बन्धमा विचार गर्दा यस प्रकृतिका मुद्दामा यस अदालतबाट यसअघि कायम भएका दृष्टान्तलाई हेरी निरूपण गर्नु सान्दर्भिक देखिन आयो। विवादको यस्तै विषयवस्तु समावेश भएको माथि उदृत गरिएको पुनरावेदक वादी नेपाल सरकार विरूद्ध प्रतिवादी पुनरावेदक चिरञ्जिवि वाग्ले (*ने.का.प.* २०६७, चैत, निर्णय नं. ८५१९, पृष्ठ २००७) भएको भ्रष्टाचार मुद्दामा प्रतिवादी पुनरावेदक देवेन्द्र वाग्लेको नाममा रहेका जग्गाहरूको वादी पक्षबाट अनुसन्धानको क्रममा गरिएको चलन चल्तीसमेतको मूल्याङ्कनलाई बिगो मानी दायर भएको मुद्दामा विशेष अदालतले पारित

लिखतमा अङ्कित मूल्यलाई आधार मानी बिगो कायम गरेको कार्य यस अदालतबाट सदर गरेको देखिन्छ। तदनुरूप सो पछिका यस्तै विवाद समावेश भएका अन्य मुद्दाहरूमा पनि पारित लिखतका आधारमा बिगो कायम गर्ने गरेको देखिन्छ। अतः पारित लिखत मूल्यको आधारमा प्रतिवादी हरेकृष्ण भगतको जग्गा खरिदको बिगो रू.३,६९,२००।– कायम गरेको विशेष अदालतको फैसलामा त्रुटि देखिएन।

५) विद्युतीय उपकरण र फर्निचर

२७. आरोपपत्रको तालिका नं. ७ को सि.नं. ६ मा प्रतिवादी हरेकृष्ण भगतको घरमा रू.६,४२,५६८।– मूल्य बराबरको फर्निचर तथा विद्युतीय उपकरणहरू प्रयोग भएको भन्ने कुरा देखिन्छ। प्रतिवादीले विशेष अदालतमा काठका धेरै सामानहरू सप्तरीबाट काठ ल्याई आफैँले बनाएको हो। जम्मा रू.१,२८,०००।– मूल्य बराबरको खरिद गरेको हो भनी बयान गरेको देखिन्छ। आरोपपत्रमा उल्लेख गरेको मूल्याङ्कन खरिद गरेको सालको नभई हालको बजार मूल्यको आधारमा भएको देखिन्छ। प्रतिवादीले विभिन्न सालमा पहिल्यै खरिद गरेको हुँदा उक्त सामान प्रतिवादीले खरिद गर्दाको पहिल्यैको बजार मूल्य हालको बजार मूल्यभन्दा सस्तो हुने हुँदा फर्निचरका सामानको हालको बजार मूल्यको मूल्याङ्कन ५० प्रतिशत मूल्य घटाई रू.२,३९,७८४- निर्धारण गरेको र विद्युतीय सामानको हालको मूल्याङ्कनअनुसार नै रू.१,६३,०००।- निर्धारण गरी जाँच अवधिमा फर्निचर र विद्युतीय सामानको जम्मा रू.४,०२,७८४।- प्रतिवादीको बिगो ठहर गरेको विशेष अदालतको न्यायिक निष्कर्ष अन्यथा देखिएन।

२८. यसरी प्रतिवादीले जाँच अवधिमा निम्नबमोजिमको शीर्षकमा निम्नबमोजिमको मूल्यका सम्पत्ति आर्जन गरेको देखियो।

| सि.नं. | विवरण | बिगो रकम |
|---|---|---|
| १. | जग्गा खरिद | रू.३,७९,२००।- |
| २. | घर निर्माण लागत | रू.५१,१२,८२१।३१ |
| ३. | शेयर | रू.६७,०००।- |
| ४. | विधुतीय उपकरण र फर्निचर | रू.४,०२,७८४।- |
| ५. | VDIS तिरेको रकम | रू ५,००,००।- |
| ६. | अध्ययन खर्च | रू.८,४३,३६१।८० |
| ७. | बैक मौज्दात | रू.१,४६,२५९।१४ |
| जम्मा | | रू. ७४,५१,४२६।२५ |

२९. विशेष अदालत काठमाडौंले प्रतिवादी हरेकृष्ण भगतको आय गणना गरेको मिलेको छ, छैन भन्नेसम्बन्धमा विचार गर्दा निज प्रतिवादीले आफ्ना आयका स्रोतहरू तलब, (भत्ता, दशैं खर्च, पुरस्कार, सञ्चित बिदा, स्थानीय भत्ता, दुर्गम भत्ता, दैनिक भ्रमाण भत्ता) कन्सल्टेन्सीबापत प्राप्त रकम, जग्गा बिक्रीबाट प्राप्त रकम, सञ्चयकोष सापटी, ट्रक बहाल, सुन चाँदी बिक्री, बैंक ब्याज, कृषि आय र टीकाटालोबापत प्राप्त रकमसमेत भनी जिकिर लिएको देखिन्छ। उल्लिखित शीर्षक मध्ये विशेष अदालत काठमाडौंले तलब भत्ता, जग्गा बिक्रीबाट प्राप्त आय, कृषि आय, बैंक ब्याज, सञ्चयकोष सापटी, टीकाटालो र घरभाडासमेतका शीर्षकमा विवेचना गरी

निष्कर्ष निकालेको मिसिलबाट देखिन्छ । विशेष अदालतको फैसलाउपर प्रतिवादीले पुनरावेदन गरेको देखिँदैन । वादी नेपाल सरकारले विशेष अदालतको मिति २०६६/९/२० को फैसलाउपर पुनरावेदन गर्दा तलब भत्ता, जग्गा बिक्रीबाट प्राप्त आय, घरभाडाबापत प्राप्त आय, कृषि आय र टीकाटालोको रकम बढी गणना गरेको नमिलेको भनी विवाद उठाएको देखिन्छ ।

३०. वादी नेपाल सरकारले पुनरावेदन गर्दा विशेष अदालतले कायम गरेको आयका स्रोतमध्ये सञ्चयकोष सापटी, ट्रक भाडाबाट प्राप्त आम्दानी, बैंक ब्याजको शीर्षकमा गणना गरेकोलाई विवादित बनाएको नदेखिँदा सञ्चयकोष सापटीबापतको रू. ४२,०२०।- ट्रक भाडाबाट प्राप्त आय रू. ५,६७,०००।- र बैंक ब्याजबापत प्राप्त रू. २,२७,५२६।०७ प्रतिवादी हरेकृष्ण भगतको आयमा गणना हुन्छ ।

३१. अब, तलब भत्ता, जग्गा बिक्रीबाट प्राप्त आय, घरभाडाबापत प्राप्त आय, कृषि आय र टीकाटालो शीर्षकमा छुट्टाछुट्टै विवेचना गरी निर्णय दिनुपर्ने हुन आयो ।

(क) तलब भत्ता

३२. प्रतिवादी हरेकृष्ण भगत मिति २०३७/३/२८ मा असिस्टेन्ट इन्जिनियर पदमा सेवा प्रवेश गरेको भन्ने कुरा आरोपपत्रको तालिका नं. १ को सि.नं. १ बाट देखिन्छ । आरोपपत्रको तालिका नं. ६क मा उल्लिखित व्यहोरा हेर्दा प्रतिवादीले २०३९ जेठपछि प्राप्त गरेको तलब भत्तालाई मात्र आयको रूपमा गणना गरी मान्यता दिएको देखिन्छ । विशेष अदालत काठमाडौंले रू. १३,८०,५८९।८३ तलब भत्तासमेतबाट आय प्राप्त गरेको ठहर निष्कर्ष निकालेको छ ।

३३. वादी नेपाल सरकारले बढी आय कायम गरेको मिलेको छैन भनी पुनरावेदन जिकिर गरेको देखिन्छ । यसरी वादीले बढी आय कायम गरेको नमिलेको भनी जिकिर गरेकाले त्यसतर्फ विचार गर्दा राष्ट्रसेवक कर्मचारीको तलब, भत्ता, पुरस्कार, दुर्गम भत्ता, स्थानीय भत्ता, दशैं खर्चलगायतबाट प्राप्त रकम आम्दानीका स्रोत हुने तथ्यमा विवाद देखिँदैन । प्रतिवादी हरेकृष्ण भगतले जाँच अवधिमा दशैं खर्चबापत रू. ८०,०००।- प्राप्त गरेको देखिन्छ भने कोष तथा लेखा नियन्त्रण कार्यालय, धनकुटाको मिति २०६४/८/१७ को पत्रबाट २५ प्रतिशत स्थानीय भत्ता र पश्चिमाञ्चल डिभिजन सडक कार्यालयको मिति २०६४/९/६ को पत्रले सन्धीखर्क सडक योजनामा कार्यरत रहँदा ३५ प्रतिशत थप भत्ता प्राप्त गरेको भन्ने देखिन्छ ।

३४. प्रतिवादीले सिलगढी साँफेबगर सडक योजना, जुम्ला सडक योजना र साँफेबगर मंगलसेन मार्तडी सडक योजनामा कार्यरत् रहँदा थप भत्ता पाएको देखिन्छ भने सन्धीखर्क सडक योजना, सिलगढी साँफेबगर सडक योजना, सुर्खेत जुम्ला सडक योजना, रोड मेन्टिनेन्स एन्ड रिहाविलिटेसन प्रोजेक्टमा कार्यरत रहँदा दैनिक भ्रमण भत्ता प्राप्त गरेको देखिन्छ । त्यसै गरी पश्चिमाञ्चल डिभिजन सडक कार्यालय नं. ५ शिवपुर कपिलवस्तुको मिति २०६४/९/६ को पत्रअनुसार सञ्चित बिदाबापत रू. २,१०४।८३ र सडक विभागको मिति २०५९/५/५ को पत्रले रू. ३,०००।- बेरूजु फर्छ्योट पुरस्कार स्वरूप प्राप्त गरेको देखिँदा प्रतिवादीले तलब भत्ताबापत रू. १३,८०,५८९।८३ प्राप्त गरेको भनी ठहर गरेको विशेष अदालतको फैसला प्रमाण विवेचनाको रोहमा मिलेकै देखिँदा रू. १३,८०,५८९।८३ प्रतिवादीको आयमा गणना हुन्छ ।

(ख) जग्गा बिक्री

३५. प्रतिवादी हरेकृष्ण भगत र सुनयनादेवी भगत श्रीमान् श्रीमती भएको तथ्यमा विवाद छैन । आरोपपत्रको तालिका नं.३ मा प्रतिवादी हरेकृष्ण भगत र सुनयनादेवी भगतका नाममा भएका जग्गा जमिनको विवरण उल्लेख गरेको देखिन्छ । प्रतिवादी

२०४७ सालमा छुट्टी भिन्न भएको देखिन्छ । २०४७ सालमा अंशबापत पाएको जग्गा र आफूले खरिद गरेको जग्गासमेत प्रतिवादीले २०४२ सालदेखि २०५८ सालको अवधिसम्म बिक्री गरेको मिसिल संलग्न हक हस्तान्तरण कागजहरूबाट देखिन्छ ।

३६. विशेष अदालत काठमाडौंले बिक्री गर्दा पारित लिखतमा अङ्कित मूल्यलाई आय कायम गरेको देखिन्छ । वादी नेपाल सरकारले सोसम्बन्धमा पुनरावेदनपत्रमा स्पष्ट जिकिर लिन सकेको देखिँदैन । पेस गरेको बहसनोटको अध्ययन गर्दा रू. ३,६८,०००।- आय कायम गरेको मिलेको छैन भन्ने विवाद उठान गरेको देखिन्छ । जग्गा जमिन छ र बिक्री वितरण गरेको देखिन्छ भने त्यसबाट निश्चय नै आय प्राप्त हुने नै हुन्छ । के कति आय कायम गर्नेसम्बन्धमा विचार गर्दा यस प्रकृतिका मुद्दामा यस अदालतमा यसअघि पुनरावेदक वादी नेपाल सरकार विरूद्ध पुनरावेदक प्रतिवादी चिरन्जिवी वाग्लेसमेत (*ने.का.प.* २०६७, चैत, निर्णय नं. ८५१९, पृष्ठ २००७) भएको मुद्दामा हक हस्तान्तरण हुँदा लिखतमा अङ्कित मूल्यलाई कायम गर्ने गरी सिद्धान्त प्रतिपादन भएको र सोभन्दा पछिका मुद्दामा सोही सिद्धान्तलाई यस अदालतबाट अनुशरण गरी आएको अवस्थामा विशेष अदालतको निष्कर्षलाई अन्यथा भन्न मिलेन ।

(ग) कृषि आय

३७. विशेष अदालत काठमाडौंले प्रतिवादी हरेकृष्ण भगतको आयस्रोतको रूपमा कृषि आयलाई पनि मान्यता दिई रू. २६,४८,०००।- लाई आयमा गणना गरेको देखिन्छ । आरोपपत्रमा प्रतिवादीले रू. ५,५८,२३०।- कृषि आय प्राप्त गरेको भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । वादी नेपाल सरकारले रू. ५,५८,२३०।- नै कायम हुनुपर्ने भनी पुनरावेदन जिकिर लिएको देखिन्छ । प्रतिवादीको जग्गा जमिनबाट आय हुने कुरालाई वादीले पनि स्वीकार नै गरेको देखिन्छ । आरोपपत्रको तालिका नं. २क र ३ मा उल्लिखित जग्गा मध्ये केही जग्गा प्रतिवादीले बिक्री गरेको देखिन्छ भने उल्लेख्य जग्गा आफ्नो स्वामित्वमा रहेको देखिन्छ । थोरै थोरै क्षेत्रफलका जग्गाहरू भन्दा धेरै क्षेत्रफलका जग्गाहरूमा मौसमअनुसार खेती हुने नै हुन्छ ।

३८. प्रतिवादीले कृषि आय प्राप्त गरेको भनी दाबी गरेको जग्गा जमिन सप्तरी जिल्ला अन्तर्गतको देखिन्छ । सप्तरी जिल्ला अन्तर्गतका जग्गाहरूमा कृषि आय नहुने भनी वादी नेपाल सरकारले जिकिर लिन सकेको देखिँदैन । प्रतिवादी हरेकृष्ण भगतले अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा गरेको बयानको सवाल जवाफ ५ हेर्दा निजले कृषि आयअन्तर्गत कृषि आय, माछा पालन, आँप बिक्री र फलफूल बिक्रीसमेतको आयका आधार देखाएको देखिन्छ । आरोपपत्र, प्रतिवादीको बयान र मिसिल संलग्न जग्गा जमिन हेर्दा निजको स्वामित्वमा ११-९-४ बिगाहा जमिन भएको देखिन्छ । परन्तु जग्गाको क्षेत्रफल, उत्पादन हुने अवस्था, उत्पादनका स्वरूपसमेतको यथोचित विश्लेषण गरी विशेष अदालत काठमाडौंले कृषि आयबाट प्राप्त रकमलाई आय कायम गरेको अन्यथा देखिएन । रू. २६,४८,०००।- प्रतिवादीको आयमा गणना हुने नै देखियो ।

(घ) घरभाडा

३९. घरभाडा सुनिश्चित आय हो भन्ने कुरामा विवाद छैन । आरोपपत्र हेर्दा प्रतिवादीको सप्तरी जिल्लाको भंगाहामा ३ वटा र काठमाडौंको मैतीदेवीमा एउटा घर भएको देखिन्छ । आरोपपत्रले ती घरहरू २०४२ सालदेखि २०५९ सालसम्मको अवधिमा निर्माण र तला थप गरेको तथ्यलाई स्थापित गरेको छ । विशेष अदालत काठमाडौंले प्रतिवादीले जाँच अवधिमा घरभाडाबापत रू. २६,४८,०००।- प्राप्त गरेको ठहर गरेको देखिन्छ । प्रतिवादीले विशेष अदालत काठमाडौंमा गरेको बयानको सवाल जवाफ १६ मा सप्तरी को टायल घरबाट ८ कोठाको मासिक

रू.५००।- का दरले रू. ४८,०००।-, कि.नं. ३ र ४ मा बनेको १ तले घरको प्रतिकोठा हजारको दरले ४ कोठाको रू. ४८,०००।- र काठमाडौंको घरको वार्षिक रू. १,४४,०००।- भाडा प्राप्त गरेको भन्ने देखिन्छ । वादी नेपाल सरकारले घरभाडाबापत आय कायम गरेको नमिलेको भनी पुनरावेदन जिकिर लिएको देखिन्छ । प्रतिवादीको काठमाडौंस्थित मैतीदेवीको घर भुइँतलासहित ५ तला भएको देखिनुको साथै सप्तरीका घरहरू १/१ तलाको भएको देखिन्छ । प्रतिवादीको काठमाडौंको घरको बनावट र स्थानसमेतको दृष्टिगत गर्दा सो घर भाडामा नलाग्ने अवस्थाको देखिँदैन । त्यसै गरी सप्तरीको घरहरू पनि भाडामा लाग्न सक्ने नै देखिन आयो ।

४०. यसप्रकार प्रतिवादीको जाँच अवधिमा सप्तरीको टायल छाना भएको घरको मासिक रू. ८००।– का दरले वार्षिक रू.९,६००।– का दरले हुने १७ वर्षको रू.१,६३,००,०००।– र अर्को घरको मासिक रू.२००।–का दरले ८ कोठाको वार्षिक रू.९,६००।– का दरले हुने १२ वर्षको रू.१,१५,२००।– र जम्मा रू.२,७८,०००।- र काठमाडौंको घरमा सटरसमेत भएको देखिँदा घर र सटरको रू. ९,३६,०००।- आय प्राप्त हुन सक्ने नै देखिएबाट विशेष अदालतको फैसला मनासिब देखियो । रू. १२,१४,०००।- प्रतिवादीको आयमा गणना हुन्छ ।

(ङ) टीकाटालो

४१. हाम्रो समाजमा चली आएको परम्परा र संस्कृतिलाई हेर्दा वैवाहिक कार्यक्रम, अन्य उत्सव, समारोह र छोराछोरीहरू जन्मेको खुसीयालीसमेतमा माइती, मावली पक्षबाट छोरीचेली तथा भान्जाभान्जी लगायतलाई हैसियतअनुसार केही दान, दक्षिणा, दाइजो एवम् उपहारको रूपमा नगद वा जिन्सी दिने गरेको पाइन्छ । यद्यपि यसरी प्राप्त गरेको सम्पत्तिहरू लेखाजोखा गरी दुरूस्त पारी राख्ने चलन छैन । यस्तो अवस्थामा वैवाहिक कार्यक्रम, उत्सव समारोहसमेतमा माइतीपट्टिबाट दाइजो, टीकाटालो बापतको यति रकम वा जिन्सी दिएको थियो भनी भन्न सकिने अवस्था हुँदैन । यस्तो असजिलो अवस्थामा दाबी गरिएको रकमको सम्पत्तिको परिमाण र परिस्थितिलाई मूल्याङ्कन गरेर नै दाइजोसमेतको मनासिब मात्रामा रकमको निर्धारण गर्नुको विकल्प छैन ।

४२. प्रस्तुत विवादमा प्रतिवादी हरेकृष्ण भगतको विवाह भारतको फारवीसगंजमा भएको देखिन्छ । निजको श्रीमती सुनयनादेवी भगतले विवाह समारोहमा १० लाख र छोराहरू जन्मदाको खुसीयालीमा जनही रू. १० लाखको दरले २० लाखसमेत प्राप्त गरेको हुँदा रू.३०,००,०००।- आयमा गणना गरी पाउन प्रतिवादीले जिकिर गरेको देखिन्छ। विशेष अदालत काठमाडौंले रू.४,००,०००।- आयमा गणना गरेकामा वादी नेपाल सरकारले सो रकम आयमा गणना गरेको नमिलेको भनी पुनरावेदन गरेको देखिन्छ । सो जिकिर प्रमाणित गर्ने आधिकारिक लिखत प्रमाण भने दुवै पक्षले पेस गर्न सकेको देखिँदैन । वैवाहिक समारोहमा तिलकको रूपमा १० लाख रूपैयाँ प्राप्त भएको भए तापनि सो रकम प्रतिवादीको बुबाले पाउने हुन्छ । तर पनि आधिकारिकरूपमा यति नै रकम प्राप्त भएको भन्ने नदेखिए तापनि वैवाहिक जीवनको लामो समयमा प्रतिवादी, प्रतिवादीकी श्रीमती र छोराहरूले व्यवहार र चलनअनुसार पटकपटक गरी रू.४,००,०००।– प्राप्त गरेको मान्नु न्यायोचित नै देखिन आयो । तसर्थ दाइजो पेवाको निर्धारण लेखा जोखा वा लिखत नहुने, अनुमानमा नै आधारित हुने भएको हुँदा तथ्यगत र वस्तुगत परिस्थितिलाई विचार गरी विशेष अदालतले निकालेको निष्कर्ष न्यायिक सदविवेकको आधारमा मिलेकै देखिँदा मनासिब ठहर्छ ।

४३. त्यसैगरी प्रतिवादी हरेकृष्ण भगतले विशेष अदालत काठमाडौको न्यायिक प्रक्रियामा आफूले कन्सल्टेन्सी गरी सोबापत रू.५,९८,३६४।३३, तरकारी व्यवसायबाट रू.११,८८,०००।– र सुन

चाँदी बिक्रीबाट रू.४,७५,६३१।– समेत आय प्राप्त गरेको भनी बयान गर्नुको साथै Consultancy मा काम गरेको देखिने भन्दै सम्बन्धित Engineering फर्मको पत्रहरू पेस गरेको देखिन्छ। प्रतिवादीले कन्सन्टेन्सीमा काम गरेको दाबी गरेकोसम्बन्धमा हेर्दा प्रतिवादी नेपाल सरकारको राजपत्राङ्कित द्वितीय श्रेणीको कर्मचारीले निजामती सेवा ऐन नियमावलीले निर्दिष्ट गरेको कानूनी व्यवस्थाको परिधिमा बसी कार्य गर्नुपर्ने हुन्छ। यससम्बन्धमा प्रतिवादी हरेकृष्ण भगतले कन्सन्टेन्सीमा काम गर्नको लागि नेपाल सरकारबाट स्वीकृति लिएको नदेखिएको र निजले काम गरेका Om Consultancy, Ishor Engineering service र Raj Engineering service फर्मबाट पनि सरकारी कर्मचारीलाई काम लगाई रकम भुक्तानी दिएको देखिने आधिकारिक अभिलेखको अभावमा तत् तत् फर्म तथा परामर्शदाता संस्थाबाट पारिश्रमिकसमेत पाउने अवस्था देखिँदैन।

४४. त्यसैगरी प्रतिवादी हरेकृष्ण भगतले आफ्नी श्रीमती सुनयनादेवी भगतले तरकारी व्यवसायबाट रू.११,८८,०००।– आय गरेको भनी विशेष अदालतमा लेखाएको देखिन्छ। सुनयानदेवी भगतको नाममा फर्म दर्ता भएको भए तापनि के कति तरकारी उत्पादन भएको, कति बिक्री वितरण भएको भन्ने जस्ता कुराहरू पुष्टि हुन नआएबाट सो रकम प्रतिवादीको आयमा जम्मा गर्न मिल्दैन।

४५. सुन चाँदी बिक्रीबाट जाँच अवधिमा रू.४,७५,६१३।– लिएको छु भन्ने प्रतिवादीको जिकिर हेर्दा सुन चाँदीसमेतको बिक्रीबापत निश्चितरूपमा आय हुन सक्छ। तर प्रतिवादीले अदालतको बयानमा आफूसँग ५० तोला सुन र १०० तोला चाँदी रहेको भनी खुलाएकामा यति तोला चाँदी यस मितिमा बिक्री गरी यति रकम प्राप्त गरेको भनी खुलाउन नसकेको देखिँदा सुन चाँदी बिक्रीको रकम पनि आयमा गणना गर्न मिलेन।

४६. माथि विभिन्न प्रकरणहरूमा विवेचना गरिए अनुरूप प्रतिवादीले जाँच अवधिमा निम्न स्रोतबाट निम्नबमोजिमको आय आर्जन गरी जम्मा रू.६८,४७,५३५।९० आय आर्जन गरेको देखिन आयो।

| सि.नं. | विवरण | आय रू. |
|---|---|---|
| १ | कर्मचारी सञ्चयकोष सापटी | रू.४२,०२०।- |
| २ | ट्रक भाडा | रू.५,६७,०००।- |
| ३ | बैङ्क ब्याज | रू.२,२७,५२६।०७ |
| ४ | तलब भत्ता | रू.१३,८०,५८९।८३ |
| ५ | जग्गा बिक्री | रू.३,६८,०००।- |
| ६ | कृषि आय | रू.२६,४८,०००।- |
| ७ | घरभाडा | रू.१२,१४,०००।- |
| ८ | टीकाटालो | रू.४,००,०००।- |
| जम्मा | | रू.६८,४१,५३५।९० |

४७. यसरी माथि विभिन्न प्रकरणहरूमा विवेचना गरिएअनुसार प्रतिवादीले जाँच अवधिमा जम्मा रू.७४,५१,४२६।२५ मूल्य बराबरको चलअचल सम्पत्ति सङ्ग्रह गरेको पाइन्छ। ऐ. अवधिमा प्रतिवादीबाट जम्मा रू.६८,४७,५३५।९० वैध मौद्रिक आय आर्जन गरेको देखिन आएको छ। यसप्रकार बिगोभन्दा कम रू.६,०३,८९०।३४ देखिन आयो। विशेष अदालत काठमाडौँले आयको तुलनामा १० प्रतिशत सम्म बिगो बढी देखिन आए पनि राष्ट्रसेवक कर्मचारीले सफाइ पाउने भनी भारतीय सर्वोच्च अदालतबाट Krishnanada

Agnihotri VS State of M.P., Air.१९७७, p.७९०) को मुद्दामा प्रतिपादित सिद्धान्तको दृष्टान्त दिएको देखिन्छ।

४८. वादी नेपाल सरकारले गैरकानूनी सम्पत्ति आर्जन मुद्दामा उल्लिखित दृष्टान्तको आधारमा सफाइ दिन नमिल्ने भनी पुनरावेदन जिकिर गरेको पाइन्छ। भ्रष्टाचार निवारण ऐन, २०५९ को २०(१) को कानूनी व्यवस्थालाई हेर्दा मनासिब आधार र कारण विना राष्ट्रसेवकले अमिल्दो र अस्वाभाविक जीवनस्तर यापन गरेमा मात्र आरोपित कसुर प्रमाणित हुने व्यवस्था भएकाले अमिल्दो र अस्वाभाविक जीवनस्तर झल्किने जीवनयापन गरेमा मात्र कसुरदार ठहर हुन सक्ने देखियो। सामाजिक पक्षलाई हेर्दा पनि व्यक्तिको पैतृक सम्पत्ति, सामाजिक हैसियत, पदीय हैसियतलगायतका कारक तत्त्वहरू नै मापनको रूपमा रहेर निजको जीवनस्तर अमिल्दो, उच्च अस्वाभाविक छ भन्ने कुराको निष्कर्षमा पुग्न मद्दत मिल्दछ। कतिपय आयका स्रोतहरू प्रतिवादीले भनेबमोजिम विश्वसनीय भए पनि समयको अन्तरालले प्रमाण कागज नहुन सक्छ। सबै कुराको कागज प्रमाण स्रेस्ता राख्नु पर्ने हाम्रो कानूनी व्यवस्था पनि छैन। तसर्थ सामाजिक कानूनी, आर्थिक तत्त्वहरूलाई दृष्टिगत गर्दा सम्पत्तिको बिगो र आयको फरक रकम १० प्रतिशत सम्म न्यून हुनुलाई अमिल्दो र अस्वाभाविक भन्न मिल्दैन। यसको अतिरिक्त प्रस्तुत मुद्दामा कुनै खास कार्य समयको वारदातको अपराध नभै अनुमानको आधारमा आय व्ययको रकम अनुमान गरी अभियोग दाबी भएकामा अनुमानको आधारमा कायम गरिएको बिगोको आधारलाई पूर्णतया वास्तविक भएको भनी मान्न मिल्दैन।

४९. यससम्बन्धमा यस अदालतबाट विवादको यस्तै विषयवस्तु समावेश भएको नेपाल सरकार विरूद्ध गणेश अर्याल (*ने.का.प.* २०७१, श्रावण निर्णय नं. ९१४९, पृष्ठ ५०९) र पुनरावेदक वादी नेपाल सरकार विरूद्ध विरेन्द्रकुमार सिंह (संवत् २०६७, सालको स.फौ.पु.नं. ०६७-CR-०३४०) समेत भएको मुद्दामा प्रतिवादीको कूल बिगोको तुलनामा १० प्रतिशतभन्दा कम आय भएमा मान्यता दिने भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ। प्रस्तुत विवादमा प्रतिवादी हरेकृष्ण भगतको कूल सम्पत्तिको बिगो र आयमा ८.१० प्रतिशत अर्थात् रू.६,०३,८९०।३४ अन्तर भएको देखिन आयो।

५०. अतः माथि विवेचित, आधार, कारण र प्रतिपादित सिद्धान्तसमेतका आधारमा विशेष अदालत काठमाडौले वादी नेपाल सकारको दाबी पुग्न नसक्ने ठहर गरी मिति २०६६।९।२० मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. दीपकराज जोशी

इति संवत् २०७२ साल असार २१ गते रोज २ शुभम्।
इजलास अधिकृतः फणिन्द्र पराजुली, भीमबहादुर निरौला

## निर्णय नं.९४३४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गिरीश चन्द्र लाल
माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा.
फैसला मिति :- २०७२।३।२३।४
०६७-CR-०८७७

विषय : कर्तव्य ज्यान, जबरजस्ती चोरी।

पुनरावेदक/प्रतिवादी :- जिल्ला खोटाङ, डाँडागाउँ गा.वि.स. वडा नं. ३ घर भई हाल क्षेत्रीय

कारागार कार्यालय, झुम्कामा कैदमा रहेको रवीकुमार राईको छोरा कालुराम भन्ने पृथी राईसमेत

विरूद्ध

प्रत्यर्थी/वादी : यसोदा राईको जाहेरीले नेपाल सरकार

- **अदालतमा बयान गरी स्वतन्त्र अभिव्यक्ति दिने क्रममा आफूहरूको उमेर १६ वर्ष पुगिसकेको लेखाइसकेकामा पछि फेरि त्यसो नभई आफूहरू नाबालक हो भनी सुरू अदालतको फैसलापश्चात् पुनरावेदनमा जिकिर लिएको र सो कुरा प्रमाणितसमेत भएको देखिँदैन । यसो गर्न प्रतिवादीहरू प्रमाण ऐन, २०३१ को दफा ३४ बमोजिम विवन्धितसमेत हुने ।**
- **कसुर गर्दा नाबालक रहेकामा त्यसतर्फ विचार गरी सजाय नतोकिएको पुनरावेदन अदालत, राजविराजको फैसला उल्टी गरी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) अनुसार न्यूनतम सजाय तोकिपाउँ भनी प्रतिवादीहरूको पुनरावेदन जिकिर रहेको भएपनि निजहरूले सुरू अदालतमा स्वतन्त्ररूपले बयान गरी लेखाएको उमेरले नै ग्राह्यता पाउने भई सुरू फैसलाउपर पुनरावेदन गर्दा छुट्टै जिकिर लिई पेस गरिएका थप प्रमाणहरूले मान्यता नपाउने भएकाले निजहरूले जिकिर लिएको नाबालकतर्फको पुनरावेदन जिकिर पुग्न नसक्ने ।**

(प्रकरण नं. ५)

पुनरावेदक/प्रतिवादीको तर्फबाट :- विद्वान् अधिवक्ता भोजेन्द्रबहादुर खत्री

प्रत्यर्थी/वादीको तर्फबाट :-

अवलम्बित नजिर :-

सम्बद्ध कानून :-

- मुलुकी ऐन, ज्यानसम्बन्धी १३(१)
- बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२)
- प्रमाण ऐन, २०३१को दफा ३४
- चोरीको महलको १२, १४(२)

सुरू तहमा फैसला गर्ने :

मा.जि.न्या.श्री दयानाथ खरेल

पुनरावेदन तहमा फैसला गर्नेः

मा.न्या. श्री हरिकुमार पोखरेल ।

मा.न्या. श्री थिरबहादुर कार्की ।

फैसला

**न्या. गिरीश चन्द्र लाल :-** पुनरावेदन अदालत, राजविराजको मिति २०६७।०८।१५।४ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यस अदालतसमक्ष पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य र ठहर यसप्रकार छः

१. तथ्य खण्ड:

१.१ विष्णु राईले दिएको जाहेरी दरखास्तको व्यहोरा:

डाँडागाउँ गा.वि.स. वडा नं. ३ कोप्चे बस्ने कर्णबहादुर राईका छोराबुहारी श्रीमतीहरू सबै भारतको बागडुगुरा भन्ने स्थानमा बस्ने गरेको र कर्णबहादुर एक्लै घरमा बस्दै आएका थिए। मिति २०६५।०१।२६ गते राति अं. ८:३० बजेको समयमा कर्णबहादुर निजकै घरभित्र खाना खाइरहेको अवस्थामा नमालुम को कसले बन्चराले टाउकोसमेतमा काटी मारेको कुरा गाउँकै बैनमाया राईले भोलिपल्ट मिति २०६५।०१।२७ गते बिहान थाहा पाई गाउँमा हो हल्ला गरेपछि थाहा पाएँ । त्यसपछि घटनास्थलमा गई हेर्दा कर्णबहादुर राईलाई मृत अवस्थामा देखी जाहेरी दिन आएको छु। अपराधीलाई कानुनबमोजिम कारवाही गरी मृतक लास दाहसंस्कार गर्न जिम्मा लिन पाऊँ ।

१.२ घटनास्थल मुचुल्काको व्यहोरा:
लासको बायाँ कानभन्दा माथि टाउकामा ५ इन्च लामो, तालुमा २ इन्च लामो तथा २ इन्च गहिराइको र टुप्पीनिर ४ इन्च लामो र ३ इन्च गहिराइको धारिलो हतियारले काटेको चोटहरू देखिएको, लासभन्दा १५ फिट पश्चिममा रगत र रौं लागेको २ फिट १ इन्च लामो बन्चरो फेला परेको हो।

१.३ पोस्टमार्टम रिपोर्टको व्यहोरा:
मस्तिष्कमा चोट लागेको र रगत जमेको कारण कर्णबहादुर राईको मृत्यु भएको हो।

१.४ पदमकमुारी राईले दिएको किटानी जाहेरीको व्यहोरा:
हामी जेठीकान्छी श्रीमती र छोराछोरीहरू सबै भारतको बागडुगुरामा बस्दै आएको र श्रीमान् कर्णबहादुर राई खेतीपातीको लागि पहाड घर खोटाङ डाँडागाउँ-३, कोप्चेमा आएर बसेको अवस्थामा मिति २०६५।०१।२६ गते राति अं. ८:३० बजेको समयमा निजलाई टाउकामा बन्चराले काटी मारेको कुरा थाहा पाई डाँडागाउँ घर आई बुझ्दा जिल्ला खोटाङ, डाँडागाउँ-३ बस्ने युवराज भन्ने अनिल राई र ऐ. बस्ने कालुराम भन्ने पृथी राईसमेतले मेरो पति कर्णबहादुर राईलाई खाना खाँदै गरेको मौकामा धारिलो हतियार बन्चराले टाउकामा प्रहार गरी हत्या गरेछन् र घरमा रहेको प्लास्टिकको सुटकेस र सोमा रहेको १,५०,०००।– नगदसमेत चोरी लगेको प्रष्ट हुन आएकाले अपराधीहरूलाई पक्राउ गरी कानूनबमोजिम कारवाही गरिपाऊँ।

१.५ राकेशकुमार राईले गरेको कागज:
बुबा कर्णबहादुर भारतीय सेनामा जागिर खाएर सुबेदार पदमा रिटायर हुनु भएपछि भारतकै बाघडुगुरा भन्ने ठाउँमा घर बनाएर उतै बस्तै आएका छौं। आमा दुवैजना र हामी परिवार बाघडुगुरामा बस्दै आएको र बुबा कर्णबहादुर राई घर व्यवहार मिलाउनको लागि पहाडको घर खोटाङ डाँडागाउँ-३ मा आएको अवस्थामा मिति २०६५।०१।२६ गते राति अं. ८:३० बजेको समयमा बुबालाई बन्चराले काटी हिर्काई घरभित्रै मारेको छ भन्ने खबर सुनेपछि डाँडागाउँ-३ मा आएर बुझ्दा गाउँकै डाँडागाउँ- ३ बस्ने युवराज भन्ने अनिल राई र कालुमान राई भन्ने पृथी राईसमेतले बन्चराले बुबाको टाउकामा हिर्काई काटी मारेर नगदसमेत चोरी लगेको कुरा खुल्न आएकाले आमा पदम कुमारी राईले किटानी जाहेरी दिएकी हुन्। अपराधीहरूलाई कानूनबमोजिम कडा कारवाही होस्।

१.६ नइन्द्र राई, नारायण थापा र कर्णजंग थापाले लेखाएको बरामदी मुचुल्का:
१ फिट १० इन्च लम्बाइ, १ फिट ४ इन्च चौडाइ भएको ब्रिफकेस र सो ब्रिफकेसभित्र निलो रङ्गको डायरी जस्तो देखिने पर्समा नगद रू. ३५१।–, रातो हाफ सर्ट -१, सेतो टेरिकटनको पुरानो सर्ट-१, खरानी रङ्गको पेन्ट-१, कलेजी रङ्गको स्वीटर -१, कर्णबहादुर राईको जग्गा धनी प्रमाण पूर्जा-१, नैनकुमारी राई नामको जग्गा धनी प्रमाण पूर्जा-१, मालपोतका रसिदहरू, कर्णबहादुर राईको नामको नागरिकता -१, पदमकुमारी राईको नामको नागरिकता -१, पुरानो साईको फाइव घडी-१ समेत डाँडागाउँ गा.वि.स. वडा नं. ३ स्थित बाघदुलो खोलामा फेला परेको हो।

१.७ कर्णजंग थापा, नईन्द्र राई, नारायण थापा र किशोरचन्द्र राईले लेखाएको बरामदी मुचुल्का:
डाँडागाउँ-३ स्थित कालुराम भन्ने पृथी राईको खरबारीमा अं. ५ फिट गोलाइको गुराँसको रूख रहेको सो रूखको फेदमा सालक जनावरले खनेको दुलो रहेको र सो दुलोमा झारपात हटाई हेर्दा दुलोभित्र सेतो प्लास्टिक झोला देखिएको र सो झोला उघारी हेर्दा रू. १०००।– दरको ने.रू. नोट थान-३, रू. ५००।– दरको ने.रू. नोट थान-६, रू.१००।– दरको

ने.रू. नोट थान-४, समेत गरी जम्मा रू. ६४,००।– फेला पारी प्रहरी कर्मचारीले बरामद गरी लगेको ठीक छ भन्ने व्यहोराको बरामदी मुचुल्का।

१.८ नयन्द्र राई, नारायण थापा, कर्णजंग थापा र महाजन तामाङले लेखाएको बरामदी मुचुल्का:

युवराज भन्ने अनिल राई सुत्ने गरेको खाटको सेफ्टी काठमुनि नगद रू. ६०००।– फेला परेको भन्ने व्यहोराको बरामदी मुचुल्का।

१.९ कर्णजंग थापासमेतका व्यक्तिले गरेको कागज:

डाँडागाउँ-३ बस्ने युवराज भन्ने अनिल राई र ऐ. बस्ने कालुराम भन्ने पृथी राईले कर्णबहादुर राईको घरमा भएको धारिलो फलामको बन्चराले निज कर्णबहादुर राईलाई भात खाई राखेको अवस्थामा प्रहार गरी कर्तव्य गरी मारी निजको घर तलामाथि रहेको सुटकेससमेत झिकी नगद चोरी गरी लगेको रहेछन्। नगद के कति थियो भन्न सक्दैनौं।

१.१० चुनमाया राईले गरेको कागज:

कर्णबहादुर राई मेरो बाजे ससुरा हुन्। निजको श्रीमती, छोराछोरी सबै भारतको बागडुगुरातिर बस्थे। ससुरा एक्लै घरमा बस्ने गरेको हुँदा कुनै सानोतिनो काम गराउन पर्दा मलाई भन्नुहुन्थ्यो। मिति २०६५।०१।२६ गते बेलुका ससुरा कर्णबहादुर मेरोमा गई बुहारी भोलि मेरोमा आएर गहुँ केलादेउ भनी फर्किन लाग्दा मेरोमा भएको अलिकति जाँड दिएको हुँदा खाँदाखाँदै केही अँध्यारो भएकाले राँको बालिदिएर राँको बाली निज ससुरा घर जानुभएको थियो। गहु केलाउनको लागि मिति २०६५।०१।२७ गते बिहान अं. ७ बजेतिर निज कर्णबहादुरको घरमा जाँदा घरको ढोका खुल्लै देखेको हुँदा कता जानु भएछ भनी भित्र पसी हेर्दा मझेरीमा रगताम्मे मृत अवस्थामा लडिराखेको देखी आत्तिदै गाउँमा हो हल्ला गरेको हो। निज ससुरालाई मार्ने अनिल राई र पृथी राई रहेछन्। निजहरूलाई पक्राउ गरी कानुनबमोजिम कडा कारवाही होस्।

१.११ अभियुक्त पृथी राईको बयान कागज:

मिति २०६४।१२।२८ गते दिउसो कर्णबहादुर राईको घरमा प्रभुराम राईले बाकस फुटाएर चोरी गरेछ र निज प्रभुराम काठमाडौं गएपछि सो चोरीको आरोप म र गाउँकै युवराज भन्ने अनिल राईलाई लगाएर तिमीहरूले चोरी गरेको छ मेरो सामानहरू दिने भए देउ नत्र भने तिमीहरूलाई ठीक नपारी छाड्दिन भनेर निजले धम्की दिएको थिए। सो कारण निजलाई मार्नुपर्छ भन्ने सल्लाह गरेर मिति २०६५।०१।२६ गते बेलुका अं. ६:३० बजेको समयमा कर्णबहादुर राईको घरमा जाँदा घरको ढोका बन्द रहेछ। निज गाउँमा गएको होला आएपछि मार्नुपर्छ भनी हामी दुवै जना मकैबारीमा लुकेर बस्यौं। राति अं. ८:३० बजेको समयमा राँको बालेर घरमा आई ढोका खोलेर भात तताएर खान लागेपछि निज कर्णबहादुरकै दाउरा काट्ने ठाउँमा राखेको धारिलो बन्चरो अनिल राईले बोकेर गई कर्णबहादुरको टाउकामा २ पटक प्रहार गर्दा लडेपछि मरेको छैन भन्ने लागि मैले पनि एक पटक टाउकामा बन्चराले काटी मरिसकेपछि अनिल मानिस हेर्नलाई भुइँमा बस्यो र म तलामाथि चढेर प्लास्टिकको सुटकेस ढुङ्गाले हिर्काइ फुटाएर सोभित्र रहेको नगद रू. १२,४००।– झिकी अन्य सरसामानसमेत सोही सुटकेसमा राखी बाघदुलोमा फाली दिएर मैले रू. ६,४००।– र अनिलले रू. ६,००० र– बाँडेर लिई मेरो भागको नगद सालकको दुलोमा लुकाएर राखेको थिएँ। उक्त रकम बरामद भई आएको छ।

१.१२ अभियुक्त अनिल राईको बयान कागज:

प्रभुराम राईले चोरी गरेकोसम्बन्धमा उक्त चोरीको आरोप मलाई र पृथी राईलाई लगाएको र ठीक पार्ने धम्की दिएको हुँदा कर्णबहादुर राईलाई मार्ने भनी सल्लाह गरी मिति २०६५।०१।२६ गते बेलुका

अं. ६:३० बजेको समयमा कर्णबहादुरको घरमा जाँदा निजको ढोका बन्द रहेको देखी मकैबारीमा लुकेर पर्खेर बसी अं. ८:३० बजेको समयमा कर्णबहादुर राई राँको बाली घरमा आएर ढोका खोली खाना तताएर खान लाग्दाको अवस्थामा निजकै दाउरा काटेर राखेको बन्चरो लिई कर्णबहादुर राईलाई मैले दुई पटक टाउकामा बन्चराले काट्दा ढलेकाले मरी सकेको छैन भन्ने लागी पृथी राईले पनि एक पटक बन्चराले निजको टाउकामा काटेपछि म मान्छे हेर्न भुइँमा बसेँ र पृथी राई तलामाथि चढी प्लास्टिकको सुटकेस निकाली दुवैजना भएर सुटकेस लिई डाँडागाउँ-३ स्थित बाघदुलो भन्ने ठाउँमा गई सुटकेस सोही बाघदुलोमा फालेर मैले रू. ६,०००।– र पृथी राईले ६,४००।– बाडेर लिई मेरो भागमा परेको ६,०००।०० म सुत्ने कोठाको खाटको मुनी काठमा लुकाएको अवस्थामा बरामद भई आएको हो।

१.१३ घटनास्थल मुचुल्काको व्यहोरा:

मृतक कर्णबहादुर राईको बीच तलाबाट प्रतिवादी अनिल राई, पृथी राईसमेतले प्लास्टिकको सुटकेस -१ थान लगेको भनी देखाएको घटनास्थल मुचुल्का।

१.१४ जाहेरवाला पदम कुमारी राईले बरामद गरेका सामान चिनी गरेको सनाखत कागजः

बरामद मुचुल्कामा उल्लिखित बरामद भई आएको नगद सरसामान लत्ताकपडा नागरिकता जग्गा धनी पूर्जासमेत हाम्रो हो।

१.१५ बन्चरो परीक्षण गर्न पठाइएको व्यहोरा:

घटनास्थलबाट बरामद भई आएको बन्चरो थान-१ परीक्षणको लागि पठाइएको भन्ने व्यहोराको केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशाला महाराजगञ्ज काठमाडौंलाई लेखेको।

१.१६ लालबहादुर राईसमेतका मानिसहरूले गरी दिएको वस्तुस्थिति मुचुल्का:

मिति २०६५।०१।२६ गते राति अं. ८:३० बजेको समयमा कर्णबहादुर राई खाना खाइराखेको अवस्थामा डाँडागाउँ-३ बस्ने युवराज भन्ने अनिल राई र कालुराम भन्ने पृथी राईसमेतले धारिलो हतियार बन्चरोले कर्णबहादुर राईलाई टाउकामा काटी मारी नगदसमेत चोरी गरी लगेको हुँदा निजहरूलाई कानूनबमोजिम कडा कारवाही होस्।

१.१७ सुरू खोटाङ जिल्ला अदालतमा वादी नेपाल सरकारले दायर गरेको अभियोगपत्र:

मिसिल संलग्न जाहेरी दरखास्त, घटनास्थल लास जाँच मुचुल्का, पोस्टमार्टम रिपोर्ट, बरामदी मुचुल्का, बुझिएका राकेश कुमार राई, नइन्द्र राई, नारायण थापा, कर्णजंग थापा, चुनमाया राईले लेखाइदिएको कागज व्यहोरा, अनुसन्धानका क्रममा खिचिएका मृतकका फोटोहरू, वस्तुस्थिति मुचुल्का एवम् प्रतिवादीहरू युवराज भन्ने अनिल राई र कालुराम भन्ने पृथी राईले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानसमेतका प्रमाण कागजातहरूबाट जाहेरवाला पदम कुमारी राईका पति कर्णबहादुर राईलाई बन्चरो प्रहार गरी मार्नुका साथै निजको घरभित्र राखेको प्यालस्टिकको सुटकेस थान -१ तथा सोभित्र रहेको नगद रू. १२,७५१।– समेत जबरजस्ती चोरी गरेको तथ्य पुष्टि भै आएको हुँदा निज प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सजाय गरी पाउनको साथै मुलुकी ऐन, चोरीको महलको १२ र १४(२) नं. बमोजिमसमेत सजाय गरी पाउन तथा प्रतिवादीहरूले जबरजस्ती चोरी गरी लगेको बरामद भई आएको नगद रू. १२,७५१।– र अन्य सामानहरू समेत जाहेरवाली पदम कुमारी राईलाई भराई पाउनसमेतको मागदाबी लिई सम्बद्ध सक्कल मिसिल र पक्राउ प्रतिवादीहरूलाई यसै अभियोगपत्र साथ प्रस्तुत गरिएको छ।

१.१८ प्रतिवादी कालुराम भन्ने पृथी राईले सुरू अदालतमा गरेको बयान:

मिति २०६४।१२।२८ गते मृतक कर्णबहादुर राईको घरमा एउटा रेडियो चोरी भएको र ३ वटा बाक्सा फुटाएको कसुरमा मृतकले मलाई र मेरा साथी प्रतिवादी अनिल राईलाई चोरी गरेको आरोप लगाई हामीलाई मार्ने धम्की दिएको भन्ने हामीले गाउँघरमा सुनेकाले मृतकले हामीलाई मार्ने रहेछ भन्ने सोची हामीले सल्लाह गरी मिति २०६५।०१।२६ गते बेलुका खाना खान लाग्दा निजकै घर नजिक रहेको निजकै बन्चरो लगी पहिला अनिल राईले २ पटक हानेको र नमरेपछि मैले एक पटक टाउकामा हानेपछि निजको मृत्यु भयो । त्यसपछि अनिल मानिस हेर्न भुइँमा बसे र म घरको तलामाथि चढी एउटा सुटकेस निकालेर बागदुलो भन्ने ठाउँमा लगी सो सुटकेस फुटाई त्यहाँ भएको रू. १२,४००।– रूपैयाँ झिकेर मैले रू. ६,४००।– लगें र अनिलले रू. ६,०००।– लगी सुटकेस र त्यहाँ भएको सामान बागदुलोमा लुकाई दुवै जना अनिलको घरमा गई सुतेका हौं । मृतकलाई हामी २ जनाले कर्तव्य गरी मारेका हौं । हामी बाहेक अरू कसैको संलग्नता छैन । कानूनबमोजिम हुने सजाय भोग्न तयार छु ।

१.१९ प्रतिवादी अनिल राईले सुरू अदालतमा गरेको बयान:

मृतक कर्णबहादुर राईको बारी मेरो बारी नजिकै पर्ने र निजको बारीमा हाम्रो बाख्रा जाँदा मसमेतलाई मार्छु भन्ने गरेको र मिति २०६४।१२।२८ गते राति निजको घरबाट रेडियो हराएको र ३ वटा बाकस फुटेको थियो । सोउपर निजले मसमेतलाई आरोप लगाई मार्छु भन्ने धम्की दिएको हुँदा अब हामीलाई यसले मार्ने रहेछ, हामीले यसलाई नै मार्नुपर्छ भनी मैले र पृथी राईले सल्लाह गरी निजको घरमा गई निज खाना खान थालेको समयमा घरमाथि दाउरा चिर्ने ठाउँमा रहेको निजकै बन्चरो पृथी राईले लगी सो बन्चरो मलाई दिएपछि पहिला मैले मृतकको टाउकामा २ पटक प्रहार गरेपछि भुइँमा ढली भट्याक भट्याक गर्दै गरेको अवस्थामा पृथी राई आई सोही बन्चराले टाउकामा एक पटक प्रहार गरेपछि मृतकको मृत्यु भएको हो । त्यसपछि म कोही आउँछन् कि भनेर तल हेर्न बसेँ । पृथी राई घरको तलामाथि पसी सुटकेस झिकी ल्याएर बागदुलो भन्ने ठाउँमा पुर्‍याएपछि सो सुटकेस ढुङ्गाले हानी फुटाएर हेर्दा रू. १२,४००।– र अन्य कपडासमेतका सामानहरू रहेछन् । सुटकेसमा रहेको रकम रू. ६,०००।– मैले र रू. ६४००।– पृथी राईले लगे र अन्य सामान बागदुलो भन्ने दुलोमा लुकाई रातको १:०० बजेतिर मेरो घरमा गई मेरो कोठामा हामी दुवैजना सुतेका हौं । म र पृथी राईले मात्र मृतक कर्णबहादुर राईलाई बन्चरोले हानी कर्तव्य गरी मारेका हौं । हामी बाहेक अन्य कसैको संलग्नता सहमति छैन । मससमेतले मृतकलाई कर्तव्य गरी मारेका हुँदा कानूनबमोजिम भएको सजाय भोग्न तयार छु ।

१.२० सुरू खोटाङ जिल्ला अदालतको मिति २०६५।११।१९।२ को फैसला:

प्रतिवादीहरूलाई हुने सजायतर्फ हेर्दा बन्चरो जस्तो जोखिमी हतियारले रातको समयमा मृतक कर्णबहादुर राईको टाउको जस्तो संवेदनशील भागमा पटकपटक प्रहार गरी मारेको पुष्टि भएको छ । सो वारदात ज्यानसम्बन्धी महलको १ नं. अनुसारको कसुर अपराध कायम हुने भएकाले प्रतिवादी अनिल राई र पृथी राईलाई ज्यानसम्बन्धी महलको १३ नं. को देहाय दफा १ अनुसारको माग दाबीबमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्छ । वारदातमा चोरी भएको बिगोतर्फ हेर्दा चोरीको १४ नं. को देहाय दफा २ ले १२ नं. ले हुने सजायको डेढी बढाई सजाय गरी जरिवानाबापत समेत कैद गर्नुपर्छ भन्ने उल्लेख छ । अब माग दाबीअनुसार प्रतिवादीलाई १ महिना १५ दिन कैद र दाबीको बिगोको डेढी अर्थात् रू.१२७५१।– को डेढी हुने रू. १९,१२६।५० बापत समेत कैद हुने ठहर्छ। जाहेरवालाले बरामद भएको नगद रू. १२,७५१।– र

सुटकेस र कपडासमेत चोरीको २१ नं. अनुसार फिर्ता पाउने ठहर्छ ।

१.२१ प्रतिवादीहरूको तर्फबाट पुनरावेदन अदालत, राजविराजमा परेको पुनरावेदन:

हामी पुनरावेदक प्रतिवादीहरूले आरोपित अपराध गरेको भनी स्वीकारेको भए तापनि उक्त अपराध गर्दाको समयमा हामी नाबालक रहेको कुरा जन्मदर्ता प्रमाणपत्र तथा स्कुलको सर्टिफिकेटले समेत प्रमाणित गरेको हुँदा हामीहरूलाई साधारण कानून मुलुकी ऐन लाग्ने नभई विशेष ऐन, बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम सजाय हुनुपर्ने हो । सोतर्फ विचार नगरी भएको सुरू अदालतको फैसला अन्यायपूर्ण हुँदा उक्त फैसला उल्टी गरी गलत कानून प्रयोग गरी लगाइएको अभियोग दाबीबाट फुर्सद दिलाई न्याय इन्साफ पाऊँ ।

१.२२ पुनरावेदन अदालत, राजविराजको मिति २०६७।०८।१५ को फैसला:

जाहेरवालालगायतका मानिसहरूले अदालतमा उपस्थित भई गरेको बकपत्रबाट पनि प्रतिवादीहरूले आरोपित कसुर गरेको पुष्टि भएको पाइन्छ । जहाँसम्म वारदातका बखत आफ्नो उमेर नाबालक भएकाले कम सजाय हुनुपर्ने हो भन्ने प्रतिवादीहरूको जिकिरतर्फ विचार गर्दा निजहरूले आफ्नो उमेर कम भएको भए अ.बं. ७७ नं. बमोजिम जिल्ला अदालतमा बयान गर्दाका बखत पेस गर्नुपर्नेमा सो नगरी पुनरावेदन जिकिर गर्दामात्र पेस गरेको देखियो । सोबमोजिम सम्बन्धित पञ्जिकाधिकारीको कार्यालयमा पत्राचार गरी बुझ्दा निजहरूको जन्मदर्ता नै नभएको भनी जवाफ प्राप्त भएको देखियो । सुरू अदालतमा बयान गर्दा प्रतिवादी कालुराम भन्ने पृथी राईले आफ्नो उमेर १७ वर्ष र युवराज भन्ने अनिल राईले १६ वर्ष भनी उल्लेख गरेको देखिँदा पछि आफ्नो उमेर अर्को भन्न निजहरूलाई प्रमाण ऐन, २०३१ को दफा ३४ ले बिबन्धित गर्ने देखिन्छ । अतः प्रतिवादीहरूले आरोपित कसुर गरेको ठहर गरी जनही २० वर्ष कैद र बिगो भराउने ठहर्‍याएको खोटाङ जिल्ला अदालतको मिति २०६५।११।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ ।

१.२३ प्रतिवादी अनिल राई र कालुराम भन्ने पृथी राईले यस अदालतमा गरेको पुनरावेदनपत्र:

घटना घट्दाको अवस्थामा हामीहरू नाबालक रहेको र अल्लारे उमेरमा अरूको लहैलहैमा भूलबस घटना घट्न गएकामा हामीहरूलाई बालबालिकासम्बन्धी ऐनअनुसार सजाय हुनुपर्नेमा सर्वस्वसहित जन्मकैदको सजाय गरिएको छ । हामीहरूले जे भएको हो सोही व्यहोराको साबिती बयान अधिकारप्राप्त अधिकारी र अदालतसमेतमा गरी अदालतलाई सहयोग गरेकामा सोतर्फ सजाय निर्धारणमा विचारै नगरी पुनरावेदन अदालत,बाटसमेत फैसला भएको छ जुन मिलेको नहुँदा उल्टी गरी हामीहरूलाई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) अनुसार मात्र सजाय गरी न्याय पाऊँ ।

२. ठहर खण्ड:

नियमबमोजिम मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ पेस भएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री भोजेन्द्रबहादुर खत्रीले प्रतिवादीहरू घटना घटाउँदाको अवस्थामा नाबालकै रहेका र नाबालकले गरेको कसुरमा बयस्कलाई हुने सरहको सजाय गर्न नमिल्ने हुँदा वयस्कसरह सजाय गरेको जिल्ला एवम् पुनरावेदन अदालतको फैसला नमिलेकाले उल्टी हुनुपर्छ र प्रतिवादीहरूले पुनरावेदनमा लिएको जिकिरबमोजिम बालबालिकासम्बन्धी ऐनअनुसार न्यूनतम सजाय मात्र हुने गरी न्याय इन्साफ हुनुपर्दछ भनी बहस गर्नुभयो ।

विद्वान् कानून व्यवसायीले गर्नुभएको उल्लिखित बहससमेतलाई मनन् गरी प्रतिवादीहरूका

पुनरावेदनपत्र सहितका मिसिल संलग्न प्रमाण कागजातहरूलाई अध्ययन गरी पुनरावेदन अदालत, राजविराजको फैसला मिलेको छ, छैन र प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन भन्ने विषयमा विचार गरी निर्णय दिनु परेको छ।

यसमा वादी नेपाल सरकारले लिएको अभियोग मागदाबीमा प्रतिवादीहरूले जाहेरवाला पदमकुमारीका पति कर्णबहादुर राईलाई बन्चरो प्रहार गरी मारेका र मृतकको सुटकेस भित्र रहेको नगद रू. १२,७५१ (बाह्र हजार सात सय एकाउन्न रूपैयाँ) समेत जबरजस्ती चोरी गरी लगेको हुँदा निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय र चोरीको महलको १२, १४(२) नं. बमोजिम सजाय गरी बरामद बिगो रकम रू. १२,७५१।– (बाह्र हजार सात सय एकाउन्न रूपैयाँ) जाहेरवालालाई भराइपाउँ भन्ने देखिन्छ। प्रतिवादीहरू अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा समेत कसुरमा साबित रहेको देखिन्छ । सुरू खोटाङ जिल्ला अदालतले प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरेको र पुनरावेदन अदालत, राजविराजसमेतबाट सुरूको फैसलालाई सदर गरेको देखिन्छ । आफूहरू कसुर गर्दा नाबालक हुँदा बालबालिकासम्बन्धी ऐनअनुसार न्यूनतम सजाय गर्नुपर्नेमा नगरिएको हदसम्म पुनरावेदन अदालत, राजविराजको फैसला नमिलेको भनी प्रतिवादीहरूको तर्फबाट यस अदालतमा पुनरावेदन पर्न आएको अवस्था देखियो।

२. इन्साफतर्फ विचार गर्दा, कर्तव्य ज्यान र चोरीको कसुर ठहर भएकोतर्फ प्रतिवादीहरूको पुनरावेदन जिकिर नरहेकाले त्यसतर्फ केही बोल्न परेन । आफूहरू कसुर गर्दा १६ वर्ष उमेर नपुगेका नाबालक रहेकाले बालबालिकासम्बन्धी ऐनअनुसार न्यूनतम सजाय हुनुपर्नेमा न्यूनतम सजाय नगरिएको हकसम्ममा मात्र प्रतिवादीहरूले पुनरावेदनमा मुख्यरूपमा जिकिर लिएको हुँदा सो जिकिरतर्फ विचार गरौं । प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा उमेर खुलाउने क्रममा युवराज भन्ने अनिल राईले १७ वर्ष को भएँ भनी र कालुराम भन्ने पृथी राईले पनि १७ वर्षको भएँ भनी उल्लेख भएको देखिन्छ । निजहरूले अदालतमा बयान गर्ने क्रममा प्रतिवादी मध्येको युवराज भन्ने अनिल राईले वर्ष १६ को भएँ भनी लेखाएको देखिएको र अर्का प्रतिवादी कालुराम भन्ने पृथी राईले १७ वर्षको भएँ भनी उमेर लेखाएको देखिन्छ।

३. प्रतिवादीहरूले पुनरावेदनपत्रमा जिकिर लिने क्रममा प्रतिवादी युवराज भन्ने अनिल राईको जन्म मिति जन्मदर्ता प्रमाणपत्र र स्कुलको सर्टिफिकेटको आधारमा मिति २०५२।११।२० रहेकाले कसुर गर्दा १२ वर्षको मात्र रहेको र अर्का प्रतिवादी कालुराम भन्ने पृथी राईको पनि जन्म मिति जन्मदर्ता प्रमाणपत्र तथा स्कुलको सर्टिफिकेटको आधारमा मिति २०५२।१०।१७ रहेकाले कसुर गर्दा १२ वर्ष मात्र रहेको कुराको जिकिर लिएको देखिन्छ। प्रतिवादीहरू नाबालक रहेको कुरा निजहरूले जन्म मिति खुलेको जन्मदर्ता प्रमाणपत्र र स्कुलको सर्टिफिकेट पेस गरी सुरू अदालतमा बयान गर्दाको क्रममै जिकिर लिनु पर्थ्यो। निजहरूले त्यसो गर्न नसकी सुरू फैसलापश्चात् मात्र पुनरावेदन अदालत,मा पुनरावेदन गर्दा मात्रै जिकिर लिएको देखिन्छ।

४. प्रतिवादीहरूले आफूहरू नाबालक रहेको कुराको प्रमाणसहितको जिकिर सुरूमै लिन नसकी जन्मदर्ताको प्रमाणपत्र र स्कुलको सर्टिफिकेट सुरू फैसलाउपर पुनरावेदन अदालत,मा पुनरावेदन गर्दा मात्रै पेस गरेको देखिन्छ। पुनरावेदन अदालत, राजविराजको आदेशानुसार प्रतिवादीहरूले पुनरावेदनका साथ पेस गरेका प्रमाणपत्रहरूको अस्तित्वको विषयमा सम्बन्धित पञ्जिकाधिकारीको कार्यालय गाउँ विकास समितिको कार्यालय, डाँडागाउँ, खोटाङमा पत्राचार गरी बुझिएकामा समेत सो कार्यालयबाट कार्यालयको रेकर्डबाट प्रतिवादीहरूको जन्मदर्ता नै

नदेखिएको भनी जवाफ लेखी आएको कुरा मिसिलबाट देखिन्छ । यसबाट प्रतिवादीहरूले आफूहरू नाबालक रहेकाले बालबालिकासम्बन्धी ऐनबमोजिम आधा सजाय मात्र तोकिनुपर्ने भनी निजहरूले लिएको पुनरावेदन जिकिरको खण्डन भइरहेको देखिन्छ ।

५. अदालतमा बयान गरी स्वतन्त्र अभिव्यक्ति दिने क्रममा आफूहरूको उमेर १६ वर्ष पुगिसकेको लेखाइसकेकामा पछि फेरि त्यसो नभई आफूहरू नाबालक हो भनी सुरू अदालतको फैसलापश्चात् पुनरावेदनमा जिकिर लिएको र सो कुरा प्रमाणितसमेत भएको देखिँदैन । यसो गर्न प्रतिवादीहरू प्रमाण ऐन, २०३१ को दफा ३४ बमोजिम विवन्धितसमेत हुन्छन् । मृतकलाई बन्चरो प्रहार गरी मारेको कुरामा प्रतिवादीहरू मौका एवम् अदालतमासमेत साबितै रहेका, अन्य कुराको हकमा सुरू र पुनरावेदन अदालतको फैसलामा निजहरूको चित्त बुझेकै देखिएको र कसुर गर्दा नाबालक रहेकामा त्यसतर्फ विचार गरी सजाय नतोकिएको पुनरावेदन अदालत, राजविराजको फैसला उल्टी गरी बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) अनुसार न्यूनतम सजाय तोकिपाउँ भनी प्रतिवादीहरूको पुनरावेदन जिकिर रहेको भएपनि निजहरूले सुरू अदालतमा स्वतन्त्ररूपले बयान गरी लेखाएको उमेरले नै ग्राह्यता पाउने भई सुरू फैसलाउपर पुनरावेदन गर्दा छुट्टै जिकिर लिई पेस गरिएका थप प्रमाणहरूले मान्यता नपाउने भएकाले निजहरूले जिकिर लिएको नाबालकतर्फको पुनरावेदन जिकिर पुग्न नसक्ने भएकाले पुनरावेदन अदालत, राजविराजको फैसला अन्यथा नभई मिलेकै देखिन आयो ।

६. अतः उल्लिखित विवेचनाबाट आफूहरू नाबालक रहेकाले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम न्यूनतम सजाय हुनुपर्ने भन्ने प्रतिवादीहरूले लिएको पुनरावेदन जिकिर पुग्न नसकेकाले निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्म कैद र चोरीको बिगोबापतमा समेत कैद हुने तथा चोरीको बरामद भएको बिगो जाहेरवालाले फिर्ता पाउने ठहर्‍याई सुरू खोटाङ जिल्ला अदालतले गरेको फैसला सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।०८।१५ को फैसला मिलेकै देखिदा सदर हुने ठहर्छ । प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या.चोलेन्द्र शमशेर ज.ब.रा.

इति संवत् २०७२ साल असार २३ गते रोज ४ शुभम् ।
इजलास अधिकृतः बाबुराम सुबेदी

## निर्णय नं.९४३५

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री गोपाल पराजुली
आदेश मिति :- २०७१।११।३।१
०७१-WO-०५४३

विषय :- परमादेश

निवेदक :- का.म.न.पा. वडा नं. १६ स्थित नेपा मुभिज प्रा.लि.को अख्तियार प्राप्त व्यक्ति काभ्रे जिल्ला, चलाल गा.वि.स. वडा नं. ६ बस्ने वर्ष ३८ को रामप्रताप खड्का

विरूद्ध

विपक्षी :- महानगरीय प्रहरी परिसर, हनुमानढोका, काठमाडौं

- **अनाधिकृतरूपमा विभिन्न वेबसाइटहरूमा राखिएका कोहिनुर चलचित्र नरोक्ने हो भने चलचित्र निर्मातालाई अपूरणीय क्षतिसमेत हुन जाने देखिएकाले नेपाल विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४४, ४५, ४६ र ४७ तथा प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २५ विपरीतको कसुरमा यस ऐनबमोजिम सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३ बमोजिम निवेदकको जाहेरी दरखास्त दर्ता गरी कोहीनुर चलचित्रको अनाधिकृतरूपमा विभिन्न वेबसाइटमा अपलोड गरी प्रदर्शन राखिएको कार्यका सम्बन्धमा जो जसले गरेको भए तापनि अनुसन्धान गरी कारवाहीको प्रक्रिया अगाडि बढाउन निवेदकको उजुरी दर्ता गरी अनुसन्धान गरी उक्त आपराधिक कार्य पत्ता लगाई रोक्ने कार्यसमेत गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने ।**

(प्रकरण नं. ५)

निवेदकको तर्फबाट :- विद्वान् अधिवक्ता सतीशकृष्ण खरेल

विपक्षीको तर्फबाट :- विद्वान् उपन्यायाधिवक्ता चन्द्रकान्त खनाल

अवलम्बित नजिर :-

सम्बद्ध कानून :-

- विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४४, ४५, ४६, ४७, ७५
- प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २५, २७, २८, ३७(१)
- चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६
- सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३

## आदेश

**न्या. सुशीला कार्की :-** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा धारा १०७(२) बमोजिम यस अदालतको क्षेत्राधिकार क्षेत्र भई दायर हुन आएको प्रस्तुत निवेदनको सङ्क्षिप्त तथ्य एवम् ठहर आदेश यसप्रकार छ:-

निवेदक कम्पनी र यसका सेयरधनीहरूको मुख्य कार्य चलचित्र निर्माण गर्ने हो । यस प्रा.लि. ले चलचित्र निर्माण, (प्रदर्शन तथा वितरण) ऐन, २०२६ बमोजिम “कोहिनुर” नामक नेपाली कथानक चलचित्र निर्माण गर्ने इजाजत मिति २०७०।४।७ मा लिई उक्त चलचित्र निर्माणको कार्य पूरा गरी मिति २०७१।४।१ मा चलचित्र जाँच पासको प्रमाणपत्रसमेत प्राप्त गरिसकेको छ । त्यसरी निर्माण गरिएको चलचित्र मिति २०७१।४।२३ मा प्रथम प्रदर्शन गरिएको थियो ।

यस कम्पनीले माथि उल्लिखित कोहीनुर चलचित्र सार्वजनिक प्रदर्शन गर्ने प्रयोजनको लागि नेपालभित्र र बाहिर मुलुकका विभिन्न डिष्ट्रिब्यूटर्सलाई निश्चित सम्झौता निर्माण गरी सो चलचित्र निर्माण गरिएको र काठमाडौं नारायण गोपाल चोकस्थित द स्काई मुभिज studio मार्फत Blu-ray Disk, Hard Disk मा उपलब्ध गराइएको थियो । यसरी Blue-ray Disk सम्झौता गरी लिने डिष्ट्रिब्यूटर्सहरू मध्ये काठमाडौं उपत्यकाभित्रको हलहरूको लागि कमलादीस्थित बालाजी फिल्मस् र काठमाडौं उपत्यका बाहिरको हलहरूको लागि नयाँ बानेश्वर स्थित एफ. डि. कम्पनी रहेका थिए । त्यसबाहेक नेपालका विभिन्न स्थानहरूमा गरी ५ वटा हलहरूलाई सम्झौता गरी चलचित्रको Hard Disk उपलब्ध गराइएको थियो । यसरी सम्झौता गर्दा प्रतिलिपि बनाएको अवस्थामा पत्ता

लगाउन सकियोस् भनी यसमा कुनै चलचित्र वितरकले प्रदर्शनीको लागि कसैलाई उपलब्ध गराउँदा निश्चित बाटरमार्क लागेका MPEG फरम्याटमा चलचित्र उपलब्ध गराउने र प्रदर्शकहरूले चलचित्र प्रदर्शनका लागि अनुमित प्राप्त गरेको अवधिपश्चात् त्यस्तो Blue-ray Disk, Hard Disk, DVD, CD नष्ट गर्नुपर्ने सर्त तोकिएको थियो । यसको विपरीत बाटरमार्क लागेको कपी कुनै रूपले VCD, Online, YouTube वा अन्य माध्यमबाट चुहावट भएमा यसरी चुहावट गर्ने पक्ष जिम्मेवार हुने गरी सम्झौता भएको छ । यसै बीचमा मिति २०७१।९।७ गते यस कोहिनुर चलचित्रको बाटरमार्कलाई विकृत गरी चिन्न नसकिने प्रति YouTube, मा http://www.youtube.com/ मा channel/ UCONAqENbr६anrp०NgrnZTyg/ feed मा अनाधिकृतरूपमा अपलोड गरि निःशुल्क हेर्न र डाउनलोड गर्न सकिने गरी राखिएको रहेछ । उक्त साइटबाट लिङ्केज गरी अन्य धेरै साइटहरूका साथै व्यक्तिगत साइटहरूमा समेत अपलोड गरिएको छ । यस कम्पनीले YouTube सँग सम्पर्क गरी यसरी अपलोड गर्न कसैलाई अनुमति नदिएकाले साइटबाट हटाइदिन अनुरोध गरेपछि YouTube ले एकपटक आफ्नो साइटबाट हटाइसके तापनि अन्य थुप्रै साइटमा तथा फेसबुकमा समेत अस्पष्ट बाटरमार्क लागेको कपी हालसम्म पनि रहेका छन् । यसप्रकार ठूलो धनराशी लगानी लगाई धेरै मेहनतका साथ निर्माण गरिएको तथा हालसालै दिवंगत हुनुभएका लोकप्रिय अभिनेता स्व. श्रीकृष्ण श्रेष्ठद्वारा अभिनीत "कोहिनुर" नामक सफल चलचित्रको प्रति यस कम्पनीबाट सम्झौताबमोजिम Blue-ray Disk, Hard Disk प्राप्त गर्ने मध्ये कुनै व्यक्तिले वा निजको कुनै कामदार कर्मचारीले विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४४, ४५, ४६ र ४७ तथा प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २५ बमोजिमको कसुर गरी यस कम्पनीलाई ठूलो नोक्सानी पुर्याउने कार्य गरेका छन् । अत: यस कम्पनीद्वारा निर्माण भएको उक्त चलचित्रलाई गैरकानूनी रूपले YouTube लगायतमा अपलोड गरी उल्लिखित ऐनहरूबमोजिमको अपराध गर्ने अपराधी पत्ता लगाई कानूनबमोजिमको सजाय गरी यस कम्पनीलाई पर्न गएको क्षति निजबाट भराइपाउँ भनी यस कम्पनीको तर्फबाट विपक्षी महानगरीय प्रहरी परिसर, हनुमानढोकामा मिति २०७१।९।२३ मा जाहेरी दरखास्त पेस गरेको थिएँ । मैले जाहेरी दरखास्त पेस गरेपश्चात् पनि यु ट्युबका विभिन्न साइटहरूमा उल्लिखित चलचित्र राखी प्रदर्शन भइरहेको छ ।

यसरी हामीले जाहेरी दरखास्त दिए पछि रीतपूर्वक दर्ता गरी अनुसन्धानको कारवाही सुरू गरिदिनु पर्यो भनी विपक्षी कार्यालयका अधिकारीहरूलाई अनुरोध गर्दा साइबर अपराधसम्बन्धमा गैरकानूनी सामग्री यु ट्युब जस्तो नेपालबाहिरका सेवा प्रदायकहरूकामा रहने भएको र संयुक्त राज्य अमेरिका जस्ता मुलुकहरूमा प्रहरीलगायतका अपराध अनुसन्धान गर्ने निकायको अनुरोधमा कुनै साइट ब्लक गर्ने वा रोक्न मिल्ने अवस्था नभएको र अनुसन्धानकै क्रममा पनि अदालतको आदेश प्राप्त भएपश्चात् मात्र त्यस्ता गैरकानूनी साइटहरू अनुसन्धान अधिकारीको निकायको अनुरोधमा रोक्ने नसक्ने जानकारी गराइयो र जाहेरी दरखास्तको हकमा समेत केही समय अनुसन्धान गर्दा कसैले नेपालभित्र कसुर गरेको प्रमाण फेला परेको अवस्थामा जाहेरी दरखास्तको हकमा समेत केही समय अनुसन्धान गर्दा कसैले नेपालभित्र कसुर गरेको प्रमाण फेला परेको अवस्थामा जाहेरी दरखास्त रीतपूर्वक दर्ता गर्ने भनियो । सम्बन्धित अनुसन्धान अधिकारीको नियत असल नै रहेको अनुभूति भए पनि रीतपूर्वक जाहेरी दरखास्त दर्ता नगरिएको अवस्थामा अनुसन्धान हुने ग्यारेन्टी नहुने भएको हुनाले सरकारी मुद्दासम्बन्धी ऐनको दफा ३(५) बमोजिम विपक्षी जिल्ला प्रशासन कार्यालय तथा महानगरीय प्रहरी आयुक्तको कार्यालयमा गई सोउपर उजुरी दिँदासमेत दर्ता गर्न नमानेको र बोधार्थ प्रतिको रूपमा जाहेरीको प्रतिलिपि छाडिदिनुहोस् बुझ्दै गरौँला भनी दर्ता नगरेको

हुनाले बाध्य भई विपक्षी निकायहरूबाट हुलाकबाट रजिस्टरी गरी जाहेरी दरखास्त पठाइएको छ । सोको जाहेरीउपर विपक्षी निकायहरूबाट आवश्यक कारवाही अगाडि नबढाइएकाले र यस कम्पनीको हकमा हनन् हुने गरी यस कम्पनीको स्वामित्वको कोहीनुर चलचित्र अनवरतरूपमा इन्टरनेटमा प्रदर्शन जारी भई नै रहेको हुनाले अन्य उपचारको अभावमा यो निवेदन गर्न आएको छु । सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची -१ मा समावेश भएको अपराध हुनाले विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४४, ४५, ४६ र ४७ तथा प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २५ को कसुरमा जाहेरी दरखास्त दर्ता गरी तदारूकताका साथ अनुसन्धान गर्नुपर्ने र अनुसन्धान समाप्त नभएसम्म अपराधको असर न्यूनीकरण गर्न इन्टरनेटमा राखिएका साइटहरू तत्काल रोक्ने बन्दोबस्त गर्ने दायित्व विपक्षी कार्यालयहरूको रहेको कुरा निर्विवाद छ । तर सकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३ बमोजिम जाहेरी दरखास्त दर्ता गरी भरपाई दिने कार्य विपक्षी महानगरीय प्रहरी परिसर हनुमानढोका कार्यालयले नगरेको र विपक्षी जिल्ला प्रशासन कार्यालय तथा महानगरीय प्रहरी आयुक्तको कार्यालयले समेत आफूले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३(५) बमोजिमको दायित्व पूरा गर्ने कार्य नगर्दा निवेदकलाई नेपालको अन्तरिम संविधान २०६३ को धारा १३ ले प्रदान गरेको कानूनको समान संरक्षणको हकको प्रत्यक्ष उल्लङ्घन भएको कुरा स्पष्ट छ । अत: जाहेरी दरखास्त दर्ता गरी निवेदकलाई भरपाई दिई रीतपूर्वक अनुसन्धान गर्नु भनी विपक्षीको नाउँमा परमादेशको आदेश जारी गरिपाऊँ ।

नेपाल प्रहरीले अन्तर्राष्ट्रियरूपमा समन्वय गरी उल्लिखित साइटहरू र भविष्यमा राखिने अन्य साइटहरूमा गैरकानूनीरूपमा राखेको कोहीनुरको प्रदर्शन बन्द नगराउने हो भने कम्पनी टाट पल्टिने निश्चित छ । अपराधी पत्ता लाग्न समय नै लागे पनि यो अपराधको अनवरतता तत्काल नरोक्ने हो भने कम्पनीलाई हुने हानी अपूरणीय छ । अत: विपक्षी महानगरीय प्रहरी परिसर, हनुमानढोका, काठमाडौं, जिल्ला प्रशासन कार्यालय, बबरमहल तथा महानगरीय प्रहरी आयुक्तको कार्यालयको नाममा सर्वोच्च अदालत नियमावली ०४९ को नियम ४१(१) बमोजिम यस कम्पनीको चलचित्र इन्टरनेटमा राखिएको गैरकानूनी प्रतिहरूको प्रदर्शन तत्काल रोक्नको लागि आवश्यक कारवाही गर्नु भन्ने अन्तरिम आदेशसमेत गरिपाउँ भन्नेसमेत व्यहोराको निवेदन दाबी ।

यसमा के कसो भएको हो ? निवेदन मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारण खुलाई आदेश प्राप्त भएको मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको एक प्रति नक्कल साथै राखी विपक्षीहरूका नाउँमा म्याद सूचना जारी गरी म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू ।

साथै प्रतिलिपि अधिकार ऐन, २०५९ र विद्युतीय कारोबार ऐन, २०६३ बमोजिमको अनुसन्धान कारवाहीसम्बन्धी विषय भएको र उक्त ऐनको बहिर क्षेत्रीय अधिकार क्षेत्रसमेत रहेकाले निवेदकको मागबमोजिम अन्तरिम आदेश जारी गर्न मिल्ने हो होइन भन्नेसम्बन्धमा विपक्षीहरूसँग छलफल गरी आदेश गर्न उपयुक्त र वाञ्छनीय हुँदा छलफल निमित्त सरकारी वकिलमार्फत मिति २०७१।१०।२० गते यस अदालतमा उपस्थित हुन भनी प्रत्यर्थीहरूलाई सूचना दिई उक्त दिन पेस गर्नु भन्ने यस अदालतको मिति २०७१।१०।९ को आदेश ।

विपक्षी रिट निवेदक नेपा मुभिज प्रा.लि. का अख्तियार प्राप्त रामप्रताप खड्काले मिति २०७१।९।७ गते कोहिनुर चलचित्रको बाटरमार्क लागेको कपी YouTube मा http://www.youtube.com/channel/UCONAqENbr६anrp०NgrnZTyg/feed मा अनाधिकृतरूपमा अपलोड गरी विद्युतीय

कारोबार ऐन अन्तर्गतसमेत उपर अनुसन्धान गरिपाउँ भनी यस कार्यालयमा मिति २०७१।९।२२ गते जाहेरी दरखास्त दिएको हुँदा उक्त जाहेरी दरखास्तसम्बन्धमा आवश्यक कारवाहीको लागि यस कार्यालयको च.नं. २४७७, मिति २०७१।९।२२ गतेको पत्र साथ महानगरीय अपराध अनुसन्धान महाशाखामा पठाइएकामा उक्त कोहिनुर चलचित्र YouTube को लिङ्क Youtube.com/channel/ CONAqENbr६anrp०NgrnZTyg/feed हाल बन्द भैसकेको देखिन आएकाले उक्त चलचित्र कसले के कहाँबाट अपलोड गरेको हो भन्ने थाहा पाउनको लागि सम्मानित अदालतको आदेशले मात्र Google.inc youtube कम्पनीले उपलब्ध गराउने व्यवस्था रहेको खुल्न आएको हुँदा उक्त YouTube/com Google inc.usa को आधिकारिक वेबसाइट भएको र उक्त वेबसाइटमा Upload गर्ने व्यक्ति संस्था लगायतका सम्पूर्ण सामग्रीहरूको Subscribe Details IP address लगायतका विवरणहरू Google inc usa सँग मात्र हुने हुँदा अनुसन्धानको लागि आवश्यक IP address Log Subscriber Details लगायतका प्रमाणहरू उपलब्ध गराउनको लागि अमेरिकी मुलुकले MUTUAL LEGAL ASSISTANCE TREATY (MLAT) भएको हुन पर्ने अथवा सम्मानित अदालतबाट SUBPODENA COURT Order or SEARCH warrant जारी भएमा मात्र उपलब्ध गराउन सकिने व्यवस्था भएको हुँदा सोहीअनुसार आदेश पाउन पाना २ को जाहेरी दरखास्तको प्रतिलिपिसहित यस कार्यालयको च.नं. २८३६ मिति २०७१।१०।१९ गतेको पत्र साथ सम्मानित काठमाडौं जिल्ला अदालत बबरमहलमा पत्राचार गरिएको उक्त फिल्म नेपालबाहिर देश तथा कसले के कहाँबाट अपलोड गरेको हो भन्ने थाहा पाउनको लागि सम्मानित अदालतको आदेशले मात्र Google.inc youtube कम्पनीले उपलब्ध गराउने व्यवस्था रहेको भनी Google inc को आधिकारिक Website मा उल्लेख भएको देखिएको र विपक्षी रिट निवेदकले यस कार्यालयमा दिएको उक्त जाहेरी दरखास्तसम्बन्धमा हाल यस परिसरबाट अनुसन्धान भइरहेको अवस्थामा विपक्षी रिट निवेदकले कपोलकल्पित झुट्टा कुरा उल्लेख गरी यस परिसरसमेतलाई विपक्षी बनाई रिट निवेदन दिएको हुँदा उल्लिखित रिट निवेदन बदरभागी छ, खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको महानगरीय प्रहरी परिसर काठमाडौंको लिखित जवाफ।

यसमा विपक्षी निवेदनमा उल्लेख गरेअनुसार निजको हक हितमा असर पुग्ने कुनै काम कारवाही यस कार्यालयबाट नगरिएको तथा यस कार्यालयबाट जाहेरी दरखास्त दर्ता नगरिने तथा सो जाहेरी दरखास्त दर्ता नगर्नु भनी कोही कसैलाई आदेशसम्म नदिएको हुँदा यस कार्यालयसमेतलाई विपक्षी बनाइदिएको निवेदन बदरभागी छ, खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको महानगरीय प्रहरी प्रधान कार्यालय रानीपोखरीको लिखित जवाफ।

अदालतको आदेश

नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्रीसतीशकृष्ण खरेलले निवेदक नेपा मुभिज प्रा.लि को मुख्य कार्य चलचित्र निर्माण गर्ने भएको र यस प्रा.लि. ले चलचित्र निर्माण, (प्रदर्शन तथा वितरण) ऐन, २०२६ बमोजिम "कोहिनुर" नामक नेपाली कथानक चलचित्र निर्माण गर्ने इजाजत मिति २०७०।४।७ मा लिई उक्त चलचित्र निर्माणको कार्य पूरा गरी मिति २०७१।४।१ मा चलचित्र जाँच पासको प्रमाणपत्रसमेत प्राप्त गरिसकेको एवम् सो निर्माण गरिएको चलचित्र मिति २०७१।४।२३ मा प्रथम प्रदर्शन गरिएको थियो। विद्युतीय माध्यममा छायाङ्कन गरिएको चलचित्र भएको हुनाले त्यसको सम्बन्धमा विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४४, ४५, ४६ र ४७ तथा प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २५

आकर्षित हुने हुँदा उल्लिखित दुवै ऐनहरू उल्लङ्घन कसुरहरू सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची-१ भित्र समावेश रहेको सरकारवादी फौजदारी मुद्दा हुन् । उल्लिखित दफाहरूको उल्लङ्घनको विषय संगठित प्रकृतिको अपराध भएको र त्यसको अनुसन्धान ब्यूरोअन्तर्गत काठमाडौं उपत्यकाभित्र सोसम्बन्धी अपराधको अनुसन्धान विपक्षी महानगरीय प्रहरी परिसर हनुमानढोका कार्यालयले गर्ने गरेको रहेछ। सरकारी मुद्दासम्बन्धी ऐनको दफा ३(५) बमोजिम विपक्षी जिल्ला प्रशासन कार्यालय तथा महानगरीय प्रहरी आयुक्तको कार्यालयमा गई सोउपर उजुरी दिँदासमेत दर्ता गर्न नमानेको र बोधार्थ प्रतिको रूपमा जाहेरीको प्रतिलिपि छाडिदिनुहोस् बुझ्दै गरौला भनी दर्ता नगरेको हुनाले बाध्य भई विपक्षी निकायहरूबाट हुलाकबाट रजिस्टरी गरी जाहेरी दरखास्त पठाइएको थियो। सो जाहेरीउपर विपक्षी निकायहरूबाट आवश्यक कारवाही अगाडि नबढाइएको र यस कम्पनीको हकमा हनन् हुने गरी यस कम्पनीको स्वामित्वको कोहीनुर चलचित्र लगाताररूपमा इन्टरनेटमा प्रदर्शन भइरहेको छ। सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको अपराध हुनाले विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४४, ४५, ४६ र ४७ तथा प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २५ को कसुरमा जाहेरी दरखास्त दर्ता गरी तदारूकताका साथ अनुसन्धान गर्नुपर्ने र अनुसन्धान समाप्त नभएसम्म अपराधको असर न्यूनीकरण गर्न इन्टरनेटमा राखिएका साइटहरू तत्काल रोक्ने बन्दोबस्त गर्ने दायित्व विपक्षी कार्यालयहरूको रहेको हुँदा सकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३ बमोजिम जाहेरी दरखास्त दर्ता गरी भरपाई दिने कार्य विपक्षी महानगरीय प्रहरी परिसर हनुमानढोका कार्यालयले नगरेको र विपक्षी जिल्ला प्रशासन कार्यालय तथा महानगरीय प्रहरी आयुक्तको कार्यालयले समेत आफूले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३(५) बमोजिमको दायित्व पूरा गर्ने कार्य नगर्दा निवेदकलाई नेपालको अन्तरिम संविधानको धारा १३ ले प्रदान गरेको कानूनको समान संरक्षणको हकको प्रत्यक्ष उल्लङ्घन भएको छ । जाहेरी दरखास्त दर्ता गरी रीतपूर्वक अनुसन्धान गर्नु भनी विपक्षीको नाउँमा परमादेशको आदेश जारी होस् भनी गर्नुभएको बहससमेत सुनियो।

विपक्षी नेपाल सरकारका तर्फबाट उपस्थित हुनुभएका विद्वान् उपन्यायाधिवक्ता श्री चन्द्रकान्त खनालले रिट निवेदकले कार्यालयमा दिएको जाहेरी दरखास्तसम्बन्धमा महानगरीय प्रहरी परिसर काठमाडौंबाट अनुसन्धान भइरहेको अवस्थामा रिट निवेदकले कपोलकल्पित झुट्टा कुरा उल्लेख गरी दिएको हुँदा रिट निवेदन खारेज गरियोस् भनी गर्नुभएको बहससमेत सुनियो।

यसमा मिसिल संलग्न सम्पूर्ण कागजातहरूको अध्ययन एवम् दुवै पक्षका विद्वान् कानून व्यवसायीहरूको बहससमेत सुनी विचार गर्दा निवेदकको मागबमोजिम आदेश जारी गर्नुपर्ने हो वा होइन सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

२. अब निर्णयतर्फ विचार गर्दा यसमा कोहीनुर नामक कथानक चलचित्र गैरकानूनीरूपमा इन्टरनेटमा अपलोड गरी विद्युतीय कारोबार ऐन, २०६३ र प्रतिलिपि अधिकार ऐन, २०५९ को प्रतिकूलको कसुर भएकामा सोसम्बन्धमा कारवाहीको लागि जाहेरी दरखास्त महानगरीय प्रहरी परिसर काठमाडौंले दर्ता नगरेको हुँदा जाहेरी दरखास्त दर्ता गरी रीतपूर्वक अनुसन्धान गर्नु भनी विपक्षीको नाउँमा परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदन माग भएकामा कार्यालयमा दिएको जाहेरी दरखास्तसम्बन्धमा हाल अनुसन्धान भइरहेको अवस्थामा रिट निवेदकले कपोलकल्पित झुट्टा कुरा उल्लेख गरी दिएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने लिखित जवाफ रहेको छ।

३. यसमा अदालतको आदेशबाट मात्र Google. Inc YouTube कम्पनीले उक्त चलचित्र कसले के कहाँबाट अपलोड गरेको हो भन्ने थाहा

पाउनको लागि अदालतको आदेश मात्र गुगल डट इन्क यूटुव कम्पनीले उपलब्ध गराउने व्यवस्था रहेको भनी महानगरीय प्रहरी परिसर काठमाडौंको लिखित जवाफमा उल्लेख भएको छ।

४. नेपा मुभिज प्रा.लि. ले "कोहिनुर" नामक कथानक चलचित्र, चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) ऐन, २०२६ बमोजिम निर्माण गरी सार्वजनिक प्रदर्शन गर्ने प्रयोजनका लागि नेपालभित्र र बाहिरी मुलुकका विभिन्न डिष्ट्रिब्यूटर्सलाई उक्त चलचित्रको Blue-ray Disk र Hard Disk हरू उपलब्ध गराएकामा कोहिनुर चलचित्रको बाटर मार्कलाई विकृत गरी विभिन्न वेभसाइटहरूमा अपलोड गरी निःशुल्क हेर्न र डाउनलोड गर्न सकिने गरी राखिएको भन्ने विषयका सम्बन्धमा प्रस्तुत विषय विद्युतीय माध्यममा छायाङ्कन गरिएको चलचित्र भएको हुनाले यससम्बन्धमा विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४४, ४५, ४६ र ४७ का प्रावधान तथा प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २५ आकर्षित हुने देखिन्छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ७५ले *यस ऐनबमोजिम कसुर ठहर्ने मुद्दामा नेपाल सरकार वादी भइ चल्नेछ र त्यस्तो मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन २०४९ को अनुसुची-१ मा परेको मानिनेछ भन्ने कानूनी व्यवस्था रहेको* र प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा ३७ को उपदफा १ मा *दफा २७ र २८ अन्तर्गत सजाय हुने मुद्दा नेपाल सरकारवादी भइ चल्नेछ र सो मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन २०४९ को अनुसुचि-१ मा परेको मानिनेछ भन्ने उल्लेख भएको छ ।* उल्लिखित दुवै ऐनहरूको उल्लङ्घनका कसुरहरू सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची -१ भित्र समावेश रहेको सरकारवादी फौजदारी मुद्दा भएकाले सोसम्बन्धमा विद्यमान कानूनी व्यवस्थाअनुसार निवेदकको हकमा असर परेको विषयमा उल्लिखित ऐनअनुसार कारवाही अगाडि बढाउनुपर्ने जिम्मेवारी नेपाल सरकारअन्तर्गत जिम्मा पाएको नेपाल प्रहरीको सम्बन्धित प्रहरी कार्यालयको देखिन आउँछ।

५. यी निवेदकको प्रा.लि. ले लाखौँलाख खर्च गरी जनतालाई मनोरञ्जन गराउने तर संस्थाको लगानीकर्ता कलाकारहरूको निम्ति आय आर्जन गराउने उद्देश्यबाट उक्त सिनेमा (Film) निर्माण गरी सञ्चालन गरेकामा गैर बाटो अपनाइ त्यसरी यु ट्युव आदिबाट सिनेमा देखाउँदा निश्चय नै घाटा लाग्ने हुँदा निवेदकबाट चलचित्रको प्रदर्शनको लागि अनुमति प्राप्त समयावधिपश्चात् सम्झौताबमोजिम Blue-ray Disk, Hard Disk, DVD, CD नष्ट गर्नुपर्ने सर्तविपरीत गई कुनै पनि रूपले VCD Online YouTube वा अन्य माध्यमबाट चुहावट गरेमा विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४४, ४५, ४६ र ४७ एवम् प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २५ विपरीत हुन जाने हुँदा ऐनले दिएको अधिकार प्रयोग गर्ने सम्बन्धित प्रहरी कार्यालयले सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३ बमोजिम जाहेरी दरखास्त लिई अनाधिकृतरूपमा कोहीनुर चलचित्रको विद्युतीय कपी विभिन्न वेब साइटहरूमा अपलोड अनधिकृतरूपमा जो कोहीले गरेको भए पनि कारवाही गर्ने सम्बन्धित प्रहरीद्वारा अनुसन्धान गरी सो रोक्न कारवाही गर्नुपर्ने देखिन्छ । अनाधिकृतरूपमा विभिन्न वेबसाइटहरूमा राखिएका कोहिनुर चलचित्र नरोक्ने हो भने चलचित्र निर्मातालाई अपूरणीय क्षतिसमेत हुन जाने देखिएकाले नेपाल विद्युतीय कारोबार ऐन, २०६३ को दफा ४४, ४५, ४६ र ४७ तथा प्रतिलिपि अधिकार ऐन, २०५९ को दफा २५ विपरीतको कसुरमा यस ऐनबमोजिम सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३ बमोजिम निवेदकको जाहेरी दरखास्त दर्ता गरी कोहीनुर चलचित्रको अनाधिकृतरूपमा विभिन्न वेबसाइटमा अपलोड गरी प्रदर्शन राखिएको कार्यका सम्बन्धमा जो जसले गरेको भए तापनि अनुसन्धान गरी कारवाहीको प्रक्रिया अगाडि बढाउन निवेदकको उजुरी दर्ता गरी अनुसन्धान गरी उक्त आपराधिक कार्य पत्ता लगाई रोक्ने कार्यसमेत गर्नु भनी विपक्षीहरूको

नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ । प्रस्तुत आदेशको जानकारी विपक्षी कार्यालयहरूलाई दिई मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या. गोपाल पराजुली

इजलास अधिकृत :- गेहेन्द्रराज पन्त
इति संवत् २०७१ साल फागुन ३ गते रोज १ शुभम् ।

## निर्णय नं.९४३६

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री दीपकराज जोशी
आदेश मिति :- २०७२।०२।१७।१
०६६-WO-१२१६

विषय :-उत्प्रेषण / परमादेश ।

निवेदक :- बारा जिल्ला पिपरा गा.वि.स. वडा नं. ७ घर भै हाल पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन अस्पतालमा भर्खरै बर्खास्त गरिएका दिलिपबहादुर भन्ने ताराबहादुर रानामगर

विरूद्ध

विपक्षी :- नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं

- **कुनै पनि कर्मचारीलाई गरिने कारवाहीको सम्बन्धमा प्रचलनमा रहेको नियम कानूनले प्रष्टरूपमा पालना गर्नुपर्ने गरी विभिन्न चरण तथा प्रक्रियाहरूको उल्लेख गरेको छ भने सम्बन्धित कर्मचारीलाई कारवाही गर्दा उक्त उल्लिखित सबै चरण तथा प्रक्रियाहरूको बाध्यात्मक रूपले पालना गर्नुपर्ने हुन्छ । यस्तो कारवाहीमा कानूनमा उल्लिखित विभिन्न चरण तथा प्रक्रियाहरू मध्ये केहीको मात्र पालना गरी कारवाही गरिन्छ भने त्यस्तो कारवाहीलाई कानूनबमोजिमको कारवाही भन्न नमिल्ने ।**

(प्रकरण नं. १२)

- **कुनै पनि कर्मचारी विरूद्ध उसको आचरण व्यवहारसम्बन्धमा कारवाही गर्दा बढो सतर्कतासाथ कानून र नियमको पालना गरी गर्नुपर्ने हुन्छ । किनकि रोजगारीको अधिकार जीवनको अधिकारसँग जोडिएको हुन्छ र सम्बन्धित व्यक्तिमात्र होइन उससँग आश्रित परिवारमाथि पनि यस्ता कारवाहीले प्रतिकूल प्रभाव पार्न सक्दछ । यसरी रोजगारीको अधिकारबाट वञ्चित गर्ने गरी निर्णय गर्दा सम्बन्धित नियमले तोकिदिएको विधि र प्रक्रियाहरूको पूर्णरूपमा अवलम्बन गरी गर्नुपर्नेमा सो नगरी निवेदकलाई मिति २०६६।१२।१ देखि लागू हुने गरी नोकरीबाट बर्खास्त गर्ने गरी विपक्षी अस्पतालबाट गरिएको निर्णय Patan Hospital Personnel Policy REVISED P.H.B.OCT.१९९५ को प्रतिकूल भएको देखिन आउने ।**

(प्रकरण नं. १३)

- **मानव अधिकारहरू जस्तै रोजगारीको अधिकारको कार्यान्वयनमा पक्ष राष्ट्रहरूको विशेषत: मुख्य गरेर ३ वटा दायित्व रहेका हुन्छन् । जसमा Respect**

**(सम्मान), Protect (संरक्षण) र Fulfill (परिपूरण) रहेका छन् । रोजगारीको अधिकारको सम्मान (Respect) को दायित्वअन्तर्गत पक्ष राष्ट्रले उक्त अधिकारको प्रयोग तथा उपभोगमा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा बाधा पुर्‍याउन नहुने भन्ने हुन्छ । त्यसैगरी संरक्षण (Protect) को दायित्वअन्तर्गत राज्यबाहेक अन्य कुनै पनि तेस्रो पक्षबाट रोजगारीको अधिकारको प्रयोगमा बाधा अवरोध पुर्‍याएको छ भने सो अवरोधलाई रोकी अधिकारको उपभोगमा सहजता ल्याउनु भन्ने हुन्छ । त्यसै गरी अन्तिम दायित्वको रूपमा रहेको परिपूरण (Fulfill) अन्तर्गत रोजगारीको अधिकारलाई बढावा, विकास तथा प्रवर्धन गरी यसलाई आधिकाधिकरूपमा उपभोग योग्य बनाउनु भन्ने हुन्छ । यसका लागि राज्यले आवश्यक कानूनको निर्माण, यथेष्ट बजेट तथा प्रशासनिक प्रबन्धको व्यवस्था गर्नुपर्ने ।**

(प्रकरण नं. १४)

निवेदकको तर्फबाट :- विद्वान् अधिवक्ता विजय मिश्र र अजिता खनाल

विपक्षीको तर्फबाट :- विद्वान् उपन्यायाधिवक्ता गोपाल लामिछाने

अवलम्बित नजिर :-

सम्बद्ध कानून :-

आदेश

**न्या. सुशीला कार्की :-** नेपालको अन्तरिम संविधान २०६३ को धारा ३२ र १०७(२) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको सङ्क्षिप्त तथ्य एवम् आदेश यसप्रकार रहेको छः-

रिट निवेदनको सङ्क्षिप्त व्यहोरा

म रिट निवेदक २०५१ सालदेखि पाटन अस्पतालमा स्थायीरूपमा मेन्टेनेन्स शाखामा नियुक्ति भई निरन्तररूपमा काम गर्दै आएको थिएँ। अफिसको डिउटी कहिले राति कहिले दिउसो पर्ने गर्दथ्यो । रातको समयमा कहिलेकाहीँ मादक पदार्थ सेवन गरे तापनि कार्यालयलाई कुनै प्रकारको हानि नोक्सानी हुने कार्य मबाट भएको थिएन । कहिलेकाहीँ रातको समयमा मादक पदार्थ सेवन गरेको विषयलाई लिएर मलाई कहिले निलम्बित गर्ने कहिले हाजिर नगर भन्ने गर्दै जाँदा मिति २०६६।१२।१ देखि लागू हुने गरी भनी अस्पताल समयमा मादक पदार्थ सेवन गरी डिउटीमा रहेको भनी नोकरीबाट बर्खास्त गरिएको पत्र दिइयो । विपक्षी अस्पतालको Personnel Policy ले कुनै पनि कर्मचारीलाई नोकरीबाट बर्खास्त गर्दा अपनाउनुपर्ने बाध्यात्मक प्रक्रियाहरू नअपनाई मलाई मादक पदार्थ सेवनी भनी १४ वर्ष स्थायी पदमा रही सेवा गरेकालाई नोकरीबाट हटाउने गरी गरिएको निर्णय पाटन अस्पताल नीति २०५१ विपरीत भएको प्रष्ट छ। विपक्षी अस्पताल पनि पाटन अस्पताल विकास समिति (गठन) आदेश २०६३ बमोजिम शासित भएको तथा विपक्षी अस्पताल नेपाल सरकारको मातहतमा गठित विकास समितिअन्तर्गत परिचालन भई हाल पाटन अस्पताल स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ बमोजिम सञ्चालनमा रहेको छ । यस ऐन सञ्चालन भए पनि यसको नियमावली तथा अन्य कर्मचारी सेवा सर्तसमेत वर्तमान अवस्थामा नबनेसम्म चालू नियमावली तथा नीति लागू हुने कानूनी प्रावधान पाटन अस्पताल विज्ञान प्रतिष्ठान ऐनमा व्यवस्था गरिएको छ । सोही अनुरूप Patan Hospital Personnel Policy REVISED PHB OCT.१९९५ बमोजिम नै भए अनुरूप म नियुक्ति भै काम गरेको व्यक्तिलाई अस्पतालबाट पाउने सुविधासमेतबाट वञ्चित गरी मेरो १४ वर्षको अस्पतालको अन्त्य गर्ने गरी गरिएको निर्णय आफैँमा कानूनसम्मत छैन । अत: विपक्षी

अस्पतालका निर्देशकबाट मिति २०६६।१२।१ मा मलाई नोकरीबाट बर्खास्त गर्ने गरी गरिएको निर्णयबाट नेपालको अन्तरिम संविधान २०६३ को धारा १८ समेतबाट प्रदत्त मेरो मौलिक हक हनन् भएको हुँदा उत्प्रेषणको आदेशद्वारा उक्त निर्णय बदर गरी साबिकको पदमा निरन्तरता दिनु दिलाउनु भनी परमादेशलगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाऊँ भन्नेसमेत व्यहोराको निवेदनपत्र।

यस अदालतको आदेश

यसमा पाटन अस्पताल कर्मचारी नियमावली र निवेदकलाई नोकरीबाट बर्खास्त गरिएको कारवाहीसम्बन्धी फाइल पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, पाटन अस्पताल ललितपुरबाट झिकाई आएपछि नियमानुसार पेस गर्नू भन्ने यस अदालतको मिति २०६७।३।३ को आदेश।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? यो आदेश प्राप्त भएको मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र सम्बन्धित मिसिल साथ राखी महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको १(एक) प्रति नक्कल साथै राखी विपक्षी नं. १ लाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाइदिनू। निवेदकको मागबमोजिम आदेश किन जारी हुनु नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ लिई आफैँ वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनु भनी रिट निवेदनको १(एक) प्रति नक्कल साथै राखी विपक्षी नं. २, ३, ४ र ५ लाई सम्बन्धित जिल्ला अदालतमार्फत सूचना पठाई लिखित जवाफ लिई आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नू।

साथै अन्तरिम आदेशसमेत जारी गरिपाउँ भनी निवेदकको मागको सम्बन्धमा विचार गर्दा निवेदकलाई सेवाबाट हटाइसकेको अवस्था एकातर्फ छ भने स्थायी कर्मचारीलाई सेवाबाट हटाउँदा के कुन प्रक्रिया अपनाएको छ, लिखित जवाफबाट प्रष्ट हुने नै हुँदा अन्तरिम आदेशसम्बन्धमा लिखित जवाफ परेपछि विचार हुन सक्ने नै हुँदा हाललाई अन्तरिम आदेश जारी गर्नु परेन भन्ने यस अदालतको मिति २०६७।३।३१ को आदेश।

लिखित जवाफको सङ्क्षिप्त व्यहोरा

विपक्षीलाई यस मन्त्रालयको कुनै निर्णय र आदेशबाट बर्खास्त गर्ने काम र कारवाही भएको अवस्था होइन र यस मन्त्रालयलाई विपक्षी बनाउनुपर्ने आधार र अवस्था विद्यमान छैन। विपक्षी यस मन्त्रालय वा अन्तर्गत कार्यालयको कर्मचारी नभएको अवस्थामा निवेदकलाई बर्खास्त कसले किन गर्‍यो त्यो यस मन्त्रालयको सरोकारको विषय पनि होइन, विपक्षी बनाएकै कारण कुनै दायित्व सिर्जना हुने पनि होइन भन्नेसमेत व्यहोराको विपक्षी नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको लिखित जवाफ।

रिट निवेदक मिति २०५१ सालबाट पाटन अस्पतालको Maintenance शाखामा स्थायी नियुक्ति पाई नोकरीबाट बर्खास्त हुनुपूर्व Operation विभागमा Cleaner पदमा काम गर्दै आउनुभएको हो। निवेदक नोकरीमा प्रवेश गरेको अवस्थादेखि नै अस्पतालको Duty को समयमा पनि मादक पदार्थ रक्सी सेवन गरी आउने गरेको कुरा आफैँले निवेदनमा स्वीकार गर्नुभएको छ। यसरी जनताको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने अस्पताल जस्तो संवेदनशील संस्था त्यसमा पनि Operation जस्तो जोखिमपूर्ण शाखामा रही काम गर्ने कर्मचारीले आफ्नो Duty को समयमा मादक पदार्थ सेवन गर्ने कार्य कुनै पनि दृष्टिकोणबाट स्वीकार्य एवम् क्षम्य हुन सक्दैन। यसरी

रक्सी सेवन गरेपछि विपक्षी निवेदकलाई Duty को समयमा मादक पदार्थ रक्सी सेवन नगर्नु भनी सुरू अवस्थादेखि नै मौखिकरूपमा जानकारी एवम् लिखित चेतावनी तथा स्पष्टीकरणसमेत दिइएको र स्पष्टीकरण सन्तोषजनक नदेखिएको र निजमा जिम्मेवारीको बोध नभई कुनै पनि सुधार हुन नसकी सुधार हुने अवस्था पनि नदेखिएको हुनाले Patan Hospital Personal Policy ले तोकिदिएको विधि र प्रक्रिया पूरा गरी अस्पतालले निजलाई मिति २०६६।१२।१ गतेदेखि लागू हुने गरी नोकरीबाट बर्खास्त गर्ने निर्णय गरी सोको जानकारी विपक्षीलाई मिति २०६६।१२।१२ मा दिइएको हुनाले विपक्षी निवेदकलाई नोकरीबाट बर्खास्त गरिएको कार्य कानूनसम्मत नै भएकाले सो निर्णयले विपक्षीको संविधानद्वारा प्रदत्त कुनै पनि हकको उल्लङ्घन हुन नगएको कारणबाट विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षी पाटन अस्पताल लगनखेल ललितपुर, ऐ. का व्यवस्थापक समिति, अस्पतालका निर्देशक पारशकुमार आचार्य ऐ. अस्पतालका उपकुलपति डा. अर्जुन कार्कीसमेतको संयुक्त लिखित जवाफ।

यस अदालतको आदेश

नियमबमोजिम पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री विजय मिश्र र विद्वान् अधिवक्ता श्री अजिता खनालले रिट निवेदक २०५१ सालदेखि पाटन अस्पतालमा मेन्टेनेन्स शाखामा स्थायी कर्मचारीको रूपमा नियुक्ति भई निरन्तर काम गर्दै आएका व्यक्ति हुन्। निवेदकलाई कार्यालय समयमा मादक पदार्थ रक्सी खाएर हो हल्ला गरेकाले नोकरीबाट बर्खास्त गरिएको भनी उल्लेख गरिएको छ तर सोको आधिकारिकता कहीँ कतैबाट देखिँदैन। रिट निवेदक गरिब परिवारका व्यक्ति भएको सोही जागिरको आयस्ताबाट आफू र आफ्ना परिवारको पालनपोषण गरिराखेका थिए। यस्तो अवस्थामा रिट निवेदकलाई Patan Hospital Personnel Policy मा कर्मचारीलाई नोकरीबाट बर्खास्त गर्दा बाध्यात्मकरूपमा अपनाउनुपर्ने विधि र प्रक्रियालाई पालना नगरी नोकरीबाट बर्खास्त गर्ने गरी गरिएको विपक्षी अस्पतालको मिति २०६६।१२।१ को निर्णय त्रुटिपूर्ण भएकाले उक्त निर्णय उत्प्रेषणको आदेशबाट बदर गरी रिट निवेदकलाई पूर्ववत् पदमा बहाली गराइपाउँ भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

विपक्षी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको तर्फबाट उपस्थित विद्वान् उप-न्यायाधिवक्ता श्री गोपाल लामिछानेले प्रस्तुत विषयमा मन्त्रालयलाई विपक्षी बनाइनुपर्ने नै होइन। विपक्षी रिट निवेदकले अस्पतालको कार्यालय समयमा मादक पदार्थ सेवन गरी अस्पतालको संवेदनशील कामकारवाहीमा नै असर पारेकाले अस्पतालको नियमअनुसार सेवाबाट अवकास दिने गरी गरिएको निर्णय कानूनसङ्गत नै भएकाले निवेदकको मागबमोजिम रिट जारी हुने अवस्था छैन। प्रस्तुत रिट निवेदन खारेज होस् भन्नेसमेत व्यहोराको बहस प्रस्तुत गर्नुभयो।

उपर्युक्तबमोजिमको बहससमेत सुनी मिसिल अध्यन गरी हेर्दा निम्न प्रश्नहरूमा केन्द्रित रही निर्णय दिनुपर्ने देखिन आयो।

(१) विपक्षीमध्येका पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान पाटन अस्पतालले रिट निवेदकलाई मिति २०६६।१२।१ देखि लागू हुने गरी नोकरीबाट बर्खास्त गर्ने गरी गरेको निर्णय नियमसङ्गत छ, छैन ?

(२) विपक्षी पाटन अस्पतालको निर्णयबाट निवेदकको रोजगारीको हकलगायत अन्य कुनै अधिकारहरूको उल्लङ्घन भएको छ

छैन ?

(३) निवेदकको मागबमोजिम आदेश जारी हुनुपर्ने हो होइन ?

२. निर्णयतर्फ विचार गर्दा म रिट निवेदक २०५१ सालदेखि पाटन अस्पतालमा मेन्टेनेन्स शाखामा स्थायी नियुक्ति पाई निरन्तररूपमा काम गर्दै आएको थिएँ । अस्पतालको कार्य समय कहिले राति कहिले दिउसो पर्ने गर्दथ्यो । रातको समयमा कहिलेकाहीँ मादक पदार्थ सेवन गरे तापनि अस्पताललाई हानि नोक्सानी हुने कुनै कार्य मबाट भएको थिएन । विपक्षी अस्पतालको Personnel Policy ले कुनै पनि कर्मचारीलाई नोकरीबाट बर्खास्त गर्दा अपनाउनुपर्ने गरी बाध्यात्मकरूपमा तोकिएका प्रक्रियाहरू नअपनाई मलाई कार्य समयमा मादक पदार्थ सेवन गरेको भनी मिति २०६६।१२।१ देखि लागू हुने भनी नोकरीबाट हटाउने गरी गरिएको निर्णय त्रुटिपूर्ण भएकाले बदर गरी आफूलाई पूर्ववत् पदमा बहाली गराइपाउँ भन्ने निवेदकको मुख्य निवेदन जिकिर रहेछ ।

३. रिट निवेदक मिति २०५१ सालबाट पाटन अस्पतालको Maintenance शाखामा स्थायी नियुक्ति पाई नोकरीबाट बर्खास्त हुनुपूर्व Operation विभागमा Cleaner पदमा काम गर्दै आउनुभएको हो । निवेदक नोकरीमा प्रवेश गरेको अवस्थादेखि नै अस्पतालको कार्य समयमा पनि मादक पदार्थ रक्सी सेवन गरी आउने गरेको कुरा आफैँले निवेदनमा स्वीकार गर्नुभएको छ । यसरी जनताको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने अस्पताल जस्तो संवेदनशील संस्था त्यसमा पनि Operation जस्तो जोखिमपूर्ण शाखामा रही काम गर्ने कर्मचारीले आफ्नो कार्य समयमा मादक पदार्थ सेवन गर्ने कार्य कुनै पनि दृष्टिकोणबाट स्वीकार्य एवम् क्षम्य हुन सक्दैन । यसरी रक्सी सेवन गरेपछि विपक्षी निवेदकलाई मादक पदार्थ रक्सी सेवन नगर्नु भनी सुरू अवस्थादेखि नै मौखिकरूपमा जानकारी एवम् लिखित चेतावनी तथा स्पष्टीकरणसमेत माग गरिएको र स्पष्टीकरण सन्तोषजनक नदेखिएको र निजमा जिम्मेवारीको बोध नभई कुनै पनि सुधार हुन नसकी सुधार हुने अवस्था पनि नदेखिएको हुनाले Patan Hospital Personnel Policy ले तोकिदिएको विधि र प्रक्रिया पूरा गरी अस्पतालले निजलाई नोकरीबाट बर्खास्त गर्ने गरी मिति २०६६।१२।१ मा गरिएको निर्णय नियमसङ्गत नै भएकाले रिट निवेदन खारेज गरिपाउँ भन्ने नै लिखित जवाफ देखिन्छ ।

४. यस तथ्यको परिप्रेक्ष्यमा निर्णयार्थ निर्धारित गरिएको पहिलो प्रश्नतर्फ विवेचना गर्दा रिट निवेदक पाटन अस्पताल लगनखेल, ललितपुरमा २०५१ सालदेखि Maintenance शाखामा स्थायी नियुक्ति पाई सेवारत् रहेको कुरामा कुनै विवाद देखिँदैन ।

५. निवेदकलाई विपक्षी पाटन अस्पतालबाट नोकरीबाट बर्खास्त गरिएको कार्वाहीसम्बन्धी मिसिल संलग्न फाइल हेर्दा निजलाई प्रथम पटक मिति २०५८।९।२४ मा दिइएको लिखित चेतावनीमा मादक पदार्थ सेवन गरी होहल्लासमेत गरेकाले मिति २०५८।९।२३ देखि २०५८।९।२८ सम्म निलम्बनमा राखी पुनः यस किसिमको व्यवहार प्रदर्शित गरेमा सेवाबाट नै हटाइने भनी उल्लेख गरेको, त्यसै गरी दोस्रो पटक मिति २०६५।२।३१ मा माग गरिएको स्पष्टीकरणमा डिउटीमा बिना सूचना अनुपस्थित भएको विषयलाई उल्लेख गरेको, मिति २०६५।३।६ मा स्पष्टीकरण सन्तोषजनक नभएको भनी लिखितरूपमा सचेत गराएको, मिति २०६६।१२।२ मा अन्तिम पटक स्पष्टीकरण सोधी मिति २०६६।१२।१ गतेदेखि लागू हुने गरी नोकरीबाट बर्खास्त गरिएको पत्र मिति २०६६।१२।१२ मा दिइएको देखिन्छ ।

६. पाटन अस्पतालमा कार्यरत कुनै पनि

कर्मचारीलाई नोकरीबाट बर्खास्त गर्नेसम्बन्धमा के कस्तो कानूनी प्रक्रिया तोकिएको छ भन्नेतर्फ हेर्दा Patan Hospital Personnel Policy REVISED P.H.B.OCT.१९९५ को प्रकरण ११.२.२, ११.३ र ११.४ का व्यवस्थाहरूको अवलोकन गर्नुपर्ने सान्दर्भिक देखिन आयो । उक्त Policy को प्रकरण ११.२.२ मा Other examples of misconduct are listed below, but are not meant to be all-inclusive भनेर Misbehavior or any form of disruption resulting from drinking of alcohol or using drugs, while on duty or on patan Hospital premises, or while representing Patan Hospital either inside or outside Nepal. लगायतका अन्य Misconducts का उदाहरणहरू दिइएको देखिन्छ । त्यसैगरी प्रकरण ११.३ मा The penalty for misconduct will be in the following order भनी पहिला Warning त्यसपछि Fine or leave without pay त्यसपछि मात्र अन्तिममा Termination of service उल्लेख गरेको पाइन्छ।

७. त्यसैगरी १४.४ मा Procedure of Penalty उल्लेख गरी कुनै पनि कर्मचारीको Misconduct अथवा सन्तोषजनक कार्य नदेखिएको अवस्थामा निजलाई गरिने कारवाहीका विभिन्न चरणहरूको व्यवस्था गरेको छ । जसअन्तर्गत ११.४.१ मा In the event of misconduct or unsatisfactory work by a staff member, the immediate Supervisor/Department Head shall first state the facts and give a verbal warning to the staff member. A note of the verbal warning shall be placed in the staff member's personnel file. त्यसैगरी १४.४.२ मा If no improvement in performance occurs within a reasonable time, the supervisor/ dept. head shall issue a written warning (charge sheet) stating: The charges of misconduct, The supporting facts and documents/witnesses, Statement of what needs to be done to correct the situation उल्लेख गरी स्पष्टीकरण माग गर्दा उल्लिखित विषहरू खुलाउनुपर्ने व्यवस्था गरेको देखिन्छ।

८. त्यसैगरी ११.४.३ मा The supervisor/ Dept. Head may also suspend the staff member without pay, for up to ५ days (one week) if no improvement in behavior is made. उल्लेख गरी त्यसरी स्पष्टीकरण माग गरिएको कर्मचारीको व्यवहारमा सुधार नदेखिए निजलाई सुपरभाइजर अथवा शाखा प्रमुखले ५ दिनसम्म निलम्बनमा राख्न सक्ने देखिन्छ।

९. त्यसैगरी १४.४.४ मा If there is still no improvement, the supervisor in consultation with the appropriate Hospital Officer, shall issue a final warning in writing, and set a trial period for improvement. उल्लेख गरी त्यस्तो कर्मचारीलाई निलम्बनमा राख्दा पनि निजको व्यवहारमा सुधार आएन भने निजलाई अन्तिम चेतावनी दिई निश्चित समय उल्लेख गरी सुधारको लागि परीक्षण समयमा राख्नुपर्ने व्यवस्था रहेको पाइन्छ।

१०. अब माथि उल्लिखित प्रक्रियाहरूको प्रयोग रिट निवेदकलाई नोकरीबाट बर्खास्त गर्दा अपनाइएको छ छैन भन्नेतर्फ हेर्दा मिति २०५८।९।२४ मा लिखित चेतावनी दिई ६ दिन निलम्बनमा राखिएको, त्यसैगरी दोस्रो पटक मिति २०६५।२।३१ मा स्पष्टीकरण सोधिएको, मिति २०६५।३।६ मा स्पष्टीकरण सन्तोषजनक नभएको भनी लिखितरूपमा सचेत गराएको, र मिति २०६६।१२।२ मा अन्तिम

पटक स्पष्टीकरण सोधी मिति २०६६।१२।१ गतेदेखि लागू हुने गरी नोकरीबाट बर्खास्त गरिएको पत्र मिति २०६६।१२।१२ मा दिइएको देखिन्छ।

११. Patan Hospital Personnel Policy REVISED P.H.B.OCT.१९९५ को प्रकरण ११.४.४ मा भएको व्यवस्थालाई हेर्दा if there is still no improvement, the supervisor in consultation with the appropriate Hospital Officer, shall issue a final warning in writing, and set a trial period for improvement. उल्लेख गरी त्यस्तो कर्मचारीलाई निश्चित समय खुलाई सुधारको लागि परीक्षण समयमा राख्नुपर्ने व्यवस्था रहेको देखिन्छ । निवेदकलाई नोकरीबाट बर्खास्त गर्नुपूर्व विपक्षी अस्पतालबाट निवेदकलाई सुधारको लागि परीक्षण समयमा राखिएको देखिन आएन।

१२. कुनै पनि कर्मचारीलाई गरिने कारवाहीको सम्बन्धमा प्रचलनमा रहेको नियम कानूनले प्रष्टरूपमा पालना गर्नुपर्ने गरी विभिन्न चरण तथा प्रक्रियाहरूको उल्लेख गरेको छ भने सम्बन्धित कर्मचारीलाई कारवाही गर्दा उक्त उल्लिखित सबै चरण तथा प्रक्रियाहरूको बाध्यात्मक रूपले पालना गर्नुपर्ने हुन्छ। यस्तो कारवाहीमा कानूनमा उल्लिखित विभिन्न चरण तथा प्रक्रियाहरू मध्ये केहीको मात्र पालना गरी कारवाही गरिन्छ भने त्यस्तो कारवाहीलाई कानूनबमोजिमको कारवाही भन्न नमिल्ने हुन्छ।

१३. यसरी कुनै पनि कर्मचारीविरूद्ध उसको आचरण व्यवहारसम्बन्धमा कारवाही गर्दा बढो सतर्कताका साथ कानून र नियमको पालना गरी गर्नुपर्ने हुन्छ । किनकि रोजगारीको अधिकार जीवनको अधिकारसँग जोडिएको हुन्छ र सम्बन्धित व्यक्तिमात्र होइन, उससँग आश्रित परिवारमाथि पनि यस्ता कारवाहीले प्रतिकूल प्रभाव पार्न सक्दछ । यसरी रोजगारीको अधिकारबाट वञ्चित गर्ने गरी निर्णय गर्दा सम्बन्धित नियमले तोकिदिएको विधि र प्रक्रियाहरूको पूर्णरूपमा अवलम्बन गरी गर्नुपर्नेमा सो नगरी निवेदकलाई मिति २०६६।१२।१ देखि लागू हुने गरी नोकरीबाट बर्खास्त गर्ने गरी विपक्षी अस्पतालबाट गरिएको निर्णय Patan Hospital Personnel Policy REVISED P.H.B.OCT.१९९५ को प्रतिकूल भएको देखिन आयो।

१४. दोस्रो प्रश्नको रूपमा रहेको विपक्षी पाटन अस्पतालको उक्त निर्णयबाट निवेदकको रोजगारीको हकलगायत अन्य कुनै अधिकारहरूको उल्लङ्घन भएको छ छैन ? भन्नेतर्फ विवेचना गर्दा अन्य मानव अधिकारहरू जस्तै रोजगारीको अधिकारको कार्यान्वयनमा पक्ष राष्ट्रहरूको विशेषत: मुख्य गरेर ३ वटा दायित्व रहेका हुन्छन् । जसमा Respect (सम्मान), Protect (संरक्षण) र Fulfill (परिपूरण) रहेका छन् । रोजगारीको अधिकारको सम्मान (Respect) को दायित्वअन्तर्गत पक्ष राष्ट्रले उक्त अधिकारको प्रयोग तथा उपभोगमा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा बाधा पुर्‍याउन नहुने भन्ने हुन्छ । त्यसैगरी संरक्षण (Protect) को दायित्वअन्तर्गत राज्यबाहेक अन्य कुनै पनि तेस्रो पक्षबाट रोजगारीको अधिकारको प्रयोगमा बाधा अवरोध पुर्‍याएको छ भने सो अवरोधलाई रोकी अधिकारको उपभोगमा सहजता ल्याउनु भन्ने हुन्छ। त्यसै गरी अन्तिम दायित्वको रूपमा रहेको परिपूरण (Fulfill) अन्तर्गत रोजगारीको अधिकारलाई बढावा, विकास तथा प्रवर्धन गरी यसलाई आधिकाधिकरूपमा उपभोग योग्य बनाउनु भन्ने हुन्छ । यसका लागि राज्यले आवश्यक कानूनको निर्माण, यथेष्ट बजेट तथा प्रशासनिक प्रबन्धको व्यवस्था गर्नुपर्ने हुन्छ।

१५. रोजगारीको अधिकार भनेको व्यक्तिको मौलिक हक हो जसलाई मानव अधिकारसम्बन्धी धेरै अन्तर्राष्ट्रिय दस्ताबेजहरूले संरक्षण गरेको छ। Universal Declaration of Human Rights,

१९४८ को धारा २३ मा Everyone has the right to work, to free choice of employment, to just and favorable conditions of work and to protection against unemployment. भन्ने व्यवस्था गरी प्रत्येक व्यक्तिको काम गर्ने अधिकार तथा बेरोजगारी विरूद्धको अधिकारको प्रत्याभूत गरेको छ । त्यसै गरी सोही Declaration को धारा २२ मा Everyone, as a member of society, has the right to social security and is entitled to realization, through national effort and international co-operation and in accordance with the organization and resources of each State, of the economic, social and cultural rights indispensable for his dignity and the free development of his personality. को व्यवस्था गरी प्रत्येक व्यक्तिको सामाजिक सुरक्षा तथा व्यक्तित्व विकासको लागि पक्ष राष्ट्रहरूले आफ्नो राष्ट्रिय प्रयास तथा अन्तर्राष्ट्रिय समन्वय तथा सहकार्यमा यी अधिकारहरूको बहालीमा प्रयासरत रहनुपर्ने कुरालाई उल्लेख गरेको पाइन्छ। त्यसै गरी धारा २५ मा Everyone has the right to a standard of living adequate for the health and well-being of himself and of his family, including food, clothing, housing and medical care and necessary social services, and the right to security in the event of unemployment, sickness, disability, widowhood, old age or other lack of livelihood in circumstances beyond his control. को व्यवस्था गरी प्रत्येक व्यक्ति तथा उसको परिवारको स्तरीय जीवनस्तर तथा बेरोजगारलगायतको अवस्थामा सुरक्षाको प्रत्याभूत गरेको छ । त्यसैगरी International Covenant on Economic, Social and Cultural Right, १९६६ को धारा ६ मा The States Parties to the present Covenant recognize the right to work, which includes the right of everyone to the opportunity to gain his living by work which he freely chooses or accepts, and will take appropriate को व्यवस्था गरी काम गर्ने अधिकारलाई प्रत्याभूत गरेको छ। त्यसैगरी सोही अभिसन्धिको धारा ११ मा The States Parties to the present Covenant recognize the right of everyone to an adequate standard of living for himself and his family, including adequate food, clothing and housing, and to the continuous improvement of living conditions. The States Parties will take appropriate steps to ensure the realization of this right, recognizing to this effect the essential importance of international co-operation based on free consent. भन्ने उल्लेख गरी प्रत्येक व्यक्ति तथा उसको परिवारको स्तरीय जीवनको अधिकार हुने कुरालाई प्रत्याभूत गरेको पाइन्छ। त्यसै गरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८ मा रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हकको उल्लेख गरी प्रत्येक नागरिकलाई कानूनमा व्यवस्था भएबमोजिम रोजगारीको हक हुनेछ भन्ने व्यवस्था गरी यसलाई मौलिक हकको रूपमा राखेको छ।

१६. यसरी माथि उल्लिखित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्थाबाट रोजगारीको अधिकार अर्थात् काम गर्ने अधिकार जीवनको अधिकारलगायत अन्य मानव अधिकारहरूको उपभोगको लागि पनि अति आवश्यक हुने र यो अधिकार मानव मर्यादाको अभिन्न तथा अभिभाज्यरूपमा रहेको देखिन्छ । काम गर्ने अधिकारले सम्बन्धित व्यक्तिको त अधिकार संरक्षण भएकै हुन्छ सँगसँगै उसको परिवारका सदस्यहरूको

अधिकार पनि संरक्षण गरिराखेको हुन्छ ।

१७. विपक्षी अस्पताल पाटन अस्पताल स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६४ द्वारा सञ्चालनमा रही नेपाल सरकारको मातहतमा रहेको देखिँदा यसको सञ्चालनमा राज्यको प्रत्यक्ष वा अप्रत्यक्षरूपमा संलग्नता र भूमिका रहेको देखिन्छ । यस परिप्रेक्ष्यमा अस्पतालबाट कुनै कर्मचारीहरूको अधिकारमा आघात हुने गरी कुनै निर्णय गरिन्छ भने उक्त अधिकारको बहालीमा राज्यको दायित्व मानव अधिकारसम्बन्धी माथि उल्लिखित तीनवटा दायित्वभित्र रहने कुरामा दुविधा रहँदैन ।

१८. प्रस्तुत विषयमा रिट निवेदकलाई प्रचलनमा रहेको नियमविपरीत रोजगारीको अधिकारबाट वञ्चित गर्ने गरी गरिएको अस्पतालको निर्णयबाट राज्यले मानव अधिकारको सम्मान (Respect) गर्नुपर्ने अर्थात् पक्ष राष्ट्रले अधिकारको प्रयोग तथा उपभोगमा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा बाधा पुर्‍याउन नहुने भन्ने प्रमुख तथा महत्त्वपूर्ण दायित्वलाई पालना नगरेको र जसको कारणबाट रिट निवेदकको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १८ तथा International Covenant on Economic, Social and Cultural Right,१९६६ को धारा ६ तथा ११ को उल्लङ्घन भएको देखिन आयो ।

१९. अब तेस्रो प्रश्नको रूपमा रहेको निवेदकको मागबमोजिम आदेश जारी हुनुपर्ने हो होइन ? भन्नेतर्फ विचार गर्दा माथि उल्लिखित आधार, कारण, प्रमाण र विवेचनाबाट रिट निवेदकलाई मिति २०६६।१२।१ देखि लागू हुने गरी विपक्षी अस्पतालले नोकरीबाट बर्खास्त गर्ने गरी गरेको निर्णय कानूनी त्रुटिपूर्ण देखिन आएकाले उत्प्रेषणको आदेश जारी भई सो निर्णय बदर हुने ठहर्छ । साथै रिट निवेदकलाई साबिक सेवा तथा पदमा बहाल गर्नु भनी विपक्षीहरूको नाउँमा परमादेशसमेत जारी हुने ठहर्छ । यो आदेशको कार्यान्वयनको लागि यसको एकप्रति स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत पठाइदिनू । यसका साथै यो आदेशको जानकारी विपक्षीहरूलाई दिई प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या. दीपकराज जोशी

इति संवत् २०७२ साल जेठ १७ गते रोज १ शुभम् ।
इजलास अधिकृत : अर्जुनप्रसाद कोइराला

## निर्णय नं.९४३७

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
फैसला मिति :- २०७२।०१।२।४
०६८-CR-०४३३

मुद्दा :- कर्तव्य ज्यान

पुनरावेदक/वादी :- श्रवणकुमार श्रेष्ठको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी/प्रतिवादी :- जिल्ला सुर्खेत वी.न.न.पा. वडा नं. १० बस्ने दिनेश वलीसमेत

०६८-CR-०३६२

पुनरावेदक/प्रतिवादी :- जिल्ला सुर्खेत वी.न.न.पा. वडा नं. ९ बस्ने पदम शाही

विरूद्ध

प्रत्यर्थी/वादी :- श्रवणकुमार श्रेष्ठको जाहेरीले नेपाल सरकार

०६८-CR-०४२७

पुनरावेदक/प्रतिवादी :- जिल्ला सुर्खेत वी.न.न.पा. वडा नं. १० बस्ने घनश्याम पुरी

विरूद्ध

प्रत्यर्थी/वादी :- श्रवणकुमार श्रेष्ठको जाहेरीले नेपाल सरकार

०६८-CR-०५२०

पुनरावेदक/प्रतिवादी :- जिल्ला सुर्खेत वी.न.न.पा. वडा नं. ६ घर भै हाल कारागार कार्यालय सुर्खेतमा थुनामा रहेका जगत प्याकुरेल

विरूद्ध

प्रत्यर्थी/वादी :- श्रवणकुमार श्रेष्ठको जाहेरीले नेपाल सरकार

- **मुलुकी ऐनको ज्यानसम्बन्धी महलको १ नं. मा कानुनबमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन वा मार्नको उद्योग गर्न हुँदैन भन्ने व्यवस्था रहेको छ । मुलुकी ऐनको ज्यानसम्बन्धी महलको १३ नं. को देहाय (१) मा धार भएको वा नभएको जोखिमी हतियार गैह्रले हानी रोपी घोची ज्यान मारेमा ... सर्वस्वसहित जन्म कैद गर्नुपर्छ भन्ने व्यवस्था छ । देहाय (३) मा लाठा ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी हानी रोपी घोची वा अरू ज्यान मर्ने गैह्र कुरा गरी ज्यान मरेमा एकै जनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एक जना र धेरै जनाको हूल भै मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ । त्यस्तालाई सर्वस्वसहित जन्म कैद गर्नुपर्छ । सोबाहेक अरूलाई र यसैले मारेको वा यसैका चोटले मरेको भन्ने कुरा सो हात हतियार छाड्ने कसैउपर कुनै प्रमाणबाट देखिने ठहर्न नआएमा सबैलाई जन्म कैद गर्नुपर्छ भन्ने कानूनी व्यवस्थासमेतको आधारमा प्रतिवादी जगत प्याकुरेलले विकाश श्रेष्ठलाई धारिलो हतियार चक्कुले शरीरको विभिन्न ठाउँमा प्रहार गरेको कारणले विकास श्रेष्ठको मृत्यु भएको पुष्टि हुन आएकाले निजलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३ नं. को देहाय (१) अनुसार सर्वस्वसहित जन्म कैदको सजाय हुने ।**

(प्रकरण नं.१३ र १४)

पुनरावेदक/वादीको तर्फबाट :- विद्वान् उपन्यायाधिवक्ता खेमराज भट्ट

प्रत्यर्थी/प्रतिवादीको तर्फबाट :- विद्वान् वरिष्ठ अधिवक्ता शम्भू थापा, विश्वेश्वरप्रसाद गौतम, पूर्णमान शाक्य र विद्वान् अधिवक्ता कलमबहादुर खत्री, गोविन्द बन्दी, रक्षा बस्याल र खगेन्द्र अधिकारी

अवलम्बित नजिर :-

- *ने.का.प.* २०६७, अङ्क ९, पृ. १५३१, ८४६१
- *ने.का.प.* २०६९, अङ्क जेठ, पृ. १७१ नि.नं. ८७६४

- *ने.का.प.* २०६७, अङ्क ५, पृ. ८१४, नि.नं. ८३७८
- *ने.का.प.* २०६७, अङ्क ५, पृ. १५५३, नि.नं. ८६८७

सम्बद्ध कानून :-

- मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १, १३(१), १७ (३)
- मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८

सुरू तहमा फैसला गर्ने :-

मा.जि.न्या. श्री कृष्णबहादुर थापा

पुनरावेदन तहमा फैसला गर्ने :-

मा.का.मु.न्या. श्री गोविन्दकुमार श्रेष्ठ

मा.न्या. श्री प्रकाशराम मिश्र

फैसला

**न्या. सुशीला कार्की** :- न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम पुनरावेदन अदालत, सुर्खेतको फैसलाउपर वादी/प्रतिवादीको पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवम् ठहर यसप्रकार रहेको छ :-

मिति २०६४।७।२३ गते अं. २१:३० बजेको समयमा मेरो भाइ वर्ष २० को विकास श्रेष्ठ आफ्नो घरमा बसिरहेको अवस्थामा प्रतिवादी पदमबहादुर रानाले मोबाइल नं. ९८४१८६००७८ नं. बाट फोन गरी बाहिर बोलाई घनश्याम पुरीसमेतका प्रतिवादीहरूले धारिलो हतियार (चक्कु) प्रहार गरी सख्त घाइते बनाई औषधी उपचारको लागि देउती नर्सिङ होममा लिई उपचार गर्दा गर्दै मृत्यु भएको हुँदा कानूनबमोजिम गरिपाउँ भन्नेसमेत व्यहोराको श्रवणकुमार श्रेष्ठको जाहेरी दरखास्त।

जिल्ला सुर्खेत वीरेन्द्रनगर नगरपालिका (यसपछि वी.न.पा. भनिनेछ) वडा नं. ६ स्थित पूर्वमा टेकबहादुर श्रेष्ठको पक्की घर, पश्चिम वीरेन्द्र चोक जाने मुख्य सडक, उत्तरमा भुपेन्द्रनाथ योगीको घर, दक्षिणमा रूद्रबहादुर खत्रीको घर गरी यति चार किल्लाभित्र रहेको टेकबहादुर श्रेष्ठको घरबाट अं. १० मिटर पश्चिममा विकास श्रेष्ठलाई सख्त घाइते बनाएको, उक्त स्थानमा रगत जस्तो रातो पदार्थको थोपा भई सुकेको अवस्थामा रहेको भन्ने घटनास्थल मुचुल्का।

वी.न.पा. वडा नं. ६ देउती नर्सिङ होमको आकस्मिक कक्षमा उत्तर टाउको र दक्षिण खुट्टा भई फलामको स्टेचरमाथि उत्तानो अवस्थामा रहेको विकास श्रेष्ठको लासको टाउको पछाडि बायाँ छाती तथा बायाँ कोखामा धारिलो हतियार (छुरा) ले प्रहार गरेको गहिरो घाउ भई रगताम्य अवस्थामा रहेको भन्ने व्यहोराको मृतक विकास श्रेष्ठको घटनास्थल लास जाँच प्रकृति मुचुल्का।

वी.न.पा. वडा नं. ८ स्थित पूर्वमा घरेलु तथा साना उद्योग विकास समितिको भवन, पश्चिममा खुल्ला खेलकुद मैदान, उत्तरमा ग्राबेल बाटो, दक्षिणमा खुल्ला खेलकुद मैदान गरी यति चार किल्लाभित्र रहेको घरेलु तथा साना उद्योग विकास समितिको भवनको पश्चिममा प्रतिवादी घनश्याम पुरीले लुकाई राखेको चक्कुमा रगत जस्तो लागेको प्रहरीले बरामद गरी लिएको भन्नेसमेत व्यहोराको बरामदी मुचुल्का।

*The cause of death is shock and hemorrhage as a result of strobe injury to left lung, left atrium of the heart and spleen* भन्ने लास जाँच प्रतिवेदन।

शुभ दीपावलीको समय हुँदा म साथीहरूसँग मिलेर भैली खेलिरहेको थिए । भैलो खेल्दा-खेल्दै प्रतिवादी घनश्याम पुरीले मलाई हाम्रो साथी बसन्त रोकायलाई विकास श्रेष्ठले धारिलो हतियार (छुरा) प्रहार गरी घाइते बनाएको छ। निज घाइतेको देउती नर्सिङ होममा औषधी उपचार भइरहेको छ भनेकाले मसमेत

भई सो नर्सिङ होममा जाँदा बसन्त रोकायलाई विकास श्रेष्ठले धारिलो हतियार प्रहार गरेकाले निज विकास श्रेष्ठलाई पनि कुटपिट गर्ने योजना बनाई प्रतिवादीहरू घनश्याम पुरी, जगत प्याकुरेल, पदम शाही, दिलीप बस्याल पुनः देउती नर्सिङ होमतर्फ आएका हुन्। पदम शाहीले विकास श्रेष्ठलाई मोबाइलमा फोन गरी बाहिर बोलाई निज विकास श्रेष्ठलाई पदम शाही, म र घनश्याम पुरी मिली मुक्का र लात्तीले प्रहार गरी हामी तीन जना भाग्न लाग्दा अन्तिम अवस्थामा जगत प्याकुरेल आएर आफ्नो साथमा रहेको चक्कुले ढलिरहेको विकास श्रेष्ठलाई ३/४ पटक प्रहार गरेको हो । सख्त घाइते भइसकेपछि निज विकास श्रेष्ठलाई श्रवणकुमार श्रेष्ठले उपचारको लागि देउती नर्सिङ होममा पुर्‍याएको हुन्। औषधी उपचार गर्दा गर्दै अं. २३:०० बजेको तिर विकास श्रेष्ठको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी विजय नेपालीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान।

मिति २०६४।७।२३ गते साँझ म आफ्नै घरमा सुतिरहेको थिए। सोही राति अं. २:०० बजेको समयमा जगत प्याकुरेल, घनश्याम पुरी र विजय नेपाली मेरो घरमा आएका हुन् । निजहरूले विकास श्रेष्ठलाई धारिलो हतियार(छुरा) प्रहार गरी सख्त घाइते बनाएको हुँदा निजको औषधी उपचार देउती नर्सिङ होममा हुँदैछ, हामी तीन जना उक्त स्थानबाट भागी आएका हौं भनेका र विकास श्रेष्ठको मृत्यु भएको कुरा मिति २०६४।७।२४ गते बिहान मात्र थाहा पाएको हुँ। प्रतिवादीहरू विजय नेपाली, घनश्याम पुरी, जगत प्याकुरेल र पदम शाहीसमेतले विकास श्रेष्ठको बारेमा समय-समयमा विजय नेपालीसमेतका प्रतिवादीहरूको विकास श्रेष्ठको बारेमा समय समयमा जानकारी दिएर भाग्ने भगाउने सम्मको कसुर अपराध गरेका हुन् भन्नेसमेत व्यहोराको प्रतिवादी दिपक ढकालले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान।

शुभ दीपावलीको समय भएको हुनाले म साथीहरूसँग मिलेर भैली खेल्दै थिए। बीच बाटोमा नै विकास श्रेष्ठसँग भेट भएको हो। उक्त समयमा वसन्त रोकाय आएर विकास श्रेष्ठको हात समातेर माथितिर लिएर गएको हो। निज दुवै जना बीच विवाद भै झगडा हुँदा विकास श्रेष्ठले वसन्त रोकायालाई छुराले पेट र छातीमा प्रहार गरी विकास श्रेष्ठ भाग्यो । सोपश्चात् मैले वसन्त रोकायालाई औषधी उपचारको लागि देउती नर्सिङ होममा लिएर गएको हुँ । घाइतेलाई भर्ना गरिसकेपछि म र जगत प्याकुरेल विकास श्रेष्ठको घरतर्फ गयौं र दिलिप बस्याल, विजय नेपाली, घनश्याम पुरी ३ जना मोटरसाइकलमा विकास श्रेष्ठको घरतर्फ गएका हुन्। विकास श्रेष्ठलाई बाहिर बोलाउ भनेर मैले आफूसँग भएको मोबाइलबाट विकास श्रेष्ठलाई फोन गरी बाहिर बोलाएको हो। विकास श्रेष्ठ बाहिर निस्कने बित्तिकै विजय नेपाली, घनश्याम पुरी र म मिली मुक्का, लात्ती तथा ढुङ्गाले विकास श्रेष्ठको शरीरको विभिन्न भागमा प्रहार गरी बेहोस भई भुइँमा ढलिरहेको विकास श्रेष्ठलाई ३/४ पटक छुरा प्रहार गरेका हुन्। घाइते विकास श्रेष्ठको उपचार गर्दा गर्दै देउती नर्सिङ होममा मृत्यु भएको हो । उक्त वारदात म, विजय नेपाली, घनश्याम पुरी, जगत प्याकुरेलसमेत मिली घटाएका हौं। प्रतिवादी पदम रानाको उक्त वारदातमा कुनै पनि संलग्नता छैन भन्नेसमेत व्यहोराको प्रतिवादी पदमबहादुर शाही र घनश्याम पुरीले अनुसन्धान अधिकारीसमक्ष गरेको एकै मिलानको बयान।

भैलो खेलेर घर जान लाग्दा मनकामना गेष्ट हाउसअगाडि बसन्त रोकायाको अवस्था नाजुक छ भनी टेकबहादुर थापाले भनेपछि म पनि देउती नर्सिङ होममा गएको हुँ। बसन्त रोकायाको आकस्मिक कक्षमा औषधी उपचार हुँदै थियो । सो घटनाको सम्बन्धमा बुझ्दा विकास श्रेष्ठले बसन्त रोकायालाई चक्कु प्रहार गरिसकेपछि विजय नेपाली, जगत प्याकुरेल, घनश्याम

पुरी र पदम शाही गरी ४ जनाले योजना बनाएर मुक्का, लात्ती र चक्कुसमेतले प्रहार गरे भनी थाहा पाएको हुँ । घाइते विकास श्रेष्ठको पनि देउती नर्सिङ होममा औषधी उपचार हुँदै थियो । विभिन्न स्थानबाट पैसा संकलन गरी घाइते बसन्त रोकायाको औषधी उपचार गर्न दिलीप बस्याल र म मोटरसाइकलमा चढेर नेपालगंजतर्फ जान लाग्दा प्रतिवादीहरू विजय नेपाली, घनश्याम पुरी र जगत प्याकुरेलसँग क्रिकेट चोकमा भेट भएको हो । दिलीप बस्यालले रू. ५००।– झिकी घनश्याम पुरीलाई दिएर तिमीहरू भाग विकास श्रेष्ठको मृत्यु भइसक्यो भनेको र मैले पनि निजहरू ३ जनालाई भाग भनी हौसला दिएको हुँ । उक्त वारदातमा पदम रानाको कुनै संलग्नता रहेको छैन भन्नेसमेत व्यहोराको प्रतिवादी तेजेन्द्र वलीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान ।

शुभ दीपावलीको समय हुँदा मिति २०६४।७।२३ गते साँझ भैलो खेल्दै थिए । विजय नेपाली, घनश्याम पुरी र म वीरेन्द्रचोक नजिक पुगेका थियौँ। दिनेश वलीले हाम्रो साथी बसन्त रोकायालाई विकास श्रेष्ठले छुरा प्रहार गरी घाइते बनाएको हुँदा देउती नर्सिङ होममा भर्ना गरिएको छ भनी फोनबाट जानकारी गरायो। सोपश्चात् मसमेत उक्त नर्सिङ होमको आकस्मिक कक्षमा गएका हौं । सोही समयमा दिलिप बस्यालले मोटरसाइकल ल्याएर निज दिलिप बस्याल, घनश्याम पुरी, विजय नेपालीसमेत मोटरसाइकलमा चढी कता गए मलाई थाहा भएन । जगत प्याकुरेल र पदम शाही पैदल हिँडेर विकास श्रेष्ठको घरतर्फ गएका हुन् । निजहरू गएको आधा घण्टापछि जाहेरवाला श्रवणकुमार श्रेष्ठले घाइते विकास श्रेष्ठलाई मोटरसाइकलमा राखेर नर्सिङ होममा ल्याएका हुन् । मैले पनि विकास श्रेष्ठको खुट्टा समातेर भित्र ल्याउनको लागि सहयोग गरेको हो । सोपश्चात् म आफ्नो घर गएँ । मिति २०६४।७।२४ गते बिहान ८:०० बजे विकास श्रेष्ठको औषधी उपचार गर्दा गर्दै मृत्यु भएको सुनेर थाहा पाएको हुँ। उक्त वारदातमा म गइन। म देउती नर्सिङ होममा नै थिए । वारदातमा मेरो कुनै संलग्नता छैन भन्नेसमेत व्यहोराको प्रतिवादी पदमबहादुर रानाले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान ।

मिति २०६४।७।२३ गतेको साँझ म साथीहरूसँग भैलो खेल्दा खेल्दै सम्झना होटेलमा पुगेको थिए । मृतक विकास श्रेष्ठ राम मन्दिरबाट उक्त स्थानमा आएको हो । विकास श्रेष्ठले सोही समयमा बसन्त रोकायालाई राम मन्दिरतर्फ लिएर गयो । निजहरूका बीचमा वाद-विवाद र झगडा भएको हो । त्यसपछि विकास श्रेष्ठले बसन्त रोकायालाई धारिलो हतियार छुरा प्रहार गरी घाइते बनाएको हो । घाइते बसन्त रोकायालाई पदम शाही र दिनेश वलीले औषधी उपचारको लागि नर्सिङ होममा पुर्‍याएका हुन् । म नर्सिङ होममा पुग्दा विजय नेपाली, घनश्याम पुरी र पदम शाही पनि नर्सिङ होममा पुगिसकेको थिए। विजय नेपालीले विकास श्रेष्ठको घरमा गएर कुटपिट गरेर सख्त घाइते बनाउनुपर्छ भनी योजना बनाई म र पदम शाही २ जना पैदल तथा दिलिप बस्याल, घनश्याम पुरी, विजय नेपाली गरी ३ जना मोटरसाइकलमा चढेर विकास श्रेष्ठको घरपछाडि गएर बसेँ । विकास श्रेष्ठ घरबाहिर आउने बित्तिकै ३ जनाले मुक्का, लात्ती र ढुङ्गाले प्रहार गरी विकास श्रेष्ठलाई भुइँमा ढालेका थिए। सोपश्चात् अन्तिम अवस्थामा आफ्नो कम्मरबाट चक्कु निकालेर ढलिरहेको विकास श्रेष्ठलाई चार पटकसम्म प्रहार गरेको हुँ । विकास श्रेष्ठको अवस्था नाजुक भै रगताम्य भएपछि हामी ४ जना उक्त स्थानबाट भाग्यौं । भाग्दै जाने क्रममा कालिन्चोक नजिक क्रिकेट चौरमा पुगिसकेपछि दिलिप बस्याल र तेजेन्द्र वली २ जना आएर देउती नर्सिङ होममा उपचार गर्दा गर्दै विकास श्रेष्ठको मृत्यु भै सक्यो तिमीहरू भाग भनेर दिलिप बस्यालले हामीलाई रू. ५००।- दिएका हुन

र तेजेन्द्र वलीले हामीलाई भाग्न प्रोत्साहन दिएका हुन्। वारदातमा पदम रानाको संलग्नता छैन भन्नेसमेत व्यहोराको प्रतिवादी जगत प्याकुरेलले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान।

दीपावलीको समयमा भैलो खेल्दै जाने क्रममा राम मन्दिर नजिक विकास श्रेष्ठसँग मेरो भेट भएको हो । निज विकास श्रेष्ठले बसन्त रोकायालाई राम मन्दिरतर्फ लिएर गयो । टाढैबाट निजहरूबीच झगडा भएको जस्तो देखियो । सोको लगत्तै विकास श्रेष्ठले बसन्त रोकायालाई धारिलो हतियार प्रहार गरेर सख्त घाइते बनाए । त्यसपछि घाइते बसन्त रोकायालाई औषधी उपचारको लागि पदम शाही र दिनेश वलीले देउती नर्सिङ होममा लगे म पनि नर्सिङ होममा गएको हुँ । नर्सिङ होममा विजय नेपाली, घनश्याम पुरी, पदम शाही, जगत प्याकुरेलसमेत बसेका थिए। घाइते बसन्त रोकायाको इमर्जेन्सीमा उपचार हुँदै थियो । विजय नेपालीले विकास श्रेष्ठलाई कुटपिट गर्न जाऔँ भन्ने कुरा गरेपछि म घनश्याम पुरी र विजय नेपाली मोटरसाइकलमा पदम शाही र जगत प्याकुरेल पैदल हिँडी विकास श्रेष्ठको घरमा गएका हौं। निजहरू विकास श्रेष्ठको घर नजिक अगाडि सडकमा पुगिसकेपछि म मोटरसाइकल ल्याएर पुनः नर्सिङ होममा आएको हुँ। अं. १०/१५ मिनेटपछि श्रवणकुमार श्रेष्ठले घाइते विकास श्रेष्ठलाई ल्याएर नर्सिङ होममा आएका हुन्। निज विकास श्रेष्ठलाई विजय नेपाली, घनश्याम पुरी, जगत प्याकुरेल र पदम शाही मिलेर हात मुक्का र धारिलो हतियारले प्रहार गरी घाइते बनाएकाले देउती नर्सिङ होममा औषधी उपचार गर्दा गर्दै विकास श्रेष्ठको मृत्यु भएको हो। कुटपिट गर्दाको बखत म घटनास्थलमा थिएन । घाइते विकास श्रेष्ठको अवस्थाको बारेमा खबर आदान प्रदान गरेर प्रतिवादीहरूलाई भाग्नको लागि रू. ५००। दिएर सहयोग गरेको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी दिलिप बस्यालले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान।

मिति २०६४।७।२३ गते राति हामी आफ्नै घरमा थियौँ । अं. २१:३० बजेको समयमा घर बाहिरबाट एक्कासी *गुहार मारे* भनेको आवाज सुनी मसमेत घरबाहिर गएका हौं । मेरोअगाडि श्रवणकुमार श्रेष्ठ दौडेर गए । हामी घटनास्थलमा पुग्दा रगताम्य अवस्थामा रहेको विकास श्रेष्ठलाई श्रवणकुमार श्रेष्ठले आफ्नो काखमा राखिसकेका थिए । घटनाको बारेमा घाइते विकास श्रेष्ठलाई सोध्दा पदम शाहीले मलाई फोन गरेर बोलाएको हो। प्रतिवादीहरू विजय नेपाली, जगत प्याकुरेल र पदम शाहीसमेतले धारिलो हतियार छुरा प्रहार गरी सख्त घाइते बनाएको कुरा निज विकास श्रेष्ठबाटै सुनी थाहा पाएको हुँ। तत्कालै श्रवणकुमार श्रेष्ठले मोटरसाइकलमा राखी औषधी उपचारको लागि देउती नर्सिङ होममा पुर्‍याएका हुन् । विकास श्रेष्ठको औषधी उपचार गर्दा गर्दै २३:०० बजेको समयमा मृत्यु भएको हो । उक्त वारदातमा दिलिप बस्याल, तेजेन्द्र वली र दिनेश वलीसमेत ३ जनाले विकास श्रेष्ठको अवस्थाको बारेमा खबर आदान प्रदान गरेर प्रतिवादीहरूलाई भाग्ने भगाउनेसम्मको कसुर गरेको र प्रतिवादी दिपक ढकालले उक्त घटनाको बारेमा जानकारी पाउँदा पाउँदै पनि आफ्नो घरमा प्रतिवादीहरू विजय नेपालीसमेतलाई लुकाई छिपाई राख्नेसम्मको कसुर अपराध गरेको र उक्त वारदातमा पदम रानाको कुनै संलग्नता छैन भन्ने व्यहोराको टेकबहादुर श्रेष्ठ, पवन श्रेष्ठ र मुकुन्दनाथ योगीले अनुसन्धान अधिकृतसमक्ष गरिदिएको घटना विवरण कागज।

मिति २०६४।७।२३ गते हामी आफ्नै घरमा थियौँ। अं. २१:३० बजेको समयमा बाहिरबाट गुहार भनेको आवाज सुनेपछि बाहिर निस्किएर जाँदा विकास श्रेष्ठको घरअगाडि फुटपाथमा विकास श्रेष्ठ रगताम्य अवस्थामा भएको हुँदा जाहेरवाला श्रवणकुमार श्रेष्ठले

काखमा राखेका थिए। विकास श्रेष्ठलाई घटनाको बारेमा सोध्दा पदम शाहीले मलाई फोन गरेर बोलाएको हो र म घरबाट बाहिर आएपछि विजय नेपाली, घनश्याम पुरी, जगत प्याकुरेल र पदम शाही ४ जनाले मरणासन्न हुने गरी कुटपिट एवम् धारिलो हतियार प्रहार गरे भन्ने कुरा घाइते निज विकास श्रेष्ठबाट सुनी थाहा पाएका हौं । विकास श्रेष्ठको टाउकोको पछाडि बायाँ छाती र बायाँ कोखामा धारिलो हतियारले प्रहार गरेको गहिरो घाउ थियो । जाहेरवाला श्रवणकुमार श्रेष्ठले निज विकास श्रेष्ठलाई मोटरसाइकलमा राखेर औषधी उपचार गर्नका लागि देउती नर्सिङ होममा लिई गएका हुन् । उपचार गर्दा गर्दै अं. २३:०० बजेको समयमा विकास श्रेष्ठको मृत्यु भएको हो । घटनाको बारेमा बुझ्दा प्रतिवादीहरू दिलिप बस्याल, तेजेन्द्र वली र दिनेश वलीले विकास श्रेष्ठको अवस्थाको बारेमा खबर आदान प्रदान गरी प्रतिवादीहरू विजय नेपालीसमेतलाई भाग्ने भगाउने सम्मको कसुर गरेको र प्रतिवादी दिपक ढकालले भागेका प्रतिवादीहरूलाई आफ्नो घरमा लुकाएर राख्ने सम्मको अपराध गरेका रहेछन् । उक्त वारदातमा प्रतिवादी पदम रानाको कुनै संलग्नता छैन भन्नेसमेत व्यहोराको गणेशबहादुर प्याकुरेल, गणेशप्रसाद थानी, सुवर्ण भट्टराई र दिलिप कुमार गुभाजुले मौकामा अनुसन्धान अधिकृतसमक्ष गरेको एकै मिलानको कागज ।

मिति २०६४।७।२३ गते साँझ म साथीहरूसँग भैलो खेल्दै गर्दा वी.न.न.पा. वडा नं. ६ राम मन्दिर नजिक विकास श्रेष्ठसँग भेट भएको हो। विकास श्रेष्ठसँग मेरो चिनजान थियो । मलाई देख्ने बित्तिकै विकास श्रेष्ठले बोलाएर रिसाए जस्तो गरेर तिम्रो साथी घनश्याम पुरी कहाँ छ ? भनी सोधेको र मैले आज भेट भएको छैन भन्ने जवाफ दिएँ। यत्तिकैमा विकास श्रेष्ठले श्रृष्टिना सापकोटा मेरो गर्लफ्रेन्ड हो, घनश्याम पुरीसमेतले मेरो गर्लफ्रेन्डसँग विवाद गर्ने ? भनी रिसाउँदै निज विकास श्रेष्ठले मेरो छातीमा मुक्काले प्रहार गरी सकेपछि बच्नको लागि अलि टाढा गएर बस्न खोज्दा विकास श्रेष्ठले आफूसँग भएको धारिलो हतियारले मलाई शरीरको विभिन्न भागमा प्रहार गरी घाइते भएको हुँदा पदम शाही र दिनेश वलीले औषधी उपचारको लागि देउती नर्सिङ होममा ल्याएका हुन् । तत्कालै को कसले धारिलो हतियार प्रहार गरे मलाई थाहा भएन । पछि बुझ्दै जाँदा मलाई विकास श्रेष्ठले धारिलो हतियार प्रहार गरेको कुरालाई लिएर विजय नेपाली, घनश्याम पुरी, जगत प्याकुरेल र पदम शाही मिलेर निज विकास श्रेष्ठलाई धारिलो हतियार प्रहार गरेको भन्ने सुनी थाहा पाएका हुँ । मलाई विकास श्रेष्ठले धारिलो हतियार छुरा प्रहार गरी घाइते बनाएका हुन् भन्नेसमेत व्यहोराको घाइते बसन्त रोकायले अनुसन्धान अधिकृतसमक्ष गरेको घटना विवरण कागज ।

वारदात मितिमा म आफ्नै घरमा थिएँ। मृतक विकास श्रेष्ठ र म उषा बालबाटिका उच्च मा.वि. ८ कक्षा देखी १० कक्षासम्मसँगै पढेका हौं । विगत २ वर्षदेखि मेरो विकास श्रेष्ठसँग माया प्रेम थियो । मिति २०६४।७।२४ गते बिहान आफ्नै घरमा बसिरहेको बेलामा जाहेरवाला श्रवणकुमार श्रेष्ठ आई गएको राति विजय नेपाली, घनश्याम पुरी, जगत प्याकुरेल र पदम शाहीसमेतले धारिलो हतियार छुरा प्रहार गरी सख्त घाइते बनाई देउती नर्सिङ होममा लिई औषधी उपचार गर्दा गर्दै विकास श्रेष्ठको मृत्यु भएको भनी थाहा पाएको हुँ । मिति २०६४।७।२२ गते मेरो प्रतिवादी घनश्याम पुरीसँग केटीको विषयलाई लिएर विवाद भएको थियो। सोही विषयलाई लिएर वारदातको मितिको दिन सर्वप्रथम विकास श्रेष्ठले बसन्त रोकायालाई धारिलो हतियार प्रहार गरी घाइते बनाई औषधी उपचारको लागि देउती नर्सिङ होममा ल्याइसकेपछि प्रतिवादीहरू विजय नेपाली, घनश्याम पुरी, जगत प्याकुरेल र पदम शाहीसमेतले योजना बनाई धारिलो हतियार प्रहार गरी

विकास श्रेष्ठको शरीरको विभिन्न भागमा प्रहार गरेका रहेछन् । घाइते विकास श्रेष्ठको औषधी उपचार गर्दा गर्दै मृत्यु भएको हो । प्रतिवादीहरूलाई मैले चिनेको छैन भन्नेसमेत व्यहोराको श्रृष्टिना सापकोटाले अनुसन्धान अधिकृतसमक्ष गरेको घटना विवरण कागज ।

वारदात मितिको समयमा म आफ्नै घरमा थिए । अं. २:३० बजेको समयमा मेरो घरबाहिर गुहार गुहारको आवाज सुनेपछि म घरबाहिर निस्केर हेर्दा मेरो भाइ विकास श्रेष्ठ रगताम्य अवस्थामा भुइँमा पल्टेको देखी विकास श्रेष्ठलाई आफ्नो काखमा राखी के भयो भनी सोध्दा मलाई पदम भन्ने आवाज निकालेको हुँदा मेरो भाइ र पदम राना साथी भएको हुँदा सो पदम राना र विकास श्रेष्ठको बीचमा विवाद भएर निज पदम रानाले मेरो भाइ विकास श्रेष्ठलाई धारिलो हतियार प्रहार गरेको त हैन भन्ने शङ्का लागि पदम रानालाई प्रतिवादी बनाई मिति २०६४।७।२४ गते कर्तव्य ज्यान मुद्दामा पदम रानासमेतलाई प्रतिवादी बनाई जाहेरी दिएको हुँ । पछि बुझ्दै जाँदा पदम राना नभई पदम शाहीले मेरो भाइलाई फोन गरेर बोलाई धारिलो हतियार छुरा प्रहार गरेका रहेछन् । उक्त घटनामा पदम रानाको कुनै संलग्नता छैन भन्नेसमेत व्यहोराको जाहेरवाला श्रवणकुमार श्रेष्ठले अनुसन्धान अधिकृतसमक्ष गरेको घटना विवरण कागज ।

किटानी जाहेरी दरखास्त, घटनास्थल लास जाँच मुचुल्का, खानतलासी बरामदी मुचुल्का, प्रतिवादीहरूको साबिती बयान, लास परीक्षण प्रतिवेदन, बुझिएका मानिसहरूले गरेको कागज व्यहोरासमेतका आधारमा प्रतिवादीहरू जगत प्याकुरेल, पदम शाही, घनश्याम पुरी, विजय नेपाली र दिलिप बस्यालले मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ नं. को कसुर गरेको हुँदा सोही महलको १३(३) नं. बमोजिम सजाय हुन र प्रतिवादी मध्येका दिपक ढकाल र दिनेश वलीले मुलुकी ऐन ज्यानसम्बन्धी महलको २५ नं. को कसुर गरेको हुँदा सोही २५ नं. बमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको अभियोग मागदाबी ।

मिति २०६४।७।२३ गते लक्ष्मी पूजाको दिन दिलिप बस्यालले बसन्तलाई छुरी लागेको छ रे नर्सिङ होममा हिँड भनी दिलिप दौडेकाले म पनि दौडँदै नर्सिङ होममा गएँ । त्यहाँ बसन्तको उपचार भैरहेको र विजय नेपाली, पदम शाही, दिनेश वली त्यहीँ थिए । घनश्याम पुरी र दिलिप बस्याल बसन्तको दाइलाई लिन भनी गए र ल्याई आए । यहाँ निको हुन्न बाहिर लाग्नुपर्छ भनेकाले म आफ्नो घरमा आई रूपैयाँ लिएर घर सल्लाहले नेपालगन्ज दिदीसँग टीका पनि लगाउने बसन्तलाई उपचार पनि गराउने भनी नर्सिङ होममा पुनः जाँदा त्यहाँ बसन्त रोकाय नभएकाले म फेरि घरमा गएँ । पदम शाहीले फोन गरी कालिन्चोक नजिक आउ भनी बोलाएकाले म त्यहाँ गए । त्यहाँ पदम शाही, घनश्याम पुरी, विजय नेपालीसमेत थिए । एकछिनपछि दिलिप बस्याल र तेजेन्द्र वली आए । घनश्यामले दिलिपसँग फोर्स गरेर पैसा माग्यो । दिलिपले रू. ५००।- दियो । दिलिप र तेजेन्द्र वली भविन्द्र रोकायको घरतर्फ गए । पदम शाही आफ्नो घरतर्फ गए । घनश्याम पुरी, विजय नेपाली र म दिपक ढकालको घरमा गएर सुत्यौं । भोलिपल्ट २०६४।७।२४ गते बिहान उठी नेपालगन्ज जान लाग्दा धुलियाबिटमा घनश्याम पुरीलाई पवन श्रेष्ठले पक्राउ गरे । विजय भाग्यो । म सोही गाडीमा नेपालगन्ज गएँ । ऐ. २५ गते दिदीसँग टीका लगाए । मेरो नाम पनि जाहेरीमा छ भन्ने सुनी मिति २०६४।७।२९ गते कोहलपुरमा आई पक्राउ परेको हुँ । मैले विकास श्रेष्ठलाई छुरी प्रहार गरेको होइन । को कसले छुरी प्रहार गरे मलाई थाहा छैन भन्नेसमेत व्यहोराको प्रतिवादी जगत प्याकुरेलले सुरू अदालतमा गरेको बयान ।

मिति २०६४।७।२३ गते राति विकास श्रेष्ठलाई मसमेत भई छुरी प्रहार गरेको होइन । सोही दिन मसमेत भविन्द्र रोकाय, जगत प्याकुरेल, दिनेश

वली, तेजेन्द्र वली, श्याम थापा, सुनिता थापालगायत ३० जना जति वीरेन्द्रचोक नजिक भैलो खेलिरहेको अवस्थामा विकास र बसन्त बीचमा झगडा भै विकास श्रेष्ठले बसन्त रोकायलाई छुरी प्रहार गरी विकास भागेर पिपलचौतारातर्फ गएका हुन् । जगत प्याकुरेल, घनश्याम पुरी, विजय नेपाली, दिलिप बस्याल र तेजेन्द्र वली नर्सिङ होममा आइसकेका थिए । विकास श्रेष्ठलाई जगत प्याकुरेलले छुरी हान्यो रे भन्ने सुनेको हुँ । बसन्त रोकायलाई दिलिप बस्याल, भविन्द्र रोकाय, केशव थापा, तेजेन्द्र वली र दिनेश वलीले लिएर नेपालगन्ज गए । विजय नेपाली, घनश्याम पुरी र म आ-आफ्नो घर गई सुतेका हौं । मैले विकासलाई छुरी प्रहार गर्ने कार्य गरेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी पदम शाहीले सुरू अदालतमा गरेको बयान ।

मिति २०६४।७।२३ गते राति करिब ८:०० बजेतिर म, पदम राना, विजय नेपालीसमेत बसन्त रोकायलाई चक्कु लागेको छ भन्ने थाहा पाई नर्सिङ होममा गयौं । बसन्तको उपचार हुँदै थियो । जगत प्याकुरेल हाम्रो साथीलाई छुरी हान्ने त्यसलाई ठीक गर्नुपर्छ भन्दै बाहिर निस्कियो । निस्केको केही समयपछि बसन्त रोकायलाई यहाँ निको हुन्न बाहिर लानुपर्छ भनेपछि बसन्त रोकायलाई एम्बुलेन्समा राखी दिलिप बस्याल, भविन्द्र रोकाय, केशव थापा, तेजेन्द्र वली र दिनेश वली नेपालगन्जतर्फ गए । म र पदम शाही आ-आफ्नो घरतर्फ गयौं । बसन्त रोकायको उपचार गराएको ईवीले मसमेतलाई जाहेरीमा उल्लेख गरेको हुनुपर्छ । जाहेरी झुट्टा हो भन्नेसमेत व्यहोराको प्रतिवादी घनश्याम पुरीले सुरू अदालतमा गरेको बयान ।

मसमेत भई विकास श्रेष्ठलाई छुरी प्रहार गरेको भन्ने व्यहोरा झुट्टा हो । वारदातमा मेरो संलग्नता छैन । मिति २०६४।७।२३ गते म, भविन्द्र रोकाय लगायतका साथीहरू भैली खेल्दै गरेको अवस्थामा बसन्त रोकायलाई चक्कु लागेर नर्सिङ होममा लगे भन्ने दिनेश वलीले फोन गरी छिट्टै आउन भनेकाले नर्सिङ होममा आउँदा बसन्तलाई चोट लागेको देखें, घनश्याम पुरीले मलाई पैसा खोज भनेकाले म घर गई रू. २०००। र मोटरसाइकल लिई नर्सिङ होममा गएँ । म र घनश्याम पुरी बसन्तको आमालाई ल्याउन लाग्दा विजय नेपालीसँग भेट भयो । विजय नेपाली पनि मेरो मोटरसाइकलमा बसी मृतक विकास श्रेष्ठको घर नजिक ६/७ मिटर तल घनश्याम पुरी र विजय नेपालीले मलाई तँ नर्सिङ होममा जा हामी बसन्तको घरमा जान्छौं भनी गएका हौं । म नर्सिङ होममा आएँ । घनश्याम पुरी र विजय नेपाली नआएको कारण म र दिनेश वली गई भविन्द्रलाई बोलायौं । त्यसपछि भविन्द्र र म त्यही मोटरसाइकलमा गई बसन्तको ममीलाई ल्याएर आएको हो । नर्सिङ होममा बसिरहेको अवस्थामा विकास श्रेष्ठलाई लिएर आएका हुन् । कसैले छुरी हान्यो भनेको सुनेको हुँ । बसन्तलाई यहाँ निको हुन्न भनेपछि एम्बुलेन्समा हालेर गए । मलाई पैसा खोजेर आउनु भनेकाले पैसा खोजी जाँदा धमलाचोक नजिक घनश्याम पुरीले बोलाएर त्यहाँ विजय नेपाली, घनश्याम पुरी र जगत प्याकुरेल थिए । घनश्यामले रू. ५००। माग्यो । मैले दिए । त्यसपछि भविन्द्र घरमा गई नेपालगन्ज गइ उपचारको लागि सहयोग गरेको कारणले झुट्टा व्यहोरा लेखाएका होला भन्नेसमेत व्यहोराको प्रतिवादी दिलिप बस्यालले सुरू अदालतमा गरेको बयान ।

रातको समय हुँदा म आफ्नै घरको कोठामा सुतिरहेको समयमा जगत प्याकुरेलले बोलाएर उठाएका कारण ढोका खोले । भैली खेलेर आएको हो भने सुत्छौ भने सुत भनी म पनि निदाए छु । जगतसँग घनश्याम पुरी, विजय नेपालीसमेत सुतेका हुन् । बिहान ६:०० बजेतिर बिउँझिँदा तिनिहरू कता गए मलाई थाहा भएन । विकास श्रेष्ठलाई निज जगत प्याकुरेलले छुरी

प्रहार गरे वा गरेनन् मलाई थाहा भएन । उनीहरूले छुरी प्रहार गरे भन्ने कुरा थाहा पाउँदा पाउँदै मैले भगाएको भन्ने कुरा झुट्ठा हो भन्नेसमेत व्यहोराको प्रतिवादी दिपक ढकालले सुरू अदालतमा गरेको बयान ।

मिति २०६४।७।२३ गते रातको समयमा म घनश्याम पुरीलगायतका साथीहरू भैली खेल्दैको अवस्थामा हाम्रो साथीलाई देउती नर्सिङ होममा भर्ना गरेको छ रे भन्ने सुनेपछि घनश्याम पुरी, म, पदम राना नर्सिङ होममा गयौं । त्यहाँ गएपछि विकास श्रेष्ठले बसन्त रोकायलाई छुरी हानेको भन्ने कुरा थाहा पाए । दिलिप बस्याल र घनश्याम पुरी बसन्तको दाई भविन्द्र रोकायलाई लिन गए । जगत प्याकुरेल निस्केर बाहिर गएको हो कहाँ गयो थाहा भएन । बसन्तलाई यहाँ निको हुँदैन बाहिर लैजाउ भनेको कारण बाहिर लैजाने तयारी गर्दा गर्दै विकास श्रेष्ठलाई श्रवण श्रेष्ठले नर्सिङ होममा ल्याउनु भयो । बसन्तलाई बाहिर लैजाने भनी भैली खेलेको रू. ५०००। भविन्द्रलाई दिई म, घनश्याम पुरी, पदम शाही घरतर्फ आयौं । मैले विकास श्रेष्ठलाई छुरी प्रहार गरेको होइन । नर्सिङ होममा पवन श्रेष्ठले भनेको सुनेको हुँ । जगत प्याकुरेलले छुरी प्रहार गरी विकास श्रेष्ठ घाइते भएको हो । बसन्त रोकायको म साथी भएको कारणले मलाई पनि उक्त घटनामा संलग्न हुनुपर्छ भन्ने शङ्काले भनेको हुनुपर्छ भन्ने प्रतिवादी विजय नेपालीले सुरू अदालतमा गरेको बयान ।

मिति २०६४।७।२३ गते राति म, भविन्द्र रोकाय, बसन्त रोकायबीच हानाहान भयो । विकास भाग्यो । म बसन्त नजिक पुग्दा बसन्तको आन्द्रा बाहिर निस्केकाले मैले बसन्तलाई बोकेर देउती नर्सिङ होममा ल्याएँ । त्यसपछि दिलिपलाई फोन गरेर बोलाएँ । दिलिप बस्याल, तेजेन्द्र वली, केशव थापा, भविन्द्र रोकाय नर्सिङ होममा आए । म बसन्त कै उपचारका लागि नेपालगन्ज गए । दिलिप र तेजेन्द्रलाई पैसा लिएर आउनु भनी छोडेका हौं । नर्सिङ होममा जगत प्याकुरेल, घनश्याम पुरी, विजय नेपाली र पदम शाही आए नआएको मलाई थाहा भएन । मैले विकास श्रेष्ठको अवस्था बुझेर जगत प्याकुरेलसमेतलाई खबर गरेको र नर्सिङ होमबाट बाहिर आएर जगत प्याकुरेल लगायतका केटाहरूलाई जानकारी गराई भगाउन सहयोग गरेको भन्ने कुरा गलत हो भन्ने प्रतिवादी दिनेश वलीले सुरू अदालतमा गरेको बयान ।

मिति २०६४।७।२३ गते राति मसमेत भैली खेलिरहेको अवस्थामा दिलिप बस्याल र दिनेश वलीले तिम्रो भाइ घाइते भै देउती नर्सिङ होममा छ भनेकाले म रातको ९/९:३० बजे तिर देउती नर्सिङ होममा गएको हो । त्यहाँ जाँदा जगत प्याकुरेल, घनश्याम पुरी, विजय नेपाली र पदम शाहीले मेरो भाइ बसन्त रोकायलाई कुरेर बसेको थिए । यिनीहरूले विकास श्रेष्ठलाई कर्तव्य गरी मारेका होइनन् भन्ने मसमेत व्यहोराको प्रतिवादी जगत प्याकुरेल र दिलिप बस्यालका साक्षी भविन्द्र रोकायले गरेको बकपत्र ।

मिति २०६४।७।२३ गते रातमा म आमाको औषधी किन्न देउती नर्सिङ होममा जाँदा घाइते बसन्त रोकायको साथमा पदम शाही पनि थिए । एकछिन पछि विकास श्रेष्ठलाई देउती नर्सिङ होममा ल्याएका हुन् । मिति २०६४।७।२३ गते राति बचाउबचाउ गुहारगुहार भनेको आवाज सुनी म घरबाट निस्की घटनास्थलमा जाँदा जाहेरवालाले आफ्नो काखमा राखेका विकास श्रेष्ठलाई निजका बुवा टेकबहादुर श्रेष्ठले बाबु तिमीलाई कसले यसो गर्‍यो भनी सोध्दा र निज सिरियस भएकाले देउती नर्सिङ होममा ल्याएकामा उपचार गर्दा गर्दै निजको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको बुझिएका दिलिपकुमार गुभाजुले सुरू अदालतमा गरेको बकपत्र ।

मिति २०६४।७।२३ गते राति होहल्ला भएको सुनी घटनास्थलमा जाँदा विकास श्रेष्ठलाई श्रवण श्रेष्ठले काखमा राखेका र आफन्तहरूले सोध्दा

७/८ जना केटाहरू आई छुरा प्रहार गरी गए भनेका र उपचार गर्न देउती नर्सिङ होममा ल्याएकामा निजको उपचारको क्रममा मृत्यु भएको हो भन्नेसमेत व्यहोराको मौकामा बुझिएका सुवर्ण भट्टराईको बकपत्र।

मिति २०६४।७।२३ गते मान्छे घाइते भएको हल्ला सुनेपछि म रातको ९:०० बजे देउती नर्सिङ होममा गए। त्यहाँ घनश्याम पुरीले मैले नचिनेको घाइते केटालाई कुरेर बसेका र निजले साथीलाई उपचार गर्न ल्याएको देखेको हुँ। विकास श्रेष्ठलाई कर्तव्य गरी मार्नमा घनश्याम पुरीको संलग्नता छैन भन्नेसमेत व्यहोराको प्रतिवादी घनश्याम पुरीका साक्षीहरू रूपबहादुर भण्डारीले गरेको बकपत्र।

मिति २०६४।७।२३ गते विकास श्रेष्ठलाई केही केटाहरूले छुरी प्रहार गरी गए भन्ने सुनेको हुँ। जिल्ला प्रहरी कार्यालयमा मैले गरेको कागज व्यहोरा मेरो नै हो भन्नेसमेत व्यहोराको बुझिएका मानिस मुकुन्दनाथ योगीले गरेको बकपत्र।

मिति २०६४।७।२३ गते राति भैली खेल्न गएका मेरा बच्चाहरू खोजी ल्याउँदा देउती नर्सिङ होममा भीड देखी के रहेछ भनी पसेकामा १ जना केटालाई छुरी प्रहार भएको, अर्को घाइते केटालाई ल्याएको देखेको हुँ। विकास श्रेष्ठलाई विजय नेपालीले कर्तव्य गरी मारेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी विजय नेपालीको साक्षी टोपेन्द्रजंग शाहीको बकपत्र।

मिति २०६४।७।२३ गते राति प्रकाश खड्काको आमालाई औषधी किन्न प्रकाश खड्काको साथमा देउती नर्सिङ होममा जाँदा घाइते बसन्त रोकायलाई कुरेर पदम शाही बसेको र केही क्षणपछि घाइते विकास श्रेष्ठलाई पनि त्यही ल्याएका हुन्। विकास श्रेष्ठको मृत्यु हुनुमा पदम शाहीको कर्तव्यबाट भएको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी पदम शाहीका साक्षी सुन्दर त्यागीले गरेको बकपत्र।

मिति २०६४।७।२३ गते घनश्याम पुरी र मेरो बीचमा तारा भण्डारी र घनश्याम पुरीको जोडी मिल्दैन भनी मैले भनेको भन्ने विषयमा विवाद भै सोको भोलिपल्ट दिउसो त्यही विषयमा घनश्याम पुरी र विकास श्रेष्ठबीच विवाद भएको हो। सो रातको घटनाको सम्बन्धमा मलाई केही थाहा छैन भन्नेसमेत व्यहोराको बुझिएकी श्रृष्टिना सापकोटाले गरेको बकपत्र।

मिति २०६४।७।२३ गते राति देउती नर्सिङ होममा छुरी प्रहार भएको घाइते केटा ल्याएका छन् भनी सुनेर म देउती नर्सिङ होममा जाँदा घनश्याम पुरी पनि त्यही घाइतेको स्याहारमा लागेका थिए। केही समयपछि श्रवण श्रेष्ठले अर्को घाइतेलाई ल्याएको देखेको हुँ। विकास श्रेष्ठको मृत्यु घनश्याम पुरीको कर्तव्यबाट भएको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी घनश्याम पुरीका साक्षी देविराम सिजापतीको बकपत्र।

प्रतिवादी दिलिप बस्याल देउती नर्सिङ होममा मेरो स्याहार र उपचारमा व्यस्त थिए। निजले विकास श्रेष्ठलाई छुरा प्रहार गरेका होइनन् भन्नेसमेत व्यहोराको दिलिप बस्यालका साक्षी बसन्त रोकायले गरेको बकपत्र।

मिति २०६४।७।२३ गते राति विकास श्रेष्ठले गुहार भनी कराएको सुनी मसमेत घटनास्थल जाँदा दाजु श्रवण श्रेष्ठले विकास श्रेष्ठलाई काखमा राखेका र बाबु टेकबहादुर श्रेष्ठले के भयो भनी सोध्दा निज विकास श्रेष्ठले मलाई पदम शाहीले फोन गरी बाहिर बोलाएर जगत प्याकुरेल, घनश्याम पुरी, विजय नेपाली र पदम शाहीले छुरी प्रहार गरी गए भनेकाले मृतक विकास श्रेष्ठलाई निजहरूले नै छुरी प्रहार गरी कर्तव्य गरी मारेको भन्नेसमेत व्यहोराको बुझिएका पवन श्रेष्ठको बकपत्र।

मिति २०६४।७।२३ गते राति ९:३० बजे छोरा विकासको मोबाइलमा फोन आयो। छोरा विकास

तत्काल बाहिर गए कसको फोन हो भन्ने तत्काल मलाई थाहा भएन । एकछिन पछि मारे बचाउ भनेको सुनेर मसमेत दौडँदै जाँदा रगताम्य अवस्थामा देखेँ । दाजुको छोरा श्रवण श्रेष्ठले विकासलाई काखमा राखे मैले के भयो भनी सोध्दा पदम शाहीले फोन गरी बोलाएर जगत प्याकुरेल, घनश्याम पुरी, विजय नेपाली र पदम शाहीले छुरी प्रहार गरी गए भनेको थियो । देउती नर्सिङ होममा लगी उपचार गर्दा गर्दै छोरा विकास श्रेष्ठको मृत्यु भएको हो । मेरो छोरा विकास श्रेष्ठको मृत्यु हुनुमा जगत प्याकुरेल, घनश्याम पुरी, विजय नेपाली र पदम शाहीसमेतको कर्तव्यबाट भएको हो भन्नेसमेत व्यहोराको बुझिएका टेकबहादुर श्रेष्ठको बकपत्र ।

प्रतिवादी विजय नेपाली बिरामी भै उपचार गर्दा गर्दै मिति २०६४।११।१६ गते मृत्यु भएको भन्ने व्यहोराको कारागार कार्यालय सुर्खेतको च.नं. ३६५ मिति २०६४।११।१६ को पत्र मिसिल संलग्न रहेको । घटनास्थलबाट बरामद चक्कुसमेत परीक्षण गर्न पठाएकामा Central Police Forensic Laboratory को मिति २०६५।४।२० को जाँच प्रतिवेदन मिसिल संलग्न रहेको ।

यसमा प्रतिवादीहरू दिलिप बस्याल, दिनेश वली र दिपक ढकालले आरोपित कसुर गरेको भन्ने पुष्टि हुन नआएकाले निज प्रतिवादीहरू दिलिप बस्याल, दिनेश वली र दिपक ढकालले अभियोग मागदाबीबाट सफाइ पाउने ठहर्छ । प्रतिवादीहरू पदम शाही र घनश्याम पुरीले विकास श्रेष्ठलाई मार्नको लागि लात मुक्कासमेतले हानेको र अर्का प्रतिवादी जगत प्याकुरेलले चक्कुले हान्दा विकास श्रेष्ठको मृत्यु भएको मिसिल संलग्न प्रमाणबाट पुष्टि भएकाले निज प्रतिवादीहरूले मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ र १३(३) नं. बमोजिमको कसुर गरेकाले चक्कु हान्ने सहित मुख्य व्यक्ति प्रतिवादी जगत प्याकुरेललाई ऐ. ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्म कैद हुने र विकास श्रेष्ठलाई मार्नको लागि लात मुक्कासमेत हान्ने प्रतिवादीहरू पदमबहादुर शाही र घनश्याम पुरीलाई ऐ. ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्म कैद हुने ठहर्छ भन्नेसमेत सुरू सुर्खेत जिल्ला अदालतको फैसला ।

विजय नेपालीसमेतको बयानलाई प्रतिवादीमध्येको जगत प्याकुरेलसमेतका हकमा प्रमाणमा लिने र प्रतिवादी दिलिप बस्यालको हकमा प्रमाणमा नलिने भन्ने न्यायको मर्मविपरीत हुन्छ । अतः प्रतिवादीहरू दिलीप बस्याल, दिनेश वली र दिपक ढकालउपरको कसुर उल्लिखित आधार प्रमाणबाट पुष्टि भएको अवस्थामा प्रतिवादीहरूलाई सफाइ दिने ठहर्‍याई भएको सुरू फैसला त्रुटिपूर्ण हुँदा प्रतिवादीहरू दिलिप बस्याल, दिनेश वली र दिपक ढकाललाई सफाइ दिएको हदसम्म बदर गरी अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको पुनरावेदन अदालत,मा परेको पुनरावेदनपत्र ।

लास जाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनबाट प्रतिवादी मध्येका जगत प्याकुरेलले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानअनुसार निजकै प्रहारबाट लागेको चोटका कारण मृतकको मृत्यु भएको देखिएको अवस्थामा निर्दोष हामीलाई समेत सजाय गर्ने गरी भएको सुरू फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादीद्वय घनश्याम पुरी र पदम शाहीको पुनरावेदन अदालत,मा परेको संयुक्त पुनरावेदनपत्र ।

मृतक विकास श्रेष्ठको मृत्यु मैले प्रहार गरेको धारिलो हतियारको प्रहारबाट भएको भन्ने तथ्यलाई मैले कही कतै स्वीकारसमेत गरेको छैन । केवल जाहेरी व्यहोरा, बुझिएका व्यक्तिको भनाई, घटनास्थल मुचुल्का, लासजाँच मुचुल्का बरामदी मुचुल्का र अनुसन्धान अधिकारीसमक्ष भएको बयानलाई आधार

बनाई म निर्दोष व्यक्तिलाई सुरू अदालतले सर्वस्वसहित जन्मकैदको सजाय गरेको त्रुटिपूर्ण रहेको छ । अतः सुरूको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी जगत प्याकुरेलको पुनरावेदन अदालत,मा परेको पुनरावेदनपत्र ।

यसमा प्रतिवादी मध्येका दिलिप बस्यालको हकमा जाहेरी किटानी भै मोटरसाइकल वारदात स्थलसम्म पुर्‍याएको देखिँदा र जाहेरीको व्यहोरा र जाहेरवालाले अनुसन्धान अधिकारीसमक्ष गरेको कागजसमेतका प्रमाणको मूल्याङ्कनबाट सुरू इन्साफ फरक पर्न सक्ने देखिँदा, पुनरावेदन सरकारी वकिल कार्यालय, सुर्खेतलाई प्रतिवादीहरूबाट पर्न आएको पुनरावेदनको जानकारी दिई प्रत्यर्थी प्रतिवादी दिलिप बस्यालसमेतलाई अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत, नियमावली, २०४८ को नियम ४७बमोजिम झिकाई उपस्थित भए वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालतको आदेश ।

यसमा सुरू सुर्खेत जिल्ला अदालतले प्रतिवादीमध्येका जगत प्याकुरेललाई सर्वस्वसहित जन्मकैद हुने र प्रतिवादीहरू पदम शाही र घनश्याम पुरीलाई जन्मकैद हुने ठहर्‍याई अन्य प्रतिवादीहरू दिलिप बस्याल, दिपक ढकाल र दिनेश वलीलाई अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई गरेको फैसला मिलेकै दैँखिदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादी र वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्नेसमेत पुनरावेदन अदालतको फैसला ।

विजय नेपालीसमेतको बयानलाई प्रतिवादी मध्येको जगत प्याकुरेलसमेतका हकमा प्रमाणमा लिने र प्रतिवादी दिलिप बस्यालको हकमा प्रमाणमा नलिने भन्ने न्यायको मर्मविपरीत हुन्छ । प्रतिवादीहरू दिलिप बस्याल, दिनेश वली र दिपक ढकालसमेत कसुरदार रहेको तथ्य मिसिल संलग्न प्रमाण कागजातहरूबाट पुष्टि भइरहेकाले निजहरूलाई सफाइ दिने ठहर्‍याई भएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा प्रतिवादीहरू दिलिप बस्याल, दिनेश वली र दिपक ढकाललाई सफाइ दिएको हदसम्म सो फैसला उल्टी गरी अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको यस अदालतमा परेको पुनरावेदनपत्र ।

लास जाँच प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदनसमेतबाट प्रतिवादीमध्येका जगत प्याकुरेलले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानअनुसार निजकै प्रहारबाट लागेको चोटका कारण मृतक विकास श्रेष्ठको मृत्यु भएको प्रष्ट हुँदा म निर्दोष व्यक्तिलाई समेत सजाय गर्ने गरी भएको त्रुटिपूर्ण सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण रहेकाले सो फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी पदम शाहीको यस अदालतमा परेको पुनरावेदनपत्र ।

मिसिल संलग्न लास जाँच प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदनसमेतबाट प्रतिवादीमध्येका जगत प्याकुरेलले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानअनुसार निजकै प्रहारबाट लागेको चोटका कारण मृतक विकास श्रेष्ठको मृत्यु भएको प्रष्ट हुँदा म निर्दोष व्यक्तिलाई समेत सजाय गर्ने गरी भएको त्रुटिपूर्ण सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण रहेकाले सो फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी घनश्याम पुरीको यस अदालतमा परेको संयुक्त पुनरावेदनपत्र ।

जाहेरी व्यहोरा, मौकामा बुझिएका व्यक्तिको भनाई, घटनास्थल मुचुल्का, लास जाँच प्रकृति मुचुल्का, बरामदी मुचुल्का र अनुसन्धान अधिकारीसमक्ष भएको बयानलाई आधार बनाई म निर्दोष व्यक्तिलाई सुरू अदालतले सर्वस्वसहित जन्मकैदको सजाय गरेको

त्रुटिपूर्ण फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी जगत प्याकुरेलको यस अदालतमा परेको पुनरावेदनपत्र।

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनपत्रसमेतका सम्पूर्ण मिसिलहरूको अध्ययन गरी निम्नबमोजिमको बहससमेत सुनियो।

पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट विद्वान् उपन्यायाधिवक्ता श्री खेमराज भट्टले प्रतिवादी दिलिप बस्याल, दिनेश वली र दिपक ढकालसमेतलाई सफाइ दिने गरी भएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण छ । दिलिप बस्यालले आफू मृतक विकास श्रेष्ठलाई कुटपिट गर्न विजय नेपालीसमेतले बनाएको योजनामा सहमत रही अर्काको मोटरसाइकल मागी अन्य प्रतिवादीहरू विजय नेपालीसमेतलाई विकाश श्रेष्ठको घर नजिक पुऱ्याएको र घाइते भएका विकाश श्रेष्ठको अवस्थाको बारेमा समय समयमा अन्य प्रतिवादीहरूलाई सूचना दिई भगाउनसमेत सहयोग एवम् प्रोत्साहन गरेकाले निजलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्छ । अन्य प्रतिवादीहरू दिनेश वली र दिपक ढकालसमेतले प्रतिवादीहरूलाई भगाउन सहयोग गरेकाले मुलुकी ऐन ज्यानसम्बन्धी महलको २५ नं. बमोजिम सजाय होस् भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो।

पुनरावेदक प्रतिवादी पदम शाहीको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भू थापाले जाहेरी दरखास्तमा पदम शाहीको सट्टा पदम रानाले मृतकलाई मोबाइलमा फोन गरी बोलाएको भन्ने उल्लेख छ । पोस्टमर्टम रिपोर्टसमेतको आधारमा धारिलो हतियारको प्रहारबाट विकास श्रेष्ठको मृत्यु भएको अवस्था छ। मृतकलाई जगत प्याकुरेलले छुरा प्रहार गरेको र पदम शाहीले मुक्कामात्रै हानेको भन्ने तथ्य मिसिलबाट पुष्टि भइरहेको छ । उक्त तथ्यबाट विकास श्रेष्ठको मृत्यु पदम शाहीको मुक्काबाट भएको भन्ने मिसिलबाट देखिँदैन। तसर्थ विकाश श्रेष्ठको मृत्यु धारिलो हतियारको प्रहारबाट भएकाले निजको मृत्यु हुनुमा पदम शाहीको भूमिका नरहेकाले पुनरावेदन अदालतको फैसला उल्टी गरी निजलाई अभियोग दाबीबाट सफाइ होस् भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो।

पुनरावेदक प्रतिवादी घनश्याम पुरीको तर्फबाट विद्वान् अधिवक्ता श्री विश्वेश्वरप्रसाद गौतम मृतकलाई जगत प्याकुरेलले छुरा प्रहार गरेको र घनश्याम पुरीले मुक्कामात्रै हानेको भन्ने तथ्य मिसिलबाट पुष्टि भइरहेको छ। उक्त तथ्यबाट विकास श्रेष्ठको मृत्यु पदम शाहीको मुक्काबाट भएको भन्ने मिसिलबाट देखिँदैन । तसर्थ विकाश श्रेष्ठको मृत्यु धारिलो हतियारको प्रहारबाट भएकाले निजको मृत्यु हुनुमा घनश्याम पुरीको भूमिका नरहेकाले पुनरावेदन अदालतको फैसला उल्टी गरी निजलाई अभियोग दाबीबाट सफाइ होस् भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो।

पुनरावेदक प्रतिवादी दिलिप बस्यालको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री पूर्णमान शाक्य र विद्वान् अधिवक्ता श्री कलमबहादुर खत्रीले प्रतिवादी दिलिप बस्यालले मोटरसाइकलमा ल्याएको व्यक्तिहरूको प्रहारबाट विकाश श्रेष्ठको मृत्यु भएको होइन। जाहेरी दरखास्त विश्वसनीय छैन। मृतक एवम् अन्य प्रतिवादीहरूले पनि दिलिप बस्यालले विकास श्रेष्ठलाई मारेको हो भनी उल्लेख गरेको छैन। दिलिप बस्यालको मार्ने मनसाय थिएन किनभने निजको वारदातमा उपस्थिति रहेको छैन। निज दिलिप बस्याल निर्दोष रहेकाले मलाई अभियोग दाबीबाट सफाइ दिने गरी सुरू अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला न्यायसङ्गत रहेकाले

सदर होस् भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो।

पुनरावेदक प्रतिवादी जगत प्याकुरेलको तर्फबाट विद्वान् अधिवक्ताद्वय श्री गोबिन्द बन्दी एवम् श्री रक्षा बस्यालले प्रतिवादी जगत प्याकुरेलको विकास श्रेष्ठलाई मार्ने मनसाय रहेको देखिँदैन। निजले चक्कु प्रहार गरेको हो वा हैन, प्रहार गरेको भए सोही कारणले मृत्यु भएको हो वा होइन भन्ने कुरा शङ्कारहित तवरबाट पुष्टि हुन सकेको छैन । जाहेरी दरखास्तमा जगत प्याकुरेलले मात्रै चक्कु प्रहार गरेको भन्ने किटान गरेको छैन । जाहेरी दरखास्त र जाहेरवालाको अदालतमा भएको बकपत्र परस्पर नमिलेकाले विश्वसनीय छैन । चक्कु कसले प्रहार गरेको हो भनी एकिन गर्न चक्कुमा रहेको Finger Print Test गरिएको छैन। अनुमानको आधारमा जगत प्याकुरेललाई दोष लागाइएको छ । मृतकलाई मार्नुपर्ने सम्मको कारण नभएको र मनसाय तत्त्वको अभाव रहेकाले पुनरावेदन अदालतको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ होस् भन्नेसमेत बहस गर्नुभयो । प्रत्यर्थी प्रतिवादीहरू दिनेश वली र दिपक ढकालको तर्फबाट विद्वान् अधिवक्ता श्री खगेन्द्र अधिकारीले दिनेश वली र दिपक ढकालले प्रतिवादीहरूलाई भगाउन र विकास श्रेष्ठलाई कर्तव्य गरी मार्न प्रत्यक्ष वा अप्रत्यक्षरूपमा कुनै सहयोग गरेको देखिँदैन । तसर्थ निजहरूलाई अभियोग दाबीबाट सफाइ होस् भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो।

उपर्युक्तबमोजिमको बहससमेत सुनी निर्णयतर्फ विचार गर्दा निम्न प्रश्नहरूमा केन्द्रित रही निर्णय दिनुपर्ने देखिन आयो।

(१) विकास श्रेष्ठको मृत्यु कर्तव्यबाट भएको हो वा होइन ?

(२) विकास श्रेष्ठको मृत्यु हुनुमा प्रतिवादीहरूको संलग्नता रहेको छ वा छैन ? वारदातमा संलग्न प्रतिवादीहरूलाई के कति सजाय हुने हो ?

(३) पुनरावेदन अदालतको फैसला मिलेको छ वा छैन ?

यसमा मिति २०६४।७।२३ गते अं. २१:३० बजेको समयमा मेरो भाइ विकास श्रेष्ठ आफ्नो घरमा बसिरहेको अवस्थामा प्रतिवादी पदमबहादुर रानाले मोबाइलबाट फोन गरी बाहिर बोलाई घनश्याम पुरीसमेतका प्रतिवादीहरूले धारिलो हतियार (चक्कु) प्रहार गरी सख्त घाइते बनाई औषधी उपचारको क्रममा मृत्यु भएकाले प्रतिवादीहरूलाई कानूनबमोजिम सजाय गरिपाउँ भन्ने श्रवणकुमार श्रेष्ठको जाहेरी दरखास्त परेकामा पछि बुझ्दै जाँदा पदम राना नभई पदम शाहीले मेरो भाइलाई फोन गरेर बोलाई धारिलो हतियार छुरा प्रहार गरेका रहेछन् । उक्त घटनामा पदम रानाको कुनै संलग्नता छैन भन्ने जाहेरवाला श्रवणकुमार श्रेष्ठले अनुसन्धान अधिकृतसमक्ष मौकामा कागजसमेतबाट पदम रानालाई प्रतिवादी नबनाई पदम शाही, जगत प्याकुरेल, घनश्याम पुरी, विजय नेपाली र दिलिप बस्याललाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय र प्रतिवादी मध्येका दिपक ढकाल र दिनेश वलीले मुलुकी ऐन ज्यानसम्बन्धी महलको २५ नं. कसुर गरेको हुँदा सोही नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबी रहेको प्रस्तुत मुद्दामा प्रतिवादीहरू दिलिप बस्याल, दिनेश वली र दिपक ढकालले अभियोग मागदाबीबाट सफाइ पाउने र प्रतिवादीहरू पदमबहादुर शाही, घनश्याम पुरीलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैद सजाय र जगत प्याकुरेललाई ऐ. १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर भई सुरू सुर्खेत जिल्ला अदालतबाट भएको फैसला पुनरावेदन अदालत,बाट सदर भएकामा सोउपर प्रतिवादी मध्येका दिपक ढकाल, दिलिप बस्याल र दिनेश वलीले अभियोग दाबीबाट सफाइ पाउने

ठहरेउपर वादी नेपाल सरकारको र प्रतिवादीहरू जगत प्याकुरेल, घनश्याम पुरी र पदम शाहीसमेतको पुनरावेदन परेको देखिन आयो ।

प्रतिवादीमध्येका विजय नेपालीको मिति २०६४।११।६ मा मृत्यु भएको तथ्य मिसिलबाट देखिँदा निजको हकमा केही बोलिरहन परेन ।

२. पहिलो प्रश्नको रूपमा रहेको *विकास श्रेष्ठको मृत्यु कर्तव्यबाट भएको हो वा होइन* भन्नेसम्बन्धमा विचार गर्दा मिसिल संलग्न लास जाँच प्रकृति मुचुल्कामा "दायाँ गाला चिउँडोमा चोट लागी रगत जमेको, नीलडाम जस्तो भएको, दायाँ गाला, चिउँडोमा नीलडाम जस्तो भई रगत जमेको, छातीको बायाँ भागमा ३/३ इन्च लम्बाइको खोपेको जस्तो घाउ र पेटको बायाँ भागमा ३ इन्च लम्बाइ २$^{1}/_{2}$ चौडाइको घाउ लागी रगत र बोसो जस्तो पदार्थ निस्केको भन्नेसमेत व्यहोरा उल्लेख भएको देखिन्छ । Autopsy Report मा *Abrasion on mandibles size २ x १ cms* भन्ने र *Cause of death is sock and hemorrhage as a result of stab injury to left lung, left atrium of the heart and spleen* भन्नेसमेत उल्लेख भएको देखिन्छ । लास जाँच प्रकृति मुचुल्का र लास जाँच प्रतिवेदनसमेतबाट कुटपिटको कारण शरीरको विभिन्न भागमा चोट लागी नीलडाम भएको र चक्कुले छातीसमेतमा हान्दा बायाँ फोक्सोको भाग, मुटुमा समेत चोट लाग्न गई रक्तस्रावसमेत हुँदा विकास श्रेष्ठको मृत्यु भएको देखिन आयो । तसर्थ मिसिल संलग्न तथ्य एवम् प्रमाणको आधारमा विकास श्रेष्ठको मृत्यु स्वाभाविकरूपमा कालगतिले भएको नभई कर्तव्यबाट भएको तथ्य पुष्टि हुन आयो ।

३. उपर्युक्तबमोजिम विकास श्रेष्ठको मृत्यु कर्तव्यबाट भएको पुष्टि हुन आएकाले निज *विकास श्रेष्ठको मृत्यु हुनुमा प्रतिवादीहरूको संलग्नता रहेको छ वा छैन र प्रतिवादीहरूलाई दाबीबमोजिमको सजाय हुनुपर्ने हो वा होइन* भन्नेसम्बन्धमा विचार गर्ने पर्ने देखिन आयो । विकाश श्रेष्ठको मृत्यु हुनुमा प्रतिवादीहरूको के कस्तो भूमिका रहेको भन्नेसम्बन्धमा निम्नबमोजिम उल्लेख गरिएको छ ।

४. प्रतिवादीहरू दिनेश वली र दिपक ढकालको हकमा विचार गर्दा प्रतिवादीहरू मध्येका दिनेश वली र दिपक ढकालले अदालतमा बयान गर्दा प्रतिवादीहरू जगत प्याकुरेल घनश्याम पुरी, विजय नेपालीसमेतलाई आफ्नो घरमा लुकाएको पनि होइन र भगाउनमा मद्दत गरेको पनि होइन भनी बयान गरेको देखिन्छ । वारदात स्थलमा तत्काल पुग्ने भनिएका जाहेरवालासमेतका मानिसहरूले प्रतिवादी दिनेश वली र दिपक ढकालले विकास श्रेष्ठलाई कर्तव्य गरी मारेको तत्काल थाहा पाएर पनि जाहेरी नगरी कसुरदारलाई दबाउने भगाउने कार्य गरेको हुन् भनी उल्लेख गर्न सकेको देखिँदैन । त्यसैगरी प्रतिवादीहरू दिपक ढकाल र दिनेश वली घटनास्थलमा उपस्थित नरहेकाले वारदातको विषयमा निजहरूलाई जानकारी थियो भनी अनुमान गर्न मिलेन । वारदात हुँदा जाहेरवालालगायतका व्यक्तिहरू तत्काल घटनास्थलमा पुगिसकेकाले यी प्रतिवादीहरूले वारदातको जानकारी तत्काल नदिएको भन्नसमेत मिल्ने देखिँदैन । वारदातमा संलग्न रहेको भनिएका सम्पूर्ण प्रतिवादीहरू पक्राउ परिसकेको हुँदा निज प्रतिवादीहरूलाई प्रतिवादी दिपक ढकाल र दिनेशले भगाएको भन्न मिल्ने देखिँदैन ।

५. फौजदारी मुद्दामा शङ्काको भरमा अभियुक्तहरूलाई सजाय गर्न फौजदारी न्यायको सिद्धान्तले मिल्ने देखिँदैन । उल्लिखित तथ्य एवम् विवेचनासमेतको आधारमा प्रतिवादीहरू दिनेश वली र दिपक ढकालले आरोपित कसुर गरेको तथ्य वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको देखिएन । अभियोग दाबीबमोजिम सजाय गर्न कसुर वस्तुनिष्ठ आधारबाट प्रमाणित हुनु पर्छ भन्नेसम्बन्धमा यस अदालतबाट

सिद्धान्तहरूसमेत प्रतिवेदन भएका छन्। विक्रम महर्जन विरूद्ध नेपाल सरकार भएको कर्तव्य ज्यान (*नेकाप* २०६७, अङ्क ९, पृ. १५३१, ८४६१) मुद्दामा तथ्ययुक्त ठोस सबुद प्रमाण वादी पक्षले पेस दाखेल गर्न सकेको नदेखिएको अवस्थामा केवल जाहेरवालाको जाहेरीलाई मात्र आधार मानी ज्यान जस्तो गम्भीर प्रकृतिको फौजदारी अभियोगमा विना आधार प्रमाण यी पुनरावेदकको मृतकलाई मार्नमा संलग्नता थियो भन्न नसकिने भन्ने एवम् नेपाल सरकार विरूद्ध यज्ञबहादुर थापासमेत भएको कर्तव्य ज्यान (*नेकाप* २०६९, अङ्क जेठ, पृ. १७१ नि.न.८७६४) मुद्दामा यस अदालतको पूर्ण इजलासबाट अदालत स्वयम्ले कुनै प्रमाणको सिर्जना नगर्ने र सङ्कलित प्रमाणबाट कसुर पुष्टि हुने वा नहुने कुरा हेरिने, फौजदारी कसुर शङ्कारहित तवरबाट पुष्टि हुन नसकेकामा शङ्काको सुविधा अभियुक्तले पाउने भन्ने सिद्धान्त प्रतिपादन भएको छ।

६. उल्लिखित तथ्य, विवेचना एवम् प्रतिपादित सिद्धान्तसमेतको आधारमा निज प्रतिवादीहरू दिनेश वली र दिपक ढकालउपरको अभियोग वस्तुनिष्ठ प्रमाणबाट पुष्टि भएको नदेखिँदा निज प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने देखिन आयो।

७. पदमबहादुर शाही, घनश्याम पुरी र जगत प्याकुरेलको हकमा विचार गर्दा निज प्रतिवादीहरू जगत प्याकुरेल, घनश्याम पुरी, र पदमबहादुर शाहीले अदालतमा बयान गर्दा मृतकलाई कुटपिट गरी चक्कुले हानी मारेको होइन भनी लेखाए तापनि प्रतिवादी घनश्याम पुरीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा विकास श्रेष्ठलाई पदमबहादुर शाहीले मोबाइलबाट घर बाहिर बोलाएपछि मैले पनि निजको टाउको, मुख, शरीरको विभिन्न भागमा हाने, पदमबहादुर शाहीले बक्सिङले हानेपछि विकास भुइँमा ढले त्यसपछि जगत प्याकुरेलले आफ्नो साथमा भएको चक्कुले छाती र बायाँ साइडसमेतमा हाने, हामी भागेर गयौं भनी र प्रतिवादी पदमबहादुर शाहीले आफ्नो मौकाको बयानमा मैले मोबाइलबाट विकास श्रेष्ठलाई घरबाहिर बोलाए, घनश्याम पुरीले विकास श्रेष्ठलाई हात मुक्काले अनुहार लगायत विभिन्न भागमा हाने, मैले पनि वक्सिङले अनुहारमा हानेपछि विकास श्रेष्ठ भुइँमा लडे। भुइँमा लडेपछि जगत प्याकुरेलले आफूसँग भएको चक्कुले विकास श्रेष्ठको पेट, छाती तथा शरीरको अन्य विभिन्न भागमा हाने भनी लेखाएको देखिन्छ।

८. यसैगरी प्रतिवादी जगत प्याकुरेलले अदालतमा बयान गर्दा आरोपित कसुर गरेकामा इन्कार रहँदै विकास श्रेष्ठलाई मैले चक्कु प्रहार गरेको होइन भने तापनि अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा जमिनमा लडेको विकास श्रेष्ठलाई चक्कुले टाउको, छाती, कोखासमेतमा प्रहार गरी भागेको हुँ। बरामद चक्कु मेरो हो जुन छुरीले विकास श्रेष्ठलाई प्रहार गरेको थिएँ भनी लेखाएको देखिन्छ। प्रतिवादीहरूले अनुसन्धान अधिकारीसमक्ष भएको बयान आफ्नो इच्छा विरूद्धको बयान हो भनी पुष्टि गर्न सकेको छैनन् भने वारदातमा प्रयोग भएको चक्कु घटनास्थलबाट नै बरामद भएको र सो चक्कुलाई प्रतिवादी जगत प्याकुरेलले चिनी सनाखतसमेत गरेको र सो चक्कुमा लागेको रगत Central Police Forensic Science Laboratory मा परीक्षण हुँदा सो चक्कुमा लागेको रगत मानवको हो भन्ने परीक्षण प्रतिवेदन रहेको देखिन्छ।

९. प्रतिवादीहरू घनश्याम पुरी र पदमबहादुर शाहीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आफूहरूले विकास श्रेष्ठको मुख, टाउकोलगायत शरीरको विभिन्न भागमा लात मुक्काले हानेको हौं भनेकामा "लास जाँच मुचुल्कामा" मृतकको चिउँडोसमेतका नीलडाम रहेको कानबाट रगत बगेको,

चिउँडोमा रगत लागि जमेको भन्नेसमेत व्यहोरा उल्लेख भएको र Autopsy report मा Abrasion on mandible भन्नेसमेत उल्लेख भएकाले निज प्रतिवादीहरूको बयान लासजाँच मुचुल्का र "Autopsy report" बाटसमेत पुष्टि भएको देखिन्छ। साथै प्रतिवादी जगत प्याकुरेलले विकास श्रेष्ठलाई चक्कुले हानेको हुँ भनी अनुसन्धानमा बयान गरेबमोजिम मृतक विकास श्रेष्ठको लास जाँच मुचुल्काबाट देखिन्छ भने Autopsy report मा "Cause of death is shock and hemorrhage as a result of stab injury to left lung let atrium of the heart and spleen" भन्ने उल्लेख गरेकाले निजले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानलाई पुष्टि भएको देखिन आयो।

१०. त्यसैगरी घटनास्थलमा तत्काल पुग्ने भनिए मध्येका प्रहरीमा कागज गर्ने दिलिपकुमार गुभाजूले अदालतमा बकपत्र गर्दा स.ज. ६ मा तत्काल घटनास्थलमा आउँदा विकास श्रेष्ठको दाजु श्रवणकुमार श्रेष्ठको काखमा पल्टिरहेको अवस्थामा विकास श्रेष्ठको बाबु टेकबहादुर श्रेष्ठले तिमीलाई कसले हानेको हो भन्दा घायल अवस्थामा प्रतिवादी जगत प्याकुरेल, घनश्याम पुरी, विजय नेपाली र पदमबहादुर शाहीसमेतले हानी भागेको हुन भन्दाभन्दै मृतक विकास श्रेष्ठ सिरियस अवस्थामा देखिएकाले उनलाई देउती नर्सिङ होममा लगिएको भनी उल्लेख गरिदिएको र वारदात स्थलमा तत्काल पुग्ने भनिएका जाहेरवाला श्रवणकुमार श्रेष्ठ तथा अनुसन्धान कागज गर्ने टेकबहादुर श्रेष्ठले अदालतमा बकपत्र गर्दा तँलाई के भएको हो बाबु भनी सोध्दा छोरा विकासले पदम शाहीले मोबाइलमा फोन गरी मलाई बाहिर बोलायो विजय नेपाली, जगत प्याकुरेल, पदम शाही र घनश्याम पुरीसमेतले मलाई धारिलो हतियारले हाने भनेको थियो भनी उल्लेख गरिदिएको देखिन्छ। यसरी मृतक बेहोस नहुँदै आफूलाई हान्ने व्यक्तिहरूको नाम उल्लेख गरेकामा जाहेरवाला तथा प्रहरीमा कागज गर्ने दिपक गुभाजुसमेतले सुनेको भन्ने मिसिलबाट देखिन आयो।

११. प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउन अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रही बयान गर्नु मात्र पर्याप्त हुँदैन, सो इन्कारी बयान अन्य ठोस प्रमाणबाट पुष्टि हुनुपर्दछ। प्रस्तुत सन्दर्भमा यस अदालतबाट विभिन्न सिद्धान्तहरू प्रतिपादन भएका छन्। गुरूमुख शोभराज विरूद्ध नेपाल सरकार भएको कर्तव्य ज्यान (*नेकाप* २०६७, अङ्क ५, पृ.८१४, नि.न. ८३७८) मुद्दामा कुनै प्रमाणविनाको इन्कारी वयान अर्थहीन र प्रयोजनहीन हुन्छ भन्ने र नेपाल सरकार विरूद्ध राजकुमार श्रेष्ठ भएको कर्तव्य ज्यान (*नेकाप* २०६७, अङ्क ५, पृ. १५५३, नि.न. ८६८७,) मुद्दामा इन्कारीले मात्र कुनै अभियुक्तले आरोपित कसुरबाट फुर्सद पाउन र सजायबाट उन्मुक्ति पाउन नसक्ने हुँदा निर्दोषिताको लागि ठोस प्रमाणको आवश्यकता पर्ने भनी सिद्धान्त प्रतिपादन भएको छ।

१२. तसर्थ उल्लिखित तथ्य, विवेचना एवम् प्रतिपादित सिद्धान्तसमेतको आधारमा प्रतिवादीहरू जगत प्याकुरेल, घनश्याम पुरी र पदमबहादुर शाहीले अभियोग दाबीबमोजिम विकास श्रेष्ठलाई कुटपिट गरी चक्कुले प्रहार गरी कर्तव्य गरी मारेको तथ्य पुष्टि हुन आयो।

१३. निज प्रतिवादीहरू जगत प्याकुरेल, घनश्याम पुरी र पदमबहादुर शाहीले आरोपित कसुर गरेको पुष्टि हुन आएकाले निजहरूलाई के कस्तो सजाय हुने भन्नेसम्बन्धमा विचार गर्दा मुलुकी ऐनको ज्यानसम्बन्धी महलको १ नं. मा कानुनबमोजिम बाहेक कसैले कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन वा मार्नको उद्योग गर्न हुँदैन भन्ने व्यवस्था रहेको छ। मुलुकी ऐनको ज्यानसम्बन्धी महलको १३ नं. को

देहाय (१) मा धार भएको वा नभएको जोखिमी हतियार गैह्रले हानी रोपी घोची ज्यान मारेमा ...सर्वस्वसहित जन्म कैद गर्नुपर्छ भन्ने व्यवस्था छ । देहाय (३) मा लाठा ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी हानी रोपी घोची वा अरू ज्यान मर्ने गैह्र कुरा गरी ज्यान मरेमा एकै जनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एक जना र धेरै जनाको हूल भै मारेमा यसैले मारेको वा यसको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ । त्यस्तालाई सर्वस्वसहित जन्म कैद गर्नुपर्छ । सोबाहेक अरूलाई र यसैले मारेको वा यसैका चोटले मरेको भन्ने कुरा सो हात हतियार छाड्ने कसैउपर कुनै प्रमाणबाट देखिने ठहर्न नआएमा सबैलाई जन्म कैद गर्नुपर्छ भन्ने व्यवस्था छ ।

१४. उल्लिखित तथ्य, विवेचना, प्रतिपादित सिद्धान्त एवम् कानूनी व्यवस्थासमेतको आधारमा प्रतिवादी जगत प्याकुरेलले विकाश श्रेष्ठलाई धारिलो हतियार चक्कुले शरीरको विभिन्न ठाउँमा प्रहार गरेको कारणले विकास श्रेष्ठको मृत्यु भएको पुष्टि हुन आएकाले निजलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३ नं. को देहाय (१) अनुसार सर्वस्वसहित जन्म कैदको सजाय हुने देखिन आयो । त्यसैगरी प्रतिवादीहरू पदमबहादुर शाही र घनश्याम पुरीले लात्ती, मुक्कासमेतले हानी विकास श्रेष्ठलाई कर्तव्य गरी मार्ने कार्यमा संलग्न रहेको देखिँदा मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३ नं. को देहाय (३) अनुसार जन्मकैदको सजाय हुने देखिन आयो ।

१५. तर प्रतिवादीहरू पदमबहादुर शाही र घनश्याम पुरीले धारिलो जोखिमी हतियारले मृतक विकास श्रेष्ठलाई प्रहार नगरी लात्ती, मुक्काले मात्रै कुटपिट गरी विकास श्रेष्ठलाई कर्तव्य गरी मार्ने कार्यमा संलग्न रहेको, निजहरूको उमेरसमेत धेरै नभएको, विकास श्रेष्ठको ज्यानै लिनुपर्ने सम्मको रिसइवी नरहेको, निजहरूको साथी बसन्त रोकायलाई मृतक विकास श्रेष्ठले आन्द्रा निस्कने गरी छुरा प्रहार गरेको कारणले तत्काल रिस उठी कुटपिट गर्दा वारदात घट्न पुगेको अवस्थासमेतलाई विचार गर्दा निजहरूलाई प्रतिवादीहरू पदमबहादुर शाही र घनश्याम पुरीलाई जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. अनुसार दश (१०) वर्ष कैद सजाय गर्नु उपयुक्त हुने देखिन आयो । अत: प्रतिवादीहरू पदमबहादुर शाही र घनश्याम पुरीलाई दश (१०) वर्ष कैद सजाय हुने ठहर्छ ।

१६. दिलिप बस्यालको हकमा विचार गर्दा प्रतिवादी दिलिप बस्यालले अधिकारप्राप्त अधिकारीसमक्ष मौकामा गरेको बयानको स.ज.९ मा देउती नर्सिंग होममा विजय नेपालीले विकाश श्रेष्ठलाई कुटपिट गर्न जाऔँ भन्ने कुरा गरेपछि वी.न.पा.वडा नं. ६ बस्ने सिताराम नेपालीको घरमा म र घनश्याम गई भे.१प. ७९५५ नं. को यामाहा मोटर साइकल मागेर पुन देउती नर्सिंग होममा गयौ । त्यसपछि घनश्याम पुरी र विजय नेपालीलाई मोटरसाइकलको पछाडि राखी मैले सो मोटर साइकल चलाई विकाश श्रेष्ठको घर नजिक सडकमा छोडे । सो समयमा जगत प्याकुरेल र पदम शाहीसमेत हिँडेर विकाश श्रेष्ठको घर नजिक आए। हामी ५ जनाको भेट विकास श्रेष्ठको घर नजिक भई अरू ४ जनालाई उक्त स्थानमा छाडी म मोटर साइकलमा चढी पुन: नर्सिङ्ग होममा गए भन्नेसमेत उल्लेख गरेको देखिन्छ । निज प्रतिवादी दिलिप बस्यालले विकाश श्रेष्ठको अवस्थाको बारेमा समय समयमा जानकारी गराउँदै प्रतिवादीहरूलाई भगाउने कार्यमा संलग्न रहेको भन्ने घट्ना विवरणका व्यक्तिहरू टेकबहादुर श्रेष्ठ, पवन श्रेष्ठ, मुकुन्दनाथ योगी, जगतबहादुर, प्याकुरेल गणेशप्रसाद थानीसमेत मौकामा कागज

गर्दा र अदालतमा बयान गर्दासमेत उल्लेख गरेको तथ्य मिसिलबाट देखिन्छ। त्यसैगरी सहअभियुक्तहरू समेतले निज प्रतिवादी दिलिप बस्यालले विकाश श्रेष्ठको अवस्था सम्बन्धमा बेलाबेलामा सूचना दिई प्रतिवादीहरूलाई भाग्न प्रोत्साहन एवम् सहयोग गरेको भनी मौकामा र अदालतमा समेत बयान गरेको देखिन्छ। उल्लिखित तथ्य एवम् मिसिल संलग्न अन्य प्रमाण कागजसमेतबाट प्रतिवादी दिलिप बस्यालको मृतक विकास श्रेष्ठलाई कर्तव्य गरी मार्ने कार्यमा संलग्नत रहेको पुष्टि हुन आयो।

१७. प्रस्तुत सन्दर्भमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ नं. को व्यवस्था सान्दर्भिक रहेको देखिन्छ। मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ नं. मा ज्यान मार्नालाई मतलबमा भने पसेको तर मुख्य भै बचन पनि नदिने, हात हतियार पनि नछोड्ने जीउमा पनि नछुने देहायका अवस्थाका अरू मतलबीहरूलाई ज्यान मरेको रहेछ भने देहायबमोजिम र ज्यान मरेको रहेनछ भने देहायमा लेखिएको सजायको आधा सजाय गर्नुपर्छ। देहाय (१) मा ज्यान मार्नालाई भनी हतियार विष मागेमा जानीजानी हातहतियार गोली बारूद विष दिने वा ज्यान मार्ना निमित्त वारदात गरिरहेका ठाउँमा हतियार साथमा लिई महजुद रहनेलाई दश वर्ष कैद गर्नुपर्छ। देहाय (२) मा माथि १ दफामा लेखिए बाहेक घेरा दिने, बाटो, गौडा छेक्ने वा भाग्न उम्कन नपाउनेसमेत गैह्र काम गरी मार्ने संयोग पारिदिनेलाई पाँच वर्ष कैद गर्नुपर्छ। देहाय (३) मा अरू किसिमसँग मत सल्लाहमा पसेकामा मार्ने ठाउँमा गई अरू कुरा केही नगरी हेरी रहनेलाई र लेखिएदेखि बाहेक अरू किसिमका मतलबीलाई छ महिनादेखि तीन वर्षसम्म कैद गर्नुपर्छ भन्ने व्यवस्था रहेको छ।

१८. उल्लिखित तथ्य, विवेचना एवम् कानूनी व्यवस्थासमेतको आधारमा निज प्रतिवादी दिलिप बस्यालले मृतक विकाश श्रेष्ठलाई कुटपिट गर्नेसमेत योजनामा सहमत भई सिताराम नेपालीको घरमा गई मोटरसाइकल मागेर घनश्याम पुरी र विजय नेपालीलाई मोटरसाइकलमा राखी मृतकको घर नजिक पुर्‍याउन र घाइते भएका मृतक विकाश श्रेष्ठको स्वास्थ्य अवस्थाको सम्बन्धमा नर्सिङ्ग होममा गई बुझी सोको जानकारी प्रतिवादीहरूलाई गराई भाग्न प्रोत्साहन एवम् सहयोग गरेको तथ्य पुष्टि हुन आएकाले कर्तव्य गरी विकाश श्रेष्ठलाई मार्ने मतलबमा पसेको तथ्य पुष्टि हुन आयो। तसर्थ निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७ नं. देहाय (३) बमोजिम दुई (२) वर्ष कैद सजाय हुने देखिन आयो।

१९. अब पुनरावेदन अदालतको फैसला मिलेको छ वा छैन भन्ने सम्बन्धमा विचार गर्दा उल्लिखित तथ्य विवेचना प्रतिपादित सिद्धान्त एवम् कानूनी व्यवस्थासमेतको आधारमा प्रतिवादी जगत प्याकुरेललाई सर्वस्वसहित जन्म कैद सजाय, प्रतिवादीहरू पदमबहादुर शाही र घनश्याम पुरीलाई जन्म कैद सजाय र प्रतिवादीहरू दिनेश वली र दिपक ढकालले अभियोग दाबीबाट सफाइ पाउने हदसम्म पुनरावेदन अदालत, सुर्खेतको मिति २०६८।२।११ को फैसला सो हदसम्म मिलेको देखिन आयो। प्रतिवादी दिलिप बस्याललाई ज्यानसम्बन्धी महलको १७ नं. को देहाय (३) बमोजिम दुई (२) वर्ष कैद सजाय हुनुपर्नेमा निजलाई अभियोग दाबीबाट सफाइ दिएको हदसम्म पुनरावेदन अदालत, सुर्खेतको मिति २०६८।२।११ को फैसला मिलेको देखिन आएन।

२०. अत: पुनरावेदन अदालत, सुर्खेतको मिति २०६८।२।११ को फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी जगत प्याकुरेललाई सर्वस्वसहित जन्म कैद सजाय हुने, प्रतिवादीहरू पदमबहादुर शाही र घनश्याम पुरीलाई मुलुकी ऐन अ.

बं. १८८ नं. बमोजिम दश (१०) वर्ष कैद सजाय हुने, प्रतिवादी दिलिप बस्याललाई ज्यानसम्बन्धी महलको १७ नं. को देहाय (३) बमोजिम दुई (२) वर्ष कैद हुने र प्रतिवादीहरू दिनेश वली र दिपक ढकालले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ । वादी प्रतिवादीको पुनरावेदन जिकिर सोहदसम्म पुग्न सक्दैन । अरूमा तपसिलबमोजिम गर्नू ।

तपसिल

माथि इन्साफ खण्डमा उल्लेख भएबमोजिम पुनरावेदन अदालत, सुर्खेतको मिति २०६८।२।११ को फैसला केही उल्टी भई प्रतिवादी जगत प्याकुरेललाई सर्वस्वसहित जन्म कैद सजाय हुने ठहर भएकाले निज प्रतिवादी जगत प्याकुरेललाई सर्वस्वसहित जन्म कैद सजाय हुने गरी लगत राखी निजबाट असुल उपर गर्नु गराउनु भनी सुरू सुर्खेत जिल्ला अदालतमा लेखी पठाउनू -----------------------------------------------१

प्रतिवादीहरू पदमबहादुर शाहीलाई दश (१०) वर्ष कैद सजाय हुने ठहर भएकाले निज प्रतिवादी पदमबहादुर शाहीलाई दश (१०) वर्ष कैद सजाय हुने गरी लगत राखी असुल उपर गर्नु गराउनु भनी सुरू सुर्खेत जिल्ला अदालतमा लेखी पठाउनू ----------------------------२

प्रतिवादीहरू घनश्याम पुरीलाई दश (१०) वर्ष कैद सजाय हुने ठहर भएकाले निज प्रतिवादी घनश्याम पुरीलाई दश (१०) वर्ष कैद सजाय हुने गरी लगत राखी असुल उपर गर्नु गराउनु भनी सुरू सुर्खेत जिल्ला अदालतमा लेखी पठाउनू ----------------------------३

प्रतिवादी दिलिप बस्याललाई ज्यानसम्बन्धी महलको १७ नं. को देहाय (३) बमोजिम दुई (२) वर्ष कैद सजाय हुने ठहर भएकाले निज प्रतिवादी दिलिप वस्याललाई दुई (२) वर्ष कैद सजाय हुने गरी लगत राखी निजबाट असुल उपर गर्नु गराउनु भनी सुरू सुर्खेत जिल्ला अदालतमा लेखी पठाउनू ----------------------------४

प्रस्तुत फैसलाको जानकारी पुनरावेदकलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइ दिनू ------------------------------------------५

उक्त रायमा सहमत छु ।
न्या. गोविन्दकुमार उपाध्याय

इति संवत् २०७२ साल वैशाख २ गते रोज ४ शुभम् ।
इजलास अधिकृत : रमेश रिजाल

## निर्णय नं.९४३८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय
माननीय न्यायाधीश श्री दीपकराज जोशी
आदेश मिति :- २०७१।११।२०।४
०७१-WH-००४९

विषय :- बन्दीप्रत्यक्षीकरण ।

निवेदक :- जिल्ला उदयपुर कटारी गा.वि.स. वडा नं. ५ घर भई हाल कारागार कार्यालय, जगन्नाथदेवल काठमाडौंमा थुनामा रहेका विकाश राई दनुवार (नाम परिवर्तन) का हकमा एड्भोकेसी फोरम नेपालमा कार्यरत अधिवक्ता पुष्पराज पौडेल

विरूद्ध

विपक्षी :- काठमाडौं जिल्ला अदालतसमेत

- **निवेदकले धरौट राख्न नसकेको भनी हाजिर जमानी, अभिभावकको जिम्मा**

**लगाउनेलगायतका अन्य विकल्प हुँदा हुँदै अन्तिम विकल्पको रूपमा निजलाई थुनामा नै राखिएको देखिँदा उपर्युक्त कार्य बाल अधिकार महासन्धिको मर्म अनुरूपको भएको देखिन आएन ।**

(प्रकरण नं. ६)

निवेदकको तर्फबाट : विद्वान् अधिवक्ताद्वय पुष्पराज पौडेल र सुमित्रा राई
विपक्षीको तर्फबाट : उपन्यायाधिवक्ता बालकृष्ण वाग्ले
अवलम्बित नजिर :

- *ने.का.प.* २०६५, निर्णय नं. ८००५
- *ने.का.प.* २०७० अङ्क ११ निर्णय ९०७४

सम्बद्ध कानून :

- अन्तरिम संविधान, २०६३ को धारा १२(२), १३(१), २४
- बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२), २(क), ५०(१)
- नेपाल सन्धि ऐन, २०४७ को दफा ९
- बाल न्याय कार्यविधि नियमावली, २०६३ को नियम १५
- संयुक्त राष्ट्र सङ्घीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ३७(ख)

आदेश

**न्या. बैद्यनाथ उपाध्याय :-** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको सङ्क्षिप्त तथ्य र आदेश यसप्रकार छ :-

म निवेदक एड्भोकेसी फोरम नेपालमा कार्यरत कानून व्यवसायी हुँ । एड्भोकेसी फोरमले बालन्याय प्रणालीको सुदृढीकरणको क्षेत्रमा पनि काम गर्दै आइरहेको छ। गरिब तथा निःसहाय व्यक्तिहरूलाई निःशुल्क कानूनी सहायता दिने क्रममा परिवर्तित विकाशा राई दनुवारसँग भेटघाट भई निजउपर काठमाडौं जिल्ला अदालतमा दायर भएका मुद्दाहरूमा बहस पैरवी गरेकामा मिति २०७१।१०।४ मा थुनछेक आदेश हुँदा काठमाडौं जिल्ला अदालतमा दर्ता भएको ०७१ सि.आर. १०८२ को मुद्दामा रू. १,०००।-, सि.आर. १०८३ मा रू. १,५००।-, सि.आर. १०८४ मा रू. १,५००।-, सि.आर. १०८५ मा रू. १,५००।-, सि.आर. १०८६ मा रू. १,५००।-, सि.आर. १०८७ मा रू. १,५००।-, सि.आर. १०८८ मा रू. १,५००।-, सि.आर. १०८९ मा रू. २,०००।-, सि.आर. १०९० मा रू. २,०००।-, सि.आर. १०९१ मा रू. १,५००।-, सि.आर. १०९२ मा रू. १,५००।-, सि.आर. १०९३ मा रू. १,५००।-, सि.आर. १०९४ मा रू. १,५००।-, सि.आर. १०९५ मा रू. १,५००।-, सि.आर. १०९६ मा रू. १,५००।-, सि.आर. १०९७ मा रू. १,५००।-, सि.आर. १०९८ मा रू. १,५००।-, सि.आर. १०९९ मा रू. २,०००।-, सि.आर. ११०० मा रू. २,०००।-, सि.आर. ११०१ मा रू. २,५००।-, सि.आर. ११०२ मा रू. १,५००।- गरी जम्मा रू. ३३,०००।- धरौटी माग गरेको र निज नाबालकले उक्त धरौटबापतको रकम तिर्न नसकेको कारणले मुद्दा पुर्पक्षका क्रममा वयस्कहरू सँगै कारागार कार्यालय जगन्नाथदेवल काठमाडौंमा थुनामा पठाउने कार्य गैह्रकानूनी भएको र निज नाबालकको काठमाडौंमा आफन्त कोही नभएकाले नाबालक भएको कारणबाट नाम परिवर्तन गर्दा कारागारमार्फत आउन नसक्ने कारणबाट निजका हकमा सम्मानित अदालतसमक्ष प्रस्तुत रिट निवेदन लिई उपस्थित भएको छु।

निज नाबालक परिवर्तित विकाशा राई दनुवारले अदालतमा आफ्नो उमेर १३ वर्ष ९ महिना भनी बयान गरी सोको प्रमाण स्वरूप स्थानीय पञ्जिकाधिकारीको कार्यालय कटारी उदयपुरमा

द.नं. २०५ मिति २०५८।५।१५ मा दर्ता गरेको जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि बयानको क्रममा पेस गरेको र बहसको क्रममा सक्कलसमेत देखाइएकामा सोसम्बन्धमा थुनछेक आदेशमा कुनै पनि कुराहरू उल्लेख नै नगरी धरौट माग्ने र तिर्न नसकेको भनी थुनामा राख्ने कार्यले निज नाबालकलाई प्राप्त कानूनी तथा मौलिक हक उल्लङ्घन हुनुका साथै यस्ता कानूनको विवादमा आएका नाबालकहरूको हित संवर्द्धन गर्न बनेका कानूनको अस्तित्व कागजमा मात्र सीमित रहन जाने अवस्थालाई विचार गरी निजको हकमा कानून व्यवसायीको हैसियतले प्रस्तुत रिट निवेदन गर्न आएको छु। बालबालिकालाई कारागारमा थुनामा राख्नु र निजहरूसँग मुद्दाको पुर्पक्षका लागि धरौट माग गर्नु गैह्रकानूनी हो भनी बन्दीप्रत्यक्षीकरणको निवेदनमा सम्मानित अदालतबाट विभिन्न सिद्धान्तहरूसमेत प्रतिपादन भइरहेको छ।

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २(क) मा १६ वर्ष उमेर नपुगेकोलाई बालबालिका सम्झनुपर्छ भनी बालबालिकाको परिभाषा गरिएको छ। बालबालिकाको हकहित तथा अधिकारको संरक्षण गर्ने उद्देश्यका साथ आएको सो ऐनबमोजिम पाउने अवसरबाट पनि निज नाबालक वञ्चित हुनुपरेको अवस्था रहेको छ । उक्त ऐनको दफा ११(२) मा बालकको उमेर १० वर्ष वा सोभन्दा माथि र चौध वर्षभन्दा कम रहेछ भने निजलाई कानूनबमोजिम जरिबाना हुने कुनै अपराध रहेकामा सम्झाई बुझाई र कैद हुनेमा कसुर हेरी ६ महिनासम्म कैद हुन्छ भन्ने व्यवस्था छ। नेपालद्वारा अनुमोदित संयुक्त राष्ट्रसङ्घीय बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ३(१) मा सार्वजनिक अथवा निजामती, कल्याणकारी सामाजिक संस्थाहरू, अदालतहरू, प्रशासनिक यन्त्रहरू वा विधायिकाहरू सबैले बालबालिकाहरू सँग सम्बन्धित काम कुरा गर्दा बालबालिकाको उच्चतम हितलाई प्राथमिकता दिनुपर्ने भन्ने उल्लेख हुनुका साथै ऐ. धारा ३७(ख) मा बालबालिकाको गिरफ्तारी थुना वा कैद अन्तिम उपायको रूपमा र सबभन्दा कम समयावधिका लागि मात्र प्रयोग गरिनेछ भन्ने व्यवस्था रहेको छ। नेपाल सन्धि ऐन, २०४७ को दफा ९ को व्यवस्थाअनुसार उक्त महासन्धि नेपाल कानूनसरह लागू हुन्छ।

बाल इजलासले बालकको अभिभावकको भूमिका निर्वाह गर्नुपर्दछ र उनीहरूको अधिकतम हितलाई ध्यानमा राख्नुपर्दछ। तर विपक्षी काठमाडौं जिल्ला अदालतले निज नाबालकले आफ्नो उमेर १३ वर्ष ९ महिना भएको भनी बयान गरी सोको प्रमाण स्वरूप जन्म दर्ता प्रमाणपत्रसमेत पेस गरे तापनि सो कुरालाई वास्तासमेत नगरी निज नाबालक प्रति गर्नुपर्ने व्यवहारसमेत नगरी अभियोगपत्रको उमेरलाई आधार मानी कानूनसँग द्वन्द्वमा परेका बालबालिकासँग धरौट माग गर्ने कार्य कानूनविपरीत हुनुका साथै नाबालकसँग मुद्दाको पुर्पक्ष गर्दा धरौटसमेत लिन नहुने भनी सम्मानित अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको विपरीत छ। यसबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(२), १३(१) तथा धारा २४ ले निज नाबालकलाई प्रदान गरेको मौलिक हकको प्रत्यक्षरूपमा उल्लङ्घन हुन गएको छ। अत: विपक्षीहरूको उल्लिखित काम कारवाहीहरू गैह्रकानूनी एवम् गैह्र संवैधानिक हुनुका अतिरिक्त बालअधिकारसम्बन्धी महासन्धि, १९७९ को धारा ३(१), ३७ समेतले त्रुटिपूर्ण रहेको र अन्य कुनै पर्याप्त प्रभावकारी वैकल्पिक उपचारको अभाव हुँदा अन्तरिम संविधानको धारा १०७(२) बमोजिम विपक्षीहरूका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी गैह्रकानूनी थुनामा रहेका नाबालकलाई थुना मुक्त गरिपाउँ भन्ने निवेदनपत्र।

यसमा के कसो भएको हो, निवेदन दाबीबमोजिमको आदेश जारी हुनु नपर्ने भए

कारण एवम् प्रमाण सहित मिति २०७१।१०।१८ गतेसम्म विपक्षीहरूतर्फबाट महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूका नाममा प्रस्तुत आदेश एवम् निवेदनको प्रतिलिपि साथै राखी म्याद जारी गरी गराई मिति २०७१।१०।१९ मा प्रस्तुत मुद्दालाई नियमबमोजिम प्राथमिकता दिई छलफलको समयमा नाबालक भनिएका बन्दी समेतलाई इजलाससमक्ष उपस्थित गराउनु भनी जानकारी गराई पेस गर्नु भन्ने यस अदालतबाट मिति २०७१।१०।१५ मा आएको आदेश।

रिट निवेदनमा उल्लिखित विकाश राई दनुवार (नाम परिवर्तन) नाम गरेको व्यक्ति यस कारागारमा नरहेको, काठमाडौं जिल्ला अदालतको च.नं. १९९३ स.फौ.नं. १०८२ देखी ११०२ सम्म २१ थान मुद्दामा मिति २०७१।१०।४ को आदेशले यस कारागारमा थुनामा राख्न पठाइएका बन्दीहरू पाँच जनामध्ये दोर्जे भन्ने विशाल राई मिति २०७२।१०।५ देखी नकबजनी चोरी मुद्दामा यस कारागारमा थुनामा रहेका छन्। अधिकारप्राप्त निकाय तथा अधिकारीको आदेशबाट थुनामा राखिएको हुँदा यस कार्यालयको हकमा उक्त रिट निवेदन खारेज योग्य भएकाले खारेज गरिपाउँ भन्ने कारागार कार्यालय जगन्नाथदेवल काठमाडौंको लिखित जवाफ।

वादी नेपाल सरकार प्रतिवादी यी निवेदक विशाल राई दनुवारसमेत भएको सि.आर. १०८२ देखि ११०२ सम्मका २१ थान नकबजनी चोरी मुद्दामा निवेदकसमेतलाई प्रतिवादी कायम गरी यस अदालतसमक्ष वादी नेपाल सरकारले अभियोगपत्र दायर गरेको, यी निवेदकको अभियोगपत्रमा जिल्ला उदयपुर कटारी गा.वि.स. वडा नं. ५ सिम्ले घर भई काठमाडौं जिल्ला पुरानो बसपार्क बस्ने मिलन राईको छोरा वर्ष १८ उमेरको भनी उल्लेख भएकामा निजले अदालतसमक्ष बयान गर्दा आफ्नो बाबुको नाम बलबहादुर दनुवार हो र उमेर १३ वर्ष ९ महिना भनी जन्म दर्ताको फोटोकपी पेस गरेको पाइयो। निजको अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा बाबुको नाम मिलन राई भनी उल्लेख गरेको पाइयो। विपक्षी निवेदकको उमेर निजले अदालतसमक्ष गरेको बयानमा १३ वर्ष ९ महिना भनी उल्लेख गरेको भए तापनि उमेर परीक्षण गराउने आदेश भई उमेर परीक्षण प्रतिवेदन प्राप्त भई नसकेको अवस्था हुँदा प्रतिवादीको यस अदालतमा भएको बयान मात्रको आधारमा निजको हकमा बालबालिकासम्बन्धी ऐन आकर्षित हुन सक्दैन। उक्त मुद्दाहरूमा निवेदकसँग धरौट माग भएकामा सो धरौट दिन नसकी मुद्दा पुर्पक्षको लागि कारागार कार्यालयमा थुनामा राख्न पठाएको हुँदा निवेदकको संविधान र कानून प्रदत्त हकमा आघात नपरेको हुँदा निवेदन मागबमोजिम आदेश जारी हुन सक्ने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको काठमाडौं जिल्ला अदालतको लिखित जवाफ।

यसमा काठमाडौं जिल्ला अदालतमा दायर रहेको ०७१-CR-११०२ नं. को नकबजनी चोरी मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।१०।४ मा भएको आदेशानुसार निवेदक बन्दीको उमेर जाँच हुनुपर्नेमा सोअनुसार भएको प्रमाण मिसिल संलग्न नदेखिनाले सोसम्बन्धमा के कसो भएको हो, काठमाडौं जिल्ला अदालत बुझी उमेर जाँच भएको भए सोसम्बन्धी प्रतिवेदन तुरून्त मगाई र उमेर जाँच नभएको भए तुरून्त गराई सो जाँच भएको प्रतिवेदनसहित बन्दीसमेतलाई इजलाससमक्ष उपस्थित गराउने गरी मिति २०७१।११।१० गते छलफलमा लागि पेस गर्नु भन्ने यस अदालतबाट मिति २०७१।११।४ मा भएको आदेश।

नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन

आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री पुष्पराज पौडेल र श्री सुमित्रा राईले वादी नेपाल सरकार प्रतिवादी यी निवेदकसमेत भएको २१ थान नकबजनी चोरी मुद्दामा काठमाडौं जिल्ला अदालतबाट थुनछेक आदेश हुँदा निवेदकसँग धरौटी माग गरिएको र धरौटी दाखिला गर्न नसकेको भनी विपक्षी कारागार कार्यालयमा थुनामा राखिएको छ । निवेदकले अदालतसमक्ष वयान गर्दा आफू १३ वर्ष ९ महिनाको भएको भनी जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपिसमेत पेस गरेकामा सोलाई मान्यता नदिई बयस्क अभियुक्त सरह व्यबहार गरी धरौटीबापत थुनामा राखिएको विपक्षीको कार्य बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२), सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा संयुक्त राष्ट्र सङ्घीय बाल अधिकार महासन्धि,१९८९ को धारा ३७(ख) समेतको विपरीत भएकाले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी निवेदकलाई विपक्षीहरूको गैह्रकानूनी थुनाबाट मुक्त गरिपाउँ भनी र विपक्षी नेपाल सरकारका तर्फबाट उपस्थित हुनुभएका विद्वान् उपन्यायाधिवक्ता श्री बालकृष्ण वाग्लेले निवेदकले अनुसन्धानको क्रममा बयान गर्दा आफ्नो उमेर १८ वर्ष भनी बयान गरेका र सोहीबमोजिम अभियोगपत्र दायर भै थुनछेक आदेश हुँदा माग भएको धरौटी दाखिला गर्न नसकेकाले थुनामा राखिएको हो। निजले अदालतमा बयान गर्दा आफ्नो उमेर १३ वर्ष ९ महिना हो भनी बयान गरेकाले निजको उमेर परीक्षण गर्ने आदेश भएकामा हाल निजको उमेर परीक्षणबाट नाबालक देखिएकाले सोबमोजिम अदालतले आफ्नो पूर्व आदेश पुनर्विचार गर्न सक्ने नै भएको र तत्कालको अवस्थामा बाध्यात्मकरूपमा पालना गर्नुपर्ने कार्यविधिको पालना गरी भएको आदेशलाई अन्यथा भन्न मिल्दैन भनी बहस गर्नुभयो।

उपर्युक्तबमोजिम दुवैतर्फका विद्वान् कानून व्यवसायीले गर्नुभएको बहस सुनी निवेदनसहितका मिसिल कागजात अध्ययन गरी हेर्दा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी भै निवेदकलाई थुनामुक्त गर्नुपर्ने हो होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, रिट निवेदकसमेतलाई प्रतिवादी बनाई काठमाडौं जिल्ला अदालतमा दायर भएका ०७१-सि.आर.-१०८२ देखि ११०२ सम्मका २१ थान मुद्दामा निवेदकसँग रू. ३३,०००।- धरौटी माग भएकामा निजले उक्त धरौटी दाखिला गर्न नसकेकाले मुद्दा पुर्पक्षका क्रममा बयस्कहरू सँगै विपक्षी कारागार कार्यालयमा थुनामा राखिएको छ । निवेदकले अदालतसमक्ष बयान गर्दा आफ्नो उमेर १३ वर्ष ९ महिना भनी उल्लेख गरी जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपिसमेत पेस गरेको र बहसको क्रममा सक्कलसमेत देखाइएकामा सोलाई बेवास्ता गरी निवेदक नाबालकसँग धरौटी माग्ने र तिर्न नसकेको भनी थुनामा राख्ने कार्यले बालबालिकालाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(२), १३(१), २४, बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) र नेपालद्वारा अनुमोदन भएको संयुक्त राष्ट्र सङ्घीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ३७(ख) द्वारा प्रदत्त हक अधिकारको हनन् हुन गएको र सो कार्य सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको विपरीत भएकाले निवेदकलाई उक्त गैह्रकानूनी थुनाबाट मुक्त गर्नु भनी विपक्षीहरूका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने निवेदकको मुख्य निवेदन दाबी रहेको पाइयो । निवेदक प्रतिवादीउपर दायर भएका नकवजनी चोरी मुद्दाको अभियोगपत्रमा निवेदक वर्ष १८ उमेरका मिलन राईको छोरा भनी उल्लेख भएकामा निजले अदालतसमक्ष बयान गर्दा आफ्नो बाबुको नाम बलबहादुर दनुवार हो र उमेर १३ वर्ष ९ महिना भनी

जन्मदर्ताको फोटोकपी पेस गरेकामा निजको उमेर परीक्षण गराउने आदेश भई परीक्षण प्रतिवेदन प्राप्त भै नसकेको अवस्थामा ती मुद्दाहरूमा माग भएको धरौटी दिन नसकेकाले पुर्पक्षका लागि कारागार कार्यालयमा थुनामा राख्न पठाइएको हुँदा निवेदन मागबमोजिम आदेश जारी हुन सक्ने अवस्था नभएकाले रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षीहरूको लिखित जवाफ व्यहोरा रहेको पाइयो।

३. निवेदनपत्रमा उल्लिखित काठमाडौं जिल्ला अदालतबाट प्राप्त मिसिलहरू हेर्दा वादी नेपाल सरकार र प्रतिवादी उदयपुर जिल्ला कटारी गा.वि.स. वडा नं. ५ सिम्ले घर भै काठमाडौं जिल्ला पुरानो बसपार्क बस्ने वर्ष १८ को दोर्जे भन्ने विशाल राई दुनुवारसमेत भएको ०७१-सि.आर.-१०८२ देखि ११०२ सम्मका २१ थान नकवजनी चोरी मुद्दामा अभियोगपत्र पेस भएको देखियो । उक्त मुद्दाहरूमा थुनछेक आदेश हुँदा निज निवेदक प्रतिवादीसँग धरौटी माग गरिएको र माग भएको धरौटी वा जेथा जमानत दिन नसकेको भनी काठमाडौं जिल्ला अदालतको च.नं. १९९३ मिति २०७१।१०।४ को पत्रद्वारा कारागार कार्यालय जगन्नाथ देवलमा थुनामा राख्न पढाइएको देखियो। निजले उक्त मुद्दाहरूमा अदालतसमक्ष बयान गर्दा आफ्नो बाबुको नाम बलबहादुर दनुवार र उमेर १३ वर्ष ९ महिना भए भनी उल्लेख गरी स्थानीय पञ्जिकाधिकारीको कार्यालय कटारी उदयपुरबाट मिति २०५८।५।१५ मा जारी भएको जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि पेस गरेको र उक्त जन्म दर्ता प्रमाणपत्रमा निजको जन्म मिति २०५७।१२।१० मा भएको भन्ने उल्लेख भएको र सो सन्दर्भ उल्लेख गरी काठमाडौं जिल्ला अदालतबाट उमेर परीक्षण गराउन आदेश भएको देखियो। उक्त आदेशअनुसार Department of Forensic Medicine, Institute of Medicine, Tribhuvan University Maharajgunj बाट निजको उमेर परीक्षण हुँदा "The examinee is in between १३ and १४ Years of age at the time of examination" भनी उल्लेख भएको मिसिल संलग्न रहेको मिति २०७१।१०।२३ को उक्त संस्थाको परीक्षण प्रतिवेदनबाट देखिन्छ।

४. बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २(क) मा "बालक" भन्नाले १६ वर्ष उमेर पूरा नगरेको बालबालिका सम्झनुपर्छ भनी बालकको परिभाषा गरिएको पाइन्छ। त्यस्तै बालन्याय कार्यविधि नियमावली, २०६३ को नियम १५ ले बालकको उमेरसम्बन्धी विवाद भएमा उमेर निर्धारण गर्दा लिइनुपर्ने निम्न आधारहरू तोकेको देखिन्छः-

१) अस्पतालबाट जारी गरिएको बालकको जन्म प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति,
२) खण्ड (क) बमोजिमको प्रमाणपत्र नभएमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्ममिति,
३) खण्ड (ख) बमोजिमको प्रमाणपत्र नभएमा विद्यालयको चारित्रिक प्रमाणपत्रमा उल्लिखित जन्ममिति वा विद्यालयमा भर्ना हुँदाका बखत उल्लेख गरेको जन्ममिति,
४) खण्ड (ग) बमोजिमको प्रमाणपत्र नभएमा सरकारी अस्पतालबाट प्रमाणित उमेर।

५. उपर्युक्त कानूनी व्यवस्थाको रोहमा प्रस्तुत मुद्दाको तथ्यगत कुराहरूको विश्लेषण गरी हेर्दा, निवेदकको अनुसन्धान अधिकारीसमक्ष भएको वयानमा बाबुको नाम मिलन राई र उमेर १८ वर्ष भनी उल्लेख भएको र सोहीबमोजिम अभियोगपत्र दायर भएको भएपनि निजले अदालतसमक्ष बयान गर्दा बाबुको नाम बलबहादुर दनुवार र उमेर १३ वर्ष ९ महिना भनी उल्लेख गरी निजको स्थायी ठेगानाको

स्थानीय पञ्जिकाधिकारीको कार्यालय कटारी उदयपुरबाट जारी भएको जन्ममिति २०५७।१२।१० र बाबुको नाम बलबहादुर दनुवार भन्ने व्यहोरा उल्लेख भएको जन्मदर्ताको प्रमाणपत्र पेस गरेको देखियो । सो कुरालाई निजकी हजुरआमा विष्णुमाया दनुवारले इजलाससमक्ष उपस्थिति भै मौखिकरूपमा समर्थन गरिदिएकी पनि छन् । उक्त जन्मदर्ताअनुसार निजले अदालतमा बयान गर्दाको मिति सम्म निज १३ वर्ष ९ र चानचुन दिन उमेरका रहेका र उमेर परीक्षण प्रतिवेदनमा पनि निजको उमेर १३ र १४ वर्ष बिचको भन्ने उल्लेख भएको तथा इजलाससमक्ष उपस्थित गराइएका निवेदकको शारीरिक अवस्थाको अवलोकनबाट पनि निज १३/१४ वर्षको नाबालक जस्ता देखिँदासमेत पेस भएको जन्मदर्ता प्रमाणपत्रको व्यहोरा अन्यथा रहेको भनी मान्न नमिली निज बलबहादुर दनुवारका छोरा १४ वर्ष भन्दा कम उमेरका विशाल दनुवार नाम गरेका बालक रहेको भन्ने कुरा पुष्टि हुन आयो ।

६. अपराधजन्य कार्यमा संलग्न भएका बालबालिकाको हकमा विशेष व्यवस्था गर्न बालबालिकासम्बन्धी ऐन, २०४८ जारी भएको देखिन्छ । बालबालिकाको हक हितको संरक्षण गरी तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गर्ने उक्त ऐनको प्रमुख उद्देश्य रहेको देखिन्छ । कानूनको द्वन्द्वमा परेका बालबालिका (Children in conflict with law) का हकमा उक्त विशेष ऐनले व्यबस्था गरेको कानूनी व्यबस्थाबमोजिम बालबालिकाको अधिकतम हित अभिवृद्धि हुने गरी कार्य गर्नु अनिवार्य हुन्छ । बालकहरू शारीरिक र मानसिकरूपमा परिपक्व भैनसकेका हुने हुँदा बाल मस्तिष्कले आफूले गरेको कार्यको प्रकृति र परिणाम थाहा नपाउने तथा तिनीहरूमा आपराधिक मनोभावनासमेत विकास भइसकेको नहुने भन्ने कुरालाई सर्वमान्यरूपमा स्वीकार गरिएको छ । त्यसैले बालकबाट घटित भएका अपराधजन्य कार्यका लागि दण्डात्मक भन्दा सुधारात्मक अवधारणाअनुसारण गरी व्यवहार गर्नुपर्दछ भन्ने कुरामा दुइमत हुन सक्दैन । प्रस्तुत रिट निवेदनमा निवेदकउपर दायर भएका नकबजनी चोरी मुद्दामा निजसँग धरौटी माग गरिएको र सो दिन नसकेको भनी थुनामा राखिएको अवस्था छ । नेपाल पक्षराष्ट्र भएको बाल अधिकारसम्बन्धी महासन्धि,१९८९ को धारा ३(१) मा बालबालिकासँग सम्बन्धित काम कुरा गर्दा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिनुपर्ने भन्ने र धारा ३७ (ख) मा बालकलाई थुनामा राख्ने कार्यलाई अन्तिम विकल्पको रूपमा मात्र प्रयोग गर्न सक्ने गरी व्यवस्था गरेको देखिन्छ । सो कुरालाई बालबालिकासम्बन्धी ऐन, २०४८ लेसमेत स्वीकार गरेको देखिन्छ । जिल्ला अदालतबाट निवेदकको हकमा यिनै अवस्थासमेतलाई दृष्टिगत गरी धरौट माग गरेको देखिन्छ । तर, निवेदकले धरौट राख्न नसकेको भनी हाजिर जमानी, अभिभावकको जिम्मा लगाउनेलगायतका अन्य विकल्प हुँदा हुँदै अन्तिम विकल्पको रूपमा निजलाई थुना मानै राखिएको देखिँदा उपर्युक्त कार्य बाल अधिकार महासन्धिको मर्म अनुरूपको भएको देखिन आएन ।

७. यसरी उल्लिखित महासन्धि अनुरूप बालबालिकाको थुनालाई अन्तिम विकल्पको रूपमा मात्र प्रयोग गर्न सकिने र नेपाल सो महासन्धिको पक्ष राष्ट्र भएकाले महासन्धिको उक्त प्रावधान नेपाल सन्धि ऐन, २०४७ को दफा ९ बमोजिम नेपाल कानूनसरह बाध्यकारी रहेको छ । बालबालिका प्रतिवादी भएको मुद्दामा पुर्पक्षका क्रममा थुनछेक आदेश गर्दा निजसँग धरौट वा जमानत माग गर्न सक्ने भएपनि त्यसरी माग गरिएको धरौट वा जमानत दिन नसकेमा सोको विकल्पको रूपमा नाबालकलाई थुनामा राख्ने कार्य बाल न्यायसम्बन्धी अवधारणाको अन्तर्निहित मर्म र उल्लिखित महासन्धिको प्रावधान विपरीत हुने

देखिन्छ । बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ५०(१) मा बालकको शारीरिक अबस्था, उमेर, कसुर गर्दाको परिस्थिति र थुनामा बस्नु पर्ने ठाउँलाई ध्यानमा राख्दा निजलाई थुनामा राख्न उपयुक्त हुँदैन भन्ने लागेमा मुद्दा हेर्ने अधिकारीले चाहिएको बखत उपस्थित गराउने सर्तमा निजको बाबु, आमा, नातेदार वा संरक्षकको जिम्मा लगाई मुद्दाको पुर्पक्ष गर्न आदेश दिन सक्ने कानूनी व्यवस्था रहेको देखिन्छ । यसै सन्दर्भमा यस्तै प्रकृतिको विषयवस्तु समावेश भएको निवेदक प्रदिप थापा वि. जिल्ला प्रशासन कार्यालय काठमाडौंसमेत भएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदन (*ने.का.प.* २०६५, निर्णय नं. ८००५) तथा निवेदक रामेश्वर चौधरी वि. काठमाडौं जिल्ला अदालतसमेत भएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदन (*ने.का.प.* २०७० अङ्क ११ निर्णय ९०७४) मा धरौटी दिन नसकेको भनी धरौटीको विकल्पको रूपमा थुनामा राखिएको कार्य गैरकानूनी घोषित भै बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएको छ । यस परिप्रेक्ष्मा यी रिट निवेदक नाबालक रहेका र मुद्दा पुर्पक्षका लागि निजलाई अभिभावक, नातेदार तथा संरक्षकको जिम्मा लगाउन सक्ने कानूनबमोजिमका विकल्पहरूको प्रयोग नगरी माग भएको धरौट राख्न नसकेको भनी कारागार कार्यालयमा थुनामा राखिएको कार्य कानूनसम्मत नरही बालन्यायको मर्म र उल्लिखित नजिर अनुकूलसमेत देखिन आएन।

८. अतः माथि उल्लिखित आधार कारणबाट निवेदक प्रतिवादी नाबालक रहेको भन्ने कुरा पुष्टि हुन आई निजउपर दायर भएका नकबजनी चोरी मुद्दाहरूमा काठमाडौं जिल्ला अदालतबाट मुद्दा पूर्पक्षका लागि माग भएको धरौटी रकम तिर्न नसकेको आधारमा कारागार कार्यालयमा थुनामा राखिएको कार्य बालबालिकासम्बन्धी ऐन, २०४८ को समग्र उद्देश्य तथा सर्वोच्च अदालतबाट प्रतिपादित उल्लिखित नजिर सिद्धान्तसमेत विपरीत देखिँदा निवेदक विशाल राई दनुवार (परिवर्तित नाम विकाशा राई दनुवार) लाई थुनामुक्त गरी दिनु भनी विपक्षीहरूका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ठहर्छ। सो ठहर्नाले यी निवेदककी हजुरआमा विष्णुमाया दनुवारले इजलाससमक्ष उपस्थित भै निवेदनलाई आफ्नो जिम्मामा बुझि लिन स्वीकृत जनाएकीले रिट निवेदक विशाल राई दनुवारलाई निजको जिम्मा लगाई आजै यसै अदालतबाट थुनामुक्त गरिदिनू। प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिई नियमानुसार मिसिल बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. दीपकराज जोशी

इति संवत् २०७१ साल फागुन २० गते रोज ४ शुभम्।
इजलास अधिकृत :– सन्तोषप्रसाद पराजुली

## निर्णय नं.९४३९

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय
माननीय न्यायाधीश श्री दीपकराज जोशी
फैसला मिति :- २०६७।१२।१३।४
०६७-CR-०८४९

मुद्दा : डाँका चोरी।

पुनरावेदक/प्रतिवादी :- राममिलन कोहारको छोरा जिल्ला कपिलवस्तु डुमरा गा.वि.स वडा नं. ९

मुगहरी घर भई हाल जिल्ला कारागार कार्यालय पर्सामा थुनामा रहेका बलिराम कोहार

विरूद्ध

प्रत्यर्थी/वादी :- सन्दिपकुमार गुप्ताको जाहेरीले नेपाल सरकार

- **मुलुकी ऐन, अदालती बन्दोबस्तको २०५ नं. ले एकै मुद्दाका हार्ने झगडिया मध्ये कसैको पुनरावेदन परी इन्साफ जाँचिदा सजाय उल्टीन जाने भयो भने पुनरावेदन नगर्नेको हकमा समेत इन्साफ जाँचि दिनुपर्ने व्यवस्था गरेको देखिन्छ । प्रस्तुत विवादमा वारदात नै डाँकाबाट रहजनी भई केही उल्टी भएको र सजाय पनि कम हुने अवस्था रहेको हुँदा पुनरावेदन नगर्ने स्कुल मियाँको हकमा पुनरावेदन नगरेकै कारणले मात्र पुनरावेदन अदालतको फैसला सदर गर्ने मिलेन ।**

(प्रकरण नं. ८)

पुनरावेदक/प्रतिवादीको तर्फबाट :-

प्रत्यर्थी/वादीको तर्फबाट :- विद्वान् उपन्यायाधिवक्ता सूर्यराज दाहाल

अवलम्बित नजिर :-

सम्बद्ध कानून :-

- मुलुकी ऐन, अदालती बन्दोबस्तको २०५
- मुलुकी ऐन, चोरीको ५, १२(३), १४(३)(४)
- मुलुकी ऐन, दण्डसजायको ३८(१)

सुरू तहमा फैसला गर्ने :

मा.न्या. श्री निलकण्ठ उपाध्याय

पुनरावेदन तहमा फैसला गर्ने :

मा.न्या. श्री जगदीश शर्मा पौडेल

मा. न्या. श्री बलराम विष्ट

फैसला

**न्या. बैद्यनाथ उपाध्याय :-** पुनरावेदन अदालत, बुटवलबाट मिति २०६६।१२।१० मा भएको फैसलाउपर प्रतिवादी बलिराम कोहारले जिल्ला कारागार कार्यालय पर्सामार्फत यस अदालतमा निवेदन परी न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को उपदफा (१) को खण्ड (क) बमोजिम निस्सा प्रदान भई पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवम् ठहर यसप्रकार रहेको छ :–

मिति २०६५।१।७ गतेका दिन जय अम्बे किराना स्टोर्स तौलिहवाबाट चुरोट बिक्री गर्न चाकर चौडातर्फ गएका बजार प्रतिनिधि त्रिवेणीकुमार गुप्ताको साथमा भएको नगद रू. २,००,०००।– मोबाइल सेट थान १ समेत पिपरा गा.वि.स. वडा नं. ६ सिसवा पुल नजिक सडकमा स्कुल मियाँ र बलिराम कोहारले जबरजस्ती चोरी गरी फरार रहेकामा तत्काल प्रहरीको सहयोगबाट निज डाँकाहरू पक्राउ परेको हुँदा कानूनबमोजिम कारवाही गरिपाउँ भन्ने व्यहोरासमेतको जाहेरी प्रतिवेदन ।

जिल्ला कपिलवस्तु गा.वि.स. पिपरा वडा नं. ६ स्थित पूर्व खाली खेत, पश्चिम खाली खेत, उत्तर सिसवा पुल र दक्षिण बलराम शुक्लाको घर यति चार किल्लाभित्र पकडी चाकरचौडा सडक खण्डमा ना. १ ख ८०६२ नं. को मिनि ट्रकलाई हतियारधारी समूहले पेस्तोलसमेत देखाई नगद तथा मोबाइल सेट लुटी लगेको भनिएको घटनास्थल मुचुल्का ।

मससमेतको सहमतिमा ना. १ ख. ८०६२ नं. को ट्रकको सेल्सम्यानको साथमा भएको नगद र मोबाइल सेट थान १ समेत जबरजस्ती चोरी गरी बलिराम

कोहार, नसिब मुसलमान र अलीन बन्जारसमेत भई बन्डा गर्दा मेरो भागमा रू.२८,५००।– परेको र सो रूपैयाँ रहमतुल्ला मुसलमानलाई राख्न दिएको अवस्थामा म पक्राउ परेको र बलिराम कोहारको साथबाट रू.१९,५७४।- नगद र मोबाइल सेट बरामद भएको हो । नसिब मुसलमान भागेका हुन् भन्नेसमेत व्यहोराको प्रतिवादी स्कुल मियाँ अन्सारी (मुसलमान) ले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज।

नसिब मुसलमानको योजनाअनुसार ना.१ ख.८०६२ नं. को ट्रकका सेल्सम्यान त्रिवेणी गुप्ताको साथमा रहेको मोबाइल सेट र नगदसमेत जबरजस्ती चोरी गरी बन्डा गर्दा मेरो भागमा रू.२८,८००।– परेकामा रू.१९,५७४।– र मोबाइल सेट मेरो साथबाट बरामद भएको हो। मैले प्रयोग गरेको हतियार अलिहसन बन्जारासमेतले लिई फरार भएका तथा म र स्कुल मियाँ पक्राउ परेको हो भन्नेसमेत व्यहोराको प्रतिवादी बलिराम कोहारले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज।

प्रतिवादीहरूको घर खान तलासी गर्दा अपराधसँग प्रमाण लाग्ने कुनै वस्तु फेला नपरेको भन्नेसमेत व्यहोराको खान तलासी तथा बरामदी मुचुल्का।

सेल्सम्यान त्रिवेणीप्रसाद गुप्ताको साथमा रहेको दुई लाख रूपैयाँ र एक थान मोबाइल सेट प्रतिवादीहरूले जबरजस्ती चोरी गरी भाग्दै गर्दा स्थानीय मानिसहरू र प्रहरीको सहयोगमा पक्राउ परी खान तलासी लिँदा बलिराम कोहारको भारतीय नम्बर यु.पी. ४७९६-७४ को मोटरसाइकल बरामद गरेको थाहा पाएको हुँ भन्नेसमेत व्यहोराको मनोजकुमार गुप्ता कसौधनसमेतले गरेको कागज।

मिसिल संलग्न जाहेरी दरखास्त घटनास्थल मुचुल्का, मनोज कुमार गुप्ता कसौधनसमेतले गरी दिएको कागज, पक्राउमा परेका प्रतिवादीहरूको बयान कागजसमेतबाट प्रतिवादीहरू मिली मिति २०६५।१।७ गतेका दिन ३.३० बजेतिर ना. १ ख. ८०६२ नं. को मिनि ट्रकमा बसी आइरहेका त्रिवेणीकुमार गुप्तालाई प्रतिवादी बलिराम कोहार, स्कुल मियाँ मुसलमान र अलिहसन बन्जारासमेतले रोकी हतियारसमेत देखाई डर त्रासमा पारी निजसँग रहेको नगद दुई लाख रूपैयाँ र नोकिया मोबाइल सेट एक थानसमेत डाँका गरी लगेका तथा बलिराम कोहारबाट नगद रू १९,५७४।- र मोबाइल सेट थान १ र स्कुल मियाँ मुसलमानबाट यु.पि. ४७६९-७४ नं. को मोटरसाइकलसमेत बरामद भएको देखिन आई प्रतिवादीहरूले मुलुकी ऐन, चोरीको महलको १ र ६ नं. को कसुर गरेको हुँदा निज प्रतिवादीहरू बलिराम कोहार र निज मुसलमानलाई सोही महलको १४(४) नं. बमोजिम सजाय हुन र स्कुल मियाँ मुसलमानलाई अब्दुल अजिज मुसलमानको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी यिनै स्कुल मियाँसमेत भएको डाँका मुद्दा र मुकेश तेलीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी यिनै स्कुल मियाँ मुसलमानसमेत भएको डाँका मुद्दामा समेत प्रतिवादी कायम भएको हुँदा प्रस्तुत मुद्दामा निज प्रतिवादी स्कुल मियाँ अन्सारी मुसलमानलाई तेस्रो पटक कायम गरी ऐ.को १४(४) नं. बमोजिम सजाय हुन र बरामद भएको नगद र मोबाइल सेट ऐ.को २१ नं. बमोजिम जाहेरवालालाई दिलाई नपुग बिगो रू. १,८०,४२६।– प्रतिवादीहरूबाट जाहेरवालालाई भराई पाउन र बरामद मोटरसाइकल जफत गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारले कपिलवस्तु जिल्ला अदालतमा दायर गरेको अभियोगपत्र।

मैले कुनै कसुर गरेको छैन । मसँग बाट मोबाइल सेट तथा नगद बरामद भएको होइन । अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान कागज मेरो स्वेच्छाले भएको होइन । प्रहरीले डर धम्की दिएकाले सहीछापसम्म गरेको हुँ। मउपरको दाबी झुट्टा

हो भन्नेसमेत व्यहोराको प्रतिवादी बलिराम कोहारले सुरू अदालतमा गरेको बयान।

मैले कुनै कसुर गरेको छैन। मबाट बरामद भएको मोटरसाइकल मेरो हो। अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान कागज मेरो स्वेच्छाले भएको होइन, मउपरको दाबी झुट्टा हो भन्नेसमेत व्यहोराको प्रतिवादी स्कुल मियाँ अन्सारीले सुरू अदालतमा गरेको बयान।

घटनास्थलमा प्रतिवादीहरूलाई देखिन, घटनास्थल मुचुल्का र खान तलासी मुचुल्कामा भएको सहीछाप मेरै हो भन्नेसमेत व्यहोराको घटनास्थल तथा खान तलासी मुचुल्काका मानिस चिन्तामणि गुप्ताले गरेको बकपत्र।

मिति २०६५।१।७ गतेका दिन कपिलवस्तु जिल्ला पिपरा ६ स्थित चाकरचौंडामा बलिराम कोहार, स्कुल मियाँसहितका ४/५ जना व्यक्तिहरूले मेरो साथबाट दुईलाख रूपैयाँ नगद र सिमसहितको नोकिया मोबाइल सेट थान एक चोरी गरेका हुन्। निजहरूसँग हातहतियार पनि थियो भन्नेसमेत व्यहोराको घटनास्थल मुचुल्काका त्रिवेणीकुमार गुप्ताले गरेको बकपत्र।

मिति २०६५।१।७ गतेका दिन कपिलवस्तु जिल्ला पिपरा ६ स्थित चाकरचौंडामा बलिराम कोहार, स्कुल मियाँसहितका २/३ जना व्यक्तिहरूले डाँका चोरी गरी लगेका हुन्। मेरो स्टाफ त्रिवेणी कुमार गुप्ताले फोनबाट डाँका भएको थाहा जानकारी गराएका मैले उक्त कुरा प्रहरीलाई जानकारी गराएको हुँ। जाहेरी दरखास्तमा भएको सहीछाप मेरो हो भन्नेसमेत व्यहोराको जाहेरवाला सन्दिपकुमार गुप्ताले गरेको बकपत्र।

जाहेरी दरखास्तको व्यहोरा र सोमा भएको सहीछाप मेरै हो। बलिराम कोहार र स्कुल मियाँसमेतका मानिसहरूले घटना घटाएका हुन भन्नेसमेत व्यहोराको जाहेरवाला सन्दिप कुमार गुप्ताले गरेको बकपत्र।

बलिराम कोहारले कुनै कसुर गरेका छैनन्। निजउपरको अभियोग दाबी झुट्टा हो भन्नेसमेत व्यहोराको जगदीश कोहारले गरेका बकपत्र।

अधिकारप्राप्त अधिकारीसमक्ष साबित भएका बलिराम कोहारबाट नगद र मोबाइल सेट बरामद भएको र प्रतिवादी स्कुल मियाँबाट चोरीमा प्रयोग भएको मोटरसाइकल बरामद भएको हुँदा प्रतिवादी बलिराम कोहार र स्कुल मियाँले डाँका गरेको ठहर्छ। रू.२,००,०००।– र मोबाइल सेट डाँका भएको भन्नेमा यसलाई प्रतिवादीहरूले अन्यथा गर्न नसकेको र जाहेरवालाको बकपत्रसमेतबाट रू. २,००,०००।– डाँका भएको देखिँदा चोरीको १४(४) ले प्रतिवादीहरू बलिराम कोहार र स्कुल मियाँ अन्सारी (मुसलमान) लाई रू. ३,००,०००।– का दरले जरिवाना र ६/६ वर्षका दरले कैद हुने ठहर्छ भन्नेसमेत व्यहोराको कपिलवस्तु जिल्ला अदालतबाट मिति २०६६।३।११ मा भएको फैसला।

म प्रतिवादीबाट कुनै दसी बरामद नभएको, जाहेरीमा देखाएको बिगोको प्रमाणिक आधार नभएको र म प्रतिवादीलाई घटनास्थलबाट पक्राउ नगरेको अवस्था, जाहेरवाला तथा अनुसन्धानमा कागज गर्ने व्यक्तिहरूबाट भएको बकपत्रमा २/३ जना व्यक्तिहरूले डाँकाको वारदात गरेको भनी भनेको अवस्थामा मेरो इच्छा विरूद्धको प्रहरीमा भएको साबितीलाई प्रमाणमा लिई मलाई सजाय गर्ने गरी भएको फैसला उल्टाई सफाइ पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी स्कुल मियाँ अन्सारीले पुनरावेदन अदालत, बुटवलमा दायर गरेको पुनरावेदनपत्र।

प्रत्यर्थी प्रतिवादीहरूलाई डाँकाको कसुर ठहरी गरी सजायसमेत भएको अवस्थामा जाहेरवालाको नपुग बिगो रू.१,८०,४२६।- भराउने र प्रतिवादी स्कुल मियाँ अन्सारीलाई अब्दुल अजिज मुसलमान र रहिस

मुहम्मद नाउँ मुसलमानसमेतको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी सन्दिपकुमार गुप्ताको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी यी प्रतिवादीसमेत भएको डाँका मुद्दामा दोस्रो पटक र प्रस्तुत मुद्दामा तेस्रो पटक कायम गरी सजाय हुन माग दाबी लिएकामा उक्त मुद्दाहरू यी प्रतिवादीको हकमा तामेलीमा रहेकामा सोतर्फ केही नबोली भएको फैसला सो हदसम्म बदर गरी दाबीबमोजिमको नपुग बिगो भराई पटकसमेत कायम गरी सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारले पुनरावेदन अदालत, बुटवलमा दायर गरेको पुनरावेदनपत्र।

जाहेरवाला तथा प्रहरीमा कागज गर्ने व्यक्तिहरूले ३/४ जना व्यक्तिले लुटेको भनी उल्लेख गरेको अवस्थामा प्रस्तुत वारदात डाँकाको परिभाषाभित्र नपर्ने, कायम गरिएको बिगो हचुवा रहेको र मेरो साक्षी प्रमाणको समेत मूल्याङ्कन नगरी भएको फैसला बदर गरी इन्साफ पाउँ भन्ने प्रतिवादी बलिराम कोहारले पुनरावेदन अदालत, बुटवलमा दायर गरेको पुनरावेदनपत्र।

यसमा प्रतिवादी स्कुल मियाँको हकमा पहिले चलेको डाँका मुद्दातर्फ केही नबोली पटकतर्फको वादी दाबीमा प्रवेश नगरेको साथै प्रतिवादीहरूको यकिन सङ्ख्या पनि प्रष्ट गर्न नसकेको सुरू फैसला फरक पर्ने देखिँदा सरोकारवाला पक्ष विपक्ष सबैको पुनरावेदन परिरहेकाले सो पुनरावेदन एक अर्कालाई सुनाई नियमबमोजिम पेस गर्नु भनी पुनरावेदन अदालत, बुटवलबाट मिति २०६६।९।१४ मा भएको आदेश।

प्रमाणहरूबाट यी प्रतिवादीहरू समेतले डाँका गरेको देखिँदा प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । अतः कपिलवस्तु जिल्ला अदालतबाट प्रतिवादी स्कुल मियाँ अन्सारी र प्रतिवादी बलिराम कोहारलाई डाँकामा सजाय गर्ने गरी फैसला भएको र डाँका भएको बिगोमध्ये बाँकी बिगो रू. १,८०,४२६।– जाहेरवालालाई भराई दिने भन्ने छुट भएको देखिँदा उक्त बिगो जाहेरवालालाई भराई दिने गरी कपिलवस्तु जिल्ला अदालतको मिति २०६६।३।११ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । सोबाहेक पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, बुटवलबाट मिति २०६६।१२।१० मा भएको फैसला।

सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको फैसलामा कानूनी त्रुटि रहेको छ । प्रस्तुत मुद्दाको प्रकृति एवम् घटना वारदातबाट डाँकाको परिभाषाभित्र पर्दैन । मुलुकी ऐन, चोरीको ६ नं. अनुसार डाँकाको वारदात हुन चार जनाभन्दा बढी अर्थात् कम्तिमा पाँच जना व्यक्ति हुनुपर्ने जरूरी हुन्छ। तर, प्रस्तुत वारदातमा चारजना व्यक्तिभन्दा बढ्ताको जमात हुनुपर्छ भन्ने कानूनी व्यवस्थाको विपरीत कथित वारदातमा ४ जना व्यक्तिको जति पनि संलग्नता रहेको पाइँदैन । मिति २०६५।१।७ गते दिउँसो ४ बजेको समयमा डाँका वारदात भएको देखाइएको छ। वारदात भएको स्थान जङ्गल र एकान्त नभई अतिव्यस्त रहेको सडकमा उल्लेख भएको देखिन्छ तर त्यस्तो ठाउँमा वारदात घटाउने कार्य कसैबाट हुन सक्दैन र मबाट समेत भएको छैन। म निर्दोष रहेकाले सुरू कपिलवस्तु जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको फैसला उल्टी गरी अभियोग मागदाबीबाट सफाइ पाउँ भनी प्रतिवादी बलिराम लोहारले जिल्ला कारागार कार्यालय पर्सामार्फत यस अदालतमा मुद्दा दोहोर्‍याई हेरिपाउँ भनी दायर गरेको निवेदनपत्र।

प्रस्तुत मुद्दाको सुरू, रेकर्ड र भए प्रमाण मिसिलसमेत झिकाई आएपछि नियमानुसार गरी पेस गर्नु भनी यस अदालतबाट मिति २०६७।१०।२९ मा भएको आदेश।

दुईजनाको नाम किटान गरी जाहेरी परेको,

प्रतिवादीहरूलाई जबरजस्ती चोरीको मुद्दाको सन्दर्भमा अनुसन्धानको क्रममा बयान गराएको देखिएको, पक्राउ परेका प्रतिवादीहरू बलिराम लोहार र स्कुल मियाँ अन्सारीको मौकाको बयानबाट ट्रक लुट्ने कार्यमा निज प्रतिवादीहरू तथा नसिब मुसलमान र अलिहसन बन्जार (मुसलमान) समेत जम्मा चारजनाको संलग्नता देखिएको अवस्था छ । मुलुकी ऐन, चोरीको महलको ६ नं. बमोजिम डाँकाको वारदात हुन चारजनाभन्दा बढ्ता मानिसको संलग्नता हुनुपर्ने कानूनी व्यवस्था भएको सन्दर्भमा प्रस्तुत वारदातमा चारजनाभन्दा बढ्ताको संलग्नता नदेखिएको र जबरजस्ती चोरीको मुद्दाको सन्दर्भमा अनुसन्धान भएको देखिएको अवस्थामा पनि डाँकाको कसुर ठहर्‍याएको सुरू अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६६।१२।१० को फैसला चोरीको ६ नं. को व्याख्याको परिप्रेक्ष्यमा त्रुटिपूर्ण देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को उपदफा (१) को खण्ड (क) को आधार प्रस्तुत मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गरिएको छ, नियमानुसार गर्नु भनी यस अदालतबाट मिति २०६७।११।६ मा भएको आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस भएको प्रस्तुत मुद्दामा पुनरावेदनसहितको रेकर्ड मिसिलहरूको अध्ययन गरी प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट महान्यायाधिवक्ताको कार्यालयका विद्वान् उप-न्यायाधिवक्ता श्री सूर्यराज दाहालले प्रतिवादीहरू बलिराम लोहार, स्कुल मियाँ मुसलमान र अलिहसन बन्जार (मुसलमान) समेतका व्यक्तिहरूको संलग्नतामा ना.१ ख ८०६२ नं को ट्रकमा रोकी सो ट्रकका चालकलाई नियन्त्रणमा लिई सो ट्रकमा रहेका त्रिवेणी कुमार गुप्तालाई हतियार देखाई डर त्रासमा पारी निजसँग रहेको नगद दुई लाख रूपैयाँ र नोकिया मोबाइल सेटसमेत लुटी लगेको पुष्टि भएको अवस्थामा सो कार्यलाई डाँका वारदात ठहर्‍याएको सुरू अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको फैसला मिलेकै हुँदा सो फैसला यथावत् राखी गरिपाउँ भनी बहस गर्नुभयो।

विद्वान् उप-न्यायाधिवक्ताले गर्नुभएको बहससमेतलाई विचार गरी प्रस्तुत वारदात डाँका चोरीको वारदातभित्र पर्छ पर्दैन, सुरू अदालत र पुनरावेदन अदालत,ले पुनरावेदक प्रतिवादीलाई डाँका कसुरमा सजाय हुने ठहर्‍याएको फैसला मिलेको छ छैन, अभियोग माग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन मिसिल संलग्न कागजात हेरी निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा प्रतिवादीहरू बलिराम लोहार, स्कुल मियाँ र नचिनेका अन्य ३/४ जनासमेत भई २०६५।१।७ गते सामान बिक्री गरी फर्की आउने क्रममा चलाइरहेको ट्रक रोकी चालक सानु चौधरीलाई पेस्तोल देखाई ज्यानै मार्ने धम्की दिई ट्रकभित्र रहेका स्टाफ त्रिवेणी गुप्तासँग रहेको दुईलाख रूपैयाँ लुटी लगेको हुँदा प्रतिवादीहरूलाई पक्राउ गरी कारवाही गरिपाउँ भनी प्रस्तुत मुद्दा उठान भएको रहेछ।

३. प्रतिवादी स्कुल मियाँले मौकामा गरेको बयान हेर्दा चाकर चौडबाट पकरीतर्फ आइरहेको ना.१ ख. ८०६२ नं. को ट्रक लुट्न भनी नसिब मुसलमानले भनेको र अलिहसन बन्जारले पनि ट्रक लुट्दा आर्थिक लाभ हुने भनेकाले नसिब मुसलमान, वलिराम लोहार र म स्कुल मियाँ भई चालक सानु चौधरीलाई नियन्त्रणमा लिई सोही ट्रकमा रहेका त्रिवेणी कुमार गुप्तालाई हतियारसमेत देखाई डर त्रासमा पारी जाहेरीमा उल्लिखित रकम र मोबाइल सेटसमेत जबरजस्ती चोरी गरेका हौं भनी कसुरमा साबिती भई बयान गरेको पाइन्छ । प्रतिवादी वलिराम कोहारले

स्कुल मियाँ अन्सारी, अलिहसन बन्जारा र मसमेत भई भारतीय मोटरसाइकलबाट सिसवा पुलमा आई पछाडिबाट आएको ट्रकलाई नियन्त्रणमा लिई जाहेरीमा उल्लिखित रकम र मोबाइल सेट जबरजस्ती चोरी गरेको र मेरो भागमा परेको रू १९,५७४।- र मोबाइल सेट बरामद भएको हो भनी कसुरमा साबिती भई बयान गरेको भएतापनि अदालतमा कसुरमा इन्कार रही बयान गरेको पनि देखिएको छ।

४. प्रतिवादीहरू स्कुल मियाँ र बलिराम कोहारको जिउ खान तलासी गर्दा बलिराम कोहारको साथबाट नगद रू.१९,५७४।– नोकिया मोबाइल थान एक र स्कुल मियाँ अन्सारीबाट वारदातमा प्रयोग भएको भारतीय नम्बरको UP ४७६९-७४ नम्बरको कालो रङ्गको स्पेलेन्डर मोटर साइकल बरामद भै आएको खानतलासी मुचुल्काबाट देखिन्छ । वस्तुस्थिति मुचुल्काका चन्द्रमान गुप्ता, राकेश लोनिया र बुद्धि सागर कलवारले समेत प्रतिवादीहरूले त्रिवेणीकुमार गुप्ताबाट जाहेरीमा उल्लिखित रकम जबरजस्ती चोरी गरेका हुन् भनी खुलाई लेखाई दिएको देखिन्छ। मौकामा कागज गर्ने सबिर मुसलमान, उमेश कोहार, मनोजकुमार गुप्ता, त्रिवेणी कुमार गुप्ता, ट्रक चालक सानु चौधरीसमेतले प्रतिवादीहरूले हातहतियार देखाई त्रिवेणीकुमार गुप्तासँग रहेको जाहेरीमा उल्लिखित रकम जबरजस्ती चोरी गरेको हुन भनी लेखाई दिएको मिसिलमा पाइँदा प्रतिवादीहरू कसुरमा साबिती भई गरेको बयान व्यहोरा पुष्टि हुन आएको पाइन्छ । वारदातमा संलग्न रहेका व्यक्तिहरूलाई देखाउँदा चिनेँ। यिनै प्रतिवादीहरू हुन भनी त्रिवेणीकुमार गुप्ताले प्रतिवादीहरूको सनाखत गरिदिएको पनि देखिएको छ।

५. प्रतिवादीहरूले अदालतमा गरेको बयान हेर्दा कसुरमा इन्कार रही बयान गरे पनि बरामद भएको मोटरसाइकल आफ्नै हो भनी स्कुल मियाँले स्वीकार गरेका रहेछन् खानतलासी व्यहोरा ठीक हो भनी सो मुचुल्काका चिन्तामणी गुप्ताको बकपत्र, प्रतिवादीहरू वलिराम कोहार र स्कुल मियाँ भई वारदात घटाएका हुन् भनी मौकामा कागज गर्ने त्रिवेणीकुमार गुप्ताले र जाहेरी व्यहोरा पुष्टि हुने गरी जाहेरवाला संदिपकुमार गुप्तासमेतको बकपत्रबाट प्रतिवादीहरूले प्रस्तुत वारदात घटाएको पुष्टि हुन आयो।

६. प्रस्तुत वारदात मूलतः डाँका चोरीअन्तर्गतको वारदात हो कि होइन भनी निर्णय गर्नुपर्ने देखिन भयो। यस अदालतबाट प्रस्तुत मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गर्दा ४ जनाभन्दा बढ्ताको सङ्ख्या संलग्नतामा नदेखिएको भनी चोरीको महलको ६ नं. को व्याख्याको प्रश्न उठाएको पाइन्छ। चोरीको महलको ६ नं. मा "चारजनाभन्दा बढ्ता जमात भै जबरजस्ती चोरी वा रहजनीमा लेखिएको रीतसँग र हातहतियार लिई उठाई छाडी वा हुल हुज्जत गरी चोरी गरेमा डाँका गरेको ठहर्छ " भनी उल्लेख भएको देखिन्छ। प्रस्तुत वारदातमा वादी नेपाल सरकारले अभियोगपत्र दायर गर्दा बलिराम लोहार, नसिब मुसलमान र स्कुल मियाँ अन्सारीसमेतका तीनजनालाई प्रतिवादी बनाएको देखिन्छ । जाहेरवालाले आफ्नो जाहेरीमा दुईजना प्रतिवादीहरूको नाम उल्लेख गरेको देखिन्छ भने त्रिवेणी कुमार गुप्ताले गरेको बकपत्रमा पनि प्रतिवादी बलिराम लोहार र स्कुल मियाँ दुईजना प्रतिवादीका नाम उल्लेख गरेको पाइन्छ। प्रतिवादी स्कुल मियाँ र बलिराम लोहार मौकाको बयानमा नसिब मुसलमान, बलिराम लोहार र स्कुल मियाँ भई प्रस्तुत वारदात घटाएको भनी साबित भई बयान गरेको पाइन्छ। अभियोगपत्र दायर हुनुपूर्वसम्म प्रस्तुत वारदात जबरजस्ती चोरी वारदात भएको भनी अनुसन्धान भै रहेको मिसिलबाट देखिएको छ । जाहेरवाला सन्दिपकुमार गुप्ताले पनि बलिराम लोहार र स्कुल मियाँसमेतका २/३ जना भई चोरी गरेको भनी उल्लेख गरेको देखिन्छ। प्रतिवादीहरूको बयान, जाहेरवाला सन्दिपकुमार गुप्ता र मौकामा

बुझिएका त्रिवेणीकुमार गुप्ताको बकपत्रसमेतबाट प्रस्तुत वारदातमा तीनजना व्यक्तिहरूको मात्र संलग्नता देखाइनुका साथै वादी नेपाल सरकारले पनि तीन जना व्यक्तिलाई मात्र प्रतिवादी बनाई अभियोगपत्र दायर गरेको प्रस्तुत वारदात डाँका चोरीको परिभाषाअन्तर्गत पर्न आएन।

७. अब प्रस्तुत वारदात डाँका चोरीभित्र नपर्ने भए कुन प्रकारको चोरी हो भनी हेर्नुपर्ने हुन्छ। मुलुकी ऐन, चोरीको ५ नं. मा "बाटो घाँटो वा जङ्गलमा ढुकी जबरजस्ती चोरी गरेको रहजनी ठहर्छ" भन्ने व्यवस्था भएको पाइन्छ। प्रस्तुत मुद्दामा अम्बे किरानाका स्टाफ त्रिवेणीकुमार गुप्ता चुरोट र किराना सामान बिक्री गरी फर्कने क्रममा पिपरा गा.वि.स. वडा नं.६ स्थित सिसवा पुलमा ढुकी बसेका बलिराम लोहार र स्कुल मियाँले गाडी रोक्न लगाई चालकलाई पिस्तोल देखाई ज्यान मार्ने धम्की दिई डर त्रासमा पारी निजहरूसँग भएको नगद र मोबाइल सेटसमेत लुटी लगेको भन्ने जाहेरी व्यहोरामा उल्लेख भएको पाइन्छ। प्रतिवादीहरू पनि बाटो घाटो ढुकी बसी ट्रकका चालकलाई पिस्तोल देखाई जीउ ज्यान लिने धम्की दिई त्रिवेणी कुमार गुप्ताको साथमा रहेको नगद रकमसमेत जबरजस्ती चोरी गरेको देखिन आएकाले प्रतिवादीहरूले गरेको प्रस्तुत वारदात चोरीको ५ नं. ले गरेको रहजनी चोरीको परिभाषाभित्र पर्न आयो। तसर्थ प्रस्तुत मुद्दाको वारदात रहजनी चोरी भएकामा डाँकाको कसुर ठहर्‍याई दुवै प्रतिवादीलाई सजाय गरेको पुनरावेदन अदालत, जनकपुरको फैसला मिलेको देखिन आएन।

८. यसरी डाँका वारदात नठहरी रहजनीको वारदात ठहरिने अवस्थामा पुनरावेदन नगर्ने प्रतिवादी स्कुल मियाँको हकमा के हुने हो ? भनी विचार गर्दा मुलुकी ऐन, अदालती बन्दोबस्तको २०५ नं. ले एकै मुद्दाका हार्ने झगडियामध्ये कसैको पुनरावेदन परी इन्साफ जाँचिदा सजाय उल्टीन जाने भयो भने पुनरावेदन नगर्नेको हकमा समेत इन्साफ जाँचि दिनुपर्ने व्यवस्था गरेको देखिन्छ। प्रस्तुत विवादमा वारदात नै डाकाबाट रहजनी भई केही उल्टी भएको र सजाय पनि कम हुने अवस्था रहेको हुँदा पुनरावेदन नगर्ने स्कुल मियाँको हकमा पुनरावेदन नगरेकै कारणले मात्र पुनरावेदन अदालतको फैसला सदर गर्ने मिलेन। निजको हकमा पनि वारदात ठहर भएअनुरूप कै कसुर र सजाय हुनुपर्ने देखिन आयो।

९. अतः प्रतिवादीहरू बलिराम लोहार र स्कुल मियाँ अन्सारीलाई चोरीको १४(४) नं. बमोजिम जनही ६/६ वर्षका दरले कैद र तीन लाख रूपैयाँ जरिवाना हुने ठहर्‍याएको सुरू फैसलामा जाहेरवालालाई रू. १,८०,४२६।– भराई दिने भन्ने छुट भएको बिगो जाहेरवालालाई भराई दिने गरी सुरू कपिलवस्तु जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६६।१२।१० को फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रस्तुत कसुर रहजनी चोरीमा परिणत भई पुनरावेदक प्रतिवादी बलिराम लोहारले मुलुकी ऐन, चोरीको ५ नं. को कसुर गरेको पुष्टि भएकाले प्रतिवादीहरूले रहजनी चोरी गरेको ठहर्छ। सो ठहर्नाले पुनरावेदक प्रतिवादी बलिराम लोहार र पुनरावेदन नगर्ने प्रतिवादी स्कुल मियाँलाई अ.बं. २०५ नं. बमोजिम चोरीको १४(३) र १२ नं. बमोजिम जनही ६/६ महिनाका दरले कैद र जनही तीन लाख रूपैयाँ जरिवाना र बाँकी बिगो रू.१,८०,४२६।- प्रतिवादीहरूबाट दामासाहीले जाहेरवालाले भराई लिन पाउने ठहर्छ। अभियोग मागदाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरूमा तपसिलबमोजिम गर्नू।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादीहरूउपर लगाइएको अभियोग रहजनी चोरीमा परिणत भई पुनरावेदक प्रतिवादी बलिराम कोहार

र पुनरावेदन नगर्ने प्रतिवादी स्कुल मियाँ अन्सारी (मुसलमान) लाई मुलुकी ऐन चोरीको १४(३) र १२ नं. बमोजिम जनही ६/६ महिना कैद र जनही चारलाख रूपैयाँका दरले जरिवाना हुने ठहरेकाले सुरू अदालतले राखेको लगतको सट्टा निम्नबमोजिमको लगत राख्नु भनी सुरूलाई लेखि पठाउनू ............................१

पुनरावेदक प्रतिवादी बलिराम कोहार मिति २०६५।१।८ गतेदेखि प्रहरी हिरासत र थुनामा बसेको देखिएकाले निजलाई ठहरेको कैद र जरीवानाबापतको कैद अवधिसमेत भुक्तान गरी सकेकाले निज प्रतिवादीलाई थुनामुक्त गरिदिनु भनी यस अदालतबाट सम्बन्धित कारागारलाई लेखी पठाई सकिएको हुँदा यसैबमोजिमको लगत राख्नु भनी सुरू अदालतलाई लेखि पठाउनू ......।

पुनरावेदन नगर्ने प्रतिवादी स्कुल मियाँ अन्सारी (मुसलमान) लाई ६ महिना कैद र चार लाख रूपैयाँ जरिवाना हुने ठहरी चोरीको १२(३) नं. बमोजिम र दण्डसजायको ३८(१) नं. अनुसार जरिवानाबापत कैद गर्नुपर्ने हुँदा यी प्रतिवादीलाई जम्मा ४ वर्ष ६ महिना कैद हुने र निज प्रतिवादी मिति २०६५।१।८ देखि २०६६।१०।२ सम्म जम्मा ८ महिना २४ दिन थुनामा बसेको मिसिलबाट देखिँदा सो थुनामा बसेको अवधि कट्टा गरी यी प्रतिवादीलाई ३ वर्ष ९ महिना ६ दिन थुनामा राख्नु पर्ने हुँदा प्रतिवादी स्कुल मियाँ अन्सारी (मुसलमान) का नाममा तदनुसारको लगत कसी असुल गर्नु भनी सुरू अदालतलाई लेखि पठाउनु ..........................................।

माथि इन्साफ खण्डमा लेखिएबमोजिम बिगो रू १,८०,४२६।- जाहेरवालाले प्रतिवादीहरूबाट दामासाहीले भराई लिन पाउने ठहरेकाले प्रतिवादीहरूबाट बिगो भराई पाउँ भनी जाहेरवालाले कानूनका म्यादभित्र दरखास्त दिए कानूनबमोजिम गरी भराई दिनु भनी सुरू अदालतलाई लेखि पठाउनू .....२

दायरी लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू ..................................................३

उक्त रायमा सहमत छु।
न्या. दीपकराज जोशी

इति संवत् २०६७ साल फागुन १३ गते रोज ४ शुभम्।
इजलास अधिकृत : लोकनाथ पराजुली

## निर्णय नं.९४४०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
फैसला मिति :- २०७२।०२।१०।१
०६७-WO-०४२२

विषय :– उत्प्रेषण।

निवेदक :- सिराहा जिल्ला डुमरी गा.वि.स वडा नं.६ बस्ने सुनैना यादवनी।

विरूद्ध

विपक्षी :- सिराहा जिल्ला डुमरी गा.वि.स. वडा नं.६ बस्ने लरूवती यादवसमेत।

- **कुनै विषयमा नालिस गर्न तत्काल बहाल कानूनले किटान गरेको हदम्याद गुज्री**

**सकेको अवस्थामा पछि हदम्यादसम्बन्धी ऐन संशोधन भएकै कारणले मात्र गुज्री सकेको हदम्याद थामिन सक्दैन। यसप्रकार काम भए गरेको समयबाट २ वर्षभित्र फिराद गरी सक्नुपर्ने हदम्यादसम्बन्धी कानूनी व्यवस्था आकर्षित हुने भै २०४७ सालमा भएको उक्त कार्यका सम्बन्धमा २०५९।५।२७ मा संशोधन भई हाल बहाल रहेको हदम्यादसम्बन्धी कानूनी व्यवस्था आकर्षित हुन सक्ने नदेखिने।**

(प्रकरण नं. ५)

निवेदकको तर्फबाट :- विद्वान् अधिवक्ता अविनाश कुमार प्याकुरेल
विपक्षीको तर्फबाट :- विद्वान् अधिवक्ता सन्तोषकुमार पाण्डे
अवलम्बित नजिर :-
सम्बद्ध कानून :-

- कीर्ते कागजको १८ नं.

फैसला

**न्या. बैद्यनाथ उपाध्याय :-** नेपालको अन्तरिम संविधान, २०६३ को धारा २३ र १०७(२) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको सङ्क्षिप्त तथ्य आदेश यसप्रकार छ :–

१. निवेदन व्यहोरा:

जिल्ला सिराहा गा.वि.स. डुमरी वडा नं. ६ बस्ने जहरी दुसाधनीको पति स्व. भुला पासवानका नाममा घरबास मिन्हीमा दर्ता रहेको २००३ सालको नापिको जिल्ला सिराहा प्रगन्ना रामपुर मौजे डुमरी मालको उत्तर, निज दक्षिण, मंगल मुसहर पूर्व, डगर पश्चिम यती चार किल्लाभित्रको सा.कि.नं १२ को ज.वि.०-०-५ जग्गा जहरी दुसाधनीले मिति २०२६।६।१५, २०२६।७।१०, २०२६।८।६, २०२६।९।२१ र २०२६।१०।२२ मा एक धुर गरी रू. ९८ मोलको तत्कालीन कानूनअनुसार मलाई रीतपूर्वक घरसारको सुक्रि बिक्री राजीनामाको कागज लेखि दिएको दिनदेखि मैले निर्विवादरूपमा उक्त घरबास मिन्ही जग्गा भोग चलन गर्दै आइरहेकी छु। उक्त जग्गा हाल सर्वे नापी नभई जिल्ला सिराहा गा.वि.स. डुमरी वडा नं. ६ को गाउँ ब्लकभित्रको घरबास मिन्ही जग्गा हो।

उक्त जग्गा विपक्षी इनरदेवी पासवानको सासु जहरी दुसाधनी र विपक्षी लरूवती यादवनीको पति मनिकलाल यादवबीच सा.दे.नं. ७८५ को लेनदेन मुद्दा परी मिति २०४६।२।२२ मा फैसला भई २०४६ सालको बिगो नं.२९३/२२ मा कारवाही गराई मिति २०४७।६।४ मा मनिकलाल यादवले आफ्नो नाममा लिलाम सकार गरी २०४७।६।१८ को पर्चाबमोजिम मिति २०४७।६।२१ मा चलनपुर्जीसमेत लिई सोही जग्गा गा.वि.स. को मिति २०६६।११।३ र २०६६।११।४ को झुट्ठा सिफारिस बनाई विपक्षीमध्ये लरूवती यादवले आफ्नै भतिजा नाताका विपक्षी नबल किशोर यादवलाई मिति २०६६।११।६ का दिन मालपोत कार्यालय सिराहाको र.नं. ८४३३ को हालैको बकसपत्रको लिखतबाट हक हस्तान्तरण गरेको कुरा उक्त जग्गामा विपक्षीहरूले जबरजस्ती घर बनाउन खोजेकाले पुनरावेदन अदालत, राजविराजमा निषेधाज्ञा मुद्दा दायर गरेपछि थाहा पाई सम्पूर्ण कागजातहरूको नक्कल मिति २०६६।१२।१ मा सारी लिई जानकारी भयो।

विपक्षीहरूले उपर्युक्तबमोजिम मेरो हक मेट्ने गरी कीर्ते जालसाज गरेको हुँदा मुलुकी ऐन कीर्ते कागजको १ र ३ नं. को कसुरमा ऐ. को १० र ११ नं बमोजिम सजाय गरिपाउँ भनी ऐ. को १८

नं. बमोजिमको हदम्यादभित्र फिरादपत्र लिई सिराहा जिल्ला अदालतमा जाँदा सिराहा जिल्ला अदालतका नि. स्रेस्तेदारले कीर्ते कागजको १८ नं. को तत्कालीन हदम्याद २ वर्षभित्र फिराद दर्ता गर्न ल्याउनुपर्नेमा हदम्याद नाघी आएको तथा हकदैयासमेत नभएको भनी मिति २०६६।१२।२५ मा दरपिठ गरिदिएकाले उक्त दरपिठ आदेश बदर गरिपाउँ भनी जिल्ला अदालत नियमावली, २०५२ को नियम १३ बमोजिम सिराहा जिल्ला अदालतमा निवेदन गरेकामा "तत्कालीन कीर्ते कागजको १८ नं. को कानूनी व्यवस्थाअनुसार काम भए गरेको मितिले २ वर्षभित्र फिराद गरी सक्नुपर्नेमा सोअनुरूप नभै हदम्याद नाघी सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिर (*ने.का.प.*२०६२ अङ्क १ नि.नं.७४८०) समेत प्रतिकूल फिराद देखिएकाले स्रेस्तेदारबाट मिति २०६६।१२।२५ मा भएको दरपिठ आदेश मिलेकै देखिँदा सदर हुन्छ" भनी जिल्ला न्यायाधीशबाट मिति २०६७।१।९ मा आदेश भएकाले उक्त आदेश बदर गरिपाउँ भनी अ.बं.१७ नं. बमोजिम पुनरावेदन अदालत, राजविराजसमक्ष निवेदन गरेकामा जिल्ला अदालतको उक्त मिति २०६७।१।९ को आदेश लाई नै सदर गरी मिति २०६७।३।१० मा आदेश भयो । विपक्षीहरूको उक्त कार्यबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १९ द्वारा प्रदत्त सम्पत्तिसम्बन्धी हकमा आघात पुग्न गएको र अर्को उपचारको बाटो पनि नभएकाले ऐ. को धारा १०७ (२) बमोजिम यो रिट निवेदन गर्न आएको छु।

मैले मिति २०६६।१२।१ मा प्रमाणित नक्कल लिई मिति २०६६।१२।२५ फिराद दर्ता गर्न गएको अवस्थामा कीर्ते कागजको १८ नं को साबिकको हदम्याद लाग्ने होइन । सो आधारमा भएको आदेश गैरकानूनी छ । विपक्षीहरूले डाँक लिलाम हुनु नपर्ने जग्गा २०४७ सालमा लिलाम गराइ चलन पुर्जी लिई घर नभएको जग्गामा २ वटा घर देखाई गा.वि.स. को कार्यालय डुमरीबाट मिति २०६६।११।४ मा झुट्टा सरजमिन सिफारिस गराई रजिस्ट्रेसन पारित नहुने जग्गा मिति २०६६।११।६ मा र.नं. ८४३३ बाट विपक्षी लरूवती यादवले भतिजो नाता पर्ने विपक्षी नबल किशोर यादवलाई जालसाजपूर्ण तरिकाले हालैको बकसपत्र लिखत पारित गरी दिएको कुरालाई ध्यान नदिई भएको आदेश कीर्ते कागजको १८ नं. विपरीत छ । अतः स्रेस्तेदारबाट मिति २०६६।१२।२५ मा भएको दरपिठ आदेश सदर गरेको सिराहा जिल्ला अदालतको मिति २०६७।१।९ आदेश र सो आदेशलाई सदर गरेको पुनरावेदन राजविराजको मिति २०६७।३।१० को आदेशबाट मलाई मर्का पर्न गएकाले उल्लिखित दरपिठ आदेशहरू बदर गरी मेरो फिरादपत्र दर्ता गर्नु भनी आदेश जारी गरिपाऊँ।

२. यस अदालतबाट मिति २०६७।७।२४ मा भएको प्रारम्भिक आदेश:

यसमा के कसो भएको हो, मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो, आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखितजवाफ पेस गर्नु भनी विपक्षीहरूका नाममा सूचना पठाई लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नू।

३. लिखित जवाफ व्यहोरा:

तत्कालीन कीर्ते कागजको १८ नं. को कानूनी व्यवस्थाअनुसार काम भए गरेको मितिले २ वर्षभित्र फिराद पर्नुपर्नेमा सो हदम्याद नघाई विपक्षी फिराद लिई आएका साथै उक्त फिराद सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिरसमेतको प्रतिकूल देखिएकाले स्रेस्तेदारबाट भएको मिति २०६६।१२।२५ को दरपिठ आदेश सदर गरी यस अदालतबाट मिति २०६७।१।९ मा आदेश भएको देखिन्छ । सो आदेश

बदर गरी पाउन निवेदकले पुनरावेदन अदालत, राजविराजमा निवेदन गरेकामा २०४७ सालमा भएको डाँक लिलाम चलन पुर्जी जालसाज घोषित गरी पाउन दायर गरेको फिरादपत्र तत्काल कायम रहेको कीर्ते कागजको १८ नं. को हदम्यादको सन्दर्भबाट दरपिठ गर्ने गरेको त्यस अदालतको मिति २०६७।१।९ को आदेश मिलेको देखिँदा परिवर्तन गरी रहन परेन भनी आदेश भएको देखिन्छ । रिट निवेदन मागबमोजिम संविधान प्रदत्त निवेदकको मौलिक हकको अपहरण हुने यस अदालत कुनै काम कारवाही नभएको हुँदा यस अदालतउपरको रिट निवेदन खारेज गरिपाउँ भन्ने सिराहा जिल्ला अदालतको लिखितजवाफ ।

निवेदन दाबी झुट्ठा हो । वादी मनिकलाल यादव प्रतिवादी जहरी दुसाधनी भएको लेनदेन मुद्दामा सिराहा जिल्ला अदालतबाट मिति २०४६।२।२२ मा भएको फैसला कार्यान्वयनको क्रममा कानूनबमोजिम मिति २०४७।६।४ मा लिलाम हुँदा अरू कसैले सकार नगरेकाले वादी मनिकलाल यादवले जग्गा सकार गरी मिति २०४७।६।२१ को चलनपुर्जीअनुसार मालपोत कार्यालय सिराहाबाट दाखिल खारेज भई हक भोग गरी आएको दाबीको सा.कि.नं १२ को ०-०-५ जग्गा निज मनिकलालको मृत्युपश्चात् हकदार पत्नीको नाताले प्रत्यर्थीमध्येकी म लरूवती यादवको नाममा नामसारी दाखिल खारेज भई आएको हो । उक्त लिलाम सकारको काम कारवाही र नामसारी दाखिल खारेजसमेतका कार्यउपर ऐनको म्यादमा उजुर गरी कसैबाट बदर गराएको अवस्था नभई सदर कायम रहेको छ । यसरी कानूनबमोजिम हक भोग गरी आएको दाबीको जग्गा मिति २०६६।११।६ मा मालपोत कार्यालय सिराहाबाट हालैदेखिको बकसपत्र लिखत पारित गरी प्रत्यर्थीमध्येका नबल किशोर यादवलाई हक हस्तान्तरण गरीदिएको हो । विपक्षीले हकै नभएको जग्गाको विषयमा पुनरावेदन अदालत, राजविराजमा निषेधाज्ञा मुद्दा दायर गरेकामा उक्त मुद्दा मिति २०६७।४।३० मा खारेज हुने ठहरी फैसला भएको हुँदा प्रस्तुत रिट निवेदन खारेज भागी छ । विपक्षीले निषेधाज्ञा मुद्दामा खारेजी फैसला भएपछि उल्लिखित लिलाम सकार, चलनपुर्जीसमेतको नक्कल लिई जालसाज गरेको भनी कीर्ते कागजको १८ नं को हदम्याद समाई मिति २०६७।१२।२५ मा जालसाज मुद्दाको फिराद लिई आएकामा स्रेस्तेदारबाट हदम्याद र हकदैयाको आधारमा दरपिठ आदेश गरी दिएको र उक्त दरपिठ आदेश जिल्ला र पुनरावेदन अदालत,बाट सदर भएको अवस्था छ । तत्कालीन कीर्ते कागजको १८ नं मा काम भए गरेको मितिले २ वर्षभित्र नालिस दिई सक्नु पर्ने कानूनी व्यवस्था रहेको थियो । सो समयभित्र विपक्षीले नालेस दिएको भनी भन्न देखाउन सकेका छैनन् । २०५९ सालमा संशोधन भएको कीर्ते कागजको १८ नं को व्यवस्था पहिले भइसकेको काम कारवाहीका हकमा लागू हुन सक्दैन । अत: विपक्षी निवदेकको निवेदन मागबमोजिमको आदेश जारी भै फिराद दर्ता हुन नसक्ने हुँदा खारेज गरिपाउँ भन्ने सम्म व्यहोराको लरूवती यादव र नबल किशोर यादवको संयुक्त लिखित जवाफ ।

निवेदक सुनैना यादवनी विपक्षी लरूवतीसमेत भएको प्र.द.नं.२७४ मिति २०६७।२।२७ मा दर्ता भएको कीर्ते जालसाज मुद्दाको प्रतिवेदन इजलाससमक्ष पेस हुँदा त्यहाँको मिति २०६७।१।९ को आदेश मिलेको देखिँदा परिवर्तन गरिरहनु परेन कानूनबमोजिम गर्नु भनी यस अदालतबाट मिति २०६७।३।१० मा भएको आदेश कानूनसम्मत हुँदा निवेदकको रिट निवेदन खारेज गरिपाउँ भन्ने पुनरावेदन अदालत, राजविराजको लिखित जवाफ ।

विपक्षी इनरदेवी पासवानका नाममा जारी भएको म्याद मिति २०६७।१०।८ मा तामेल भएकामा म्यादभित्र लिखित जवाफ नफिराई गुजारी बसेको

देखियो।

४. यस इजलासको अन्तिम आदेश:

नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री अविनाश कुमार प्याकुरेलले निवेदकले २०२६ सालको घरसारको राजीनामाबाट दाबीको कि.नं १२ को ०-०-५ जग्गामा आफ्नो हक भएको भनी २०४७ सालको लिलाम डाँक सकार, चलनपुर्जी, २०६६ सालको सिफारिस र बकसपत्र लिखतसमेत जालसाज घोषित गरी पाउन विपक्षी सिराहा जिल्ला अदालतसमक्ष फिराद लिई गएकामा उक्त अदालतका स्रेस्तादारले कीर्ते कागजको तत्कालीन १८ नं. बमोजिम काम कुरा भए गरेको मितिले २ वर्षको हदम्यादभित्र फिराद नपरेको भनी दरपिठ गरी दिएकामा जिल्ला न्यायाधीश र पुनरावेदन अदालत,समेतबाट सो दरपिठ सदर भएको अवस्था छ। कीर्ते कागजको १८ नं. को हदम्याद मिति २०५९।५।२७ मा भएको संशोधनबमोजिम थाहा पाएको मितिले ६ महिनाभित्रै फिराद लिई गएको हुँदा फिराद दरपिठ गरेको विपक्षीहरूको कार्य सो १८ नं. को कानूनी व्यवस्थाविपरीत भएकाले उत्प्रेषणको आदेशद्वारा बदर गरी फिराद दर्ता गरी दिनु भनी विपक्षीहरूका नाममा आदेश जारी गरिपाउँ भनी र विपक्षी लारूवती यादव र नबल किशोर यादवका तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री सन्तोषकुमार पाण्डेले मुलुकी ऐन कीर्ते कागजको १८ नं. मा २०५९।५।२७ मा भएको संशोधनभन्दा अगाडि भएको कार्यका सम्बन्धमा उक्त संशोधित हदम्यादसम्बन्धी कानूनी प्रावधान लागू हुन सक्दैन । अतः विपक्षीले दर्ता गर्न ल्याएको फिराद हदम्यादविहीन भएकाले सोही आधारमा दरपिठ भएको हुँदा रिट जारी हुने अवस्था छैन, खारेज गरिपाउँ भनी बहस गर्नुभयो।

उपर्युक्तबमोजिम दुवै पक्षका विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको बहस सुनी निवेदनसहितका मिसिल कागजात अध्ययन गरी हेर्दा, निवेदन मागबमोजिमको आदेश जारी हुने हो वा होइन भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, भुला पासवानका नाममा २००३ सालको नापिमा दर्ता भएको सिराहा जिल्ला डुमरी गा.वि.स. वडा नं.६ को गाउँ ब्लकभित्रको सा.कि.नं. १२ को ०-०-५ घरबास मिन्ही जग्गा निजकी पत्नी जहरी दुसाधनीले मिति २०२६।६।१५, २०२६।७।१०, २०२६।८।६, २०२६।९।२१, २०२६।१०।२२ मा तत्कालीन कानूनअनुसार रू.९८।- मोलमा घरसारको सुक्रि बिक्री राजिनामाको कागज गरीदिई भोग गरी आएकामा जहरी दुसाधनी र मनिकलाल यादवले आपसमा लेनदेन मुद्दा गरी लेनदेन मुद्दाको बिगोमा उक्त जग्गा मनिकलाल यादवले सकार गरी मिति २०४७।६।२१ मा चलनपुर्जीसमेत पाएको र मनिकलालको मृत्युपश्चात् निजकी श्रीमती विपक्षी लरूवती यादवले गा.वि.स. बाट मिति २०६६।११।३ र २०६६।११।४ को झुट्ठा सिफारिस बनाई विपक्षी नवलकिशोर यादवलाई मिति २०६६।११।६ मा हालैदेखिको बकसपत्र लिखतबाट हक हस्तान्तरण गरिदिएको कुरा मिति २०६६।१२।१ मा नक्कल सारी थाहा पाएकाले विपक्षीहरूले मेरो हक मेट्ने गरी कीर्ते जालसाज गरेकाले सजाय गरिपाउँ भनी कीर्ते कागजको १८ नं. बमोजिमको हदम्यादभित्र फिराद लिई सिराहा जिल्ला अदालतमा गएकामा उक्त अदालतका स्रेस्तेदारले कीर्ते कागजको १८ नं. को हदम्याद नाघी फिराद दर्ता गर्न ल्याएको भनी मिति २०६६।१२।२५ मा दरपिठ गरिदिएकाले जिल्ला न्यायाधीशसमक्ष निवेदन गर्दा स्रेस्तेदारबाट भएको दरपिठ आदेशलाई नै सदर गरेको र सोउपर अ.बं. १७ नं. बमोजिम पुनरावेदन अदालत, राजविराजमा

निवेदन गर्दासमेत जिल्ला न्यायाधीशबाट भएको आदेशलाई नै सदर गरी मिति २०६७।३।१० मा आदेश भयो। मैले २०६६।११।४ समेतको सिफारिस र मिति २०६६।११।६ को बकसपत्र लिखतसमेत जालसाजपूर्ण भएको भनी मिति २०६६।१२।१ मा थाहा पाई कीर्ते कागजको १८ नं को संशोधित हदम्यादभित्र फिरादपत्र लिई गएकामा सो कुरालाई बेवास्ता गरी उक्त संशोधनभन्दा अगाडिको हदम्याद लगाई दरपिठ गरेको कार्य सो कानूनविपरीत भएकाले बदर गरिपाउँ भन्ने निवेदकको मुख्य निवेदन दाबी रहेको पाइयो । विपक्षीहरूको लिखतजवाफ हेर्दा २०४७ सालमा भएको डाँक लिलाम, चलनपुर्जीसमेतका कार्य जालसाज घोषित गरी पाउन हाल बहाल रहेको कीर्ते कागजको १८ नं. को हदम्याद आकर्षित हुन सक्दैन, दरपिठ आदेश कानूनबमोजिम भएकाले रिट निवदेन खारेज गरिपाउँ भन्ने व्यहोरा उल्लेख भएको देखियो।

३. मिसिल अध्ययन गरी हेर्दा, दाबीको कि.नं. १२ को जग्गा साबिकमा जहरी दुसाधनीका पति भुला पासवानको नाममा दर्ता कायम रहेको कुरामा विवाद छैन। निज भुला पासवानको पत्नी जहरी दुसाधनी र मनिकलाल यादवका बिचमा लेनदेन मुद्दा परी वादी मनिकलाल यादवले लेनदेनको बिगो भरीपाउने ठहरी सिराहा जिल्ला अदालतबाट मिति २०४६।२।२२ मा फैसला भएको देखियो। उक्त लेनदेनको बिगो भरी पाउँ भनी वादी मनिकलाल यादवले निवेदन दिई कारवाही हुँदा निज मनिकलाल यादवले नै उक्त जग्गा लिलाम सकार गरी मिति २०४७।६।२१ मा चलनपुर्जीसमेत पाएको देखियो । निज मनिकलालको मृत्युपश्चात् निजकी पत्नी विपक्षी लरूवती यादवले उक्त जग्गा र.नं. ८४३३ मिति २०६६।११।६ मा मालपोत कार्यालय सिराहाबाट विपक्षी नवलकिशोर यादवलाई हालैको बकसपत्र लिखतद्वारा हक हस्तान्तरण गरिदिएको देखिन्छ। यी रिट निवेदक सुनैना यादवले उक्त कि.नं १२ को जग्गा साबिक जग्गा धनी भुला पासवानको पत्नी जहरी दुसाधनीले २०२६ सालमा पटक गरी दिएको घरसारको राजिनामा लिखतबाट आफ्नो हक भएको भनी उल्लिखित लिलाम सकार, चलनपुर्जी, बकसपत्र लिखतसमेतलाई जालसाज घोषित गरी विपक्षीहरूलाई सजाय गरिपाउँ भनी २०६६।१२।१ लाई थाहा पाएको मिति कायम गरी कीर्ते कागजको १८ नं. को हदम्यादभित्र भनी मिति २०६६।१२।२५ मा फिराद दायर गर्न गएकामा सिराहा जिल्ला अदालतका स्रेस्तेदारबाट कीर्ते कागजको १८ नं. को तत्कालीन हदम्याद २ वर्षभित्र फिराद दर्ता गर्न ल्याउनुपर्नेमा हदम्याद नाघी आएको भनी फिराद दरपिठ गरिदिएको र उक्त दरपिठ आदेश सिराहा जिल्ला अदालत तथा पुनरावेदन अदालत, राजविराजबाट समेत सदर भएको देखियो।

४. उल्लिखित तथ्य भएको प्रस्तुत रिट निवेदनमा निवेदकले दर्ता गर्न खोजेको फिरादपत्र कीर्ते कागजको १८ नं. को हदम्यादभित्रको नभएको भनी दरपिठ गरेको विपक्षीहरूको कार्य कानूनसम्मत रहे नरहेको र कीर्ते कागजको १८ नं. मा २०५९।५।२७ मा भएको संशोधनभन्दा अगाडिको कानूनी व्यवस्था वा सो संशोधनपश्चात् हाल कायम रहेको कानूनी व्यवस्थामध्ये कुन प्रयुक्त हुने हो भनी निष्कर्षमा पुग्नु पर्ने भएकाले उक्त दुवै कानूनी व्यवस्थाको विश्लेषण गर्नुपर्ने देखियो। उक्त २०५९ सालको संशोधनभन्दा अगाडि कीर्ते कागजको १८ नं. मा "... सो काम भए गरेको मितिले दुई वर्षभित्र नालिस नदिए लाग्न सक्दैन" भन्ने र २०५९ सालको संशोधनपश्चात् हाल कायम रहेको उक्त १८ नं. मा "...सो काम भए गरेको थाहा पाएको छ महिना भित्र नालिस नदिए लाग्न सक्दैन" भन्ने वाक्यांश रहेको पाइयो । उल्लिखित कानूनी व्यवस्थाबमोजिम २०५९।५।२७ भन्दा अगाडिको कुनै कार्यलाई कीर्ते वा जालसाजी घोषित गरिपाउँ भनी नालेस गर्नु परेमा

त्यस्तो कीर्ते वा जालसाजी जन्य कार्य भएको मितिबाटै २ वर्षको म्यादभित्रै नालिस गरी सक्नु पर्ने देखिन्छ भने सो संशोधनपश्चात् हाल बहाल रहेको उक्त १८ नं. मा कीर्ते वा जालसाजी जन्य कार्यका सम्बन्धमा नालिस गर्नुपर्दा सो कार्य भए गरेको थाहा पाएको मितिबाट ६ महिनाभित्रमा नालिस गरिसक्नु पर्ने देखियो ।

५. उल्लिखित कानूनी व्यवस्थाको सन्दर्भमा यी निवेदिकाले मिति २०४७।६।४ मा विपक्षी लरूवती यादवनीका पति मनिकलाल यादवले गरिलिएको लिलाम सकार, २०४७।६।२१ को चलनपुर्जी, २०६६।११।६ को हालैको बकसपत्र लिखतसमेतलाई जालसाज घोषित गरिपाउँ भनि २०६६।१२।१ लाई थाहा पाएको मिति कायम गरी कीर्ते कागजको १८ नं. को हदम्याद उल्लेख गरी फिरादपत्र दर्ता गर्न ल्याएको देखियो । निवेदकले जालसाज भनी दाबी गरेको कार्य २०४७ सालको रहेको देखिन्छ । उक्त कार्य हुँदाको अवस्थामा कीर्ते कागजको १८ नं. ले काम भए गरेको मितिबाट २ वर्षभित्र नालिस गर्नुपर्ने भन्ने हदम्यादको व्यवस्था रहेको देखिन्छ। जालसाजी भनी दाबी लिएको कार्य मिति २०४७।६।४ को भएकाले तत्कालीन २ वर्ष हदम्याद २०४९।६।३ मा गुज्रेको देखियो । पछि मिति २०५९।५।२७ मा थाहा पाएको ६ महिनाभित्र नालिस गर्नुपर्ने भनी हदम्याद विषयमा कीर्ते कागजको १८ नं. मा संशोधन भएको देखिन्छ। अब सो कार्यलाई जालसाज भनी नयाँ संशोधित ऐनअनुरूप फिराद दायर गरेको देखिन्छ । कुनै विषयमा नालिस गर्न तत्काल बहाल कानूनले किटान गरेको हदम्याद गुज्रिसकेको अवस्थामा पछि हदम्यादसम्बन्धी ऐन संशोधन भएकै कारणले मात्र गुज्रिसकेको हदम्याद थामिन सक्दैन । यसप्रकार काम भए गरेको समयबाट २ वर्षभित्र फिराद गरी सक्नुपर्ने हदम्यादसम्बन्धी कानूनी व्यवस्था आकर्षित हुने भै २०४७ सालमा भएको उक्त कार्यका सम्बन्धमा २०५९।५।२७ मा संशोधन भई हाल बहाल रहेको हदम्यादसम्बन्धी कानूनी व्यवस्था आकर्षित हुन सक्ने देखिएन ।

६. तसर्थ माथि उल्लिखित आधार कारणबाट २०४७ सालको डाँक लिलाम, चलनपुर्जीसमेतका कार्य जालसाज घोषित गरी सजाय गरिपाउँ भनी फिराद दर्ता गर्नका लागि कीर्ते कागजको १८ नं. मा हाल बहाल रहेको हदम्यादसम्बन्धी कानूनी व्यवस्था आकर्षित हुने नदेखिँदा हदम्यादविहीन भनी फिराद दरपिठ गरेको सिराहा जिल्ला अदालतका स्रेस्तेदारको मिति २०६६।१२।२५ आदेश सदर गरेको सिराहा जिल्ला अदालतको मिति २०६७।१।९ आदेश र सो आदेशलाई सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।३।१० को आदेश कानूनअनुरूप नै रहेको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी हुने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । दायरीको लगत कट्टा गरी यो आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिई नियमानुसार मिसिल बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या. जगदीश शर्मा पौडेल

इति संवत् २०७२ साल जेठ १० गते रोज १ शुभम् ।
इजलास अधिकृत : सन्तोषप्रसाद पराजुली

## निर्णय नं.९४४१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोपाल पराजुली
माननीय न्यायाधीश श्री दीपकराज जोशी
आदेश मिति : २०७१।१०।१८।१
०६६-WO-०७६०

मुद्दा :– उत्प्रेषण / परमादेश ।

निवेदक :- जिल्ला कैलाली गेटा गा.वि.स. वडा नं. ५ बस्ने जोगी राना थारू ।

विरूद्ध

विपक्षी :- जिल्ला कञ्चनपुर श्रीपुर गा.वि.स. वडा नं. ६ बस्ने कुवरिया रानासमेत ।

- **जग्गासम्बन्धी विषय कानूनी विषय हो तर नागरिकता जस्तो मानिसले जन्मका नाताले प्राप्त गर्ने संवैधानिक एवम् नैसर्गिक अधिकारको विषयलाई जग्गा नामसारीको विषयले ओझेलमा पार्न सक्दैन । कानूनबमोजिम आफ्नो पिता तथा पतिले सनाखत गरी अधिकारप्राप्त निकायले नागरिकता जारी गरिसकेको र पछि सोसम्बन्धमा उजुरीसमेत छानबिन गरी प्रमाण नपुग्ने भनि टुङ्गो लगाइसकेपछि पुनः त्यही विषयमा उजुरी सुनी नागरिकता नै रद्द गर्ने गरी भएको निर्णय राज्यका कानून कार्यान्वयन गर्ने अधिकारीहरूका लागि शोभनीय नदेखिने ।**
- **कानूनको प्रक्रियाबमोजिम नागरिकता प्राप्त गरेको छ, नेपाली नागरिक भएकामा विवाद देखिँदैन भने जग्गासम्बन्धमा नयाँ विवाद उत्पन्न गरी नागरिकताको विषयलाई पुनः प्रवेश गराई नागरिकता नै रद्द हुने गरी निर्णय भएको देखिन्छ । यसो गर्दै जाने हो भने नागरिकता प्राप्त गर्ने नागरिकको जन्मसिद्ध र नैसर्गिक अधिकार सधैँ धरापमा पर्न जाने ।**
- **विपक्षी जिल्ला प्रशासन कार्यालयको नागरिकताको विषयमा गर्ने निर्णय विशुद्ध प्रशासनिक प्रकृतिको देखिन्छ । तर पनि प्रशासनिक अधिकारीले विशुद्ध प्रशासनिक प्रकृतिको निर्णय गर्दा पनि नागरिकको संवैधानिक तथा कानूनी अधिकारको हनन् हुन नदिनेतर्फ सदैव सचेत रहनु पर्दछ । न्याय र सद्विवेकलाई सदैव ख्याल गर्नुपर्दछ । उजुरीको विषयवस्तु कसरी उठान भएको छ, कुन उद्देश्यबाट प्रेरित छ त्यसको पृष्ठभूमिलाई पनि सकेसम्म ख्याल गर्नुपर्ने ।**

(प्रकरण नं. ५)

निवेदकको तर्फबाट :- विद्वान् अधिवक्ता नन्दप्रसाद अधिकारी
विपक्षीको तर्फबाट :- विद्वान् सहन्यायाधिवक्ता संजिवराज रेग्मी
अवलम्बित नजिर :-
सम्बद्ध कानून :-

- नागरिकता ऐन, २०६३ को दफा १२

आदेश

**न्या. गोपाल पराजुली :-** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा धारा १०७(२) नं. बमोजिम पर्न आएको प्रस्तुत रिट निवेदनको टिपोट

यसप्रकार रहेको छ :-

म निवेदक जग्गु रानाको छोरा हुँ । पिता जग्गु रानाको मिति २०५२।६।१७ मा मृत्यु भएकाले पिताको नाउँको जग्गा जमिन आफ्नो नाउँमा नामसारी गरी भोगचलन गरी आएको छु । मेरो पिताले उहाँको जीवनकालमा नै २०३३ सालमा श्रीमती ललना थारू, छोरा जोगी राना थारू र बुहारी रामकली राना थारू उल्लेख गरिदिएको अनुसूचीबमोजिम २०४५ सालमा पिताले नै सनाखत गरी वंशजको नाताले नागरिकता लिएको छु ।

यस्तैमा विपक्षी दिदी कुवरिया रानाले माइतीमा आई निहुँ खोजी मेरी आमा र मलाई २०४४ सालदेखि बुबाको घरमा कमैया बसेका हुन् । यी उनाउ व्यक्ति छोरा र श्रीमती हुन् भनी कैलाली जिल्ला अदालतमा मिति २०५२।९।२८ मा कीर्ते जालसाजी मुद्दा दायर गरेकी र जिल्ला प्रशासन कार्यालयसमेतमा कीर्ते जालसाजी गरी नागरिकता बनाएको भनी उजुर गरेकी रहिछन् । उक्त उजुरीमा जिल्ला प्रशासन कार्यालय कैलालीले नागरिकतासम्बन्धमा कारवाही गर्न नमिल्ने भनी मिति २०५३।६।१३ मा मिसिल तामेलीमा राख्ने गरी निर्णय भएको थियो । पुन: विपक्षीले कारवाही गर्न गृह मन्त्रालयसमेतमा निवेदन दिएपछि अदालतमा रहेको कीर्ते जालसाजी मुद्दाबाट नागरिकताको विवाद टुङ्गो लागेपछि कारवाही हुने गरी मुद्दा मुल्तबीमा राखिएको थियो ।

जिल्ला प्रशासन कार्यालय, कैलालीले मिति २०६५।१०।२३ गते झुट्टा विवरण पेस गरी नागरिकता लिएको हुँदा जोगी राना र २०६० सालमा मृत्यु भइसकेकी आमा ललना रानाको नागरिकतासमेत रद्द हुने ठहर्‍याई निर्णय गरेपछि उक्त निर्णय विरूद्ध मिति २०६५।११।२६ मा नेपाल सरकारसमक्ष निवेदन गरेको थिएँ । उक्त निवेदनमा जिल्ला प्रशासन कार्यालय कैलालीको निर्णय सदर गर्दै मिति २०६६।११।६ मा नेपाल सरकार मन्त्रीस्तरबाट निर्णय भएको भनी जानकारी गराइएको कार्यबाट निवेदकको नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(१)(२), १०,१२(१)(च), १३(१)(२), १९, २७ समेतले सुनिश्चित गरेको मौलिक हक तथा नागरिकता ऐन, २०२० ले प्रदान गरेको कानूनी हकसमेत हनन् हुन गएकाले विपक्षी जिल्ला प्रशासन कार्यालयबाट मिति २०६५।१०।२३ को निर्णय र सो निर्णयलाई सदर गरेको भनिएको माननीय मन्त्रीस्तरको मिति २०६६।१०।१२ को निर्णय तथा सो आधारमा भएका सम्पूर्ण काम कारवाही बदर गरिपाउँ भन्ने मिति २०६६।११।१० मा यस अदालतमा परेको रिट निवेदन ।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुन नपर्ने कारण भए यो आदेश प्राप्त भएको मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र सम्बन्धित मिसिल साथ राखी महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी विपक्षी नेपाल सरकार गृह मन्त्रालयसमेतको नाउँमा म्याद सूचना जारी गरी त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयमा पठाइदिनू । निवेदकको मागबमोजिमको आदेश जारी हुनु नपर्ने कारण भए यो आदेश प्राप्त भएको मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र आफैं वा कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ लिई आउनु भनी विपक्षी कुवरिया रानाको नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परेपछि वा अवधि नाघेपछि पेस गर्नू ।

अन्तरिम आदेश माग गरेकोसम्बन्धमा विचार गर्दा दुवै पक्षलाई राखी छलफल गर्न उपयुक्त हुने देखिएकाले छलफलको लागि मिति २०६६।११।१९ को दिन तोकिदिएको छ । विपक्षीहरू र महान्यायाधिवक्ताको कार्यालयलाई जानकारी दिई पेस

गर्नु भन्ने मिति २०६६।११।१२ को यस अदालतको आदेश।

यसमा निवेदकले उठाएको नागरिकतासँग सम्बन्धित विषयमा एकपटक कारवाही भई निवेदन तामेलीमा राखिदिने भनी जिल्ला प्रशासन कार्यालय, कैलालीबाट निर्णय भएको भन्ने र निवेदकले उठाएको कानूनी र तथ्यगत अवस्थासमेतलाई विचार गर्दा निवेदकको नागरिकता रद्द गर्नेसम्बन्धमा भएको मिति २०६५।१०।२३ र २०६६।१०।१२ को निर्णय रिट निवेदन किनारा हुँदा ठहरेबमोजिम हुने गरी हाल कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरूको नाउँमा अन्तरिम आदेश जारी गरिदिएको छ । आदेशको जानकारी विपक्षीहरूलाई दिनु भन्ने मिति २०६६।११।२५ मा भएको आदेश।

यस कार्यालयबाट मिति २०५३।६।१३ मा तत्काल प्रमाणहरूको अभावमा मात्र मिसिल तामेलीमा राख्ने कार्य भएको हो । विपक्षीलाई कारवाहीबाट छुटकारा दिने कार्य भएको होइन। रिट निवेदकसमेतको नागरिकताको विवादमा पुन: कारवाही गर्नु भन्ने गृह मन्त्रालयबाट आदेश भई आएकाले झुट्टा विवरण पेस गरी नागरिकताको प्रमाणपत्र लिएको भए जिल्ला प्रशासन कार्यालयले उक्त नागरिकताको प्रमाणपत्र रद्द गरी जानकारी पठाउनु भनी च.नं. ३१२ मिति २०६५।१०।१३ को गृह मन्त्रालयको आदेश प्राप्त भएकाले रिट निवेदक जोगी थारूसमेतको नागरिकता रद्द गरिएको हो।

रिट निवेदक जोगी राना जिल्ला कैलाली मालाखेती गा.वि.स. वडा नं. ६ बस्ने स्व. ननुवा रानाको नाति सुर्जा रानाको छोरा जोगी राना र विपक्षी ललना राना ननुवा रानाको छोरा बुहारी र सुर्जा रानाको श्रीमती भन्ने कुरा मालाखेती गा.वि.स. वडा नं. ३ को मोही लगत र सोही जग्गा मालाखेती गा.वि.स. वडा नं. ६ बस्ने नन्दाको नाति नरीबहादुरको छोरा भिमबहादुर खड्कालाई जग्गा बिक्री गरेको राजीनामाको कागजबाट प्रष्ट हुन आएकाले निज रिट निवेदक जोगी राना र ललना राना नेपाली नागरिक भए तापनि झुट्टा विवरण दिई नागरिकता प्राप्त गरेको देखिँदा नेपाल नागरिकता ऐन, २०६३ को दफा १२ बमोजिम नागरिकता रद्द गरिएको हो भन्नेसमेत व्यहोराको जिल्ला प्रशासन कार्यालय, कैलालीको तर्फबाट परेको लिखित जवाफ।

झुट्टा विवरण पेस गरी नागरिकता लिएको भन्ने जाहेरीपश्चात् जिल्ला प्रशासन कार्यालय, कैलालीबाट बुझ्नु पर्ने प्रमाण बुझी सोही प्रमाणका आधारमा मिति २०६५।१०।२३ मा नागरिकता बदर गरिएको र यस मन्त्रालयमा प्राप्त फाइलमा संलग्न प्रमाणसमेत अध्ययन गर्दा जिल्ला प्रशासन कार्यालयको निर्णय उचित देखी सोही निर्णयलाई सदर गरिएको हो भन्ने गृह मन्त्रीको तर्फबाट पेस भएको लिखित जवाफ।

जिल्ला प्रशासन कार्यालय, कैलालीबाट प्राप्त सबुद प्रमाणको मूल्याङ्कनका आधारमा प्रचलित नेपाल कानूनको परिपालना गरी गरेको मिति २०६५।१०।२३ को निर्णय र सो निर्णयलाई सदर गरेको नेपाल सरकार (मा.मन्त्री स्तर) को निर्णयलाई विपक्षीले अन्यथा भन्न मिल्दैन। रिट निवेदनमा यस कार्यालयको के कस्तो काम कारवाही वा निर्णयबाट के कस्तो संवैधानिक तथा कानूनी हक अधिकार आघात भएको भन्ने स्पष्ट खुलाउन नसकेको र प्रचलित नेपाल कानूनबमोजिम कार्य गर्ने अख्तियार प्राप्त अन्य निकायबाट भए गरेको काम कारवाही एवम् निर्णयहरूउपर समेत यस कार्यालयलाई विपक्षी बनाई रिट निवेदन दिन मिल्ने होइन । अत: रिट खारेज गरिपाउँ भन्नेसमेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

नियमबमोजिम दैनिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पर्न आएको प्रस्तुत मुद्दामा निवेदकका

तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री नन्दप्रसाद अधिकारीले निवेदकका पिता जग्गु रानाले २०३३ सालमा आफैँले भरेको अनुसूची फारामअनुरूप २०४५ सालमा निज स्वयम्ले सनाखत गरी निवेदकले नागरिकता प्राप्त गरेका र पटक प्रमाण नपुग्ने भनी जिल्ला प्रशासन कार्यालयबाट नागरिकता फिर्ता पाउने र मिसिल तामेलीमा राख्ने निर्णयलाई बेवास्ता गरी जिल्ला प्रशासन कार्यालयबाट मिति २०६५।१०।२३ मा नागरिकता रद्द गर्ने गरी भएको निर्णय र सोलाई सदर गर्ने गरेको मिति २०६६।१०।१२ को मन्त्रीस्तरको निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी निवेदकको नागरिकता प्राप्त गर्ने संवैधानिक हक संरक्षण गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित सहन्यायाधिवक्ता श्री संजिवराज रेग्मीले जिल्ला प्रशासन कार्यालय कैलालीबाट नागरिकता बदर गर्ने गरी गरेको निर्णय र सो निर्णयलाई सदर ठहऱ्याई नेपाल सरकारबाट भएको निर्णय जिल्ला प्रशासन कार्यालयबाट प्राप्त सबुद प्रमाणको मूल्याङ्कनका आधारमा भएको हुँदा झुट्टा निवेदन खारेज गरिपाउँ भनी गर्नुभएको बहस जिकिरसमेत सुनियो।

२. निर्णयतर्फ विचार गर्दा मेरा बाबु जग्गु रानाले २०३३ सालमा आफैँले भरेको अनुसूची फारामअनुरूप पिता स्वयम्ले २०४५ सालमा सनाखत गरी म निवेदक जोगी राना थारू र आमा ललता रानाले नागरिकता प्राप्त गरेका थियौँ। विपक्षीमध्येकी कुवरीयाले हामीहरूका विरूद्ध कैलाली जिल्ला अदालतमा मिति २०५२।९।२८ मा कीर्ते जालसाजी मुद्दा दायर गरी सोपश्चात् जिल्ला प्रशासन कार्यालय कैलालीमा समेत कीर्ते जालसाज गरे भनी निवेदन दिएकामा पिताले २०३३ सालमा भरिदिएको अनुसूची र २०४५ सालमा पिताले गरिदिएको सनाखतलाई आधार बनाई नागरिकतासम्बन्धमा कारवाही गर्न नमिल्ने ठहरी मिति २०५३।६।१३ मा मिसिल तामेलीमा राख्ने निर्णय भएको र जिल्ला अदालतमा चलेको कीर्ते जालसाजी मुद्दामा दाबी प्रमाणित गर्न सक्दैनौ भनी मुद्दा फिर्ता लिएको अवस्था हुँदा हुँदै नागरिकता सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, कैलालीमा पुनः विवाद खडा गरी मिति २०६५।१०।२३ मा म निवेदक जोगी राना र परलोक भइसकेकी आमा ललता रानाको नागरिकता रद्द गर्ने निर्णय भएको र नेपाल सरकार मन्त्रीस्तरको निर्णयसमेतबाट उक्त निर्णय सदर हुने ठहऱ्याई भएको निर्णय बदर गरी नेपाली नागरिकता प्राप्त गर्ने मेरो संवैधानिक हक सुरक्षित गरि पाउँ भन्ने निवेदकको मुख्य जिकिर रहेको देखिन्छ। झुट्टा विवरण पेस गरी नागरिकता लिएको भन्ने जाहेरीपश्चात् जिल्ला प्रशासन कार्यालयबाट बुझ्नु पर्ने प्रमाण बुझी सोही प्रमाणका आधारमा मिति २०६५।१०।२३ मा नागरिकता बदर गरिदिएको र उक्त निर्णयलाई उचित देखी मन्त्रालयस्तरबाट सदर गरिएको हो भन्ने विपक्षी गृह मन्त्रालयसमेतको लिखित जवाफ रहेको देखिन्छ। जिल्ला प्रशासन कार्यालय, कैलालीको मिति २०५५।२।२० को नागरिकतासम्बन्धी निर्णय मिसिल हेर्दा स्व. जग्गु राना श्रीमती ललता राना र छोरा जोगी राना थारू भई ना.प्र.नं. ११७ मिति २०४६।३।११ मा जन्म मिति १९७५ साल देखाई ललता रानाले र ना.प्र.नं. ११८ मिति २०४५।१।१९ गते जन्म मिति २००८ साल देखाई जोगी रानाले नागरिकताको प्रमाणपत्र लिएको मिसिल संलग्न कागजातहरूबाट देखिन आएको छ।

३. सोही नागरिकता प्रमाणपत्रको आधारमा जग्गु राना थारूको मिति २०५२।६।१७ मा मृत्यु भएपश्चात् गा.वि.स. कार्यालय गेटा कैलालीले गरेको गाउँ सरजमिन मुचुल्काको आधारमा गा.वि.स. कार्यालय गेटा कैलालीको मिति २०५२।८।१३ को सिफारिस पत्रबमोजिम जग्गु राना थारूका नाम दर्ता

स्रेस्ताको जिल्ला कैलाली गेटा गा.वि.स. वडा नं. ४ र ५ को ज.वि. ८-३-५ जग्गा जोगी राना थारूले मिति २०५२।८।१७ मा मरूवाको सरूवा नामसारी भएको देखिन्छ।

४. विपक्षीमध्येकी कुवरिया रानाले जिल्ला मालाखेती गा.वि.स. वडा नं. ९ मालाखेती गाउँमा जग्गा जमिन रही विगत ८ वर्षदेखि मेरा पिता जग्गु रानाको घरमा कमैया बस्न आएका स्व. सुर्जा भन्ने सुर्ज्या रानाकी पत्नी लल्ला भन्ने ललता राना र निजका छोरा जोगी रानाले मेरा पितालाई आफ्नो लोग्ने तथा पिता कायम गरी नागरिकता प्रमाणपत्र लिई मेरा पिताका नामको जग्गा शेषपछि नामसारीसमेत गराई लिएका रहेछन् भनी जिल्ला प्रशासन कार्यालयसमक्ष मिति २०५२।९।२८ मा निवेदन दिएको देखिन्छ । जिल्ला प्रशासन कार्यालय कैलालीले ललता राना र जोगी रानाको नागरिकतासम्बन्धमा पर्याप्त प्रमाणको अभावमा कारवाही गर्न नमिल्ने भएकाले नागरिकता निजहरूलाई नै फिर्ता दिने र मिसिल तामेलीमा राख्ने भनी मिति २०५३।६।१३ मा आदेश भएको देखिन्छ। जग्गु रानाको मिति २०५२।६।१७ मा मृत्यु भएको संलग्न प्रमाणबाट देखिन आएको छ। तत्कालीन अवस्थामा प्रमाण नपुग्ने भनी नागरिकता फिर्ता दिने र मिसिल तामेलीमा राख्ने निर्णय भइसकेपछि पुनः त्यही विषयलाई उठान गरी सोही जिल्ला प्रशासन कार्यालय कैलालीले अर्को निर्णय गरेको देखिन्छ । २०४५ सालमा जग्गु रानाको छोरा तथा श्रीमती बनी नागरिकता लिई सोही आधारमा जग्गु रानाको मृत्युपश्चात् जग्गा निजका नाममा नामसारी भइसकेको र पिताको जिउ छउञ्जेल कुनै विवाद उठाएको देखिँदैन भनेपछि जग्गा नामसारीको कुरा उठेपछिमात्र विवादलाई पुनः उठान गराएको देखिन्छ। जोगी राना थारू र ललता राना थारूले लिएको नागरिकतामा बाबु तथा पति बनी जग्गु राना थारूले सनाखतसमेत गरी दिएको भन्ने मिसिलबाट देखिन आउँछ। उक्त सनाखतको विषयमा तत्काल उजुरी नगरेको गेटा गाउँ विकास समितिले गरेको सर्जमिन तथा सिफारिसलाई झुट्टा सिफारिस हो भनी प्रमाणित गराउन नसकेको अवस्थामा पिता अर्थात् पतिको मृत्युपश्चात्मात्र झुट्टा नागरिकताको विषयलाई उठाएको स्पष्ट देख्न सकिन्छ।

५. यी निवेदकलाई आफ्ना पिता र माताले २०३३ सालमा भरेको अस्थायी निस्सामा नै स्वीकार गरेको र यी निवेदकका पिता जग्गु रानाले स्वीकार गरेको तथ्यविपरीत निजको मिति २०५२।६।१७ मा भएको मृत्युपश्चात् नागरिकता बदर गरेको कार्य मिलेको नदेखिएको र जग्गाको नामसारीबाट उत्पन्न भएको विवादमा हक बेहकको प्रश्न समावेश भइसकेपछि जग्गा नामसारीको प्रक्रियालाई अवरोध खडा गर्ने गरी नागरिकता रद्द गर्ने गरेको कार्यबाट प्रमाणको विवेचनाको विषय सम्बद्ध भएको देखिन आउँछ । जहाँसम्म नागरिकता र जग्गाको विषयवस्तुलाई फरक ढङ्गले हेरिनु पर्दछ । मिति २०२७।१०।९ को प्रमाणपछि २०३१ सालमा जग्गु रानाले आफ्नो छोरा हो भन्ने स्वीकार गरी त्यसैको आधारमा २०४५ सालमा जग्गु राना थारूको छोरा जोगी राना थारू भई ना.प्र.नं. ११७ मिति २०४६।३।११ मा जन्म मिति २००८ साल देखाई नागरिकताको प्रमाणपत्र लिएको र निजकी आमा ललता रानाले आफ्नो जन्म मिति १९७५ साल देखाई ना.प्र.नं. ११८ बाट मिति २०४५।१।१९ गते जिल्ला प्रशासन कार्यालय कैलालीबाट नेपाली नागरिकताको प्रमाणपत्र लिएको देखिन्छ । यसरी नागरिकता प्राप्त गरिसकेपछि नागरिकतासम्बन्धमा विपक्षी कुवरियाबाट परेको उजुरी छानबिन भई प्रमाणको अभावमा नागरिकता फिर्ता भई मिसिलसमेत तामेलीमा रहिसकेको अवस्थामा जग्गु राना थारूको मृत्युपश्चात् जग्गाको नामसारी आफ्नो पक्षमा पार्नका लागि पुनः नागरिकताकै विषयलाई

उठाएको देखिन आउँछ । जग्गासम्बन्धी विषय कानूनी विषय हो तर नागरिकता जस्तो मानिसले जन्मका नाताले प्राप्त गर्ने संवैधानिक एवम् नैसर्गिक अधिकारको विषयलाई जग्गा नामसारीको विषयले ओझेलमा पार्न सक्दैन । कानूनबमोजिम आफ्नो पिता तथा पतिले सनाखत गरी अधिकारप्राप्त निकायले नागरिकता जारी गरीसकेको र पछि सोसम्बन्धमा उजुरीसमेत छानबिन गरी प्रमाण नपुग्ने भनी टुङ्गो लगाइसकेपछि पुनः त्यही विषयमा उजुरी सुनी नागरिकता नै रद्द गर्ने गरी भएको निर्णय राज्यका कानून कार्यान्वयन गर्ने अधिकारीहरूका लागि शोभनीय देखिँदैन । यसरी एउटै विषयमा पटकपटक र फरकफरक निर्णय गर्ने छुट विपक्षीहरूलाई कुनै कानूनले दिएको देखिँदैन । यस्तो हुँदै जान दिने हो भने समाजमा शान्तिपूर्ण तवरले बाँच्न पाउने नागरिक अधिकारमा कुठाराघात उत्पन्न हुन जाने अवस्था आउँछ । कानूनको प्रक्रियाबमोजिम नागरिकता प्राप्त गरेको छ, नेपाली नागरिक भएकामा विवाद देखिँदैन भने जग्गासम्बन्धमा नयाँ विवाद उत्पन्न गरी नागरिकताको विषयलाई पुनः प्रवेश गराई नागरिकता नै रद्द हुने गरी निर्णय भएको देखिन्छ । यसो गर्दै जाने हो भने नागरिकता प्राप्त गर्ने नागरिकको जन्मसिद्ध र नैसर्गिक अधिकार सधैँ धरापमा पर्न जाने देखिन्छ । विपक्षी जिल्ला प्रशासन कार्यालयको नागरिकताको विषयमा गर्ने निर्णय विशुद्ध प्रशासनिक प्रकृतिको देखिन्छ । तर पनि प्रशासनिक अधिकारीले विशुद्ध प्रशासनिक प्रकृतिको निर्णय गर्दा पनि नागरिकको संवैधानिक तथा कानूनी अधिकारको हनन् हुन नदिनेतर्फ सदैव सचेत रहनु पर्दछ । न्याय र सद्विवेकलाई सदैव ख्याल गर्नुपर्दछ । उजुरीको विषयवस्तु कसरी उठान भएको छ, कुन उद्देश्यबाट प्रेरित छ त्यसको पृष्ठभूमिलाई पनि सकेसम्म ख्याल गर्नुपर्ने हुन्छ ।

६. नागरिकता रद्द गर्नेसम्बन्धमा नागरिकता ऐन २०६३ को दफा १२ मा भएको कानूनी व्यवस्थालाई मध्यनजर गर्दा हेर्दा *नेपाली नागरिकले झुठो विवरण दिई नेपाली नागरिकताको प्रमाणपत्र लिएको प्रमाणित हुन आएमा तोकिएको अधिकारीले त्यस्तो नागरिकताको प्रमाणपत्र रद्द गर्नेछ* भन्ने व्यवस्था रहेको देखिन्छ । नागरिकताको विषयमा उजुरी परिसकेपछि प्रमाणको अभाव रहेको भनि नागरिकता फिर्ता हुने र मिसिल तामेलीमा रहने निर्णय गरीसकेपछि पुनः त्यही विषयलाई दोस्रोपटक उठान गरी एउटै कार्यालयबाट नागरिकता रद्द गर्ने निर्णय गरेको देखिन्छ । त्यसरी नागरिकता रद्द गर्ने आफूलाई प्राप्त अधिकारको प्रयोग गर्दा कानूनले प्रमाणको विवेचना गर्नु नपर्नेमा नागरिकता दिने अधिकारीलाई सो अधिकारप्राप्त भएको मान्नु पर्ने हुन्छ । तर प्रस्तुत मुद्दामा मिति २०२७।१०।९ को प्रमाणपछि २०३१ सालमा जग्गु रानाले आफ्नो छोरा हो भन्ने स्वीकार गरी त्यसैको आधारमा २०४५ सालमा नागरिकता प्राप्त गरेको र निज जग्गु राना थारूको मृत्युपछिमात्र निज जग्गुको छोरा होइन भनी परेको उजुरीबाट नागरिकता बदर गर्ने गरेको कार्य प्रमाण र विवेचनाको विषय भएकामा नागरिकता ऐन, २०६३ को दफा १२ ले बदर गरेको मिलेको नहुँदा उत्प्रेषणको आदेशद्वारा मिति २०६५।१०।२३ को जिल्ला प्रशासन कार्यालय कैलालीबाट भएको निर्णयलाई सदर गर्ने गरी भएको नेपाल सरकारको मिति २०६६।१०।१२ को निर्णय बदर हुने ठहर्छ ।

७. अब, विवादित विषयमा प्रमाणको विवेचनाको सम्बद्धता देखिँदा आफूलाई प्राप्त अधिकार प्रमाणित नभएको विषयमा प्रमाणको पुनः विवेचना गरी कसको पिताको नामबाट नागरिकता दिनुपर्ने हो सम्बद्ध प्रमाणहरू जो जे देखिन्छन् बुझी कानूनबमोजिम पुनः निर्णय गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी गरी दिएको छ । विपक्षीहरूलाई

सोको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत गराइदिनू । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी नियमानुसार मिसिल अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या. दीपकराज जोशी

इति संवत् २०७१ साल माघ १८ गते रोज १ शुभम् ।
इजलास अधिकृत : रामप्रसाद बस्याल

## निर्णय नं.९४४२

श्री सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोपाल पराजुली
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
आदेश मिति :- २०७१।१०।२२।२
०६९-WO-१३५०

विषय :– उत्प्रेषण ।

निवेदक : जिल्ला पर्सा जगरनाथपुर गा.वि.स. वडा नं. ३ बस्ने वीरेन्द्रप्रसाद चौहानसमेत

विरूद्ध

विपक्षी : जिल्ला पर्सा जगरनाथपुर गा.वि.स. वडा नं. ३ बस्ने अजयकुमार चौहानसमेत

- **मुद्दा सकार गर्ने व्यक्ति मुद्दाको पक्ष नै हुने र पक्षले निर्वाह गर्ने दायित्व र परिणामप्रति निजको जिम्मेवारी रहन्छ । यस अवस्थामा मोहरपतीले फैसलाबमोजिम प्राप्त गर्ने सम्पत्ति र निजले ब्रह्मदेवलाई गरिदिएको शेषपछिको बकसपत्रबमोजिमको सम्पत्तिसमेतको लिखतमा मुद्दा सकार गर्ने व्यक्तिको हक पुगेको मान्नु पर्ने देखिन आउने ।**

(प्रकरण नं. ३)

- **प्रकरणमा विवेचना गरिएका आधार एवम् कानूनी व्यवस्थाहरूबाट बकसपत्र दाता र प्राप्त गर्ने व्यक्तिसमेतको मृत्यु भै सकेको अवस्थामा निजहरूको दैयादारको हैसियतले जनकदुलारी देवीको हक स्थापित भै सकेको अवस्था हुँदा कानूनबमोजिम अंश छुट्याउने क्रममा अंश प्राप्त गर्ने व्यक्तिमध्येबाट आफ्नो हक पुगेको सम्पत्तिसम्म शेषपछिको बकसपत्र लेखि दिएको र तत्पश्चात् शेषपछिको बकसपत्र पाउनेको मृत्यु भै विपक्षी जनकदुलारीले हक प्राप्त गरी मुद्दा सकार गरी सकेको देखिँदा विवादित सम्पत्तिमा अंसियार घटेकाले घटेका अंसियारमध्येबाटै बन्डा गर्नुपर्ने भन्ने निवेदन दाबीसँग समेत सहमत नहुने ।**

(प्रकरण नं. ५)

निवेदकको तर्फबाट :- विद्वान् वरिष्ठ अधिवक्ता हरिहर दाहाल र विद्वान् अधिवक्ता खम्बबहादुर खाती
विपक्षीको तर्फबाट :- विद्वान् वरिष्ठ अधिवक्ता किशोरकुमार अधिकारी
अवलम्बित नजिर :-

सम्बद्ध कानून :-

- मुलुकी ऐन, अपुतालीको महलको २, अ.ब. ६२(३)
- दण्ड सजायको ४६(३)

आदेश

**न्या. गोपाल पराजुली :-** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवम् ठहर यसप्रकार रहेको छ :-

मुल पुरूष राधाकृष्ण महतोको दुई श्रीमतीमा जेठी तेतरीदेवी चाइन, कान्छी मोहरपती देवी चाइन भएको, मोहरपती देवी चाइनको छोरा ब्रह्मदेवप्रसाद चौहान, निजको श्रीमती जनक दुलारीदेवी चाइन भै पाँच भाइ छोरा दुई छोरीमा क्रमशः: अजय कुमार, बृजेश कुमार, राकेश कुमार, रतनेश कुमार, शिवजी कुमार, छोरी रम्भा कुमारी र चन्द्र कुमारी भएकामा छोरी रम्भा कुमारीको विवाह भै सकेको, जेठी तेतरी देवी चाइनतर्फ दुई छोरामा जेठो नन्दलाल, कान्छो रामदेवप्रसाद चौहान भएको, जेठो नन्दलालको श्रीमती गिर्जादेवी चाइन, निजहरूको चार छोरामा क्रमशः: वीरेन्द्र प्रसाद, हरेन्द्र प्रसाद, देवेन्द्र प्रसाद र भुपेन्द्र प्रसाद भएको, कान्छो रामदेवप्रसाद चौहानको श्रीमती सोनादेवी भै निजहरूको छोरा मिथिलेश प्रसाद चौहान भएको, राधाकृष्ण महतो मिति २०६९/०५/१७ मा, तेतरीदेवी चाइनको मिति २०६२/०४/१६ मा, ब्रह्मदेवप्रसाद चौहानको मिति २०६५/०९/२३ मा, मोहरपतीदेवी चाइनको मिति २०६९/०४/२१ मा स्वर्गे हुनुभएको, नन्दलाल र गिर्जादेवी चाइन अंश मुद्दा पर्नुभन्दा अघि नै आ-आफ्नो कालगतिले अघिपछि गरि स्वर्गे भै सक्नु भएको छ।

विपक्षी अजय कुमार चौहान र राकेश कुमार चौहान वादी भै प्रतिवादीमा जनकदुलारी देवी, बृजेश कुमार, रतनेश कुमार, शिवजी कुमार, ब्रह्मदेव, मोहरपतीदेवी, देवेन्द्र, भुपेन्द्र, हरेन्द्र, वीरेन्द्र, तेतरीदेवी, सोनादेवी, रामदेवप्रसाद, राधाकृष्ण भै मिति २०५८/०५/१४ को दे.नं. २४०८ को अंश दर्ता मुद्दा चली ६ खण्डको १ खण्डमध्येबाट बहिनी चन्द्रा कुमारीको विवाह खर्च परसारी ७ खण्डको २ खण्ड हाम्रो अंश छुट्याई दर्ता गरिपाउँ भनी सम्मानित पर्सा जिल्ला अदालतमा मुद्दा चलेकामा मिति २०५९/०५/१७ मा राधाकृष्ण महतोको मृत्यु भै सकेकाले ५ खण्डको १ खण्डमध्येबाट चन्द्राकुमारीको विवाह खर्च परसारी ८ खण्डको २ खण्ड अंश वादीले पाउने गरि मिति २०६९/१०/१३ मा फैसला भएको। पर्सा जिल्ला अदालतको फैसलाउपर परेको पुनरावेदनमा सुरू जिल्ला अदालतको फैसला सदर गर्ने पुनरावेदन अदालत, हेटौंडाको मिति २०६३।३।६ को फैसला पछि विपक्षी अजयकुमार चौहान र राकेश कुमार चौहानले ०६५ सालको दे.पु.नं. CI-०७४४ को अंश दर्ता मुद्दामा दोहोर्‍याई हेरिपाउँ भनी सम्मानित सर्वोच्च अदालतमा निवेदन-पत्र परि निस्सा पाई पुनरावेदन-पत्र दर्ता भै मुद्दा चल्दा चल्दै २ अंसियार परलोक भै सकेकाले चार मूल अंसियार देखिन्छ, ४ भागको १ भागबाट ८ भागको १ भाग, १ भाग चन्द्रा कुमारीको विवाह भै सकेको छ भने विवाह खर्च पर सार्न नपर्ने गरि ७ भागको १ भाग, विवाह नभएको भए विवाह खर्च परसारी ८ भागको १, पुनरावेदन अदालत, हेटौंडाको फैसला केही उल्टी भई वादीहरूले पाउने ठहर्छ भनी सम्मानित सर्वोच्च अदालतबाट मिति २०६७/१२/०९ मा फैसला भएको थियो।

विपक्षी पर्सा जिल्ला अदालतसमक्ष बन्डा छुट्याई पाउँ भनी विपक्षी अजय कुमार चौहान र राकेश कुमार चौहानले छुट्टै, मोहरपतीले विपक्षी बृजेश कुमार चौहान, रतनेश प्रसाद चौहान, शिवजी कुमार चौहान र जनक दुलारीदेवी चाइनको अंश छुट्याई

पाउँ भनी र रामदेवप्रसाद चौहानको छुट्टा छुट्टै निवेदन परेको थियो । विपक्षी तहसिल शाखा, पर्सा जिल्ला अदालतले हामी निवेदकहरू मध्ये रामदेवप्रसाद चौहानले अंश छुट्याई पाउँ भनी दिएको बिगो नं ४९४ को मुद्दा कार्वाहीयुक्त अवस्थामा राखी बाँकीको हकमा मिति २०६९/१०/१६ मा बन्डा मुचुल्का गर्दा मूल अंसियारमध्येकी मोहरपतीदेवी चाइन मिति २०६९/०४/२१ गते परलोक हुनुभएकामा बाँकी ३ जना मूल अंसियार रहेकामा ३ भागको १ भागमध्येबाट अंश छुट्याउनुपर्नेमा ४ भागको १ भागमध्येबाट छुट्याई दिई ४ भागको १ भाग समुच्चा स्व. मोहरपतीदेवीको अंश भाग विपक्षी जनकदुलारी देवी चाइनलाई छुट्याई दिई अडबड पारी बेहिसाबको बेरीतको काम गरेबाट हाम्रो चित्त नबुझी मुलुकी ऐन, दण्ड सजायको ६१ नं. अनुसार विपक्षी पर्सा जिल्ला अदालतसमक्ष उजुर गर्दा बन्डा मुचुल्का बदर गरिरहन परेन, कानूनबमोजिम गर्नु भनी मिति २०६९/१२/०२ मा आदेश गरियो ।

विपक्षी पर्सा जिल्ला अदालतको आदेशउपर हाम्रो चित्त नबुझी पुनरावेदन अदालत, हेटौंडासमक्ष मुलुकी ऐन, अ.बं. १७ नं. बमोजिम निवेदन पर्दा कैफियत प्रतिवेदन माग भै विपक्षी पुनरावेदन अदालत, हेटौंडाले मिति २०७०/०३/०६ मा परिवर्तन गरिरहन परेन भनी आदेश गर्दा यी निवेदकहरू र विपक्षीहरूको बिचमा चलेको अंश मुद्दा तह तह फैसला हुँदै गई श्री सर्वोच्च अदालतबाट मिति २०६७/१२/०९ मा फैसला हुँदा स्व. मोहरपतीदेवीसमेत ४ अंसियार कायम भै फैसला भएको देखिएको छ, तदनुरूप बन्डा छुट्याउने समयपूर्व मिति २०६९/०४/२१ मा निजको मृत्यु भएको देखिए पनि निजले आफ्नो मृत्युपूर्व मिति २०५९/०४/१९ मा आफ्नो छोरा ब्रह्मदेवप्रसाद चौहानलाई शेषपछिको बकसपत्र लिखत गरिदिएको र निजको समेत २०६५/०९/२३ मा मृत्यु भै सोही शेषपछिको बकसपत्रको आधारमा निज मोहरपतीदेवीको अंश हक छुट्याउने क्रममा ब्रह्मदेवप्रसाद चौहानको श्रीमती जनकदुलारी देवीलाई सकार गराई निज मोहरपती देवीको अंश भाग र ब्रह्मदेवप्रसाद चौहानको फैसलाबमोजिमको अंश भाग मिति २०६९।१०।१६ मा छुट्याएको देखिएको छ, स्व. मोहरपतीदेवीको शेषपछिको बकसपत्रबमोजिम बन्डा छुट्याउँदा शेषपछिको बकसपत्र पाउने ब्रह्मदेवप्रसाद चौहानको श्रीमती जनकदुलारी देवी चाइनलाई निज मोहरपतीदेवीको अंश हक खाने भनी मुद्दा सकार गराएतर्फ यी निवेदकहरूले उजुर गर्न नसकी चित्त बुझाई बसेको देखिन्छ । अत: सर्वोच्च अदालतको अन्तिम फैसलाबमोजिम कायम ४ अंसियार मध्ये स्व. मोहरपती देवीको ४ भागको १ भाग अंश र ब्रह्मदेवप्रसाद चौहानको कायम ४ भागको १ भाग अंश निजको छोरा श्रीमतीले नरम गरम मिलाई मिति २०६९/१०/१६ मा बन्डा छुट्याएको देखिँदा उक्त बन्डा बदर नहुने भनी त्यहाँ अदालतबाट मिति २०६९/१२/२ मा भएको आदेश बेरीतको नदेखिँदा परिवर्तन गरिरहन परेन, प्रस्तुत निवेदन कानूनबमोजिम गर्नु होला भनियो । विपक्षीहरूले गरेको यस्तो गैह्रकानूनी कामबाट हाम्रो मौलिक हकमा आघात परेकाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२, धारा १०७(२), सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) अनुसार अन्तरिम आदेशसहितको उत्प्रेषणलगायत जुनसुकै उपयुक्त आदेश जारी गरी हाम्रो मौलिक हकको संरक्षण गर्नुपर्ने ठोस कानूनी आधार प्रमाण देहायबमोजिम छ :-

क) मोहरपतीदेवीले ब्रह्मदेवप्रसादलाई र.नं. ४७९ मिति २०५९/०४/१९ मा गरिदिएको शेषपछिको बकसपत्रको जरियाबाट ब्रह्मदेवप्रसादको श्रीमती जनकदुलारी देवीले मुद्दा सकार गरेको होइन । मिति २०६९/०५/२१ मा मुद्दा

सकार गर्दा केवल नागरिकता, मृत्यु दर्ता, गा.वि.स.को सिफारिसबाट व्यहोरा साँचो भए सकार गराई दिनु भनी सकार गरेको हो । जनकदुलारी देवीले मुद्दा सकार गिर्दा पेस गरेको शेषपछिको बकसपत्र मुलुकी ऐन अ.बं.७७ नं. ले निजको पक्षमा प्रमाण लिन मिल्दैन । शेषपछिको बकसपत्र दिने मोहरपतीदेवी लिने ब्रह्मदेवप्रसाद भएकामा ब्रह्मदेवप्रसाद चौहानको मृत्यु मिति २०६५/०९/२३ मा हुनसाथ उक्त समयमा मोहरपतीदेवी जीवित हुँदा शेषपछिको बकसपत्र स्वत: निष्क्रिय भै सून्यमा परिणत भएकाले पुन: मोहरपती देवीले जनकदुलारी देवीलाई शेषपछिको बकसपत्र लेखिदिनुभएको छैन । निज मोहनपतीदेवी आफैँले अंश छुट्याई लिन खोज्दा निज २०६९/०४/२१ मा परलोक हुनु भएपछि मुद्दा सकार गरेको कारणबाट निजको भाग छुट्याई जनकदूलारी देवीलाई दिन मिल्दैन । मुद्दा सकार हक प्राप्त गर्ने आधार होइन । मुलुकी ऐन, अंशबन्डाको १ नं.ले अंशबन्डा गर्दा जीयजीयैको अंश गर्नुपर्ने हुँदा जीवित अंसियारबाहेक मरेका अंसियारको अंश भाग छुट्याउन मिल्दैन । जिल्ला अदालत नियमावली, ०५२ को नियम ७८ख अनुसार अंसियार सङ्ख्या घटबढ भएकामा यकिन गर्नुपर्नेमा गरिएन । फलत: सो ७८ख नं. समेतको गम्भिर त्रुटि भएको छ ।

ख) हामीमध्येको रामदेवप्रसाद चौहानले यही मुद्दामा बन्डा छुट्याई पाउँ भनी बिगो नं. ४९४ मा दिएको मुद्दा भने मिति २०७०/०३/११ मा तारेख दिई कार्वाहीयुक्त अवस्थामा राखी आंशिकरूपमा मिति २०६९/१०/१६ मा बन्डा छुट्याउने गरि म्यादैभित्रमा बन्डा मुचुल्का गर्न मिल्दैन । मुलुकी ऐन दण्डसजायको ४६ नं को देहाय (३) ले एकै पटक बन्डा गरी अंशबन्डाको २८ नं अनुसार गोला हाली नरम गरम मिलाउनुपर्नेमा यसको व्याख्यात्मक त्रुटि हुने गरि भएको बन्डा मुचुल्का कानूनसम्मत छैन । मुद्दा सकारमा उजुरी नदिएको कारणले मात्र मरेको व्यक्तिको अंश भाग छुट्याउन मिल्दैन ।

तत्काल सम्मानित अदालतबाट विपक्षीहरूका नाउँमा अन्तरिम आदेश जारी गरी नरोकिदिने हो भने जग्गा दा.खा. भै हक हस्तान्तरण हुँदै जाँदा थप मुद्दा मामिलाको झन्झटीलो प्रक्रियामा हामीले जानुपर्ने अवस्था आइपर्ने, आर्थिक क्षति हुने, मानसिक तनाव बढ्ने, कानूनी बाटो अनुसरण गर्न सुविधा सन्तुलनको दृष्टिकोणले पनि विपक्षीहरूलाई भन्दा हामीलाई अपूरणीय क्षति हुने प्रवल सम्भावना हुँदा यो रिट निवेदनको किराना नलागेसम्म उल्लिखित घरजग्गाहरू जे जहाँ जुन अवस्थामा पुगेको छ, त्यही यथास्थितिमा राख्नु, राख्न लगाउनु भनी विपक्षीहरूका नाउँमा सर्वोच्च अदालत नियमावली, ०४९ को नियम ४१(१) अनुसार अन्तरिम आदेशसमेत जारी गरि पाउँ भन्ने रिट निवेदन ।

यसमा के कसो भएको हो, निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो, आदेश जारी हुनु नपर्ने आधार र कारण भएमा यो आदेश प्राप्त भएको मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्नु भनी यो आदेश र प्रस्तुत रिट निवेदनको प्रतिलिपि साथै राखि विपक्षीहरूलाई सूचना पठाई लिखित जवाफ प्राप्त भएपछि अथवा अवधि व्यतीत भएपछि नियमानुसार पेस गर्नु . प्रस्तुत विषयमा निवेदकले माग गरेको अन्तरिम आदेशसम्बन्धमा

विचार गर्दा यस निवेदनमा उठाइएका दाबी जिकिरहरू फैसला कार्यान्वयनसँग सम्बन्धित रहे भएको देखिनुको साथै प्रस्तुत रिट निवेदनमा अन्तिम आदेश हुँदा बोलिने विषय रहेको देखिनाले हाल यस विषयमा अन्तरिम आदेश दिइरहनुपर्ने देखिन आएन भन्ने यस अदालतको मिति २०७०।३।१७ को आदेश।

सम्मानित सर्वोच्च अदालतको मिति २०६७/१२/९ को अन्तिम फैसलाबमोजिम बन्डा छुट्याई पाउँ भनी हामी अजय कुमार र राकेश कुमारले दिएको निवेदनउपर कारवाही हुँदा मोहरपतीदेवी जीवीतै रहनुभएको र निजको नाउँमा जारी भएको म्यादमा निज स्वयम् हाजिर भै निजसमेतले बन्डा छुट्ट्याउन निवेदन गर्नुभएको छ । तत्पश्चात् निजको मृत्यु भएको हुँदा निज सासु मोहरपतीदेवीको अपुताली हक अपुतालीको महलको २ नं. बमोजिम सबैभन्दा निजको हकवालाको नाताले र स्वर्गीय मेरा पति ब्रह्मदेवप्रसादलाई मिति २०५९/०४/१९ मा पारित गरीदिनुभएको शेषपछिको बकसपत्र लिखतसमेतको आधार कारणसमेतबाट अ.बं. ६२(३) बमोजिम म जनकदुलारीले मुद्दा सकार गरी लिई बन्डा छुट्टाई लिए पाएको हुँदा उल्लिखित बन्डापत्रहरू कानूनअनुरूप नै खडा भएको छ । स्व. मोहरपतीदेवीको मुद्दा म जनकदुलारी देवीले सकार गरेको हो भन्ने कुरालाई विपक्षीहरूले स्विकारेका छन् । त्यसरी मुद्दा गरेउपर उजुर दाबी गरी बदर गराउन सकेको छैन । मुद्दा सकार गरेको कार्य यथावत् कायम रहेको हुँदा बन्डा मुचुल्का बदर हुन सक्ने अवस्था नै छैन । मुद्दा सकारबाट हक प्राप्त हुँदैन भन्ने कानूनी आधार उल्लेख गर्न सकेको पनि छैन, मुद्दा सकार गर्नुको तात्पर्य नै निज मृतकको हकमा कानूनतः प्रतिनिधित्व गरी हक कायम गराई लिनु नै हो, सो कुरा अ.बं. ६२ नं.ले प्रष्टै छ । शेषपछिको बकसपत्र लिखत पेस नगरेको भन्ने कथनको कुनै औचित्य नै छैन । अ.बं. ७७ नं. को कुनै त्रुटि भए गरेको पनि छैन ।

सम्मानित अदालतको अन्तिम फैसलाले ४ अंसियार कायम गरेको र कायमी अंसियारहरूमध्येकी एक अंशी मोहरपतीदेवी स्वयम्ले नै बन्डा छुट्याई लिन मन्जुर गरी निवेदनसमेत दिएको अवस्था हुँदा ३ भाग बन्डा लगाउनुपर्ने भन्ने विपक्षीहरूको कथनको कुनै कानूनी औचित्य छैन । जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८ख आकर्षित हुन सक्ने अवस्था पनि छैन । बन्डा छुट्याई पाउँ भनी विपक्षी स्वयम्ले पनि दरखास्त/ निवेदन दिई तारेखमा बसी आएकामा स्वेच्छाले तारेख छोडी गुजारी थाम्ने म्याद पनि समाप्त भै सकेपछिमात्र बन्डा मुचुल्का भएको हो । सूचना पाएर पनि विपक्षीहरू डोरमा अनुपस्थित रहेको कुरा मुचुल्का व्यहोराबाटै प्रष्ट छ । यस स्थितिमा एकै पटक बन्डा छुट्टाउनुपर्ने भन्ने विपक्षीहरूको कथनको कुनै औचित्य नै छैन । दण्ड सजायको ४६(३)नं. ले पनि त्यसरी तारेख गुजारी बसेको अवस्थामा खण्डे बन्डा गर्न कुनै बाधा दिएको अवस्था पनि छैन भन्ने अजयकुमार चौहानसमेतको लिखित जवाफ।

यसमा मिति २०६९/१०/१६ मा पर्सा जिल्ला अदालतबाट भएको बन्डा मुचुल्काबमोजिम दा.खा. गरिपाउँ भन्ने निवेदकहरूको यस कार्यालयमा निवेदन परेको नदेखिँदा विपक्षीहरूले यस कार्यालयलाई विपक्षी बनाई दिएको उत्प्रेषणको निवेदन गैरकानूनी देखिँदा यस कार्यालयउपर आदेश जारी हुनुपर्ने होइन, रिट निवेदन खारेजयोग्य भएकाले खारेज गरि पाउँ भन्ने मालपोत कार्यालय पर्साको लिखित जवाफ।

वादी अजयकुमार चौहानसमेत प्रतिवादी रामदेवप्रसाद चौहानसमेत भएको दे.नं.२४१८ को अंश दर्ता मुद्दामा पर्सा जिल्ला अदालतको मिति २०६०/१०/१३ को, पुनरावेदन अदालत, हेटौंडाको मिति २०६३/०३/०६ गतेको फैसला उल्टी भई सर्वोच्च अदालत काठमाडौंको मिति २०६७/१२/०९

को फैसला, मिति २००८/११/०१ गतेको शेषपछिको बकसपत्र र ट्र्याक्टरबाट समेत तायदाती फाँटवारीमा देखाएको सम्पूर्ण सम्पत्तिको हाल कायम रहेका अंसियारहरूको चार भाग लगाई सो चार भागमध्ये ब्रह्मदेवप्रसादको भागमा पर्न आउने एक भाग अविवाहित छोरी चन्द्रा कुमारीको विवाह खर्च परसारी ८ भाग लगाई ८ भागबाट पुनरावेदक वादीहरूले अंश छुट्याई पाउने ठहरी भएको फैसलाबमोजिम बन्डा छुट्याई पाउँ भनी वादी जना २ को दरखास्त, प्रतिवादी जनकदुलारीदेवी-१, व्रजेश कुमार चौहान-१, रत्नेश कुमार-१, शिवजी कुमार-१ समेतले ४ भागको १ भाग ब्रह्मदेवको अंश भागबाट हामीहरूले पाउने अंश फैसलाबमोजिम छुट्याई पाउँ भनी दिएको निवेदन, त्यसै गरी मोहरपतिदेवीले मेरो अंश ४ भागको १ भाग छुट्याई पाउँ भनी छुट्टाछुट्टै निवेदन दिएकामा यस अदालतबाट श्री सम्मानित सर्वोच्च अदालतको मिति २०६७/१२/०९ गतेको फैसलाबमोजिम ४ भागको १ भाग ब्रह्मदेवप्रसादको अंश भागबाट वादीहरूको र प्रतिवादी मध्येको ४ भागको १ भाग मोहरपती देवी, ४ भागको १ भाग ब्रह्मदेवप्रसादको अंश भागबाट विवाह खर्च पारसारी ८ भाग अंश सारी मिति २०६९/१०/१६ मा बन्डा मुचुल्का भएको। मिति २०६९/१०/१६ गते बन्डा मुचुल्का हुँदा प्रतिवादी मोहरपतीदेवीको मृत्युपश्चात् निजको अंश छुट्याइएको हुँदा बेरीतको बन्डा मुचुल्का बदर गरि पाउँ भनी परेको दं.स. ६१ नं. को उजुरी निवेदनमा यस अदालतको मिति २०६९/१२/०२ गतेको आदेशबाट मिति २०६९/०१/१६ गतेको बन्डा मुचुल्का सदर भई अ.बं. १७ नं. को कैफियत प्रतिवेदनसमेतबाट पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०/०३/०६ गतेको आदेशबाट मिति २०६९/१२/०२ गते भएको पर्सा जिल्ला अदालतको आदेश सदर हुने गरि आदेश भएको । तह-तह अदालतबाट भएको आदेश कानूनसङ्गत भएको देखिँदा निवेदकको मागबमोजिम रिट जारी हुन पर्ने होइन। रिट निवेदन खारेज गरिपाउँ भन्ने पर्सा जिल्ला अदालतको लिखित जवाफ।

यसमा निवेदकहरू र विपक्षीहरूको बीचमा चलेको अंश मुद्दा तह-तह फैसला हुँदै गई श्री सर्वोच्च अदालतबाट मिति २०६७/१२/०९ मा फैसला हुँदा स्व. मोहरपतीदेवीसमेत ४ अंसियार कायम भै फैसला भएको देखिएको छ । तदनुरूप बन्डा छुट्याइएको समय पूर्व मिति २०६९/०४/२१ मा निजको मृत्यु भएको देखिए पनि निजले आफ्नो मृत्युपूर्व मिति २०५९/०४/१९ मा आफ्नो छोरा ब्रह्मदेवप्रसाद चौहानलाई शेषपछिको बकसपत्र लिखत गरी दिएको र निजको समेत मिति २०६५/०९/२३ मा मृत्यु भै सोही शेषपछिको बकसपत्रको आधारमा निज मोहरपतिदेवीको अंश हक छुट्याउने क्रममा ब्रह्मदेवप्रसाद चौहानको श्रीमती जनकदुलारी देवीलाई सकार गराई निज मोहरपतीदेवीको अंश भाग र ब्रह्मदेवप्रसाद चौहानको फैसलाबमोजिमको अंश भाग मिति २०६९/१०/१६ मा छुट्याइएको देखिएको छ। स्व. मोहरपती देवीको शेषपछिको बकसपत्रबमोजिम बन्डा छुट्याउँदा शेषपछिको बकसपत्र पाउने ब्रह्मदेवप्रसाद चौहानको श्रीमती जनकदुलारीदेवी चाइनलाई निज मोहरपतीदेवीको अंश हक खाने भनी मुद्दा सकार गराएतर्फ यी निवेदकहरूले उजुरी गर्न नसकी चित्त बुझाई बसेको देखिन्छ । अत: सर्वोच्च अदालतको अन्तिम फैसलाबमोजिम कायम ४ अंसियारमध्ये स्व. मोहरपती देवीको ४ भागको १ भाग अंश र ब्रह्मदेवप्रसाद चौहानको कायम ४ भागको १ भाग अंश निजको छोरा श्रीमतीले नरम गरम मिलाई मिति २०६९/१०/१६ मा बन्डा छुट्याएको देखिँदा उक्त बन्डापत्र बदर नहुने भनी त्यहाँ अदालतबाट मिति २०६९/१२/०२ मा भएको आदेश बेरीतको नदेखिँदा परिवर्तन गरि रहन परेन। प्रस्तुत निवेदन

कानूनबमोजिम गर्नु होला भनी यस अदालतको संयुक्त इजलासबाट मिति २०७०/०३/०६ मा आदेश भएको । अत: यस अदालतबाट कानूनबमोजिम भएको उपर्युक्तबमोजिमको आदेशबाट विपक्षीको रिट निवेदनमा उल्लेख गरेबमोजिमको संवैधानिक एवम् कानूनी हक हनन् नभएको हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने पुनरावेदन अदालत, हेटौंडाको लिखित जवाफ।

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा निवेदकका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल र विद्वान् अधिवक्ता श्री खम्बबहादुर खातीले शेषपछिको बकसपत्र प्राप्त गर्ने ब्रह्मदेवको दाता जीवित नै रहेको अवस्थामा मृत्यु भएपछि त्यस्तो बकसपत्रको अस्तित्व स्वत: समाप्त हुने र अंसियार मेहरपतीको समेत मृत्यु भइसकेपछि बन्डा मुचुल्का गर्दा अंसियार सङ्ख्या घटाई बन्डा गर्नुपर्नेमा मृत्यु भइसकेकी मोहरपतीलाई समेत हिस्सा लगाई गरिएको बन्डापत्र र निष्क्रिय भइसकेको बकसपत्रका आधारमा मोहरपतीको अंशहक जनकदुलारीदेवीलाई बन्डा गरी जिम्मा लगाउने कार्य विद्यमान कानून र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका विपरीत हुँदा सुरू पर्सा जिल्ला अदालतबाट भएको त्रुटिपूर्ण आदेशलाई सदर गर्ने पुनरावेदन अदालत, हेटौंडाको आदेशसमेत गैरकानूनी हुँदा त्यस्तो गैरकानूनी निर्णय बदर हुनुपर्दछ भन्नेसमेत र विपक्षीतर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री किशोर कुमार अधिकारीले सर्वोच्च अदालतबाट फैसला भई अन्तिम भएको अंश मुद्दाबाट हक स्थापित भएकी मोहरपती स्वयम्ले फैसलाबमोजिम आफ्नो हकको बन्डा छुट्याउनका लागि निवेदन गरेकी, निजको नजिकको हकवाला छोरा ब्रह्मदेवलाई शेषपछिको बकसपत्र प्रदान गरेको र बन्डा छुट्याउने कार्य सम्पन्न नहुँदै निजको मृत्यु भएको अवस्थामा निज मोहरपती को मुद्दा जनकदुलारीले सकार गरेको कार्य कानूनसम्मत छ । यी निवेदकहरू मृतक मेहरपतीको नजिकका हकवाला हुन् भन्ने पुस्तावलीबाट देखिन आउँदैन र जनकदुलारीले मुद्दा सकार गरेको कार्यका विरूद्ध निवेदकहरू तत्काल उपचारका लागि आउन नसकी सो कार्यलाई समर्थन नै गरेको अवस्थामा हाल आएर सोही सकारनामाबमोजिम भएको बन्डा मुचुल्काउपर दायर हुन आएको प्रस्तुत रिट निवेदन औचित्यहिन हुँदा माग दाबीबमोजिमको आदेश जारी हुन सक्ने अवस्था छैन भन्नेसमेत गर्नुभएको बहस जिकिर सुनियो।

उल्लिखित पक्ष विपक्षका विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको बहस सुनी मिसिल संलग्न रिट निवेदनसहितका कागजात अध्ययन गरी हेर्दा यसमा निवेदन माग दाबीबमोजिमको आदेश जारी हुने हो, होइन भन्नेसम्बन्धमा नै निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा अजय कुमार चौहान वादी राकेश कुमार चौहानसमेत प्रतिवादी भई पर्सा जिल्ला अदालतमा चलेको अंश मुद्दा सर्वोच्च अदालतबाट मिति २०६७/१२/०९ मा फैसला भई अन्तिम रहेकामा सो फैसलाका आधारमा पर्सा जिल्ला अदालतमा बन्डा छुट्याई पाउन पक्ष विपक्षले छुट्टाछुट्टै निवेदन पेस गरेकामा विपक्षीमध्येकी मोहरपती चाइनको बन्डा छुट्याउनुपूर्व मिति २०६९/०४/२१ मा निधन भई जम्मा चार अंसियारमध्ये तीन अंसियार कायम गरी बन्डा छुट्याउनुपर्नेमा मृतक मोहरपतीको अंश भाग जनकदुलारीलाई छुट्याई दिई बन्डा मुचुल्का भएको कार्य त्रुटिपूर्ण देखिएको छ, मोहरपतीले आफ्नो छोरा ब्रह्मदेवलाई मिति २०५९/०४/१९ मा शेषपछिको बकसपत्र गरिदिएकामा निज ब्रह्मदेवको मिति २०६५/०९/२३ मै मृत्यु भइसकेको हुँदा निज मोहरपती र ब्रह्मदेवको मुद्दा ब्रह्मदेवकी श्रीमती जनकदुलारीलाई सकार गराई मिति २०६९/१०/१६

मा भएको बन्डा मुचुल्का बदरका लागि बेन्चसमक्ष अ.बं. ६१ नं. बमोजिम निवेदन गरेकामा सो बन्डा मुचुल्का बदर गर्नु नपर्ने भनी पर्सा जिल्ला अदालतबाट भएको आदेशउपर अ.बं. १७ नं. बमोजिम पुनरावेदन अदालत, हेटौंडामा निवेदन गर्दासमेत सो गैरकानूनी बन्डा मुचुल्का बदर नभएको हुँदा अन्य वैकल्पिक उपचारको अभावमा रिट क्षेत्रबाट उल्लिखित त्रुटिपूर्ण आदेश बदरका लागि यो निवेदन दायर गरेका छौं, मोहरपतीले र.नं. ४७९ मिति २०५९/०४/१९ मा गरि दिएको शेषपछिको बकसपत्रको जरियाबाट जनकदुलारीले मुद्दा सकार गरेको होइन, बकसपत्र प्राप्त गर्ने व्यक्तिको मृत्यु भइसकेपछि त्यस्तो बकसपत्रको अस्तित्व कायम रहँदैन। मोहरपतीले जनकदुलारीलाई शेषपछिको बकसपत्र गरिदिएकी होइनन् । निजले आफैँ अंश छुट्याई पाउन निवेदन गरेकामा मिति २०६९/०४/२१ मा निजको निधन भएको हो। मृत्यु भइसकेको अंसियारको अंश निजको मुद्दा सकार गर्ने व्यक्तिले पाउने होइन, अंसियार नै घट्ने अवस्था हुन्छ। मुद्दा सकार गरेको कारणले अंश हक प्राप्त हुन सक्दैन। अत: गैरकानूनीरूपमा भएको बन्डा मुचुल्का उत्प्रेषणको आदेशद्वारा बदर गरी तीन भागको एक भाग एकै पटक बन्डा गर्नु भनी विपक्षीहरूको नाउँमा उपयुक्त आदेश जारी गरि पाउँ भन्ने रिट निवेदन दायर हुन आएकामा सर्वोच्च अदालतबाट अन्तिम फैसला भएको अंश मुद्दामा फैसलाबमोजिम बन्डा छुट्याई पाउन अजय कुमार, राकेश कुमारसमेतले निवेदन गर्दा मोहरपती जीवित नै रहेकी र निजले समेत म्यादमा उपस्थित भई बन्डा छुट्याई पाउन निवेदन दायर गरेकी, सोपूर्व मिति २०५९/०४/१९ मा मोहरपतीले ब्रह्मदेवप्रसादलाई शेषपछिको बकसपत्र गरी दिएकी, मोहरपतीको मृत्युपश्चात् मुलुकी ऐन अपुतालीको महलको २ नं. को कानूनी व्यवस्थाबमोजिम निजको नजिकको हकवाला जनकदुलारी हुँदा निजैले अ.बं. ६२(३) नं. बमोजिम मुद्दा सकार गरी बन्डा छुट्ट्याई लिएको कार्य कानूनसम्मत छ, सो मुद्दा सकार गरेको कार्यलाई यी निवेदकहरूले बदर गराउन नसकेको र सकारनामाबाट हक प्राप्त हुँदैन भन्ने पनि देखाउन सकेको पाइँदैन । अन्तिम भएको अंश मुद्दाबाट ४ अंसियार कायम भएको र सोही फैसलाबमोजिम नै आफ्नो अंशहक छुट्ट्याइ पाउन मोहरपती स्वयम्ले निवेदन गरेको अवस्थामा ३ अंसियार कायम हुनुपर्दछ भन्ने निवेदन जिकिर आधारहिन हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भन्ने वीरेन्द्रप्रसाद चौहानसमेतका विपक्षीहरूको संयुक्त लिखित जवाफ रहेको छ भने सर्वोच्च अदालतबाट भएको अन्तिम फैसलामा ४ अंसियार देखिएको, मोहरपती स्वयम्ले बन्डा छुट्ट्याई पाउन निवेदन गरेकी र निजको मृत्युपश्चात् जनकदुलारी देवीले मुद्दा सकार गरेकी हुँदा मोहरपतीको अंशको हिस्सा बन्डा मुचुल्काबमोजिम निज जनकदुलारीलाई बुझाइएको हो । मोहरपतीले यसपूर्व मिति २०५९।४।१९ मा छोरा ब्रह्मदेवलाई शेषपछिको बकसपत्र लिखत गरी दिएकी र निज ब्रह्मदेवको पनि २०६५।९।२३ मा मृत्यु भइसकेको हुँदा जनकदुलारीले मृतकहरू मोहरपती र ब्रह्मदेवको मुद्दा सकार गरी अंश लिएको कार्य तहतहका अदालतबाट भएको आदेश कानूनसङ्गत देखिँदा निवेदन मागदाबीबमोजिमको आदेश जारी हुन पर्ने होइन भन्ने पुनरावेदन अदालत, हेटौंडा र पर्सा जिल्ला अदालतको एकै मिलानको लिखित जवाफ रहेको देखिन्छ । पर्सा जिल्ला अदालतबाट मिति २०६९।१०।१६ मा भएको बन्डा मुचुल्काअनुसारको जग्गा दाखिल खारेजका लागि निवेदकहरूको यस कार्यालयमा निवेदन दाखिला नभएको हुँदा यस कार्यालयको नाउँमा मागअनुसारको आदेश जारी हुन सक्ने अवस्था छैन भन्ने विपक्षी मालपोत कार्यालय पर्साले पेस गरेको लिखित जवाफको व्यहोरा देखियो।

३. यसमा मोहरपतीले फैसलाबमोजिम बन्डा

छुट्ट्याई पाउँ भनी स्वयम्ले पर्सा जिल्ला अदालतसमक्ष निवेदन दिएको र फैसला कार्यान्वयन नहुँदै निजको मृत्यु भएपश्चात् जनकदुलारीले निजको मुद्दा सकार गरी मोहरपतीको अंशबापतको सम्पत्ति बुझि लिएको कार्यका सम्बन्धमा यी निवेदकहरूले विवाद गरी प्रस्तुत रिट निवेदन दायर हुन आएको देखियो। अंश मुद्दामा बन्डा नछुट्ट्याउँदै अंसियारको मृत्यु भएमा अंसियार घटाएरमात्र बन्डा गर्नुपर्ने र शेषपछिको बकसपत्र प्राप्त गर्ने व्यक्तिको दाताभन्दा पहिले नै मृत्यु भएको अवस्थामा त्यस्तो बकसपत्रको वैधानिकता नरहने भन्नेसमेतको रिट निवेदन जिकिरतर्फ विचार गर्दा मोहरपतीले अन्तिम फैसलाबमोजिमको आफ्नो अंशहक छुट्ट्याई पाउन जीवित अवस्थामै निवेदन गरेकी र बन्डा छुट्ट्याउनुपूर्व नै निजको मृत्यु भएको अवस्था हुँदा निजको नजिकको हकवालाको हैसियतमा जनकदुलारीले मुद्दा सकार गरी मोहरपतीसमेतको अंशभाग बुझिलिएको देखियो। फैसला कार्यान्वयनकै क्रममा मुद्दाका पक्षको मृत्यु भई म्याद तारिख गुज्रन गएको अवस्थामा सरोकारवालाले मुद्दा सकार गरी गुज्रेको म्याद तारिख थाम्ने थमाउनेसम्बन्धमा मुलुकी ऐन, अ.बं.६२(३) नं. को कानूनी व्यवस्था हेर्दा "ऐनले बिगो भर्नु भराउनु, दिनु दिलाउनु वा सम्पत्ति चलन चलाउनु, लिनुपर्ने मुद्दाका म्याद तारिखमा हाजिर हुनुपर्ने व्यक्ति मरी वा बौलाहा वा बेपत्ता भई म्याद तारिख गुज्रेमा मरी वा बौलाहा वा बेपत्ता भएको मितिले बाटाका म्यादबाहेक पैँतीस दिनभित्र निजको दैयादारले म्याद तारिख थामी मुद्दा सकार गर्न अड्डामा हाजिर भै निवेदनपत्र दिएमा म्याद तारिख थामी दिई मुद्दा सकार गराइ दिनु पर्छ..." उल्लेख भएको देखिन्छ। उल्लिखित कानूनी व्यवस्थाअनुसार मुद्दा सकार गर्न प्रथमतः मृतकका "दैयादार" अर्थात् हकवाला यकिन हुनुपर्ने र त्यसता हकवालाले तोकिएको म्यादभित्रै सम्बन्धित अड्डामा निवेदन गरेको हुनुपर्ने अनिवार्यता रहेको देखिन्छ। प्रस्तुत विवादको सम्बन्धमा विपक्षी जनकदुलारी देवीले मृतक मोहरपतीको मुद्दा सकार गरेउपर यी निवेदकहरूले तत्काल प्रश्न उठाएको अवस्था नरहेको र निवेदकहरू मृतकका नजिकका हकवाला हुन् भन्ने तथ्य पनि पुष्टी हुन सकेको देखिँदैन। मोहरपतीको मृत्युपश्चात् पर्सा जिल्ला अदालतसमक्ष मुद्दा सकारका लागि जनकदुलारीको निवेदन परेपछि निज मृतकको हकवाला हो, होइन र मुद्दा सकार गराउन मिल्ने हो, होइन भन्नेसम्बन्धमा अड्डाले तत्काल निर्क्योल गरी मुद्दा सकार गराइएको र तत्सम्बन्धमा यी निवेदकहरूले विवाद सृजनासमेत नगरेको हुँदा उक्त विषय सोही अवस्थामा अन्त्य भइसकेको मान्नु पर्ने हुन्छ। मुद्दा सकार गर्ने व्यक्ति मुद्दाको पक्ष नै हुने र पक्षले निर्वाह गर्ने दायित्व र परिणामप्रति निजको जिम्मेवारी रहन्छ। यस अवस्थामा मोहरपतीले फैसलाबमोजिम प्राप्त गर्ने सम्पत्ति र निजले ब्रह्मदेवलाई गरिदिएको शेषपछिको बकसपत्रबमोजिमको सम्पत्तिसमेतको लिखतमा मुद्दा सकार गर्ने जनकदुलारी देवीको हक पुगेको मान्नु पर्ने देखियो।

४. फैसलाबमोजिमको बन्डा छुट्याई पाउँ भनी निवेदकमध्येकै रामदेवप्रसाद चौहानको समेत छुट्टै दरखास्त दिई तारेखमा बसी आएकामा निजले तारेख गुजारी थाम्ने थमाउने म्याद समाप्त भै सकेपछिमात्र बन्डा मुचुल्का भएको देखियो। बन्डा छुट्ट्याउनुपूर्व पर्सा जिल्ला अदालतबाट जारी भएको सूचना पाएर पनि निवेदकहरू डोरमा अनुपस्थित रहेको कुरा मुचुल्का व्यहोराबाट देखिँदा वादी प्रतिवादीहरूको एकै पटक बन्डा छुट्टाउनुपर्ने भन्ने विपक्षीहरूको कथन आधारयुक्त देखिएन। दण्ड सजायको ४६(३)नं. ले पनि त्यसरी तारेख गुजारी बसेको अवस्थामा खण्डे बन्डा गर्न कुनै बाधा व्यवधान रहेको अवस्थासमेत नहुँदा खण्डे बन्डा गरिएको मिलेन भन्ने रिट निवेदन

जिकिरसँग सहमत हुन सकिएन।

५. अतः माथि प्रकरणमा विवेचना गरिएका आधार एवम् कानूनी व्यवस्थाहरूबाट बकसपत्र दाता र प्राप्त गर्ने व्यक्तिसमेतको मृत्यु भै सकेको अवस्थामा निजहरूको दैयादारको हैसियतले जनकदुलारी देवीको हक स्थापित भै सकेको अवस्था हुँदा कानूनबमोजिम अंश छुट्याउने क्रममा अंश प्राप्त गर्ने व्यक्तिमध्येबाट आफ्नो हक पुगेको सम्पत्तिसम्म शेषपछिको बकसपत्र लेखि दिएको र तत्पश्चात् शेषपछिको बकसपत्र पाउनेको मृत्यु भै विपक्षी जनकदुलारीले हक प्राप्त गरी मुद्दा सकार गरी सकेको देखिँदा विवादित सम्पत्तिमा अंसियार घटेकाले घटेका अंसियारमध्येबाटै बन्डा गर्नुपर्ने भन्ने निवेदन दाबीसँग समेत सहमत हुन सकिएन। विपक्षी जनकदुलारीले सर्वोच्च अदालतको मिति २०६७/१२/०९ को अन्तिम फैसलापश्चात् मुद्दा सकार गरी स्थापित भएको हकलाई अन्यथा गर्न सकिने अवस्था देखिएन। प्रस्तुत निवेदन दाबी खारेज हुने ठहर्छ। प्रस्तुत रिट निवेदन दर्ताको दायरी लगत कट्टा गरी मिसिल अभिलेख शाखा बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. ओमप्रकाश मिश्र

इति संवत् २०७१ साल मङ्सिर २२ गते रोज २ शुभम्।
इजलास अधिकृत : केशवप्रसाद घिमिरे

## निर्णय नं.९४४३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोपाल पराजुली
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
फैसला मिति :- २०७१।१०।१४।४
०६८-CR-०२४४

मुद्दा : कर्तव्य ज्यान।

पुनरावेदक/वादी : रोहित बहादुर बस्नेतको जाहेरीले नेपाल सरकार।

विरूद्ध

प्रत्यर्थी/प्रतिवादी : जिल्ला भोजपुर, टक्सार गा.वि.स.वडा नं. ८ बस्ने धर्मध्वज कार्कीको छोरा रोहितकुमार कार्की।

- **आफू बिरामी भै मृत्यु शैय्यामा पुग्दासम्म होसमै रहेको मृतकले समेत मृत्युको कारण नबताएको अवस्थामा अनुमानको भरमा र प्रतिवादीले मृतकप्रति गरेका पूर्व व्यवहारलाई ज्यान जस्तो फौजदारी अपराधमा अदालत आफैँले प्रमाणको श्रृष्टि गरी अभियुक्तलाई दोषी करार गर्नु विवेकपरक नहुनुको साथै न्यायको विपरीत हुन जाने।**

(प्रकरण नं. ३)

पुनरावेदन/वादीको तर्फबाट :- विद्वान् उपन्यायाधिवक्ता गंगाप्रसाद पौडेल
प्रत्यर्थी/प्रतिवादीको तर्फबाट :-
अवलम्बित नजिर :-

सम्बद्ध कानून :-

- मुलुकी ऐन ज्यानसम्बन्धी महलको १, १३(२)

सुरू अदालतमा फैसला गर्ने :-

मा.जि.न्या. श्री शम्भुराम कार्की

पुनरावेदन अदालत,मा फैसला गर्ने :-

मा.मुख्य न्या. श्री गोविन्दकुमार उपाध्याय

मा.न्या. श्री टेकराज नेपाल

फैसला

**न्या. गोपाल पराजुली :-** न्याय प्रशासन ऐन, २०४८ को दफा ९ अन्तर्गत यस अदालतमा दायर भै निर्णयार्थ पेस भै यस अदालतको क्षेत्राधिकारभित्रको भई हुन आएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवम् ठहर यसप्रकार छ :-

मेरो माइती नेपाले डाँडा गा.वि.स. वडा नं. ८ मा भएको र मेरो विवाह टक्सार ८ बस्ने रोहितकुमार कार्कीसँग २०५२ सालमा भएकामा १ छोरी र १ छोराको जन्म भएको छ र आजभन्दा ५ वर्ष अघिदेखि पति रोहितकुमार कार्कीले ममाथि विभिन्न आरोप लगाई, मलाई प्रत्येक रात बेहोस बनाई ममाथि दुर्व्यवहार गर्ने र मलाई घरमा नबस् सम्बन्ध विच्छेद गरी जाभन्दा पनि सहेर बसेकीमा मलाई घरमा मार्नेसम्मको योजना बनाई ममाथि धेरै अत्याचार गरेको र घरमा बस्दा ज्यानको सुरक्षा हुन नसक्ने अवस्था भएको हुँदा मेरो ज्यानको सुरक्षा गरिपाउँ भनी मृतक इन्दीरा कार्कीले विभिन्न पार्टी कार्यालयमा बोधार्थ दिई जिल्ला प्रशासन कार्यालय भोजपुरमा दिएको निवेदनपत्र।

मेरो छोरी इन्दिरा बस्नेतको रोहित कुमार कार्कीसँग २०४९ सालमा विवाह भै १ छोरा एक छोरीको जन्मसमेत भएकामा २०५६ सालमा वा सो बेलादेखि ज्वाइँले छोरीलाई कुटपिट गर्ने, शारीरिक तथा मानसिक यातना दिने, बेहोस पारी बलात्कार गर्ने जस्ता हिंसात्मक कार्य गर्ने गरेको कुरा छोरीद्वारा जानकारी आउने गरे तापनि बेला-बेलामा आफैँ छोरीको घरमा गै सम्झाई बुझाई आउने गरेकामा विगत ६ महिनादेखि विभिन्न हिंसात्मक कार्य गरी ज्यानसमेत लिन्छु भनी ज्वाइँले धम्की दिने गरेकाले छोरीले जिल्ला प्रशासन कार्यालय भोजपुरसमेतमा सुरक्षा गरि पाउँ भनी लिखित र मौखिकरूपमा उजुरसमेत गरेकामा मसमेत छोरी ज्वाइँको घरमा गै छलफल गराई सम्झाई बुझाई अब यस्तो क्रियाकलाप हुने छैन भनी ज्वाइँले विश्वास दिलाएपछि घर फर्की आएकामा छोरी इन्दीराबाट आफ्नो अन्तिम अवस्था रहेको मलाई ज्वाइँले मार्छु भनेको छ भनी जानकारी पाउँदा नातिनीलाई सन्चो भएपछि म तिमीलाई लिन आउँछु भनैँ। त्यसपछि पटक पटक सम्पर्क गर्न खोज्दा छोरीसँग सम्पर्क हुन सकेन र ज्वाइँ रोहित कार्कीसँग सम्पर्क गर्न खोज्दा सम्पर्क नगराएको । त्यतिकैमा २०६५/०१/२७ गते ज्वाइँ रोहितद्वारा छोरी बिरामी भै अस्पताल भर्ना गरेको जानकारी पाएँ। सोही दिन बिहान ७ बजे मेरो काकाकी छोरी राधा खड्काले भोजपुरबाट फोनमार्फत छोरीको मृत्यु भएको खबर पाएको हुँदा पाल्पादेखि काठमाडौं हुँदै भोजपुर आई छोरीको मृत लासलाई हेरेँ । लासको प्रकृति हेर्दा निजको मृत्यु कालगतिले नभै आफ्नो श्रीमान् रोहित कार्कीले विष सेवन गराई सुनियोजित तरिकाले कर्तव्य गरी मारेको पुष्टि हुन आएको र छोरीको अन्तिम अवस्थामा राधा खड्काले अस्पतालमा बोल्न खोज्दा बोल्न नदिएको र छोरी इन्दिराको मृत्यु भै सकेपछि मृतकको दिदीलाई तेरी बैनीलाई मारी बदला लिएँ भनी ज्वाइँ रोहितले फोनबाट भनेको मृतकको सानो बाबु कुमार दाहालसँग म निर्वाचनपछि इन्दीरालाई मार्छु तेरी छोरी लान्छस् भने लैजा भनी धम्क्याएको समेत हुँदा ज्वाइँ रोहित

कार्कीकै कर्तव्यबाट छोरी इन्दीरा बस्नेतको मृत्यु भएको हुँदा छोरी इन्दीरा कार्कीलाई विष सेवन गराई मार्ने रोहितकुमार कार्कीलाई सजाय गरिपाउँ भन्ने व्यहोराको जाहेरी दरखास्त।

भोजपुर जिल्ला भोजपुर गा.वि.स. वडा नं. ३ स्थित पूर्वमा चिकित्सक निवास, पश्चिममा टक्सार भोजपुरको मोटर बाटो उत्तरमा अस्पतालको खाली जमिन दक्षिणमा अस्पताल भवन यति ४ किल्लाभित्र अवस्थित अस्पतालको मुर्दा घरमा उत्तर टाउको दक्षिण खुट्टा पारी उत्तानो अवस्थामा रहेको मृतक लासको मुखमा सेतो फिँज जस्तो पदार्थ निस्किएको, घाँटी छातीको अवस्था सामान्य रहेको घाँटीमा डाम नभएको आँखा खुल्ला रहेको भन्ने मृतक इन्दीरा कार्कीको घटनास्थल लास प्रकृति मुचुल्का।

भोजपुर जिल्ला अस्पतालको कोठा नं. २ को मेलवार्ड, सो वडाको पूर्व पश्चिम रहेको बेड नं. २ पूर्व कोठाकै भित्ता, पश्चिम बिरामीको शौचालय उत्तर ढोका दक्षिण कोठाकै भित्ता यति ४ किल्लाभित्रमा पूर्व टाउको पश्चिम खुट्टा पारी निज इन्दीरा कार्कीको मृत्यु भएको भनी लेखिएको घटनास्थल मुचुल्का।

The cause of death can be detected after viscera report भन्ने डा. सूर्य बहादुर गुरूङको मिति २०६५/०१/२९ को शव परीक्षण प्रतिवेदन।

मृतक इन्दीरा कार्कीको भिसेरा जाँच गर्न केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालामा पठाएको भन्ने जिल्ला प्रहरी कार्यालय भोजपुरको मिति २०६५/०२/०२ को पत्र।

इन्दीरा कार्कीको मिति २०६५/०१/२७ गते बिहान ७ बजेको समयमा अस्पतालमा मृत्यु भएछ। सो कुरा सुनी मसमेतका मानिस घटनास्थलमा गै हेर्दा मृतकको नाक मुखबाट सेतो फिँज आएको मृतक लास देखेको हुँ। घटनाको प्रकृति हेर्दा निजलाई निजकै श्रीमान् रोहितकुमार कार्कीले विषादी सेवन गराएको जस्तो लाग्छ। निज मृतक र रोहित कार्कीको बीच घटना घट्नुभन्दा अगाडि सम्बन्धमा राम्रो थिएन। सम्बन्ध विच्छेद गर्छु निजले मलाई नाकमा सुँघाउने विषादी सुँघाई बेहोस बनाउनेसमेत गर्छ म निजसँग बस्न सक्दिन भनेर भनेकी थिइन् भन्नेसमेत व्यहोराको सरस्वती बस्नेतले मौकामा गरेको कागज।

मिति २०६५/०१/२७ गते म आफ्नै घरमा थिएँ सो दिन बिहान अं.४ बजेको समयमा मृतकको बुबाले मलाई फोन गरी इन्दीरा अस्पतालमा छिन जाउ भनेपश्चात् म अस्पताल गै हेर्दा बेडमा सुताएको अवस्थामा पाएँ। सो अवस्थामा निज इन्दीराको मुखमा सेतो फिँज जस्तो पदार्थ लागेको थियो। तिमिलाई के भयो भनी भन्दा पेट पोल्छसम्म भन्थिन् भने नजिक बसेका इन्दीराका श्रीमान्ले चै ग्याष्ट्रिकले हो भन्नु हुन्थ्यो र केही समयपश्चात् पिसाब गर्छु भनी इन्दीराले भनेकाले पिसाब गराएँ। पछि उनले जिउ छाडिन रोहित कार्की र मसमेत भई बेडमा सुताएपश्चात् पुन: नाक मुखबाट फिँजसहितको बान्ता गरिन बिहान ७ बजे उनको प्राण गएको हो। सोपश्चात् उनका श्रीमान् छोरालाई लिएर बाहिर जानु भयो। घरका कोही पनि मानिस त्यहाँ आएनन् मैले सुनेअनुसार विष खुवाएका मानिसले यसरी बान्ता गर्छन् रे भन्नेसमेत व्यहोराको राधा खड्काले मौकामा गरेको कागज।

म आफ्नै घरमा थिएँ, राधा दिदीले फोन गरेपश्चात् इन्दीराको मृत्युको खबर सुनेको हो म अस्पताल ११ बजे पुग्दा निजको मृत्यु भै सकेको थियो। पेट पोलेको, फिँजसहितको बान्ता गर्दागर्दै मृत्यु भएको भन्ने सुन्दा गत मङ्सिरमा उनले भनेको कुरा याद आयो। मसँग उनले मेरो श्रीमान्ले मलाई मार्छु भन्छन् रातमा बेहोस हुने औषधी सुघाउँछ चियामा समेत मलाई लठ्याउने औषधी खुवाई ३/४ घण्टा बेहोस बनाउँछ जस्ता कुरा गरी पारपाचुके गर्ने कुरा गरेको निज ज्यादै निरास थिइन् सायद विषादी

प्रयोग कै कारण निजको मृत्यु भएको हुनुपर्छ भन्नेसमेत व्यहोराको निर्मला थापाले मौकामा गरेको कागज।

जाहेरीमा उल्लिखित मिति समयमा म आफ्नै घर काठमाडौंमा थिएँ। इन्दीरा कार्कीको अस्पतालमा मृत्यु भएछ सो कुरा मैले मिति २०६५/०१/२७ गते बिहान ८:३० बजे टेलिफोनबाट सुनि थाहा पाई मलगायतका मानिस २०६५/०१/२८ गते काठमाडौंबाट जहाजद्वारा भोजपुर आई जिल्ला अस्पताल भोजपुरमा बहिनी इन्दीरा कार्कीलाई हेर्दा नाक मुखबाट सेतो फिँज आई राखेको मृत अवस्थामा देखेको हुँ । इन्दीरा कार्कीलाई निजको श्रीमान् रोहितकुमार कार्कीले वारदात घट्नुभन्दा धेरै अगाडिदेखि शारीरिक तथा मानसिक यातना दिने विषादी सुँघाई बेहोस बनाई बलात्कार गर्ने दुःख कष्ट हैरानी दिने गरेको र निजले मलाई मार्ने भयो भनि टेलिफोनबाट मलाई भनेकी र निजले जिउ ज्यानको सुरक्षा गरिपाउँ भनी २०६४/०८/२७ गते आफैँले लेखि जिल्ला प्रशासन कार्यालयमा दिएको निवेदन घटनाको प्रकृति दुवै हेर्दा निज रोहितकुमार कार्कीले पूर्वयोजना बनाई थाहा नपाउने गरी विषादीको सेवन गराई इन्दीरा कार्कीको हत्या गराएकामा विश्वास लाग्छ निजले वारदात घटाइसकेपछि पनि हामीसँग भेट नगरेको, अपराधबाट बच्न विभिन्न बहाना पारेको हुँदा निज रोहितकुमार कार्कीलाई सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको रमा कोइराला बस्नेतले मौकामा गरेको कागज।

म आफैँ उपस्थित हुन आएको छु भनी रोहितकुमार कार्कीले जिल्ला प्रहरी कार्यालय भोजपुरमा दिएको निवेदन।

इन्दीरा कार्कीसँग २०५२ सालमा विवाह भै १ छोरी १ छोराको जायजन्म भएको छ। निजसँग पारिवारिक सम्बन्ध राम्रै थियो कहिले काहीँ हुने मन मुटाब र घर झगडाबाहेक अन्य केही थिएन। मैले कुनै शारीरिक तथा मानसिक यातना दिएको थिइनँ। मलाई ससुराली पक्षले सधैँ आर्थिक विपन्नताको तराजुमा राखी तौलने सामाजिक तथा राजनीतिक जीवनमा आँच आउने गरी कर्मथलो त्याग्न श्रीमतीलाई उचाल्ने श्रीमती पनि यो ठाउँ छाडी काठमाडौं जाउँ भन्ने गर्दा म ठाउँ छोड्न नसक्ने कुरा सम्झाउथें। गत मङ्सिरमा पनि श्रीमतीलाई निवेदन दिन लगाउँदा मैले सम्झाई घरमै राखेको थिएँ। बिरामी भै उपचारको क्रममा अस्पतालमै मृत्यु भएकोलाई विष खुवाई मार्‍यो भनी झुट्ठा जाहेरी दिएको हो। २०६५/०१/२५ गते राति म र श्रीमतीसँगै बस्यौं २६ गते बिहान उनी धारातर्फ गइन् सो दिन जिल्ला अस्पताल भोजपुरमा रेडक्रसको आयोजनामा फलफूल वितरण गर्ने कार्यक्रम थियो । मलाई पनि आमन्त्रण गरेको हुँदा बिहान ६ बजे म सदरमुकामतर्फ आएँ। बिहान ७ बजे रेडक्रसमा उपस्थित भै सोपश्चात् जिल्ला प्रहरी कार्यालय अगाडि सन्तोषी होटलमा दिउँसो ११ बजे खाना खाई आफ्नो कार्यालयमा काम गरिरहेको अवस्थामा दिउँसो १:३० बजेको समयमा श्रीमती बान्ता आउने व्यथाले आक्रान्त भएको खबर टेलिफोनबाट पाई घर नजिकै रहेको अ.हे.ब. दिपेन्द्र श्रेष्ठलाई लिएर घरतर्फ गै प्रारम्भिक उपचार गराएको हो । त्यती गर्दा पनि बान्ता नरोकिएकाले गाउँलेको सहयोग लिई ५ बजेतिर अस्पताल ल्याएको हो उपचार कै क्रममा बान्ता नरोकिई प्रेसरसमेत लो भई बिहान ७ बजे उनको मृत्यु भयो । किन यस्तो अभियोग लगाएको उनीहरू नै जानुन् म निर्दोष छु भनी प्रतिवादी रोहितकुमार कार्कीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज।

मिति २०६५/०१/२६ गते म पसलबाट फर्किँदा इन्दीरा कार्कीको घरतिर निस्किएकी थिएँ, वहाँले मलाई सर्बत खुवाउनु भयो। रोहित काका खोइ भनी सोध्दा सदरमुकाम जानु भयो भन्नु हुन्थ्यो म त्यहाँ पुग्दा १० बजेको थियो। मृत्युको खबर भोलिपल्टमात्र

सुनेको हो कसरी मृत्यु भयो भन्न सक्दिन भन्नेसमेत व्यहोराको बिन्दा आचार्यले मौकामा गरेको कागज।

२६ गते म आफ्नै घरमा थिएँ। इन्दीरा कार्की बिरामी छन् रे अस्पताल लानु पर्‍यो भन्ने खबर पाएपछि मसमेत भै अस्पताल लगेको हो। विष खाए खुवाएको भनिनन् के कसरी मृत्यु भयो भन्न सक्दिन भन्नेसमेत व्यहोराको सिताराम आचार्यले मौकामा गरेको कागज। उल्लिखित २६ गते म आफ्नो घरमा थिएँ। इन्दीरा कार्की बिरामी भइन् अस्पताल लानु पर्‍यो भनेकाले मसमेत भै भोजपुर अस्पताल लगेको हो निजले पेट पोल्छ बान्ता आउँछ भनेकोसम्म सुनेको हो। पछि मृत्युको खबर सुने के कसरी मृत्यु भयो म भन्न सक्दिन भन्नेसमेत व्यहोराको भुपालबहादुर श्रेष्ठ, अनिस श्रेष्ठ, गणेश विश्वकर्मासमेतले मौकामा गरेको कागज।

२०६५/०१/२६ गते म आफ्नै घरमा थिएँ। इन्दीरा कार्की र हाम्रो एकै धारो हुँदा सँगै लुगा धोयौँ। रोहित कार्की सो बिहान सदरमुकाम जानुभएको थियो। इन्दीराले हामी गाउँलेलाई सर्बत पानी खुवाउँनु भयो। दिनको १२ बजेतिर म हलीलाई बोलाउन जाँदा वहाँ घरको पेटीमा लडिरहनुभएको थियो। मैले के भयो भनी उठाई सोध्दा बान्ता आउँछ, पेट पोल्छ भन्नुभयो। दिसा लागेको छ भनी मैले दिसा गराउन समातेर लाँदा पिसाबमात्र फेर्नु भयो। निजलाई खाटमा सुताई तौलिया ओढाई धामी खोज्न म गएँ। धामीसमेत पाइन आई हेर्दा वहाँमाथि तलामा गै सुत्नु भएछ। पछि रोहित आई उपचार गराई ठीक नभएपश्चात् उपचारको लागि अस्पताल लगेको हो भोलिपल्ट बिहान इन्दीराको मृत्यु भएको खबर पाएँ। अचम्म लाग्यो कसरी मृत्यु भएको हो भन्न सक्दिन भन्नेसमेत व्यहोराको कृष्णकुमारी आले मगरले मौकामा गरेको कागज। २०६५/०१/२६ गते बिहान ७ बजे म रोहित कार्की र रमेश शाक्यसमेत अस्पतालमा थियौँ। इन्दीरा कार्कीको उपचार कै क्रममा अस्पतालमा मृत्यु भएको हो। निजको मृत्यु के कति कारणले भएको हो यकिन भन्न सक्दिन भन्नेसमेत व्यहोराको दानबहादुर श्रेष्ठले मौकामा गरेको कागज।

म, रोहित कार्की र दानबहादुर श्रेष्ठसमेत २६ गते बिहान ७ बजे अस्पतालमा थियौँ। सो दिन बेलुकी इन्दीरालाई अस्पतालमा ल्याएको मैले देखेको हो, पेट पोल्ने, बान्ता आउने भै रहन्छ रे भन्नेसम्म सुनेको हो मृत्यु के कति कारणले भयो भन्न सक्दिन भन्नेसमेत व्यहोराको रमेशकुमार शाक्यले मौकामा गरेको कागज। इन्दीरा कार्की बिरामी भएको खबर पाई मसमेत उनलाई हेर्न घरमा गएको थिएँ। के भयो भनी सोध्दा पेट पोल्छ, बान्ता आउँछ, रिँगटा लाग्छ भन्नु भयो पछि उनलाई अस्पताल ल्याए र मरेको खबर भोलिपल्ट बिहान थाहा भयो के कसरी मृत्यु भएको हो यकिन भन्न सक्दिन भन्नेसमेत व्यहोराको डम्बरकुमारी श्रेष्ठले मौकामा गरेको कागज।

मिति २०६५/०१/२६ गते अस्पतालमा फलफूल वितरण कार्यक्रम रहेको र म गोविन्द कार्की, रोहित कार्की तीनै जनाको एकै ठाउँमा ल फर्म भएको कारण फलफूल वितरणपश्चात् सन्तोषी होटलमा खाना खाई कार्यालयमा नै बसेको समय इन्दीरा बिरामी भएको खबर टेलिफोनमार्फत पाई म र रोहित कार्की अ.हे.ब. दिपेन्द्रकुमार श्रेष्ठलाई लिई इन्दीराको घरमै प्रारम्भिक उपचार गरी ठीक नभएपश्चात् अस्पताल ल्याएको हो। मलाई पेट पोल्छ, बान्ता आउँछ भन्ने भन्दा अन्य कुरा भनिनन् डाक्टरले चाहीँ प्रेसर लो भएछ भन्नु हुन्थ्यो कसरी मृत्यु भयो म भन्न सक्दिन भन्नेसमेत व्यहोराको हरीप्रसाद सुवेदीले मौकामा गरेको कागज।

मिति २०६५/०१/२६ गते म आफ्नै पसलमा थिएँ दिनको अं. २:३० बजेको समयमा रोहितकुमार कार्की मेरो पसलमा आई मेरो श्रीमतीलाई झाडा बान्ता भइरहेको छ जाऊँ भनेपश्चात् म र रोहित निजको घरमा गयौं। त्यहाँ पुग्दा इन्दीरा माथिल्लो तलामा हुनुहुँदो

रहेछ रोहितले इन्दिरालाई तल झारेपछि बिरामीको History बुझी सोध्दा वहाँले पेट पोल्छ, दुख्छ, बमिट हुन्छ भन्नु भयो। वहाँको प्रेसर ९०/६० थियो वहाँको बमिट रोक्न पहिला मैले २ M.L. पेटिजियम इन्जेक्सन दिएँ। रोहितले रियो जुस दिनु भयो त्यसले पनि दुखाई नियन्त्रण भएन त्यसपछि रिङ्गर ल्याक्टेड इन्जेक्सन सलाईनमार्फत दिएँ । त्यसपछि म मर्छु मलाई छिटो अस्पताल लानुहोस् भनेपछि मैले अस्पतालतर्फ पठाएको हो । रोहितले विष खुवाए नखुवाएको मलाई भनेनन् के भई मृत्यु भयो मलाई थाहा भएन भन्नेसमेत व्यहोराको प्राथमिक उपचार गर्ने दिपेन्द्रकुमार श्रेष्ठले मौकामा गरेको कागज।

मिति २०६५/०१/२७ गते बिहान ४ बजेको समयमा म राउण्ड चेकअपको लागि अस्पतालमा भर्ना गरेमध्येकी इन्दीरा कार्कीलाई चेकअप गर्न पुगेको थिएँ। उनले पेट पोल्छ, बान्ता आइरहन्छ भनेकी र प्रेसरसमेत लो भएको कारण उनलाई ग्यास्ट्रीकको उपचार गरेको हो। उनको मृत्यु प्रेसर लो कै कारण भएको हो भनी डा. सूर्य बहादुर गुरूङले अनुसन्धान अधिकृतसमक्ष गरेको कागज।

मृतक इन्दीरा कार्कीले बताएको प्रारम्भिक लक्षण बान्ता आइरहने पेट पोल्ने भनेको जाँच गर्दा प्रेसर लो र शरीरमा पानीको कमी देखिँदा सो निराकरणको लागि तत्कालै उपचार थालिएको तर प्रेसर लो को समस्या निदान हुन नसकेको कारण उनको मृत्यु भएको हो भन्नेसमेत व्यहोराको डा. भबेस थापाले अनुसन्धान अधिकृतसमक्ष गरि दिएको कागज।

मिति २०६५/०१/२६ गते बिहान ६ बजे म मेरो घरबाट भोजपुरतर्फ आएको मेरोभन्दा माथि रोहित कार्कीको घर भएकाले मैले बाटोबाट बोलाई सँगै आउँदा हरी प्रसाद सुवेदीसँग भेट भै तीनैजना भोजपुर आएका भोजपुर आई लेखापढीको काम गरि बेलुकी १७:४५ बजे घरतर्फ जाँदै गर्दा बाटोमा इन्दीरा कार्कीलाई अस्पताल ल्याउँदै गर्दा भेट भएको हो निजले पेट दुख्छ, टाउको दुख्ने भएको छ भनिन् । सबैले घर जानु भनेको हुँदा म चै घरतर्फ गएँ। निजको मृत्यु २०६५/०१/२७ गते अस्पतालमा नै भएको भन्ने सुनेको हो निजको मृत्यु के कति कारणबाट भएको हो मलाई थाहा भएन भन्नेसमेत व्यहोराको गोविन्द कार्कीले मौकामा गरेको कागज।

जाहेरवालाले जाहेरी दरखास्तमा उल्लेख गरेको कुरा सत्य हो संविधान सभाको चुनाव अगाडि छोरी इन्दीराको घरमा निस्किँदा मलाई मेरो श्रीमान् रोहित कार्कीले शारीरिक तथा मानसिक यातना दिइरहन्छ। मलाई एकदिन अवश्य मार्छ भन्थी सोसमय मैले नआत्तिनु धैर्यता लिनु भनि फर्किएँ। सदरमुकाममा ज्वाइँ रोहितसँग भेट भयो । उनी आवेशमा आई तेरी छोरी लैजा नत्र चुनावपछि मारी दिन्छु भनेको हो । आफ्नो परिवारको इज्जत सम्झी यो कुरा कहीँकतै मैले सुनाउन सकिन। २०६५/०१/२७ गते छोरी इन्दीराको मृत्युको खबर सुनी आई हेरियो लासको प्रकृति घटना विवरण इन्दीराको लक्षण पहिलाको धम्की सम्झी छोरी इन्दीरालाई निजकै श्रीमान्ले सुनियोजित तरिकाले हत्या गरेका हुन् भनी कुमार दाहालको मौकामा गरेको कागज।

मिति २०६५/०१/२६ गते म घरमा नै थिएँ। म बिरामी भएँ भनेपछि मैले कृष्णकुमारी मगरलाई बोलाई दिसा गराउन बाहिर लगेको हो र फोन गरी छोरा रोहितलाई नआउन्जेल म बुहारीको साथमा नै थिएँ। इन्दीराले विष खाएको खुवाएको मलाई थाहा छैन छोरो बिहानै सदरमुकाम गएको थियो। घरमा पनि कहीँकतै विषादीजन्य पदार्थ थिएन। उनले पनि विषादी खुवाएको बताइनन् । पेट पोल्छ बान्ता आउँछ भन्थिन् । छोरो आई घरमा उपचार गरी ठीक नभएपश्चात् उपचारको लागि जिल्ला अस्पताल लगेको हो के कति कारणबाट मृत्यु भएको हो थाहा भएन भन्नेसमेत व्यहोराको

मृतककी सासू प्रतिवादीकी आमा धर्मकुमारी कार्की मौकामा गरेको कागज।

मृतक इन्दीरा कार्की र निजको श्रीमान् रोहितकुमार कार्कीको वारदात हुनुपूर्व घरायसी सामान्य मनमुटाबबाहेक अगाडिको सम्बन्ध राम्रै भएको, निज इन्दीरा पेट पोल्ने बान्ता आउने बिरामीले भेटी उपचारको लागि जिल्ला अस्पताल भोजपुर लगिएकामा उपचार गराउँदा गराउँदै २०६५/०१/२७ गते बिहान अस्पताल मै मृत्यु भएको हो। निजको मृत्यु के कारणले भयो थाहा भएन भन्नेसमेत व्यहोराको चन्द्र बहादुर तामाङसमेतले गरि दिएको वस्तुस्थिति मुचुल्का।

अभियुक्त रोहितकुमार कार्कीले आफ्नी पत्नी मृतक इन्दीरा कार्कीलाई ५ वर्ष अघिदेखि बेलुकी सुत्ने बेलामा विषादी नाकमा सुँघाई बेहोस पारी बलात्कार गर्ने बिहान चियामा पनि विषादी मिसाई दिने जस्ता शारीरिक तथा मानसिक यातना दिँदै आएको कारण दुई पति पत्नीबीच आपसी सम्बन्ध बिग्रँदै आएकामा पत्नीले आफ्नो विरूद्धमा जिल्ला प्रशासन कार्यालयसमेतमा उजुरी दिएपछि समाजमा मुख देखाएर हिँड्नसमेत लज्जास्पद अवस्था बेर्होनु परेका यी अभियुक्तले आफ्नी पत्नीलाई सुनियोजित तरिकाले मार्न २०६५/०१/२६ गतेको दिनलाई उचित मौका ठानी उपर्युक्त लेखिएअनुसार गरि विषादी खानामा मिलाई दिई सो विषादीयुक्त खाना खाएको कारणबाट पेट पोल्ने बान्ता आउने भै अन्तत: उपचारकै क्रममा निज इन्दीरा कार्कीको मृत्यु भएको मिसिल संलग्न कागजातहरूबाट देखिन आएको हुँदा निज अभियुक्त रोहितकुमार कार्कीले गरेको सो कार्य मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ नं विपरीत कसुर गरेको हुँदा निज रोहित कार्कीलाई ज्यानसम्बन्धी महलको १३(२) नं बमोजिम हदैसम्म सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको अभियोगपत्र मागदाबी।

मिति २०६५/०१/२६ गते बिहान ७ बजे म अस्पताल आईपुगेको थिएँ र रेडक्रसको फलफूल वितरण कार्य सकेपछि सबैजना सदरमुकामतर्फ आयौं। ११ बजेको समयमा प्रेम सुवालको होटलमा खाना खाई मेरो ल फर्म तिर गएँ अन्दाजी डेढ बजेको समयमा श्रीमती बिरामी भएको कुरा टेलिफोनमार्फत थाहा भएकाले मेरो साथी हरि सुवेदीलाई साथ लिएर २ बजेतिर घरतर्फ लागेँ। कोटडाँडा पुगेपछि अ.हे.ब. दिपेन्द्र श्रेष्ठलाई लिएर गएँ। घरमा सामान्य उपचार गरी त्यहाँ ठीक नभएकाले गाउँलेको साथ लिई ५ बजेतिर जिल्ला अस्पताल भोजपुरमा ल्याएँ। पेट पोल्ने र बमिट हुने गर्दथ्यो। रातभरी उपचारको लागि डाक्टरहरू खटेका ४ बजेपछि उनको ब्लड प्रेसर लो भएको भनी डाक्टरले भनेको र बढाउन कोसिस गर्दा पनि बढ्न सकेन अन्दाजी पौने ७ बजे तिर निजको मृत्यु भएको हो के कसरी भएको हो डाक्टर नै जानुन्। श्रीमान् श्रीमतीको जसको पनि सामान्य विवाद हुन्छ मेरो पनि कहिलेकाहीँ विवाद पर्दथ्यो र मैले आफ्नो श्रीमतीलाई खानामा विष हालेर मारेको कुरामा सत्यता छैन म उक्त दिन २०६५/०१/२६ गते बिहानै घर छोडेर हिँडेको खाना मृतक आफैँले बनाएको सोही खाना मेरो छोराले खाएर स्कुल गएको सो दिन गाउँ घरमा छरछिमेकहरूलाई मृतकले सर्बत बनाएर खुवाएकी पछि बिरामी भएको थाहा पाएपछि मैले अस्पतालमा ल्याई उपचार गरेको हुँ। श्रीमतीसँग सामान्य विवाद हुन्थ्यो। मैले श्रीमतीलाई मार्नुपर्ने कारण केही थिएन र मैले मारेको पनि होइन। त्यसो हुँदा अभियोग दाबीबाट सफाइ पाउँ भनी प्रतिवादी रोहितकुमार कार्कीले मिति २०६५/०३/०२ मा सुरू अदालतमा गरेको बयान।

मृतकको मृत्यु प्रेसरले भएको कारणले भएको हो विष सेवनमा साधारणतया बान्ता हुँदैन भनी डा. सूर्य बहादुर गुरूङले मिति २०६५/०३/२५ मा गरेको

बकपत्र।

मिसिल सामेल रहेको । मृतकले जिल्ला प्रशासन कार्यालयलगायत विभिन्न पार्टी कार्यालयमा दिएको २०६४/०८/२७ गतेको निवेदन झिकाई मिसिल सामेल रहेको।

इन्दीराको मृत्युको कारण थाहा छैन, मृत्यु गराउनमा रोहितको हात छैन भन्ने प्रतिवादीका साक्षी गोविन्द चापागाईंको, अस्पतालमा नै निजको मृत्यु भएको हो कसैको कर्तव्यबाट भएको हैन भन्ने प्रतिवादीका साक्षी हरि प्रसाद श्रेष्ठको, रोहितउपर मलाई शङ्का लाग्दैन भन्ने प्रतिवादी साक्षी गोपीकृष्ण धमलाको, रोहितकी श्रीमतीको मृत्यु प्रेसर लोबाट भएको भन्ने सुनेको भन्ने प्रतिवादी साक्षी प्रविण सुवालको, इन्दीरा बिरामी परेका दिन बिहान पसलमा सामान लिन आएकी हुँदा निजको मृत्यु कसैले विष खुवाई गराएको हैन भन्ने प्रतिवादी साक्षी दिल बहादुर श्रेष्ठको बकपत्र।

मिति २०६५/०४/३० का आदेशानुसार मृतक इन्दीरा कार्कीको भिसेरा राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट जाँच गराई भिसेरा जाँच भएको प्रतिवेदन मिसिल सामेल रहनुको साथै केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाबाट प्राप्त प्रतिवेदनमा Negative tests for above mentioned insecticides, fungicide, herbicide fumigant and rat poision भन्ने उल्लेख भएको।

मिति २०६५/०६/०३ र मिति २०६५/०७/०८/०६ का श्री पुनरावेदन अदालत, धनकुटाका आदेश र सुरू अदालतका मिति २०६५/०८/०२ को आदेशानुसार मृतक इन्दीरा कार्कीको शव परीक्षण गर्ने डा. सूर्यबहादुर गुरूङको मिति २०६५/०८/१३ मा मृत्युको कारण खुलाएको कागज गराई मिसिल सामेल रहेको।

श्री पुनरावेदन अदालत, धनकुटाबाट सुरू अदालतबाट भएको मिति २०६५/०३/२० तथा २०६५/०३/२५ का आदेश बदर गरी प्रतिवादी रोहितकुमार कार्कीलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु भन्ने कैफियत प्रतिवेदनमा भएको २०६५/०९/२५ को आदेश।

जाहेरवाला रोहितबहादुर बस्नेतले नेपाल सरकार गृह मन्त्रायलको मुद्दा फिर्ता लिने सम्बन्धको च.नं. १४८ मिति २०६५/०९/१६ को पत्रको फोटोकपी हुलाकमार्फत पठाई मिसिल सामेल रहेको।

मिति २०६६/०२/३१ का आदेशानुसारको जवाफ केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाबाट प्राप्त भै मिसिल सामेल रहेको ।

मृतक इन्दीरा कार्कीको सुरूमा प्राथमिक उपचार गर्ने स्वास्थ्यकर्मी दिपेन्द्र श्रेष्ठको "मैले बिरामी इन्दिरासित बिहानदेखि के के खानु भयो भनी सोध्दा मैले कुनै पनि औषधी प्रयोग गरेको छैन भनिन् र परिवारका अरूले पनि सोही भनेपछि र बिरामीले पनि मलाई बचाउनु होस् र अस्पताल जान्छु भनेकाले मैले i.x. इन्जेक्सन रिफर गरेँ। निजको रोग प्रेसरले हो भन्ने बुझेँ" भन्ने बकपत्र।

जाहेरवालाले जाहेरी दिँदा किटानी जाहेरी दिएको र उक्त व्यहोरालाई समर्थन गर्दै अदालतमा बकपत्रसमेत गरेको मौकामा उपचार गर्ने स्वास्थ्यकर्मीको मौकाको कागज तथा अदालतको बकपत्र लास जाँच मुचुल्का, लास जाँच प्रतिवेदन राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको पत्रसाथ प्राप्त भिसेरा परीक्षण प्रतिवेदन, मौकामा कागज गर्ने मानिसहरूले गरिदिएको मौकाको कागज तथा निजहरूको अदालतमा भएको बकपत्रसमेतबाट मृतकको मृत्यु विषादीबाट भएको पुष्टि हुन आएको मौकामा उपचार गर्ने स्वास्थ्यकर्मी दिपेन्द्र कुमार श्रेष्ठको, मौकाको कागज र बकपत्रसमेतमा मृतकले म मर्छु मलाई बचाउनुहोस् मलाई छिटो अस्पताल लैजानुहोस् भनेबाट र छोरा छोरीसमेत भएकी

मृतकले आफैँले विष सेवन गरेको भए बचाउनुहोस् छिटो अस्पताल लैजानु होस् भनी भन्ने अवस्था नहुँदा मृतकको आफैँ विष सेवन गरेर मृत्यु भएको भन्ने अवस्था नदेखिँदा मृतकले मर्नुभन्दा पहिले विभिन्न पार्टी कार्यालयहरूलाई बोधार्थ दिई जिल्ला प्रशासन कार्यालयमा २०६४/०८/२७ गते शान्ति सुरक्षा गरि पाउँ भनि दिएको निवदेन व्यहोराबाट र प्रतिवादी स्वयम्ले अदालतसमक्ष गरेको बयानबाट प्रतिवादी र मृतकबीच राम्रो सम्बन्ध नभएको पुष्टि भएको र अन्य कोही कसैसँग पनि रिसइवी भएको पनि मिसिल संलग्न कागजातबाट नदेखिएको । प्रतिवादीले अदालतमा बयान गर्दा आफूलाई फसाउन ससुराली पक्षले पूर्वाग्रह रहेको भनी बयान गरे तापनि जाहेरवालाले प्रतिवादी कै रोहबरमा अदालतमा बकपत्र गर्दा छोरी ज्वाइँको हितको खातिर आवश्यक रकम बेलाबेलामा दिने गरेको, जग्गा खरिद गरि दिने र व्यवहारमा पुग नपुगसमेत हेरचाह गरेको भनी लेखाएको सो कुरामा प्रतिवादीले कुनै जिरहसमेत नलिई स्वीकार गरेबाट र प्रतिवादी जस्तो न्याय कर्मीले अदालतको आदेशलाई पालना गर्नुको सट्टा अदालतबाट तोकिएको २०६५/०९/०९ को तारेखसमेत गुजारी बसेको तथा गृह मन्त्रालयको च.नं. १४८ मिति २०६५/०९/१६ मा कानून न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयलाई लेखेको पत्रमा उक्त व्यक्ति कानूनबमोजिम दोषी देखिएकाले उक्त मुद्दा फिर्ता गर्नु नपर्ने ठहर गर्दै २०६५/०९/१६ मा उपप्रधान तथा गृहमन्त्री स्तरबाट भएको निर्णय सम्बन्धको मिसिल संलग्नपत्रबाट समेत प्रतिवादी कसुरदार देखिएकाले अभियोग माग दाबीबमोजिम कसुर प्रतिवादीले गरेको ठहर्छ भन्नेसमेत व्यहोराको सुरू भोजपुर जिल्ला अदालतको फैसला ।

जिल्ला अदालतबाट फैसला गर्दा मेरो विरूद्ध लिइएका आधारहरू फौजदारी न्यायको मान्य सिद्धान्तविपरीत प्रमाण ऐन, २०३१ को दफा ९, १८, २५, २७ र ३७ एवम् सोसम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल छ । प्रस्तुत मुद्दाको प्रमाण कागजातहरूबाट मृतको मृत्यु विषादीबाट भएको हो वा अन्य कारणबाट भएको हो सो नै निश्चित हुन सकेको छैन । मेरो विरूद्ध प्रमाणका रूपमा ग्रहण गरिएको राष्ट्रिय विधि विज्ञान प्रयोगशाखाको प्रतिवेदन तयार गर्ने विशेषज्ञलाई अदालतसमक्ष उपस्थित गराएको छैन । अदालतसमक्ष उपस्थित नगराइएको विशेषज्ञको रायलाई प्रमाण ऐन, २०३१ को दफा २३(७) ५२ एवम् सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारमा प्रमाणमा लिन नमिल्ने र कानूनबमोजिम ग्रहण गर्नु नहुने प्रमाण ग्रहण गरि सो प्रमाणलाई आफ्नो ठहरको आधार बनाई गरेको फैसला प्रमाण ऐनको दफा ५४ को प्रतिबन्धात्मक वाक्यांशले सो फैसला बदर हुने भनि *ने.का.प.*२०६६, नि.नं. १२५५, पृष्ठ १०८ लगायतमा सिद्धान्त प्रतिपादित भएकाले हुनाले मेरो विरूद्ध गरिएको सुरू फैसला त्रुटिपूर्ण भई बदरभागी छ । मृतकको मृत्यु विषादीबाट नै भएको भन्ने निर्विवाद प्रमाण वादी पक्षबाट प्रस्तुत हुन सकेको छैन भने मृतक विषादी सेवनबाटै भएको अनुमान गरि हेरेको खण्डमा मैले नै मृतकलाई विषादी खुवाएको भनि कुनै तथ्ययुक्त प्रमाण पेस हुन सकेको छैन । मृतकको मृत्युपश्चात् उपचारमा संलग्न चिकित्सकलाई वादी पक्षका साक्षी गोविन्द कार्कीले मृत्युको कारणसम्बन्धमा सोधनी हुँदा प्रेसर लो भएको कारणले भएको भनि जवाफ दिएको पाइन्छ । अभियोगको क्रममा तयार पारिएको कागजातमा उल्लिखित व्यक्तिहरूले अदालतसमक्ष गरेको बकपत्र एवम् मेरा साक्षीहरूको बकपत्रसमेतको आधारमा मुद्दाको तथ्य एवम् प्रचलित कानून फौजदारी न्यायका प्रचलित मान्य सिद्धान्त एवम् सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा मैले कुनै कसुर नगरेको प्रमाणित हुँदाहुँदै

मलाई कसुरदार ठहर गर्ने भएको सुरू भोजपुर जिल्ला अदालतको फैसला बदर गरी मलाई सफाइ दिलाई पाउँ भन्नेसमेत व्यहोराको पुनरावेदक प्रतिवादीको पुनरावेदनपत्र।

यसमा मिसिल संलग्न प्रमाणहरूको समुचित विश्लेषण र मूल्याङ्कनको परिप्रेक्ष्यमा सुरू फैसला फरक पर्न सक्ने भई विचारणीय हुँदा छलफलका लागि अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत, नियमावली २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी वादीलाई सूचना दिई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत, धनकुटाको २०६७/०१/०७ मा भएको आदेश।

यसमा मृतकको भिसेरा परीक्षण गरी राय दिने राष्ट्रिय विधि विज्ञान प्रयोगशाला टक्सीकोलोजी इकाइका विशेष वैज्ञानिक भिनुशोभा तुलाधर र केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशाला माहाराजगंजका विशेषज्ञ उद्धव बलामी तथा उपेसकुमार चौधरीलाई निजहरूले दिएको रायको सम्बन्धमा प्रमाण ऐन २०३१ को दफा २३(७) बमोजिम बकपत्र गर्नका लागि म्याद सूचना पठाइएकामा प्र.नि.उद्धब बलामी र मसमेत मिलेर मृतक इन्दीरा कार्कीको मिसेरा परीक्षण गरेका थियौँ। इस्टोम्याक र लिभर परीक्षण गरेका थियौँ, प्रतिवेदनमा उल्लिखित विषादी नपाइएको, राष्ट्रिय विधि विज्ञान प्रयोगशालाले कुन विषादी पायो थाहा भएन भनी प्र. ना.नि. उपेसकुमार चौधरीले गरेको बकपत्र।

मसहित प्र.ना.नि.उपेसकुमार चौधरी दुवै मिली मृतक इन्दीरा कार्कीको भिसेरामा विष परीक्षण गरेका हौं। हामीलाई प्राप्त हुन आएको भिसेरामध्ये इस्टोम्याक र लिभर परीक्षण गर्ने गरेका छौं। परीक्षण प्रतिवेदनमा उल्लिखित विषादीहरू नपाइएको हो। राष्ट्रिय विधि विज्ञान प्रयोगशाला खुमलटारले परीक्षण गर्दा के पाउनु भयो थाहा भएन। हामीले पठाएको परीक्षण प्रतिवेदनमा उल्लिखित विषादीहरू उल्लिखित विधिबाट परीक्षण गर्दा नपाइएको हो भन्नेसमेत व्यहोराको प्र.नि.उद्धब बलामीको पुनरावेदन अदालत, धनकुटामा भएको बकपत्र।

मुसा मार्ने विषादी मानिसले सेवन गरेमा त्यो व्यक्तिको मृत्यु पनि हुन सक्तछ मैले राय दिँदा हाम्रो राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा गरिएको परीक्षणको नतिजाको आधारमा राय दिएको हो। परीक्षण प्रतिवेदन अनुमानित होइन निश्चयात्मक हो। प्रयोगशालामा ६ थान नमूनाहरूलाई प्रयोगशाला संकेत T१ देखि T६ सम्म दिएको मध्ये T१ र T२ नमूनामात्र परीक्षण गरिएको र सोको विवरण नमूना विवरणमा उल्लेख गरिएको छ। प्रयोगशालामा प्राप्त नमूनालाई दुई छुट्टाछुट्टै पोलिथिन ब्यागमा सिलबन्दी पठाएको त्यसभित्र रहेको सिलबन्दी हेर्दा प्रत्येक नमूनालाई छुट्टछुट्टै सिलबन्दी गरेको नपाइएको, जिन्क फोस्फाइड मुसा मार्न प्रयोग गरिने विष भएकाले त्यसलाई मुसा मार्ने विषादी भनिएको हो विषादी सेवनपछि देखिने लक्षण र असर मेरो विषयसँग सम्बन्धित नभएकाले खुलाउन सकिएन भन्नेसमेत व्यहोराको विशेषज्ञ भिनुशोभा तुलाधरको पुनरावेदन अदालत, धनकुटामा भएको बकपत्र।

प्रतिवादी विरूद्धको अभियोग दाबीलाई वादीले ठोस र शङ्कारहित तवरबाट प्रमाणित गर्न सकेको देखिएन। शङ्काको एक होइन अनगिन्ती स्रोतहरू विद्यमान छन्। शङ्काको सुविधा प्रतिवादीले नै पाउने भन्ने फौजदारी न्यायिक सिद्धान्तको हालसम्म अर्को सन्तोषजनक विकल्प देखिएको छैन। वादी पक्षले प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिमको आफ्नो दायित्वलाई बिलकुलै पूरा गर्न सकेको छैन। तसर्थ प्रतिवादीलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(२) नं. बमोजिम सर्वस्वसहित जन्म कैद गरेको भोजपुर जिल्ला अदालतको मिति २०६६/०४/३२ को फैसला मिलेको नदेखिँदा उल्टी भै प्रतिवादी पुनरावेदक रोहितकुमार कार्कीले अभियोग

दाबीबाट सफाइ पाउने ठहर्छ भन्ने पुनरावेदन अदालत, धनकुटाको मिति २०६७/१२/१५ को फैसला।

योजनाबद्ध तवरबाट आफू अन्यत्र भएको अवस्था सिर्जना गरी मृतकलाई भोजपुर अस्पताल भर्ना फर्ममा आफैँले सही गरी ल्याप्चे र फर्ममा भएको ल्याप्चेको साइज फरक भएकोसमेतबाट मृतकप्रति पूर्वाग्रही रही दुर्व्यवहार, अत्याचार गर्दै आएको अवस्थामा उक्त दिन मौका पाई विष खुवाई बिरामी कारणले मरेको भन्ने भान पारी मृतकलाई प्रतिवादीले विष सेवन गराई मारेको भन्ने स्पष्ट हुँदाहुँदै योजनाबद्धरूपमा मृतकलाई मारेको भन्ने तथ्य अभियोजन पक्षबाट आउन नसकेको भनी लिएको आधार त्रुटिपूर्ण छ।

अभियोग प्रमाणित गर्न प्रत्यक्ष प्रमाण विद्यमान हुनै पर्छ भन्ने मिल्ने अवस्था होइन, कतिपय अवस्थामा प्रत्यक्ष प्रमाण हुन्छ भने कतिपय अवस्थामा परिस्थितिजन्य प्रमाणबाट समेत कसुर गरेको देखिने अवस्था आउँछ । ज्यानको सुरक्षा गरिपाउँ भनी स्वयम् मृतकले जिल्ला प्रशासन कार्यालयमा समेत निवेदन दिएको तथा जाहेरवालाले मौकाको जाहेरीमा समेत पटकपटक प्रतिवादीबाट भएको दुर्व्यवहार, अत्याचारको विवरण उल्लेख गरी बकपत्रसमेत गरेको, प्रतिवादी र मृतकबीच सामान्य विवाद हुन्थ्यो भनी प्रतिवादीले अदालतसमक्षको बयानमा स्विकारेको, मौकामा कागज गर्ने कुमार दाहाल, रमा कोइराला, राधा खड्कासमेतले अदालतसमक्षको बकपत्रमा मृतकलाई विषै खुवाएर मारेको भन्ने उल्लेख गरी दिएको, मृतकको भिसेरा जाँचबाट विष फेला परेको, शव परीक्षण गर्ने डाक्टर सूर्य बहादुर गुरूङको बकपत्र तथा मिति २०६५/०८/१३ को कागजबाट विष सेवनबाट मरेको भन्ने उल्लेख गरेकोसमेतका प्रमाणहरूबाट प्रतिवादीले मृतकलाई मारेको भन्ने उल्लेख भई प्रतिवादीले गरेको अभियोग पुष्टि भएकै छ । सम्मानित सर्वोच्च अदालतको स.प्र.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाश वस्तीको इजलासबाट फौ.पु.नं. ०६५-CR-०४९०, CR-०५७७, ०६५७, ०५७-CR-००६८ मुद्दा- कर्तव्य ज्यान, हिजन राईसमेत विरूद्ध नेपाल सरकार भएको मुद्दामा "परिस्थितिजन्य प्रमाणको श्रृङ्खलाबाट अभियोग दाबी समर्थन भएको स्थितिमा प्रत्यक्ष प्रमाणकै विद्यमानता हुनुपर्ने भन्न मिल्दैन । परिस्थितिजन्य प्रमाणहरूबाट अभियोग दाबी समर्थन गरेको अवस्थामा प्रत्यक्ष प्रमाणको अभाव रहेको भन्ने तर्क ग्राह्य नहुने" (सर्वोच्च अदालत बुलेटिन वर्ष १९ माघ-१, २०६७ पूर्णाङ्क ४४५) भनी प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल हुने गरी भएको उक्त फैसला त्रुटिपूर्ण छ।

मृतकको उपचारको क्रममा विष खुवाएको हो भनी कागज गर्ने व्यक्तिहरूले नभनेको भनी लिएको आधारको सम्बन्धमा हेर्दा, मृतकको उपचारको क्रममा अस्पताल पुर्‍याउँदा अभिलेखबाट पेट पोल्ने, बान्ता आउने भन्ने उल्लेख भई लास जाँच मुचुल्कामा मृतकको मुखबाट सेतो फिँज आएको भन्ने उल्लेख भएकोसमेतबाट विष खाएको कारणले उपचारका लागि अस्पताल भर्ना भएको भन्ने देखिएको तथा भिसेराबाट समेत विष पाइएको भन्ने उल्लेख भई, पोस्टमार्टम गर्ने डाक्टर सूर्यबहादुर गुरूङको मिति २०६५/०८/१३ को कागजबाट विष खाएर मरेको भन्ने उल्लेख भएकोसमेतबाट विशेषज्ञको प्रतिवेदन तथा मृतकमा देखिएको लक्षणसमेतबाट विष खुवाएको भन्ने नै देखिएको हुँदा उपचारको क्रममा विष खुवाएको भन्ने मृतकले कसैलाई नभनेको भनी लिएको आधार स्वत: त्रुटिपूर्ण हुँदा बदर गरी प्रतिवादीलाई सुरू अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदनपत्र।

नियमबमोजिम आजको दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको

मिसिलसमेत अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री गंगा प्रसाद पौडेलले प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्छ भनी गर्नुभएको बहससमेत सुनियो।

यसमा मेरी छोरी इन्दीरालाई ज्वाइँले विगतदेखि कुटपिट गर्ने, शारीरिक तथा मानसिक यातना दिने गरेको कुरा छोरीबाट जानकारी हुँदै आएकामा ज्वाइँसमेतलाई सम्झाई बुझाई आएकामा २०६५/०१/२७ गते ज्वाइँ रोहितकुमार कार्कीद्वारा छोरी बिरामी भै अस्पतालमा भर्ना गरेको जानकारी पाएकामा सोहीदिन बिहान ७ बजे काकाकी छोरी राधा खड्काले भोजपुरबाट छोरी इन्दिराको मृत्यु भएको खबर फोनमार्फत पाई भोजपुर आई छोरीको मृतलास हेर्दा छोरीको मृत्यु कालगतिले नभै ज्वाइँ रोहित कार्कीले विष सेवन गराई सुनियोजित तरिकाले मारेको हुँदा निज रोहित कुमार कार्कीलाई सजाय गरिपाउँ भन्ने जाहेरी भएकामा अभियुक्त रोहित कुमार कार्कीले आफ्नी पत्नी मृतक इन्दिरालाई ५ वर्ष अघिदेखि नाकमा विषादी सुँघाउने, शारीरिक तथा मानसिक यातना दिने गर्दै आएकाले पत्नीको जिल्ला प्रशासन कार्यालयमा उजुरीसमेत परेपछि पत्नीलाई सुनियोजित तरिकाले मार्न २०६५/०१/२६ गते खानामा विषादी मिसाई दिई सो विषादीयुक्त खाना खाएको कारण पेट पोल्ने बान्ता आउने भै अन्तमा उपचारकै क्रममा निज इन्दिरा कार्कीको मृत्यु भएको मिसिल संलग्न कागजबाट देखिन आएकाले निज रोहित कुमार कार्कीको कार्य मुलुकी ऐन ज्यानसम्बन्धीको १ नं. विपरीत कसुर गरेकाले सोही महलको १३(२) बमोजिम हदैसम्म सजाय गरिपाउँ भन्ने अभियोगपत्र भएकामा प्रतिवादी र मृतकबीचमा राम्रो सम्बन्ध नभएको, मृतकको अन्य कसैसित पनि रिसइवी रहेको नदेखिएको, प्रतिवादीले आफूलाई फसाउन जाहेरी दिएको भने पनि जाहेरवालाले बेलाबेलामा आवश्यक रकम दिने हेर विचार गर्ने गरेको कुरामा प्रतिवादीले स्वीकारै गरेको, मृत्युको सम्बन्धमा मिसिल संलग्न स्वास्थ्यकर्मीको मौकाको कागज तथा अदालतमा भएको बकपत्रसमेतको प्रमाणबाट मृतकको मृत्यु विषादीबाट भएको पुष्टि भएकाले प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय हुने ठहर्‍याई भएको सुरू फैसलाउपर पुनरावेदन परेकामा पुनरावेदन अदालत, धनकुटाबाट सुरूको फैसला उल्टी भै प्रतिवादीले सफाइ पाउने ठहर्‍याई भएको मिति २०६७/१२/१५ को फैसलाउपर प्रस्तुत पुरावेदन पर्न आएको पाइयो।

२. निर्णयतर्फ विचार गर्दा यी पुनरावेदक प्रतिवादी रोहितकुमार कार्कीले आफ्नी श्रीमती इन्दीरा कार्कीलाई पटकपटक दुर्व्यवहार गर्ने, विष सुँघाउने जस्ता क्रियाकलाप गर्दै आएकामा २०६५/०१/२७ खानामा विष मिसाई खान दिएकाले मृतक इन्दीराको मृत्यु भएको भन्ने मुख्य अभियोग देखिन्छ। यी प्रतिवादी रोहित कुमार कार्की आफूले कसुर गरेमा इन्कार रही मौकामा अधिकारप्राप्त अधिकारी तथा अदालतमा समेत बयान गरेको देखिन्छ। यी प्रतिवादीलाई आफ्नी श्रीमती बिरामी भएको खबर टेलिफोनमार्फत जानकारी हुन आएकाले सदरमुकामबाट आफ्नो साथीसहित घरमा फर्केको र बाटैबाट अ.हे.ब दिपेन्द्रलाई साथ लिई गरी घरमै सामान्य उपचार गराउँदा ठीक नभएपछि साँझ ५ बजेतिर उपचारको लागि भोजपुर अस्पतालमा ल्याएकामा उपचार गराउँदा गराउँदै ७ बजेतिर मृत्यु भएको भनी आफूले कसुर गरेकामा इन्कार रही प्रहरी तथा अदालतसमक्ष बयान गरेको पाइन्छ। मर्नुअगाडि मृतक स्वयम्ले आफ्नो जीउ ज्यानको सुरक्षा गरिपाउँ भनी जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएको भन्ने देखिएको र मृत्युपूर्व गरिएको व्यवहारबाट समेत यी प्रतिवादीले आफ्नी श्रीमतीलाई सुनियोजित किसिमले मार्न खानामा विष मिसाई दिएको भन्नेसमेत अभियोग दाबीमा उल्लेख भए पनि यी प्रतिवादी वारदातको दिन बिहानै ६ बजे घरबाट सदरमुकामतर्फ गएको, श्रीमती

पानी लिन धारामा गएको भन्ने प्रतिवादीको बयान र मौकामा कागज गर्ने कृष्णकुमारी आलेमगरले मृतक इन्दीराको श्रीमान् बिहानै सदरमुकाम जानुभएको भनी इन्दीराले भनेको र सो दिन म र मृतक इन्दिरा कार्की एकै धारोमा आ-आफ्नो लुगा धोयौं। हामीलाई सर्बत पानी बनाएर खान दिनु भयो। दिउँसो १२ बजेतिर मृतककै घर गएर हलीलाई बोलाउन जाँदा मृतक इन्दीरा बान्ता हुन्छ, पेट पोल्छ, दिशा लाग्छ भन्दै घरको पेटीमा लडिरहेको देखी खाटमा सुताई धामी खोज्न गएँ। धामी नपाई फर्केर आउँदा ओछ्यानमा गै सुत्नुभएको रहेछ पछि रोहित आई उपचार गराउन अस्पताल लानुभएको भन्नेसमेत भनाई र मौकामा कागज गर्ने विन्दा आचार्यको समेत यस्तै व्यहोराको कागज रहेबाट र घरबाट बिहानै घरदेखि बाहिर गएका यी प्रतिवादीले खानामा विष मिसाई दिएको भन्ने कुरा समर्थित हुन आउँदैन। मौकामा कागज गर्ने विन्दा आचार्यबाहेक अन्य व्यक्तिहरूले समेत मृतक इन्दिराको मृत्युको कारण यही हो हुनुपर्छ भनी भन्न सकेको अवस्था पनि देखिँदैन। अस्पतालमा पुग्दासम्म मृतक होसमै रही मर्नु केही अघिसम्म मात्र बोल्न छोडेको र आफ्नो मृत्युका सम्बन्धमा केही नभनी खाली पेट पोल्छ भनेको र के भएर पेट पोलेको हो भनी भनेको पनि देखिँदैन। Autopsy Report मा The cause of death can be detected after viscera report भन्ने उल्लेख भै केन्द्रीय विधि विज्ञान प्रयोगशालाबाट भिसेरा परीक्षण भै आउँदा विष Negative भन्ने उल्लेख भएबाट पनि मृतकको मृत्युको कारण विषादीको कारणबाट भएको भन्ने देखिँदैन। उपचारमा संलग्न चिकित्सक गोविन्द कार्कीले अदालतमा बयान गर्दा पनि मृत्युको कारण विषादीबाट भएको भन्न नसक्नुको साथै Blood Pressure low भएको भनी जवाफ दिएको पाइन्छ भने भिसेरा परीक्षण गर्ने प्र.नि. उद्धव बलामी र उपेस कुमार चौधरीले राष्ट्रिय विधि विज्ञान प्रयोगशालाले के पायो थाहा भएन हाम्रो परीक्षणमा इस्टोम्याक र लिभर परीक्षण गर्दा विषादी पाउन नसकेको भनी Viscera परीक्षण प्रतिवेदनलाई समर्थन हुने गरी बकपत्र गरेको पाइन्छ भने राष्ट्रिय विधि विज्ञान प्रयोगशालाकी विशेषज्ञ भिनुशोभा तुलाधरले जिङ्क फोस्फाइड भेटिएको र त्यो तत्त्व मुसा मार्ने विषमा हुन्छ जसको सेवनबाट मानिसको मृत्यु पनि हुन सक्छ भनी बकपत्र गरेपनि त्यसको सेवनबाट कस्तो किसिमको असर देखिन सक्छ भन्नेसम्बन्धमा खुलाउन सक्दिन भनी बकपत्र गरेबाट त्यस्तो परीक्षण प्रतिवेदनलाई प्रमाण लिई अनुमान गरी मृतकको मृत्यु विष सेवनबाट भएकै हो भन्न सकिने अवस्था पनि रहेन।

३. यसरी यी प्रतिवादीउपर आफ्नी श्रीमतीलाई खानामा विष मिसाई दिने कर्तव्य गरी ज्यान मारेको भन्ने अभियोग भए पनि वारदात हुँदाका दिन बिहानै यी प्रतिवादी घरबाट बाहिर करिब २ घन्टाको दूरी सदरमुकाम गएको, त्यहाँबाटै फोनमार्फत श्रीमती बिरामी भएको खबर सुनी चिकित्सकसमेत बोलाई प्राथमिक उपचार गराउँदा ठीक नभएपश्चात् थप उपचारको लागि सदरमुकामसम्म लगेकोसमेतका यी प्रतिवादीका क्रियाकलापबाट आफ्नी श्रीमतीलाई मार्ने मनसाय थियो भन्न र खानामा विष मिसाई दिएको भन्ने पुष्टि हुन सक्दैन। अभियोजन गर्ने वादी पक्षले ठोस सबुत प्रमाण बिना प्रतिवादीले मृतक विरूद्ध पहिले गरेका व्यवहार र मौकामा कागज गर्ने र अदालतमा आई बकपत्र गर्ने जाहेरवालासमेतका व्यक्तिहरूले विष खुवाई मारेको शङ्का लाग्छ भन्दैमा भिसेरा परीक्षणसमेतबाट विषादी प्रयोग भएको नपाइएको स्थिति र मृतकलाई विष खुवाएको भन्ने ठोस सबुत प्रमाणबाट पुष्टि हुन नसकेको अवस्थामा अनुमान र शङ्काको भरमा कसुरदार ठहर गर्नु फौजदारी कानून र न्यायका सिद्धान्तको प्रतिकूल हुन जाने र वादी पक्षले आफ्नो अभियोगलाई सप्रमाण शङ्कारहित तवरबाट

पुष्टि गर्न नसकेको यस अवस्थामा शङ्काको सुविधा अभियुक्तले पाउने नै हुन्छ । मृतकलाई विष खुवाएको भन्ने ठोस सबुत प्रमाणबाट पुष्टि भएको नदेखिएको र आफू बिरामी भै मृत्यु शैय्यामा पुग्दासम्म होसमै रहेको मृतकले समेत मृत्युको कारण नबताएको अवस्थामा अनुमानको भरमा र प्रतिवादीले मृतकप्रति गरेका पूर्व व्यवहारलाई ज्यान जस्तो फौजदारी अपराधमा अदालत आफैँले प्रमाणको सृष्टि गरी अभियुक्तलाई दोषी करार गर्नु विवेकपरक नहुनुको साथै न्यायको विपरीत हुन जाने हुँदा अभियोग माग दाबीबमोजिम सजाय हुन पर्छ भन्ने वादीको पुनरावेदन जिकिरसित सहमत हुन सकिएन । तसर्थ उपर्युक्त आधार प्रमाणबाट यी प्रतिवादीलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसुरको सोही महलको १३(२) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय ठहर्‍याई भएको फैसलालाई उल्टी गरी अभियोग दाबीबाट सफाइ दिने ठहर्‍याई गरेको पुनरावेदन अदालत, धनकुटाको मिति २०६७/१२/१५ को फैसला इन्साफको रोहमा मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या. देवेन्द्र गोपाल श्रेष्ठ

इति संवत् २०७१ साल माघ १४ गते रोज ४ शुभम् ।
इजलास अधिकृत: उमानाथ गौतम

# निर्णय नं.९४४४

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
आदेश मिति :- २०७१।१२।८।६
२०६९-WO-००३२

विषय :-उत्प्रेषण ।

रिट/निवेदक:- काठमाडौं जिल्ला, का.म.पा. वडा नं. १८ नरदेवी बस्ने राजमान शाक्य

विरूद्ध

विपक्षी :- काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत

- **मुलुकी ऐन अ.बं. ११० नं. ले म्यादमा उल्लिखित व्यक्ति भेट भएन वा चिन्न सकिएन वा निजको घरद्वार पनि फेला परेन भने त्यस्तो म्याद तामेल गर्न हुँदैन भनी निषेधात्मक व्यवस्था गरेको देखिँदैन । घरद्वार उल्लेख भएको तर तामेलदारले त्यस्तो पत्ता पाउन नसकेकामा त्यस्तो म्याद तामेल नगरी त्यसै फर्काएर ल्याउने कुरा नहुने ।**

(प्रकरण नं. २)

- **ऐनले बेरीतपूर्वक म्याद तामेल भएकोसम्बन्धमा हदम्यादको व्यवस्था गरिदिएको अवस्थामा उक्त २०८ नं. को बेवास्ता गरी रिट जारी गर्नु उपयुक्त हुँदैन । अ.बं. २०८ नं. एक बाध्यात्मक व्यवस्था हो । निवेदकका नाममा अदालतले आफ्नो क्षमताले भ्याएसम्म**

**म्याद तामेल गर्न खोजेको तर निवेदकको घरद्वार पत्ता नलागेकाले निवेदक बसेको वडा कार्यालयमा म्याद बुझाएर आफ्नो दायित्वलाई कानूनबमोजिम पूरा गरेको कार्यबाट निवेदक सुनवाइको मौकाबाट वञ्चित भएको भनी मान्न र प्रस्तुत विवादमा प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन भएको भन्न नमिल्ने ।**

(प्रकरण नं. ३)

निवेदकको तर्फबाट :- विद्वान् अधिवक्ता जगदीश भण्डारी

विपक्षीको तर्फबाट :- विद्वान् वरिष्ठ अधिवक्ता प्रेमबहादुर खड्का

अवलम्बित नजिर :-

सम्बद्ध कानून :-

- मुलुकी ऐन अदालती बन्दोबस्तको महलको ११०, ११२, २०८,

आदेश

**न्या. गोविन्दकुमार उपाध्याय :-** नेपालको अन्तरिम संविधान २०६३ को धारा ३२ र १०७(२) बमोजिम दायर भएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवम् ठहर यसप्रकार छ :-

विपक्षीमध्येको नं. ४ सन्तोषकुमार गुप्तासँग मिति २०५९।९।१४ मा रू. २,००,०००।- कर्जा लिई मेरो नाममा रहेको जिल्ला पर्सा नौतन (वी) गा.वि.स. वडा नं. ९ कित्ता नं. ५८७ क्षे.फ. ०-२-१७ जग्गा र. नं. ३०१० को लिखतबाट मिति २०५९।१०।३० भित्रमा बुझाउने गरी दृष्टिबन्धक लिखत गरिदिएको थिएँ । उक्त भाखाभित्रै निजलाई रकम बुझाउन जाँदा निजसँग भेट नभई रकम बुझाउन नसकिएको र त्यसपछि म निवेदक बिमारी परी निजलाई रकम फिर्ता गर्न जान नसक्दा निजलाई आफ्नो रकम लिनआउनु होस् र मेरो जग्गा फुकुवा गरिदिनु होस् भन्दा बिस्तारै लिउँला भन्दै निजले पैसा बुझ्न आलटाल गरी बसेका थिए । मैले निजको कर्जा नतिर्ने मनसाय कहिल्यै गरेको छैन । निजको कर्जा र ब्याज म जुनसुकै समयमा तिर्न तयार थिएँ र छु ।

यस्तैमा २०६२ सालदेखि मलाई अत्यन्त खतरनाक रोग लागि मेरो घाँटीबाट अपरेशन गरी पाइप बाहिर निकाली श्वास फेर्न पर्ने भई करिब १ वर्ष म अस्पतालमा रहे बसेको बखत निज विपक्षीमध्येका नं. ३ ले विपक्षी नं. १ श्री पर्सा जिल्ला अदालतसमक्ष मिति २०६२।६।१६ मा म विरूद्ध लेनदेन मुद्दाको फिरादपत्र दर्ता गरी म बसोबास गरी आएको घर विपक्षीमध्येका सन्तोषकुमार गुप्तालाई समेत थाहा भएकामा मेरो ठेगाना वतन का.जि.का.म.न.पा. वडा नं. १८ लेखिएकामा का.जि.अ. ले म्याद तामेल गर्दा उक्त वडामा मानिस फेला नपरेको भनि बेपत्ते म्याद मिति २०६२।८।३० मा तामेल गरी पठाई पर्सा जिल्ला अदालत मा.न्या.बाट सो मुद्दा फैसला गर्दा फैसलामा प्रतिवादीको नाममा जारी भै गएको इतलायनामा मिति २०६२।८।३० मा तामेल भएको तामेलीमा सुरू म्यादै गुजारी बसेको थाम्ने थमाउने म्याद व्यतीत भै सकेको भन्ने फरक व्यहोरा उल्लेख गरी फैसला गरी तत्पश्चात् मिति २०६३।१।१९ मा विपक्षी सन्तोषकुमार गुप्ताले पर्सा जिल्ला अदालतसमक्ष फैसलाबमोजिमको बिगो र कोर्टफीसमेत दिलाई पाउँ भन्ने निवेदन गरी मेरो नाउँमा सोही वतनमा म्याद जारी गरी पुनः बेपत्ते म्याद तामेल गरी गराई तत्पश्चात् मिति २०६५।३।३१ गते तेस्रो पटक डाक बढाबढ गराई सबैभन्दा बढी डाक विपक्षी सन्तोषकुमार गुप्ताले रू.३,०१,५००।- बोलेको भनी निजको नाममा उक्त मेरो जग्गा दा.खा. गरिदिने निर्णय गरी पत्राचार गरी विपक्षी मालपोत कार्यालय पर्साले विपक्षी सन्तोषकुमार गुप्ताको नाममा उक्त जग्गा

दा.खा. गरिसकेको रहेछ ।

मुलुकी ऐन अ.बं. ११० नं. मा भएको व्यवस्थाअनुसार समाहान इतलायनामा, म्याद सूचना तामेल गर्दा खटिएका व्यक्तिले सम्बन्धित व्यक्तिलाई नै बुझाउनुपर्ने, सम्बन्धित व्यक्ति फेला नपरे निजको ठेगाना पत्ता लगाई निजको एकाघरको उमेर पुगेको व्यक्तिलाई म्याद बुझाउनुपर्ने, निजहरूले लिन नमाने स्थानीय निकायको प्रतिनिधिलगायत अन्य भद्रभलाद्मीका रोहबरमा म्याद टाँस गरी १ प्रति सम्बन्धित वडामा समेत टाँस गर्नुपर्ने सो नगरे म्याद बेरीतपूर्वक तामेल भएको मानिने व्यवस्था रहेकामा म्याद मलाई नबुझाइएको, मेरो परिवारको कुनै सदस्यलाई नबुझाएको र मेरो घर दैलामा पनि टाँस नभएको र म अस्पतालको शैय्यामा अपरेशन गरिरहेको अवस्था र समयमा उक्तम्याद बेपत्ते तामेल गरेको देखियो ।

अतः मलाई आफू विरूद्धको मुद्दाउपर प्रतिवाद गर्नबाट वञ्चित गराई मेरो नामको म्याद अ.बं. ११० नं. विपरीत बेपत्ते तामेल गरी सो अवस्थामा मलाई थाहा पाउन सक्नेगरी जिल्ला अदालत नियमावली, २०५२ को नियम २२क बमोजिम कुनै विद्युतीय माध्यम वा पत्रिकामा सूचना नगरी एकतर्फी प्रमाण बुझी फैसला गरी तत्कालीन समयमा रू. ६०,००,०००।- पर्ने जायजेथाको जथाभावी मूल्याङ्कन गरी मेरो नामबाट विपक्षी सन्तोषकुमार गुप्ताका नाममा जग्गा दा.खा. गरेको मिति २०६५।१२।३२ को पर्सा जिल्ला अदालतको निर्णय तथा विपक्षी मालपोत कार्यालय पर्साको मिति २०६५।७।३ को दा.खा. निर्णयसमेतका कार्यवाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर गरी विपक्षीहरूको नाममा अन्य जो चाहिने उपयुक्त आज्ञा आदेश वा पुर्जी जारी गरी मेरो प्रतिउत्तरपत्र लिई पुनः मुद्दाको कार्यवाही गर्नु गराउनु भनी विपक्षी पर्सा जिल्ला अदालतका नाममा परमादेशको आदेश जारी गरिपाऊँ ।

साथै प्रस्तुत रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म विपक्षी सन्तोषकुमार गुप्ताको नाममा रहेको जिल्ला पर्सा नौतन (वि) गा.वि.स. वडा नं. ८ कि.नं. ५८७ को जग्गा क्षे.फ. ०-२-१७ (दुइ कट्ठा सत्रधुर) जग्गा कुनै पनि तवरबाट हक हस्तान्तरण नगर्नु नगराउनु यथास्थितिमा राख्नु भनी विपक्षीमध्येका सन्तोषकुमार गुप्ता १ तथा विपक्षी मालपोत कार्यालय पर्सा वीरगन्जका नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने रिट निवेदन व्यहोरा ।

यसमा के कसो भएको हो निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो १५ दिनभित्र लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षीलाई सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नू । साथै प्रस्तुत रिट निवेदनमा उठाइएको विषयवस्तुको प्रकृतिलाई विचार गर्दा प्रस्तुत निवेदनलाई सुनवाइको लागि अग्राधिकार प्रदान गरिएको छ नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०६९।४।१० को आदेश ।

तामेलदारले निरन्तर २० दिन सम्म म्यादमा लेखिएको वतन काठमाडौं महानगरपालिका वडा नं. १८ नरदेवीमा प्रतिवादी राजमान शाक्यलाई खोजतलास गर्दा निज प्रतिवादीको घर पत्ता नलागेकाले निजको नाउँको एकप्रति म्याद सम्बन्धित वडामा टाँस गरी मिति २०६२।८।३० को बेपत्ते तामेली म्याद यस अदालतमा दाखिल गरेकाले रिट निवेदन खारेज गरिपाउँ भन्ने काठमाडौं जिल्ला अदालतले यस अदालतसमक्ष पेस गरेको लिखित जवाफ ।

विपक्षीले रिट निवेदनको प्रकरण नं. २ मा मिति ०५९।१०।३० भित्रमा कर्जा बुझाउने गरी दृष्टिबन्धक दिएको तथ्य स्विकार्नु भएको छ । विपक्षीले ऋण तिर्नको लागि मलाई भेट्ने नभई मुलुकी ऐन

लेनदेन व्यवहारको १४ नं. बमोजिम साँवा ब्याज जम्मा गरी थैली हाली निखन्न जानुपर्ने कानूनी व्यवस्था छ । सोही निखन्ने प्रक्रियाबाट मालपोत कार्यालयले नै मलाई झिकाई म उपस्थित भए वा नभए पनि थैली धरौटी लिई दृष्टिबन्धक फुकुवा गर्ने कानूनी व्यवस्था रहँदा रहँदै उक्त वैकल्पिक बाटोतर्फ नगई काल्पनिक र मनोगत कथा बनाई ऋण रकमबापत लिलाम भई मेरो नाममा आईसकेको जग्गा पुनः फिर्ता लिन सकिन्छ कि भनी मेरो साँवा ब्याज नतिरी मलाई जीवनभर मुद्दामा नै अल्मल्याई राख्ने नियतबाट प्रस्तुत रिट निवेदन दायर गरेको हुनाले उक्त प्रक्रियामा नगई सफा हात नलिई अदालतमा प्रवेश गरेको विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत विपक्षी सन्तोषकुमार गुप्ताले पेस गरेको लिखित जवाफ ।

वादीको साँवा ब्याजबापत प्रतिवादी राजमान शाक्यको नाउँ दर्ताको जिल्ला पर्सा नौतन(वी) वार्ड नं. ८ को ज.वि. ०-२-१७ जग्गा रू. ३,०१,५००।- मोलमा वादी सन्तोषकुमार गुप्ताले मिति २०६५।३।३१ गते लिलाम सकार गरी मिति २०६५।३।३१ गते तामेली पर्चासमेत भैसकेको छ। प्रतिवादीले दृष्टिबन्धक लिखतमा आफ्नो वतन जिल्ला काठमाडौं, का.म.पा. वडा नं. १८ बस्ने राजमान शाक्य भनी उल्लेख गरेको र सोही वतनमा म्याद जारी भै बेपत्ते तामेल भएको तामेली म्यादबाट देखिएको छ। प्रतिवादीले पनि आफ्नो वतन ऐ. ऐ. नरदेवी बस्ने भनी उल्लेख गरेबाट उक्त तामेल भएको म्याद बेरीतपूर्वक भन्न नमिली रीतपूर्वक कै देखिएकाले रिट निवेदकको मागबमोजिम परमादेशको आदेश जारी हुने होइन कानूनको रीत पुर्‍याई मिति २०६५।३।३१ गते भएको लिलामी मुचुल्का र तामेली पर्चासमेत भएकाले रिट निवेदन खारेज गरिपाउँ भन्ने पर्सा जिल्ला अदालतको लिखितजवाफ देखिन्छ।

नियमबमोजिम आजको दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको रिट निवेदनसहितको मिसिल अध्ययन गरी निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री जगदीश भण्डारी र विपक्षी सन्तोषकुमार गुप्ताका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री प्रेमबहादुर खड्काले गर्नुभएको बहस सुनी निवेदन दाबीबमोजिम उत्प्रेषण लगायतको आदेश जारी गर्नुपर्ने नपर्ने के रहेछ सोही विषयमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा यसमा निवेदकको नाममा जारी भएको म्यादमा उल्लेख भएको नातिमान शाक्यको छोरा का.म.पा. वार्ड नं. १८ बस्ने राजमान शाक्य भनी उल्लेख भएको ठेगानामा निवेदकले कुनै आपत्ति नगरी सोही नाता र ठेगाना स्वीकार गरी प्रस्तुत रिट निवेदन दिनुभएको पाइन्छ। मिति २०६२।८।३० मा तामेल भएको उक्त म्यादका सम्बन्धमा मुलुकी ऐन अदालती बन्दोबस्तको महलको ११० नं. को म्याद तामेलीसम्बन्धी व्यवस्थाअनुसार (क) म्यादवालाले बुझी लिएको (ख) म्यादवालाको एकाघरको जहानले बुझी लिएको (ग) म्यादवालाको घर दैलोमा टाँस भएको र (घ) बेपत्ते तामेलीसमेतका चार प्रकारले म्याद तामेल गर्न सकिने गरी म्याद तामेलीको फाराम तयार भएको देखिन्छ । सो लिखतको नमुना अदालतबाट जारी भएको नमूना देखिन आउँछ। उक्त नमूनामा निवेदकको कुनै चुनौती छैन । अदालतले म्याद तामेलीसम्बन्धी कानूनको अध्ययन गरी सोअनुरूप उक्त नमुना बनाएको देखिँदा त्यसमा त्रुटि हुने कुरा भएन । उक्त म्याद तामेलीमा उल्लेख भएका तामेली व्यहोरामध्ये तामेलदारले म्यादवाला मानिसको घर फेला नपरेकाले सम्बन्धित १८ नं. वडा कार्यालयको सूचनापाटीमा टाँस गरिदिएको भन्ने व्यहोरा उल्लेख भई रोहबरमा सोही वडा बस्ने वर्ष २४ को रमेश थापा तथा वर्ष २७ का लक्ष्मी महर्जन रहेका एवम् का.म.पा. वडा नं. १८ कार्यालयका सचिव निरञ्जनविक्रम बस्नेत पनि रोहबरमा बसी सूचनापाटीमा टाँस गर्न दाखिला भयो

भन्ने व्यहोरा उल्लेख गरेको देखिन्छ । मुलुकी ऐन अ.बं. ११० नं. ले म्यादमा उल्लिखित व्यक्ति भेट भएन वा चिन्न सकिएन वा निजको घरद्वार पनि फेला परेन भने त्यस्तो म्याद तामेल गर्न हुँदैन भनी निषेधात्मक व्यवस्था गरेको देखिँदैन । घरद्वार उल्लेख भएको तर तामेलदारले त्यसको पत्ता पाउन नसकेकामा त्यस्तो म्याद तामेल नगरी त्यसै फर्काएर ल्याउने कुरा हुँदैन। यस्तै प्रकृतिका म्यादको लागि मुलुकी ऐन अ.बं. ११२ नं. को व्यवस्था भएको पाइन्छ । सोही अ.बं. ११० नं. र ११२ नं. लाई मध्यनजर राखी माथि उल्लिखित म्याद तामेलीको फाराम तयार भएको स्पष्ट छ। अ.बं. ११० नं. ले निर्देशित गरेबमोजिम दुईजना स्थानीय भलाद्मी तथा वडा सचिवसमेतलाई रोहबरमा राखिएको र तामेलदारले समेत सही गरी तामेल भएको म्याद मुलुकी ऐन, अ.बं. ११० नं. कै रीत पुर्‍याई तामेल भएको मान्नु पर्ने हुन्छ । रोहबरमा बस्ने व्यक्ति तथा तामेलदारका सम्बन्धमा निवेदकले अन्यथा जिकिर लिन सक्नु भएको छैन।

३. एकछिनलाई उक्त म्याद बेरीतपूर्वक नै तामेल भएको देखिए पनि तत्सम्बन्धमा मुलुकी ऐन अ.बं. २०८ नं. ले फैसला भएको ६ महिनाभित्रमा थाहा पाएको ३५ दिनभित्र मात्रै त्यसलाई चुनौती दिन सक्ने व्यवस्था गरेको पाइन्छ । यसरी ऐनले बेरीतपूर्वक म्याद तामेल भएकोसम्बन्धमा हदम्यादको व्यवस्था गरिदिएको अवस्थामा उक्त २०८ नं. को बेवास्ता गरी रिट जारी गर्नु उपयुक्त हुँदैन । अ.बं. २०८ नं. एक बाध्यात्मक व्यवस्था हो । निवेदकका नाममा अदालतले आफ्नो क्षमताले भ्याएसम्म म्याद तामेल गर्न खोजेको तर निवेदकको घरद्वार पत्ता नलागेकाले निवेदक बसेको वडा कार्यालयमा म्याद बुझाएर आफ्नो दायित्वलाई कानूनबमोजिम पूरा गरेको कार्यबाट निवेदक सुनवाइको मौकाबाट वञ्चित भएको भनी मान्न र प्रस्तुत विवादमा प्राकृतिक न्यायको सिद्धान्तको उल्लङ्घन भएको भन्न मिल्दैन।

४. जहाँसम्म जिल्ला अदालत नियमावली, २०५२ को नियम २२क बमोजिम विद्युतीय माध्यम वा राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गर्नुपर्ने भन्ने निवेदन जिकिर छ सो नियम २२क अ.बं. ११० नं. बमोजिम म्याद तामेल हुन नसकेमा मात्र आकर्षित हुने व्यवस्थाको रूपमा आएको देखिन्छ । साथै उक्त नियमावलीको व्यवस्था अदालतको तजविजमा जारी हुने व्यवस्था भएको कुरा *"म्याद तामेली गराउन सकिने छ"* भनी उल्लेख भएको वाक्यांशबाट देखिएकाले कुनै म्याद तामेलीबाट प्रतिवादी यथार्थमा प्रतिवादको मौकाबाट वञ्चित भएको देखिएमा मात्रै अदालतले प्रयोग गर्ने गरी यो व्यवस्था भएकाले निवेदकको यो जिकिरसँग पनि सहमत हुन सकिएन।

५. निवेदक विपक्षी संतोषकुमार गुप्तासँग ऋण लिएका व्यक्ति हुन् । निजले धनीलाई समयमा ऋण चुक्ता गर्न सकेको पाइँदैन । यस अवस्थामा ऋण तिर्नुपर्ने दायित्वप्रति सजग रही निवेदकले पनि धनीसँग सम्पर्क गर्नुपर्ने र कुनै मुद्दा मामिला पर्‍यो कि भनी जानकारी लिनुपर्ने निजको कर्तव्य हुन्छ । तर निवेदक आफ्नो दायित्व प्रति जिम्मेवार नभई चुप लागि बसेको अवस्था छ । २०६२ सालदेखि निवेदकलाई रोग लागी एक वर्ष अस्पतालमा बस्नु परेको भन्ने निवेदकको जिकिर भए पनि तत्सम्बन्धी कुनै प्रमाण पेस हुन सकेको पाइँदैन। साथै उक्त आधारमा म्याद बदर हुने कानूनी व्यवस्था रहे भएको पनि देखिँदैन। त्यसमा पनि ऋण लिएको कुरालाई निवेदकले स्वीकारै गरेको र तमसुकअनुसार नै पर्सा जिल्ला अदालतबाट २०६२।१२।१० मा फैसला भएको र फैसला कार्यान्वयनको चरणमा निवेदक स्वस्थ भैसकेको अवस्थामा निवेदकले फैसलाअनुसारको बिगो दाखिल गर्ने मौका छँदाछँदै त्यसको बेवास्ता गरेको र त्यसपछि मिति २०६५।३।३१ मा मात्र लिलाम बढाबढ भएको

देखिन्छ । लिलाम बढाबढको कार्यमा जिल्ला अदालत नियमावलीले तोकेको प्रक्रियाको पालन भएन भन्नेतर्फ निवेदकको कुनै जिकिर छैन । फैसला भएको लगभग ७ वर्ष र लिलाम भएको ४ वर्ष पछिमात्र प्रस्तुत रिट परेको अनुचित विलम्बले पनि ग्रस्त छ ।

६. माथि उल्लेख भएबमोजिम निवेदकले चुनौति दिएको म्याद तामेलीमा कुनै कानूनी त्रुटि नपाइएको साथै निवेदक आफ्नो दायित्वप्रति सचेत नरही लापरवाह रहेको र लामो कालपश्चात् परेको रिटको आधारमा अदालतबाट भएको कामकारवाही बदर गर्दा झनै जटिलता उत्पन्न हुने देखिन्छ । यसमा निवेदकले स्वीकार गरेबमोजिम नै फैसला भएको अवस्थामा निवेदकको मागबमोजिम रिट आदेश जारी गर्दा नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(२) ले व्यवस्था गरेको पूर्वरूपमा न्याय प्रदान हुनुको सट्टा उल्टो परिणाम आउनेसमेत देखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ । दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या. ओमप्रकाश मिश्र

इति संवत् २०७१ साल फागुन ८ गते रोज ६ शुभम् ।
इजलास अधिकृत : बसन्तजङ्ग थापा

## निर्णय नं.९४४५

सर्वोच्च अदालत संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
आदेश मिति :- २०७१।११।८।२
२०७०-WO-०१२८

विषय :- उत्प्रेषण / परमादेश

रिट/निवेदक :- लोकराज जोशीको छोरा बैतडी रिम गा.वि.स. वडा नं. ६ घर भई हाल कीर्तिपुर काठमाडौं बस्ने भिष्मप्रसाद जोशी

विरूद्ध

विपक्षी :- त्रिभुवन विश्वविद्यालय, केन्द्रीय कार्यालय, कीर्तिपुर, काठमाडौंसमेत

- **कुनै विषयवस्तुको परीक्षाको लागि कति समय र पूर्णाङ्क उपयुक्त हुन्छ भन्ने कुरा त्यसमा विशेषज्ञताप्राप्त निकायबाट ठहर हुनु उपयुक्त हुने हुँदा सोही प्रयोजनको लागि त्यस्तो निकाय स्थापित भएको हुन्छ । कम समयमा सम्पन्न हुन सक्ने कुरामा लामो समय दिनुको कुनै औचित्य र अर्थ नरहने ।**
- **सक्षम र समर्थ निकायबाट परीक्षा सञ्चालन भएको र संशोधित समयतालिका तथा पूर्णाङ्कसमेतका कुरालाई स्वीकार गरी निवेदक त्यसमा सहभागी भएकामा**

**निवेदक उक्त परीक्षामा राम्रो अङ्क ल्याउन नसकेपछि मात्र प्रस्तुत रिट निवेदन परेको निवेदकको यस्तो अवसरवादी आचरणतर्फ आँखा चिम्लेर रिट जारी गर्नु उपयुक्त हुँदैन। यसमा सफल परीक्षार्थीहरू समेतले पुनः परीक्षा दिँदा निजहरूको समय, श्रम र पैसाको खति हुने स्पष्ट छ । यस्तोमा रिट जारी गर्नु सुविधा र सन्तुलनको हिसाबले पनि मुनासिब नहुने।**

- **व्यक्तिगत हकहित र सामाजिक हकहित बाझिएमा सामाजिक हकहितले मान्यता पाउने भन्ने विधि शास्त्रीय अवधारणा रहेको पाइन्छ । तर निवेदकको व्यक्तिगत हकको पनि हनन् नभएको अवस्थामा निवेदन दाबीबमोजिम सम्पूर्ण परीक्षा र सोको नतिजा बदर गर्नु उपयुक्त नभएकाले प्रस्तुत रिट निवेदन खारेज हुने।**

(प्रकरण नं. ६)

निवेदकको तर्फबाट : विद्वान् अधिवक्ता जगतप्रसाद जोशी

विपक्षीको तर्फबाट :- विद्वान् अधिवक्ता नारायणप्रसाद खनाल

अवलम्बित नजिर :-

सम्बद्ध कानून :-

- नेपालको अन्तरिम संविधान २०६३ को धारा १३ र २७
- त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा २७

आदेश

**न्या. गोविन्दकुमार उपाध्याय :-** नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम दायर भएको प्रस्तुत मुद्दाको सङ्क्षिप्त तथ्य एवम् ठहर यसप्रकार छ :-

म निवेदकले यसअघि त्रिभुवन विश्वविद्यालय केन्द्रीय क्याम्पस कीर्तिपुरबाट अंग्रेजी विषय लिई स्नातकोत्तर तह उत्तीर्ण गरी सकेको छु । मिति २०७०।२।२८ गतेको गोरखापत्रमा एम. फिल तहमा विद्यार्थी भर्नासम्बन्धी प्रवेश परीक्षाको लागि सार्वजनिक सूचना प्रकाशन गरेको र सो समयमा सूचनामा उक्त परीक्षाको विषयमा विस्तृत विवरण खुलाइएको तथा परीक्षा अवधि २ घण्टा कायम गरिएको थियो । मैले पनि परीक्षाको लागि आवेदन भरी परीक्षामा सहभागी भएको थिएँ। यसरी २ घण्टाका आधारमा तयारी गरी परीक्षा दिन जाँदा कुनै जानकारी नदिई प्रश्नपत्रमा परीक्षा समय १.३० घण्टामात्र राखी पूर्णाङ्क गत वर्षको ५० भन्दा वृद्धि गरी ७५ अङ्क कायम गरेको देखिएको र तत्सम्बन्धमा विपक्षी कार्यक्रम संयोजकसँग कुरा गर्दा अहिले परीक्षा दिनुस् पछि निर्णय गरी कुरा मिलाइनेछ भनी जानकारी गराइएकामा हाल सो विषयमा कुनै निर्णय नगरी उक्त गैरकानूनीरूपमा सञ्चालित परीक्षाको नतिजासमेत प्रकाशन गर्ने भनी २०७०।४।२३ गते निर्णय गरेको हुँदा सो निर्णय र परीक्षा प्रक्रिया बदरभागी छ।

त्रिभुवन विश्वविद्यालय ऐन २०४९ को दफा २७ तथा ऐ नियमावलीले तोकेको योग्यता पुगेको हुँदा विपक्षीले मेरो एम. फिलको आवेदन स्वीकृत गरी मलाई मिति २०७०।४।१० गते दिउसो १ बजेदेखि ३ बजेसम्म २ घण्टा सञ्चालन हुने प्रवेशपत्र प्रदान

गरेकामा निवेदकलाई प्राप्त सूचनाको हकमा ठाडो आघात पर्ने गरी परीक्षा समय २ घण्टाबाट १.३० घण्टा र पूर्णाङ्क ५० बाट बढाई ७५ बनाइएको छ जुन अधिकार विपक्षीलाई कुनै कानूनले प्रदान गरेको छैन। सामान्य दृष्टिमा हेर्दा पनि पूर्णाङ्क बढाउँदा समय पनि बढाउनुपर्ने हुन्छ।

अतः विपक्षी विभागले मिति २०७०।४।१० को एम. फिल अंग्रेजी विषयको प्रवेश परीक्षा समय तथा पूर्णाङ्क फरक पारी तयार पारिएको प्रश्नपत्र एवम् सोको नतिजा प्रकाशनसम्बन्धी विपक्षी व्यवस्थापन समितिको मिति २०७०।४।२३ को निर्णयसमेत उत्प्रेषणको आदेशले बदर गरी पूर्वप्रकाशित सूचनाबमोजिम समयावधि २ घण्टा र पूर्णाङ्क ५० अङ्क नै राखी पुनः निवेदकलाई समेत सहभागी हुन पाउने गरी परीक्षा सञ्चालन गर्नु भनी विपक्षीको नाममा आदेश जारी गरिपाऊँ । प्रस्तुत निवेदनको टुङ्गो नलागेसम्म ०७०।४।१० को परीक्षा तथा ०७०।४।२३ को निर्णय कार्यान्वयन नगर्नु नगराउनु भनी अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने रिट निवेदन व्यहोरा।

यसमा निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो सोको कारण तथा प्रमाणसहित लिखित जवाफ पेस गर्नु भनी प्रत्यर्थीहरूमा नाममा म्याद जारी गरी लिखित जवाफ पेस भए वा अवधि नाघेपछि पेस गर्नू।

निवेदनमा अन्तरिम आदेशको माग भएतर्फ विचार गर्दा प्रस्तुत मुद्दामा निवेदकको मागबमोजिम अन्तरिम आदेश जारी हुने नहुनेसम्बन्धमा छलफल गर्नु उपयुक्त हुने हुँदा मिति ०७०।५।११ को छलफलका लागि पेसी तोकी सोको जानकारी प्रत्यर्थीलाई दिनू। सो छलफल नभए सम्म ०७०।४।२३ को त्रि. वि. विद्यालयबाट एम. फिल अंग्रेजी विषयको प्रवेश परीक्षाको परीक्षाफलबमोजिम विद्यार्थी भर्ना गर्नेसमेत निर्णय कार्यान्वयन नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ । आदेशको जानकारी प्रत्यर्थीलाई दिनु भन्ने यस अदालतको मिति २०७०।५।२ को आदेश।

एम. फिलमा विद्यार्थी भर्ना सङ्ख्या जम्मा ३५ रहेको र मिति २०७०।४।२३ को सूचनाअनुसार मिति २०७०।५।४ सम्म विद्यार्थी भर्नासमेत भइसकेका छन् भने प्रतिस्पर्धामा भाग लिएकामध्ये ५६.१ प्रतिशत र कार्यरत् रहेका शिक्षकमध्ये ४७.३ प्रतिशत अङ्क प्राप्त गर्ने विद्यार्थी भर्ना भएका छन् भने यी निवेदकले जम्मा ४३.३ प्रतिशत अङ्क प्राप्त गर्नुभएको छ । निवेदकभन्दा मेरिटमा आएका अन्य थुप्रै विद्यार्थीहरू छन्। पूर्णाङ्क ५० लाई बढाएर ७५ बनाइएको र २ घण्टाको समयलाई घटाएर १.३० बनाइएको भन्ने निवेदन जिकिरसम्बन्धमा एम. फिल भर्ना सूचनामा विभिन्न विषय रहेको थियो भने एम फिलको प्रवेश परीक्षामा समावेश सबै विद्यार्थीहरूलाई पूर्णाङ्क ७५ हुने भनी प्रश्नपत्र तयार गरी दिइएको सो प्रवेश परीक्षामा वस्तुगत ५० प्रश्नको लागि शैक्षिक मान्यताअनुसार एक घण्टाको समय र विषयगत प्रश्नको लागि आधा घण्टाको समय पूर्ण निर्धारण गरिएको र सोअनुसार विद्यार्थीहरू लिखित एवम् अन्तर्वार्तामार्फत प्रवेश परीक्षामा समावेश भएको अवस्थामा आफू मेरिटमा आउन नसकेपछिमात्र विभिन्न कुराहरू उल्लेख गरी निवेदकले रिट निवेदन दायर गर्नुको कुनै औचित्य छैन भने निवेदकको मूल्याङ्कन एक किसिमबाट र अरूको अन्य किसिमबाट मूल्याङ्कन गर्ने कार्य नभए नगरिएको, मेरिट बेसिसमा विद्यार्थी भर्ना भई कक्षा

सञ्चालन भइसकेको हुँदा रिट निवेदन निष्प्रयोजन भएकाले खारिज गरिपाउँ भन्ने त्रिभुवन विश्वविद्यालय अङ्ग्रेजी केन्द्रीय विभागको विभागीय प्रमुखको तर्फबाट प्रा.डा. अम्बरराज जोशीले पेस गर्नुभएको लिखित जवाफ।

यसमा विपक्षीहरू सबैको लिखित जवाफ परिसकेको देखिँदा पूर्ण सुनवाईको लागि इजलाससमक्ष पेस गर्नु भन्ने यस अदालतको मिति २०७०।७।१२ मा भएको आदेश।

नियमबमोजिम आजको दैनिक मुद्दा पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको रिट निवेदनसहितको मिसिल अध्ययन गरी निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री जगतप्रसाद जोशी तथा विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री नारायणप्रसाद खनालले गर्नुभएको बहस सुनी रिट निवेदकको मागबमोजिम उत्प्रेषणलगायतको आदेश जारी गर्नुपर्ने नपर्ने के रहेछ निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा विपक्षी डीनको कार्यालयबाट प्रवेश परीक्षासम्बन्धी प्रकाशित सूचनामा १ देखि ३ सम्म भनेर २ घण्टाको समय प्रदान भएको थियो तर परीक्षा दिन जाँदा परीक्षाको समय १.३० घण्टामात्र राखेको सो गर्दा परीक्षार्थीलाई पूर्वजानकारी नदिएको यसबाट नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ र २७ द्वारा प्रदत्त मौलिक हकमा आघात परेको हुँदा हचुवाको भरमा समय तथा पूर्णाङ्क फरक पारी तयार पारिएको प्रश्नपत्र, परीक्षाको नतिजा प्रकाशनसम्बन्धी २०७०।४।२३ को निर्णयसमेत बदर गरी पूर्वप्रकाशित सूचना तथा प्रवेशपत्रमा उल्लिखित २ घण्टाको समय तथा पूर्णाङ्क ५० नै कायम राखी निवेदकसमेत सहभागी हुन पाउने गरी परीक्षा सञ्चालन गर्नु भनी विपक्षीहरूका नाममा परमादेश जारी गरिपाउँ तथा उल्लिखित निर्णय कार्यान्वयन नगर्नु नगराउनु भनी अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्ने निवेदकको निवेदन जिकिर देखिन्छ।

३. निवेदकले धारा १३ को समानताको मौलिक हक हनन् भएको भन्ने जिकिर लिनुभएको छ। तर उल्लिखित परीक्षामा ३५ जना सहभागी हुनुभएको र निवेदकले चुनौती गरेको सूचना तथा परीक्षा सञ्चालन तथा त्यसको नतिजा सबै परीक्षार्थीहरूका लागि समानरूपमा आकर्षित रहेको अवस्था देखिन्छ। निवेदकलाई मात्र लक्षित गरी सूचना प्रकाशन भएको नपाइएकाले धारा १३ को समानताको हकका सम्बन्धमा निवेदकप्रति असमान व्यवहार भयो भन्ने निवेदन जिकिरसँग सहमत हुन सकिएन।

४. धारा २७ को सूचनाको हकको हनन् भयो भन्ने निवेदन जिकिरका सम्बन्धमा विचार गर्दा निवेदकले आफूलाई आवश्यक सूचना माग्न गएको र सो सूचना दिन विपक्षीहरूले इन्कार गरेको अवस्था यस मुद्दाबाट देखिँदैन। उक्त धारा २७ विपक्षीले सूचना दिन इन्कार गरेको अवस्थामा मात्र आकर्षित हुने देखिन्छ। सोबमोजिम निवेदकले विपक्षीसँग कुनै सूचना माग गरेको अवस्था नै नहुँदा निवेदकको यो जिकिरसँग पनि सहमत हुन सकिएन।

५. निवेदकले रिट निवेदनको पेटबोलीमा त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ को दफा २७ को उल्लेख गर्नुभएको भए पनि माग खण्डमा उक्त दफाको जिकिर लिन सक्नु भएको छैन। उक्त दफामा विश्वविद्यालयमा भर्ना हुन चाहिने योग्यता तोकिएबमोजिम हुनेछ भनी उल्लेख भएको

सोबमोजिम प्रस्तुत रिट निवेदनको विषयवस्तु त्रिभुवन विश्वविद्यालयमा भर्ना हुने विषयसँग सम्बन्धित नदेखिएकाले उक्त दफा २७ को त्रुटि भएको अवस्था पनि विद्यमान छैन।

६. मौलिक हक हनन् हुनु र व्यक्ति विशेषलाई असुविधा, झंझट वा कुनै काम कुराको सुविधामा सामान्य कटौती हुनु समान कुरा होइन। निवेदकलाई परीक्षामा सहभागी हुन नपाउने गरी वञ्चित गरिएको भए निवेदकको शिक्षासम्बन्धी मौलिक हकको हनन् हुन सक्ने अवस्था रहन्थ्यो। निवेदकलाई परीक्षामा सहभागी हुनबाट वञ्चित गरिएको छैन। सूचनामा प्रकाशित समयको कटौती गरियो भन्ने कुरा मौलिक हकको हनन्भन्दा पनि सर्त उल्लङ्घनको कुरा हुन जान्छ। यसबाट निवेदकलाई कुनै मर्का परेको खण्डमा निवेदकले करार ऐनअन्तर्गत क्षतिपूर्ति आदिको लागि साधारण अधिकारक्षेत्रमा प्रवेश गर्न कुनै बाधा थिएन।

७. व्यक्ति विशेषको सुविधाको लागि रिट क्षेत्र गुहार्नु आपत्तिजनक हुन्छ। रिट आदेशबाट सामाजिक न्याय सम्पादन हुन आवश्यक हुन्छ। रिट आदेशले सामाजिक जटिलता र असुविधा बढाउने अथवा समयको बरवादी र खर्च गराउने काम गर्‍यो भने रिट आदेशको उपादेयता रहँदैन। ३५ जना परीक्षार्थीमध्ये ३४ जनाले चित्त बुझाएको अवस्था छ। निवेदकले पनि संशोधित समय तालिका र पूर्णाङ्कमा चित्त बुझाई परीक्षा दिएको देखिन्छ। कुनै विषयवस्तुको परीक्षाको लागि कति समय र पूर्णाङ्क उपयुक्त हुन्छ भन्ने कुरा त्यसमा विशेषज्ञताप्राप्त निकायबाट ठहर हुनु उपयुक्त हुने हुँदा सोही प्रयोजनको लागि त्यस्तो निकाय स्थापित भएको हुन्छ। कम समयमा सम्पन्न हुन सक्ने कुरामा लामो समय दिनुको कुनै औचित्य र अर्थ रहँदैन। यिनै कुराहरूलाई मनन गरी सक्षम र समर्थ निकायबाट परीक्षा सञ्चालन भएको र संशोधित समयतालिका तथा पूर्णाङ्कसमेतका कुरालाई स्वीकार गरी निवेदक त्यसमा सहभागी भएकामा निवेदक उक्त परीक्षामा राम्रो अङ्क ल्याउन नसकेपछि मात्र प्रस्तुत रिट निवेदन परेको निवेदकको यस्तो अवसरवादी आचरणतर्फ आँखा चिम्लेर रिट जारी गर्नु उपयुक्त हुँदैन। यसमा सफल परीक्षार्थीहरू समेतले पुनः परीक्षा दिँदा निजहरूको समय, श्रम र पैसाको खति हुने स्पष्ट छ। यस्तोमा रिट जारी गर्नु सुविधा र सन्तुलनको हिसाबले पनि मुनासिब हुँदैन। व्यक्तिगत हकहित र सामाजिक हकहित बाझिएमा सामाजिक हकहितले मान्यता पाउने भन्ने विधि शास्त्रीय अवधारणा रहेको पाइन्छ। तर निवेदकको व्यक्तिगत हकको पनि हनन् नभएको अवस्थामा निवेदन दाबीबमोजिम सम्पूर्ण परीक्षा र सोको नतिजा बदर गर्नु उपयुक्त नभएकाले प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। प्रस्तुत निवेदनको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. ओमप्रकाश मिश्र

इति संवत् २०७१ साल फागुन ८ गते रोज २ शुभम्।
इजलास अधिकृत : वसन्तजङ्ग थापा